CC-0. In Public Domain. Digitization by eGangotri

903



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सा. ४१८ नं. ३४६८
दर्ता

सा. ४१८

दर्ता नं. ३४६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

nskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्षग्रन्थमालायां द्विनवतितमं पुष्पम् ९२

गोरक्ष-साह-वंशः

(ऐतिहासिकं महाकाव्यम्)

कविः

हरिप्रसादशर्मा आचार्यः

अनुवादकः—

केशवप्रसाद अर्ज्याल

प्रो. विश्व भाषा विद्यालय, काष्ठमण्डप

कृष्णप्रसाद शर्मा आचार्य प्यूठान

शाके १८८७
संवत् २०२२

प्रथमावृत्तिः
११०० प्रति

मूल्यम् ५ रूप्यकाणि

(सर्वेऽधिकाराः कवेरधीनाः)

मुद्रकः—श्रीगोरक्षमुद्रालयः, गोरक्षटिल्ला, काशी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्तिस्थानानि

554.96 ACU

१. पं० गुरुप्रसादशर्मा आचार्यः

खैराग्राम

प्रतिष्ठान (प्यूठान)

२. तिलङ्गाभवन

केलटोल

काष्ठमण्डप

३. श्रीगोरक्ष-रत्न-योगशिक्षाकेन्द्र–

चौघरा सिद्धरत्ननाथ पीठ

दाङ्ग हु. घोराहि

४. विद्याभवन

चौखम्बा

वाराणसी

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्ष-साह-वंश :—

श्री ५ महाराजाधिराजमहेन्द्रवीरविक्रमसाहदेवः
(हिन्दुराष्ट्रं घोषयित्वा पञ्चायत्त-प्रजातन्त्र-प्रवर्त्तयिता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सादरं समर्पणम्

श्री ५ महाराजाधिराजमहेन्द्रवीरविक्रमसाह-
देवस्य करकमलयोः

मार्गे २०२२ तमे वैक्रमेऽब्दे काशीस्थित हिन्दु-विश्व-विद्यालये
नागरिकाभिनन्दने
डी. लिट. पदवीसमर्पणसमारोहे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मतिः

"भजे भव्यं दिव्यं किमपि परमं नीलिम महः"

श्रीमता नेपाल-राष्ट्रान्तर्गत-प्यूठान-मण्डल-वास्तव्येन व्याकरणाचार्योपाधिकेन हरिप्रसादशर्मणा सुकविना प्रथमतः प्रणीतं साम्प्रतं नेपाल-राजसिंहासनमधितिष्ठतां श्री ५ महाराजाधिराजानां महेन्द्र-वीरविक्रमसाहदेवानां वंशवर्णनात्मकमितिहासप्रधानमिदं महाकाव्यमस्माभिर्व्यलोकि तत्र चैतदवलोकयतां विचारयतां च विदुषामस्य गुरुतोपादेयता चातिरोहितेति सुवर्णार्थरचनापरिपाटीगुणगणगरिमरीत्यलङ्कारध विविधच्छन्दःप्रभृतिकाव्यसौन्दर्याधायका विशेषा अत्र विराजन्त इत्यस्माकमभिधानं पिष्टपेषणमेवानुकरोतीति नाहं तस्य वर्णनां विधातुमीहे, एतादृशे कराले कलावप्यद्यपर्यन्तमविच्छिन्नकुलपरम्पराक्रमायातं देवब्राह्मणपरिपालकं वैदिकसनातन–धर्मरक्षकं पवित्रसाहवंशप्रभवं शास्त्रोक्तं शास्त्रोक्तैर्मन्त्रैर्विधिवदभिषिक्तं राजानमुपलभामहे वयमिति धन्या इत्यभिधानं नातिशयोक्तिं स्पृशतीति गुणैकपक्षपातिनो महाभागाः नेपालराजवंशचरित्राध्ययनेनात्मानं सन्तोषयिष्यन्तः कवेः परिश्रमं सफलयिष्यन्तो राजभक्तिं च विस्तारयिष्यन्तो महाकाव्यस्यास्य स्वकीयपुस्तकागारे प्रवेशदानेनाध्ययनेन विचारेण गुणग्रहणेन चैतत्प्रणेतारमवश्यं प्रमोदयिष्यन्तीत्यस्त्यस्माकं सुदृढो विश्वास इति—

भट्टराई—पद्मप्रसादः २७।६।०२२

(गोर्खादक्षिणबाहु-न्यायाचार्य-न्यायविशिष्टाचार्य-राजधानीस्थ-राजकीयसंस्कृतमहाविद्यालयप्रधानाचार्य - त्रिभुवनविश्वविद्यालयीय-संस्कृतविभागाध्यक्षः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामचन्द्र मालवीय
एम० ए०, एल० टी० आचार्य
परीक्षाधिकारी
वाराणसेय संस्कृत विश्वविद्यालय

आवास
आनन्द-कुटीर
कैलगढ़ । जगतगंज
वाराणसी

सम्मतिः

वाराणसेय-संस्कृत-विश्वविद्यालयतः समुत्तीर्ण-व्याकरणाऽऽचार्य-परीक्षः श्रीहरिप्रसादशर्माऽऽचार्योऽल्पीयस्येव वयसि गोरक्षसाहवंश-संज्ञितं किञ्चिदभिनवं प्रतिपदं मनोहारि च काव्यं गीर्वाण-भारत्यां विरचय्य स्वीयेनाऽपूर्वेण प्रातिभेन चमत्कारेण चमत्करोति चेतःसचेतसां काव्य-रसास्वाद-रसिकानां विदुषाम्। अत्र हि नवोदितेनाऽनेन सुकविना निखिलेऽपि भूमण्डले-सुप्रख्यात-शौर्याणां हिन्दु-संस्कृतेः संरक्षकाणां नेपाल-भूपालानां वंशमनुक्रम्य-विस्तृतमैतिहासिकमितिवृत्तमेव न निबद्धमपितु कूट-नीति-विशारदैः शूरैर्हिन्दु-भूपैः स्वीयमपूर्वं कौशलमाश्रित्य कथं स्वर्गापवर्गास्पद-मार्ग भूताद् देवैरपि काम्याद् भारताद् देशाद् गोरण्डानां शासकानां निष्कासनाय प्रयतितं मिथो मिलित्वेत्यपि वर्णितम् । काव्येऽस्मिन् विविधच्छन्दसां व्यवहारोऽनेकेषामलङ्काराणां समावेशः प्राञ्जलभाषाप्रयोगश्च सुकवेरस्य साहित्य-शास्त्र-मर्मज्ञतां प्रकटीकरोति । सुरभारत्यां प्रकाशितमिदं काव्यं प्रतिदिनं विदुषां मोदाय स्यादिति कामयेऽहम् ।

वाराणसी—कार्त्तिककृष्णाष्टमी २०२२, रामचन्द्रमालवीयः

वाराणसेय—संस्कृत-विश्वविद्यालयस्य परीक्षाधिकारी

१८.१०.६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुभाशंसा

अहमिह सहसा समायातःकाश्यां कार्त्तिकस्नानकांक्षी मन्दाकिन्यां गोरक्षदर्शनकाङ्क्षी गोरक्षटिल्लायां दक्षिण-कर्णाटक-गोराष्ट्र-कुणाल-तुलु-विष्ठल-योगीश्वरपीठात् सेवकवर्गे धर्मप्रचारप्रसङ्गेन सौवर्णक्षेत्र-कदलीपीठ-मङ्गलापुर-महीसुर कण्डूर-करवीरपुर-हरिहर-धारवार-हुवली-पुण्यपत्तन-कल्याण-मुम्बापुर-विदर्भ-रतलामेन्दोर-भूपाल-झासी-खाण्डवा-जबलपुर-सत्यना-प्रयाग-प्रभृतिपत्तनेषु पर्यटन् ।

दृष्टं दिष्टवशादिह हि मया योगप्रचारिणीमहासभाया गोरक्षग्रन्थ-मालासम्पादनकक्षायां योगिना नरहरिनाथेन सह हरिप्रसादेन कविना स्वयं व्याकरणाचार्येण प्रकाशाय सम्पाद्यमानं गोरक्षसाहवंशमहाकाव्यं नव्यं भव्यं दिव्यं च । दृष्ट्वा पृष्ट्वा च विदितं यदिदं महाकाव्यं विशाल-भूमण्डल-मान - दण्डायमान - हिमवत्खण्ड-गण्डकीनगमालिका-मध्य-नायक-मणि-पारकूट-लम्बयुग-गोरक्षाभिधान-राजधान्या गोरक्षनाथ-वरलब्ध-समृद्ध-गोरक्षराष्ट्र नायकानां गोरक्षक-साह-वंशजानां महा-राजानां श्रृङ्खलाबन्ध-निबद्ध-वंशानुचरितं धर्मावती-माण्डवी-नदी-द्वय-मुक्ताहार-परिष्कृत-चतुर्दश - सहस्र - धुरन्धर - षट्कूट-सप्तस्थान-सप्त-विंशतिमठी - प्रतिष्ठित-प्रतिष्ठान-पत्तन-नेदिष्ठ - भौमकूट मुकुट-खैरा-ग्रामाभिजनेन महाकविनानेन ।

इयमस्य कवेः प्रथमे वयसि वर्तमानस्य प्रथमा कृतिः । प्रसाद-गुण-गुम्फिता गिरः । अभिनवाः प्रयोगाः । भूतार्थवादेन सहैव साहित्य-लालित्यमत्र । राष्ट्रभाषानुवादेन जनसाधारण-सुबोध इतिहासः । इत्थं सर्वात्मना विश्वविद्यालयेषु महाविद्यालयेषु विद्यालयेषु पाठशालासु ग्रामे ग्रामे गृहे गृहेऽहरहः पठन-पाठनोपयोगीति काव्यस्य कवेश्च शुभा-शंसामुत्तरोत्तरप्रगतिकामनां च कुर्वन् सम्मनुते भविष्येऽपि स्वदेश्य-लुप्त-गुप्त-सुप्त- पुरावृत्तात्मक- काव्यान्तर - रचनया साहित्य-सरोवर-सरोज-सौरभैः व.कुमः सुरभीक्रियन्तामिति ।

राजा चन्द्रनाथजो अर्स्
दक्षिणकर्णाटविष्ठलयोगीश्वरपीठनिष्ठः
संवत् २०२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समीक्षा

जाग्रज्जगज्ज्येष्ठ-हिमाल-दक्ष-प्रेष्ठ-प्रतिष्ठान-कृत-प्रतिष्ठः ।
हरिप्रसादःकविरुच्च-शिक्षः काव्यं व्यधाद् द्रव्य-महेन्द्र-युक्तम् ॥१॥
वृत्तं स्थितं विंशति-पूरुषाणां सर्गास्तथा विंशतिरत्र काव्ये ।
मध्ये मणिर्नायक एक-चन्द्रः श्रीपृथ्विनारायणसाहदेवः ॥२॥
द्रव्यादयो नायक-नायिकास्ते गोरण्ड-मुख्याः प्रतिनायकाश्च ।
वीरो रसोऽङ्ग्यङ्ग-रसाः समेऽन्ये स्थिता यथा-स्थानमनल्प-वृत्ताः ॥३॥
हिमाल-शैली सरला पदाली प्रसाद-माधुर्य-गुणौ तथौजः ।
छन्दः प्रधानं प्रथितोपजाती रसैरलङ्कार-गणो गृहीतः ॥४॥
गोरक्ष-काली-त्रिपुराःसहाया जना भटा मित्र-गणाः सुनीतिः ।
स्पष्टं पुरावृत्तमनेक-राज्यं हैमाल-गोरक्षक-हिन्दु-राष्ट्रे ॥५॥
तिष्टा-त्रिगर्तादि-दिगर्च-गङ्गा सीमा समा धर्म-जयेन जाता ।
द्रव्यार्जिता राम-कृत-स्थितिः सा श्रीपृथ्विनारायण-सुप्रथाढ्या ॥६॥
महेन्द्र-पञ्चायत-शासन-स्थाः प्रजाः प्रजा-तन्त्र-भुजश्च सुस्थाः ।
इत्थं समासेन समीक्षमाणाः पठन्तु काव्यं सकला मनुष्याः ॥७॥

नय-विनय-विशिष्टो नायको नीति-भाजां
रचित-सुकृत-सेतुस्तथोत्तम-श्लोक एकः ।
हरति सदितिहासो यो जनानां जडत्वं
रिपुरिव तिमिराणां गीयते तत्त्व-विद्भिः ॥८॥

गोरक्ष-साह-वंशाख्यं महाकाव्यं महा-कविः ।
हरिप्रसादः कृतवान्, शाकेऽश्वाष्टाष्ट-भू-मिते ॥९॥

योगी नरहरिनाथः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ

जगत्मा जेठा र जगत्का जागरूक प्रहरी हिमालका दक्षिणाञ्चलमा स्थित प्यूठानको प्रतिष्ठा बढाउने उच्च शिक्षा प्राप्त गरेका कवि हरिप्रसाद शर्मा आचार्यले गोर्खाली राजा द्रव्यसाहदेखि श्री ५ महेन्द्रसम्मको ऐतिहासिक महाकाव्य लेखेका छन् ॥१॥ गोरक्षसाहवंश महाकाव्यमा २० पुस्ताको संक्षिप्त ऐतिहासिक वृत्त छ र सर्ग पनि २० छन्। वंशावलीका र काव्यका मध्यमा नायक मणि स्वरूप चन्द्रमा जस्ता अद्वितीय बड़ा महाराजा श्री ५ पृथ्वीनारायणसाहदेव छन् ॥२॥ द्रव्य साह प्रभृति यस काव्यमा २० जना नायक र विंशाधिक नायिका छन् तथा फिरङ्गी प्रभृति प्रतिनायक छन्। अङ्गी वीर रस छ र अद्भुतादि अरु सबै रस अङ्ग-स्वरूप यथास्थान स्थितछन्। अनेक वृत्तान्त आएका छन् ॥३॥ स्वतन्त्र हिमाली शैली, सरल पदावली, प्रसाद माधुर्य ओज गुण, प्रधान छन्द प्रसिद्ध उपजाति छन् र रसहरु द्वारा उपमादि अलङ्कार–समूह स्वयं स्वीकृत छ ॥४॥ गोरक्षनाथ कालिका त्रिपुरसुन्दरी मनःकामना भैरवी जनता सैनिक मित्र राजाहरु र सुनीति सहायक छन्, बाइसी चौबिसी आदि अनेक राज्यका पुरावृत्त स्पष्ट छन्। हिमाली गोर्खा हिन्दु राष्ट्रमा ॥५॥ तिष्टा काङ्गडा दिगर्चा गङ्गाको सीमा सबै धर्मविजयले भए, द्रव्यसाह द्वारा उपार्जित, रामसाहले स्थिति बाँधिएका, पृथ्वीनारायणले सुदूरपर्यन्त फिजाइएका राष्ट्रमा–॥६॥ महेन्द्रपञ्चायतका शासनमा स्थित सच्चा प्रजातन्त्रका भागी जनता स्वस्थ छन्। यसरी संक्षेपमा समीक्षा गर्दै सकल मनुष्यले यो महाकाव्य पढुन्।.७॥ नीति र शिक्षाले युक्त नीतिज्ञहरुको नायक सत्कर्मरूपी सेतुका रचनाले उत्तम श्लोक अद्वितीय सत्य इतिहास जनजाड्य हरण गर्दछ भनेर तत्ववेत्ताहरु द्वारा अन्धकारका रिपु सूर्य झैं त्यस इतिहासको बयान गरिन्छ ॥८॥ शाके १८८७ मा महाकवि हरिप्रसाद आचार्यले गोरक्षसाहवंश महाकाव्य बनाएका छन् ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्ष-साह-वंशः—

लेखकः—

हरिप्रसादशर्मा आचार्यः

प्रतिष्ठानपुर (प्यूठान) निवासी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्ष-साह-वंश :—



गोरक्ष-कैलासकूट-भवन-द्वार-दृश्यम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अ. ४६९८

ॐ

गोरक्षसाहवंशः

(ऐतिहासिकं महाकाव्यम्)

महाकवि-हरिप्रसादाचार्य-विरचितम्

गोरक्ष भू पाल-हितं विधित्सु-र्गोरक्षनाथो निज-दत्त-राज्ये ।
शान्तिं विधेयादवनीं मनोज्ञां राजन्वतीं श्यामल-सस्य-पूर्णाम् ॥ ॥

गोरखाका राजाको हित चाहने गोरखनाथले आफूले दिएको राज्यमा शान्ति गराउन् । पृथ्वीलाइ असल राजा भयेकी हरियो बालीले पूर्ण भएकी मनोहरा गराउन् ॥१॥

जलेन मात्स्येन्द्र्यभिधान-नद्याः पूतो जगद्वन्द्य-हिमालयाङ्के ।
अस्ति द्यु-लोकां ऽ श इवा ऽ वतीर्णो मनोज्ञ-देशो भुवि पारकोटः ॥२॥

विश्व-वन्द्य-हिमालयका काखमा, पृथ्वीतलमा ओर्लेका स्वर्गको अंश जस्तो मर्स्याङ्दी नदीका जलले पवित्र भएको पारकोट नाम भएको मनोहर देश छ ॥२॥

तस्मिन् पुरा लम्बयुगाऽभिधाना बभूव चन्द्राऽन्वय भूषणस्य ।
श्रीमद्-यशोवर्म-नृपस्य हृद्या पुरी वज्रारेरिव राजधानी ॥३॥

त्यहाँ इन्द्रको अमरावती जस्तो अघी चन्द्रवंशका भूषण यशोवर्मा राजाको लंजुङ् नाम भएको अतिराम्रो राजधानी थियो । ३।

सत्य-व्रतो नीति-परायणस्तां धीरः सुधीर्धर्षित-वैरि-वर्गः ।
दयाऽऽर्द्र-चित्तः सुजनैक गम्यः शशास राजा मघवेव नाकम् ॥४॥

शत्रुलाई थर्काएका, दयालु, सज्जनका आश्रय भएका, धीर बुद्धिमान् राजाले सत्यलाई अँगाली नीति अनुसार इन्द्रले स्वर्गको शासन गरे झैं शासन गर्नु भयो ॥४॥

आद्यस्तदीयो नरहर्यभिख्यो मध्यः सुतोऽभून्नरपत्यभिख्यः ।
यो द्रव्य-नामा तनुजः कनीयान् सोऽभून्नयज्ञो मतिमान् बलीयान् ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँका नरहरि नाम भएका जेठा, नरपति नाम भएका महिला र द्रव्य नाम भएका कान्छा छोरा हुनु हुन्थ्यो। द्रव्यसाह नीति जान्ने बुद्धिमान् वलवान् हुनु हुन्थ्यो ॥५॥

पुत्रेषु बालेषु दिवं प्रयाते महीपतौ, ज्येष्ठ-सुतं निधाय ।
सिंहासने, नीति-विदां वरिष्ठा मातैव पुत्रात् प्रति सम्बभूव ॥६॥

छोराहरु बालक छँदै राजाको स्वर्गवास भए पछी, जेठा छोरा (नरहरिसाह) लाई सिंहासनमा राखेर नीतिजान्नेहरुमा श्रेष्ठा आमानै छोरा की प्रतिनिधि हुनुभयो ॥६॥

कपाट - वक्षा अनु-जानु-बाहुर्विशाल - नेत्रो दृढ-सन्धि-बन्धः ।
प्रदीप्त-भालो ऽ तितमां चकाशे श्रीद्रव्यसाहो ऽ वरजो ऽ पि तेषु ॥७॥

तिनीहरुमा सब भन्दा कान्छा भए ता पनि श्रीद्रव्यसाह ढोका जस्तो छाती, घुँडा संम पुगेका हात, लाँबा आँखा, टन्न मिलेको शरीर, टल्कने निधार भएका अति चहकिला हुनु हुन्थ्यो ॥७॥

तमब्रवीदात्मजमप्रमेयं व्रज व्रजं वत्स ! भजस्व धेनूः ।
मातेति, दिष्ट्येति विनीत-चेता उदीर्य गोष्ठं प्रययौ प्रसन्नः ॥८॥

तिनी अद्भुत छोरालाई, आमाले 'बाबु ! गोठ जाउ गाइको सेवा गर' भन्नु भयो र सरल स्वभाव भएका द्रव्यसाह 'राम्रो कुराहो हवस्' भनेर खुसी साथ गोठ जानु भयो ॥८॥

अप्काण्ट-घासान् प्रददन् महात्मा निवारयन् गोमय-दंश-सङ्घान् ।
धेनूः स-वात्सा भजति स्म नित्यं श्रीद्रव्यसाहः शिखराऽऽद्य-कूटे ॥९॥

शिखरकोटमा महात्मा श्री द्रव्यसाहले, पानी, फाँणो, (खोले) घाँस दिएर गोबर फाली, डाँश हटाउँदै बाछा बाछी गाइको नित्य सेवा गर्नु हुन्थ्यो ॥९॥

ततः कदाचित् सकलं गवार्थं समाप्य कार्यं नर-देव-सूनौ ।
बलेऽग्नि-धान्यां विनिधाय दुग्धं श्रीद्रव्यसाहे प्रतपत्यमुष्मिन् ॥१०॥

त्यस पछी कुनै दिन इनी राजकुमार श्री द्रव्यसाहले, गाइका निमित्त गर्नु पर्ने सब काम सकेर तलाका अगेनोमा दुध बसालेर तताउन लागेका समयमा–॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्राक्ष-मालाऽर्चित-कण्ठ-देशो योगी विभूतिच्छुरितो वपुष्मान् ।
भव्योऽति-तेजा भव एव गूढः समाययौ द्वादश वर्ष-देश्यः ॥११॥

रुद्राक्षका मालाले घाँटी सुशोभित भएका, भस्म लेपन गर्नु भएका, पुष्ट शरीर भएका, भव्यमूर्ति, अत्यन्त तेजस्वी पुग नपुग १२ वर्षका गुप्तरूप महादेव नै योगी पाल्नुभयो ॥११॥

जगाद सोऽलक्ष्य-निरञ्जनेति श्रुत्वा वचो वर्षदिवाऽमृतं तत् ।
श्रीद्रव्यसाहोऽपि निभालयँस्तं भिक्षां प्रदत्तेत्यवदद् द्रुतं स्वान् ॥१२॥

वहाँ योगीले "अलक्ष्य–निरञ्जन !" भनेर अलख जगाउनु भयो । त्यो अमृत वर्षाउने जस्तो बोली सुनेर श्रीद्रव्यसाहले वहाँ–योगीलाई यसो ३··· ! हेरेर, आफना मानिसलाई चाँडो भिक्षा देओ भन्नु भयो ॥१२॥

अन्यन्न गृह्णाम्यहमातिथेय ! प्रयच्छ मे गोरसमित्युदीर्य ।
गोष्ठोपरिष्टात्तलमेष तुम्बीमजीगमत् सद्य इवाऽति-तृष्णः ॥१३॥

वहाँ योगीले अत्यन्त प्यास लागे जस्तो गरेर "हे भक्त ! म अरु लिदैन मलाई गोरस दिनु होस्" भनी गोठका माथिल्ला तलामा तुम्मा पुऱ्याउनु भयो ॥१३॥

तं तत्क्षणे दीर्घित-बाहु-दण्डं श्रीद्रव्यसाहो निपुणं निरीक्ष्य ।
मेने निगूढं धृत-योगि-रूपं विश्वोद्भवादि-प्रभुमीशमाद्यम् ॥१४॥

उत्तीखेरै माथि संम हात पुऱ्याएका वहाँ योगीलाई श्रीद्रव्यसाहले राम्ररी हेरेर योगीको रूप लिएका, संसारको उत्पत्ति, पालन र संहार गर्नमा समर्थ भएका गुप्त आदि ईश्वर ठहराउनु भयो ॥१४॥

ततोऽतिहृष्टो नर-देव-सूनु-र्भूमावुपेत्य प्रणनाम पादौ ।
योगीश्वरस्याऽमित-तेजसस्तं स पायसं भोजयति स्म पश्चात् ॥१५॥

त्यस पछी अति प्रसन्न भएका राजपुत्र द्रव्यसाह भूमिमा ओर्लेर, अत्यन्त तेजस्वी योगीका पाउमा ढोगदिनु भयो र त्यस पछी वहाँ लाई खीर भोजन गराउनु भयो ॥१५॥

भुक्त्वा स देवोऽतितरां प्रसन्नो गोरक्षनाथो निज-रूपमेनम् ।
प्रदर्श्य साक्षान्निटिले विभूतिं दत्त्वा च पृष्ठे विनिधाय हस्तम् ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोजन गरेपछी अत्यन्त प्रसन्न भएका गोरखनाथ देवले द्रव्यसाहलाई आफ्नु साक्षात् स्वरूप प्रकट गरेर निधारमा भस्म लगाई दिएर पिठ्यूँमा हात राखेर—॥१६॥

गोरक्ष-भूमेर्भवितासि राजा नेपाल-मुख्यानपि वत्स ? पश्चात् ।
देशान् ग्रहीतार उरु-प्रभावा-स्त्वद्वंश-जाःस-स्मितमित्यवोचत् ॥१७॥

'हे बाबु ! तिमी गोर्खाका राजा हुने छौ, पछी नेपाल आदि देश-हरुलाई पनि ठूलो प्रभाव भएका तिम्रा सन्तानले लिनेछन् भनेर मुसुक्क हांसेर भन्नु भयो ॥१७॥

पीत्वा सुधा-वर्षि वचस्तदीयं करौ समानीय विनीत-चेताः ।
श्रीद्रव्यसाहो नत-पूर्व-कायो निवेदयामास तमादि-देवम् ॥१८॥

सरल चित्त भएका श्रीद्रव्यसाहले अमृत वर्षाउने जस्तो गोरखनाथको कुरा सुनेर, हात जोड़ी, शिर झुकाई, आदि देव गोरखनाथमा विन्ति गर्नु भयो ॥१८॥

मत्सन्ततिभ्यः परिकल्पितं यद् भोग्यं प्रभो ! देव वराऽधुनैव ।
लभेय नाऽहं भवतः कथं तन् साक्षात्कृतात् काम-दुघात् प्रसन्नात् १६

हे देववर ! प्रभु ! मेरा सन्तानका निमित्त जुन् प्रस्तुत गर्नु भयेको छ, त्यो साक्षात् गरिएका, इच्छा लागेको कुरा दिन सक्ने प्रसन्न भएका तपाईंबाट मैले किन पाउन सक्तैन ? ॥१६॥

देवोऽब्रवीदल्प-तपस्त्वदीयं कथं यथोक्तं नृप-पुत्र ! दद्याम् ।
कर्माऽनुरूपं फलमाप्यतेऽतो मा वीवृधस्तर्षमितोऽधिकेषु ॥२०॥

गोरखनाथले भन्नु भयोः—हे राजपुत्र ! तिम्रो तपस्या थोरैछ, धेरै कसरी दिउँ, कर्म अनुसार फल पाइन्छ, अतः यो भन्दा बढीमा तृष्णा न बढाउ ॥२०॥

एकाऽवरं प्राङ् नहुषो मखानां शतं विधायेन्द्र-पदं गतोऽपि ।
शचीं च तृष्णोपहतः स्वकीयां विधातुमिच्छँस्त्रिदिवान्न्यपप्तत् ॥२१॥

अँघी नहुष राजाले ६६ यज्ञ गरि इन्द्र बनेर पनि तृष्णाले पीडितभई इन्द्राणीलाई पनि आफ्नी गराउने इच्छा गर्दा स्वर्गबाट पतित हुनु पऱ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्ते प्रसन्ने सुखमेति रङ्कस्तृष्णाऽभिभूतो न सुरेश्वरोऽपि।
तस्मान्नरेन्द्रात्मज ! मा विधास्त्वं तृष्णां विशालां समवाप्य कामम्॥२२॥

मन सन्तुष्ट भए दरिद्र पनि सुखी हुन्छ, तृष्णाले पीड़ित भए इन्द्र पनि सुखी हुँदैनन्। अतः हे राजपुत्र ! तिमीले मनको कुरा पाएर तृष्णा न बढाउ ॥२२॥

त्वदीय-पौत्रो नृपतिश्चतुर्थः सत्सङ्गमाऽ-वाप्त-समीहिताऽर्थः।
अनेक-देवाऽऽप्त-वरो मनस्वी राजन्य-वर्यो भविता तपस्वी ॥२३॥

तिम्रा नाती चौथा राजा (रामसाह) सत्सङ्गवाट अभिलषित कुरा प्राप्त गरेर अनेक देवताहरुवाट वरदान प्राप्त गरेका मनस्वी क्षत्रियोत्तम तपस्वी हुनेछन् ॥२३॥

नीतिं स-रीतिं भुवने स्थितिं स्वां संस्थापयिष्यन् रुचिरां च धर्म्याम्।
हरञ्जनानां मन इन्दु-कान्तिः प्रसारयिष्यत्यवनौ स राज्यम् ॥२४॥

चन्द्रमाको जस्तो कान्ति भएका तिनी राजाले संसारमा धर्मपूर्वकको आफ्नो नीति, रीति, स्थिति स्थापित गरि लोकको मनलाई आकृष्ट गरि राज्य फैलाउने छन् ॥२४।

तस्मान्नृपः सप्तम उग्र-वीर्यः प्रचण्ड-तेजा रिपु-कक्ष-वह्निः।
नेपाल-मुख्यान् वहुशश्च देशानाक्रम्य सम्राड् भविता प्रतापी ॥२५॥

तिनी राजा देखि सातौं राजा ठूलो वीर्य, प्रचण्ड तेज भएका शत्रुहरुलाई आगाले खालाई झैं समाप्त गर्ने प्रतापी नेपाल आदि देशलाई आक्रमण गरेर चक्रवर्ती* वन्ने छन् ॥२५॥

श्रुत्वेति देवाऽभिहितं कुमारो वरान् गृहीत्वा सकलान् मनोज्ञान्।
प्रसन्न-चेताः पुलकाञ्चितः सन् न्यवीविदद् गद्गदया गिरा तम् ॥२६॥

यस प्रकार गोरखनाथको कुरा सुनेर राजकुमार द्रव्यसाहले मनोहर

---

* श्री ५ बड़ा महाराजा पृथ्वीनारायणलाई सङ्केत गरेको हो। पुस्ताले आठौं भए पनि वीरभद्रसाह युवराज अवस्था मैं स्वर्ग भएकाले टीकाधारी राजाका क्रमले सातौं भनियेको होला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुवै वर स्वीकार गरि प्रसन्न चित्तभई पुलकित भएर गद्गद् वाणीले गोरखनाथलाई विन्ति गर्नु भयो ॥२६॥

मया न तप्ता भवतस्तपस्या प्रसादिता नाऽतिथयो न देवाः ।
न दान-पुण्यानि कृतानि सन्तो न सेविता नो पितरश्च तृप्ताः ॥२७॥

"मैले तपाइँको तपस्या गरेको थिइन, अतिथि देवताहरुलाई प्रसन्न गराएको थिइन, दान, पुण्य, सज्जनहरुको सेवा र पितृहरुलाई पनि तृप्त गरेको थिइन—॥२७॥

योगीश्वरैर्योग-बलाऽवगम्यं भवत्स्वरूपं कथमद्य तस्मात् ।
अदीदृशोऽदाश्च वरान् मनोज्ञानितीश्वरोऽथाऽऽह नृपात्मजं स्म ॥२८॥

त्यस कारण ठूला योगीहरुले योगबलबाट जान्न सकिने तपाइँको स्वरूप आज कसरि देखाउनु भयो र मनोहर वर दिनु भयो?" त्यस पछि गोरखनाथले राजकुमार द्रव्यसाहलाई भन्नु हुन्छः—॥२८॥

ब्रह्माऽऽदि-देवाः सकलाः पवित्रे गवां शरीरे निवसन्ति, लक्ष्मीम् ।
जानीहि ता वत्स ! तदङ्ग-जातं जलं जनानामघ-हं पवित्रम् ॥२९॥

हे बाबु ! ब्रह्मा आदि सम्पूर्ण देवताहरु गाइका पवित्र शरीरमा बस्तछन, गाइलाइ लक्ष्मी र गोमूत्र लोकको पापनाश गर्ने पवित्र हुन्छ भन्ने जान ॥२९॥

ताः सेवमानेन नरेन्द्र-सूनो ! तपस्यतप्ते बहुलेऽपि वत्स ! ।
किं न प्रदत्तं ? पितरो न किंवा तृप्ता अदां ते वरमद्य तस्मात् ॥३०॥

हे राजकुमार ! ति गाइको सेवा गर्नाले धेरै तपस्या नगरेता पनि, के दान दिएनौ ? के पितृलाई तृप्त गराएनौ ? त्यसो हुनाले आज तिमीलाई वर दिएँ ॥३०॥

भ्राम्यन् पुराऽहं जगतीतलेऽस्मिन् नेपाल-राज्ये गतवान् कदाचित् ।
तत्राऽतिथीनां नृपतिं च लोकानाराधनायां विमुखानपश्यम् ॥३१॥

म अघी कुनै समयमा यो पृथ्वीतलमा घुम्दै नेपाल राज्यमा गएको थिएँ। त्यहाँ राजा र प्रजालाई अतिथि सत्कारमा विमुख देखें ॥३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोषं तदीयं परिहर्तु-कामो मृगस्थलीं सिद्ध-नगस्य गत्वा ।
वर्षेशमध्यास्य भुजङ्गमौघं समाधिमङ्गीकृतवानखण्डम् ॥३२॥

तिनीहरुको त्यो दोष हर्ने इच्छाले सिद्धाचलका मृगस्थलीमा गएर वृष्टिका अधिष्ठातृ-देवता नागका समूहमा आसन बाँधेर अखण्ड समाधि लगाएँ ॥३२॥

अब्दाँस्ततो द्वादश तत्र वर्षं नाऽभूज्जनेऽवग्रह-पीडिते तत् ।
नरेन्द्रदेवाऽभिध-लिच्छवीन्द्रः स-तान्त्रिकाञ्ज्यौतिषिकानपृच्छत् ३३

त्यहाँ देखि १२ वर्ष संम पानी परेन र लोक खडेरीले पीडित हुँदा लिच्छविराजा नरेद्रदेवले तन्त्र जान्ने र ज्योतिष जान्ने विद्वान्हरुलाई सोधेः-॥३३॥

अवग्रहोऽयं कथमत्र जातः केनैष विज्ञा! विधिनाऽपनोद्यः ।
अनादरोऽभूदिह किं मुनीनां योगीश्वराणामथवा मघोनः ? ॥३४॥

"हे विद्वान्हरु हो? यहाँ खडेरी किन पर्‍यो! कुन विधिले यो हटाउन सकिन्छ? यहाँ मुनिहरु या योगीहरु अथवा इन्द्र को अनादर भयो कि?" ॥३४॥

वचो निशम्याऽधिपतेः सभायां स्तब्धेषु सर्वेषु निमीलिताऽक्षः ।
ध्यात्वा विदित्वा च नृपं जगाद श्री बन्धुदत्तोऽखिल-तन्त्र-दक्षः॥३५॥

सभामा राजाको कुरा सुनी सबै चुप्प लागे पछी, सम्पूर्ण तन्त्र शास्त्रमा निपुण भएका श्री बन्धुदत्तले आँखा चिलेर ध्यान लगाई (खडेरी हुनाको कारण र त्यो हटाउने उपाय) जानेर राजालाई भनेः- ॥३५॥

अभ्यागतानां विहिता न सेवा गोरक्षनाथोऽपि न सत्कृतोऽतः ।
धर्म्येतरं देशमवेत्य रुष्टो मृगस्थलीं सिद्धनगस्य गत्वा ॥३६॥

अतिथिहरुको सेवा न भएको र गोरखनाथको पनि सत्कार न भए-कोले, अधर्मी देश ठहराई रिसाएर सिद्धपर्वतको मृगस्थलीमा गएर ॥३६॥

वर्षेशमध्यास्य भुजङ्गमौघं गोरक्षनाथः स्थितवान् समाधौ ।
अद्यापि तत्रैव समाधिमेव गृहीतवानस्त्यत एष दोषः ॥३७॥

वृष्टिका अधिष्ठातृदेवता नागका समूहमा बसेर गोरखनाथ नागव्यूह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समाधिमा वस्नु भयो। आज भोली पनि त्यही नै समाधि लगाई रहनु भएकोछ, यस कारण खडेरी परेको हो ॥३७॥

मत्स्येन्द्रनाथो नृप ! कामरूपे देशेऽस्ति गोरक्ष-गुरुर्महात्मा ।
यद्यागमिष्यत स्वगुरुं प्रणन्तुं पीठादुदस्थास्यदसौ तदानीम् ॥३८॥

हे राजन् ! गोरखनाथका गुरु महात्मा मत्स्येन्द्रनाथ आसाममा हुनु हुन्छ, वहाँ यदि यहाँ आउने हो भने तेस वेला गोरखनाथ आफ्ना गुरुलाई ढोग दिन उठनु हुने छ ॥३८॥

पर्जन्य-देवाऽहि-कुलं ततस्तन् मुक्तं हि गोरक्ष-महेश्वरेण ।
प्राप्स्यद् यथा-स्थानमथाऽभविष्यद् वृष्टिर्विधानं न परं नरेन्द्र ! ॥३९॥

त्यहांदेखि गोरखनाथले छोडी दिएका वृष्टिका देवता नागको समूह आफनो स्थानमा पुग्ने छ र पानी वर्षिने छ अरु उपाय छैन ॥३९॥

स बन्धुदत्तस्य वचो निशाम्यन कृत्वा तमाचार्यमथ क्षितीशः ।
भूमेरमात्येषु धुरं निधाय मत्स्येन्द्रमानेतुमियाय सद्यः ॥४०॥

बन्धुदत्तको कुरा सुनेर उनलाई आचार्य बनाई राजा पृथ्वीको भार मन्त्रीमा राखेर मत्स्येन्द्रनाथलाई ल्याउन तुरुन्त गए ॥४०॥

मत्स्येन्द्रनाथं विधिना प्रसाद्य नेपालमाचार्य-युतो दयालुम् ।
आनीतवान् भूमिपतिस्तदानीं गुरुं प्रणन्तुं च समुत्थितोऽहम् ॥४१॥

आचार्य सहित भएर राजाले दयालु मत्स्येन्द्रनाथलाई अनुष्ठानद्वारा प्रसन्न गराई नेपालमा ल्याए। त्यस समयमा म पनि गुरुलाई ढोग दिन उठें ॥४१॥

वर्षेशनागालिरथाऽऽसनान्मे प्राप्ता यथा-स्थानमवर्षदम्भः ।
ऊर्व्युर्वरा श्यामल-सस्य-पूर्णा जातेति लोका नितरां प्रसन्नाः ॥४२॥

मेरा आसनबाट आफ्नो स्थानमा पुगेका वृष्टिका देवता नागहरुले पानी वर्षाए र उब्जाउ भएकी पृथ्वी हरियो बालीले पूर्ण भइन् र लोकहरु आनन्दित भए ॥४२॥

प्रादुर्भवत्सु क्रमशोऽङ्कुरेषु पत्रेषु पुष्पेषु फलेषु तत्र ।
वनानि रम्याणि घनान्यभूवन् मुदान्विता भृङ्ग-मृगा विहङ्गाः ॥४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँ क्रमशः आँकुरा, पालुवा, फुल, फलहरूले घनावन सुशोभित भए र भमरा, मृग पंछीहरु आनन्दित भए ॥४३॥

भवेरनेवं-विध इत्यहं ते वरं प्रदातुं समुपाऽऽगतोऽस्मि ।
स्वस्त्यस्तु ते स्याद् विजयः सदेति गोरक्षनाथोऽन्तरधादुदीर्य ॥४४॥

तिमी त्यस्ता न बने भन्ने भावनाले म यहाँ तिमीलाइ वर दिन आएको हुँ, तिम्रो कल्याण हओस् सदा विजय हओस् भनी गोरखनाथ अन्तर्धान हुनु भयो ॥४४॥

गोरक्षनाथीय-वर-प्रभावात् तेजो, बलं बुद्धि-पराक्रमाऽऽदि ।
श्रीद्रव्यसाहस्य गतानि वृद्धिं प्रासादमायाद् व्रजतोऽथ हृष्टः ॥४५॥

गोरखनाथका वरप्रभवाले श्री द्रव्यसाहका तेज, बल, पराक्रम आदि बढेर हर्ष साथ गोठबाट राजभवनमा आउनु भयो ॥४५॥

प्रणम्य मातुः पद-पद्म-युग्मे द्रव्योऽग्रजस्याऽपि महीपतेः सः ।
स-मातृकं दायिनमित्यवोचद् "व्रजे न वस्तुं मन ईहते मे ॥४६॥

वहाँ द्रव्यसाहले आमा र दाजु राजाका चरण-कमलमा दण्डवत् गरि आमा र दाजु सङ्ग भन्नु भयोः—अब गोठ बस्न मेरो मन लाग्दैन ॥४६॥

आदिश्यते यत् तदहं विधातुं दायिन् ! समर्थोऽस्मि विधेय-जातम् ।
मातर्यथा-योग्य-पदेऽधिकृत्य गुणाऽगुण-ज्ञत्वमवाप्नुतं तत् ॥४७॥

मुमा ! दाजी ! जुन काम खटाउनु हुन्छ त्यो सब गर्न सक्छु, तेस कारण उचित पदमा नियुक्त गरी गुण दोषको बिवेक राखनु होस्" ॥४७॥

रहस्यथाऽम्बा स्मृत-पूर्व-वृत्ता जगाद रात्रौ नृपमात्मजं सा ।
गर्भे वसत्यच्छ-जलेन सार्धं स्वप्नेऽगिलं भानुमहं कनिष्ठे ॥४८॥

त्यस पछी अघीको वृत्तान्त सम्झेकी आमाले राती एकान्तमा छोरा राजालाई भन्नु भयोः—"कान्छो गर्भमा हुँदा मैले स्वप्नमा सङ्लो पानीका साथ सूर्य निलेकी थिएँ ॥४८॥

ऊर्जस्वलो भ्रातृषु भाति वत्स ! द्रव्यो नहि प्राकृत एष तस्मात् ।
योग्यो यथा-योग्य-पदे नियोक्तुं सत्यां मयीत्योमिति सोऽप्यवादीद् ४९

बाबु ! द्रव्य भाईहरुमा सब भन्दा बलवान् देखिन्छ यो साधारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस हैन त्यसकारण म छँदै उचित पदमा नियुक्त गर्नु पर्‍यो" राजाले पनि हुओस् भने ॥४६॥

भ्राताऽथ मध्यो जननी-मतेन स्वकीय-चित्तेन च पुष्टतुङ्गे ।
निश्चित्य भद्रं प्रहितोऽधिकारी श्री द्रव्यसाहः स च रागिनाशे ॥५०॥

त्यस पछी आमाको अनुमतिले र आफ्नो मनले पनि राम्रो ठहराएर माहिला भाई (नरपतिसाह) पुग्तुङ्मा, र द्रव्यसाह रागिनाशमा अधिकारी (वडाहाकिम) वनाइ पठाइनु भयो ॥५०॥

कार्ये नियुक्तौ महनीय-भावौ गतौ यथा-स्थानमरिन्दमौ तौ ।
कृत्येन लोका नितरां प्रसेदुः श्रीद्रव्यसाहस्य च रागिनाशे ॥५१॥

काममा खटाइनु भएका असल स्वभाव भएका शत्रुलाई दमन गर्ने ती (नरपतिसाह र द्रव्यसाह) आ-आफ्नो स्थानमा जानु भयो । रागिनाशमा द्रव्यसाहको कामवाट जनता अति प्रसन्न भए ॥५१॥

तुष्टेषु लोकेष्वखिलेषु तत्र स्मरन् प्रदत्तं वरमीश्वरेण ।
गोरक्ष-देशे स-बलोऽभयातुं श्रीद्रव्यसाहश्चकमे शनैः सः ॥५२॥

रागिनाशमा सव जनता राजी हुंदा गोरखनाथले दिएका वर सम्झी सैन्य द्वारा द्रव्यसाहले सुस्त सुस्त गोर्खामा आक्रमण गर्ने इच्छा गर्नु भयो ॥५२॥

गोरक्षदेशे नृपतिस्तदाऽऽसी-दन्याय्य-दुर्वृत्त-दुरासदोऽतः ।
आसन् प्रजास्तं मगराऽधिराजं सिंहासनाच्च्यावयितुं स यत्नाः ॥५३॥

त्यस समयमा गोर्खामा अन्यायी, मूर्ख, दुराचारी राजा थियो । अतः प्रजाहरु त्यो खड्का मगर राजालाई सिंहासन देखि च्युत गराउन प्रयत्न गरी रहेका थिए ॥५३॥

गणेशपाण्डेऽभिध-भूमि-देवो नीतौ पटुर्दिग्जयिना नृपेण ।
मुकुन्दसेनेन समागतः प्राग् वसन्नभूत् तत्र हि बिल्ववासे ॥५४॥

दिग्विजयी (पाल्पाली) राजा मुकुन्दसेनका साथमा अघी आएका नीति निपुण गणेशपाण्डे नाम भएका ब्राह्मण त्यो वेला त्यहीं वेलवासमा वसेका थिए ॥५४॥

धीमान् दुराचार-रतेन तत्र प्रजा नृपेण व्यथिता विलोक्य ।
सिंहासने भूमिपतिं वरेण्यं स भूमि-देवश्चकमेऽभिषेक्तुम् ॥५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँ दुराचारी राजाले प्रजाहरुलाई दुःख दिएको देखेर बुद्धिमान् ब्राह्मण (गणेशपाण्डेले) सिंहासनमा असल राजालाई अभिषेक गर्ने इच्छा गरे ॥५५॥

कान्तामतो लम्बयुग-प्रसिद्ध-पान्थस्य पुत्रीं परिणीय हृद्याम् ।
संस्थापयामास नये नदीपणः सम्बन्धमच्छेद्यमनिन्द्य-बोधः ॥५६॥

अतः अतिबुद्धिमान् नीतिनिपुण (उनले) लंजुङ्का प्रसिद्ध पन्थकी सुन्दरी पुत्री लाई विवाह गरी, अटुट सम्बन्ध स्थापित गरे ॥५६॥

ततो वरेण्यं च दिशो जिगीषुं मत्वाऽब्रवीद् द्रव्यमसौ कदाचित् ।
विजित्य भूपाननयाञ्जगत्याः संरक्षणं क्षत्रिय-धर्ममाहुः ॥५७॥

त्यसपछी यिनी (गणेशपाण्डे) ले कुनै समयमा द्रव्यसाहलाई असल र दिग्विजय गर्न चाहने ठहराएर भनेः-अन्यायी राजाहरुलाई जितेर पृथिवीको पालन गर्नु क्षत्रियको धर्म हो भन्दछन् ॥५७॥

गोरक्ष-राज्ये मगराऽधिराजः प्रजाः सदा पीडयति प्रमत्तः ।
त्वं वद्ध-कक्षो भव तज्जयेऽतो राज्यं भविष्यत्यचिरेण तत्ते ॥५८॥

गोर्खाराज्यमा मात्तियेका मगरराजाले प्रजाहरुलाई दुःख दिई रहेको छ । अतः त्यसलाई जित्न तपाईले कंमर कस्नु होस् त्यो राज्य चांडै तपाईको हुने छ ॥५८॥

श्रीद्रव्यसाहो वचनं तदीयं श्रुत्वा नितान्तं मुदितान्तरङ्गः ।
स्मिताननः सन् विनयी द्विजं तं "कथं स जय्यो भवती" त्यपृच्छत् ५९

श्रीद्रव्यसाहले गणेशपाण्डेले भनेको कुरा सुनेर, हर्षित भई हँसीलो मुख गराई नम्रता साथ "त्यसलाई कसरी जित्न सकिन्छ" ? भनी ब्राह्मण (गणेशपाण्डे) संग सोध्नु भयो ॥५९॥

श्रीद्रव्यसाहीय-वचो निशाम्यन् गणेशपाण्डेस्तमुवाच भूयः ।
जपाय मन्त्रस्य वृणीष्व विप्रं मिथः स सन्देशहरी भवेन्नः ॥६०॥

श्रीद्रव्यसाहको कुरा सुनेर गणेशपाण्डेले वहाँ (द्रव्यसाह) लाई फेरी भनेः—मन्त्र जप गर्नका निमित्त ब्राह्मणलाई वरण गर्नु होस् उनै ब्राह्मण ले हामीहरु लाइ परस्पर समाचार पुऱ्याउने छन् ॥६०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्ष-वास्तव्य-जनैः करिष्ये सम्पर्कमच्छेद्यमतन्द्रितोऽहम् ।
श्रीद्रव्यमुक्त्वेति गणेशपाण्डेर्गोरक्षदेशं प्रययौ नय-ज्ञः ॥६१॥

मैले आलस्य त्यागेर गोर्खावासी जनता सङ्ग अटूटसम्पर्क राख्ने छु भनि द्रव्यसाहसङ्ग विदा भै नीति जानेका गणेशपाण्डे गोर्खा गए॥६१॥

गोरक्ष-दत्तो वर एव मूर्तिं धृत्वा गणेशो द्विज आगतो माम ।
इतीव मत्वाऽतितरां प्रसन्नो द्रव्यो मनो जापयितुं बबन्ध ॥६२॥

गोरखनाथले दिएको वर नै मूर्ति धारण गरी गणेशपाण्डे ब्राह्मण म काहाँ आए कि ? क्या ! भन्ने भैं ठानेर द्रव्यसाहले जप गराउने मन गर्नु भयो ॥६२॥

चम्पावती-तीरमुपेत्य योग्यं द्रव्यः स नारायणदास-विप्रम् ।
अर्ज्यालमार्यं त्वरितं वत्रार जपाय मन्त्रस्य जयाऽभिलाषी ॥६३॥

विजयचाहने श्रीद्रव्यसाहले तुरुन्त चेपे नदीको तीरमा गएर सज्जनका पक्षपाती योग्य नारायणदास अर्ज्याल ब्राह्मणलाई मन्त्र जप गर्नका निमित्त वरण गर्नु भयो ॥६३॥

गोरक्ष-देशेऽथ गतो गणेशः सम्मन्त्र्य लोकैर्मगरादिभिस्तम् ।
उपेत्य नारायणदास-विप्रं चम्पावती-तीरमिदं बभाषे ॥६४॥

त्यस पछी गोर्खा गएका गणेशपाण्डेले मगर आदि जनता सङ्ग सल्लाह गरी चेपे नदीको तीरमा नारायणदास हुनी आएर यसो भने:—॥६४॥

गोरक्ष-वास्तव्य-जना नितान्तं त्रस्ता दुराचार-नृपेण सन्ति ।
तन्मानसिंहं मगराधिराजं सिंहासनाच्च्यावयितुं यतन्ते ॥६५॥

गोर्खावासी जनता दुराचारी राजावाट सारै दुःखित छन्, अतः मानसिंह नाम भएको खड्का मगर राजालाई सिंहासनवाट च्युत गराउन चाहन्छन् ॥६५॥

परन्तु वीरोऽस्ति न शक्यतेऽसौ सद्यो विजेतुं क्रमशोऽत एव ।
विजेय आग्रात् समवेक्ष्य तस्मात् संवर्धनीयं बलमिद्ध-वीरम् ॥६६॥

परन्तु यो वीर छ झट्ट जित्न सकिंदैन, अतः एक जनाकतै विचार गरेर यसलाई सुस्त-सुस्त जित्नु पर्दछ, त्यसकारण तेजस्वी वीरहरु भएको सेना बढाउनू ॥६६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिग्लिङ्गसंज्ञेऽस्ति विचित्र-वीर्यः स्तोमे घलेराज इति क्षितीशः ।
आक्रम्य तं पूर्वमतोधिवीरैर्गोरक्षदेशो हि वशे विधेयः ॥६७॥

लिग्लिग् थुममा विचित्रवीर्य भएको घले राजा छ । त्यस कारण पहिले त्यसलाई आक्रमण गरेर त्यस पछी धेरै वीरहरु द्वारा गोर्खालाई वशमा गराउनु पर्दछ । ६७॥

लिगलिङ्गकूटे नव-रात्र-काले तिथ्यां दशम्यां विजयाऽभिधायाम् ।
आराध्य दुर्गामिह शैलदुर्गमुत्काल-वाटं स्व-बलाऽनुरूपम् ॥६८॥

लिगलिगकोटमा नवरात्रका समयमा दुर्गाको आराधना गरेर विजया दशमी (दशैं) मा उकालो वाटो भएको शैल दुर्गमा आफ्नो वर्कत अनुसार–॥६८॥

द्रवन्ति सर्वे य उपैति पूर्वं कूटं, स वर्षाऽवधि भूमिपालः– ।
भवत्यथाब्देऽतिगते तथैव यः कूटमाप्नोति स एव भूपः ॥६९॥

सबै दगुर्दछन्, जो पहिले कोटमा पुग्दछ त्यो वर्ष दिन संम राजा हुन्छ । वर्ष वीते पछि त्यै रीतले जो कोटमा पुग्दछ त्यहिनै राजा हुन्छ ६९

इत्थं पुराऽब्दाऽवधि भूमि-पाला द्वि-त्रादि-वर्षाऽवधि वा बभूवुः ।
उत्काल-वाट-द्रवण-प्रवीणो वली घलेराज इति प्रसिद्धः ॥७०॥
आस्तेऽधुना किन्तु विजित्य तत्र सर्वान दश-द्वा-दश-वत्सरेभ्यः ।
उपाय-जय्यो नवरात्र-काले जेयो दशम्यां बलतश्छलाद्वा ॥७१॥

यस प्रकार अघी एक वर्ष संम वा दुइ तीन वर्ष संम राजा हुन्थे । परन्तु आजभोली त्यहाँ दश वाह्र वर्ष देखि उकालो वाटोमा दगुर्न सिपालु घले राजा छ, उपायले जित्न सकिने त्यसलाइ नवदुर्गाका दशमी (दशैं) मा बलले अथवा छलले जित्नु पर्छ ॥७०॥७१॥

तस्मिञ्जिते वीर-वरे क्षितीशे लिग्लिङ्गकूटे विहिते स्व-वश्ये ।
बलं दृढं स्यात् परतो विधेयं गोरक्षदेशस्य कृतेऽभियानम् ॥७२॥

वीर वर त्यस राजालाई जितेर लिग् लिग् कोटलाई आफ्नो अधीन गराए पछि बल दृढ हुन्छ र त्यो बलद्वारा गोर्खाका निमित्त चढाई गर्नु पर्दछ ॥७२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त्वेति वाचं विगते गणेशे मन्त्र-ज्ञ-नारायणदास-विप्रः ।
श्रीद्रव्यसाहान्तिकमेत्य सर्वं सन्देशजातं स रहस्यवोचत् ॥७३॥

यति कुरा भनेर गणेशपाण्डे गए पछी मन्त्र जान्ने ती नारायणदास ब्राह्मणले द्रव्यसाहका पासमा गएर एकान्तमा सबै समाचार भने ॥७३॥

श्रुत्वा गणेश-प्रहितं वचस्तद् द्रव्यो विजेतुं मन आववन्ध ।
लिग्लिङ्गकूटे तदसौ दशम्यां धावन् स्म सर्वांस्तरसोच्छिनत्ति ७४

गणेशपाण्डेले पठाएको त्यो समाचार सुनेर द्रव्यसाहले विजय गर्ने मन लगाउनु भयो, त्यस कारण वहाँले दशैंमा लिग्लिग्मा वेगले दगुरेर सबलाइ उछिन्नु भयो ॥७४॥

आरुह्य सिंहासनमार्य-गृह्यो लोकैरशेषैरभिनन्द्यमानः ।
अङ्गीचकार प्रथित-प्रभावः श्रीद्रव्यसाहस्तिलकं नृपार्हम् ॥७५॥

सबै जनताले अभिनन्दन गरिएका सज्जनका पक्षपाती ठूलो प्रभाव भएका श्रीद्रव्यसाहले सिंहासनमा चढ़ेर राजतिलक लिन भयो ॥७५॥

लिग्लिङ्गकूटाऽधिपतां गतोऽसौ गोरक्ष-देशेऽप्यभियातु-कामः ।
प्रतीक्षमाणः समयं स-यत्नो बभूव भूपो बल-वर्धनाय ॥७६॥

लिग्लिग् कोटका राजा भए पछि, गोर्खामा पनि आक्रमण गर्ने इच्छाले समयको प्रतीक्षा गर्दै वहा सैन्य बढाउन प्रयत्नशील हुनु भयो ७६

गोरक्ष-वास्तव्य-जनाऽनुकूलं श्रीद्रव्यसाहः समवेक्ष्य युद्धम् ।
ऊर्जस्वलः स्कन्द इवोग्र-शक्ति-र्गोरक्ष-देशेऽभिययौ स-सेनः ॥७७॥

बलवान् देवसेनानी कार्त्तिकेयको जस्तो ठूलो शक्ति भएका श्रीद्रव्यसाहले युद्धलाई गोर्खावासी जनताको अनुकूल ठहराइ सेना सहित भएर गोर्खामा चढाई गर्नु भयो ॥७७॥

युद्धं ततोऽभूत्तुमुलं बलानां परस्परेषां रण-दुर्मदानाम् ।
ज्या-घोष-पूर्णाः सकला बभूवुर्दिशो, मही शोणित-शोणिताऽभूत् ॥७८॥

त्यहाँ देखि सङ्ग्राममा डटेका दुवै तर्फका सैन्यको भयानक युद्ध भयो, सब दिशाहरु ताँदाको शब्दले घन्के, पृथिवी रगतले राती भइन् ॥७८॥

मही-भुजोरप्युभयोः शरौघान् परस्परं वर्षयतो रणाऽग्रे ।
शर-प्रहारोद्भव-शोणिताऽऽर्द्रौ देहौ स्म फुल्लाविव किंशुकौ स्तः ॥७९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्ग्रामको अगाडी परस्पर बाण वर्षाउने भएका दुवै राजाका पनि बाणप्रहारले निस्केका रगतले भिजेका शरीर फुलेका पलाश जस्ता भए ॥७६॥

एवं प्रवृत्ते समरे बलानां राज्ञोश्च पक्षाऽवधि निर्भयाणाम् ।
स्वकीय-सैन्ये बहुले विनष्टे गोरक्षराजः प्रययौ विषादम् ॥८०॥

यस प्रकार एक पक्ष सम्म निर्भीक सैन्यको र दुवै राजाको युद्ध हुँदा आफ्ना धेरै सैन्यनाश हुँदा गोर्खाली राजा खिन्न भए ॥८०॥

तथापि सैन्यैः सह शैलदुर्गे बभूव शेषैरपि युध्यमानः ।
विपक्ष-सैन्यान् निशिताऽस्त्र-जालैर्विध्यन् स गोरक्ष-नृपो बलिष्ठः॥८१॥

तै पनि तिनी गोर्खाली राजाले शैलदुर्गमा बाँकी रहेका सैन्यले सहित भएर शत्रुपक्षका सैन्यलाई तीखातीखा हतियारले प्रहार गर्दै थिए ॥८१॥

एवं स्थितौ पञ्च-दशे मुहूर्तं दिने प्रवेशाय शुभं विमृश्य ।
गोरक्ष-राजस्य भटेषु रात्रौ सुप्तेष्वथ द्रव्य उरु-प्रकाशः ॥८२॥

यस्तै स्थि[illegible]मा पन्ध्रौं दिनमा प्रवेशका निमित्त असल मुहूर्त देखेर रातीमा गोर्खाली राजाका सैन्य सुतेको समयमा ठूलो तेज भएका द्रव्यसाह—॥८२॥

गणेश-नारायणदास-विप्रौ भगीरथः पान्थ-कुलाऽवतंसः ।
तथैव रानामगरोपनामा रामा ऽ ग्रगङ्गा ऽ भिध-वीर-वर्यः ।।८३॥

गणेशपाण्डे, नारायणदास अर्ज्याल भगिरथ पन्थ, ठूलो पराक्रम भएका गङ्गाराम रानामगर ॥८३॥

वीराग्रणीः केशव-वोहराख्यस्तथैव सर्वेश्वर-नामधेयः ।
खनाल आत्तादित-शस्त्र-हस्ता एते खशादि-प्रमुखाश्च वीराः ॥८४॥

वीरहरुमा श्रेष्ठ केशव वोहरा, सर्वेश्वर खनाल, हातमा शस्त्र लिएका यिनीहरु र खश आदि प्रतापशाली प्रमुख वीरहरु ॥८४॥

बलैः सहाऽन्यैरभियोऽभियान्तः प्रदीप-लम्बोदर-कुम्भकानाम् ।
पूजां विधाय प्रथित-प्रतापा यथा-मुहूर्तं तलकूटमापुः ॥८५॥

अरु सैन्यहरूले सहित भएर निर्भय साथ चढाई गरी दीप कलश, गणेशको पूजा गरी ठीक मुहूर्तमा तल्ला कोटमा पसे ॥८५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कैलासकूटे निवसन् स-सैन्यः श्रीमानसिंहो मगराधिराजः।
निषिद्धवान् सन्धिमदम्य-दर्पः श्रीद्रव्यसाहेन हतो रणाऽग्रे ॥८६॥

अतिघमण्ड भएका सन्धि गर्न न मान्ने कैलाशकोटमा सैन्य सहित वसेका मगर राजा श्रीमानसिंहलाई श्रीद्रव्यसाहले युद्धमा मार्नु भयो ८६

आस्ते गोरक्षदेशे जगति सुविदिते शैलदुर्गान्तर-स्थं
भव्यं कैलासकूटं क्षितिपति-भवनं तत्र सिंहासने तम्।
कृष्णाष्टम्यां निशायां विधु-वसु-जलधि-क्षोणि-संख्ये शकाब्दे
द्रव्यं भाद्रे ऽभ्यषिञ्चन् प्रमुदित-मनसोऽर्ज्याल-मुख्या मुहूर्ते ॥८७॥

संसारमा प्रसिद्ध भएको गोर्खा देशमा शैल दुर्गको माझमा अति मनोहर कैलासकूट नाम भएको राज भवन छ। त्यहाँ सिंहासनमा, ती द्रव्यसाहलाई खुसी भएका (नारायणदास) अर्ज्याल आदि (विद्वान्हरु) ले शकै १४८१। भाद्र-कृष्णाष्टमी राती शुभ मुहूर्तमा अभिषिक्त गरे ॥८७॥

लिग्लिङ्ग-स्तोम राज्यं द्रवण-पटुतया हस्तयित्वा च, लब्ध्वा
हृद्यं कैलासकूटं स-समर-विजयी, वज्रकूटाभिधानाम्।
स्वीकुर्वन् राजधानीं समर-शिखर-गं घ्नन् घलेराजमार्यो
रेजे श्रीद्रव्यसाहः प्रमुदित-शिव-गोरक्षनाथ-प्रसादात् ॥८८॥

प्रसन्न भएका शिव गोरखनाथका प्रसादद्वारा, दगुर्न सिपालु हुनाले लिग्लिग् शुम राज्यको हात गरी, युद्धमा विजयी वनेर रमणीय कैलासकूट पनि पाएर युद्धमा घले राजालाई मारेर वज्रकूट नाम भएको राजधानी लिएर, सज्जनका पक्षपाती श्री द्रव्यसाह शोभित हुनु भयो ॥८८॥

गोरक्षसाहवंशाऽऽख्ये काव्येऽस्मिन् हरि-निर्मिते।
पूर्णोऽभूत् प्रथमः सर्गो गोरक्ष-द्रव्य-वृत्तवान् ॥८९॥

हरिप्रसादशर्मा आचार्यले बनाएको यस गोरक्षसाहवंश महाकाव्यमा गाइको रक्षा गर्ने गोर्खाली राजा द्रव्यसाहको वृत्तान्त भएको प्रथम सर्ग पूर्ण भयो ॥८९॥

—❀❀❀—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीयः सर्गः

अथेति वृत्तान्तमवेत्य वीर-श्रीद्रव्यसाहस्य दिशो विजेतुः।
स-मत्सरा लम्बयुगाधिराजं द्रव्याग्रजं मन्त्रिण इत्यवोचन् ॥१॥

उप्रान्त दिग्विजयी वीर द्रव्यसाहको यो वृत्तान्त थाहा पाएर द्रव्य-साहका दाजू लंजुङ्का राजा (नरहरिसाह) लाई, डाह गर्ने मन्त्रीहरुले येस प्रकार भने–॥१॥

राजन् ! नियुक्तो भवता पुरा यो भ्रातेति मत्वा किल रागिनाशे।
लिग्लिङ्कूटं शिखरादिकूटं कैलासकूटं स बली व्यजेष्ट ॥२॥

राजन् ! अँघी तपाईले भाइ ठहराई जसलाई रागिनाशमा नियुक्त गर्नु भएको थियो, बलवान् उन (द्रव्यसाहलाई) ले लिग्लिग्कोट, कैलाशकोट शिखरकोट जिती सके ।।२॥

ये रागिनाशाद् विजिता बलेन देशैस्तु तैर्लम्बयुगाधिपस्य।
भाव्यं नु सर्वैर्नरपालवर्य ! द्रव्यस्तु नाङ्गीकुरुतेऽभिमानी ॥३॥

हे महाराज ! रागिनाशबाट सैन्यले जुन जितीए, ती सबै देशहरु लमजुङ्का राजाका हुनु पर्छ। तर अभिमानी द्रव्यसाहले मान्दैनन् ॥३॥

मन्यामहे लम्बयुगञ्च मानी विजेतुमाकाङ्क्षति किं स हन्त !।
अतः स-तर्को भव देव ! शश्वन्मन्यस्व नैनं दहरं स्वकीयम् ॥४॥

दुःखको कुरा छ अभिमानी उनले लंजुङ्लाई पनि जित्न खोज्छन् कि ! जस्तो लाग्द छ। त्यस कारण हे महाराज ! सदा सतर्क हुनुहोस् यिनीलाई आफ्नो कान्छा भाई न ठान्नु होस् ॥४॥

दुष्टैरमात्यैर्विनिवेद्यमानं वचो निशम्येति महीश्वरोऽभूत्।
श्रीद्रव्यसाहं प्रति दोषहीनं ज्येष्ठः कनिष्ठं विमनायमानः ॥५॥

दुष्ट मन्त्रिहरुले निवेदन गरिएको त्यो कुरा सुनेर राजा जेठा दाजु (नरहरिसाह) को मन कान्छा भाई द्रव्यसाह प्रति कलुषित भयो ॥५॥

नये नदीष्णा विमनायमानं ज्येष्ठं सुतं लम्बयुगाधिराजम्।
गोरक्षदेशाधिपतां गतं च द्रव्यं विविक्त्वा सुतवत्सला सा ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उप्रान्त जेठा छोरा लमजुङ्का राजा कलुषित मन भएका र द्रव्य साह गोर्खाका राजा भएको थाहा पाएर नीतिनिपुण पुत्रमा प्रेमगर्ने-॥६॥

युद्धं कदाचित् तनुजन्मनोः स्यादेवं सशङ्का नियमं विधातुम् ।
चम्पावती-तीरमुपेत्य माता निःसार्य देहाद्रुधिरं स्वकीयात्-॥७॥

आमाले कदाचित् छोराहरुको युद्ध हुन्छ कि ? भन्ने शङ्का गरि नियम वसाल्दिनका लागी चेपे नदीका तीरमा पुगेर आफ्नो शरीरबाट रगत निकालेर-॥७॥

तद्वाहयन्ती तनुजौ जगाद सम्वोध्य नेमामनुजोऽग्रजो वा ।
ज्येष्ठं कनिष्ठं च तरेद् विजेतुं यःस्यात् प्रतीपः स तु मातृ घाती ॥८॥

त्यसलाई वगाउँदै दुवै छोरालाई सम्बोधन गरेर, जेठो दाजुलाई जित्न भाइ र भाइलाई जित्न जेठो दाजु यो नदी न तर्नु, जो तर्दछ त्यो मातृ घाती होला भनिन् ॥८॥

एवं जनन्या विहितं न कोऽपि चिच्छेद धर्मस्य निवन्धनं तत् ।
सत्यां जनन्यामिति तौ कियन्तं कालं, सुखं यापयतः स्म पुत्रौ ॥९॥

यस प्रकार आमाले गरि दियेको त्यो धर्मको वन्धनलाई आमा छँदा संम कुनैले तोडेनन् र दुवै छोराले सुखपूर्वक केही समय विताए ॥९॥

ततो जनन्यां सुत-वत्सलायां युद्धस्य शान्त्यै कृत-वन्धनायाम् ।
दिवं गतायां नय-पण्डितायां भूयो जगुर्लम्वयुगाऽधिराजम् ॥१०॥

त्यस पछी युद्धको शान्तिका निमित्त वन्धन गरि दिए की नीति-निपुण पुत्रमा प्रेम गर्ने आमा स्वर्ग गए पछी लमजुङ्का राजालाई (दुष्ट मन्त्रीहरूले) फेरी भने ॥१०॥

व्याजेन केनाऽपि विभोऽनुजं ते गोरक्ष-देशेश्वर-मानिनं तम् ।
सामाह्वय द्रव्यमिहाऽऽगमाय प्रसन्न-चेता इव हृद्य-मित्रम् ॥११॥

हे प्रभु ! आफुलाई गोर्खाको राजा हुँ भन्ने तपाइँका भाई द्रव्यसाह लाई कुनै छलले प्रसन्न मन भएको व्यक्तिले प्रिय मित्रलाई झैं यहाँ आउनका निमित्त बोलाउनु होस् ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यागमिष्यत् स कथञ्चिदत्र दायीति विश्रभ्य तदास्त्र हीनम् ।
व्यापादयिष्यस्तमथाऽरि-हीनो देशाँश्च गोरक्ष-मुखानभोक्ष्यः ॥१२॥

दाजु भन्ने विश्वास गरेर उनी कथञ्चित् यहाँ आए भने त्यस समयमा हतियार न भएका उनलाई मार्नु होला र शत्रुरहित भएर गोर्खा आदि देश पनि भोग गर्नु होला ॥१२॥

पापाशयैर्मन्त्रि-गणैर्महीन्द्रो वरूथिनीश-प्रमुखैश्च शश्वत् ।
निवेदितो हन्त ! निजाऽनुजाय श्रीद्रव्यसाहाय लिलेख पत्रम् ॥१३॥

पापात्मा मन्त्रिगण र सेनापति आदिले वारंवार निवेदन गरिएका ती (लमजुङ्का) राजाले आफ्ना भाई श्रीद्रव्यसाहलाई चिठी लेखे ॥१३॥

श्रीद्रव्यसाह ! त्वमसि प्रियो मे भ्राता कनिष्ठो बलिनां वरिष्ठः ।
स्वस्त्यस्तु ते तात ! पुरा सहैव ताते क्षितिं शासति मध्यमेन—॥१४॥

श्री द्रव्यसाह ! बलवानहरुमा श्रेष्ठ तिमी मेरा प्यारा कान्छा भाइ हौ हे बाबु ! तिम्रो कल्याण होस् अघी पिताजीले पृथ्वीको पालन गर्दा महिला—॥१४॥

भ्रात्रा वयं त्वं स्मरसि प्रसन्ना नेष्याम ऊर्व्यामिह कन्दुकेन ।
क्रीडन्त ऊर्जस्वल वर्य ! कालं परस्परं प्रेमरसार्द्र चित्ताः ॥१५॥

भाइ (नरपतिसाह) सङ्ग परस्पर प्रेमरसमा डुबेका हामीहरूले यहाँ प्रसन्न भएर भकुण्डो खेल्दै समय बिताउँथ्यौं, हे ठूला पराक्रमी ! तिमीले संझन्छौ ? ॥१५॥

अस्मासु बालेषु दिवं प्रयाते ताते सुत-प्रेम-परा च माता ।
युक्तेऽपि काले प्रयतं मनः स्वं निरुध्य भर्त्रा न जगाम सार्धम् ॥१६॥

हामीहरु बालक छँदै पिताजी स्वर्ग जानु भए पछी पुत्रमा प्रेम गर्ने मुमाले उचित समय थियो ता पनि तत्पर भएको आफ्नो मनलाई रोकेर सती जानु भएन ॥१६॥

अस्मान् यथा-योग्यमनल्पबुद्धिः पुत्रान् यथा-कालमुपाऽदिशत् सा ।
सिंहासने मामभिषिच्य सर्वं राज्यस्य कार्यं व्यदधादखण्डम् ॥१७॥

ठूलो बुद्धि भएकी वहाँ मुमाले हामी सबैलाई उचित समयमा उचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा दिनु हुन्थ्यो, मलाई सिंहासनमा राखेर राज्यको सबै कार्य अखण्डित गर्नु भएको थियो ॥१७॥

तथापि पुत्रा न भवन्ति शिष्टाः पित्रा विहीना इति लोक-वादः ।
प्रायेण सत्यो घटते, तथा मे दुर्मन्त्रिणश्चित्तमभूत् पुराऽन्यत् ॥१८॥

तथापि बाबुन भएका छोरा शिष्ट हुँदैनन् भन्ने लोकको भनाई प्रायः सत्य घटित हुन्छ, त्यही रीतले दुष्ट मन्त्री भएका मेरो मन अँधी अर्कै भयोथ्यो ॥१८॥

ततोऽस्मदीया जननी नयज्ञा निबन्धनं साऽऽवयोर्बबन्ध ।
ताताऽस्मदीयौ पितरौ समानौ द्वावेव हृद्यौ च तयोरभूव ॥१९॥

त्यस पछी नीति जानेकी बहाँ हाम्री मुमाले दुवै छोराको बन्धन बाँधी दिनु भयो, हे बाबु ! हाम्रा बुवा मुमा यौटै हुनु हुन्थ्यो, उहाँहरुका हामी दुवै भाइ प्यारा थियौं ॥१९॥

यद्वस्तु लोके मम वत्स ! तत्ते यदस्ति ते तन्मम चिन्तयामि ।
भ्रात्रोरतस्तात ! न वैरमिष्टं छिद्रं लभेरन् रिपवो यतो नः ॥ ०॥

हे बाबु ! यस संसारमा जुन वस्तु मेरो छ त्यो ति दुइ भाइको तिम्रो छ। त्यो मेरो हो भन्ने संभन्छु, त्यसकारण हे बाबु ! दुई भाईको वैरभाव ठीक हुँदैन जसबाट शत्रुहरुले छिद्र भेटाउन शकुन् ॥२०॥

श्राद्धं विधेयं सह पित्र्यमत्र त्वया मया वार्षिकमार्य-भाव !
युद्धाऽतिरिक्ते जननी-निबद्धं न बन्धनं त्वामुत मां रुणद्धि ॥२१॥

हे राम्रो भावना भएका भाई ! पिताजीको वार्षिक श्राद्ध तिमीले र मैले यहीं सँगै गरौं, युद्ध बाहेक अरु कुरामा आमाले बाँधी दिएको बन्धनले तिमिलाइ वा मलाइ रोक्तैन ॥२१॥

विहाय शङ्कामत एहि पित्र्यं श्राद्धं विधातुं सुकृतं विचार्य ।
धर्मं पुरस्कृत्य लिखामि पत्रं भयं न किञ्चिद् भविताऽनुजाऽत्र ॥२२॥

हे भाई ! त्यस कारण धर्म सोचेर शंङ्का न गरी पिताको श्राद्ध गर्न आऊ, धर्मपूर्वक पत्र लेखेको छु यहाँ केही डर हुने छैन ॥२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इति स्वयं लम्बयुगाऽधिपेन द्रव्याय पत्रं प्रहितं विलिख्य।
वाण्यां सुधा भाति विमानसानां हालाहलं चेतसि सङ्गदोषात् ॥२३॥

यस प्रकार लम्जुङ्का राजाले आफै चिठी लेखेर द्रव्यसाहलाई पठाए, को सङ्ग दोषले मनविग्रेका बोलीमा अमृत प्रतीत हुन्छ, मनमा सदै हलाहल (विष) हुन्छ ॥२३॥

अव्ध्यष्ट वेदेन्दु मिते शकाऽब्दे श्रीद्रव्यसाहस्तदवाप्य पत्रम्।
प्रेमाश्रु पूर्णः पुलकाञ्चितः स्वाञ्जगाद पाण्डे-प्रमुखान् सहायान् २४

शाके १४८४ सम्वत्सरमा श्रीद्रव्यसाहले त्यो पत्र पाएर प्रेमाश्रुपूर्ण रोमाञ्चित भएर पाण्डे आदि आफ्ना सहायकलाई भने ॥२४॥

ममाऽग्रजेनाऽनुज वत्सलेन स्नेहाऽऽर्द्र-चित्तेन वि मत्सरेण।
आर्येण मे लम्वयुगेश्वरेण भ्रातेति पत्रं प्रहितं मनोज्ञम् ॥२५॥

डाह गर्न छोडेका प्रेमले मन पग्लेका भाईमा प्रेम गर्ने सज्जनका पर्व-पाती लमजुङ्का राजा मेरा दाजुले मलाई भाई भनेर राम्रो चीठी पठाउनु भएको छ ॥२५॥

विश्रभ्य तस्मादहमेमि कर्तुं श्राद्धं पितुर्लम्बयुगेऽग्रजेन।
वचो निशम्येति नये नदीष्णा गणेशपाण्डे प्रमुखास्तमूचुः ॥२६॥

त्यसकारण विश्वास गरेर दाजीसंग पिताजीको श्राद्ध गर्न म लम्जुङ् जान्छु, यो कुरा सुनेर नीति जान्ने गणेशपाण्डे आदिले वहाँ लाई भने २६

भूपे परस्मिण्नविविच्य भूपो मित्रे स्वकीयेऽप्यनुजेऽग्रजे वा।
कुर्यान्न विश्वासमितीरयन्ति कुशाग्रबुद्धे! सुधियो नयज्ञाः ॥२७॥

हे कुशको टुप्पा जस्तो (तीखो) बुद्धि भएका प्रभु! राजाले आफ्ना मित्र, भाई अथवा दाजु भए ता पनि अर्को राजामा एकाएक विश्वास नगरोस् भनेर नीति जान्ने विद्वान्हरुले भन्दछन् ॥२७॥

चम्पावती तीरमतोऽस्त्रहीना भवन्त आयान्त्वहमप्यशस्त्रः।
तत्राऽऽगमिष्यामि त्रितुर्विधातुं श्राद्धं समं वार्षिकमग्रजेन ॥२८॥

त्यसकारण तपाइहरु हतियार न लिईकन 'चेपे' नदीको तीरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउनु होस् म पनि दाजुसंग पिताजीको श्राद्ध गर्न हतियार रहित भएर आउँछु ॥२८॥

भ्रात्रे लिखित्वा प्रतिपत्रमेवं प्रेष्यं प्रभो ! लम्बयुगेश्वराय ।
स्वीकार्य तद् याति दरो न कश्चित् पश्चाद् भवेत्, कार्यमपीहितं स्यात् २६

हे प्रभु ! यस्तो उत्तर पत्र लेखी दाजु लम्जुङ राजालाई पठाएर सो कुरा स्वीकृत गराई गएमा पछी केही डर होवैन ईप्सित काम पनि बन्ला ॥२६॥

इतीरितं तद्वचनं निशम्य प्रेष्ठैर्गणेश-प्रमुखैः सदस्यैः ।
श्रीद्रव्यसाहो व्यदधात्तथा, तत् स्वीकारभाग् लम्बयुगेश्वरोऽभूत् ॥३०॥

यस प्रकार प्यारा गणेशपाण्डे आदि सहायकले भनेको त्यो कुरो सुनेर श्रीद्रव्यसाहले सोही अनुसार गर्नु भयो, त्यस कुरालाई लम्जुङ्का राजाले स्वीकार गरे ॥३०॥

नदी तटे लम्बयुगाऽधिराजो भ्रातुर्निहन्तुं छलतो जिगीषुः ।
निलापयामास ततोऽस्त्र जालं पूर्वेद्युरन्तर्वत ! वालुकासु ॥३१॥

दुःखको कुराछ, कि त्यस पछि छलगरी जित्न चाहने लंजुङ्का राजाले भाइलाई मार्न भनि नदीका तीरमा अघिल्लै दिन वालुवा भित्र हतियार हरु लुकाए ॥३१॥

अन्येद्युराऽत्य यथा पणं तौ चम्पावती-पश्चिम-तीर-भाजौ ।
श्राद्धोचितैर्द्विजनैः पदार्थैः श्राद्धं व्यधातां विधिना नरेन्द्रौ ॥३२॥

अर्को दिन प्रतिज्ञा अनुसार दुइ राजा चेपे नदीका पश्चिम तीरमा आई श्राद्धमा चाहिने सामग्री द्वारा ब्राह्मण तथा सहचर सहित भई विधि पूर्वक श्राद्ध गरे ॥३२॥

धात्री तनूजा भगिनी रहस्यं तद् भोजनस्याऽवसरेऽवयान्ती ।
स्नेहाऽर्द्र चित्ताऽश्रु-परीत-नेत्रा द्रव्यं स्म संसूचयतीङ्गितेन ॥३३॥

त्यो रहस्य थाह पाएकी स्नेहले मन पग्लेकी, आँसुले आँखा भरिएकी धाई आमाकी छोरी दिदीले भात खाने वेलामा द्रव्यसाहलाई इङ्गित द्वारा सूचना दिइन् ॥३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सद्यः समानाय्य तदिङ्गितज्ञः पानीय-पात्रं निज-चेटकेन ।
व्याजेन शौचस्य मृगेन्द्र गामी चम्पावती पूर्व तटं ययौ सः ॥३४॥

त्यो इङ्गित बुझेका ती द्रव्यसाहले आफ्नो केटालाई झट्ट लोटा ल्याउन पठाएर शौच गर्ने छलले सिंहको जस्तो हिंड़ाई गरेर तुरुन्त नदी को पूर्वतीरमा गए ॥३४॥

तत्रत्य-सार्थान् सकलान् स्वकीयान् स सूचयित्वाऽपससार सर्वैः ।
पार्ष्णिग्रहा लम्बयुगेश-सैन्याः पश्चादधावन्नथ तान् विहन्तुम् ॥३५॥

ती द्रव्यसाह त्यहाँ वसेका आफ्ना सवै साथीहरु लाई सूचना गरेर तुरुन्त सवै साथी भएर फर्के, झुक्याई लड़ने लमजुङे सैन्यहरु तिनीहरु (द्रव्य आदि) लाई मार्न भनी पछी पछी दगुरे ॥३५॥

गृहीतशस्त्रा वत ! तानशस्त्रान् द्रव्यादि वन्धूनपसारयन्तः ।
गोरक्ष-देशेऽभिययुर्गुरुङ्ग-स्तोकावधि व्याहत-धर्म-वन्धाः ॥३६॥

खेदलाग्ने कुरा छ कि हतियार लिएका (लमजुङेहरु) हतियार न लिएका द्रव्यसाह आदि वन्धुहरु लाई लखेट्दै (आमाले बाँधी दिएको) धर्मवन्धन तोडेर गोर्खा गुरुङ् थोकसंम पुगे ॥३६॥

कैलासकूटं त्वरया द्रवन्तः स्वकीय शस्त्राणि करे दधानाः ।
द्रव्यादयाऽभ्ययुरत्र योद्धुं पार्ष्णि ग्रहैस्तैरभया जवेन ॥३७॥

दगुर्दै कैलासकूट गएर हातमा आफ्ना हतियार लिएर निर्भीक द्रव्य साह आदि गोर्खाली वीरहरु झुक्याइ लड्ने लंजुङेहरु सङ्ग लड्न वेगले गुरुङ्ग थोक फर्के ॥३७॥

निर्भीक-गोरक्ष-भटाः स-शस्त्राः क्षणेन स क्ष्वेडमरिन्दमास्ते ।
वलाद् व्यधुर्लम्वयुगेश सैन्यान् विचेतनान निर्वसनान् रणे तान् ३८

हतियार लिएका शत्रुलाई दमन गर्ने निर्भीक गोर्खाली वीरहरुले सिंहनाद गर्दै संग्राममा लमजुङे राजाका सैन्यलाई एकछिन् (कपड़ा खसेको थाह न पाई) नङ्गा र मूर्च्छित गराए ॥३८॥

कैश्चित्ततो लम्बयुगेश-वीरैर्योद्धुं प्रवृत्तैः समरेऽतिधीरैः ।
खड्ग-प्रघट्टोद्गमित-स्फुलिङ्गं युद्धं वभूवाऽप्रतिम-प्रभाणाम् ॥३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस पछि कुनै संग्राममा अतिधीर युद्ध गर्न तत्पर भएका लम्जुङ्गे वीरहरूका साथ अनुपम तेज भएका (गोर्खाली) वीरहरूको खड्ग घोट्टिनाले झिलिङ्गा उड्ने युद्ध भयो ॥३६॥

ततस्तु सा लम्बयुगेशसेना घटा घनस्येव समीरणेन ।
प्रचण्डगोरक्ष बलेन सद्यो विद्राविता सङ्गरतोऽस्तदर्पा ॥४०॥

त्यस पछी युद्धमा प्रचण्ड पराक्रम भएका ती गोर्खाली वीरहरूले लम्जुङ्गे सेनालाई वायुले मेघको जमघटलाई झैं संग्रामबाट एक क्षणमा सेखी झारी तितर् बितर् पारे ॥४०॥

दर-द्रुतांस्ताननुयान्त आराद् गोरक्ष-वीराः कथयाम्बभूवुः ।
सद्यो दुराचार फलं ददामो वयं क्षणं तिष्ठत धूर्त-धुर्याः ! ॥४१॥

डरले दगुरेका तिनीहरूलाई जताततै बाट पीछा गर्दै गोर्खाली वीरहरूले भनेः—हे धूर्त हो ! एक क्षण पर्ख दुराचारको फल हामीहरूले भर्खरै दिन्छौं ॥४१॥

पलायमानाः पुरतो विपक्षाः पश्चादधावन् रण-बद्ध-कक्षाः ।
गोरक्ष वीरा निहताऽवशेषांश्चम्पावतीं तारितवन्त एतान् ॥४२॥

अगाडी-अगाडी शत्रुहरु भागे, युद्धमा कच्छाड कसेका गोर्खाली वीरहरू पछी पछी दगुरेर, मारिए र शेष रहेका इनीहरूलाई चेपे नदी तराए ४२

श्री द्रव्यसाहोऽथ जगौ स्व-सैन्यांस्तान् धर्म-बुद्धी रण-हीन-दैन्यान् ।
न बन्धनं मातृ-कृतं दिवेऽपिच्छेद्यं, परावृत्यमतो भवद्भिः ॥४३॥

त्यस पछी धर्ममा बुद्धि भएका श्रीद्रव्यसाहले लडाईमा उत्साह न हारेका ती आफ्ना सैन्यलाई भनेः—स्वर्गका निमित्त पनि मुमाले गरि दिएको बन्धन तोड्न हुँदैन, त्यस कारण तिमीहरू फर्क ॥४३॥

धीमान् निगद्येति निवर्त्य सैन्यान् द्रव्यो विपक्षानवरोद्धुकामः ।
लिग्लिङ्गकूटे कतिचिन्नियोज्य सैन्यान्, स गोरक्षमगात् सहाऽन्यैः ४४

यति भनेर ती बुद्धिमान् द्रव्यसाहले सैन्यलाई फर्काई (आक्रमण गर्न आउने) शत्रुलाई रोक्ने इच्छाले लिग्लिग् कोटमा केही सैन्य राखी अरू शेष सैन्यका साथ गोर्खा जानु भयो ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि-मानसो लम्बयुगेश्वराय श्रीद्रव्यसाहोऽथ लिलेख पत्रम् ।
अहो ! धरित्री कथमुग्र-पापं त्वां दुर्मतिं धारयति प्रमत्तम् ॥४५॥

त्यस पछि दिकभएका श्रीद्रव्यसाहले लंजुङे राजालाई चिठी लेख्नु भयो:—आश्चर्य छ, दुर्बुद्धि भएका मत्तभएका तिमी पापीलाई पृथिवीले कसरी धानेकी छन् ? ॥४५॥

दायीति विश्वस्य समागतं मां हन्तुं प्रवृत्तोऽभव आततायिन् ! ।
न बन्धनं रक्षितवाञ्जनन्या भ्राता तवाऽस्मीति च मां धिगस्ति ॥४६॥

हे आततायी ! दाजी भन्ने विश्वास गरेर आएका मलाई मार्न तत्पर भयौ, आमाले बाँधि दिएको बन्धनको पनि पालन गरेनौ तिम्रो भाइ भए को हुनाले मलाईपनि धिक्कार छ ॥४६॥

भूयोऽपि युद्धान्यसकृद् बभूवुः श्रीद्रव्यसाहः सततं तरस्वी ।
गोरक्षनाथाऽऽप्त-वर-प्रभावात् स्फुरत्प्रतापो विजयी बभूव ॥४७॥

फेरीपनि धेरै पटक युद्ध भए, गोरखनाथबाट पाएका वर प्रभावले ठूलो प्रताप भएका तेजी द्रव्यसाह सदा विजयी हुनु भयो ॥४७॥

धर्मेण तस्मिन्नवति क्षितीशे दारिद्र्य-हीनाः सकला अदीनाः ।
लोका बभूवुर्जगतीति-हीना वर्णाः स्व-धर्मे निरताश्च शश्वत् ॥४८॥

धर्म पूर्वक वहाँ राजाले पालन गर्दा कुनैपनि दरिद्र दुःखी थिएनन्, पृथिवीमा अतिवृष्टि अनावृष्टि आदि थिएनन् सबै जात आफ्नो धर्ममा अटल थिए ॥४८॥

एकादशाऽब्दाँस्तनुजानिव स्वान् संरक्ष्य लोकाञ्जगती-तलेऽस्मिन् ।
यशः—प्रभाऽधीरित-शारदेन्दुः श्रीद्रव्यसाहस्त्रिदिवं जगाम ॥४९॥

यस पृथ्वीतलमा आफ्नु छोरालाई झैं लोकलाई ११ वर्ष संम पालपन गरी कीर्तिका कान्तिले शरत्कालिक चन्द्रमालाई तिरस्कार गरेका श्रीद्रव्यसाह स्वर्ग जानु भयो ॥४९॥

अथाऽभ्यषिञ्चन् कृत-पित्र्य-कृत्यं शुभे मुहूर्ते विमल-स्वभावम् ।
सिंहासने तत्सुत-पूर्णसाहं गणेशपाण्डे-मुख-भारधाराः ॥५०॥

त्यसपछि पिताजीको काज क्रिया गरी सकेका राम्रो स्वभाव भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रव्यसाहका छोरा पूर्णसाहलाई गणेशपाण्डे आदि भारधारहरुले राम्रा मुहूर्तमा सिंहासनमा अभिषिक्त गरे ॥५०॥

अभ्याययौ लम्वयुगाधिराजः श्रीद्रव्यसाहे त्रिदिवं गतेऽपि ।
मुहुर्मुहुस्तं युधि वीर-वर्यो व्यजेष्ट खेलन्निव पूर्णसाहः ॥५१॥

श्रीद्रव्यसाह स्वर्ग गए पछिपनि लंजुङे राजाले वार-वार आक्रमण गरे, उनलाई वीरवर पूर्णसाहले युद्धमा ख्याल् ख्यालैमा जित्नु भयो ॥५१॥

खेटं कृषन्तोऽहनि, देशभक्ता ययुर्नगाऽग्रे हलिनोऽपि रात्रौ ।
योद्धुं विपक्षै रधुनाऽपि तं तत् कूटं हलिस्तोम इतीरयन्ति ॥५२॥

देशभक्त हलिहरुपनि दिनमा खेत जोतेर रातीमा शत्रुहरु सङ्ग लड्न भनि पर्वतका शिखरमा जान्थे त्यसकारण त्यो थुंकालाई आजभोली पनि हलिथुम भन्दछन् ॥५२॥

तदुत्तरस्मिन् हिमवत्प्रदेशे वलैः स्वकीयैरथ वारपाके ।
चाँग्या-सुरत्राण-महीपतिभ्यां भुक्तेऽभ्ययासीन्नृपतिः कदाचित् ॥५३॥

उप्रान्त राजा (पूर्णसाह) ले एक समयमा गोर्खादेखि उत्तर पट्टी हिमाल प्रदेशमा चाँग्या र सुरतान घले राजाले पालन गरिएको वारपाक देशमा आफ्ना सैन्य द्वारा चढाई गर्नु भयो ॥५३॥

वभूव राजा युधि युध्यमानो वीरोऽपि नाऽस्यां स-फलो वलिभ्याम् ।
रिषायितौ तौ लवणादि वाटं चाँग्या-सुरत्राण-नृपावरुन्धाम ॥५४॥

वीर भएता पनि यो युद्धमा वलिया सङ्ग लड्दा राजा सफल हुनु भएन, त्यसपछि रिसाएका चाँग्या र सुरतान राजाले नुन आदिको वाटो रोकि दिए ॥५४॥

दैवात्तदानींमिति वैपरीत्ये जातेऽपि गोरक्ष-भटा वभूवुः ।
विपक्ष-वक्षो-दलनेऽतिदक्षा घृष्ट-स्फुलिङ्गाऽग्नि-शिखाऽतिभाति ॥५५॥

यस प्रकार दैवसंयोगले त्यो समयमा हार भयोता पनि गोर्खाली सैनिक हरु शत्रुका छाती दल्नमा अत्यन्त सिपालु भये, किनकि फिलिङ्गा ठोसे (घोटे) अग्निको ज्वाला झन् चहकिलो हुन्छ ॥५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पीडितो लम्बयुगेश्वरेण त्रितुङ्ग-भूपो निज-रक्षणाय ।
गोरक्ष-राजाय गजं तदानीं प्रदाय सन्धिं द्रढयाम्बभूव ॥५६॥

लंजुङे राजाले सताइएका तनहुँका राजाले आफ्नो रक्षाका निमित्त त्यसै समयमा गोर्खाली राजा (पूर्णसाह) लाई हात्ती दिएर सन्धि बलियो बनाए ॥५६॥

श्रीपूर्णसाहं नृप-भारधारा मन्त्रं जगुस्तं समयाऽनुरूपम् ।
सामाद्युपायैररयो विधेया वश्याः प्रशस्यं प्रथमन्तु तेषु ॥५७॥

श्रीपूर्णसाहलाइ राजभारधारहरुले समयानुरूप सल्लाह दिए:—साम, दान, दण्ड, भेद उपायबाट शत्रुलाई वश गर्नु पर्छ, तिनीहरुमा पनि प्रशंसनीय त पैलो (साम) हुन्छ ॥५७॥

चाँग्या-सुरत्राण-नृपौ बलिष्ठौ नैताविदानीं समरेण जय्यौ ।
तस्माद्विधेयो नृप ! सन्धिराभ्यां त्रितुङ्ग-भाजेव नरेश्वरेण ॥५८॥

हे राजन् ! चाँग्या र सुरतान राजा अति बलवान् छन्, ऐले यिनी दुइलाई युद्ध गरेर जित्न सकिन्न त्यसकारण तनहुँका राजा सङ्ग झैं यिनी दुइ राजा सङ्ग सन्धि गर्नु पर्छ ॥५८॥

श्रुत्वेति ताभ्यां प्रजिघाय पत्रं सन्धिं विधित्सुर्मतिमान् नरेन्द्रः ।
वयं हि मित्राणि चिरन्तनानि सामीप्य-भाञ्जीति मिथः प्रतीमः ॥५९॥

येती सुनेर सन्धि गर्न चाहने बुद्धिमान् राजाले ती दुइ (चाँग्या, सुरतान) लाई पत्र पठाउनु भयो:—'हामीहरू निःसन्देह अँघीदेखिका नजीकका मित्रहौं' भन्ने परस्पर विश्वास राख्त छौं ॥५९॥

नूनं मिथोऽस्मासु भजत्सु वैरं मित्रेषु, लब्धाऽवसरा भवेयुः ।
पाश्चात्त्य-भूपा बलिनो, न तस्माद् वैरं विधेयं प्रतिवेशिनां नः ॥६०॥

हामी मित्रहरुले परस्पर विरोध गर्ने हो भने निःसन्देह पाश्चात्त्य राजाहरु मौका पाएर बलिया होलान्, त्यसकारण हामी छिमेकीहरुले विरोध गर्न हुँदैन ॥६०॥

यथा कथञ्चिज्जयिनावपि प्रागवेत-गोरक्ष-भट-प्रतापौ ।
उत्प्रेक्षमाणौ पुनराक्रमं तौ जातौ निराधी तदवाप्य पत्रम् ॥६१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अँधी जसरी तसरी विजयी भएता पनि गोर्खाली सैनिकहरुको प्रताप थाह पाएका, फेरी आक्रमण गर्छन् कि भनि शङ्का मानेका ती दुइ राजा त्यो पत्र पाएर निर्धक्क भए ॥६१॥

तन्मोदमानावनुमोदमानौ प्रजिध्यतुस्तौ प्रतिपत्रमीड्यम् ।
तद् देश काल-स्थितिविन्मनीमी ताभ्यां निमन्त्रं प्रजिघाय पूर्णः ॥६२॥

पूर्णसाहले भनेका कुरालाई हर्ष साथ समर्थन गर्दै ती दुई राजाले राम्रो उत्तरपत्र पठाएर देश कालको स्थिति बुझेका पूर्णसाहले ती दुईलाई निमन्त्रण पठाउनु भयो ॥६२॥

त्रितुङ्ग-देशादुपहार-रूप स्तद्भू-भुजाऽत्र प्रहितोऽस्ति हस्ती ।
प्रायेण नाऽसौ हिमवत्प्रदेशे संबोभवीतीति मुदं वहेद् वाम् ॥६३॥

तनहुँका राजाले यहाँ हात्ती उपहार पठाएका छन् विशेष गरेर यो हिमाल प्रदेशमा नहुने हुनाले तपाईंहरुलाई आनन्द लाग्ला ॥६३॥

यद्यस्ति कौतूहलमेनमत्र द्रष्टुं समायातमदृष्ट-पूर्वम् ।
लब्ध्वेति पत्रं सुतरां प्रसन्नौ द्रष्टुं गजं तं समुपागतौ तौ ॥६४॥

यदि कहीले न देखेको यस (हात्ती) लाइ हेर्न कुतूहल छ भने यहाँ आउनु होस्" यो पत्र पाएर निकै हर्षित भइ ती दुवै त्यो हात्ती हेर्न आए ॥ ६४॥

तं स्थूल-कायं द्विरदं घनाभं पुरोऽपि लाङ्गूलमिवाऽतिदीर्घम् ।
करं महान्तौ दशनौ दधानं कर्णौ च शूर्पाविव सूक्ष्म-दृष्टी ॥६५॥

अगाड़ी पट्टी पनि पुच्छर जस्तो अति लामो शुँड, दुइ ठूला दाँत, शूपा जस्ता कान, साना आँखा भएको, ठूलो शरीर भएको मेघ जस्तो त्यो हात्तीलाई ॥६५॥

अपृच्छतां वीक्ष्य स-विस्मयौ तौ नृपावयं खादति किं करीति ? ।
श्रीपूर्णसाहः समयोचितं तौ व्युत्पन्न-धीर्नीति-पटुर्जगाद ॥६६॥

देखेर ती दुइ राजा छक्क परेर यो हात्तीले के खान्छ ?' भनि सोधे, नीतिमा चतुर प्रत्युत्पन्नमति पूर्ण साहले पनि ती दुइलाई समयोचित कुरा भन्नु भयो ॥६६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'अहो ! विचित्रं किमु वर्णनीयं यथोपयोगोऽस्य तथैव भोज्यम् ।
यद्वस्तु नेहोद्भवमेति देशे तमेव भुङ्क्ते लवणं करीति' ॥६७॥

'अहो विचित्रछ के बयान गर्नु, यस्को जस्तो उपयोगछ खाना पनि उस्तैछ, जुन वस्तु हाम्रो देशमा हुँदैन त्यै नुन यो हात्तीले खान्छ' ॥६७॥

चाँग्या-सुरत्राण-नृपौ वचस्तन्निशम्य, हृष्टौ लवणं प्रहेतुम् ।
प्रत्यब्दमस्मै करिणेऽपि सैकां तौ मूरिकाविंशतिमास्थिषाताम् ॥६८॥

त्यो कुरा सुनेर खुसी भएका चाँग्या र सुरतान राजाले प्रत्येक वर्ष यो हात्तीका निमित्त २१ मुरी नून पठाउने प्रतिज्ञा गरे ॥६८॥

गोरक्ष-देशे दश तावुषित्वा दिनान्यगातामधिराजधानि ।
इत्थं मनीषी लवणादि-वाटं पूर्णः पुनः खोलयति स्म ताभ्याम् ॥६९॥

गोर्खामा १० दिन संम बसेर ती दुइ आफ्ना राजधानीमा गए । यस प्रकार बुद्धिमान् पूर्णसाहले ती दुइबाट नुन आदिको बाटो फेरी खुलाउनु भयो ॥६९॥

श्रीपूर्णसाहस्य बभूवतुर्द्वे देव्यौ, प्रियाऽऽद्या नृपतेरसूत ।
श्रीछत्रसाहाऽभिध-सूनुमन्या दधार गर्भं त्रिदशांश-पूर्णम् ॥७०॥

श्री पूर्णसाहका दुइ रानी हुनु हुन्थ्यो, राजाकी प्यारी जेठी रानीले श्रीछत्रसाहनामका पुत्र पैदा गर्नु भयो, अर्की रानीले देवताका अंशले पूर्ण भएको गर्भ धारण गर्नु भयो ॥७०॥

देव्यौ सपत्न्यौ कुपिते कदाचिद् विवादमन्योऽन्यमिमे व्यधाताम् ।
ततः कनिष्ठा महिषी विषण्णा चेटीः स्वकीया रहसोत्युवाच ॥७१॥

ती दुइ रानीले कुनै समयमा आपसमा झगड़ा गर्नु भयो र दिक्क परेकी कान्छी रानीले आफ्नी केटीहरुलाइ एकान्तमा यस प्रकार भन्नु भयो ॥ ७१ ॥

अभूद् विवादोऽद्य मिथःसपत्न्योर्गर्भोऽपि मेऽतोऽत्र न रक्षितःस्यात् ।
मत्तः सपत्नी नृपतेश्च हृद्या गन्तुं समीहे जननी-गृहेऽतः ॥७२॥

आज सौता सौताको आपसमा झगड़ा पर्‍यो त्यसकारण मेरो गर्भको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यहाँ रक्षा हुन सक्तैन कि के हो ? राजाको पनि म भन्दा सौता प्यारी छन्, अतः माइत जान्छु ॥७२॥

ततः स-गर्भाऽनुचरैः परीता चेटीः स्वकीयाः सकला नयन्ती ।
शल्यानकूटे निज-मातृ-गेहे गोरक्ष-देशान्महिषी जगाम ॥७३॥

त्यस पछी अनुचर सहित भएर गर्भवती रानी आफ्ना केटीहरुलाई लगेर गोर्खाबाट आफ्ना माइत जानु भयो ॥७३॥

मासेऽथ देवी दशमे वरिष्ठं तेजस्विनं लक्षणवन्तमीड्यम् ।
उच्चग्रहैः सूचित-भागधेयं शल्यायने सूनुमजीजनत् सा ॥७४॥

उप्रान्त वहाँ रानीले शल्यानमा दशौं मैनामा बलवान् तेजस्वी उत्तम लक्षण भएका प्रशंसनीय, उच्च ग्रहहरुले भाग्य सूचित गरिएका पुत्र पैदा गर्नु भयो ॥७४॥

रराध लम्बच्छद-वंश-दीपः सिद्धो द्विजो ज्यौतिष-तत्त्व-वेदी ।
श्रीदुर्लभोऽस्मै शिशवे जनन्या स-प्रश्रयं प्रार्थित ऊर्ध्वरेताः ॥७५॥

आमाले नम्रताका साथ प्रार्थना गरिएका ब्रह्मवर्चस्वान् ज्यौतिष शास्त्रको तत्त्व जानेका लामिछाने वंशका बत्ती स्वरूप सिद्ध ब्राह्मण श्री दुर्लभ जोसीले तिनी बालकको शुभ अशुभ बताइ दिए (जन्म पत्रिका लेखि दिए) ॥७५॥

विशाल-नेत्रोऽप्यतिसूक्ष्म-दृष्टिर्दयाद्र-चित्तोऽपि निवर्हिताऽरिः ।
गुणी गुणज्ञो मतिमान् विनीतो धीरः शरण्यो भविताऽऽर्य-गृह्यः ॥७६॥

ठूला आँखा भएता पनि सूक्ष्म दृष्टि भएका, दयालु मन भएका भए ता पनि शत्रुलाई निमोठ्ने, गुणी, गुण चिन्न सक्ने, बुद्धिमान्, नम्र, धीर, शरणमा आएका लाई रक्षा गर्ने; सज्जनका पक्षपाती हुने छन् ॥७६॥

रामो यथा दाशरथिर्जगत्यां धर्म्यां स्थितिं स्थापयतिस्म पूर्वम् ।
अयं तथा स्थापयितेति बालं द्विजः स नाम्नाऽकृत रामसाहम् ॥७७॥

अघी दशरथका छोरा रामले संसारमा जस्तै धर्मपूर्वकको स्थिति स्थापित गर्नु भएको थियो, यिनी बालकले पनि त्यस्तै स्थिति स्थापित गर्नेछन् भन्ने विचार गरी ती ब्राह्मणले बालकको नाम 'रामसाह' राखी दिए ॥७७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नीत्यादि-शास्त्राणि कुशं लवं प्राग् वाल्मीकि-नामेव मुनिर्विनीतम् ।
तं शिक्षयामास कुशाऽग्र-बुद्धिं स्मेराननं स्नेहपुरःसरं सः ॥७८॥

अँघी वाल्मीकि मुनिले कुश, लवलाई झैं ती ब्राह्मणले कुशको टुप्पो जस्तो (तीखो) बुद्धि भएका हँसीलो मुख भएका विनयी ती रामसाहलाई प्रेम पूर्वक नीति आदि शास्त्र सिकाए ॥७८॥

गोरक्षेऽतिवया मही-पतिरितः श्रीपूर्णसाहः प्रजाः
पुत्रान् स्वानिव धर्म-बुद्धिरखिलाः स्नेहार्द्र-चित्तः सदा ।
पञ्चत्रिंशतमत्र नीति-निपुणः संरक्ष्य संवत्सरान्
पूर्ण-स्वाभिनयस्ततो दिवमगात् सत्त्वाश्रयः कीर्तिमान् ॥७९॥

उप्रान्त एता गोर्खामा उमेर पूर्ण भएका धर्ममा बुद्धि भएका सदा स्नेहले मन पग्लेका नीतिमा निपुण भएका श्री पूर्णसाह राजाले ३५ वर्ष संम आफ्ना छोराहरु झैं प्रजाहरुको पालन गरी सत्त्व गुणका आश्रय कीर्तिले युक्त भएर आफ्नो अभिनय पूर्ण गरी स्वर्ग जानुभयो ॥७९॥

पित्र्येऽथो कृत-पित्र्य-कृत्यमनघं श्रीछत्रसाहाभिधं
नीति-ज्ञं निदधुस्तदीय-तनुजं सिंहासने मन्त्रिणः ।
मासान् सप्त स केवलान् बत ! भुवं प्राज्ञः प्रजा-वत्सलो
रक्षित्वा गतवानपत्य-रहितो दैवादकस्माद् दिवम् ॥८०॥

त्यसपछि बाबुको काज क्रिया गरी शुद्ध भएका वहाँ (पूर्णसाह) का छोरा नीति जान्ने श्रीछत्रसाहलाई मन्त्रीहरुले सिंहासनमा राखे, दुःख लाग्दो कुरा छ, कि बुद्धिमान् प्रजामा प्रेम गर्ने वहाँ (छत्रसाह) केवल सात मैना मात्र पृथ्वीको पालन गरी दैवसंयोगले सन्तान न हुँदै अकस्मात् स्वर्ग जानु भयो ॥८०॥

गोरक्षे नृप-हीनतामिति गते श्रीपूर्णसाहात्मजं
श्रीछत्रानुज-रामसाहमखिलै राज्येऽभिषेक्तुं जनैः ।
निर्णीयाऽऽनयनोद्यमेऽत्र विहिते गोरक्ष-वार्ता-विदो
मात्रा सार्धमुपानयन् सु-मनसः शल्यायनीयाः स्वयम् ॥८१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार गोर्खामा राजा न रहँदा यहाँ सबै जनताले श्रीपूर्णसाह का छोरा श्रीछत्रसाहका भाइ रामसाहलाई राज्यमा अभिषेक गर्ने निर्णय गरी ल्याउन उद्योग गरेका समयमा, गोर्खाको वृत्तान्त थाह पाएका राम्रो भावना भएका शल्यानीहरुले मुमाका साथ आफै ल्याए ॥८१॥

गोरक्षसाहवंशाख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
पूर्णो द्वितीय-सर्गोऽभूत् पूर्णच्छत्र-चरित्रवान् ॥८२॥

हरिप्रसादशर्मा आचार्यले बनाएको यस गोरक्षसाहवंश महाकाव्यमा पूर्णसाह र छत्रसाहको चरित्र भएको द्वितीय सर्ग पूर्ण भयो ॥८२॥

—***—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीयः सर्गः

लङ्कायाः समुपागतं विरहिणः साकेत-लोका यथा
रामं दाशरथिं विलोक्य मुदिताः श्रीरामसाहं तथा ।
वीक्ष्याऽऽनन्द-भरा बभूवुरखिला गोरक्ष-भाजो जना
लाजैस्तं समवाऽकिरन् स-कुसुमैः कन्याश्च पद्माननाः ॥१॥

लङ्काबाट फर्केका दशरथका छोरा रामलाई देखेर विरही अयोध्यावासि जनहरु जस्तै आनन्दित भएका थिए, त्यस्तै श्रीरामसाहलाई देखेर सबै गोर्खावासिजनहरु आनन्दित भए। कमल जस्ता मुख भएका कन्याहरुले ती रामसाहलाई लावा फूल वर्षा गरिन् ॥१॥

साकेते व वशिष्ठ-मुख्य-मुनयो रामं जनाऽऽर्ति-च्छिदं
गोरक्षे महनीय-भूप-भवने कैलास-कूटेऽद्भुते ।
दीपं कुम्भमिभाऽऽननञ्च विधिना सम्पूज्य सिंहासने
तं संस्थाप्य पुरोधसोऽभिषिषिचुः पञ्च-प्रधानादिभिः ॥२॥

वशिष्ठ आदि ऋषिहरुले लोकको दुःखनाश गरिदिने रामचन्द्रलाई झैं, गोर्खामा 'कैलासकूट' नाम भएको अद्भुत भव्य राजभवनमा विधिपूर्वक दीप, कलश, गणेशको पूजा गरि श्रीरामसाहलाई सिंहासनमा वसाले र पञ्च प्रधान आदि सहित पुरोहितहरुले अभिषेक गरे ॥२॥

प्रोवाचेहि स लब्ध-राज-तिलकः शल्यायनं शैशव-
माजन्मं महिषाऽर्दिनी-विलसितं मात्रा समं नीतवान् ।
आयातो नवरात्र-सप्तम तिथौ तत्रत्य-राज्ञी-वना-
दानीतां प्रथमं समस्पृशमहं यत् फुल्ल-पत्रीं शुभाम् ॥३॥

राजतिलक पाएका रामसाहले भन्नु भयोः—महिषासुरमर्दिनी भगवतीले शोभित भएको सल्यानमा मैले जन्मै देखि मुमासित बाल्यावस्था बिताएं। नवरात्रको सप्तमीमा यहाँ आएर पहिले सल्यानको रानीवनबाट ल्याएको फूलपाती पर्छे ॥३॥

गोरक्षे निज-तात-पाद-विषये द्वाभ्यामहोभ्यां बुधा !
अद्य श्रीमहिषार्दिनी-करुणया राज्याभिषेकश्च मे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जातो ऽदःस्मृतये चिरं नृपतिभिः शल्यायनादाहृता
स्पृश्या प्राग् बहिरेत्य भूप-भवनादत्रोद्भवाऽर्वागिति ॥४॥

हे विद्वान् हो ! श्रीमहिषासुरमर्दिनी भगवतीका करुणाले दुई दिन वीते पछि आज दशमीका दिन आफ्ना पिताको राज्य गोर्खामा मेरो राज्याभिषेक पनि भयो। त्यस कारण यो कुराको चिरस्मृतिका निमित्त राजाहरुले सल्यान (रानीवन) वाट ल्याएको फूलपाती पहिले राजाभवन भित्र स्पर्श गरेर यहाँ को (गोर्खाको) त्यसपछि राजभवन बाहिर निस्केर फुलपाती पर्छिनु ॥४॥

तत्रैतत्स्मृतयेऽधुनापि शरदि श्रद्धालवो भूभुजः
प्रत्यब्दं नव-रात्र-सप्तम-तिथौ शल्यायनादाहृताम् ।
स्पृष्ट्वाऽन्तः प्रथमम्प्रवेश्य भवने तां फुल्लपत्रीमतः
पश्चादेत्य वहिः स्पृशन्ति भवनाद् गोरक्ष-देशोद्भवाम् ॥५॥

त्यसकारण त्याँहा सो स्मृतिका निमित्त आज भोली पनि श्रद्धालु राजा हरुले प्रत्येकवर्ष शरत्कालिक नवरात्रको सप्तमीमा (सल्यानको) रानीवनवाट ल्याईएको फुलपाती लाई राजभवन भित्र लगेर पहिले पर्छिन्छन् गोर्खाको फुलपाती लाई राजभवन वाट वाहिर आएर पछि पर्छिन्छन् ॥५॥

गोरक्षाऽधिपतां गते सुचरिते श्रीरामसाहे तदा
सैन्या वीर-वराः प्रसन्नमनसः शुद्धान्त-नारी-जनाः ।
सानन्दाः सचिवा बभूवुरखिलाः स्मेराननाश्च प्रजा
मुख्याः पञ्चजनाश्च पट्-स्थल-मुखास्तद्-भारधारास्तथा ॥६॥

राम्रो चरित्र भएका श्रीरामसाह गोर्खाका राजा भए पछि सैन्यहरु झन् वीर भए, अन्तःपुरका नारीहरु प्रसन्न मन भएका भए, मुख्य, पञ्च, मन्त्रीहरु छ थर आदि वहाँका भारधारहरु र सबै प्रजाहरु पनि आनन्दित हँसिलो मुख भएका भए ॥६॥

राजन्वत्यभवद् रसा रसवती पूर्णा च पुष्पैः फलैः
सस्यैरीति-विवर्जिताऽच्छ-सलिला नद्यः स्वपात्रेऽवहन् ।
पूर्वाच्चाऽधिक-दुग्ध-दाः समभवन् पुष्टाऽऽत्मजा धेनवो-
भूपे भक्तिजुषो जनाः प्रतिदिनं देशोदयोद्योगिनः ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अँघी भन्दा कुशल राजा भएकी पृथिवी, अतिवृष्टि, अनावृष्टि आदि ले रहित, फल, फुल, वालीले सुशोभित एवं रसले परिपूर्ण भईन्। निर्मल पानी भएकी नदीहरु आफ्नो वाटामा वहन्थिन्। वाछा-वाछी पुष्ट भएकी गाईहरुले धेरै दुध दिन थालिन्। राजामा भक्ति भएका लोकहरुले प्रति दिन राज्यको उन्नति गर्ने उद्योग गर्न थाले ॥७॥

धेनूनामवनात् प्रसन्न-हृदयो गोरक्षनाथः शिवः
साक्षाद्भूय समीहितं वरमदात् प्राग्द्रव्यसाहाय यत्।
तन्माहात्म्य-विवृद्ध-बुद्धि-विभवे श्रीरामसाहे नृपे
गोरक्षे विरराम भद्र-महिते दुष्टोऽपि दुश्चिन्तनात् ॥८॥

अँघी गाईको सेवा गर्नाले प्रसन्न भएका शिव गोरखनाथले साक्षात् प्रकट भएर जुन इच्छा लागेको वर दिनुभएको थियो, त्यही वरका प्रभावले बुद्धि वैभव बढ़ेका रामसाह राजा भए पछि मङ्गलै मङ्गल भएको गोर्खामा दुष्टले पनि अनिष्ट चिताउन छोड्यो ॥८॥

कन्यां मार्गयितुं कियत्यतिगते कालेऽथ भूपाऽऽज्ञया
आकन्दं गलकूटमाप्तपुरुषाः केचिच्चतुर्त्रिंशतिम् ॥
गच्छन्तोऽसित-गण्डकी-विलसिते राज्ये कियद्भिर्दिनैः
प्रापुः पर्वत-भूपतेः प्रतिनृपं संवीक्षमाणाः सुताः ॥९॥

केही समय वीते पछि राजाको आज्ञाले कन्या खोज्न भनी खटिएका केही आप्त पुरुषहरु प्रत्येक राजाका छोरीहरुलाई हेर्दै मकवानपुर, गल· कोट, चौविसी, पाल्पा हुँदै केही दिनमा काली गण्डकीले शोभित भएको पर्वते राज्यमा पुगे ॥९॥

स्निग्धामिन्दु-मुखीं सरोज-नयनां तत्रप्रवालाऽधरां
योग्यां भूपतये विविच्य महिषीं ते राजमल्लाऽऽत्मजाम्।
सन्देशं प्रददुः प्रवीण-मतयो राज्ञे-ऽस्ति सर्वोत्तमा
पुत्री पर्वत-भूपतेरिति ततः पत्रेण देशे निजे ॥१०॥

त्यहाँ तिनीहरुले मझाइलो शरीर, चन्द्रमा जस्तो मुख, कमल जस्ता नेत्र, पालुवा जस्ता अधर भएकी राजमल्लकी छोरीलाई राजाका निमित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रानी हुन योग्य ठहराएर "पर्वते राजाकी छोरी सर्वोत्तमा कन्या छन्" भन्ने त्यहाँबाट पत्रद्वारा आफ्नो देशमा राजालाई समाचार पठाए ॥१०॥

तत्पत्रादवगत्य वेद्यमखिलं श्रीरामसाहोऽपि तान्
प्रत्यूचे स भवद्भिरेव जनको याच्यः समर्था यदि ।
कन्यां तां ललितां, न चेदहमितः सम्प्रेषयामीतरान्
पत्रेणेति तदाज्ञया निरणयन् राज्ञो विवाहाय ते ॥११॥

त्यसपछि श्रीरामसाहले पनि त्यस पत्रबाट बुझ्नु पर्ने सबै कुरा बुझेर "यदि शक्नु हुन्छ भने सुन्दरी तिनी कन्यालाई तपाञोहरुलेनै बाउसंग माग्नुहोस्, शक्नु हुन्न भने मैले यहाँ बाट अरुलाई पठाउँ छु" भन्ने पत्र बाट उत्तर दिनु भयो। सोहि आज्ञानुसार उनीहरूले राजाको विवाह गर्ने निधो गरे ॥११॥

गोरक्षे कतिचिन्निधाय नृपती राज्यं ततो रक्षितुं
सैन्यानन्यभटैरगाद् गिरि-वन-स्रोतस्वतीलंङ्घयन् ।
उद्वाहाय बधू पिताऽद्रि-नृपतिस्तं राजमल्लाऽभिधः
शास्त्रोक्तेन न सच्चकार विधिना श्रीरामसाहं वरम् ॥१२॥

त्यसपछि राजा श्रीरामसाह राज्यको रक्षा गर्नका निमित्त केही सैन्य लाई गोर्खामा राखेर विवाह गर्न भनी अरु सैन्यका साथ पर्वत, वन, नदी हरूलाई पार गर्दै जानु भयो। दुलहीका पिता पर्वते राजा राजमल्लले दुलहा श्रीरामसाहको शास्त्रोक्त विधिले सत्कार गरेनन् ॥१२॥

बालाऽऽदित्य-निभाऽऽननो विमलधीर्मन्योरवज्ञां विदन्
नाहं गर्व-भरस्य ते तनु-भवामुद्वाहयाम्युद्धत ! ।
इत्युक्त्वा स विहाय तां गुणवतीमप्युत्तमां कन्यका-
माढ्यो मानधनस्ततो निववृते श्रीरामसाहो नृपः ॥१३॥

अपमान संझेर क्रोधले बालक सूर्यका जस्तो कान्ति, लाल आंखा भएका, धनी, मानलाईनै ठूलो धन संझने वहाँ श्रीरामसाहले हे उद्धत ! अहङ्कारी तेरी छोरीलाई मैले विवाह गर्दिन भनेर उत्तमा गुणवती थिईन् ता पनि तिनी कन्यालाई छोडेर त्यहाँबाट फर्कनु भयो ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रावोचत् पथि तं समाल-कुल-जः पूर्वं जगन्नाथतो
भक्त्या लब्ध-वरः समृद्ध-विभवो विद्वान् सतामग्रणीः ।
श्रीनारायणमल्ल उज्ज्वल-मतिर्गोर्ख-वृत्तान्त-वित्
स-श्रद्धं गलकूट-भूपतिरिति श्रीरामसाहं नृपम् ॥१४॥

वाटामा वहाँ राजा श्रीरामसाहलाई समाल कुलमा पैदा भएका भक्ति द्वारा अँघि जगन्नाथवाट वरदान पाएका ठूलो ऐश्वर्य भएका विद्वान् सज्जन हरुमा श्रेष्ठ, उज्ज्वल बुद्धि भएका गोर्खाको वृत्तान्त थाहा पाएका गलकोट का राजा श्रीनारायणमल्लले श्रद्धापूर्वक यस प्रकार भन्नु भयो ॥१४॥

मूषीकूट-महीभुजे मम सुता दत्ता मयाऽऽसीत् पुरा
दौहित्रीं मम तत्सुतां मदर्चितां हृद्यामिवाऽन्यां रमाम् ।
कान्तां शीलवतीं ददामि भवते कुन्दाऽग्र-दन्तामतः
प्रासादं मम रोचते यदि मया हिण्डस्व रामाऽधुना ॥१५॥

अँघि मैले मेरी छोरीलाई मूषीकोट्का राजालाई दिएको थिएँ । उन की छोरी मैले पालेकी हृदयकी प्यारी, राम्रो शील कुन्द फूलको टुप्पा जस्ता दाँत भएकी, दोस्री लक्ष्मी जस्ती मेरी नातिनी हजुरलाई टक्र्याउँछु । त्यस कारण यदि मन लाग्छ भने हे राम ! म संग ऐले मेरो घर हिंड्नुहोस् ॥१५॥

अङ्गीकृत्य तदीरितं स्मितमुखः श्रीरामसाहस्ततः
प्रासादं गलकूटदेश-नृपतेः प्रेमार्द्र-चित्तो ययौ ।
श्रीनारायणमल्ल-जा-तनुभवामुद्वाह्य कन्योत्तमां
तत्रैवाऽगमयद्दिनानि कतिचित् स्नेहेन सम्मानितः ॥१६॥

हँसिलो वदन भएका प्रेमले मन पग्लेका वहाँ श्रीरामसाहले हुन्छ भनेर त्यहाँवाट गलकोट्का राजाको भवनमा-जानु भयो । कन्याहरूमा उत्तमा श्रीनारायणमल्ल की छोरीकी छोरी नातिनी विवाह गरेर स्नेहले संमानित भइ केहिदिन उहिनै विताउनु भयो ॥१६॥

तं नारायणमल्ल-भूपतिरिति प्रोवाच लब्धो वरः
श्रीद्रव्येण पितामहेन भवतो गोरक्षनाथात्पुरा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गो-सेवा-व्रत-तोषितादिति "भवेत् संस्थापकः सुस्थिते-
स्त्वद्वंश्यस्तपसां विधिः प्रथयिता स प्राज्य-राज्यं भुवि ॥१७॥

राजा नारायणमल्लले वहाँ रामसाहलाई यस प्रकार भन्नु भयो–हजुरका बाजे श्रीद्रव्यसाहले गो-सेवाव्रतवाट संतुष्ट भएका गोरखनाथ वाट "तपस्वी तिम्रा संतान राम्रो स्थिति वसाल्ने हुने छन् उनले पृथिवीमा राज्य फैलाउने छन्" भन्ने वर पाउनु भएको हो ॥१७॥

तत्सर्वं मनसाऽवधार्य तपसे तस्मान्मनो योज्यतां
जामातर्भवता विधेयमवनौ वर्वर्ति कृत्यं बहु ।
इत्युक्तः श्वशुरेण सूक्ष्म-मतिना श्रीरामसाहोऽवदत्
कार्यं तत्कथमग्रणीर्मतिमतां मां शाधितद्विस्तरात् ॥१८॥

जुवाईंज्यू ! त्यसकारण तिनी सव कुरालाई मनले सोचेर तपस्या गर्न मन लगाउनु होस् । पृथिवीतलमा हजुरले गर्नु पर्ने काम धेरै छन् । सूक्ष्म-बुद्धि भएका शशुराले यस प्रकार भनिएका रामसाहले हे बुद्धिमान् हरुमा श्रेष्ठ ! त्यो काम कसरि गर्ने हो, त्यसकारण मलाई शिक्षा दिनु होस्" भनेर नम्रतापूर्वक नारायणमल्लाई भन्नु भयो ॥१८॥

जामात्रेति निवेदितो विनयिना नारायणस्तं जगौ
दोला नाऽस्ति निवर्तिता तदधुना वध्वाऽनया नूतनया ।
प्रासादं निजमीहि पत्रमनया रीत्या विधेयं तप-
श्चेत्येतत्सकलं विमृश्य मनसा पश्चात् प्रहेष्यामि ते ॥१९॥

यस प्रकार ज्वाईंले निवेदन गरिएका नारायणमल्लले वहाँ श्री रामसाहलाई भन्नु भयो डोला अन्माइएको छैन, अतः अहिले यिनी नयाँ दुलहीका साथ आफ्नो भवनमा पाल्नु होस् । यस तरिकाले तपस्या गर्नु पर्छ" भन्ने सवै कुरा मनले सोचेर तपाईंलाई पछि पत्र पठाउनेछु १९

अस्त्वेवं समुदीर्य मङ्गलमयं पाठं पठद्भिर्द्विजै-
र्दत्ताशीः स-वधूक आप्त-पुरुषै रामस्ततः प्रस्थितः ।
मार्गे कोकिल-कूजिताऽतिमहिताः पुष्प्यल्लतागुल्मिनी-
र्गुञ्जद् भृङ्ग-सरोज-शोभि-सरसीः केकाकुवो बर्हिणः ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणहरुले मङ्गल पाठ पढ्दै आशीर्वाद दिइएका दुलहीले सहित भएका रामसाह हवोस् भनि आफ्ना मानिसहरु सङ्ग वाहाँ (गलकोट) वाट प्रस्थान गरी वाटामा कोइलीका शब्दले अति मनोहर, फुल फुलेका लताले युक्त भएका झाङ्, गुन् गुन् गर्ने भँवरा भएका कमलले शोभित पोखरी, वाशी रहेका प्वाँख फैलाएका मुजुर,-॥२०॥

नीलाश्म-द्युति-शाद्वलानभुवन् स व्याघ्रलुङ्गाभिधं
पाङ्गं वाङ्ङ-संज्ञकञ्च कुसुमां पाङ्दूर-दुर्गं ततः ।
कास्कीं पुस्करिर्णीं विलोल-नयनो दृश्यानि कौतूहली
पश्यल्लँम्बयुगं क्रमात् क्षितिधरान् कुन्छाऽभिधं लङ्घयन् २१

नीलमणिको जस्तो कान्ति भएका हरिया घाँसले पूर्ण भएका प्रदेशहरुको अनुभव गर्दै कुतूहल साथ चञ्चलनेत्र गराइ दृश्यहरु हेर्दै क्रमशः वाग्लुङ्, पाङ्ग, व.जुङ्, कुसुमा पाङ्दुर, कास्की, पोखरा, लंजुङ् कुन्छा पार गर्दै ॥२१॥

कृष्णां विश्रुत-गण्डकीमघ-हरां मोदीं तथा पार्वतीं
शुक्लाऽऽख्यामपि गण्डकीं च विजयां स्रोतस्वतीर्निर्मलाः ।
मार्त्हेन्द्रीमपि तत्र तत्र स-रयाः सर्वा हिमालोद्भवा
मात्स्येन्द्रीं प्रपितामहीस्मृति-करीं चम्पावतीं विश्रुताम् ॥२२॥

ठाउँ ठाउँमा प्रसिद्ध कृष्णगण्डकी मोदी, पार्वती, सेती गण्डकी विजया, मादी, मर्स्याङ्दी, प्रपितामही (बुढी बजै) को स्मरण गराउने प्रसिद्ध चेपे, पापको नाश गर्ने सङ्ला हिमालयवाट निक्लेकी वेग भएकी सव नदीहरु ॥२२॥

एवं स क्रमशो दिनैः कतिपयैर्धर्मावतीं तीर्णवान् ।
प्रासादं समुपागमत् प्रमुदितो राजा प्रजा-रञ्जनः ॥
साष्टाङ्गं प्रणिपत्य तत्र जननी-पादाम्बुजे भार्यया
गोरक्षेश्वर-कालिका-चरणयोः पूजां व्यधाद् भक्तिमान् ॥२३॥

यस प्रकार क्रमशः केहि दिनमा धर्मावती तरी प्रजारञ्जन गर्ने राजा राजभवनमा आइ पुग्नु भयो त्यहाँ मुमाका चरण कमलमा रानी सहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भई साष्टाङ्ग दण्डवत् प्रणाम गरी भक्तियुक्त भई गोरखनाथ, एवं कालिका का पाउ (चरण पादुका) मा पूजा गर्नु भयो ॥२३॥

गोरक्षेऽर्चित मुक्तिनाथ-चरणः प्राप्नोत्तपस्वी द्विजो–
नन्दामिश्र उपासितुं पशुपतिं नेपालमेतुं ततः ।
रामं तं नृपमिन्दु-कान्तिरवदत् स्वप्नेऽथ कन्योत्तमा
-दीक्षां स्वीकुरु तद्द्विजान्नृप-वर ! स्वस्तीहसे चेदिति ॥२४॥

त्यस पछि "नन्दामिश्र" नाम भएका कुनै तपस्वी ब्राह्मण मुक्तिनाथ भगवानको पूजागरेर पशुपतिको दर्शन गर्न नेपाल जान भनी 'गोर्खा' आए का थिए, अनि त्यसै समयमा सपनामा "हे राजन् ! कल्याण चाहन्छौ भने तिनी ब्राह्मणबाट दीक्षा लेउ" भनेर चन्द्रमाको जस्तो कान्ति भएकी कन्याले राजालाई भनिन् ॥२४॥

यत्राऽऽसीनमदीदृशद् द्विज-वरं पद्माऽऽनना कन्यका
तत्राऽसौ नृपतिः प्रसन्न-हृदयः प्रातः प्रबुद्धो ययौ ।
साष्टाङ्गम्प्रणिपत्य तं द्विजवरं स्वप्ने च कन्योदितं
स-श्रद्धं स निवेद्य दीक्षण-विधौ प्रार्थीथपत् साञ्जलिः ॥२५॥

कमल जस्तो मुख भएकी कन्याले राजालाई ब्राह्मण जउन ठाऊँमा छन् भनेकी थिइन्, राजा प्रातःकालमा जागेर प्रसन्न मन भएर त्यही ठाउँमा गए । ती "नन्दामिश्र" ब्राह्मणलाई साष्टाङ्ग प्रणाम गरी सपनामा कन्याले भनेको कुरा बताई अञ्जलि बाँधेर दीक्षाको विषयमा प्रार्थना गरे ॥२५॥

श्रुत्वा तद्वचनं जगाविति नृपं श्रीरामसाहं द्विजः
सत्पात्रं निपुणं विविच्य कतिभिर्भक्ताय देया दिनैः ।
दीक्षेत्यागम-वेदिनामनुमतिर्न त्वामहं वेद्म्यतः
सद्यो न प्रददामि ते क्षिति-पते ! दीक्षां विमर्शो विना ॥२६॥

ब्राह्मणले उनको कुरा सुनेर राजा श्रीरामसाहलाई भनेः—केहि दिन सम्म राम्ररी सत्पात्रको परीक्षा गरेर भक्तलाई दीक्षा दिनू भन्ने शास्त्रजहरु को मत छ । तपाञिलाई मैले जानेको छैन । त्यसकारण हे राजन् ! विचार नगरिकन तपाञिलाई झट्ट दीक्षा दिदैन ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वप्नेऽथ द्विजमप्यवोचदिति तं कन्या स्मिता दीक्षय
सत्पात्रं द्विजवर्य ! वीक्ष्य नितरां श्रीरामसाहं नृपम् ।
तस्यास्तद्वचनं निशम्य नृपतिं श्रीरामसाहं द्विजो-
गोरक्षेश्वर-कालिका-प्रणयिनं ज्ञात्वा मुदाऽदीक्षयत् ॥२७॥

यस पछि ब्राह्मणलाई पनि सपनामा हँसिली कन्याले "हे उत्तम ब्राह्मण ! राजा रामसाहलाई अत्यन्त सत्पात्र जानेर दीक्षा दिनु होस्" भनिन् । ब्राह्मणले तिन्को त्यो कुरा सुनेर राजा रामसाहलाई गोरखनाथ र कालिकाका प्यारा ठहराएर दीक्षा दिए ॥२७॥

स्वप्ने कन्यकयोदितं समवयँस्तल्लब्ध-दीक्षो गुरुं
हृष्टान्तः पुलकाञ्चितः स्मित-मुखो हस्तौ समानीय तम् ।
राजा वासयितुं न्यवीविददसौ राज्ये स्वकीये ततो
राज्ञः सन्ततमीहमान उदयं विप्रोऽपि तत्राऽवसत् ॥२८॥

ब्राह्मणबाट दीक्षा पाएका, प्रसन्न मन भएका, रोमाञ्चित एवं हँसिलो मुख भएका ती राजा रामसाहले सपनामा कन्याले भनेको कुरा संझी हाथ जोडेर तिनी ब्राह्मणलाई आफ्नो राज्यमा वस्न श्रद्धा पूर्वक निवेदन गर्नु भयो । ब्राह्मण पनि सदा राजाको उदयको कामना गर्दै त्यहीं वसे ॥२८॥

श्रीनारायणमल्ल-भूपतिरथ श्रीरामसाहं जगौ
पत्रेणेति पुरा मया निगदितां वाचं स्मरन् सम्प्रति ।
जामातस्त्वमिहेहि कैश्चिदपरैरज्ञेय-रूपं श्रयन्
योगीवोपवनेऽत्र कैश्चिदपरैरज्ञेय-रूपोऽस्म्यहम् ॥२९॥

यसपछि श्रीनारायणमल्लले पत्र द्वारा श्रीरामसाहलाई भन्नु भयोः-
हे ज्वाईं राजा ! अघि मैले भनेको कुरा संझेर कसैले चिन्न नसक्ने रूप बनाई तपाईं तुरुन्त यहाँ आउनु होस् । म यहाँ कसैले चिन्न न सक्नेरूप बनाई योगी झैं उपवनमा छु ॥२९॥

पत्रं प्राप्य रहस्यमाप्त-पुरुषानुक्त्वा स काँश्चिन्नृप-
स्तेभ्यो राज्य-धुरां समर्प्य कियते कालाय मल्लोदितम् ।
सङ्केत-स्थलमव्रजत्तत इमौ नत्वा मिथः श्रद्धया
स-स्नेहं कुशलं नृपौ प्रमुदितौ पृष्ट्वा प्रयातौ ततः ॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा रामशाहले चिठी पाएर कतिपय आप्तलाई रहस्य बताइ तिनीहरूलाई केही समयका निमित्त राज्यको भार दिएर नारायणमल्लले सङ्केत गरेको स्थानमा पुगे र हर्षित भएका यिनी दुवै राजा श्रद्धापूर्वक परस्पर प्रणाम गरी प्रेम पूर्वक कुशल प्रश्नका कुराकानी गरी त्यहाँ बाट हिँडे ॥३०॥

गण्डक्याऽसितया नृपौ विलसितं श्रीराम-नारायणौ
रम्यं पर्वत-राज्य-ताकुम-नगं प्रच्छन्नवेषान्वितौ ।
तौ दामोदर-कुण्ड-सन्निधिमितो जित्वेन्द्रियाणीन्द्र-भौ
तेपाते जित-षड्-रिपू तप उभौ तत्र प्रसन्नाऽऽननौ ॥३१॥

राजा रामशाह र नारायणमल्ल कसैले चिन्न न सकिने भएर कृष्णा गण्डकीले शोभित भएका दामोदर कुण्डका नजीक पर्वतराज्यको "ताकुम" पर्वतमा गए। त्यहाँ इन्द्रका जस्तो कान्ति भएका, कामादि छ शत्रुलाई जितेका प्रसन्न मुख भएका दुवैले इन्द्रियहरूलाई जितेर तपस्या गरे ॥३१॥

मासेषु त्रिषु भूपयोरिति तयोर्वीतेषु कन्योत्तमा
स्वप्ने दिव्यवपुश्च पूरुष ऋतौ तस्मिन्नलभ्ये फले ।
दत्त्वा स्नेह-पुरःसरं सुकृतिनौ ! भक्तौ ! तपस्या नृपौ !
भूयाद्वां स-फलेत्युदीर्य जगतो माता पिताऽन्तर्दधौ ॥३२॥

यस प्रकार तीन मैना बीते पछि स्वप्नमा उत्तमा कन्याले र दिव्य-पुरुषले त्यस ऋतुमा न पाइने दुई फल प्रेमपूर्वक दिएर हे पुण्यात्मा भक्त राजा हो ! "तिमी दुवैको तपस्या सफल हवस्" भनेर जगत्का माता पिता अन्तर्धान हुनु भयो ॥३२॥

अन्योऽन्यं तत उत्थितावुषसि तौ श्रीराम-नारायणौ
स्वप्नोदन्तमुदीर्य हृष्ट-हृदयौ लब्ध्वेव हृद्यं वरम् ।
उत्साहं द्विगुणं विधाय तपसि प्रावर्तिषातां ततो-
निद्रां नाऽन्वभवत् तपः कृश-तनू रामः कदाचिन्निशि ॥३३॥

त्यसपछि प्रातःकालमा उठेर ती दुई श्रीरामशाह र नारायणमल्लले परस्पर सपनाको वृत्तान्त बताएर मन लागेको वर पाएझैं प्रसन्न मन गराईं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई गुना उत्साह लिएर तपस्यामा लागे। कुनै रात्रिको समयमा तपस्याले दुर्बल शरीर भएका रामसाहलाई निद्रा लागेन ॥३३॥

निद्रां नाऽनुभवाम्यहं कथमहो ! रात्रावियत्यामपि
वीतायामिति रामसाह-गदितो नारायणस्तं जगौ ;
नाऽऽनन्दं नृपतेः सदाऽनुभवतः शक्नोति दुःखं वपुः
सोढुं धीर ! तपस्वतस्तदुदभूदीदृश्यवस्था तव ॥३४॥

अहो ! धेरै रात वीतदा पनि मलाई किन निद्रा लाग्दैन भनी रामसाहले भनिएका नारायण मल्लले उनलाई भने:— सधै आनन्दमा रहने राजाका शरीरले दुःख सहन शक्तैन। अतः तपस्या गरी रहेका तपाइँको यो अवस्था भएको हो ॥३४॥

राजानं सुखिनं तमेव सुधियः प्राहुः परं यत्प्रजा
ईत्यातङ्क-विवर्जिताः समवनादानन्द-भाजः सदा।
राजानो गणयन्ति नेदृशमतो दुःखं यशःकाङ्क्षिणो-
राजेति प्रथितोऽवनौ च सुमते ! शब्दः प्रजा-रञ्जनात् ॥३५॥

तर विद्वान्हरू त्यस राजालाईनै सुखी भन्दछन्, जस्को संरक्षणबाट प्रजाहरू अतिवृष्टि, अनावृष्टि आदि आतङ्कले रहित भएर सधै आनन्द पाउने हुन्छन्। यसकारण हे सुबुद्धे ! यश चाहने राजाहरू यस्तो दुःखलाई केही गन्दैनन् र पृथिवीमा "राजा" भन्ने शब्द-पनि प्रजाको रञ्जनबाट नै प्रसिद्ध ॥३५॥

रामो दाशरथिर्जगाम विपिनं त्यक्त्वा सुखं राज्य-जं
हत्वा रावणमाहवे विपथगं देवानरक्षीन्मुनीन्।
दीन-त्राण-परायणो निजतनोः पारावतं रक्षितु—
मुत्कृन्तन् सदयः शिविः क्षितिपतिः श्येनाय मांसंददौ ॥३६॥

अँघि दशरथका छोरा रामचन्द्रले राज्यको सुखलाई छोडेर वनमा गइ खराब मार्गमा लागेको रावणलाई मारी देवता र मुनिहरुको रक्षा गर्नुभयो। त्यस्तै दुःखीको रक्षागर्न तत्पर भएका दयालु राजा 'शिवि' ले पनि परेवालाई बचाउनको निमित्त आफ्नो शरीरबाट मासु काटेर बाज पक्षिलाई दिनु भएको थियो ॥३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रक्ष्याः सत्पथ-वर्तिनः सुकृतिनो दण्ड्याश्च ते दुर्जना-
येऽरण्यं ज्वलयन्ति ये च सरणिच्छाया-द-वृक्षच्छिदः ।
अध्वाऽऽराम-विनाशिनो हृत-धियो रुन्धन्ति ये गोचरान्
मार्गे यत्र न सन्ति तत्र तरवो रोप्या नवीना नृपैः ॥३७॥

राम्रो मार्गमा लागेका धर्मात्माहरुको रक्षा गर्न पर्छ । जस्ले वनमा आगो लगाउँछन्, जस्ले वाटामा छाया दिने वृक्ष काटछन् जस्ले वाटो एवं वगैंचा विगार्दछन् र गौचर रोक्दछन् त्यस्ता बुद्धि मरेका दुर्जनहरु लाई दण्ड दिनुपर्छ । जहाँ जहाँ वाटामा वृक्ष छैनन् त्यहाँ त्यहाँ राजाले नयाँ रोप्न लगाउनु पर्छ ॥३७॥

सर्वाङ्गेषु गवां वसन्ति विबुधा ब्रह्मादयस्तत्पयः
सर्पिश्चाऽमर-तृप्ति-दं कलि-मल-ध्वंस्यङ्ग-जातं जलम् ।
प्राहुस्तीर्थ-जलोपमं सुकृतिनः शालाञ्च तीर्थोपमां
रेणुं पूतमघाऽपहं खुर-हतं ताः सेवनीया अतः ॥३८॥

गाईका सबै अङ्गमा ब्रह्मादि देवता वस्छन् । गाईको दूध र घिउ देवतालाई तृप्ति दिने, गोमूत्र पाप नाशगर्ने, तीर्थजल समान र गोठ तीर्थ समान र खुरले टेकिएको धूलो पवित्र पापको नाश गर्ने हुन्छ, भनेर शास्त्र जान्नेहरू भन्द छन् । अतः गाईको सेवा गर्नु पर्छ ॥३८॥

इक्ष्वाकु-प्रभवो दिलीप-नृपतिः संसेव्य गां नन्दिनीं
तस्या लब्धवरो रघुं गुणनिधिं लब्ध्वा सुतं सन्मतम् ।
भुक्त्वा सागर-मेखलां वसुमतीमिष्ट्वाऽश्व-मेधैः सुरान्
कीर्त्युद्भासित-दिङ्-मुखो दिवमगाद् राज्ये निधायात्मजम् ३९

'नन्दिनी' गाईको सेवागर्नाले वर पाएका 'इक्ष्वाकु' वंशका राजा दिलीप सज्जनहरूले मानिएका गुणवान् छोरा रघुलाई पाएर समुद्र पर्यन्त पृथिवीमा राज्यगरी अश्वमेध यज्ञ गरी, कीर्तिले सबै दिशा उज्याला पारी राज्यमा आफ्ना छोरा 'रघु' लाई राखेर स्वर्गमा गए ॥३९॥

धेनूनामवनात् प्रसन्नमनसो गोरक्षनाथाद् हराद्-
राज्यं प्राप पितामहस्तव पुरा श्रीद्रव्यसाहः सुधीः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गो-सेवाव्रतमुत्तमं भुवि दिशन् विष्णुर्ययौ गोपतां
गोरक्षत्वमपीन्दु-मौलिरगमत् किं वर्णयामाऽधिकम् ॥४०॥

अँघि गाईको सेवा गर्नाले प्रसन्न भएका गोरखनाथ शिवजीबाट वर पाएका तपाञिका बाजे द्रव्यसाहले राज्य पाउनु भयो। गोसेवा व्रत अत्यन्त उत्तमछ भन्ने कुरा पृथिवीमा बताउँदै विष्णु गोपाल बन्नु भयो, त्यस्तै शिवजी पनि गोरक्षनाथ हुनु भयो अधिक वर्णन कति गरौं ॥४०।

कार्या सङ्गतिरुत्तमैः प्रतिदिनं श्रेयस्करी सा मता
वाल्मीकिर्मृगया-परोऽपि भवतः पारं ययौ सङ्गतेः ।
सार्धं प्राक् कमलाऽऽसनस्य तनुजैर्दासी-सुतो नारदो-
रामो रावणमुग्रवीर्यमवधीत् सुग्रीव-मुख्यैर्युधि ॥४१॥

प्रतिदिन श्रेष्ठ पुरुष सँग संगत गर्नाले कल्याण हुन्छ। मृगया सक्त बाल्मीकि र दासीका छोरा नारद ब्रह्माका छोरा सनकादि संग संगति गर्नाले संसार देखि पारभए, त्यस्तै रामले पनि सुग्रीव आदि संग संगत गर्नाले युद्धमा ठूलो पराक्रम भएको रावणलाई मार्नु भयो ॥४१॥

इत्याद्यान् विविधान् मनोहरतरान् दिव्योपदेशान्निशि
श्रीनारायणमल्ल उज्ज्वलमतिः श्रीरामसाहेन सः ।
संश्राव्यातिमुदाऽन्विते नृपवरे श्रीरामसाहे च तौ
संविश्योषसि पूर्ववद् विदधतौ कृत्यं तपस्तेपतुः ॥४२॥

रातीमा श्री नारायणमल्लको इत्यादि अनेक मनोहर दिव्योपदेश श्री रामसाहलाई सुनाएर रामसाह हर्षित भए पछि ती दुवै सुते। अनि पहिले झैं प्रातःकालमा उठेर तपस्या गर्नलागे ॥४२॥

गोरक्षे च तदैव लक्ष्मण इति प्राप्तोऽवचेतुं दलं
स्थापावंश-समुद्भवः सुनियतिर्वक्राङ्ग-संज्ञे नगे ।
वीक्ष्योपर्युपरि क्रमात् कल-दलं कूजद्-विहङ्ग-स्तुतं
शान्तं निर्भय-चारिसत्वमहितं कूटं तदद्रेर्ययौ ॥४३॥

उसै समयमा गोर्खामा पनि थापा बंशमा उत्पन्न भएका भाग्यशाली लक्ष्मण (लखन थापा) पात टिपन वक्राङ् पर्वतमा गएर क्रमशः माथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि राम्रा पात देखेर वाशने पक्षिहरुले सुन्दर, शान्त, बिना डर घुमने भएका प्राणीहरूले शोभित भएको त्यस पर्वत कोटाकुरामा गए ।।४३।।

तत्र स्फाटिक-कुण्डले श्रवणयोर्भोगि-भ्रमं द्योतयत्
कालोर्णाविहितोपवीतमतुलं सव्यांसतो बिभ्रतम् ।
पूर्णेन्दु-प्रतिमाऽऽननं स्वमभितो विद्योतयन्तं त्विषा
कान्तं दीर्घ-भुजं विशाल-नयनं भाले तृतीयाम्बकम् ।।४४।।

त्यहाँ कानमा स्फटिकका कुण्डल लगाएका, वायाँ काँधवाट हालेका सर्प हो कि भने जस्तो काला उनका अति रमणीय शिवसूत्र (नादसूत्र) पहिरेका पूर्ण चन्द्रमाको जस्तो मुख भएका, तेजले आफ्नो चारै तर्फ प्रकाशित गराउने भएका सुन्दर, लामा बाहु, विशाल आँखा भएका, भालमा तेस्रो शिवनेत्रले चिन्हित भएका ।।४४।।

विभ्राणं तिलकं गले चल-हरिं संनद्ध-पद्मासनं
योगीन्द्रं स विलोक्य हर्ष-जलधौ मज्जन्नमुं लक्ष्मणः ।।
सश्रद्धं प्रणिपत्य साञ्जलि-पुटो दीक्षां ग्रहीतुं गुरो-
र्नम्रः शिष्य इव स्मित-द्युति-लसद्-योगीश्वराऽग्रे ऽवसत् ।।४५।।

घाँटीमा चली रहेको सर्प र भालमा तिलक धारण गरेका पद्मासन बाँधिका योगीन्द्रलाई देखेर लक्ष्मण थापा हर्षरूपी समुद्रमा डुबे र अञ्जलि बाँधी श्रद्धा पूर्वक प्रणाम गरेर गुरुवाट दीक्षा लीनका निमित्त शिष्य झैं नम्र भएर अलि-अलि हाँसनाले सुन्दर भएका योगीका अगाड़ि बसे ।।४५।।

मण्डूकीमथ वोल्लयन्नभयकृन्नादेन शृङ्गी-भुवा
योगी तेन च दोहयन् स्नुतवतीं सम्पादयन् पायसम् ।
तं संस्थाप्य पुरः प्रहृष्ट-हृदयं पद्मासनेनाऽग्रतो
योगाद्योचित-शक्तिपात-विधिना सोऽदीक्षयल्लक्ष्मणम् ।।४६।।

त्यस पछि अभय गर्ने ती योगीले शृङ्गीनाद द्वारा मण्डूकी लाइ बोलाइ पग्रेकी उनीलाइ लक्ष्मण थापा द्वारा दुहुन लगाइ, खीर बनाउन लगाउनु भयोर हर्षित भएका उनलाइ पद्मासनले अगाड़ी राखेर योगको आरम्ममा उपयुक्त शक्तिपात विधिले दीक्षा दिनू भयो ।।४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टाङ्गं स-रहस्य-योगमखिलं संशिक्ष्य तस्मिन् क्षणे
वारान् केवल-कुम्भकेन स मुनिः सैकामशीतिं क्रमात् ।
ऊर्ध्वायाश्च निपातनेन तमधः-शक्तेः समाकुञ्चना-
न्मध्याया अवबोधनेन शनकैः शिष्यं प्रियं लक्ष्मणम् ॥४७॥

शक्तिं कुण्डलिनीं प्रबोध्य शनकैश्चक्राणि षट् च क्रमा-
दाधार-क्रमतो विभेद्य मनसा जीवं समं वायुना ।
मेरोर्मध्य-गतेन सन्मणि-निभं कान्तं सुषुम्णाऽध्वना
सम्प्रापय्य सहस्र-पत्र-कमलं निर्लेपमध्यासिते ॥४८॥

आनन्दैक-रसे प्रकाश-महिते योगी पर-ब्रह्मणि
संमेल्य क्रमशोऽवतार्य च पथा तेनैव सिद्धं व्यधात् ।
निद्राया इव जागरामुपगतो योग-प्रभावोज्ज्वलो
वीताऽनागत-वर्तमान-विषय-ज्ञाताऽभवल्लक्ष्मणः ॥४९॥

तत्कालमा रहस्य सहित सम्पूर्ण अष्टाङ्ग योग राम्ररी सिकाएर, केवल कुम्भक द्वारा शनैः शनैः ऊर्ध्व शक्तिको निपात, अधः शक्तिको आकुञ्चन, मध्य शक्तिको प्रबोध, गराई, कुण्डलिनी शक्ति जगाई, क्रमशः शनैः शनैः आधार क्रमले ६ चक्र भेदन गराई, सुमेरुदण्डका माझका सुषुम्णाका बाटाबाट निर्लेप सहस्र दल कमलमा रहेका आनन्द रसमय प्रकाशमान महामहिम परब्रह्ममा योग जान्ने वहाँ मुनिले पवन वायु सहित जीवात्मा-लाई ८१ पटक पुऱ्या उन लगाई क्रमैले त्यही बाटाबाट ओराल्न लगाई ती प्यारा शिष्य लक्ष्मण थापालाई सिद्ध बनाउनु भयो र योगका प्रभावले उज्ज्वल भएका लक्ष्मण थापा नीदबाट जागे झैँ भूत (बिती सकेका) भविष्यत् (पछि हुने) वर्तमान (भइ रहेका) विषय जान्ने भए ॥४७-४८-४९॥

दिव्या दृष्टिरभूत् त्रिकाल-विषया दिष्ट्या ! त्वदीयाऽधुना
वत्साऽश्नान तदेति योगि-गदिते सम्पादितं पायसम् ।
भुक्त्वाऽऽचम्य जलं वसत्यभिमुखं बद्धाञ्जलौ लक्ष्मणे
मण्डूकीं किममुं च मां त्वमधुना वेत्सीत्यपृच्छन्मुनिः ॥५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हर्षको कुरा छ तिम्रो तीनकालका विषय थाह पाउन सक्ने दिव्य दृष्टि भयो, बाबु ! अब खाऊ" भनि त्यो समयमा योगीले भन्नु भयो र बनाइएको खीर खाइ जल आचमन गरी लक्ष्मण थापा अगाडीमा अञ्जलि बाँधी बसे पछि, अब तिमीले यिनी मण्डूकी लाई र मलाई चिन्दछौ ? भनि मुनि (गोरखनाथ) ले सोध्नु भयो ॥५०॥

मण्डूकीं जगदादि-शक्तिमनघां श्रीमत्प्रभावाऽऽगतां
विश्वोत्पत्यवनाऽन्त-हेतुममलं गोरक्षनाथं शिवम् ।
लीला-स्वीकृत-योगि-रूपमधुना जानाम्यहं त्वामिति
प्रत्यूचे स ततः पुनस्तमवदद् गोरक्षनाथः शिवः ॥५१॥

"मण्डूकी तपाइँका प्रभावले आएकी संसारको उत्पत्ति,पालन, संहारमा कारण भएकी निर्मल जगत्की आद्य शक्ति हुनु हुन्छ भन्ने र तपाइँ लीलाले योगीको रूप धारण गर्नु भएका संसारको उत्पत्ति पालन, संहार कर्ता विमल गोरखनाथ शिवजी हुनु हुन्छ भन्ने ऐले चिने" भनेर उनले उत्तर दिए त्यसपछि उनलाई गोरखनाथ शिवजीले फेरी भन्नु भयो ५१

दिव्या शक्तिरियं तवाऽमल-मते दृष्टिश्च योगस्त्रयः
स्थैर्यं यान्त्विति पायसं सुविहितं त्वां भोजितं लक्ष्मण !
शक्तिः साऽहमपि त्वया परिचितौ योगान्मदङ्गी-कृता-
दार्याऽनुग्रह-दुष्ट-निग्रह-विधौ जातोऽसि सिद्धः क्षमः ॥५२॥

"स्वच्छ बुद्धि भएका हे लक्ष्मण ! तिम्रा दिव्य शक्ति, दिव्य दृष्टि, र योग यो तीन स्थिर रहुन् भन्ने विचारले तिमीलाइ विधिपूर्वक तयार गरेको खीर भोजन गराएँ, मबाट सिकेका योगद्वारा तिमीले ती शक्तिलाई र मलाई पनि, चिन्यौ, सज्जनको रक्षा दुर्जनको दलन गर्न समर्थ सिद्ध भयौ ॥ ५२ ॥

मातुर्लम्बयुगेऽनुसृत्य वचनं धेनूः स-वत्साः पुरा
स-श्रद्धं निवसन् व्रजे प्रति-दिनं श्रीद्रव्यसाहोऽभजत् ।
तस्मै प्रीत-मना अतो वरमदां गोरक्ष-देशाऽधिपो
भूया इत्यधुनाऽस्ति ताकुम-नगे रामस्तपस्यन् नृपः ॥५३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अँधी लंजुङ्मा आमाका वचनको अनुसरण गरी श्रीद्रव्यसाहले गोठमा वसेर प्रतिदिन वाछा वाछी गाईको श्रद्धा पूर्वक सेवा गर्दथे अतः प्रसन्न भएर "गोर्खाका राजा भए" भनि (मैले) वर दिएको थिएँ, आज भोली राजा रामसाहले ताकुम पर्वतमा तपस्या गर्दैछन् ॥५३॥

श्रेयांसि प्रथयिष्यते विमल-धी रामोऽभिरामो भुवः
साहाय्यं त्वयका विधेयमभितस्तत् सर्वथा सर्वदा ।
तस्याऽदृश्य-वपुः स्वयञ्च सततं सम्भावयिष्याम्यह-
मित्युक्त्वाऽन्तरधान्मुनिर्निववृते गेहं वनाल्लक्ष्मणः ॥५४॥

निर्मल बुद्धि भएका लोकप्रिय रामसाहले श्रेय फैलाउने छन्, त्यस कारण तिमीले पनि उनको सव प्रकार वाट सदा सहायता गर्नू, आफै मैले पनि अलक्ष्य रूप भई सदा जगेर्ना गर्नेछु" येती भनेर गोरखनाथ अन्तर्धान हुनु भयो लक्ष्मण थापा घर फर्के ॥५४॥

ध्यात्वाताकुम-पर्वतेऽपि तपतो राज्ञोस्तपः पञ्चमे
प्राप्ते मासि चमच्चकार किमपि श्रीरामसाहाऽग्रतः ।
ज्योतिर्नाडियुगाऽवशेष-निशि तत किञ्चित् समुन्मीलयन्
नेत्रे यावदवालुलोकदमलं तावत् स विद्युत्प्रभम् ॥५५॥

हस्त-प्राप्य-भुवीक्षते स्म विमलं खड्गं पुरस्तत्पुर-
श्छायां कान्तिमयीमगम्य-महिमां कन्या-ललामाऽऽकृतिम् ।
रामो विघ्न-भिया निमील्य नयने तस्थौ जपन् पूर्ववद्-
वृत्तान्तं सकलं न्यवीविदद्दिदं नारायणायोषसि ॥५६॥

ताकुम पर्वतमा ध्यान लगाई तपस्या गरी रहेका राजा (रामसाह र नारायण मल्ल) का ५ मैना पुगे पछि २ घड़ी रात बाँकी छदामा रामसाहका अगाड़ी केही तेज चमक चम्कयो र वहाँले आँखा केही उघारी जसै हेर्नु भएको थियो त्यसै समयमा एक हात जती अगाड़ीको भूमिमा विजुलीको जस्तो कान्ति भएको उज्ज्वल खड्ग र त्यसका अगाड़ी उत्तम कन्याको आकार बुझी न सकिने महिमा भएको तेजोमय प्रतिबिम्ब देख्नु भयो, रामसाह विघ्नका डरले आँखा चिंलेर पूर्ववत् जप गर्दै रहनु भयो र यो सवै वृत्तान्त विहान नारायणमल्ललाई बताउनु भयो ॥५५-५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीनारायणमल्ल उज्ज्वल-मतिः प्राचीन-वृत्तान्त-विद्
रामोक्तं वचनं निशम्य मुदितो-रामं स्मितास्स्योऽवदत् ।
यामाराधयितुं स्थिता इह वयं सैव त्वया खड्गपा
दृष्टा दिष्ट-वशाद-खण्ड-तपसा दुर्गाद्रि-दुर्गाश्रया ॥५७॥

रामसाहले भनेको कुरा सुनेर हर्षित भइ प्राचीन-वृत्तान्त जानेका निर्मल बुद्धि भएका श्री नारायण मल्लले हँसीलो मुख गराई रामसाहलाई भन्नु भयोः- जस्को आराधन गर्न हामी यहाँ वसेका छौं उनै शैलदुर्गमा वसेकी खाँडापत देवीको अखण्ड तपस्या वाट भाग्य वश दर्शन पाउने भयो ॥५७॥

तं खड्गं चपला-निभं च पुरतो जानातु तस्या अतो
ग्राह्योऽभूद् भवता तदा स जय-दस्तस्य प्रभावो महान् ।
एवं तप्तुमिह स्थितः सुनियतिः प्राङ्नागराजान्वयः
सङ्क्रान्त्यां नभसो ददर्श निशि तौ शिञ्जापुराधीश्वरः ॥५८॥

बिजुलीको जस्तो कान्ति भएको त्यो खड्गपनि उनै भगवतीको हो अतः विजय दिने त्यो खड्ग तपाईले समात्न पर्ने थियो त्यसको प्रभाव ठूलो छ, यस्तै रीतले अँधी यहाँ तपस्या गर्न वसेका भाग्य शाली सीजा सुन्दरी कोटका राजा नागराज ले साउने संक्रान्तिका राती भगवतीको प्रति विम्ब र त्यो खड्ग देखे ॥५८॥

खड्गं तं च भुजे दधौ विमल-धीस्तस्य प्रभावात्ततो
जित्वा सोऽङ्ग-कलिङ्ग-वङ्ग-मिथिला-कर्णाट-लाटाऽधिपान् ।
चीनेशं मुरलेश-कोङ्कणभुजौ वीराग्रणीः केरल-
गौडान्ध्रादि-मही-भुजश्च करदीचक्रे रणे दिग्जयी ॥५९॥

निर्मल बुद्धि भएका उनले त्यो खड्गलाइपनि हातमा समातेर त्यसका प्रभावले दिग्विजयी नागराजले विहार उड़ीसा, वङ्गाल, मिथिला, कर्णाटक, बुन्देलखण्ड, चीन, तूलू, बम्बई केरल ढाका (पूर्वीवङ्गल) आन्ध्र आदि देशका राजाहरू लाई कर दिने गराए ॥५९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिक्षु क्षान्ति-लतां स धर्म-विजयी विस्तार्य, लोकत्रयं
कीर्त्याऽभासयदप्रमेय-विभवो यज्वाऽर्थि-काम प्रदः ।
उल्कां तत्स्मृतयेऽधुनाऽपि मनुजा लूताऽद्रि-रोगार्दिनीं
संक्रान्त्यां नभसः क्षिपन्ति भुवने रात्री-मुखे खड्ग भाम् ॥६०॥

धर्म पूर्वक विजय गरेका उनले दशै दिशामा क्षमारूपी कल्पलता फिजाई, अनुपम ऐश्वर्य भएका, यज्ञ गर्ने, याचकको इच्छा पूर्ति गरि दिने उनले कीर्तिद्वारा तीन लोकलाई चहकिला बनाए, आज भोलीपनि उनको स्मृतिका निमित्त संसारमा मानिसले साउने संक्रान्तिका साँझ खड्गको जस्तो कान्ति भएको लूतो आदि रोग नाश गरिदिने राँको फाल्द छन् ॥६०॥

वर्माऽन्तो मलयोऽपि खड्गमिह तं तप्त्वा तपो दुश्चरं
हस्ते स्वे धृतवाँस्ततः स जितवान् दुर्लङ्घ्य-शक्तिर्दिशः ।
प्रासादं निरमास्त खेचरपुरे श्रैरचत्वरैर्दारुभी
राजन्तं नवभिस्तलैरनुपमं प्राक् खड्गचक्राऽधिपः ॥६१॥

अँघी खाँडाचक्र (जुमला सान्निदरा) का राजा मलयवर्मालि पनि यहाँ कठिन तपस्या गरी, त्यो खड्गलाइ हातमा समाते र कसैले जित्न न सकिने शक्ति भएका उनले दिग्विजय गरे, श्रीचौर (सुर्खेत तेलपानी भेरी अञ्चल) का (यौटै सालका) काटले ताक्लाखार (खेचरनाथ) मा अति राम्रो नौतले राजभवन बनाए ॥६१॥

काष्ठैरेक-विशाल-शाल-तरु-जैर्भव्यं त्रि-खण्डं व्यधाद्
गोरक्षेश्वर-मण्डपं नरपतिर्नेपाल-संज्ञे पुरे ।
तन्नाम्नैव च काष्ठमण्डपमिति प्राहुर्जनास्तत्पुरं
सेतुं भूपतिरेकया स शिलया नद्यां तिलायां व्यधात् ॥६२॥

ती राजाले नेपाल (पाशुपतक्षेत्र) मा यौटा शालका काठले गोरखनाथको ३ तले मन्दिर बनाए, त्यही नामद्वारानै नेपाल (पाशुपतक्षेत्र) लाइ काष्ठमण्डप (काठमाण्डू) भन्दछन्, ती राजाले यौटै ढुङ्गाको तिलानदी (जुमला रकालदरा खल्लाँ गाड, तिलानदी=कर्णाली) मा राजसेतु (रैंका साउँ) बनाए ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तप्त्वाऽत्रैव मुकुन्दसेन इति तौ दृष्ट्वा, गृहीत्वा करे
खड्गं तं ज्वलदर्चिषं विमल-धीर्माकन्द-देशाधिपः ।
मुक्तिक्षेत्र-युतं रुरुं हरिहरं वाराहमूर्जस्वलः
सीमी-कृत्य भुवं शशास समरे जित्वाऽखिलान् भूमिपान् ॥६३॥

अँघी मकवानपुरका राजा बुद्धिमान् मुकुन्दसेन ले यहीं नै तपस्या गरी कन्याकृति दुर्गाको प्रतिबिम्ब र खड्गको दर्शन पाइ झल्किने त्यो खडग हातमा समातेर त्यस्का प्रभावले, बलवान् उनले युद्धमा राजाहरु लाई जितेर रुरुक्षेत्र (रिडी) मुक्तिक्षेत्र (मुक्तिनाथधाम) वाराहक्षेत्र (पल्लो किरात सप्त कौशिकी सङ्गम) हरिहर क्षेत्र (सोनपुर हाजीपुर) सीमा बनाई पृथिवीको शासन गरे ॥६३॥

नेपाले ललिताभिधे स नगरे मात्स्येन्द्रमूर्तौ जयी
हैमं शृङ्खलमार्पिपन्नृप, इतो धर्म्यो नयन् पालपाम् ।
आधाद् भैरवमूर्तिमत्र, मिलति श्रीगण्डकी-सप्तकं
यस्मिंस्तत्र च देवघट्ट-सविधे देवं मुकुन्देश्वरम् ॥६४॥

विजयी धर्मात्मा तिनी राजाले नेपाल ललितपुरमा मत्स्येन्द्रनाथको मूर्तिमा सुनको सिक्री चढाए, यहाँ (ललितपुर) वाट भैरवको मूर्ति पालपा लगी स्थापित गरे, उनले सप्तगण्डकीको सङ्गम देउघाटमा पापको नाश गरिदिने मुकुन्देश्वर महादेव पनि स्थापित गरे ॥६४॥

खड्गः सैव विराजते क्षितिभुजां मुद्रासु तस्याः शुभ-
स्तद्दर्शी खलु भाग्यवानसि परं यद्यग्रहीष्यश्च तम्–।
खड्गं तर्ह्युरु-विक्रमोऽखिल-नृपानासागरं सङ्गरे
जित्वा नूनमभोक्ष्यथा वसुमतीमेकातपत्रामिमाम् ॥६५॥

तिनीराजाहरुका मुद्रामा ती दुर्गाको निर्मल त्यही खड्ग शोभित छ अतः त्यो देख्न पाएका तपाइँ निश्चय भाग्यमानी हुनुहुन्छ तर यदि त्यो खड्ग पनि समाउनु भएको भए ठूलो पराक्रम भएका तपाइँले युद्धमा सब राजाहरुलाइ जितेर समुद्र सम्म, एकच्छत्र पृथिवीको भोग गर्न पाउनु हुने थियो ॥६५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माहात्म्याद् भविता तथापि भवतस्तद्दर्शनस्याऽवनौ
नूनं लोक-हितावहा च रुचिरा धर्म्या स्थितिः स्थायिनी ।
एवं कीर्तिरपीन्दु-कान्ति-धवला लोक-त्रयं भासये-
ज्जित्वा धर्म-जयी नृपान् भुवि भवान् राज्यं कियद् वर्धयेत् ६६

तथापि कन्याको प्रतिविम्ब दुर्गा र खड्ग देखेका माहात्म्य वाट लोकको हित गर्ने राम्रो धर्म पूर्वकको तपाइँको स्थिति निश्चयनै संसारमा स्थायी होला एवम् चन्द्रमाको कान्ति जस्तो स्वच्छ कीर्तिले तीन लोकलाइ चहकिलो बनाउला, धर्मपूर्वक राजाहरुलाइ जिती केही राज्य बढाउनु होला ॥ ६६ ॥

श्रुत्वा मल्ल-कुलाऽवतंस-गदितं श्रीरामसाहे नृपे
प्रीते पूर्ववदेव तेपतुरिमौ मन्त्रं जपन्तौ तपः ।
एवं तप्तवतोस्तयोः सुकृतिनार्मासेषु षट्सु क्रमाद्
वीतेषु श्रुति-गोचरा समुदभूदाकाशवाणी निशि ॥६७॥

मल्लवंशका भूषण (नारायणमल्ल) ले भनेको सुनेर राजा श्री रामसाह प्रसन्न भए पछि यी दुवैले पूर्ववत् मन्त्र जप गर्दै तपस्या गर्नु भयो, क्रमशः यस प्रकार तपस्या गर्दा ६ मैना वीते पछि रातीमा आकाश वाणी सुनियो ॥६७॥

राजन् ! साह-कुलावतंस ! तपसा प्रीताऽस्मि तेऽतो वरं
राम ! ब्रूहि यदिच्छसीति भणितः सन्दिह्य विघ्नं नृपः ।
सङ्ख्या-भङ्ग-भिया च मन्त्रममल-स्वान्तो जपन् पूर्ववत्
किञ्चिन्नायमवोल्लदेनमुरुधीर्नारायणोऽसूचयत् ॥६८॥

'साहकुल भूषण हे राजन् ! राम ! तिम्रो तपस्यावाट प्रसन्न छु जे इच्छा छ त्यो वर माग, भन्दा विघ्नको शङ्काले र (मन्त्रको) सङ्ख्या भङ्ग हुन्छ भन्ने डरले स्वच्छ मन भएका रामसाह राजा पूर्ववत् मन्त्र जप गर्दै केही बोल्नु भएन र नारायण मल्लले सूचित गर्नु भयो ॥६८॥

राजन् ! साह-कुलावतंस ! तपसा प्रीताऽस्मि तेऽतो वरं
राम ! ब्रूहि यदिच्छसीति च पुनः श्रुत्वा वचः साञ्जलिः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाऽहं वेद्मि हिताऽहिते स्वयमतस्तद्देहि यद्दित्ससि
मातः ! पुत्र-हिताहिते तु जननी वेत्तीति रामोऽब्रवीत् ।।६९।।

'हेसाहकुल भूषण ! राजन् ! तिम्रो तपस्यावाट प्रसन्न छु, अतः जे इच्छा छ त्यो वर माग' भन्ने फेरी पनि यस्तो वाणी सुनेर रामसाहले हात जोरी "मैले हित हुने या अहित हुने कुरा जान्दै न अतः आफै जे दिन इच्छा गर्नु भएको छ त्यही दिनुस्, हे माता छोराको हित हुने या अहित हुने कुरात आमालाइ थाह हुन्छ" भन्नु भयो ।।६९।।

सौहार्देन च धर्म्यया रुचिरया स्थित्या नृपाणां मनो
हृत्वा वर्धयितासि राज्यमनघ ! प्रायो विना सङ्गरम् ।
दिल्लीतो यमलाऽवधि-क्षितिपतिर्गोरक्ष-देशाऽधिप-
स्त्वद्वंशो भविता रवैः पटह-जै र्दिल्लीं च गुञ्जिष्यति ।।७०।।

पवित्र आत्मा भएका हेराम ! प्रेम, र धर्म पूर्वक राम्रोको स्थिति द्वारा राजाहरुको मन आकृष्ट गरी प्रायः युद्ध न गरीकन राज्य वढाउने छौ, तिम्रा सन्तान गोर्खाली राधा दिल्ली देखि जुमला संमका राजा हुनेछन् नगराका शब्दले दिल्ली पनि घन्किने छ ।।७०।।

इत्युक्त्वा च पुनर्जगौ भगवती भो राम-नारायणौ !
प्रीता वां तपसाऽस्म्यतोऽञ्जलिमुभौ वध्नीतमित्यम्बरात् ।
पीत्वा तद् वचनाऽमृतं क्षितिपती हृष्टौ स्मरन्तौ हृदि
मातस्त्वामभिवादयाव इति तौ ब्रूतः स्म बद्धाञ्जली ।।७१।।

येती भनेर भगवती फेरी आकाशवाट "हे रामसाह ! हे नारायण-मल्ल ! तिमी दुवैका तपस्यावाट प्रसन्न भएकी छु अतः दुवैले अञ्जलि बाँध" भन्नु भयो, त्यो वचनरूपी अमृत पान गरी (सुनेर) हर्षित भएका दुवै राजाले भगवतीलाइ हृदयमा संझँदै अञ्जलि बाँधेर "हे आमा तपाइँलाइ दण्डवत् प्रणाम गर्दछौं" भन्नु भयो ।।७१।।

लक्ष्मी-नारायण-विलसितां कामदां खड्गपाऽम्बा
शालग्रामं व्यतरदघहं रामसाहाञ्जलौ सा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्पादूभ्यां विदित-हृदया लक्षितं कान्तरूप-
मन्यं नारायणनरपतेरञ्जलौ भक्ति-तुष्टा ॥७२॥

इच्छा लागेको कुरा दिने भक्तिबाट प्रसन्न भएकी हृदयको भाव बुझ्ने की खड्गपा देवीले रामसाहका अञ्जलिमा पापको नाश गरिदिने लक्ष्मी-नारायण शालग्राम र नारायणमल्लका अञ्जलिमा लक्ष्मीनारायणका पादुकाले लक्षित मनोहर अर्को शालग्राम दिनु भयो ॥७२॥

ऊचे पृष्टोऽसम-वरमुपक्रम्य मल्लेन रामः
सम्बन्धं नावहमनुमिमे सेव्य-सेवित्वरूपम् ।
भक्तिस्ते स्यादतुल-महिमा वर्धमानेति श्रृण्वँ-
स्तुर्यावस्थो मुदमुपययौ मल्ल-वंशाऽवतंसः ॥७३॥

भिन्न वर (शालग्राम) को विषयमा नारायणमल्लले सोध्नु भयोर रामसाहले भन्नु भयोः—"हामी दुइको सम्बन्ध सेव्य सेवक भाव प्रतीत हुन्छ, अनुपम महिमा भएको तपाईंको भक्ति बढ्दै जाला" जस्तो लाग्छ येती सुनी चतुर्थ अवस्थामा पुगेका मल्लकुलका भूषण (नारायण मल्ल) हर्षित हुनु भयो ॥७३॥

गोरक्षसाहवंशाख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
पूर्णस्तृतीय-सर्गोऽभूद् साह-मल्ल-तपो-युतः ॥ ७४ ॥

हरिप्रसादशर्मा आचार्यले बनाएको यस गोरक्षसाहवंश महाकाव्यमा रामसाह र नारायणमल्लको तपस्या वर्णन भएको तृतीय सर्ग पूर्ण भयो ॥७४॥

रामसाह-नारायणमल्लयोस्तपः प्रभावेण
खड्गपात: शालग्राम प्राप्ति: ।

—❀❀❀—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थः सर्गः

अथाऽऽप्त-कामौ तपसाऽतिदीप्तौ निवर्तमानौ पथि ताकुमातृतौ ।
अतीत्य शैलानपि गण्डशैलान् क्रमादुपेतौ गलकूट-सीमाम् ॥१॥

उप्रान्त वरदान पाएका तपस्याले उज्ज्वल भएका ती रामसाह र नारायणमल्ल फर्कंदा बाटामा, पर्वत एवं गण्डशैल पारगर्दै क्रमशः गलकोटको सीमामा आई पुग्न भयो ॥१॥

ततः स नारायणमल्ल-भूपः पत्रेण पञ्चान्तिक-भूमिपालान् ।
आहूय रामेण समं जगाम स्व-राजधानीं गलकूट-नाम्नीम् ॥२॥

त्यसपछि नारायणमल्ल राजा, पत्रद्वारा नजीकका पाँच राजालाई बोलाई रामसाह सहित आफ्नो राजधानी गलकोट जानु भयो ॥२॥

अथर्त्विजः शास्त्र-विविक्त-दृष्टीन् निमन्त्र्य भूपौ गलकूट-देशे ।
उभौ तपः-सिद्धि-मखं विधाय समं विधत्तोऽवभृथं स्म तौ तैः ॥३॥

त्यसपछि शास्त्रले स्वच्छ-दृष्टि भएका ऋत्विक् (यज्ञ गराउने ब्राह्मण) लाई निमन्त्रणा गरी गलकोटमा ती दुवै राजाले तपःसिद्धिका उपलक्ष्यमा यज्ञ गरी ब्राह्मणहरु सहित भई यज्ञान्त स्नान गर्नु भयो ॥३॥

पञ्च-प्रधाना अपि पट्स्थलाद्याः स-चत्वरा मन्त्रि-मुखाः प्रसन्नाः ।
गोरक्षतो तातमिव प्रवासाच्चिरागतं राममुपेतवन्तः ॥ ४ ॥

वृत्तान्त थाह पाएका पञ्च प्रधान, छ घर आदि, चौतरियाहरु सहित मन्त्रिहरु हर्षित भइ परदेशबाट धेरैमा फर्केका बाउ छेउ झैं गोरखाबाट रामसाह छेउ आए ॥४॥

मल्लोपि तत्राऽऽगत-पञ्च-भूपान् गोरक्षनाथाप्त-वरस्य वृत्तम् ।
श्रीद्रव्यसाहस्य जगाद, लब्धं वरं च रामेण स खड्गपायाः ॥५॥

त्यसपछि नारायण मल्लले त्यहाँ आएका पाँच राजाहरुलाई गोरखनाथबाट वर पाउनु भएका श्रीद्रव्यसाहको वृत्तान्त र रामसाहले खाँडापत भगवतीबाट पाएको वर पनि बताउनु भयो ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपस्थितानां जगती-पतीनां विद्या-वयो-वृद्ध-पुरोगमानाम् ।
सतां च रामाय मतेन मल्लः पदं महाराजिकमार्पिपत् सः ।।६।।

नारायणमल्लले उपस्थित राजाहरु र अरु विद्या वयो वृद्ध हरुका संमति बाट रामसाहलाई 'महाराजि' भन्ने पदवी दिनु भयो ।।६।।

श्रीखड्गपा-लब्ध-वर-प्रभावात् स्फुरन्मतिर्लोक-हितं विधित्सुः ।
रामोऽपि सभ्यान् स-महीपतीँस्तानिति ब्रवीति स्म बुधःसभायाम्।।७।।

श्रीखाँडापत देवीबाट पाएका वर प्रभावले बुद्धि फुरेका विद्वान् लोकको हित गर्न चाहने रामसाहले राजाहरु सहित सभासद् हरुलाई सभामा यसप्रकार भन्नु भयो ।।७।।

पानीय-धारास्ववलान् वलिष्ठाःकुल्या-परञ्जादिषु यत्र तत्र ।
अहो ! उपेतानभिभूय पूर्वं पश्चादुपेता उपयुञ्जते प्राक् ।।८।।

पँधेरा,कुला, कोल आदिमा जहाँ कहीं पहिले पुगेका निर्बललाई हटाई पछिपुगेका बलियाहरुले पहिले उपयोग गर्दछन् योवडो दुःखको कुराहो ।।८।।

मान्यादि-मानान्यसमानि लोके सेटादिकान्यप्यसमानि सन्ति ।
ये वञ्चनायां चतुरा ऋजूँस्ते यतः क्रयादिष्वलमर्दयन्ति ।।९।।

संसारमा माना आदि भर्ने भांडार सेर आदि जोखने ढक पनि एक नास छैनन् जस्ले गर्दा ठगन सिपालु मानिसले सोझालाई किन वेचमा निकै मर्का पारेकाछन् ।।९।।

गृह्णन्ति तुर्यांश-कुसीदमब्दे मूलेतरं वार्धुषिका धनान्धाः ।
अब्दान्तरे वृद्धिमपीद्ध-वृद्धेरहो ! अनार्याःकतिचित् कदर्याः।।१०।।

धनले अन्धा भएका साहूहरुले वर्षमा मूल धन वाहेक २५ प्रतिशत व्याज लिन्छन् । कुनै क्षुद्र कृपणले व्याजको स्याज पनि लिन्छन् ।।१०।।

तुरीयमंशं वणिजश्च लाभं तार्तीयिकं वाऽर्धमपीह कंचित् ।
गृह्णन्त्यवद्या अतिलोलुपा ये कर्षन्ति ते गोचरमप्यलज्जम् ।।११।।

व्यापारीहरुले चतुर्थांश, कुनैले तृतीयांश, र कुनैले आधा नाफा लिन्छन् । अत्यन्त लोभी नीच हरुले निर्लज्ज भई गोचर मासी खेती गर्छन् ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वटादि-वृक्षान् परिखाः शिला वा सीमानमाश्रित्य भुवःप्रदानात् ।
न वर्तते राजकरस्य वृत्तेर्मानस्य भूमेर्विरहाद् विवेकः ॥१२॥

वर आदि रुख, पर्खाल, ढुङ्गा लाई सीमा बनाई पृथ्वी दान गर्नाले पृथ्वीको न पाईन हुँदा, वीर्ता र रैकर छुट्याउन शक्दैन ॥१२॥

लेखं तथा साक्षिणमन्तरेण वाचैव भूमि-क्रय-विक्रयाभ्याम् ।
कुर्वन्ति पश्चान्नितरां हि लोकाः प्रायेण सर्वत्र मिथो विवादम् ॥१३॥

विना लेख विना साक्षी कुराकानी बाट मात्र जमीन किन बेच गर्नाले जनता पछि प्राय सबै ठाउँ मा परस्पर झगड़ा गर्दछन् ॥१३॥

दुःस्थोऽस्ति लोको नियमैरवद्यै-रित्यादिभिर्भूमिभुजो त्रिधिस्तत् ।
मयोच्यते विश्वजनीन आर्याः! सोऽद्य-प्रभृत्याश्रयणीय उर्व्याम् ॥१४॥

इत्यादि अव्यवस्थित नियमले गर्दा संसार दुःखी छ, सज्जनका पक्षपाती हे राजाहो ! त्यस कारण सारा संसारलाई हित हुने मैले नियम बताउँछु त्यसलाई अबदेखि पृथ्वीतलमा लागू गर्न पर्‍यो ॥१४॥

पानीय-धारास्वधिकार इष्टः कुल्या-परङ्गादिषु यत्र तत्र ।
पूर्वं यथोपस्थिति भूमिपालाः सर्वाधिकारःखलु तेषु यस्मात् ॥१५॥

पँधेरामा, कुलामा, कोल आदिमा जहाँ कहीं जो पहिले पुग्छ, उसैको अधिकार पहिले हुन्छ। हे राजा हो ! किनभने ! ती ठाउँ मा निःसन्देह सबैको हक छ ॥१५॥

पङ्क्त्या भवेन्मुष्टिभिरेव मानी द्वाभ्यां तु ताभ्यां कुडवश्च वेदैः ।
तैः प्रस्थ एवं जगतीतलेस्मिन् स्यान्मूरिका विंशतिसंख्यकैस्तैः ॥१६॥

दश मुठीको एक मानो, दुई मानाको एक कुरुवा, चार कुरुवाको एक पाथी, बीस पाथीको एक मुरी यस्तो नियम सारा संसारमा लागू गर्न पर्‍यो ॥१६॥

गुञ्जा-दशान्माष इदं दशत्तु तोला तदष्टादशकः पलः स्यात् ।
वोढीति सार्धःस चसा विसौली चतुर्गुणा ते ननु धारणी द्वे ॥१७॥

१० राती गेडीको १ माषा, १० माषाको १ तोला, १८ तोलाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१ पल १॥ पल (२७ तोला) को १ बोडी, ४ बोडीको १ बिसौली, २ बिसौलीको १ धार्नी हुन्छ ॥१७॥

मूलस्य वृद्धिर्दशमोंश एव ग्राह्याऽऽब्दिकी वार्धुषिकैर्धनानाम् ।
अंशोऽन्धसां पञ्चम एव नूनं वृद्धेस्तु वृद्धिर्न कदाचिदिष्टा ॥१८॥

साहूले धनको व्याज मूल धनको दशौंदक, हिसावलेर अन्नको पञ्चमांश मात्र वार्षिक व्याज लीनू, व्याजको पनि व्याज कहिले पनि न लिनू ॥ १८ ॥

आद्यप्रभृत्यादश-वर्षमृद्धिं दातुं समर्था न तु ये वराकाः ।
अब्दान्तराणां न दशाधिकानां ग्राह्यः कुसीदस्तत उत्तमर्णैः ॥१९॥

जुन विचरा (गरीब) ले सुरू देखि दशवर्ष संम व्याज बुझाउन सके का छैनन्, त्यस्ता विचरा गरीबवाट दशवर्षभन्दा बढी अरुवर्षको साहुले व्याज न लिनू ॥१९॥

ग्राह्यो वणिग्भिश्च शतांश-लाभो न गोचरःकैश्चिदपीह कृष्यः ।
सीमानमुल्लङ्घ्य विधेस्तु भूपैर्यो वैपरीत्यं कुरुते स दण्ड्यः ॥२०॥

व्यापारीहरूले पनि शतांश नाफा लिनू, गोचर कसैलेपनि न जोत्नू, नियमको मर्यादा छोडी जसले विपरीत काम गर्दछ, त्यसलाई राजाले सजाय गर्नू ॥२०॥

स्यू रोपणी-पिण्डक-मूरिकादि-मानानि भूमेरित उत्तरञ्च ।
वृत्ति-प्रदाने कनकादि-पत्रे लेख्यं प्रबन्ध्यं जगतीपतीनाम् ॥२१॥

अब उप्रान्त भूमिको पनि, रोपनी, मुरी आदि मान गराउनु पर्छ । राजाले वीर्ता दिंदा स्वर्णपत्र आदिमा लेखको पनि प्रबन्ध गर्नू ॥२१॥

राज्ञः क्षितिः कार्यि-निवेदनं च हस्तो द्विजानामपि पञ्च-सन्धिः ।
दाने भुवश्चत्वर-पस्य झारी सङ्कल्पनीयं, भवतीति साङ्गम् ॥२२॥

भूमिदान गर्दा राजाको पृथ्वी, काजीको विन्ती, ब्राह्मणको हात, पञ्चको सन्धि, चौतरियाको झारी भनि सङ्कल्प गर्नू, यसो भए (त्यो दानको) अङ्ग पुग्छ ॥२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्याद् राज्लेखः क्षिति-विक्रयादौ स-साक्षिकः स्यान्न यतो विवादः ।
आदिश्य लोक-स्थितिमीदृशीं स प्राज्ञस्तथाऽन्यां विरराम रामः ॥२३॥

जमीन किन वेच गर्दा राजीनामा लेख्नू र साक्षी राख्नू त्यसो भए झगडा हुन पाउँदैन। त्यस प्रकारको उपदेश दिई अरुपनि लोकको स्थित उपदेश गरी बुद्धिमान रामसाह चुप लाग्नु भयो ॥२३॥

श्रुत्वेति लोक-स्थितिमुत्तमां ते तस्याः प्रचाराय च पालनाय।
भूपा यतन्ते स्म स-चत्वरादी रामोऽप्ययासीन्निज-राजधानीम् ॥२४॥

यस्तो उत्तम स्थिति सुनेर ती पाँच राजाहरु त्यस स्थितिको प्रचार र पालन गर्न तत्पर भए। रामसाह पनि चौतरिया आदि सहित भएर आफ्नो राजधानी (गोर्खा) जानु भयो ॥२४॥

पञ्चैव सेनान् दश लिम्बु-संज्ञान स्थापालयान् द्वादश तान् किरातान्।
द्वाविंशति द्वादश मङ्गरातान् देशांश्चतुर्विंशति-राज्य-युक्तान् ॥२५॥

पाँच सेन, बाईसी, चौबिसी, बाह्र थपाला। बाह्र मङ्गरात, बाह्र किरात, (राइ) दश लिम्बुवान् ॥२५॥

त्रिमल्ल-संज्ञांश्च खसान-पञ्च ल्याप्चान-देशांश्च तथा द्विवेशान्।
ज्येष्ठान-संज्ञ-प्रभृतीन समस्तान् रामस्य देशान स्थिति रश्नुते स्म ॥२६॥

तीन मल्ल, खसान, पाँच ल्याप्च्यान, द्विवेश, जडान-इत्यादि समस्त देशमा रामसाहको स्थिति फैलियो ॥२६॥

स-पालपाँल्लम्बयुग-त्रितुङ्ग-कास्की-धिरिङ्गान् सऋषिङ्ग-ढोरान्।
अर्घेरम-खाँची-भृगुकूट-गुल्मि-श्री-पद्मकूटान् नवकूट-युक्तान् ॥२७॥

पालपा, लंजुङ्, तनहुँ, कास्की धिरिङ्, ढोर, रिषिङ्, अर्घा, ईश्मा, खाँची, मीरकोट्, गुल्मी, पैयूँ, नुवाँकोट् ॥२७॥

ध्रुवं-प्रतिष्ठानपुरं स-दाङ्गं शल्यायनं देवखुर-प्रदेशम्।
मुस्ताङ-संज्ञं गलकूट-भूषी-कूटाऽऽख्य-देशौ जगतीपुरं च ॥२८॥

धुर्कोट, प्यूठान, दाङ्ग, शल्यान, देउखुरी, मुस्ताङ्, गलकोट, भूषीकोट, जगतीपुर, ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स-कालिकूटौ त्रिपुराद्य-कूट-ताराद्य-कूटावपि धूलिकूटम् ।
पुरान्तिमौ राज-विलास-संज्ञौ दुर्लङ्घ्य-संज्ञं दधिलेख-संज्ञम् ॥२६॥

कालिकोट, तिप्रीकोट, ताराकोट, धूलिकोट, राजपुर विलासपुर, दुल्लू, दैलेख ॥२६॥

खुड्ग्रीं च भिङ्ग्रीमपि मालटाख्यं गजूरकूटं सुरखेटकूटम् ।
स-खड्गचक्रामपि सन्निधानां भर्याँकूट-संज्ञं च स-राष्ट्रकूटम् ॥३०॥

खुड्ग्री, भिङ्ग्री, मालटा गजुल सुरखेत, खाँडाचक्र, सन्निधाना, भर्याँकोट रास्कोट ॥३०॥

खारी-गमाऽऽख्यौ धवलाऽऽद्य-तारां स-त्रिष्टकूटं नरकूट-दुर्गम् ।
धामादिकूटं च समुद्रपाल कैलाशकूटौ युगल-स्थलीं च ॥३१॥

खारी गमनगर, धौल्यात्री, विष्टकोट, नराकोट धामकोट (छुर्र) कोल्टीकोट, कुएडा कैलाश, जुगाडा स्थली ॥३१॥

देव-स्थलारावपि विम्वकूटं कुण्डीं शिरःकूटमुदुम्बरञ्च ।
वभ्राङ्ग वाजुङ्गकवोगटानान् सपाललक्ष्मीपुरमश्व-कूटम् ॥३२॥

द्यौकोट, थलारा, विमकोट, कुंणीकोट शिरकोट डोटी, वभ्राङ्, वाजुङ्, वोगटान पालकोट (लेकम) लक्ष्मीपुर, अस्कोट ॥३२॥

कूर्माचलं श्रीनगराऽऽख्य कूटं स-नागनाथं गणनाथ-कूटम् ।
स-द्रोणदूनं च शिरोमयूरं वघाट हण्डूर-युतं त्रिगर्तम् ॥३३॥

कुमाउँ, गढ़श्रीनगर, नागनाथ, गणनाथ, देरादून, शिर्मोर, (श्रीमोड) वघाट, हण्डूर, काँगड़ा, ॥३३॥

काश्मीर-गोरक्षपुरे च काशीं माकन्द-नेपाल-पराकचोकान् ।
द्विलक्षदेशं मिथिलामिलामघुल्लुखदुङ्ग-युतां हलेशीम् ॥३४॥

काश्मीर, गोरखपुर, काशी, मकवानपुर, नेपाल, काभ्रे पलाञ्चोक, दोलखा, मिथिला, इलाम, ओखलढुङ्गा, हलेशी, ॥३४॥

सुक्षेम-देशं विजयं च दोर्जेलिङ्गं च भूताङ्गक-कामरूपौ ।
इत्यादि-देशान् स्थितिमश्नुवानां व्यवाहरन्तेति, जनाः प्रवेदुः ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिक्किम, विजयपुर, दोर्जेलिङ् (दार्जिलिङ्) भूटाङ्, आसाम, इत्यादि देशमा फैलिएको स्थितिलाइ व्यवहारमा ल्याएर सब मानिस, हर्षित भए ।। ३५ ।।

वीच्येति तेषां व्यवहारमिष्टं स्वी-कर्तुमन्ये स्थितिमारभन्त ।
न्यायेन सा वीचि-तरङ्ग नाम्ना शीघ्रं जले तैलमिवाऽऽततान ।।३६।।

तीनी (माथिवताइएका देशवासीहरू) को व्यवहार राम्रो देखेर अरुले पनि त्यो स्थिति मान्न प्रारम्भ गरे, त्यो रामसाहको स्थिति वीचि तरङ्ग न्यायले चारै तीर फैलियो ।।३६।।

सर्वेषु शंसत्सु जनेषु रामं स्थित्या तया दाशरथिं पुरेव ।
तुष्टेष्ववेत्येद्दशमन्वतप्त माहात्म्यमेतस्य च राजमल्लः ।।३७।।

त्यो स्थितिवाट आनन्दित भएका साराले रामसाहको प्रशंसा गर्न लागे, रामसाहको त्यस्तो माहात्म्य थाह पाएका राजमल्ल (पर्वतेराजा) पछुताए । ३७।।

द्वाविंशतीयैरथ राजमल्लः समं चतुर्विंशति-भूमिपालैः ।
प्रशस्ति-युक्-संमति-पत्रमिष्टं सोपायनांश्च प्रजिघाय दूतान् ।।३८।।

त्यस पछि वाइसी, चौविसी राजाहरु सहित भएर राजमल्लले राम्रो प्रशस्तिपत्र र उपहार सहित दूत पटाए ।।३८।।

पुराऽम्बिका-लब्ध-वरो मनीषी दुर्गा सहायेति-पदानुपूर्व्या ।
निजेष्ट-देव्याःकदली-दलाभ-खड्गेन रामोऽञ्चितवान् स्व-मुद्राम्।।३९।।

अघी देवीवाट वर पाएका बुद्धिमान् रामसाहले आफ्नो मुद्रा (मोहर) लाई "दुर्गा सहाय" यो पदानुपूर्वीले र आफ्नी इष्टदेवी" (खाँडा-पतदेवी) का केराका पात जस्तो खड्गले शोभित गराउनु भयो ।।३९।।

ततः कदाचिद् गुण-पक्ष-पाती धीमान् सभायां बुध-मण्डलेषु ।
स्व-भारधारादिषु रामसाहो धीरोऽन्य-सभ्येषु च संस्थितेषु ।।४०।।

त्यस पछि कुनै समयमा, भारदार, विद्वान्हरू तथा अरू गण्य मान्य सभ्यहरू भेला भएका सभामा गुणको आदर गर्ने धीर बुद्धिमान् रामसाहले ।।४०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गणेश-नारायणदास-गङ्गा-रामीय-सर्वेश्वर-केशवीयान् ।
भगीरथीयान् स्त च पुत्र-पौत्रान् संस्मारयन् पूर्वमुदन्तमाह ॥४१॥

गणेशपाण्डे, नारायणदास अर्ज्याल, गङ्गाराम रानामगर, सर्वेश्वर खनाल, केशव वोहरा, भगीरथ पन्तका छोरा नातीहरुलाई अघिको वृत्तान्त संझाउँदै भन्नु भयो ॥४१॥

लिग्लिङ्ग कूटादि-पथेन पूर्वं गोरक्षराज्यानयने सहायाः ।
श्रीद्रव्यसाहस्य पितामहस्य पित्रादयो वो नितरां बभूवुः ॥४२॥

अघी लिग् लिग्कोट्ट आदिवाट गोर्खाको राज्य लिंदा वाजे द्रव्य-साहका तिमीहरुका वाउ, वाजेहरु निकै सहाय वनेका थिए ॥४२॥

तस्माद् भवन्तोऽपि हि तत्सुताद्या राज्याङ्ग-रूपा इति मे विचारः ।
स वृत्तिकं स्थानमतो मयाद्यप्रभृत्यमात्योपरि कल्पितं वः ॥४३॥

त्यसकारण उनका छोरा नाती तिमीहरु पनि राज्यका अङ्ग होउ भन्ने मेरो विचार छ । अतः अवदेखि वीर्ता सहितको मन्त्री भन्दा ठूलो स्थान तिमीहरुका निमित्त प्रबन्ध गरेको छ ॥४३॥

आस्माक-वंश्याः क्षितिपा भवेयुर्यावद् धरण्यां नय-विद्वरिष्ठाः ! ।
वंश्याश्च तावद् भवतां भवेयुः प्रतिष्ठिता भूमि-भुजां सहायाः ॥४४॥

हे नीति कुशल हो ! पृथ्वीतलमा जव संम हाम्रा वंशका राजा हुन्छन्, तव संम तिमीहरुका सन्तानपनि राजाका प्रतिष्ठित सहाय होउन् ॥४४॥

विभूषिताः षट्स्थल-संज्ञकेन पदेन सन्तो नृपतेः सभायाम् ।
सन्ध्यादि-कार्येषु महत्तमेषु राजाङ्ग-भूताः सह-चारिणः स्युः ॥४५॥

छथर भन्ने पदले सुशोभित भई राजाको सभामा र सन्धि आदि ठुला काममा राजाका अङ्ग वनेर सहाय वनुन् ॥४५॥

दण्ड्ये ष्वमात्यादिषु भूमिपाय निवेदनायै समयेऽप्यलब्धे । ध/
अवेदयित्वापि भवद्भिरेव दण्डः प्रयोज्यो ननु तेष्वशङ्कम् ॥४६॥

मन्त्री आदि हरुलाई दण्डगर्नु पर्ने भए, राजालाई निवेदन गर्ने मौका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न मिले, जाहेर नगरीकनपनि तिमीहरुले नै निःशङ्कभई तिनी (मन्त्री आदि) हरुलाई पनि दण्ड गर्नू ॥४६॥

राज-प्रजा-हानि-करं न यावत् कार्यं विधास्यन्ति नृपैश्च तावत् ।
वृत्तिर्न हार्या न कदापि राजद्वारेऽस्मदीयान्वयजैर्निरोध्याः ॥४७॥

जब संम राजा र प्रजाको हानि हुने काम गर्दैनन्, तब संम हाम्रा सन्तान राजाहरुले पनि वीर्ता पनि हरण न गर्नू र राजाका ढोकामा रोक न लगाउन् ॥४७॥

इतीरयित्वा च पुनः स सर्वान् सम्बोध्य सभ्यान् निजगाद विद्वान् ।
मान्या महान्तो गुणिनोऽपि पूज्याःसर्वैःसदाऽधि-क्षिति दान-मानैः ४८

विद्वान् रामसाहले यती भनेर, फेरी सबै सभासद्‌लाई सम्बोधन गर्दै भन्नुभयोः—संसारमा सबैले सज्जनलाई मान गर्नू । गुणीहरुको दान मान द्वारा आदर गर्नू ॥४८॥

संरक्षणीयाः पथि पादपास्तान् कृन्तन्ति ये ते खलु पञ्च मुद्राः ।
दण्ड्याः, समेषामपि सेवनीया गावो, न दाह्यं वनमग्नि-दानात् ४९

बाटाका रुखको रक्षा गर्नू । तिनी रुखलाई जसले काट्तछन्, तिनी हरुलाई पाँच रुपैयाँ सजाय गर्नू । गाईको सेवा सबैले गर्नू वनमा आगो न लगाउनू ॥४९॥

ये जीव-सम्बन्धिनमाचरन्ति मन्तुं यथा तेऽपि तथैव वध्याः ।
विहाय विप्रान् नृप-बन्धुतां,ते-र्निर्वासनीयाः क्षितिपैः स्व-देशात् ॥५०॥

जसले जुन प्रकारवाट जीव सम्बन्धी अपराध गर्दछन्, तिनीहरुलाई त्यस्तै प्रकारले मार्नू । ब्राह्मण र राजाका दाजुभाइ लाई राजाले न मार्नू, आफ्नो देशवाट निकाली दिनू ॥५०॥

देव्यैव चामीकर-भूषणानि बालैरपत्यैर्नृप-बन्धुतायाः ।
तदङ्गनाभिस्तु पदोनिवेद्य धेयानि राज्ञे भुजयोश्च लोकैः ॥५१॥

पाउमा सुनका गहना रानीले र बालक कालमा चौतरिया आदिका छोरा-छोरीले पहिर्नू चौतरिया आदिका रानीहरुले राजावाट स्वीकृत गराई पहिर्नू अरु सबले हातमा पनि राजावाट स्वीकृत गराई पहिर्नू ५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
धर्म एव हतो हन्ति, धर्मो रक्षति रक्षितः।

यो रक्षितो रक्षति सैव धर्मो हतस्तु हन्तीति मनुर्जगाद।
संरक्षणीयस्तत एष धर्मः सनातनं यं सुधियो वदन्ति ॥५२॥

आफुले रक्षा गर्नाले जुन धर्मले रक्षागर्दछ, आफुले नाशगर्ने हो भने त्यै धर्मले नाश गर्दछ" भनि मनुले भन्नु भएको छ त्यसकारण विद्वान् हरुले जसलाई सनातन भन्दछन् त्यो सनातम धर्मको रक्षागर्नू ॥५२॥

एवत्वेति-लोक-स्थितिमुत्तमां स प्रवीण-धीः साहकुलावतंसः।
आदिश्यसर्वान्व्यवहर्तुमिष्टं श्रीरामसाहो विससर्ज सभ्यान् ॥५३॥

यस प्रकार उत्तम लोक स्थिति बताए र, ती ठुलो बुद्धि भएका साहवंशका भूषण स्वरूप श्रीरामसाहले सबैलाई राम्रो व्यवहार गर्नू भन्ने उपदेश दिएर सभा विसर्जन गर्नु भयो ॥५३॥

आस्तां महिष्यौ नृपतेः सुतं प्राग् ज्येष्ठा तयोर्डम्बरसाह-संज्ञम्। उपमा
जयन्त-सञ्ज्ञं सुषुवे शचीव तं यौवराज्येऽभिषिषेच भूपः ॥५४॥

रामसाहकी दुई रानी थिइन् पहिले जेठीरानीले इन्द्राणीले जयन्त झैं डम्बरसाह नामका पुत्र पैदा गरिन्। उन (डम्बरसाह) लाई रामसाहले यौवराज्यमा अभिषेक गर्नु भयो ॥५४॥

यवीयसी या महिषी सुताँस्त्रीन सा प्राण-नारायण-विक्रमाख्यान्।
अजीजनच्चत्वर-कार्यि सेना-पतीन् क्रमेण व्यदधान्नृपस्तान् ॥५५॥

कान्छी रानीले प्राणसाह, नारायणसाह, विक्रमसाह, नामका तीन पुत्र उत्पन्न गरिन्। तिनी छोराहरुलाई रामसाहले क्रमशः चौतरिया, काजी, सेनापति बनाउनु भयो ॥५५॥

श्रीरामसाहो मतिमान् गुणज्ञः पुरातनोदन्त-विशारदः सः।
कर्माऽनुरूपां पदवीं प्रदित्सुर्न्ययुङ्क्त लोकानितरानपीत्थम् ॥५६॥

गुण चिन्हे बुद्धिमान् कर्म अनुसारको पद दिन चाहेका श्रीरामसाहले अरुलाई पनि यस प्रकार नियुक्त गर्नुभयो ॥५६॥

अर्ज्याल-वंश्याँश्च खनाल-वंश्या नाचार्य-वंश्यानपि भट्टराईन्।
श्रीद्रव्यसाहीय-सहाय-वंश्यान् पुरोधसो भूमिपतिश्चकार ॥५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा राम साहले श्रीद्रव्यसाहका सहायक वंशज अर्ज्याल वंशी, खनालवंशी, आचार्य वंशी र भट्टराई लाई पुरोहित बनाउनु भयो ।।५७।।

श्रीद्रव्यसाहे तलकूट-दुर्गे पूर्वं प्रयाति प्रथमो गणेशः ।
पुरोहितोऽभूदिति तत्प्रदेश-पुरोहितांस्तस्य चकार वंश्यान् ।।५८।।

अँघी श्रीद्रव्यसाह तल्लाकोटमा जाँदा पहिला पुरोहित गणेशपाण्डे भएका थिए, अतः गणेशपाण्डेका सन्तानलाई तल्लाकोटका पुरोहित बनाउनु भयो ।।५८।।

पूर्वं प्रवेशात्तलकूटके प्राक् संस्थाप्य देवं वलि-पूजनादि ।
कैलाशकूटे च ततो विधेय-मिति स्थितिं स प्रबबन्ध रामः ।।५९।।

अँघी (द्रव्यसाहले) तल्लाकोटमा पहिले प्रवेश गरेको हुनाले पहिले तल्लाकोटमा देवता थापी बलि चढाई पूजा गरी त्यस पछी कैलाश कूटमा गर्नू भन्ने प्रबन्ध गर्नु भयो ।।५९।।

पदे च दौवारिक-नामधेये स्वकीय-वंश्यानथ रामसाहः ।
पदे तथा कञ्चुकि-नाम्नि थापा-ग्राङ्खोपसंज्ञान् मगरान् न्ययुङ्क्त ।।६०।।

आफ्ना वंशलाई हजूरियामा थापा मगर र ग्राङ्खा मगरलाई कञ्चुकी (ददा) बनाउनु भयो ।।६०।।

समं नृपः प्रागुदितोपसंज्ञैराले-कुलीनान मगरानलोभान् ।
पर्याय भोक्तव्यमिति स्म भाण्डा-गार नियुङ्क्ते गुणिनां गुणज्ञः ।।६१।।

गुणीको गुण जान्ने राजाले लोभ न गर्ने थापा मगर, ग्राङ्खा मगर, र आले मगरलाई पालोगरी खानु भनि भँडारे अर्थमन्त्री बनाउनु भयो ६१

धर्मस्य लेख्यस्य च पाचिकाया विभक्त-कार्यात् क्षिति-पाल-वर्यात् ।
अर्ज्याल-वंश्यैः समवाप्यते स्म श्रीरामसाहात् सकलोऽधिकारः ।।६२।।

कामको विभाजन गरेका उत्तम राजा श्रीरामसाहबाट धर्मको, लेखको र मान्सेको सब अधिकार अर्ज्यालहरुले पाए ।।६२।।

पाण्डे-कुलाऽर्ज्यालयपन्थ वंश्यान् पर्याय-भोक्तव्यमितिन्ययुङ्क्त ।
पदे नृपः कोशपतौ, तथाऽन्यां कर्म-स्थितिं च प्रबबन्ध रामः ।।६३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा रामसाहले पाँडे, अर्ज्याल, पन्थ वंशीलाई पालो गरी खानु भनि कोशाध्यक्ष बनाउनु भयो र अरु कर्मको स्थिति बाँधनु भयो ।।६३।।

अनन्तरो भूमि-पतिर्विपक्षः प्रत्यन्तरो मित्रमथाऽरिदूरः ।
प्रायस्तटस्थो भवतीत्यवेक्ष्य स्वकीय-दूतान् स जगाद विद्वान् ।।६४।।

त्यसपछि विद्वान् रामसाहले नजीकको राजा प्रायः शत्रु हुन्छ, यौटा राज्यले छेकेको राजा प्रायः मित्र हुन्छ, ज्यादै टाढाको राजा प्रायः उदासीन हुन्छ भन्ने बुझेर आफ्ना दूतहरुलाई भन्नु भयो ।।६४।।

यथा यमाद्यष्टभिरङ्ग ! योगी शिक्षादि-षड्भिश्च न वेदपाठी ।
विराजतेऽङ्गै रहितस्तथैव सन्ध्यादि-षाड्गुण्य-विहीन-भूपः ।।६५।।

यम नियम आदि आठ अङ्ग न भएको योगी, शिक्षा कल्प आदि छ अङ्ग न भएको वेदपाठी जस्तै शोभित हुँदैन त्यस्तै सन्धि विग्रह आदि छ गुण न भएको राजा पनि शोभित हुँदैन ।।६५।।

सुदूर-देशाँस्तदुपेत्य दूता अवेत्य तत्रत्य-परिस्थितिं वः ।
यथार्थमत्रेत्य निवेदनीयं यतो नृपाश्चार-दृशो भवन्ति ।।६६।।

हे दूत हो ! त्यसकारण तिमीहरु टाढाका देशहरुमा गएर त्यहाँ को परिस्थिति, बुझी यहाँ आएर यथार्थ निवेदन गर्नू किनकि राजाहरुका आँखा दूतनै हुन् ।।६६।।

दूतास्ततो भूमि-पतेस्तदाज्ञा-माधाय मूर्न्धि प्रतिभानवन्तः ।
अभीरवो भूपति-भक्ति-भाजो गोरक्ष-देशात् प्रययुर्नयज्ञाः ।।६७।।

त्यस पछि, राजाको आज्ञालाई शिरोपर गरी निर्भीक, नयाँ नयाँ कुरा उब्जाउन सक्ने बुद्धि भएका राजभक्त नीति जान्ने दूतहरूले गोर्खाबाट प्रस्थान गरे ।।६७।।

पाल्यां त्रितुङ्गेऽप्यथ पालपायां दूताः पुरे ते नवलाभिधाने ।
नेपाल-माकन्दपुराख्ययोश्च स वेत्रपाले वलियज्ञदेशे ।।६८।।

पाली, तनहुँ, पालपा, नवलपुर, नेपाल, मकवानपुर बेतिया, बलिया,—।।६८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमेण गोरक्षपुरेऽपि काश्यां विन्ध्याचलेऽगस्त्य महर्षि-शिष्ये ।
स-मालवे गुर्जर संज्ञ-देशे चित्तौर दुर्गेऽप्युदये पुरे च ॥६९॥

क्रमशः गोरखपुर, काशी, अगस्त्य ऋषिका शिष्य विन्ध्याचल, मालव, गुजरात, चित्तौर, उदयपुर ॥६९॥

योधाभिधे विक्रमकेऽप्यटन्तो जयाऽभिधाने भरते पुरेऽपि ।
अवेत्य तत्रत्य-परिस्थितिं ते दिल्लीमुपेत्यैत्रममन्त्रयन्त ॥७०॥

जोधपुर, विकानेर, जयपुर भरतपुरमा भ्रमण गर्दै ती देशहरूको परिस्थिति बुझेर दिल्ली पुगी यस प्रकार सलाह गरे ॥७०॥

बहूनि वीतानि दिनानि मुख्यं स्व-बन्धु-राज्येषु हि नो विधेयम् ।
आः सप्तटीकासु वरीवृतीति नेतः परं सार्धमतश्चराम, ॥७१॥

अहो ! धेरै दिन वीति सके मुख्य आफ्ना दाजु भाईका राज्य सात टीकामा गर्नु पर्ने काम बाँकीनै छ, त्यसकारण अब सँगै न घुमौं ॥७१॥

खनाल-रानामगरा निवृत्ता अथैषु पूर्व सह वोहराभिः ।
गोरक्ष-भूमीश्वर-बान्धवानां क्रमेण देशान् नवकूट-मुख्यान् ॥७२॥

त्यसपछि तिनी (दूत) हरुमध्ये खनाल, रानामगर, वोहराहरु क्रमशः पूर्वपट्टी गोर्खाली राजाका दाजुभाईका नुवाँकोट् आदि देशमा फर्के ॥७२॥

पाण्डे कुलाऽर्ज्यालय-पन्थ-वंश्या मन्त्रानुसारं स्म वसन्ति दिल्ल्याम् ।
शशास भूमिं कुरुवंशभुक्तां यां पातशाहो यवनाधिराजः ॥७३॥

पाण्डे, अर्ज्याल, पन्थहरु परामर्श अनुसार कुरुवंशले पालियेका दिल्लीमा बसे जुन दिल्लीलाई मुसल्मानी राजा पातशाहले शासन गर्दथे ॥७३॥

ऐन्द्र्यां कदाचिद्दिशि लोहितायां सिन्दूरदानेन व भास्करेण ।
गोरक्ष-दूताः कृत-नित्य-कृत्यास्ते राजमार्गं प्रययुः पुरस्य ॥७४॥

कुनै समयमा सूर्यनारायणले सिन्दूर दिएर झैं पूर्व दिशा लाल भए पछि, गोर्खाली दूतहरू नित्यकर्म गरी सहरको मूल सडकमा गए ॥७४॥

ततः समागच्छति पातशाहो वाटं जना ! मुञ्चत मुञ्चत द्राक् ।
साम्रेडमुच्चैरिति भाषमाणाँस्ते पातशाहीय-भटानपश्यन् ॥७५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि 'बादशाहको सवारी भएको छ, झट्ट बाटो छोड र बार-बार चिच्चाएर यस्तो भन्ने बादशाहका शिपाहीलाई गोर्खाली दूत-हरुले देखे ॥७५॥

उपमा

आकर्णयन्तोऽपि तदीयवाचमभीरवो धर्षितवैरिवर्गाः ।
गोरक्षदूतास्तु ततो मृगेन्द्रा वृकस्य रेषादिव ते न चेलुः ॥७६॥

त्यो कुरा सुनेतापनि शत्रुलाई थर्काउने निर्भीक गोर्खाली दूतहरु ब्वाँसाको शब्द सुनेर सिंह झैं कत्ति यता उती हटेनन् ॥७६॥

ततः शिरस्त्रैर्लसदुत्तमाङ्गान् स-बाण-तूणीर-विराजितांसान् ।
गोरक्ष-मुद्राञ्चित-दक्षबाहून् विशालनेत्रान् दृढ-सन्धि-बन्धान् ॥७७॥

आजानुबाहूनभयाँल्ललामान् दीप्त्याऽन्यचक्षूंष्यपि मुष्णतस्तान् ।
विलोक्य कौतूहलतोऽन्वयुङ्क्त गोरक्ष-दूतानति पातशाहः ॥७८॥

त्यस पछि टोपीले शिर शोभित भएका, बाणले सहित भएका ठोक्राले काँध शोभित भएका गोर्खाका मुद्राले दाहिन हात शोभित भएका लामा आँखा, टन्न मिलेको शरीर भएका घुँडासंम पुगेका लामाहात भएका अतिराम्रा, तेजले अरुका आँखालाई झिलीमिली पार्ने गोर्खाली दूतलाई देखेर छक्क परेका बादशाह ले सोधे ॥७७॥७८॥

कुतो भवन्तः कथमत्र वीराः समागताः किं च चिकीर्षितं वः ।
किं बाण-विद्या-निपुणा ? यतोऽहं पश्यामि सर्वान् धृत-कार्मुकान् वः ७९

हे वीर हो ! तपाईंहरु यहाँ कहाँबाट आउनु भएको हो र किन आउनु भएको हो ? के गर्ने इच्छा गर्नु हुन्छ ? के बाणविद्यामा पनि सिपालु हुनु हुन्छ ? किनकि तपाईंहरु सबलाई धनु लिएको देख्तछु ॥७९॥

जिज्ञासुना प्रश्रयपूर्वमेवं ते पातशाहेन समीरितां ताम् ।
प्रतिब्रुवन्ति स्म निशम्य वाचं गोरक्ष-दूताश्च यथाऽनुयोगम् ॥८०॥

बुझ्नचाख गरेका बादशाहले नम्रता साथ भनेको उक्त कुरा सुनेर गोर्खाली दूतहरुले पनि प्रश्नानुसार उत्तर दिए ॥८०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्ष-देशाच्चलिता अवैतु भाषा नवीना अपि नूत्नदेशान् ।
द्रष्टुं चिकीर्ष्यं नृपतेर्हितं नो जानीम ईपन्नृप ! बाण-विद्याम् ॥८१॥

हे राजन् ! नयाँ भाषा सीखन र नयाँ देश देख्न गोर्खाबाट आएका हौं राजाको हित हुने काम गर्ने हाम्रो इच्छा छ, बाणविद्या केही जानेका छौं ॥८१॥

श्रुत्वेति तान् स्वानपि पातशाहे लक्ष्याणि भेत्तुं ब्रुवतीपुणा तु ।
केचित्तादीयाः स फला बभूवुर्धनुर्धरास्तापक-तारकेऽपि ॥८२॥

यती सुनेर बादशाहले बाणले तारो हान्न आफ्ना धनुर्धारीहरुलाई भन्दा, तावाको बनाएको तारोलाई पनि बादशाहका धनुर्धारी कुनैले भेदन गर्न सके (कमैले सकेनन्) ॥८२॥

राजन्निदं स्त्री-पृथुकादयोऽपि विध्यन्ति नस्तापकतारकं तु ।
इक्त्वेति तैः पट्टनटङ्कलक्ष्यं त्रिस्त्रिस्तु दूतैः प्रहृतं च सर्वैः ।८३॥

गोर्खाली दूतहरुले त हे राजन् ! यस्तो तारोत हाम्रा स्त्री जाति केटाकेटीले पनि भेदन गर्न सक्छन् भनेर सबैले पटनाका सूक्ष्म लक्ष्यलाई पनि तीन २ पटक भेदन गरे ॥८३॥

सविस्मयस्तानथ पातशाहो गोरक्ष-दूतानिति पृच्छति स्म ।
किं शीघ्रवेधं प्रहरन्त, शुद्ध-वेधं भवन्तोऽप्युत सार-वेधम् ॥८४॥

त्यस पछि छक्क परेका बादशाहले 'तपाञी हरुले चाँडो र सोझो मात्र भेदन गर्नु हुन्छ कि ? अथवा सारो लक्ष्य भेदन पनि गर्नु हुन्छ ?' भनि सोधे ॥८४॥

तेऽव्रीदृशं तादृशमप्यशङ्कं भेत्तुं समर्था इति तं ब्रुवन्तु ।
भूयोऽपि दिल्लीपतिचोदितास्ते विध्यन्त्ययासेन च सैरिभान् स्म ॥८५॥

तिनीहरुले निःसन्देह जस्तो पनि भेदन गर्न सक्छौं भनेर, बादशाहले भने अनुसार फेरी पनि राँगालाई सजिलै सङ्ग भेदन गरे ॥८५॥

दृष्ट्वान् परान् स्वान् विफलानवेक्ष्य स पातशाहः किल लक्ष्यवेधे ।
व्रीडोऽन्वितोऽन्तर्विमना अपीड्यान् बहिःप्रशंसत्यधिकं स्म दूतान् ॥८६॥

लक्ष्य भेदन गर्नमा पराई (गोर्खाली दूत) लाई सिपालु र आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई विफल भएको देखेर बादशाहले भित्र भित्र लाजले मन खिन्न गराएता पनि वाहिर गोर्खालीदूतको खूब प्रशंसा गरे ॥८६॥

तान् पातशाहोऽथ जगाद दूतान् ददामि भूमिं वसताऽत्र वीराः ! ।
भृतिं च गोरक्ष-नृपाल-देय-भृतेरहं द्वित्र-गुणामपीति ॥८७॥

त्यस पछि पातशाहले गोर्खाली दूतहरुलाइ हे वीर हो ! तपाञी हरुलाई मैले जमीन दिन्छु, वेतन पनि गोर्खाली राजाले दिने भन्दा द्वितीन गुना वढी दिन्छु यहीं वस्नुहोस् भने ॥८७॥

श्रुत्वेति दिल्लीश्वर-भाषितं ते गोरक्ष-दूता इति तं समूचुः ।
केचित् कदर्या धन-लोभतः स्वं विहाय देशं परमाश्रयन्ति ॥८८॥

दिल्लीका राजा (बादशाह) ले भनेको त्यो कुरा सुनेर, गोर्खाली, दूतले बादशाहलाई भनेः—कुनै लोभीहरु धनका लोभले आफ्नो देश छोडी अर्काको देशमा वस्तछन् ॥८८॥

लब्धेऽपि राजन् ! भवदीय-राज्ये स्वकीय-देशं न वयं जहीमः ।
कल्पद्रुमं काम-दुघं विहाय समाश्रयेत् को नु नरो रसालम् ॥८६॥

हे राजन् ! हजूरको राज्य पाएपनि हामीहरुले आफ्नो देश त्याग गर्दैनौं । इच्छालागेको वस्तु दिन सक्ने कल्पवृक्षलाई छोडेर आँपको रूख को आश्रय कसले गर्दो होला ॥८६॥

"यौष्माकदेशे जनताः कियत्यः" सन्तीति पृष्टेष्वमुना ब्रुवत्सु ।
संवर्ध्य संख्यामयुतं सहस्रे देशस्तु वः स्वल्प इतीर्यते स्म ॥६०॥

तपाञीहरुका देशमा जनता कति छन् भनि पातशाहले सोधेर संख्या वढाई कन बाह हजार छन् भन्दा (बादशाहले) देश त सानो रहे छ भने ॥ ६० ॥

देशे जना नः प्रतिजाति सन्ति तावन्मितास्तद्व्यपदेश उक्तः ।
संख्या जनानां त्वधिकाऽस्ति राजन्नित्युन्मनीषा समुदैरयंस्तम् ॥६१॥

प्रत्युत्पन्नमति गोर्खाली दूतले बादशाहलाई हाम्रा देशमा हरेकजाति बाह २ हजार छन् त्यसकारण बाहहजार पारिभाषिक नाम भनेको हो जन संख्यात घेरै छ" भने ॥६१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आस्तर्हि तु स्यान्ननु युष्मदीयो देशो महानित्यभिधाय दूतान् ।
स पातशाहः प्रययौ ततस्ते दूता न्यवर्तन्त च साधितार्थाः ॥६२॥

ओ हो ! तेसो भयेता तपाईंहरुको देशपनि ठुलो होला भनेर बादशाह गए। काम सिद्ध गरेका गोर्खाली दूतहरु पनि फर्के ॥६२॥

निवर्तमाना मथुरां प्रयागं स-लक्ष्मणं कर्णपुर-प्रदेशम् ।
गोरक्षदूता अपि कान्यकुब्जं सपादलक्षं किल झारखण्डम् ॥६३॥
अतीत्य ते वेदमठीं च पालीं सपालपां वर्त्मनि लुम्बिनीं च ।
नगं महाभारत-नामधेयं युताः खनालादिक-पुर्व-सार्थैः ॥६४॥

गोर्खालीदूतहरु फर्कँदा बाटामा मथुरा, प्रयाग, कानपुर, लखनौ कन्नौज, सवालाख झारखण्ड, (दाङ्ग देवखुरी आदि) वेदमटी, पाली, पालपा, लुम्बिनी, महाभारत पर्वतलाई पारगरी, खनाल आदि पहिलेका साथीहरु सङ्ग भेट् गरे ॥ ६३–६४ ॥

अथ ते शतहंङ्गसंज्ञ-देशं गरहङ्गं च तथा खलिङ्गसंज्ञम् ।
नवकूटमुखानतीत्य देशानपि गोरक्षमुपाययुः क्रमेण ॥६५॥

त्यस पछि तिनी दूतहरू शत, गर्हौं, खिलुङ, नुवाकोट आदि देश पार गर्दै क्रमशः गोरखा आई पुगे ॥६५॥

विदितस्थितिनीतिरीतितत्त्वाः प्रकृतीनां प्रियमप्रमेयबोधम् ।
विनयाऽवनता न्यवीविदँस्ते निखिलं वृत्तमुपेत्य रामसाहम् ॥६६॥

स्थिति, नीति, रीति, को तत्त्व बुझेका नम्रताले झुकेका ती दूतहरूले, जनप्रिय चिताइ नसकिने बोध भएका रामसाहका नजीक गई सारा वृत्तान्त निवेदन गरे ॥६६॥

गोरक्षसाह-वंशाख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
पूर्णश्चतुर्थ-सर्गोऽभूद् रामसाह-स्थितीडितः ॥६७॥

हरिप्रसादशर्मा आचार्यले बनाएका यस गोरक्षसाहवंश महाकाव्यमा रामसाहका स्थितिले स्तुत्य चतुर्थ सर्ग पूर्ण भयो ॥६७॥

—***—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चमः सर्गः

पुरोपदिष्टः सततं विधेयं रामस्य साहाय्य मितीश्वरेण ।
गोरक्षनाथेन दधत्तदाज्ञां राज्ञः सभायामथ लक्ष्मणोऽगात् ॥१॥

त्यसपछि, अँघी गोरखनाथ देवले "सदा रामसाहको सहायता गर्नु" भन्ने उपदेश गरिएका लक्ष्मणथापा गोरखनाथको आज्ञास्वीकार गरी राजा (रामसाह) को सभामा गए ॥१॥

वक्राङ्ग-शैले शिखरेऽनुभूतं गोरक्ष-संवादमभीष्ट-हेतुम् ।
भूपं विवक्षुः सहसा सभायां हेतुं विनोच्चैः स जहास थापाः ॥२॥

वक्राङ्पर्वतका शिखरमा अनुभव गरेको अभीष्टदिने गोरखनाथ सङ्ग को संवाद राजालाई बताउने इच्छा गरेका लक्ष्मणथापा विना कारण सभामा हाँसे ॥२॥

सर्वेषु सभ्येषु सुविस्मितेषु विना निमित्तं हसितं तदीयम् ।
विलोक्य लोकाधिपतिः स रामः पप्रच्छ तं तादृश-हास-हेतुम् ॥३॥

विना कारण उनको हँसाई देखेर सबै सभासद्हरु आश्चर्यमा परे र, राजा रामसाह पनि चकित भई लक्ष्मणथापालाई हाँसनाको कारण सोध्नु भयो ॥३॥

स प्रत्यवादीदिति सेनजीव-देवस्य राजन् ! ननु पालपायाः ।
पात्र्याः सभायां तनु-मध्यमायाः शाटयस्त्रसन्नर्तनमाचरन्त्याः ॥४॥

लक्ष्मणथापाले उत्तर दिएकि, हे राजन् ! पालपाली सेन राजा सभामा सानो (वारुले) कम्मर भएकी नाँचने महिलाको सारी नाँच्दा नाच्दै फुस्क्यो ॥४॥

विलोक्य तादृग्-घटनामकस्मात् स-भूमिभुग्-दर्शक-मण्डलेषु ।
सर्वेषु कौतूहलतः सभायां हसत्सु राजन् ! हसितोऽहमस्मि ॥५॥

एकाएक त्यस्तो घटना देख्दा राजा र एवं सबै हेर्नेहरु कुत्कुतीले सभामा हाँस्न लागेर म हाँसेको हुँ ॥५॥

श्रुत्वा वचो लक्ष्मण-भाषितं तत् सत्याथवेयं घटना मृषेति ।
जिज्ञासमानः प्रजिघाय पत्रं राज्ञे स रामोऽप्यथ पालपायाः ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मण थापाको कुरा सुनेर रामसाहले यो घटना साँचोहो या झूटो हो भनि जानकारी गर्ने इच्छाले पालपाली राजालाई पत्र लेख्नु भयो ॥ ६ ॥

श्रीरामसाहाय स सेनजीव-देवोऽपि सत्या घटनेति पत्रम् ।
लिलेख, तत्पत्रमवेक्ष्य रामो ययौ परं विस्मयमिद्ध-मेधः ॥७॥

पालपाली राजा सेनजीव देवले पनि घटना साँचो हो भनि श्रीराम-साहलाई पत्र लेखेर सो पत्र हेरी उज्ज्वल बुद्धि भएका रामसाह चकित पर्नु भयो ॥७॥

कियत्सु वीतेषु दिनेषु भूयः सर्वेषु सभ्येषु स-भूमिपेषु ।
स्थितेषु वासांसि ततः सभायां क्लिन्नानि निश्च्योतितवान् स थापाः ॥८॥

त्यस पछि केही दिन वीतेपछि फेरी राजा र सवै सभासद्हरु सभामा बसेको वेलामा ती लक्ष्मणथापाले भिजेका लुगा निचरे ॥८॥

स-विस्मये पृष्टवति क्षितीशे क्लिन्नानि वासांसि कथं तवेति ।
स लक्ष्मणो योग-विदां वरिष्ठः प्रत्यब्रवीत्तं नृपमाद्रिहेतुम् ॥९॥

चकित परेका रामसाहले तिम्रा लुगा कसरी भिजे भनि सोद्धा योग जान्ने हरुमा श्रेष्ठ लक्ष्मणथापाले राजा रामसाहलाई यस प्रकार कारण बताए ॥ ९ ॥

क्षितीश ! शुक्लेतरगण्डकीयजले निमग्नां वहु-यात्रि-पूर्णाम् ।
द्रोणीमिदानीं मयि गाहमाने क्लिन्नानि वासांसि समुद्दधीर्षौ ॥१०॥

हे राजन् ! ऐले कृष्णगण्डकीको जलमा धेरै यात्री हरुले भरिएको डुबेको डुँगा निकाल्न निमित्त म डुबदा कपड़ा भिजे ॥१०॥

चरानथ प्रेषयति स्म सद्यो ज्ञातुं यथार्थं घटनां नृपस्ताम् ।
गत्वा विदित्वा च निवृत्य राज्ञे न्यवीविदंस्ते च यथार्थ-तत्त्वम् ॥११॥

त्यो घटनालाई यथार्थ जान्ने इच्छाले राजा रामसाहले तुरन्त गुप्तचर पटाउनु भयो । तिनीहरुले पनि गई बुझी फर्केर राजा रामसाहलाई यस प्रकार सत्य कुरा निवेदन गरे ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यथा यदोक्तं नृप ! लक्ष्मणेन तथा तदैवाऽसित-गण्डकीये ।
मग्ना तरीर्वाणि यात्रि-पूर्णा समुद्धृता तेन सन्त्राससेति ॥१२॥

हे राजन् ! लक्ष्मणथापाले जुन समयमा जुन प्रकारवाट बताएका थिए त्यै समयमाप्रकारवाट नै कृष्ण-गण्डकीजलमा यात्रीहरुले भरिएको डुँगा डुबेको रहेछ र कपडै सित लक्ष्मणथापाले निकालेका रहेछन् ॥१२॥

अनेन वृत्तेन च पालपाया अतीन्द्रियेष्वप्युपपन्न-दृष्टिम् ।
अप्राकृतं भूमि-पतिर्विदित्वा स लक्ष्मणं तं रहसीत्यपृच्छत ॥१३॥

यो वृत्तान्त र पालपाको वृत्तान्त वाट पनि लक्ष्मणथापालाई दिव्य दृष्टि भएका अलौकिक पुरुष ठहराई राजा रामसाहले एकान्तमा यस प्रकार सोध्नु भयो ॥१३॥

अहो ! कथं लक्ष्मण ! पालपाया इह स्थितेनाऽवगतं नु वृत्तम् ? ।
द्रोण्युद्धृता वारिणि गण्डकीये त्वया निमग्नाऽप्रतिम-प्रभाव ! ॥१४॥

ठुलो प्रभाव भएका हे लक्ष्मण ! आश्चर्यको कुराछ कि यहाँ वसेका तिमीले पालपाको वृत्तान्त कसरी थाहा पायौ ? एवं गण्डकीको जलमा डुबेको डुँगालाई कसरी उठायौ ! ॥१४॥

आभ्यां तवाऽन्यैरपि कृत्यजातैरप्राकृतैर्विस्मित-मानसोऽस्मि ।
किं दिव्य-दृष्टिस्तपसोदितेयं देवाद् वरः किं भवतोत लब्धः ? ॥ १५ ॥

तिम्रा यिनी दुई काम र अरु अलौकिक कामवाट पनि मेरो मन छक्क परेको छ, तिम्रो दिव्य दृष्टिके तपस्याले भयो ? वा देवतावाट वर पाएका छौ ? ॥१५॥

श्रुत्वेति लब्धावसरोऽपि गोप्यं गोरक्षनाथ-प्रियमार्य-गृह्यम् ।
मत्वा क्षितीशं किल रामसाहं निवेदयामास च लक्ष्मणस्तम् ॥१६॥

यती सुनेर ती लखनथापाले सज्जनका सहायक रामसाहलाई गोरखनाथका प्रिय ठहराई गोप्य कुरा पनि मौका मिलेकोले गरे ॥१६॥

श्रीमन् महाराज ! पुरा प्रयाते तपो विधातुं भवति प्रयातः ।
वक्राङ्ग-शैलेऽस्मि दलानि चेतुं गोरक्षनाथं हरमालुलोकम् ॥१७॥

हे महाराज ! अघी तपाञी तपस्या गर्न गएको समयमा, वक्राङ्ग पर्वतमा पात टिप्न भनी गएको मैले गोरखनाथ शिवको दर्शन पाएँ १७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शीतांशु-मौलिमु निर्वेष-धारी सोऽष्टाङ्ग-योगं स-रहस्यमीशः ।
तदोपदिश्य स्पृहणीय-मूर्तिर्मां पायसं भोजितवान् कृपालुः ॥१८॥

त्यस वेला भव्यमूर्ति मुनिको भेष धारण गर्नु भएका कृपालु ती गोरखनाथ महादेवले रहस्य सहित अष्टाङ्ग योग उपदेश गरी खीर ख्वाउनु भयो ॥ १८ ॥

योग-प्रभावादपि चन्द्रमौले राजन् ! प्रसादादिति दिव्य-दृष्टिः ।
जाता मदीया प्रतिभाऽप्यपूर्वा ततो गुरुर्मां समुपादिशत् सः ॥१६॥

हे राजन् ! योगका प्रभावले र गोरखनाथका प्रसादले यस प्रकार मेरो दिव्यदृष्टि र प्रतिभा पनि अपूर्व भएको हो । त्यसपछि वहाँ गुरुले मलाई अति दिनु भयोः—॥१६॥

गोष्ठे पुरा लम्वयुगे सवित्री-निदेश-गोरक्षण-सत्क्षणाय ।
श्रीद्रव्यसाहाय मुदाऽन्वतोऽहमदां वरं लक्ष्मण ! योगि-रूपः ॥२०॥

हे लक्ष्मण ! अँघी लङ्घुङ् गोटमा आमाको आज्ञाले गाईको सेवा गर्न तत्पर रहेका द्रव्यसाहलाई प्रसन्न भइ योगीको रूप लिएको मैले वर दिएको हूँ ॥२०॥

गोरक्ष-राजो भवितासि वत्स ! नेपाल-मुख्यानपि वंशजास्ते ।
उरु-प्रभावा महनीय-भावा भोक्ष्यन्ति देशानितरानपीति ॥२१॥

हे बाबु ! तिमी गोर्खाका राजा हुनेछौ, ठूलो प्रभाव एवं राम्रो स्वभाव भएका तिम्रा सन्तानले नेपाल आदि अरु देशको पनि पालन गर्नेछन् २१

तदीय-पौत्रो मतिमान् विनम्रस्तीर्थे तपः सम्प्रति ताकुमाख्ये ।
जितेन्द्रियो नीति-विदां वरिष्ठः श्रीरामसाहो नृपतिर्विधत्ते ॥२२॥

उन (द्रव्यसाह) का नाती बुद्धिमान्, नम्र, नीति जान्नेहरुमा श्रेष्ठ, इन्द्रिय वश गरेका राजा रामसाहले ऐले ताकुम तीर्थमा तपस्या गर्दै छन् ॥ २२ ॥

रम्याणि कृत्यानि स आर्य-गृह्यो नृपो विधातैधयिता च राज्यम् ।
अतः सदा त्वं भव तत्सहायः संभावयिष्याम्यहमप्यलक्ष्यः ॥२३॥

सज्जनका पक्षपाती तिनी राजाले राम्रो काम गर्नेछन् राज्य पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढाउने छन् । अतः तिमी सदा उनको सहाय बन्नु म पनि अलक्ष रूपले संरक्षण गर्नेछु ॥२३॥

अन्तर्दधावित्युपदिश्य देवस्ततः स्मरँस्तच्चरणाऽब्जयुग्मम् ।
शैलान्निवृत्तोऽहमिहाऽधुनापि स दर्शनं पर्वसु मे ददाति ॥२४॥

गोरखनाथ यस्तो अर्ति दिई अन्तर्धान हुनु भयो । त्यस पछि म वहाँका चरणकमल संझदै पर्वतबाट फर्कें । आजभोली पनि मलाई पर्व पर्वमा दर्शन दिनु हुन्छ ॥२४॥

श्रुत्वेति राज्ञा मुदितेन पृष्टो राज्यं कथं लक्ष्मण ! मे विशालम् ।
अवेदिति प्रत्यवदत् स भूयो भूपं कथं मां नृप ! पृच्छसीदम् ॥२५॥

येती सुनेर हर्षित भएका राजाले' 'हेलक्ष्मण ! मेरो राज्य विशाल कसरी हुन सक्छ ?'' भनी सोधिएका लखनथापाले राजालाई उत्तर दिए:–हे राजन् ! यो कुरा मलाई किन सोध्नु हुन्छ ! ॥२५॥

अंशेन लक्ष्म्या अपि कालिकायाः प्रभो ! पृथिव्यां स्थितयेऽवतीर्णा ।
जानाति सर्वं तव धर्म-पत्नी सा पृच्छ्यमानोपदिशेदिदन्तु ॥२६॥

हे प्रभु ! लक्ष्मी एवं कालिकाका अंशबाट स्थितिका निमित्त पृथिवीमा अवतार लिनु भएकी तपाईंकी महारानीलाई सब थाहा छ यो कुरा त वहाँलाई सोधे बताउनु होला ॥२६॥

परुत् कदाचिन्निशि साध्य-पात्रो देव्या सुधर्मां सममेतु-कामः ।
अहं बहिर्द्वारमलक्षितोऽन्यैः प्रतीक्षमाणोऽवसमीश्वरीं ताम् ॥२७॥

पोर कुनै समयमा महारानीका साथ देवसभामा जाने इच्छाले हातमा पूजासामग्रीको भाँडो लिई अरूले देख्न न सक्ने गरी ढोका बाहिर वहाँलाई मैले पर्खेर बसेको थिएँ ॥२७॥

कैलाशकूटाङ्गणतोऽथ चेटी-रूपाः पुरस्ताद् गण-देव्य आयुः ।
ततः पुमान् कश्चन तस्य पश्चाददर्शि पाता महिषी च दिव्या ॥२८॥

त्यस पछि कैलासकूटका आँगनबाट पहिले केटी जस्ता गणदेवीहरू आए । उनका पछि कुनै पुरुष र त्यो पुरुष पछि दिव्यरूप लिएकी महारानी पनि देखिनु भयो ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोऽयं पुमान् स्याद्यमनुप्रयाति देवीति राजन् ! मयि वीक्षमाणे ।
निःसृत्य विद्युद्गमनेन सद्यःपुमान् मृगेन्द्रोऽभवदग्रतो मे ॥२९॥

हे राजन् ! जस्को पछि महारानी हुनुहुन्छ, यो पुरुष को होला भनी मैले हेर्दा हेर्दै त्यो पुरुष बिजुली को जस्तो हिंडाईले तुरुन्त निस्केर मेरा अगाडि सिंह बन्यो । २९ ।

पृष्ठे मृगेन्द्रस्य ततोऽध्यरोहज्ज्योतिर्मयी सा बहिरेत्य देवी ।
तथा मृगेन्द्रस्थितयैव सार्धं रम्यां सुधर्मामगमं नरेन्द्र ! ॥३०॥

हेराजन् ! त्यसपछि बाहिर आएर तेजपुञ्जले युक्त भएकी देवि सिंहको पीठमा चढनु भयो सिंहमा चढेकी वहाँ सँगनै देवसभामा गएको थिएँ ॥३०॥

समं मनःकामनया हलेशी श्रीखड्गपाऽम्बा नृप ! जालपाश्च ।
श्री कालिकास्तत्र च दन्तकाली श्रीमालिकाःसंसदि सिद्धकाली ॥३१॥

हे राजन् ! त्यस सभामा मनःकामना हलेशी खाँडापत देवी जालपाहरु कालिकाहरु दन्तकाली मालिकाहरु सिद्धकाली पनि पाल्नु भयेको थियो ३१

श्रीभद्रकाली नृप ! गुह्यकाली नन्दा च शाकम्भरिकाऽऽन्नपूर्णा ।
श्रीवज्रयोगिन्यचला भवानी ज्वालामुखी सैरिभमर्दिनी सा ॥३२॥

हे राजन् ! भद्रकाली, गुह्यकाली, अलकनन्दा, शाकम्भरी, अन्नपूर्णा, वज्रयोगिनी, अचला, भवानी, ज्वालामुखी, महिषासुरमर्दिनीः-॥३२॥

वागीश्वरी श्रीभ्रमराऽम्बिकाऽऽयुः श्रीविन्दुवासिन्यपि भैरवी च ।
कौमार्यपि श्रीरणसेन्युपेता वराहशक्त्या सह भीमकाली ॥३३॥

वागीश्वरी, भुँवरभवानी, विन्दुवासिनी, भैरवी, कौमारी, रैण्यासैनी, वाराही, भीमकाली पनि आउनु भएको थियो ॥३३॥

सिद्धेश्वरश्चन्दननाथ-तारा-नाथौ किरातेश्वर-रत्ननाथौ ।
केदारनाथो बदरीश्वरश्च पाताल-पूर्वो भुवनेश्वरोऽसौ ॥३४॥

सिद्धेश्वर, चन्दननाथ, तारानाथ, किरातेश्वर, रत्ननाथ, केदारनाथ, बदरीनाथ, पातालभुवनेश्वर ॥३४॥

श्रीमुक्तिनाथः पशुपालनाथो मत्स्येन्द्रनाथश्च स-नीलकण्ठः ।
वागीश्वरः खेचरनाथ-तुङ्गनाथौ मुकुन्देश्वर-भैरवेशौ ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्तिनाथ, पशुपतिनाथ, मत्स्येन्द्रनाथ, नीलकण्ठमहादेव, वागेश्वर, खोचरनाथ, तुङ्गनाथ, मुकुन्देश्वर, भैरवेश्वर ॥३५॥

श्रीनागनाथो गणनाथ-वैद्य-नाथौ सहस्रेश्वर-भैरवाश्च ।
व्यासो वटादित्य-घटाल-वीर-भद्रैः समं श्रीशकुनीश्वरोऽपि ॥३६॥

नागनाथ, गणनाथ, वैद्यनाथ, सहस्रेश्वर, भैरवहरु, व्यास ऋषि, वड़ादित्य, घटाल, वीरभद्र, शकुनि महादेव ॥३६॥

श्रीस्पर्शनाथश्च नटेश्वरोऽपि मठेश्वरो मण्डपनाथ ईशः ।
जलेश्वरः शृङ्गि-गलेश्वरौ च भृगुहृषीकेश्वर-पाण्डुकेशौ ॥३७॥

पारसनाथ, नटेश्वर, मटेश्वर, मण्डपनाथ, जलेश्वर, शृङ्गी ऋषि, गलेश्वर, भृगुऋषि, हृषीकेश, पाण्डुकेश्वर, ॥३७॥

सोमेश्वराद्या इतरे च देवाः स्व-शक्ति-युक्ताः समवेतवन्तः ।
गुरूपदिष्टेन मयाऽर्चितास्ते सङ्गत्य सर्वे व्यमृशँस्तदेति ॥३८॥

सोमेश्वर आदि अरु देवहरु पनि आफ्ना २ शक्ति सहित आउनु भएको थियो, गुरुको उपदेश अनुसार मैले पूजा गरेर सवैले एक मत गरी यस प्रकार परामर्श गर्नु भयो ॥३८॥

सर्वैर्मिलित्वाऽत्र हिमाल-खण्डे राष्ट्रं दृढं स्थापयितव्यमार्यः ।
गोरक्ष-वंशस्तपसा पवित्रो भर्ता सतां स्यादसतां च शास्ता ॥३९॥

हामी सवै देवी देवताहरु मिलेर यस हिमालखण्डमा दरीलो राष्ट्र स्थापित गर्नु पर्छ, गाईको रक्षा गर्ने तपस्याले पवित्र गोर्खाली राजाको वंशलाइ सज्जनको रक्षा र दुर्जनको दमन गर्न शक्ने गराउनु पर्छ ॥३९॥

देवी मृगेन्द्रोपरि राजमाना निवर्तमाना सदसो नरेन्द्र ! ।
कैलाशकूटेऽभवदिन्दु-कान्तिः सा प्राकृतीवाऽपि पुमान् मृगेन्द्रः ॥४०॥

सभावाट फर्कदा सिंहमाथि विराजमान हुनु भएकी महारानी कैलाशकूटमा आएपछि चन्द्रमाको जस्तो कान्ति भएकी प्राकृत महिला जस्ती बन्नु भयो सिंहपनि मानिस बन्यो ॥४०॥

अद्याऽपि सा पर्वसु दिव्य-रूपा ज्योतिर्मयी गच्छति सिंह-याना ।
राजन् ! सुधर्मामनुयाम्यहं तामायान्ति देवाश्च स-शक्तयस्ते ॥४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे राजन् ! आज भोली पनि पर्वपर्वमा तेज पुञ्ज युक्त दिव्यरूप धारण गरी वहाँ सिंहमा चढ़ेर देवसभामा जानु हुन्छ मपनि वहाँको पछि जान्छु, आफ्ना २ शक्ति सहित ती देवताहरु पनि आउनु हुन्छ ॥४१॥

श्रुत्वेति राजा नितरां प्रसन्नो देवीमहं लक्ष्मण ! दिव्य-रूपाम् ।
गोरक्षनाथं च कुलेष्ट-देवं द्रष्टुं समर्थः कथमित्यपृच्छत् ॥४२॥

येती सुनेर अतिशय प्रसन्न हुनु भएका राजा रामसाहले हे लक्ष्मण ! मैले दिव्यरूपा रानीलाई र कुलदेव गोरखनाथलाई कसरी देख्न शक्छु ! भनि सोध्नु भयो ॥४२॥

निशम्य भूयः स जगाद भूपं यदाऽष्टमी स्यान्नवमी च राजन् !
चतुर्दशी तद्-रजनी-चतुर्थ-यामे तदङ्गं ननु शीतलं स्यात् ॥४३॥

यो कुरा सुनेर ती लक्ष्मणथापाले फेरी राजालाई भने:–हे राजन् ! अष्टमी, नवमी, चतुर्दशीका रातीको चौथा पहरमा महारानीको आङ् चीसो होला ॥४३॥

अङ्गं ममोष्णं किमु शीतलं ते सा पृच्छ्यमानेति भणिष्यति त्वाम् ।
उष्णं मदीयाङ्गमपीति देवी भवेत्तदानीं च तदङ्गमुष्णम् ॥४४॥

मेरो आङ् तातो छ तिम्रो आङ् किन चीसो छ ? भनि सोधिएकी महारानीले तपाईंलाई मेरो आङ् पनि तातोछ भन्नु हुनेछ र त्यस बेलामा महारानीको आङ्पनि तातो होला ॥४४॥

इतो द्वितीये नृप ! मासि पूर्णे भौमाष्टमी या भविता तदा सा ।
रात्रौ यथापूर्वमदभ्र-तेजा मृगेन्द्र-याना व्रजिता सुधर्माम् ॥४५॥

आजका दुइ मैना पछि भौमाष्टमीका राती अँधी जस्तै तेजस्विनी भएर सिंहमा चढी देवसभामा जानु हुनेछ ॥४५॥

निवर्तमानां रजनी-तुरीय-यामे च देवीं नृप ! दिव्य-रूपाम् ।
कैलाशकूटाङ्गण-राजमानो द्रष्टासि साक्षाद् हरिवाहनीं ताम् ॥४६॥

रातीका चौथा पहरमा कैलाशकूटका आँगनमा विराजमान हुनु भएका तपाईंले (सभावाट) फर्केकी दिव्यरूप धारण गरेकी सिंहमा चढ़ेकी महारानीलाई साक्षात् देख्नु हुनेछ ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्वं निर्भयः का त्वमिति ब्रुवाणो विद्युत्प्रभायाः पुरतोऽम्बिकायाः ।
इम्भेस्तदा द्रक्ष्यसि देवदेवं गोरक्षनाथं स्व-कुलेश्वरं च ।।४७।।

त्यस समयमा तपाञी न डराईकन तिमी को होउ ! भन्दै बिजुलीको जस्तो तेज भएकी देवीका अगाडी उभीनु होला र देवदेव आफ्ना कुलेश्वर गोरखनाथको पनि दर्शन पाउनु हुनेछ ।।४७।।

राजा निशम्येति कदोपयाति भौमाष्टमीति त्वरमाण-चेताः ।
प्रतिक्षणं सोऽनुभवन्निवाऽब्दं यथा कथञ्चित् समया चकार ।।४८।।

येती सुनेर राजा रामसाहले भौमाष्टमी कैले आउला भनि अत्यन्त मन अत्त्याई हरेक क्षणलाई वर्ष जस्तो अनुभव गर्दै येन केन प्रकारेण समय बीताउनु भयो ।।४८।।

शीतोष्ण वृत्तिं वपुषो महिष्या राजा स साक्षात् कृतवान यथोक्तम् ।
भौमाष्टमी-रात्रि-तुरीय-यामे कैलाशकूटाङ्गणमाजगाम ।। ४९ ।।

माथि बताए अनुसार रानीको आङ् चीसो एवम् तातो हुने कुरा साक्षात् गरेका राजा रामसाह भौमाष्टमीका राती चौथा पहरमा कैलाश कूटका आँगनमा आउनु भयो ।।४९।।

ततो मृगेन्द्रोपरि राजमानां निवर्तमानां सदसो नरेन्द्रः ।
ज्योतिर्मयीं पश्यति दिव्य-रूपां श्रीरामसाहो महिषीं क्षणात् स्म ।।५०।।

केही बेर पछि श्रीरामसाहले सभाबाट फर्किनु भएकी, सिंहमा चढ्नु भएकी तेज पुञ्जले युक्त भएकी दिव्यरूपा महारानीलाई देख्नु भयो ।।५०।।

देवी तदा सा च मुदान्वितेन त्वं का ! भण द्रागिति निर्भयेण ।
नृपेण पृष्टा नृपतिं विनीता राजँस्तवाऽहं महिषीत्यवादीत् ।।५१।।

त्यस समया हर्षित भई निर्भय साथ "तिमी को हौ ! भन" भनि राजाले सोधिएकी देवीले विनय पूर्वक "हे राजन् ! म तपाञीकी रानी हूँ" भन्नभयो ।।५१।।

तदैव देवोऽप्यनुगम्यमानो गोरक्षनाथः प्रिय-लक्ष्मणेन ।
प्राप्तस्तदीयाङ्घ्रि-सरोज-युग्मं श्री रामसाहः प्रणनाम हृष्टः ।।५२

त्यसै समयमा प्रिय लखन थापाले अगाडी लगाइएका गोरखनाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवपनि आइपुग्नु भयो र वहाँका चरणकमलमा हर्षित हुनु भएका श्रीराम साहले ढोग दिनु भयो ॥५२॥

ततो विनीते नृपतौ पुरस्ताद् बद्धाञ्जलवुम्ति तां विनीताम् ।
आज्ञापयामास वरं नृपाय देवि ! प्रदेहीति स देवदेवः ॥५३॥

त्यस पछि नम्रताले युक्त भएका राजा अञ्जलि बाँधेर अगाडी उभिनु भयो, देवदेव गोरखनाथले राजालाई वर दिनुहोस् भनि विनयवती देवीलाइ आज्ञा गर्नु भयो ॥५३॥

आज्ञापिता सा प्रददौ नृपाय वरं स्थितिस्ते प्रथिता पृथिव्याम् ।
प्रायो विना सङ्गरमेव राजन् ! स्वयं कियद् वर्धयितासि राज्यम ५४

यस प्रकार आज्ञा गरिएकी देवीले राजालाई वर दिनु भयो तपाञीको स्थिति पृथिवीतलमा फैलिने छ, प्रायः युद्ध न गरीकन आफै केही राज्य बढाउनु हुनेच्छ ॥५४॥

राजाऽस्मदीयाऽन्वय-दीप-रूपो भावी भवत्तो भुवि सप्तमःसः ।
नेपाल-मुख्यान् समरेण देशान् विजित्य सम्राड् भवितोर्जित-श्रीः ५५

तपाञीदेखि सातौं राजा पृथ्वीमा हाम्रो वंशका बत्ती स्वरूप हुनेछन्, उनी युद्ध द्वारा नेपाल आदि देशलाई जितेर ठूलो ऐश्वर्यशाली चक्रवर्ती बन्ने छन् ॥५५॥

गोरक्ष-राष्ट्रं स तदा विशालं प्राच्यां विशेषेण च पश्चिमायाम् ।
नृपो विधातोत्तरतोऽप्यवाच्यां स्वल्पं, जयश्चोत्तर-सन्धिना स्यात् ५६

उनले त्यस समयमा गोर्खा राष्ट्रलाई विशेष गरेर पूर्व पश्चिममा विशाल गराउने छन्, उत्तर दक्षिण पट्टी केही बढाउने छन्, उत्तर तीर सन्धि गर्नाले विजय होला ॥५६॥

उक्त्वेति देव्यां विरतिं गतायां गोरक्षनाथोऽपि तदा नरेन्द्रम् ।
देव्या यदुक्तं नृप ! तत् तथा स्तादाशीः प्रयुज्येति पुनर्जगाद ॥५७॥

येती भनि देवी चुप लागे पछि त्यस समयमा राजालाई गोरखनाथलेपनि रानीले भने अनुसार होओस् भनि आशीर्वाद दिएर फेरी भन्नु भयो ॥ ५७ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ततोऽपि वंश्या भवतो भवेयुः सद्-विक्रमा धर्षित-वैरि-वर्गाः ।
पृथ्वी-भुजः सङ्गर-वाद्यनादैर्दिल्लीं च ते गुञ्जयितार आर्याः ॥५८॥

त्यस पछि पनि तिम्रा सन्तानहरु प्रचण्ड पराक्रम भएका, शत्रुलाई झस्काउने हुनेछन्, सज्जनका सहायक तिनी राजाहरुले रणभेरी द्वारा दिल्लीलाई पनि घन्काउने छन् ॥५८॥

अलक्ष्य-रूपा वयमप्यजस्रं गोरक्ष-सैन्येषु हि सङ्गराय ।
स्थास्यमानेष्वभितः सहायास्तद्वीर्य-तुष्टा भवितास्म आर्यः ॥५९॥

युद्धका निमित्त गोर्खाली सैन्यहरु प्रस्थान गर्दा उनीहरुका पराक्रम-वाट प्रसन्न भएका हामीहरु पनि अदृश्यरूप भई सर्वदा सर्वथा सहाय बन्नेछौं ॥५९॥

नयैक-चक्षुष्क-महीश्वराणां स-चन्द्र सूर्याऽङ्कित-केतनानि ।
दोधूयमानानि दिगन्तराणि संमण्डयिष्यन्त्यखिलानि राजन् ॥६०॥

नीतिनै मुख्य नेत्र भएका तिनी राजाहरुका फर्फर गर्ने चन्द्र सूर्यले शोभित ध्वजाहरुले दिग्दिगन्तलाई अलङ्कृत गराउने छन् ॥६०॥

उक्त्वा तथाऽन्तर्दधतीश्वरेऽस्मिन् देव्या तथा सार्धमपि क्षितीशः ।
लब्ध-प्रसादो मुदितान्तरङ्गः प्रासाद-गर्भं प्रविवेश रामः ॥६१॥

त्यस प्रकार भनेर गोरखनाथ अन्तर्धान हुनु भए पछि राजा रामसाह पनि रानी सहित भई वर पाएको ले प्रसन्न मन गराई राजभवन भित्रप्रवेश गर्नु भयो ॥६१॥

गोरक्षनाथेन कुलेश्वरेण देव्या च दत्ताद् वरतोऽपि पूर्वात् ।
स्फुरन्मतिः किन्नर गीत-कीर्ती रराज राजा सुर-वर्णित-श्रीः ॥६२॥

कुलदेव गोरखनाथले र देवी (महारानी) ले दिएका वर प्रभावले अँघी भन्दापनि वढी बुद्धि फुरेका किन्नरहरुले गाई एको कीर्ति भएका देवता हरुले वर्णन गरिएको ऐश्वर्य भएका राजा सुशोभित हुनु भयो ६२

तदाऽभियोगान् कठिनाँस्त्रिमल्ले द्वाविंशतौ सेनयुते किराते ।
एवं चतुर्विंशति-पर्वतादि-देशेष्वशक्तान् विविधान् विवेक्तुम् ॥६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्ष-देशे प्रहितान् नय-ज्ञः सन्तोष्य वादि-प्रतिवादि-वर्गान् ।
सदुग्ध-पानीय-विवेक पूर्वं निर्णीतवान् संसदि रामसाहः ॥६४॥

त्यस समयमा तीनमल्ल,बाइसी,पाँचसेन, १२ किरात,एवम् चौबीसी, पर्वत आदि देशमा छानबीन गर्न न शकिएर गोर्खामा पठाइएका कठिन-कठिन अभियोग (मुद्दा) पनि नीतिज्ञ रामसाहले वादी प्रतिवादी हरुलाइ सन्तुष्ट पारी नीर क्षीर विवेक पूर्वक (दुदको दुद पानीको पानी छानी) सभामा निर्णय गरिदिनु हुन्थ्यो ॥६३-६४॥

कास्कीं हि विद्या-विलये व्रजन्तु न्याये विलीने तदवाप्ति-कामाः ।
गोरक्षमित्यर्थवती हिमाले जनश्रुतिस्तत्समयात् प्रसिद्धा ॥६५॥

त्यस समय देखि हिमाल खण्डमा "विद्या हराए कास्की जानु, न्याय हराए गोर्खा जानु" भन्ने सार्थक जन श्रुति प्रसिद्ध भयो ॥६५॥

कूटस्य मेरोरलकाङ्ग-देवरल्योर्नृ पान् वोल्लयति स्म पञ्च ।
सोद्याङ्गलीकस्य च धूमकूट-स्तोमस्य रामो नय-विज्ञरेन्द्रः ॥६६॥

नीतिज्ञ राजा रामसाहले मीरकोट, लकाङ् देउराली, च्याङ्ली, धुवाँकोटका पाँच राजाहरुलाइ बोलाउनु भयो ॥६६॥

स्तोमेभ्य एवं समुपागताँस्तान् रामः सभायामुपवेश्य नम्रः ।
पीयूषधारामिव वर्षयन् सन् संमान-पूर्वं निजगाद राज्ञः ॥६७॥

यस प्रकार धुम २ वाट आएका तिनी राजाहरुलाई सभामा वसाले र रामसाहले नम्रता साथ अमृतका धारा वर्षाउनु हुन्छ कि भने जस्तो गरी संमान पूर्वक भन्नु भयो ॥६६॥

मानेऽपमानेऽप्यजये जयेऽपि समादरेऽनादरणेऽपि लोकाः ।
सुखं च दुःखं प्रिय-मित्र-वर्ग ! तुल्यं हि सर्वेऽनुभवन्त्यशङ्कम् ॥६७॥

संसारमा मान वा अपमान, विजय वा पराजय, आदर वा अनादर भएमा हे प्रिय मित्रवर्ग ! सबैले सुख वा दुःख निःसंदेह समान अनुभव गर्छन् ॥ ६७ ॥

जाताः स्वतन्त्रा मनुजाः प्रकृत्या समान आत्माऽसु-भृतां समेषाम् ।
अङ्गानि तुल्यानि तथेन्द्रियाणि न वीर-वर्योऽभिभवेत्पराँस्तत् ॥६८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यहरु स्वभावलेनै स्वतन्त्र जन्मेका हुन्छन्, सब-प्राणीका आत्मा अङ्गहरु र एवं ज्ञानेन्द्रिय कर्मेन्द्रिय पनि समान हुन्छन् अतः श्रेष्ठ वीरले अरुलाई हेप्नु हुँदैन ॥६८॥

जिताश्च शस्त्रैः समये कदाचिल्लब्धे विपत्तान् प्रतियान्ति तस्मात् ।
न शस्त्रमात्राद् वशगा विधेया जेयं मनो येन चिरं स्थिरं स्यात् ६९

हतियारले जिते पनि मौका पाए (जितीएका) शत्रुहरु लाग्दछन्, अतः हतियारले मात्र वश गर्न ठीक हुँदैन, मनलाई जित्नु पर्छ जस्वाट धेरै कालसम्म स्थिर रहन सकोस् ॥६९॥

अतो न जेता न पराजिताश्च वयं समाना इत उत्तरं माम् ।
गृह्णीत गृह्णाम्यहमप्यनन्य-प्रीत्या हि युष्मान् यदि रोचते वः ॥७०॥

जितने र हार्ने कोई न भई हामीहरु बराबर छौं, अतः अब उप्रान्त यदि तपाञीहरुलाई मन पर्छ भने तपाञीहरुले मलाई स्वीकार गर्नु होस्, मैले पनि ठुलो प्रेमका साथ तपाञी हरुलाई स्वीकार गर्दछु ॥७०॥

एवं स्थितेऽन्यैः क्षितिपैरजय्या भवेम मित्राणि ! वयं च वीरैः ।
पृथङ् नखच्छेद्य-तृणैश्च मत्तः प्रबध्यते सम्मिलितैस्तु दन्ती ॥७१॥

यस प्रकार रहे, हामीहरुलाई अरु बलिया राजाहरुले पनि जित्न सक्तैनन्, अलग भए नङ्ले चेवँट्न सकिने तीरनले पनि मिले पछि मत्त हात्तीलाई बाध्न शक्छन् ॥७१॥

सत्ता न नः स्यान्न हि रोचते चेत् पाश्चात्य-भूपैरधरीकृतानाम् ।
विचारवन्तः स्वयमेव यूयं तस्मादहं किं बहु वर्णयानि ॥७२॥

यो कुरा मन पार्न भएन भने पाश्चात्य राजाहरुवाट तिरस्कृत भई हामीहरुको अस्तित्व रहने छैन तपाञीहरु स्वयं विचारवान् हुन् हुन्छ, अतः मैले धेरै के भनु ! ॥७२॥

श्रुत्वेति रामस्य वचो मनोज्ञं ते स्तोम-राजा मुदितान्तरङ्गाः ।
निवेदयामासुरहो ! चरित्रं सतामवेद्यं हि भवादृशानाम् ॥७३॥

यस प्रकार रामशाहको मनोहर कुरा सुनेर प्रसन्न मन भएका पाँच थूमका ती राजाहरुले रामसाहलाई निवेदन गरे कि:–अहो ! तपाञी जस्ता सज्जनको चरित्र जानी न सक्नु हुन्छ ॥७३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यः खड्ग हस्तो युधि भीम-मूर्तिः क्षणेन संहर्तुमपि प्रभुर्नः ।
वयं समाना इति सौम्य-मूर्तिर्यदाह तन्नो हरते मनांसि ॥७४॥

संग्राममा डर लाग्दो मूर्ति भएका जस्ले हातमा खड्ग लिने हो भने हामीहरुलाई एक छिनमा संहार गर्न सक्नु हुन्छ। त्यस्ता तपाञीले सौम्यमूर्ति भई "हामीहरु समान छौ" भनी जो भन्नु भयो त्यसले हाम्रो मन आकर्षित गर्दछ ॥७४॥

एष स्वभावो महतां यदूनान् संमानयन्ति प्रभवोऽपि दम्यान् ।
दन्ती न किञ्चित् कुरुते मद-च्युन्निजोत्तमाङ्ग-स्थित-षट्पदालिम् ७५

यो श्रेष्ठ महान् हरुको स्वभाव हो, कि आफुले दमनगर्न सकिने लाई पनि संमान गर्दछन्, आफ्नो शिरमा वसेका भ्रमरको लस्करलाई मद चुहाउने हात्तीले केही गर्दैन ॥७५॥

तद् रोचते वाढमुदीरतं नः प्रभो! ऽधुना यद्भवता वयं तत् ।
स्वे स्वे नियोज्या अधिकारि-रूपा देशे भवानेक-नराधिपोऽस्तु ॥७६॥

अतः हे प्रभु तपाईँले जे भन्नु भयो त्यो कुरा हामीहरुलाई अतिशय मन पर्छ। त्यस कारण हामीहरुलाइ आफना देशमा अधिकारी बनाउनु होस र देशमा तपाञी एक राजा हुनु होस् ॥७६॥

इति जित-हृदयाँस्तान् प्रेम-शस्त्रेण भूपान्
नियुयुज उरु-धामा सम्मतैरेव तेषाम् ।
निज निज-विषये श्रीरामसाहोऽधिकारे
स्वयमभवदुदारः सार्वभौमोऽप-गर्वः ॥७७॥

ठूलो तेज भएका अभिमान न भएका उदार श्रीरामसाहले यस प्रकार प्रेमरूपी शस्त्रले हृदय जितीएका तिनी राजाहरुलाई तिनीहरुका सम्मतिलेनै आफ्नो आफ्नो देशमा अधिकारी वनाई आफु चक्रवर्ती बन्नु भयो ७७

गोरक्षसाह-वंशाख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
पूर्णोऽभूत् पञ्चमः सर्गो रामसाह-महोदयः ॥७८॥

हरिप्रसादशर्मा आचार्यले वनाएका यस गोरक्षसाहवंश महाकाव्यमा रामसाहको ठूलो उदय भएको पाँचवाँ सर्ग पूर्ण भयो ॥७८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठः सर्गः

अथ प्रसन्नो नृपतिः सभायां जगाद रामो निज-भारधारान् ।
दिल्ल्यां यदुक्तं चतुरैर्भवद्भिर्वचोऽधुनाऽपूपुरीदीश्वरस्तत् ॥१॥

यसपछि प्रसन्न हुनु भएका राजा रामसाहले "चतुर तिमीहरूले दिल्लीमा जे कुरा भनेका थियौ त्यो कुरा ईश्वर वाट आज पूरा भयो" भनि भनि आफ्ना भारदारलाई सभामा भन्नु भयो ॥१॥

न्यवेदयँस्ते प्रति जाति-संख्यां प्रभो ! समुद्दिश्य तथाऽभणाम ।
अपूरयिष्यज्जगदीश एतत् तदाऽभविष्याम हि पूर्ण-कामाः ॥२॥

भारदारहरूले "हामीहरूले हरेक जातिको संख्यालाई उद्देश्य गरेर त्यस्तो भनेका थियौं, हे प्रभो ! यदि यो कुरा ईश्वरवाट पूर्ण भयो भने मनोरथ पूर्ण हुने थियो" भनि निवेदन गरे ॥२॥

राज्ये स्वकीये स च मध्यभागं स्तोमानिव प्रागुदितान्नरेन्द्रः ।
अमीमिलद् वीक्ष्य तदीय-वृद्धिमीर्ष्यान्वितो लम्बयुगेश्वरोऽभूत् ॥३॥

त्यस पछि राजा रामसाहले माथि वताइएका थुमलाई (युद्ध न गरी कन) मझुवालाई पनि आफ्नो राज्यमा मिलाउनु भयो। रामसाइको उन्नति देखेर लंजुँगे राजाले डाह गर्नलागे ॥३॥

गोरक्ष-राज्यस्य स मेरुकूटादुच्चाङ्गलीतोऽभिययौ समन्तात् ।
लिग्लिङ्गकूटादलकाङ्गतोऽपि साहाय्य युग् लम्बयुगाऽधिराजः ॥४॥

अरु राजाहरुवाट सहायता लिएर लंजुङे राजाले मीरकोट, च्याङ्ली, लिग् लिग्कोट, लकाङ्वाट गोर्खाका चारै तिर चढाइ गरे ॥४॥

पप्रच्छ तद् राम इति स्व-देवीमन्यैः क्षितीशैः सह भीमसैन्यः ।
प्राप्तोऽधुना लम्बयुगेश आरात् कुर्यामहं किं वद साम्प्रतं तत् ॥५॥

अतः रामसाहले आफ्नी रानी संग "अरु राजाहरु संग मिलेर ठूलो सैन्य लिएर लंजुङ्गे राजा आए अब मैले के गरु !" त्यो कुरा बताउ भनी सोध्नु भयो ॥५॥

बिभेतु राजन् ! न भवान् सपत्ना धर्मेतरं ते सततं श्रयन्ति ।
वयं हि धर्मं सततं श्रिताः स्मो जयस्ततः स्याद् यत एव धर्मः ॥६॥

।यतो धर्मस्ततो जयः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे राजन् ! तपाजी नडराउनु होस् शत्रुहरु सदा अधर्ममा लागेका छन्, हामीहरुले सदा धर्मको आश्रय गरेकाछौं, जता धर्म छ विजय त्यतैने हुन्छ ॥६॥

इतीरितो भूमि-पतिर्महिष्या तुतोष तस्या महिमाऽवगामी ।
अतः स्वकीय विजयं स मत्वा धीरोऽलकाङ्ग प्रजिधाय सैन्यान् ॥७॥

यस प्रकार रानीले निवेदन गरिएका, रानीको महिमा जानेका धीर राजा रामसाहले हर्षित भई आफ्नो विजय हुने संझी सैन्यहरुलाई लकाङ्ग पठाउनु भयो ॥७॥

सैन्यैर्व्रजद्भिः करवाल-हस्ता ज्योतिर्मयी काचन कन्यका तैः ।
योगी पुरः स्फाटिक कुण्डलाढ्यः काषाय-वासा ददृशे त्रिशूली ॥८॥

प्रस्थान गर्दामा ती सैन्यहरुले अगाडीमा कुनै हातमा खड्ग लिएकी तेजोमयी कन्या र स्फटिकका कुण्डल पहिरेका गेरुआ वस्त्र लगाएका त्रिशूल लिएका योगीलाई देखे ॥८॥

अन्तर्हितौ तौ मुदितेषु तेषु गोरक्ष-सैन्येष्वथ गुञ्जयत्सु ।
गोरक्ष-काली-जय-सिंहनादैः सद्यो नभामण्डलमिष्ट-देवौ ॥९॥

त्यसपछि गोर्खाली सैन्यहरुले जय गोरख काली भनी सिंहनादले आकाश मण्डललाई, गुञ्जित गराउँदा एकाएक ती दुवै इष्ट देवता अन्तर्धान हुनु भयो ॥९॥

गोरक्ष-काल्यौ युधि नः सहायौ मत्वेति धीरा निशितास्त्र-जालैः ।
संहत्य योद्धृनपि दुर्दमाँस्तान् गोरक्ष-वीरा विभयाः प्रजह्नुः ॥१०॥

युद्धमा गोरखनाथ र काली हाम्रा सहाय हुनु हुन्छ भन्ने संझी धीर गोर्खाली वीरहरुले, मिलेर लड्ने हुनाले दमन गरि न शकिने थियेतापनि तिनीहरुलाइ तीखा हतियारले निर्भय साथ प्रहार गरे ॥१०॥

मत्तेभ-यूथानि व सिंह-सङ्घा रंहोऽनिलस्येव घनान् क्षणात्तान् ।
विद्रावयन्ति स्म रण- प्रचण्डा गोरक्ष-वीरा अपि संहताँस्तान् ॥१०॥

सिंहका समूहले हात्तीका बथानलाई झैं, वायुका वेगले मेघलाईझैं युद्धमा प्रचण्ड भएका गोर्खाली वीरहरुले एक छिनमा युद्ध स्थलबाट संयुक्त भएता पनि तिनीहरुलाई लखेटे ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ततोऽन्य-कूटेभ्य उरु-प्रभावा उत्साहवन्तो जित-वैरि-वर्गाः ।
गोरक्ष-वीराः समराग्र-दक्षाः पलाययन्ति प्रतिपक्षिणः स्म ॥१२॥

ठूलो प्रभाव भएका शुत्रुलाई जितेका युद्धका अगाडी डट्ने गोर्खाली वीरहरुले त्यस पछि अरुकोटबाटपनि प्रतिपक्षी हरुलाई लखेटे ॥१२॥

युद्धात् प्रयत्ने विफले तदानीमीर्ष्याऽन्वितो लम्बयुगाधिराजः ।
श्रीरामसाहं छलतो जिगीषुश्चाँग्या-सुरत्राण-नृपौ जगाद ॥१३॥

त्यस समयमा युद्धबाट प्रयत्न विफल भएपछि डाह गर्ने लंजुङ राजाले छल गरी रामसाहलाई जित्ने इच्छाले चाँग्या र सुरतानलाई भने ॥१३॥

देशानशेषान् कवली-चिकीर्षु गोरक्ष-भूपः शनकैस्तरस्वी ।
साम्नेव देशान् बहुशः समीपान् गृह्णन्निदानीं प्रतिभाति मित्रे ॥१४॥

हे मित्र हो ! सुस्त सुस्त सारा देशमा अधिकार गर्न चाहने बलवान् गोर्खाली राजाले नजीकका धेरै देशलाई ऐले शान्ति लिए झैं गरी लिएको प्रतीत हुन्छ ॥१४॥

उपेक्ष्यमाणस्तु समेधमानो गृह्णीत सोऽस्मानचिरादपीति ।
मत्वाऽभियातेन बताऽहमेव जितः सपत्नेन चतुर्मुखोऽपि ॥१५॥

बढ्दै गएको त्यसलाई उपेक्षा गरेमा हामीलाईपनि चाँडैनै अधीनगर्ला भनेर चारतीरबाट चढाई गरेको थिएँतापनि उसैलेनै मलाई जित्यो ॥१५॥

एवं क्रमेणैव तु वर्धमानो गृह्णीत वामप्युरु-सैन्य-सङ्घः ।
सङ्ग्राम-जय्यो न स भाति तस्माज्जेयो भवद्भ्यां छलतो बलाद्वा ॥१६॥

यस्तै प्रकारबाट बढ्दै गयो भनेत धेरै सैन्य भएको त्यसले तपाञी दुइ लाईपनि अधीन गर्ला, सङ्ग्राम द्वारा जित्न न सकिने जस्तो छ, त्यस कारण तपाञी दुईले छलबाट वा बलबाट जित्नपर्‍यो ॥१६॥

न व्याधि-शेषं न च वह्नि-शेषं न शत्रु-शेषं प्रसहेत धीमान् ।
आहुर्नयज्ञा इति वर्धमानास्ते दुर्निवारा यत उद्विजन्ते ॥१७॥

रोगको शेष, आगाको शेष, शत्रुको शेष बुद्धिमान्ले न सहनू भनि नीति जान्नेहरु भन्द छन्, किनकि ती बढ्दै गए भने हटाउन न सकिने भई दुःख दिन्छन् ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इतीरितौ तौ पर-वाक्-प्रतीतौ चाँग्या-सुरत्राण-नृपौ स्व-देशात् ।
प्रजिध्यतुर्गूढचरान् स्वकीयान् रामं जिघांसू छलतः कदाचित् ॥१८॥

यस प्रकार भनिएका अर्काका कुरामा विश्वास गर्ने ती चाँग्यार सुरतान राजाले छल द्वारा रामसाहलाई मार्ने इच्छा गरी कुनै समयमा आफ्ना गुप्तचर हरु पठाए ॥१८॥

सम्प्राप्य गोरक्षमितीरयन्ति राम स्म चाराः पटु-मानिनस्ते ।
शिखामिवाऽग्नेरपिधाय मोहात् कक्षेण निर्वापयितुं प्रवृत्ताः ॥१९॥

गोर्खामा पुगेर मोहवश आगाको ज्वालालाई खरले ढाकेर निभाउन खोज्ने जस्ता आफुलाई चतुर संझने ती गुप्तचरहरुले रामसाहसित भने १९

विनाऽपराधं हत-नीति-मार्ग-चाँग्या-सुरत्राण-महीपतिभ्याम् ।
सर्वस्वमाहृत्य च वारपाकान्निर्वासिता हन्त! वयं शरण्य! ॥२०॥

हेशरण्य! नीतिको मार्ग छोडेका चाँग्या र सुरतान राजाले विना अपराध सर्वस्व हरण गरी हामीहरुलाई वारपाक (आफ्नो देश) वाट निकाली दिए ॥२०॥

अतोऽसहायाः शरणं शरण्य! दयाऽऽर्द्र-चित्तं वयमागतास्त्वाम् ।
प्रभो! दयालोऽनुगृहाण दीनानस्मान भवत्पाद-सरोज-भृङ्गान् ॥२१॥

अतः सहाय नभएका हामीहरु शरण लिने दयाले हृदय पग्लिने तपाईका शरणमा आएका छौं, हे दयालु प्रभु! तपाईका चरण कमलका भ्रमर स्वरूप हामीहरुलाई अनुग्रह गर्नु होस् ॥२१॥

श्रुत्वेति राजा मतिमान् नय-ज्ञः श्रीरामसाहो भवतां कियद्भिः ।
दिनैः करिष्याम्युचितं प्रबन्धं वसन्तु तावत् सुखमित्युवाच ॥२२॥

यी कुरा सुनेर बुद्धिमान् नीतिज्ञ श्री रामसाहले "केही दिनमा तपाजीहरुको उचित प्रवन्ध गरि दिउँला त्यहाँ संम सुख पूर्वक वस्नु होस्" भनु भयो ॥ २२ ॥

अथेङ्गिताद्यैः पर-भाव-वोधान् रहस्यवोचन्निज-भारधारान् ।
न भोट्ट-जातिर्झटिति स्वजातिंजाते विवादेऽपि जहाति नूनम् ॥२३॥

यस पछि चेष्टा आदिवाट अरुको अभिप्राय बुझ्न सक्ने आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भार धारहरुलाई एकान्तमा भन्नु भयो:–भोटेहरुले झगडा परेतापनि आफ्नो जातिलाई झट्ट त्याग गर्दैनन् ॥२३॥

तस्मादिमान् गूढचरानिहेतानस्मद्विपक्ष-प्रहितानवैमि ।
अतो भवन्तोऽपि कियन्त्यहानि चरित्रमेषां निपुणं विदन्तु ॥२४॥

त्यस कारण यहाँ आएका यिनीहरु हाम्रा शत्रुले पठाएका गुप्तचर हुन्कि जस्तो लाग्दछ, अतः तपाईंहरुलेपनि केही दिन यिनीहरुको चरित्र राम्ररी बुझ्नु होला ॥२४॥

इतीरितास्ते नृप-भारधारा निभालनाय प्रयता बभूवुः ।
ते वारपाका अथ भूपतिभ्यां स्वाभ्यां स्म पत्रं विफला लिखन्ति ॥२५॥

यस प्रकार भनिएका राजभारधार हरुले विचार गर्न लागे, यस पछि ती वारपाकी गुप्तचरहरुले विफल भई आफ्ना राजालाई पत्र लेखे ॥२५॥

दुर्बोधमत्रत्य-रहस्यमस्ति प्रजा नृपं तातमिवाऽऽश्रयन्ति ।
नृपश्च लोकाँस्तनुजानिव स्वान् प्रेमार्द्र-चित्तो मनुते नरेन्द्रौ ! ॥२६॥

हे राजाहरु ! यहाँको रहस्य बुझ्न नसकिने छ, प्रजाहरुले राजालाई पिता जस्तो मान्दछन् । प्रजाहरुलाई प्रेमले हृदय पग्लिने राजाले आफ्ना छोरा जस्तो मान्दछन् ॥२६॥

अलङ्घिताऽऽज्ञोऽपि नृपः प्रजानां मतेन कार्याणि समादधाति ।
आर्त्ते शरण्यो विनयी न तस्माद् बलेन जय्योऽस्ति न वा छलेन २७

आज्ञालाई कसैले काट्न सक्तैन ता पनि प्रजाका मतबाट सबै कामको समाधान गर्दछन्, शरणमा आएकाको रक्षागर्ने विनयी छन्, त्यस कारण बल वा छल द्वारा पनि जित्न सकिंदैन ॥२७॥

ज्ञात्वेति पत्रान्नितरां विषण्णौ चाँग्या-सुरत्राण-नृपावमीभ्यः ।
प्रजिघ्यतुः पत्रमितोऽन्य-वीरा निदेशिताः सन्ति भवत्सहायाः ॥२८॥

पत्रबाट उक्त कुरा ज्ञातगरी खिन्न भई चाँगा र सुरतान राजाले यिनीहरुलाई पत्र पठाए:–तिमीहरुको सहायतार्थ यहाँबाट अरु वीर पनि पठाइएका छन् ॥२८॥

स्वः कार्यमद्यैव यदद्य तद्द्राङ् मत्वेति रामं मृगया-मिषेण ।
नीत्वा वनं घ्नन्तु वसन्तु कालं नेतोऽधिकं तत्र समाप्त-कृत्याः ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इतीरितौ तौ पर-वाक्-प्रतीतौ चौंग्या-सुरत्राण-नृपौ स्व-देशात् ।
प्रजिध्यतुर्गूढचरान् स्वकीयान् रामं जिघांसू छलतः कदाचित् ॥१८॥

यस प्रकार भनिएका अर्काका कुरामा विश्वास गर्ने ती चौंग्यार सुरतान राजाले छल द्वारा रामसाहलाई मार्ने इच्छा गरी कुनै समयमा आफ्ना गुप्तचर हरु पठाए ॥१८॥

सम्प्राप्य गोरक्षमितीरयन्ति राम स्म चाराः पटु-मानिनस्ते ।
शिखामिवाऽग्नेरपिधाय मोहात् कक्षेण निर्वापयितुं प्रवृत्ताः ॥१९॥

गोर्खामा पुगेर मोहवश आगाको ज्वालालाई खरले ढाकेर निभाउन खोज्ने जस्ता आफुलाई चतुर संझने ती गुप्तचरहरुले रामसाहसित भने १९

विनाऽपराधं हत-नीति-मार्ग-चौंग्या-सुरत्राण-महीपतिभ्याम् ।
सर्वस्वमाहृत्य च वारपाकान्निर्वासिता हन्त ! वयं शरण्य ! ॥२०॥

हेशरण्य ! नीतिको मार्ग छोडेका चौंग्या र सुरतान राजाले विना अपराध सर्वस्व हरण गरी हामीहरुलाई वारपाक (आफ्नो देश) वाट निकाली दिए ॥२०॥

अतोऽसहायाः शरणं शरण्य ! दयाऽऽर्द्र-चित्तं वयमागतास्त्वाम् ।
प्रभो ! दयालोऽनुगृहाण दीनानस्मान् भवत्पाद-सरोज-भृङ्गान् ॥२१॥

अतः सहाय नभएका हामीहरु शरण लिने दयाले हृदय पग्लिने तपाईका शरणमा आएका छौं, हे दयालु प्रभु ! तपाईका चरण कमलका भ्रमर स्वरूप हामीहरुलाई अनुग्रह गर्नु होस् ॥२१॥

श्रुत्वेति राजा मतिमान् नय-ज्ञःश्रीरामसाहो भवतां कियद्भिः ।
दिनैः करिष्याम्युचितं प्रबन्धं वसन्तु तावत् सुखमित्युवाच ॥२२॥

यी कुरा सुनेर बुद्धिमान् नीतिज्ञ श्री रामसाहले "केही दिनमा तपाञीहरुको उचित प्रबन्ध गरि दिउँला त्यहाँ संम सुख पूर्वक वस्नु होस्" भनु भयो ॥ २२ ॥

अथेङ्गिताद्यैः पर-भाव-वोधान् रहस्यवोचन्निज-भारधारान् ।
न भोट्ट-जातिर्झटिति स्वजातिंजाते विवादेऽपि जहाति नूनम् ॥२३॥

यस पछि चेष्टा आदिवाट अरुको अभिप्राय बुझ्न सक्ने आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भार धारहरुलाई एकान्तमा भन्नु भयो:–भोटेहरुले झगडा परेतापनि आफ्नो जातिलाई झट्ट त्याग गर्दैनन् ॥२३॥

तस्मादिमान् गूढचरानिहेतानस्मद्विपक्ष प्रहितानवैमि ।
अतो भवन्तोऽपि कियन्त्यहानि चरित्रमेषां निपुणं विदन्तु ॥२४॥

त्यस कारण यहाँ आएका यिनीहरु हाम्रा शत्रुले पठाएका गुप्तचर हुन्कि जस्तो लाग्दछ, अतः तपाईंहरुलेपनि केही दिन यिनीहरुको चरित्र राम्ररी बुझ्नु होला ॥२४॥

इतीरितास्ते नृप-भारधारा निभालनाय प्रयता बभूवुः ।
ते वारपाका अथ भूपतिभ्यां स्वाभ्यां स्म पत्रं विफला लिखन्ति ॥२५॥

यस प्रकार भनिएका राजभारधार हरुले विचार गर्न लागे, यस पछि ती वारपाकी गुप्तचरहरुले विफल भई आफ्ना राजालाई पत्र लेखे ॥२५॥

दुर्बोधमत्रत्य-रहस्यमस्ति प्रजा नृपं तातमिवाऽऽश्रयन्ति ।
नृपश्च लोकाँस्तनुजानिव स्वान् प्रेमार्द्र-चित्तो मनुते नरेन्द्रौ ! ॥२६॥

हे राजाहरु ! यहाँको रहस्य बुझ्न नसकिने छ, प्रजाहरुले राजालाई पिता जस्तो मान्दछन् । प्रजाहरुलाई प्रेमले हृदय पग्लिने राजाले आफ्ना छोरा जस्तो मान्दछन् ॥२६॥

अलङ्घिताऽऽज्ञोऽपि नृपः प्रजानां मतेन कार्याणि समादधाति ।
आस्ते शरण्यो विनयी न तस्माद् बलेन जय्योऽस्ति न वा छलेन २७

आज्ञालाई कसैले काट्न शक्तैन ता पनि प्रजाका मतबाट सबै कामको समाधान गर्दछन्, शरणमा आएकाको रक्षागर्ने विनयी छन्, त्यस कारण बल वा छल द्वारा पनि जित्न शकिंदैन ॥२७॥

ज्ञात्वेति पत्रान्नितरां विषण्णौ चाँग्या-सुरत्राण-नृपावमीभ्यः ।
प्रजिघ्यतुः पत्रमितोऽन्य वीरा निदेशिताः सन्ति भवत्सहायाः ॥२८॥

पत्रबाट उक्त कुरा ज्ञातगरी खिन्न भई च्याँगा र सुरतान राजाले यिनीहरुलाई पत्र पठाए:–तिमीहरुको सहायतार्थ यहाँबाट अरु वीर पनि पठाइएका छन् ॥२८॥

श्वः कार्यमद्यैव यदद्य तद्द्राङ् मत्वेति रामं मृगया-मिषेण ।
नीत्वा वनं घ्नन्तु वसन्तु कालं नेतोऽधिकं तत्र समाप्त-कृत्याः ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोली गर्नें काम आज, आज गर्नें काम तुरुन्त ऐले नै गर्नु पर्छ भन्ने संझी सिकार खेल्ने निहुँले रामसाहलाई वनमा लगी मारूं, काम समाप्त गरी अब त्यहाँ धेरै समय न विताउनू ॥२९॥

आगत्य नूत्ना इतरेऽपि भूयस्तत्राऽवसन् पण्य-मिषेण चाराः ।
रामः स दोषाष्टक-वर्जितोऽपि कर्तुं वनेऽगान्मृगयां कदाचित् ॥३०॥

त्यस पछि गोर्खामा अरु नयाँ गुप्तचरहरु पनि व्यापारको छलगरी बसे, राजा रामसाह द्यूतादि आठ दोषले रहित हुनु हुन्थ्यो ता पनि कुनै समयमा सिकार खेल्न भनी वनमा जानु भयो ॥३०॥

नूत्नाः पुराणा अपि वारपाक-चारा ययुस्तेन समं तदानीम् ।
रराज राजा शश-सङ्घ-मध्ये स्थितो व शार्दूल उरु-प्रभावः ॥३१॥

वहाँका साथमा नयाँ पुराना वारपाकी गुप्तचर पनि गए, त्यस समयमा ठूलो प्रभाव भएका राजा रामसाह चौघोडाका बथानका बीचमा रहेको सिंह जस्तै शोभित हुनु भयो ॥३१॥

गतेषु रामानुचरेषु दूरं ते वारपाकीय-चरास्तु रामम् ।
व्यद्धुं प्रवृत्ता बत ! बाण-जालैरेकाकिनं सर्वत एव सर्वे ॥३२॥

रामसाहका अनुचरहरु टाढै पुगेको समयमा एकला रामसाहलाई ती सबै वारपाकी गुप्तचरले जताततै वाट बाण जालले भेदन गर्न थाले ३२

गुरूपदिष्टाऽद्य हि बाण-विद्या ममोपयोगित्वमुपैतु सज्जाः ।
वर्तध्वमुक्त्वेत्यभयः समन्तादेकाक्यनेकैर्युयुधे च रामः ॥३३॥

रामसाह पनि गुरुले उपदेश गरेको मेरो बाणविद्या उपयोगी बनोस, तयार रहु भनी निर्भय साथ जताततै एक्लै अनेक सँग लड्नू भयो ॥३३॥

रामं तदा तैः सह युध्यमानं वनान्तराद् वीर-वराः स्वकीयाः ।
प्राप्ताः स्म पश्यन्ति व कार्तिकेयं वीरैर्विपक्षैः सह युध्यमानम् ॥३४॥

तिनीहरु संग रामसाह लड्न लागेको वेलामा अर्कोवनवाट आएका आफ्ना श्रेष्ठ वीरहरुले रामसाहलाई वीर शत्रुसंग लड्न लागेका स्वामी कार्तिक जस्ता देखे ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री रामसाहोऽथ जगौ स्व-वीरान् मृगान् मृगेन्द्रा यदि मारयेयुः ।
स्तुतिर्न तेषां भवतीति धीरा वध्या न नः किन्त्वरयो हि बन्ध्याः ३५

त्यस पछि श्री रामसाहले आफना वीरहरुलाई भन्नु भयो:-हे धीरहो ! सिंहहरुले मृगहरुलाई मारे भने सिंहहरुको केही प्रशंसा हुँदैन, अतः हामीहरुले शत्रुलाई मार्न हुँदैन बाध्नु पर्छ ॥३५॥

गोरक्ष-वीरा नृपतेस्तदाज्ञामादाय मूर्ध्ना सकलान् विपक्षान् ।
बद्ध्वाऽऽनयँस्तान् मृगया-स्थलं द्राक् श्रीरामसाहोऽथ जगौ स्वकीयान्३६

ती गोर्खाली वीरहरुले राजाको आज्ञा शिरोपर गरी सबै शत्रुलाई तुरुन्त बांधेर सिकार खेल्ने टाउँमा ल्याए र रामसाहले आफ्ना वीरहरुलाई भन्नु भयो:-॥३६॥

चाँग्या-सुरत्राण-मही-पतिभ्यां तातेन संधिर्विहितः पुराऽऽसीत् ।
एतै स्तयोर्भाव्यमतो न चारैः स्युः केन चाराः प्रहिता इहेति ॥३७॥

चाँग्या र सुरतान राजासंग आँघी बुवाज्यूले संधि गर्नु भएको थियो त्यस कारण यिनीहरु तिनी दुई राजाका गुप्तचर नहुनु पर्छ यहाँ कसले गुप्तचर पटायो होला ॥३७॥

पृष्टास्ततस्ते झटितीङ्गित-ज्ञैर्गोरक्ष-वीरैर्विदिता हि सद्यः ।
चामीकरीय-द्रव-लिप्त-रीतिर्वह्नौ पतन्ती निज-रूपमेति ॥३८॥

त्यसपछि अन्सारले थाहा पाउने गोर्खाली वीरले सोधिएका ती बारपाकीहरु चिनिए, ठीक हो सुनको पायन चोबेको पित्तल आगामा पर्दा तुरुन्त आफ्नो रूप लिन्छ ॥३८॥

पुरा युवाभ्यां मम तात-पादः सन्धिं व्यधादित्यहमप्यनन्ये ।
मित्रे स्वकीये मतवानभूवं परन्तु चित्तो मलीने तु वां स्तः ॥३९॥

आँघी तिमिहरु संग हाम्रा बुवाज्यूबाट सन्धि गर्नु भएकोले मैले पनि अनन्य मित्र संझेको थिएँ तर तिमीहरुका मन मलिन रहेछन् ॥३९॥

पर-प्रतीत्या विहितं युवाभ्यां मत्वाऽहमद्य प्रथमाऽपराधम् ।
सहेऽन्यथाऽद्यैव युवां स-सैन्यः सद्योभियायां गत-भीति-लेशः ॥४०॥

तिमीहरुले गरेको पहिलो अपराधलाई अर्काका विश्वासले गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टहराई मैले आजलाई सहें नत्र भने तिमी दुइ माथि डरको लेश नराखी आजै सैन्य सहित तुरुन्त चढाई गर्ने थिएँ ॥४०॥

विस्मृत्य वामाग इतोऽपि सन्धि दृढीचिकीर्षुर्मनसेति चारैः ।
चाँग्या-सुरत्राण-महीपतिभ्यां तैरेव पत्रं प्रजिघाय रामः ॥४१॥

"अब पनि तिमी दुईको अपराध बिर्सी मनले सन्धि बलियो गराउन चाहन्छु" भन्ने पत्र रामसाहले तिनै दूतहरु द्वारा चाँग्या र सुरतान राजालाई पठाउनु भयो ॥४१॥

अवेत्य रामस्य निधेर्गुणानां प्रभावमौदार्यमथाऽनुतप्तौ ।
चाँग्या-सुरत्राण-नृपौ स-लज्जौ पत्रेण रामं शरणं स्म यातः ॥४२॥

गुणका निधि रामसाहको प्रभाव र उदारता जानेर पछुताई लजाएका चाँग्या र सुरतान राजा पत्र द्वारा रामसाहको शरणमा परे ॥४२॥

स्व-भारधारा अथ रामसाहं स षट्-स्थला नीति-विदां वरिष्ठाः ।
दयाऽऽर्द्र-चित्तं जित-षट्-सपत्नं निवेदयामासुरमेय-सत्त्वम् ॥४३॥

त्यस पछि नीति जान्नेहरुमा श्रेष्ठ ६ थर सहित आफ्ना भारधारहरुले दयालु काम क्रोध आदि ६ शत्रु जितेका सोंची न शक्किने पराक्रम भएका रामसाहलाई निवेदन गरेः—॥४३॥

प्रभो ! न विश्वासमुपेहि भूयो लब्धेऽवकाशेऽप्यरि-कक्ष-वह्निम् ।
मायाविनौ तौ प्रहरिष्यतस्त्वां घटो हि भिन्नो न दृढोऽपि लिप्तः ॥४४॥

हे प्रभु ! तपाञीले विश्वास न गर्नु होस् फेरी मौका परेमा ती दुइ कपटीले शत्रुरूपी खरका अग्निस्वरूप भएता पनि तपाञीलाई प्रहार गर्ने छन्, फुटेको गाग्रो लेशेपनि बलियो हुन शक्तैन ॥४४॥

अतो महाराज ! लिखेति पत्रं पत्रेण विश्वासमुपैमि नाऽहम् ।
दद् धर्मनद्यां युवयोर्मयैव दार्ढ्याय सन्धेरपि सङ्गमोऽस्तु ॥४५॥

अतः हे महाराज ! "पत्रले म विश्वास गर्दैन त्यस कारण सन्धि बलियो बनाउन निमित्त दरौंदी बालुवाच्याङीमा तपाञी दुइको म सङ्ग भेट हुनु पर्छ" भन्ने पत्र लेख्नु होस् ॥४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वेद्युरन्तः पुलिनं तदा तौ मायाविनौ तत्र निलापिताऽस्त्रैः।
बध्यौ न चांऽहोऽभिभवेत् प्रभोऽस्मान् न्याय्यं हि धर्म्यं च शठेषु शाठ्यम्

त्यस समयमा अघिल्ला दिन वालुवाव्यासीमा पुरेर राखेका हतियारले तिनी कपटीलाई मानु पर्छ, हे प्रभु! हामीहरुलाइ पाप पनि लाग्ने छैन किनकि धूर्तमा धूर्त्याइँ गर्नु न्याय सङ्गत र धर्म सङ्गत पनि हुन्छ ॥४६॥

रामेण पत्रे प्रहिते तथा तौ चाँग्या-सुरत्राण-नृपावुपैतुम् ।
स्वी-चक्रतू राममवारयन् स्वे तत्र प्रयाणादिह भारधाराः ॥४७॥

रामसाहले माथि भने अनुसार ती दुइ राजालाई पत्र पठाए पछि ती चाँग्या र सुरतान राजा आउन स्वीकार गरे, यता रामसाहलाई आफ्ना भारधारहरुले त्यहाँ (वालुवाव्यासी) जान दिएनन् ॥४७॥

ते राजभक्ता नृप-रामसाहं चूहान-वंश्यं कमपि प्रकल्प्य ।
तेनोक्त-नद्यां समुपेत्य जघ्नुश्चाँग्याऽभिधानं तु पलायताऽन्यः ॥४८॥

ती राजभक्त भारधारहरुले यौटा चूहानलाई राजा रामसाह वनाई उनका साथ दगौंदी वालुवाव्यासीमा गएर चाँग्यालाई मारे अर्को (सुरतान) भागे ॥४८॥

ऊर्वीश-हीना इति वारपाकाः स्वी-चक्रुरुर्वी-पतिमेव रामम् ।
वारेऽतिथिर्हस्त-गते बभूव द्राक् स्यारतानोऽपि सहैव तेन ॥४९॥

यस प्रकार राजा न भएका वारपाकीहरुले रामसाहलाई नै राजा माने, वारपाक हात लागे पछि त्यसको साथ स्यार्तान पनि तुरुन्त अधीन भयो ॥ ४९ ॥

ते वारपाका अथ रामसाह-स्नेहार्द्र-चित्ता अवबोध्य लोकान् ।
शतोत्तराष्टादशखोल-देशं गोरक्षराज्ये सममीमिलँश्च ॥५०॥

यस पछि रामसाहका स्नेहले मन पग्लेका ती वारपाकीहरुले जनतालाई संझाई अठारसय खोलालाई पनि गोर्खाराज्यमा मिलाए ॥५०॥

गोरक्ष-देशाद् ययतुर्भवानी पाण्डेभटैः स्वैः सह सर्वधारौ ।
स्थिति-प्रचाराय च पिङ्गराङ्ग-राना नृपेण प्रहितावुदीचीम् ॥५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थिति प्रचार गर्न निमित्त राजाले पठाइएका सर्दार भवानी पाण्डे र सर्दार पिहर राना आफ्ना सैन्य सहित गोरखावाट उत्तर तीर गए ।।५१।।

प्राप्य क्रमात् केरुङ-संज्ञ-देशं गुल्माऽधिपान् दर्शित-बाह्य-तोषान् ।
स्थितिं स्वकीयामवबोध्य भोट्टान् स्वीकार्य विश्वस्य ततः प्रयातौ ।।५२।।

क्रमशः केरुङ पुगेर बाहिर हर्षित भए जस्ता टानाका भोटे सैनिकलाई आफ्नो स्थिति बुझाइ (सिकाई) स्वीकृत गराई विश्वासपरी त्यहाँवाट हिंडे ।।५२।।

यातोस्तयोः कुक्कुरघट्टमत्र स्पर्धां व्यधुर्गुल्म-निवासिनस्तु ।
अवेत्य वृत्तान्तमिमं ततस्तौ युद्धं व्यधातां सह तैर्निवृत्तौ ।।५३।।

ती दुइ भवानीपाण्डे, पिहरराना, कुकुर घाट पुगे पछि यहाँ (केरुङमा) चौकी मा वस्ने भोटे सैनिकले खुर्जी खोजे र भवानी पाण्डे र पिहरराना फर्की तिनीहरु सङ्ग युद्ध गरे ।।५३।।

हा ! पिह्ररो वीर-गतिं भवानीपाण्डेश्च लेभे युधि, पिह्वरस्य ।
भोट्टाःस्व-भूपं समयोत्तमाङ्गं निन्युः पलायन्त तथाऽपि नाऽन्ये ।।५४।।

दुःखको कुरा छ कि सर्दार पिहर राना र सर्दार भवानी पाण्डेले युद्धमा वीरगति प्राप्त गरे सर्दार पिहररानाको शिर भोटेहरुले आफ्ना राजाका पास लगे तै पनि अरु वीरहरु भागेनन् ।।५४।।

अन्येऽपि वीरास्तदवेत्य वृत्तं गोरक्ष-देशात्त्वरितं प्रयाताः ।
केचिन्निवृत्ताः कृत-सन्धयोऽन्ते स्व-राज्य-सीमी-कृत रोषिखोलाः ।।५५।।

त्यो वृत्तान्त थाह पाई गोर्खावाट अरु वीरहरु पनि तुरुन्त गए, अन्तमा रोषि खोला (रसुवा खोला) लाई आफ्नो राज्यको सीमा बनाई सन्धि गरी केही फर्के (कुनै वहीं नै वसे) ।।५५।।

परेण गर्गेण व दुर्लभाऽऽख्य-ज्योतिर्विदोक्तेऽथ शुभे मुहूर्ते ।
प्रतस्थिरे दिग्विजयाय वीरा गोरक्षदेशात् समराग्र-धीराः ।।५६।।

त्यस पछि दोस्रा गर्ग ऋषि जस्ता दुर्लभ ज्योतिषीले वताएको शुभ मुहूर्तमा संग्रामका अगाडी धीर भएका गोर्खा वीरहरुले दिग्विजय गर्न गोर्खावाट प्रस्थान गरे ।।५६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शल्यायनीयैरपनीत-नौकां लोलत्तरङ्गां प्रबल-प्रवाहाम् ।
भीम-स्वनामध्वनि गण्डकीं ते वृद्धां तरीतुं विकला बभूवुः ॥५७॥

बाटामा शल्यानीहरुले (चढाई गर्न्छन् भन्ने डरले) डुंगा अन्तै लगेको हुनाले चञ्चल छाल भएकी, बलियो वेग भएकी, डरलाग्दो गरी सोंस्याउने बुढी गण्डकी तर्न तिनीहरुलाई कठिन पऱ्यो ॥५७॥

रिष्टिर्विशेदप्स्विव मे शिलायां यदा तदानीं ननु रुद्ध-वेगा ।
भवेद् भवद्भिः सुतरेत्युवाच श्रीदुर्लभस्तान् गणयन् मुहूर्तम् ॥ ५८॥

जति खेर मेरो कटारी पानीमा भैं ढुङ्गामा रोपिन्छ त्यस समयमा निश्चय वेग रोकिएकी तपाञीहरु सजिलो सङ्ग तर्न शकिने होलिन् भनि श्री दुर्लभ ज्योतिषीले मुहूर्तको गणना गर्दै तिनीहरुलाई भन्नु भयो ॥५८॥

ज्योतिर्विदा तेन कृते तथा ते निरुद्ध-वेगां स्थल-तुल्य-तोयाम् ।
तेरुः सुखेनाऽत्र तटे शिलायां छिद्रं तदद्यापि वरीवृतीति ॥५९॥

ज्यौतिष शास्त्र जान्ने दुर्लभको कटारी पानीमा भैं ढुङ्गामा धसिंदा वेग रोकिएकी स्थल जस्तै जल भएकी बुढीगण्डकीलाई ती सैन्यहरुले सुख पूर्वक तरे, बुढी गण्डकीका तीरका ढुङ्गामा त्यो छिद्र (प्वाल) आज संम पनि छँदै छ ॥५९॥

शल्यायनं पूर्वमुपेत्य हत्वा तत्रत्य-राजं स, पलायितं प्राक् ।
हत्वा सुरत्राण-नृपं निलीनं तैर्वश्यहारी विहितौ स्व-वश्यौ ॥६०॥

सर्व प्रथम शल्यान पुगी तिनीहरुले त्यहाँका राजालाई मारेर शल्यान र अँघि भागी लुकेका सुरतान राजालाई मारेर वशेरी आपना अधीन बनाए ॥ ६० ॥

क्रमेण देशान् खरि-मैधि-संज्ञौ चराङ्ग-संज्ञं सह धादिङ्ग ते ।
फिर्प्याक-संज्ञं विदधुश्च वश्यान् तत्रत्य-राजान् समरे निहत्य ॥६१॥

क्रमशः खरि, मैधि, चरङ्ग्या, धादिङ, फिर्प्याक, देशहरुलाई, पनि त्यहाँका राजाहरुलाई युद्धमा मारी अधीन बनाए ॥६१॥

गोरक्षनाथस्य च कालिकाया रामः प्रसादादपि खड्गपायाः ।
संवर्ध्य राज्यं प्रबन्ध रम्यां स्थितिं यतः केऽपि न दुःखभाजः ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखनाथ, कालिका, र खाँडापत देवीका प्रसाद द्वारा रामसाहले राज्य बढ़ाई राम्रो स्थिति बाँधनु भयो जसवाट कुनै दुःखी थिएनन् ॥६२॥

व्योमाऽभ्र-खाऽऽदित्य-धुरेऽत्र देशे स्थितीश्चतुर्विंशतिमाबबन्ध ।
भुङ्क्तां नव-क्षेत्र-कृतोऽब्जनानि त्र्यब्दीं श्रमी सोऽधमतः परस्तात्॥६३॥

बाह्र हजारिया गोर्खामा २४ स्थिति बाँध्नु भयो, नयाँ वीरोटाको उब्जनी ३ वर्ष संम विरौटो विराउनेले खान पाओस् त्यसपछि अधिया पाओस् भन्ने स्थिति बाँधी दिनु भयो ॥६३॥

पापं यदीयं खलु कन्धराऽपि देया तदीयेति नृपो न्ययच्छत् ।
स कार्यिणः सप्त, वरूथिनीशाँश्चकार शैलाक्षि-मितान् स्थिति-ज्ञः ६४

जस्को पाप उस्को गर्दन भन्ने नियम बाँधी दिनु भयो, स्थिति जान्ने रामसाहले ७ काजी २७ खुँडा वनाउनु भयो ॥६४।

चन्द्राऽर्क-युक्तान् नव रामसाहो राष्ट्र-ध्वजान् स्थापयति स्म वीरः ।
चकार च द्वादशकं घराणां षट्कं स्थलानां मतिमान् पदव्या ॥६५॥

वीर रामसाहले चन्द्र सूर्यले युक्त भएका राष्ट्रिय ध्वजा ६ स्थापित गर्नु भयो, पदवी द्वारा ६ थर १२ घर गराउनु भयो ॥६५॥

चङ्क्रम्यमाणोऽङ्गण-वेदिकायां घरानधूमानवलोकमानः ।
तत्राऽस्ति नाऽन्नं किमु इत्यपृच्छत् सत्ये च सद्यः प्रबबन्ध रामः॥६६॥

पटाङ्गीमा पाउलाग्नु भएका समयमा रामसाहले धुवाँ न पुत्ताएका घर देख्नु भए "त्यहाँ अन्न छैन कि ?" भनि सोध्नु हुन्थ्यो र अन्न न भए तुरुन्त प्रबन्ध गरि दिनु हुन्थ्यो ॥६६॥

रुजाऽर्दितानामपि बालकानां तथाऽबलानामवबोध्य राजा ।
कृष्यादि-कार्याणि दयाऽऽर्द्र-भावः सोऽचीकरद् ग्राम्य-जनैःसमीपैः ॥६७॥

दयाले मन पग्लिने वहाँ राजाले रोगी, बालक, तथा अवला (स्त्री जाति) हरुका खेती पाती आदि काम संझाई बुझाई छिमेकीवाट गराई दिनु हुन्थ्यो ।.६७।।

मखैः सुराणामृणतो मुनीनां दानैर्निवापैर्वियुतं पितॄणाम् ।
स्वप्ने जगादेति नृपं यतीन्द्रो राज्यं तु भुक्तं कुरु धर्म-वृद्धिम् ॥६८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञद्वारा देवऋण, दानद्वारा ऋषिऋण, श्राद्धतर्पण द्वारा पितृऋण बाट मुक्त भएका राजालाइ स्वप्नमा योगीले "राज्य त भोग गर्‍यौ धर्म बढाउन तीर लाग" भन्नु भयो ॥६८॥

गो-भू-हिरण्याद्यथ पूर्वतोऽपि देदीयते स्म द्विज-दीनकेभ्यः ।
घरं घरं यान् सदयं प्रजानां क्षेमं च प्रपच्छ सखेव राजा ॥६९॥

त्यस पछि राजा रामसाहले ब्राह्मण, दुःखीहरुलाई, गाई, भूमि, सुन आदि अँघी भन्दा पनि बढ़ी दान दिन लाग्नु भयो प्रजाहरुका घर घरमा गई सँगीले झैं दया साथ सञ्च विसञ्च सोध्न हुन्थ्यो ॥६९॥

गोरक्ष-लोका अपि दुर्निमित्तं दुःस्वप्नमेवं नृपतिं तदानीम् ।
प्रभात-चन्द्राऽभमवेक्षमाणा उद्विग्न-चित्ता नितरां बभूवुः ॥७०॥

त्यस समयमा गोर्खाका जनताहरु पनि अशकुन, नराम्रा सपना, एवम् राजालाई प्रातःकालका चन्द्रमाको जस्तो कान्ति भएका देखेर अत्यन्त उद्विग्न भए ॥७०॥

प्रजाः समाहूय ततः सभायामुपादिशत् साह-कुलाऽवतंसः ।
जातस्य मृत्युर्जननं मृतस्य ध्रुवं पुरेत्यर्जुनमाह कृष्णः ॥७१॥

त्यस पछि साहकुलभूषण रामसाहले प्रजाहरुलाई बोलाई सभामा उपदेश दिनु भयोः—"जन्मेकाको मृत्यु र मृत्यु भएकाको जन्म अवश्य हुन्छ" भनि अँघी अर्जुनलाई कृष्णले भन्नु भएको थियो ॥७१॥

पुरुयंदुर्दाशरथिर्ययातिर्युधिष्ठिराद्याश्च कथाऽवशेषाः ।
बभूवुरव्याहत-पौरुषाश्च कालो बलीयान् दुरतिक्रमोऽस्ति ॥७२॥

ठूलो पुरुषार्थ भएका पुरु, यदु, रामचन्द्र, ययाति, युधिष्ठिर आदि पनि कीर्ति मात्र बाँकी रहेका भए (परम धाम गए), बलवान् काललाई रोक्न सकिंदैन ॥७२॥

साऽन्तः प्रपायामिव सङ्गमोऽत्र मिथ्येति संसारमतो वदन्ति ।
तस्मादवार्ये विषये भवन्तो विवेकवन्तो न शुचं व्रजेयुः ॥७३॥

संसारमा भएको भेट पोवामा भेट भए जस्तो नाशवान् हुन्छ, अत एव संसार भूठो हो भनि भन्द छन्, त्यसकारण निवारण गर्न नसकिने विषयमा विवेकशील तपाईंहरुले शोक न गर्नु होला ॥७३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यत्किञ्चिदिष्टं विहितं मया तत् साहाय्यतो वो विहितं च्युतिस्तु ।
कृता मयैवेत्यववयामि नृणां तां प्राकृतीं वीक्ष्य हि विस्मरेयुः ॥७४॥

जे जति मैले राम्रो काम गरें त्यो तपाञीहरुका सहायता वाट गरेको हुँ, जो भूल चुक भयो त्यो मैले मात्र गरेको हो भन्ने संझेको छु, त्यसलाइ मनुष्यवाट भूलचुक हुनु स्वाभाविक हो भन्ने संझी विर्सनु होला ॥७४॥

पूर्णं परेशस्य हि रङ्गभूमौ ममाऽभिनेयं जगतीं जिहासुः ।
अस्मीति गच्छाम्यधुना त्रिवेणीमुक्त्वेति सार्थैः स ययौ विवेकी ॥७५॥

परमेश्वरका रङ्गभूमिमा मेरो अभिनय पूर्ण भयो अव संसार छोड्छु कि के हो त्यस कारण अव त्रिवेणीमा जान्छु भनि विवेकी वहाँ रामसाह साथीहरु सहित भई (त्रिवेणी) जानु भयो ॥७५॥

शूलं कृत-स्नान-विधिं त्रिवेण्यां दैवादकस्मान्नृपतिं ववाधे ।
ज्ञानी तदानीमववोध्य तत्त्वं भेजे न वैद्यार्पित-भेषजं सः ॥७६॥

त्रिवेणीमा स्नान गर्नु भएका राजालाई दैवसंयोग द्वारा अकस्मात् शूलले पीडा गऱ्यो, त्यस समयमा ज्ञानी वहाँ रामसाहले तत्त्व संझाईं, वैद्यहरुवाट टक्ऱ्याइएको औषधि सेवन गर्नु भएन ॥७६॥

स रामरक्षाकवचं सदेव पठन् महात्मा जल-योगतोऽसून् ।
ब्रह्माण्ड-भेदेन वहिर्नयन् सन् क्षणेन कैलाशमियाय रामः ॥७७॥

सदा झैं राम रक्षा कवच पाठ गर्दै जल योगद्वारा ब्रह्माण्ड वाट प्राण निकाली महात्मा रामसाह एक क्षणमा कैलाश जानु भयो ॥७७॥

अहि-कञ्चुकवत् कलेवरं परिमुच्याऽखिल-लोक-वल्लभे ।
अमुना विधिना गते नृपे शिव-कैलाशमुदार-दर्शनम् ॥७८॥

सतीको अर्ति

अखिल लोक प्रिय राजा यस प्रकार सर्पले काँचुली छोड्ने झैं शरीर त्याग गरी उदार दर्शन भयेका रमणीय कैलाशमा गए पछि ॥७८॥

विकलाः सकला जनास्तदा रुरुदुः क्षोणि-तले शुचाऽऽकुलाः ।
नृप-राम-गुणाऽनुकीर्तना दृढ-वात्याहत-भूरुहोपमाः ॥ ७९ ॥

त्यस समयमा सव जनहरु हुरीले ढलाइएका रुख जस्ता रामसाहका गुणहरुको वर्णन गर्दै भूमिमा विकल भई शोक व्याकुल भई रुन थाले ७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलिनाश्चिर-लब्ध-चेतनाः कतिचिड्डम्बरसाह-नोदिताः ।
जननी-प्रतिबोध-हेतवः सचिवाद्या गृहमागतास्ततः ॥८०॥

मलिन भएका धेरै बेरमा चेतना पाएका, केही मन्त्री आदिहरु आमालाई थाह दिन डम्बरसाहले पटाइ घर आए ॥८०॥

सहसा नृप-वृत्तमीदृशं परितो व्याप्तमथाऽऽययुर्जनाः ।
नृप-सद्मनि दीन-मानसा बत ! मत्स्या इव वारि-निर्गताः ॥८१॥

एका एक राजा परलोक भएको कुरा जताततै फैलियो र हरे ! शिव ! पानीवाट निस्केका माछा झैं विह्वल मन भएका जनताहरु राज भवनमा आए ॥ ८१ ॥

महिषी महिमावती तु सा सकलं वृत्तमवेत्य पूर्वतः ।
बहिरेत्य गृहाङ्गणे स्थिता सकलानित्थमभाषताऽऽदरात् ॥८२॥

रानी महिमावतीले त यो सब वृत्तान्त पहिलेनै थाहपाई बाहिर आई आँगनमा उभिएर सबैलाई आदर पूर्वक यस प्रकार भन्नु भयोः–॥८२॥

जगतो गतिरीदृशी जना ! विधिनाऽऽस्ते विहिता दुरत्यया ।
अचिरेण चिरेण वा वपुः परिहर्तव्यमवश्यमन्ततः ॥८३॥

हे जन हो ! संसारको यस्तो अकाट्य (हटाई न सकिने) गति दैवले बनाएको हो, ढीलो वा चाँड़ो आखीरमा शरीर त्याग न गरी रहन पाइँदैन ॥८३॥

तदिहोचितमुन्नतात्मनां पुरुषार्थैक-परायणं जनुः ।
न हि शोक-विलुप्त-चेतनाः प्रभवन्त्युन्नतये बुधा अपि ॥८४॥

त्यस कारण संसारमा उन्नति शील विचार भएका मानिसहरूको जन्म पुरुषार्थका निमित्तमै हुनु पर्छ शोकले चेतनाको लोप भएका विद्वान् र देवता हरुले पनि उन्नति गर्न शक्तैनन् ॥८४॥

निज-राष्ट्र-कुलेष्ट-देवता गुरु-गोरक्षनाथ ईश्वरः ।
परिपूज्य इहैव गह्वरे ध्रुव-कैलास-गृहस्य पूर्वतः ॥८५॥

स्थिर कैलाश भवनका पूर्वतीर यै गुफामा आफ्ना राष्ट्र एवम् कुलका इष्टदेव गुरु गोरखनाथ महेश्वरको पूजा गर्नु ॥८५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इति तानुपदिश्य सोत्सवं सकलैःसाऽनुसृता सती सती ।
पतिदेव-समीपमागता निखिलां पूर्व-कृतिं चकार ताम् ॥८६॥

उत्सव साथ येती तिनीहरुलाई उपदेश दिएर सबैले अगाड़ी लगाइ-एकी वहाँ सतीले पतिदेवका नजीकमा आई पहिले गर्नु पर्ने सब काम गर्नु भयो ॥८६॥

विधिवन्नृपतेः कलेवरं रचितायां किल चन्दनादिभिः ।
अधिरोप्य चितौ रुरोहसा पति-देवा च कृत-प्रदक्षिणा ॥८७॥

चन्दन आदि द्वारा बनाइएको चितामा विधिपूर्वक राजाको शव चढ़ाई प्रदक्षिणा गरेर पतिलाइ देवता मान्ने सती पनि चितामा चढ्नु भयो ॥ ८७ ॥

गत-भीतिरदीन-मानसा कल-गम्भीर-गिराऽगदत् सुतम् ।
अयि वत्स ! पिता दिवं गतस्तत्र तामेत्र गतिं गताऽस्म्यहम्'।८८॥

केही डर नमानी कत्ति मन खिन्न न गराई वहाँले छोरालाई भन्न भयोः-हे बाबु ! तिम्रा बुबाज्यू स्वर्ग जानु भयो म त्यै गतिमा जाँदैछु ८८

अधुना तिलकं ददामि ते कुरु राज्यं च पितुः स्थितौ स्थितः ।
इति डम्बरसाहमात्मजं स्वयमङ्के विनिधाय वत्सला ॥८६'।

ऐले तिमीलाई तिलक दिन्छु बुबाका स्थितिमा रही राज्य गर्नु, येती उपदेश दिएर छोरामा प्रेम गर्ने आमाले छोरा डम्बरसाहलाई आफैले काखमा राखी ॥८६॥

तिलकं स्व-ललाट-पट्टक-स्थित-सिन्दूर-भवं ददौ मुदा ।
प्रणिपत्य सुतः कृताञ्जलिः स तु पित्रोः पुरतः स्थितोऽङ्घ्रिषु ॥६०॥

हर्ष साथ आफ्ना निधारमा लगाएको सिन्दूर लिएर तिलक दिनु भयो, पुत्र डम्बरसाह बुबा मुमाका पाउमा ढोगेर करजोरी अगाड़ी उभिनु भयो ॥ ६० ॥

सुत-डम्बरसाहमन्वशाज्जननी सा महिमावती सती ।
नमलर्कं नृपं सुतं यथा विदुषी सा प्रथिता मदालसा ॥६१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आमा सती महिमावतीले छोरा डम्बरसाहलाई विदुषी प्रसिद्ध मदालसाले छोरा प्रसिद्ध अलर्क राजालाई झैं अर्ती दिनु भयो ॥६१॥

वपुरस्ति यथाहि कञ्चुकं विमलात्मा न हि लिप्यते क्वचित् । — स्थितान्त
जननं मरणं च देहिनां नियतं तत्र न खिद्यते बुधः ॥६२॥

शरीर भनेको काँचुली र फाटेको लुगा जस्तो हो निर्मल आत्मा कतै लिप्त हुँदैन, देहधारीलाई जन्मनु मर्नु अनिवार्य छ, त्यसमा बुझ्ने मानिसले दुःख मान्दैनन् ॥६२॥

अथ षट्-स्थल-मुख्य मन्त्रिणो जनता धेनु-विहीन-वत्सवत् ।
विकलाः कृत-हस्त-कुड्मलाः प्रणिपत्योचुरुदश्रु-गद्गदम् ॥६३॥

त्यस पछि गाइ न भएका बाछा बाछी जस्ता विह्वल भएका छ थर आदि मन्त्रीहरु र जनहरुले हात जोड़ी प्रणाम गरी आँखामा आँसु भरेर गद्गद कण्ठले भने:—॥६३॥

नृपतिर्महिषी च धर्मतो जनकौ नः सकलाऽऽत्मना स्थितौ ।
सहसा भवतोर्वियोगतः कथमाश्वासनमस्तु साम्प्रतम् ? ॥६४॥

राजा र रानी हाम्रा सर्वात्मना धर्मका पिता माता हुनु हुन्थ्यो, ऐले एकाएक तपाञीहरुको वियोग हुँदा कसरी आश्वासन होस् ? ॥६४॥

परितः परिपन्थिनः स्थिता युवराजः खलु बालकोऽस्त्ययम् ।
नव-राज्यमिदं नवा स्थितिः क उपायोऽस्त्युपदिश्यतामिति ॥६५॥

वरीपरी शत्रुहरु छन् यहाँ युवराज बालक हुनु हुन्छ, नोलो राज्य नौलो स्थिति, के उपाय छ अर्ती पाउँ ॥६५॥

जननीव सुतान् हितैषिणी विदुषी नीति-पटुर्मनस्विनी ।
सुत-पञ्च जनान स-षट्-स्थलानिदमित्थं समुपादिशत् सती ॥६६॥

नीति निपुण विदुषी मनस्विनी हित चाहने सतीले आमाले छोराहरु लाई झैं पुत्र छ थर, पञ्च, जनता लाई इदमित्थं गरी अर्ती दिन भयो ६६

लघवे महिमा न दीयतां महते वा लघिमा न दीयताम् ।
गुण-दोष-परीक्षया पदे विनियोज्या उचितेऽधिकारिणः ॥६७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोटालाइ न बढाउनू, बडालाई न घटाउनू, गुण दोषको परीक्षा गरी कर्मचारी हरुलाई उचित पदमा नियुक्त गर्नू ॥९७॥

पर-मर्म-विदारि भाषितमुपहासो न विधीयतां क्वचित् ।
मृदुभिर्नच भूयतां सदा न सदा क्रूरतरैश्च भूयताम् ॥९८॥

कहींपनि कसैलाई मर्मपर्ने कुवचन न बोल्नु कसैको खिसी पनि नगर्नू, सदा शान्त एवम् सदा अतिशय क्रूर पनि न हुनु ॥९८॥

समये समये यथोचितं व्यवहारं विदधज्जनः सुखी ।
विपरीत-कृतौ तथा फलं स-विवेकं सकलं विधीयताम् ॥९९॥

समय समयमा यथोचित व्यवहार गर्ने मानिस सुखी हुन्छ, विपरीत काम गर्ने हो भने विपरीतै फल मिल्दछ अतः सब काम विवेकले गर्नू ९९

निज-मानस-दुःख-दायि यन्न च कस्मैचन तत् समीह्यताम् ।
सम वृत्तिकमेव मानसं सकलानामपि देह-धारिणाम् ॥१००॥

जसवाट आफ्नो मनलाई दुःख लाग्दछ त्यो कसैका निमित्त पनि न चिताउनू, किनकि सबै देहधारीको मन एकैनाश हुन्छ ॥१००॥

परपीडनमत्र पातकं स-फलं जन्म परोपकारिणाम् ।
इति सारमसार-संसृतेः सुकृती सञ्चिनुते न दुर्जनः ॥१०१॥

अर्कालाई दुःखदिनु पाप हुन्छ, अरुको उपकार गर्नेको जन्म सफल हुन्छ, भन्ने सार यस असार संसारवाट पुण्यात्माले चुन्दछन्, दुर्जनले उक्त सार लिन सक्तैन ॥१०१॥

कुटिले कुटिलेन भूयतां सरले वा सरलेन भूयताम् ।
नृपनीतिरियं निरीक्ष्यतां विपरीत-क्रियया तु पातकम् ॥१०२॥

वाङ्गा सित वाङ्गो हुनु, सोझा सित सोझो हुनु, यो राजनीति हो भनि जान्नू उल्टो गर्नाले पाप लाग्दछ ॥१०२॥

जननी जनको गुरुः सुहृत् सुजनो वृद्ध-स-रोग-जामयः ।
क्षुधितोऽतिथि-भीत-भारिणः कृषकाः पूजन-पालनोचिताः ॥१०३॥

आमा, बाबु, गुरु, मित्र, सज्जन, बुढाबुढी, रोगी, महिला, भोका, अतिथि, डराएका, भारी बोकेका, कीसानहरुको यथा योग्य पूजन र पालन गर्नु पर्छ ॥१०३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रिपु-दम्भि-सुराप-वञ्चका अलसा द्यूतरताततायिनः ।
परदोष-गवेषणाः खला निखिला दुष्कृत-दण्ड-भागिनः ॥१०४॥

शत्रु, दम्भी, मदिरा पिउने, ठग, अल्छी, जुवामा लत बसालेका, आततायी, (घर वन आदिमा आगो लगाउने, विष खुवाउने, हतियार लिएर हान्न आउने, चल अचल धन हरण गर्ने, भूमिहरण गर्ने, स्वास्नी हरण गर्ने=जार) अरुका दोष खोजी गर्ने, इत्यादि सबै दुष्टहरूलाई अपराध अनुसार दण्ड दिनु पर्छ ॥१०४॥

जनताः सुतवन्नृपैः सदा परिपाल्याः पितृवज्जनैश्च ते ।
शिरसीश्वर आत्मनोऽनिशं निखिलैः साक्षितया निरीक्ष्यताम् ॥१०५॥

राजाहरूले सदा जनताहरुलाई पुत्रवत् पालन गर्नु पर्छ, जनताहरूले पनि राजा हरुलाइ पिता तुल्य मान्नु पर्छ, सबैले सदा आफ्ना शिरमा साक्षी स्वरूप ईश्वर हुन् हुन्छ भन्ने संझनु पर्छ ॥१०५॥

निज-देश-यशोऽभिवृद्धये सततं सर्वजनैः प्रयत्यताम् ।
निज-धर्म-सुरक्षणे कृते सकलं रक्षितमित्यपीक्ष्यताम् ॥१०६॥

आफ्ना देश र कीर्ति बढ़ाउन सबैले सदा प्रयत्न गर्नू आफ्ना धर्मको राम्री रक्षा गरे सबै रक्षित हुन्छ भन्ने पनि संझनू ॥१०६॥

जन-जीवन-पद्धतिः स्थिरा नृप-राम-स्थितिरस्ति वः पुरः ।
तदुपर्यमलात्म-निश्चयः प्रकृते राजविधान पूरणः ॥१०७॥

जनजीवनको स्थायी पद्धति राजा रामसाहको स्थिति तिमीहरुका अगाड़ी छ, त्यसमाथि सप्ताङ्ग राज्यका प्रकृति (जनता) का निर्मल आत्माको निश्चय राजविधानको पूरक हुनेछ ॥१०७॥

सुत ! डम्बर ! ते किशोरता पितृ-शिक्षाऽमृत-सेक-वर्धिता ।
न च सत्य-पथो विमुच्यतां न हि सत्ये भयमस्ति किञ्चन ॥१०८॥

नानी डम्बर ! तिम्रो किशोर अवस्था बुबाज्यूका शिक्षा रूपी अमृतका सेचन बाट बढेको छ, सत्यको बाटो न छोड्नू, सत्यमा केही डर छैन ॥ १०८ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

सुविशाल-हिमाल-मातृ-भू-भजनं राष्ट्रियता न हीयताम् ।
परचक्र-भये भटैर्जनैर्मिलितैश्चक्रमिदं सुरक्ष्यताम् ॥१०६॥

विशाल हिमाली मातृभूमिको सेवा रूपी राष्ट्रियता न छोड्नू पर चक्र को भय आई पर्दा सैनिक र जनता मिलेर यस राष्ट्रको सुरक्षा गर्नू १०६

निज-राष्ट्र-कुलेष्ट-देवता निज-राष्ट्र-ध्वजवत् प्रपूज्यताम् ।
इति राष्ट्रमिदं प्रवर्धतां शिव-गोरक्ष-कृपा-कटाक्षतः ॥११०॥

आफ्ना राष्ट्र कुल इष्ट देवताको आफ्ना राष्ट्रका ध्वजाको झैं पूजा गर्नू यस प्रकार शिव गोरखनाथका कृपा कटाक्षले यो राष्ट्र बढ्दै जाओस् ॥ ११० ॥

इति तानुपदिश्य डम्बरं सुतमादिश्य चितौ हुताशनम् ।
विधिनाऽर्पयितुं स्मितानना महिषी साऽनुययौ सती पतिम् ॥१११॥

यस प्रकार तिनीहरुलाई अर्ती दिई हँसीलो मुखले छोरा डम्बरसाह-लाई विधिपूर्वक चितामा अग्नि दिन लगाई महारानी पतिका साथ सती जानु भयो ॥१११॥

बत ! वह्नितश्चचार गां विकलोऽलक्ष्यतया च लक्ष्मणः ।
पितृ-कृत्यमुदार-मानसः सुकृती तत्र चकार डम्बरः ॥११२॥

हरे ! शिव ! दुःखी भएका लखनथापापनि त्यसै दिन देखि अलक्ष्य रूप भई पृथिवीमा रम्न लागे, उदार मन भएका पुण्यात्मा डम्बर साहले त्रिवेणीमा बुवा मुमाको अन्त्येष्टि कर्म गर्नु भयो ।.११२॥

गोरक्षसाहवंशाख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
अभूत् पूर्णः षष्ठ-सर्गो राम-कैलाश-वासवान् ॥११३॥

हरिप्रसादशर्मा आचार्यले बनाएको यस गोरक्षसाहवंश महाकाव्यमा रामसाहको कैलासवास भएको छैटौं सर्ग पूर्ण भयो ॥११३॥

१. त्रिशिङ राज्यमाथि विजय।
२. रामशाहको निधन।
३. डम्बरशाहको राज्यसञ्चालनको तयारी।
४. सतीको उपदेश।

—***—

CC-0. In Public Domain. Digitization by eGangotri

आसादमेत्याऽथ शुभे मुहूर्ते सिंहासने डम्बरसाहमार्यम् ।
पुरोहिताद्याः शशिवंश-केतु-श्रीरामसाहात्मजमभ्यषिञ्चन् ॥१॥

त्यसपछि राजभवनमा आएर पुरोहित आदिले चन्द्रवंशका पताका स्वरूप श्रीरामसाहका छोरा सज्जन डम्बरसाहलाई शुभ मुहूर्तमा सिंहासनमा अभिषेक गरे ॥१॥

धर्मैक-दृष्टिर्निज-तात-पाद-श्रीरामसाह-स्थितिमेव रक्षन् ।
स भङ्गुरं वीक्ष्य भवं दिनानि देवार्चनादौ बहुशो निनाय ॥२॥

धर्ममानै दृष्टि लगाउने ती डम्बरसाहले आफ्ना पिता श्रीरामसाहको स्थितिको रक्षा गर्दै, "संसार नाशवान् हो" भन्ने सम्झी धेरै जसो समय देवताको पूजा आदिमा बीताउनु हुन्थ्यो ॥२॥

चतुर्षु मासेषु समर्च्य देवान् राजा स्वयं सप्तशतीं लिखित्वा ।
तां भूमिदेवाय समर्पयन् सन् धर्म्यः स भुङ्क्तेऽनुदिनं स्म भोज्यम् ३

धर्मात्मा ती राजा (डम्बर साह)ले चतुर्मासामा दिनदिनै देवताको पूजा गरेर आफैले सप्तशती (चण्डी) लेखी ब्राह्मण लाई दान गरेर भोजन गर्नु हुन्थ्यो ॥३॥

श्रीकृष्ण-पीताम्बर-शङ्कराख्या स्ततः कनीयान् बलभद्र-नामा ।
सुतास्तदीया महित स्वभावाश्चत्वार आर्याः क्रमशो बभूवुः ॥४॥

वहाँका राम्रो स्वभाव भएका क्रमशः श्रीकृष्णसाह, पीताम्बर साह शङ्करसाह, र त्यस पछि कान्छा बलभद्रसाह नाम भएका चार भाई सज्जन छोरा हुनु हुन्थ्यो ॥४॥

भोडम्बरेति श्रुतवान् कदाचिज्जालं समुद्घाट्य निभालयन् सन् ।
रात्रौ नृपः स्फाटिक-कुण्डलाढ्यं स चत्वरे योगिनमालुलोके ॥५॥

"ए डम्बरसाह !" भन्ने यस्तो कुनै समयमा रातीमा सुनेर ती राजा डम्बरसाहले झ्याल उघारी हेरेर आँगनमा स्फटिकका कुण्डल लगाएका योगीलाई देख्नु भयो ॥५॥

संस्तुत्य तं भूपति "रिष्ट-देवो-गोरक्षनाथः प्रभु" रित्ययासीत् ।
सोपान-मार्गं प्रति सोऽवतीर्य तदीय-पादाम्बुरुहे प्रणन्तुम् ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती योगीलाई "इष्टदेव गोरखनाथ प्रभु" भन्ने चिन्हेर, राजा डम्बरसाह ओर्लेर योगीका पाद पद्ममा ढोगदिन भनि भरेङ् पट्टी जानुभयो ॥६॥

देवस्त्वभागीति तदेरयित्वा सोऽन्तर्दधौ भूपतिरन्वतप्त ।
विश्वोद्भवादि-प्रभुमप्यवेत्य न जालतः कूर्दितवान् बतेति ॥७॥

त्यस समयमा योगीरूपदेव (गोरखनाथ) ले "अभागी" भनी अन्तर्धान हुनु भयो। विश्वको उत्पत्ति आदिका कारण ईश्वरलाई देखेर पनि झ्यालबाट फाल्हालीन भनि राजा पछुताउनु भयो ॥७॥

संरक्ष्य लोकान् विषयेष्वसक्तो राजा नवाऽब्दान् स दिवं जगाम ।
राज्येऽभ्यषिञ्चन् कृत-पित्र्य-कृत्यं श्रीकृष्णसाहं सचिवाः स-लोकाः ॥८॥

विषयमा आसक्त न भई नौ वर्ष संम प्रजाको पालन गरी राजा डम्बरसाह स्वर्ग जानु भयो। बुबाको अन्त्येष्टि कर्म गरेका श्रीकृष्ण साहलाई प्रजा सहित मन्त्रिहरुले राज्यमा अभिषेक गरे ॥८॥

आस्तामुभे तस्य नृपस्य देव्यौ ज्येष्ठा तयोः सूनुमसूत देवी ।
रुद्राऽभिधो रुद्र इव द्वितीयो यो निग्रहाऽनुग्रहयोर्बभूव ॥९॥

ती राजा (कृष्णसाह) का दुई रानी थिइन्, ज्येठी रानीले पुत्र उत्पन्न गर्नु भयो-रुद्रसाह नाम भएका जुन् (पुत्र) दयागर्न र दण्डगर्नमा दोस्रा रुद्र जस्तै थिए ॥९॥

अन्या मनःपूर्वक-कामनाम्बामाराध्य साक्षात् कृतवत्युदारा ।
कालैः कियद्भिः किल तत्स्वरूपा स्वयं बभूवेति वदन्ति सन्तः ॥१०॥

उदार चित्त भएकी अर्की (कान्छी रानी) ले मनःकामना (भगवती) को आराधना गरी साक्षात्कार गरेर केही समय पछि स्वयं मनःकामना स्वरूप हुनु भयो भनि सज्जनहरु भन्दछन् ॥१०॥

संवत्सरान् षोडश कृष्णसाहः संरक्ष्य लोकान् दिवमारुरोह ।
राज्येऽभ्यषिञ्चन्नथ रुद्रसाहं द्विजादयस्तं कृत-पित्र्य-कृत्यम् ॥११॥

सोह्रवर्ष संम प्रजाको पालन गरी श्रीकृष्णसाह स्वर्ग जानु भयो। त्यस पछि पिताको अन्त्येष्टि कर्म गरेका रुद्रसाहलाइ ब्राह्मण आदिले शुभ मुहूर्तमा राज्यमा अभिषेक गरे ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देव्यौ तदीये च बभूवतुर्द्वे नये नदीष्णा नितरां नृपाय ।
ज्येष्ठा तयोः संमति-दा बभूव साऽऽसूत पृथ्वीपति-संज्ञमाद्यम् ॥१२॥

रुद्रसाहको दुइटी रानी हुनु हुन्थ्यो नीतिमा निपुण जेठी रानीले राजालाई (राजकाजमा) सहयोग दिनु हुन्थ्यो । वहाँ (जेठीरानी) ले पृथ्वी पति नाम भएका जेठा छोरा जन्माउनु भयो ॥१२॥

एषैव मध्वादि-कराभिधानं सुतं क्रमेणाऽतिबलाऽभिधानम ।
जयन्त-संज्ञं च चतुर्थमन्या चतुर्भुजाख्यं सुषुवे च देवी ॥१३॥

आहाँ (जेठीरानी) ले क्रमशः मधुकरसाह, अतिबलसाह र, चतुर्थ जयन्तसाह नाम भएका पुत्र र कान्छी रानीले चतुर्भुज नाम भएका पुत्र उत्पन्न गर्नु भयो ॥१३॥

एकादशाब्दान् नृपतौ च तस्मिन भुक्त्वा महीं गच्छति देव-लोकम् ।
पृथ्वीपतिः सेधित-पित्र्य-कृत्यः सुतोऽथ सिंहासनमारुरोह ॥१४॥

एघार वर्ष सम्म पृथ्वीको पालन गरी ती राजा रुद्रसाह स्वर्ग जानु भए पछि, वहाँ का छोरा पृथ्वीपतिसाह पिताको अन्त्येष्टि कर्म गरी सिंहासनमा राज गर्नु भयो ॥१४॥

देव्यस्तदीया अभवन् षडाद्या श्रीवीरभद्रं रणदुर्लभं च ।
असूत मध्या दलसाह-संज्ञं भूपेन्द्रसाहाभिधमप्यसूत ॥१५॥

पृथ्वीपति साहका छ रानी हुनु हुन्थ्यो । जेठी रानीले श्रीवीरभद्र-साह र रण दुर्लभसाह नाम भएका पुत्र उत्पन्न गर्नु भयो । माहिली रानीले दलसाह र भूपेन्द्रसाह नाम भएका पुत्र उत्पन्न गर्नु भयो ॥१५॥

उद्योतसाहं च तृतीय-देवी श्रीचन्द्ररूपेण सहाऽसविष्ट ।
सङ्ग्रामसाहं च तुरीय-देवी नृसिंहसाहं सुरतानसाहम् ॥१६॥

तेस्री रानीले उद्योतसाह र चन्द्ररूपसाह, चौथी रानीले संग्रामसाह, नृसिंहसाह, सुरतानसाह नाम भएका पुत्र उत्पन्न गर्नु भयो ॥१६॥

या पञ्चमी वीरकुमारमाद्यं द्वैतीयिकं वीरबलं ततोऽन्त्यम् ।
सा शान्तरूपं सुषुवे तथा द्वे कन्ये, प्रजां कामपि नाऽन्त्य-देवी ॥१७॥

पांचवीं रानीले जेठा वीरकुमारसाह, माहिला वीरबलसाह र कान्छा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शान्तरूपसाह पुत्र र दुइटी पुत्री उत्पन्न गर्नु भयो, कान्छी रानीबाट कुनै सन्तान भएनन् ॥१७॥

मध्यानुजं भूमिपतिश्चकार स चत्वरं कार्यि-पदं तृतीयः ।
सन्तोषयिष्यामि यदा स्व-कार्यात् प्रभो ! ग्रहीष्यामि तदेत्युवाच ॥१८॥

ती राजा पृथ्वीपतिसाहले माहिला भाई (मधुकरसाह) लाई चौतरिया बनाउनु भयो ! साहिँला भाई (अतिबलसाह) ले काजीपद (दिँदा) हे प्रभु ! जैले आफ्नो कामबाट सन्तोष गराउँला त्यसै समयमा ग्रहण गरुला भन्नु भयो ॥१८॥

जयन्तसाहाय कनीयसे तत् थापोपनाम्ने च विराजनाम्ने ।
ददौ पदं तत् क्षितिपः स पाण्डे-पन्थाऽन्वयाभ्यां च बलाधिपत्यम् ॥१६॥

त्यस कारण ती राजाले कान्छा भाई जयन्तसाहलाई र विराजथापालाई काजी पद दिनु भयो । पाण्डे, पन्थलाई सेनापतिको पद दिनु भयो ॥१६॥

शम-प्रधाने सति तत्क्षितीशे परम्परीणोऽप-भयो विपक्षः ।
द्वाविंशतीयैरपि तस्य बन्धुः समं चतुर्विंशति-भूमि-पालैः ॥२०॥

तीनीराजा ज्यादा शान्त स्वभावका हुनाले उनैका दाजु भाई भएता पनि बाइसी, चौबिसी राजाहरुले सहित भएर निर्भीक विपक्षी ॥२०॥

ऊर्जस्वलो लम्बयुगाधिराजो लिग्लिङ्गकूटादलकाङ्गतोऽपि ।
स-मेरुकूटादपि धूमकूटाद् हन्ताऽभ्ययासीदपि देवराल्याः ॥२१॥

बलवान् लंजुङ राजाले लिग्लिग, लकाङ् धुवाँ कोट, मीरकोट् र देउरालीबाट पनि चढाई गरे ॥२१॥

स मध्यभागं च चकार वश्यं गोरक्ष-वीरा विभया नवाऽब्दान् ।
योयुध्यमाना अपि सङ्गरात्तान् हा ! हन्त ! विद्रावयितुं न शेकुः २२

उनले मझुवा पनि अधीन गरे, दुःखको कुरा छकि गोर्खालीले नौं वर्ष सम्म तिनीहरु ढङ्ग निर्भय साथ लड्दा पनि युद्धबाट हटाउन सकेनन् २२

ते मन्त्रयामासुरतो विषण्णा यत्पूर्वजा दीप्तमिवाऽग्निमापः ।
निर्वापयन्ति स्म सदाऽरिवर्गान् पराजितास्ते वयमद्य हन्त ! ॥२३॥

अतः ती गोर्खालीहरु खिन्न भई परामर्श गर्न थाले:-जसका पुर्खाहरुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शत्रुहरुलाई सदा सर्वदा वलेको आगालाई पानीले झैं निभाउँथे हरे ! शिव ! उनै हामी आज हार्‍यौं ॥२३॥

अतोऽष्ट-वर्षोपरि सर्वलोका आऽशीति-वर्षं युधि वैरि-वर्गैः ।
युध्यामहै स्वेष्वखिलेषु तत्र मृतेषु चैकोऽपि रणं न जह्यात् ॥२४॥

त्यस कारण आठ वर्ष देखि उँभका अशीवर्ष संमका सवै देशवासी हरु युद्धमा शत्रुहरु संग लडौं त्यहाँ (युद्धमा) आफ्ना पट्टीका सवै मरे पनि यौटो छँदा संम लडाइँ न छोडनू ॥२४॥

भवेज्जयो नः खलु, वैपरीत्ये जातेऽपि शत्रुर्जनता-विहीनाम् ।
गृह्णीत चेदस्मदसृक्-प्रदिग्धां भूमिं, तदा स्यात् खलु गौरवं नः ॥२५॥

हामीहरुको निश्चय विजय हुनेछ हारियो भनेपनि शत्रुले जनता नभएको हाम्रा रगतले भिजेको भूमि लिएछ भने पनि हाम्रो निश्चय गौरव होला २५

संमन्त्र्य धीरा इति शस्त्र-हस्ता निर्भीक-लोकोत्तर-साहसाढ्याः ।
लिग्लिङ्गकूटं समुपेत्य सर्वे वह्निं समन्तात् प्रददुर्नगस्य ॥२६॥

यसप्रकार परामर्श गरी हातमा हतियार लिएका, निर्भय साथ अलौकिक साहस भएका सवै ती धीरहरु लिग्-लिग कोटमा गई पर्वतका जता तते आगो लगाए ॥२६॥

पलायमानाननुयान्त एते गोरक्ष-वीराः कृत-सिंहनादाः ।
नदीं च मात्स्येन्द्र्यभिधां विपक्षानतीतरन् साहस-मूर्तयो द्राक् ॥२७॥

त्यस पछि सिंहनादगर्दै साहसमूर्ति यिनी गोर्खाली वीरहरु भागेका शत्रुका पछि-पछि लागी मर्स्याङ्दी नदी पार गराए ॥२७॥

ज्ञात्वेति वृत्तान्तमतीव हृद्यं निवर्तमानाञ्जित-वैरि-वर्गान् ।
सिन्दूर-वर्षैर्मुदिताः स्म देव्यः स्मिताननास्तानभिनन्दयन्ति ॥२८॥

अति राम्रो यो खवर थाहपाएका रानीहरुले शत्रुलाई जितेर आएका तिनीहरुलाई हर्षसाथ हँसीलो मुखगराई सिन्दूरको वर्षाले अभिनन्दन गरे २८

वीतेऽथथो पञ्च ष-वत्सरेषु सार्धं चतुर्विंशति-भूमि-पालैः ।
स मध्यभागं विदधत् स्व-वश्यं लिग्लिङ्गकूटे पुनरभ्ययासीत् ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि पाँच छ वर्ष बीते पछि फेरीपनि बाईसी चौविसी राजाहरु सङ्ग मिली ती (लंजुङे राजा) ले मकुवालाई आफ्नो अधीन गरी लिग्लिग कोटमा चढ़ाई गरे ॥२६॥

गोरक्ष-देशादपि सङ्गराय गता अरिभ्यः समरे परास्ताः ।
निवृत्य पृथ्वीपतिमेत्य वृत्तं निवेदयामासुरवाङ्मुखास्ते ॥३०॥

गोर्खाबाटपनि युद्ध गर्न गएका युद्धमा शत्रुबाट हार खाई फर्केर घोप्टो मन्टो लगाई त्यो वृत्तान्त पृथ्वीपतिसाह लाई विन्ती गरे ॥३०॥

राज्यं स्वकीयं विकलं विविञ्चन् विषण्ण-चेता नृप इत्युवाच ।
दिनैः कियद्भिः खलु मां विपक्षः सिंहासनाच्च्यावयिताऽवमानात् ३१

आफ्नो राज्य विकल हुन लागेको देखि खिन्न भएका राजाले यस प्रकार भन्नु भयोः—निश्चय केही दिनमा मलाई शत्रुले अपमान साथ सिंहासनबाट च्युत गराउँछ ॥३१॥

अतः स्वयं राज्यमहं विहाय संन्यासमद्याऽऽकलयामि, यस्मात् ।
पुरापि भूपा बहवः परास्ता वैराग्यमन्त्यं शरणं समीयुः ॥३२॥

अतः आफै मैले राज्य त्याग गरी आजै सन्यास लिन्छु, अघी पनि हारेका धेरै राजाहरुले आखिरी शरण वैराग्यनै लिन्थे ॥३२॥

निशम्य तत् साहकुलावतंसस्तदात्मजः कूट-नय-प्रवीणः ।
पृथ्वीपतिं साहस-मूर्तिरेवं रहस्यबोचद् रणदुर्लभस्तम् ॥३३॥

त्यो कुरा सुनेर साहकुल भूषण कूटनीतिमा सिपालु, वहाँका छोरा साहस मूर्ति रणदुर्लभले एकान्तमा पृथ्वीपति साह (आफ्ना बुवा) लाई भन्नु भयो ॥३३॥

मां मन्युना तात ! विहित्रिमेण निर्वासयेतोऽनुचरैः कियद्भिः ।
गच्छन्नहं लम्बयुगेशमाप्तैर्विमातरं शक्र इवोपसेवे ॥३४॥

बुबाज्यू ! अब मलाई बनावटी रीसले केही अनुचरहरुका साथ यहाँ बाट निकाला गर्नु होस्, आफ्ना मानिस सङ्ग म जान्छु र इन्द्रले सौतेनी आमाको झैं लंजुङे राजाको सेवा गर्छु ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मत्वाऽनुकूलं समयं यदाऽहं सन्देशयिष्यामि, तदा भवद्भिः ।
धृताऽस्त्र-शस्त्रैरभियेयमाराद् वीर्यं तदाऽहञ्च निदर्शयेयम् ॥३५॥

जुन समयमा मैले अनुकूल समय ठहराई समाचार पठाउँला त्यस समयमा तपाजीहरुले हातमा हतियार लिएर जता ततैवाट चढाई गर्नु होला त्यस समयमा मैले पनि पराक्रम देखाउँला (शत्रुहरु सङ्ग लड्नेला) ३५

श्रुत्वेति राज्ञा विहिते तथैव लिग्लिङ्गकूटं रणदुर्लभः सः ।
गत्वाऽब्रवील्लम्बयुगस्य तत्र कृताधिपत्यं युवराजमेवम् ॥३६॥

यो कुरा सुनेर राजाले त्यस्तै गरेपछि (बनावटी रीसले रणदुर्लभ साहलाई निकाला गरेपछि) ती रणदुर्लभ साह लिग्लिगकोट्मा गई त्यहाँ लंजुङ्को आधिपत्य गरेका युवराजलाई यस प्रकार भन्नु भयो ३६

दायिन् ! पिता मे विपरीत-बुद्धिर्हन्तौकसो मां निरवीवसत्तत् ।
मत्वा पुराणं गृहमस्मदीयं प्राप्तोऽस्म्यतो मे शरणं प्रदेहि ॥३७॥

हे दाजी ! उल्टो बुद्धि भएका मेरा बुवाले मलाई घरवाट निकाली दिए, त्यसकारण हाम्रो पुरानो घर ठहराई आएको छु अतः मलाई शरण दिनु होस् ॥३७॥

सन्दिग्ध-चेता युवराज एनं सत्कृत्य, वृत्तान्तमिमं बुभुत्सुः ।
अथार्थतो, गूढचरान् स्वकीयान् गोरक्षदेशे प्रजिघाय सद्यः ॥३८॥

सशङ्क मन भएका (लंजुङे) युवराजले यिनी रणदुर्लभ साहलाई सत्कार गरी, यो वृत्तान्त यथार्थ बुझ्न भनि आफ्ना गुप्तचरहरुलाई तुरुन्त गोर्खा पठाए ॥३८॥

यथोदितं श्रीरणदुर्लभेन तदेव सत्यं पटुमानिनस्ते ।
गोरक्षलोकादवगत्य वृत्तं न्यवेदयँस्तं युवराजमेत्य ॥३९॥

आफुलाई चतुर संझने ती गुप्तचरहरुले रणदुर्लभ साहले भने अनुसार गोर्खाली जनतावाट बुझी युवराज सङ्ग आई सोही वृत्तान्त विन्ति गरे ३९

क्रमेण कालेऽतिगते कदाचित् कियत्यवादीद् रणदुर्लभस्तम् ।
आयेण निश्चयमवेद्य धीमान् विनीतरूपो युवराजमेवम् ॥४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमशः केही समय वीते पछि धेरै जसो विश्वास परेको ठहराई बुद्धिमान् रणदुर्लभसाहले नम्रता साथ युवराजलाई यस प्रकार भन्नु भयो ४०

दायिन्! भवानत्र विराजमानो दुःखानि हन्ताऽनुभवत्यतो मे ।
समर्प्य सर्वं भवदीय-भारमत्रत्यमार्य ! व्रज राजधानीम् ॥४१॥

हे दाजी ! तपाईं यहाँ राजगर्नु भई धेरै दुःख अनुभव गर्नु भएको छ अतः हे आर्य ! यहाँको सबै तपाईंको भार मलाई दिएर राजधानी पाल्नु होस् ॥४१॥

श्रुत्वेति पत्रं स लिलेख पित्रे कुर्यामहं किं पितरादिशेति ।
लब्धं सहायान्तरमप्यनन्यं मत्वेति राजाऽपि पिता तुतोष ॥४२॥

येती सुनेर ती युवराजले हे पिताज्यू ! के गरौं आज्ञा पाउँ भनि पितालाई पत्र लेखे । वाउ राजा पनि ठुलो अर्को सहाय पाए भनि हर्षित भए ॥ ४२ ॥

अतोऽलिखत् स प्रतिपत्रमस्मै धर्मं न गोरक्ष-जनास्त्यजन्ति ।
पुरापि धर्मेतर-गेषु वैरमस्मासु तैः सार्धमवर्धताऽङ्ग ! ॥४३॥

अतः उनले युवराजलाई उत्तर पत्र लेखेः—गोर्खालीहरुले धर्म छोड्दैनन्, अँघीपनि हामीहरुले धर्म छोड्नाले तिनीहरु सङ्ग वैरभाव वढेको हो ४३

अतस्तदीयं सुत ! धर्म-पत्रं स्वीकृत्य तन्मण्डल-पालनाय ।
तस्मै वितीर्याऽधिकृतिं त्वमेहि निःशङ्क-चेता इह राजधान्याम् ॥४४॥

अतः उन (रणदुर्लभसाह) को धर्म पत्र लिएर त्यो जिल्लाको रक्षा गर्ने अधिकार उनलाई दिएर तिमी निःशंक मन भई राजधानी आऊ ४४

लब्ध्वेति तातानुमतिं ययाचे स धर्मपत्रं रणदुर्लभं तत् ।
धर्म्योऽपि तातप्रियकृन्मनीषी जगाद सार्थान् रणदुर्लभः स्वान् ॥४५॥

यस प्रकार वाबुको आदेश पाएर ती लंजुङ्गे युवराजले रणदुर्लभ सङ्ग धर्मपत्र मागे । अतः धार्मिक थिए ता पनि पिताको प्रियकाम गर्ने बुद्धिमान् रणदुर्लभसाहले आफना साथी हरुलाई भन्नु भयोः—॥४५॥

मित्राणि ! तातेप्सित-साधनाय बिभेमि नाऽहं नरयादितोऽपि ।
वद् धर्मपत्रं प्रददामि सूनोः परो हि धर्मः पितृ-तोषणं यत् ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे मित्र हो ! पिताजीको ईप्सित सिद्धगर्न निमित्त नरक आदिको पनि म डर मान्दैन । त्यसकारण धर्मपत्र दिन्छु, किनकि पितालाई प्रसन्न गराउनु नै पुत्रको ठूलो धर्म हो ।।४६।।

श्रुत्वेति यत्किञ्चिदपि प्रयोक्तुं वयं बिभीमो न नृप-प्रियाय ।
यत् सेवकानाञ्च यथा कथञ्चित् सेवा प्रभूणां परमो हि धर्मः ।।४७।।

यो कुरा सुनेर राजाको प्रियकामका निमित्त हामीहरु जेजसो पनि गर्न डराउँदैनौ । किनकि येनकेन प्रकारेण स्वामीको सेवागर्नु सेवकको पनि ठूलो धर्म हो–।।४७।।

इति ब्रुवाणेषु च तेषु धीरः स धर्मपत्रं रणदुर्लभोऽपि ।
ददौ सएको, युवराज एनं नियोज्य यातो निज-राजधानीम् ।।४८।।

तिनीहरुले पनि यस प्रकार भने पछि एकलै रणदुलभले धर्मपत्र दिनु भयो र (लंजुङे) युवराज पिनी (रणदुर्लभ) लाई नियुक्त गरी आफ्नो राजधानी गए ।।४८।

लब्धेऽधिकारे रणदुर्लभेन स्नेहेन कार्येषु च कौशलेन ।
सन्तोषिता जानपदाश्च सैन्यास्तस्मै नितान्तं स्पृहयाम्बभूवुः ।।४९।।

अधिकार पाए पछि रणदुर्लभसाहले प्रेम र कार्य कुशलतावाट प्रसन्न पारिएका देशवासी र सैन्यहरुले उनलाई अत्यन्त राम्रो मान्न लागे ४९

विमृश्य कालं विजयाऽनुकूलं लिग्लिङ्गकूटाद् रणदुर्लभः सः ।
गोरक्षदेशे मतिमान् स्वकीयान् दिदेश तातं समया चराँस्तत् ।।५०।।

त्यस कारण विजयका निमित्त अनुकूल समय ठहराई, ती बुद्धिमान् रणदुर्लभसाहले लिगलिग् कोटवाट आफ्ना गुप्तचरहरुलाई पिता हुनि गोर्खा पठाउनु भयो ।।५०।।

मन्त्रानुसारं सहसाऽभियात्सु गोरक्ष-सैन्येष्वथ वैरि-पक्षम् ।
विहाय सद्यो रणदुर्लभोऽपि विपक्ष-पक्षान् प्रजहार वीरः ।।५१।।

यस पछि परामर्श अनुसार गोर्खाली सैन्यले एकाएक चढ़ाई गर्दा वीर रणदुर्लभ साहले पनि तुरुन्त शत्रु पक्ष छोड़ी शत्रुपक्षका लाई प्रहार गर्न लाग्नु भयो ।।५१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं चतुष्पञ्च-समा महात्मा वशी-कृताल्लँम्बयुगेश्वरेण ।
लिग्लिङ्गकूट-प्रमुख-प्रदेशान् निवर्त्य तातं समतूतुषन् सः ॥५२॥

यस प्रकार महात्मा ती रणदुर्लभ साहले चार पाँच वर्ष संम लंजुङे राजाले अधीन पारिएका लिग्लिग्कोट आदि प्रदेश लाई फिर्ता गरी पिताज्यूलाई प्रसन्न तुल्याउनु भयो ॥५२॥

ततः कदाचिद् यवनाधिपेन वरूथिनी-षड्-गुणिताऽयुतेन ।
सन्त्रासितस्तं नृपतिं सहायं माकन्द-देशाधिपतिर्ययाचे ॥५३॥

त्यसपछि कुनै समयमा मुसल्मानी राजाले साठी हजार सैन्य द्वारा तर्साइएका मकवानपुरका राजाले ती पृथ्वीपतिसाह राजा सङ्ग सहायता मागे ॥ ५३ ॥

शतान्यथैकादश सैनिकान् स्वान् स प्रेषयिष्यन् वदति स्म वीराः ! ।
यथा भवेद् गौरवमस्मदीयं योध्यं भवद्भिः समरे तथेति ॥५४॥

त्यसपछि ती पृथ्वीपति साहले एगाह्र सय सैन्य पठाउँदै 'हे वीर हो ! जुन् प्रकारले हामीहरुको गौरव रहन्छ सोही प्रकारले युद्धमा लड्नू' भन्नु भयो ।५४॥

उपेत्य माकन्दपुरं च वीरा जगुस्त्वदीयाः पृथगेव सन्तु ।
सैन्या, असंहृत्य वयं विपक्षान् प्रहर्तु मिच्छाम इति क्षितीशम् ॥५५॥

ती वीरहरु मकवानपुर पुगेर तपाईंका सैन्यहरु अलग रहुन् हामीहरु न मिसिएर शत्रुलाई प्रहार गर्न चाहन्छौं, भनि मकवानपुरे राजालाई भने ॥ ५५ ॥

तथास्त्वरीणां जय एव वीरा ! यथा कथञ्चिन्मम लक्ष्यमस्ति ।
निदेशिता भूपतिनेति युद्ध-क्रीडां व्यधुस्ते यवनेश-सैन्यैः ॥५६॥

हे वीर हो ! हुन्छ, जसरी भए पनि शत्रुलाई जित्नु मेरो लक्ष्य छ, भनि मकवानपुरे राजाले भनिएका ती गोर्खाली वीरहरु मुसल्मानी राजाका सैन्य सङ्ग युद्ध क्रीड़ा गर्न थाले ॥५६॥

दिनेषु वीतेषु कियत्सु रात्रौ सैन्येषु माकन्दपुरेश्वरस्य ।
सुप्तेषु सैन्येष्वपि यावनेषु ते मन्त्रयन्ते प्रतिभाऽऽश्रयाः स्म ॥५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केहीं समय वीते पछि रातीमा मकवानपुरे सैन्य र मुसलमानी सैन्य हरु पनि सुतेका समयमा बुद्धिमान् गोर्खाली सैन्यहरुले यस प्रकार परामर्श गर्नलागे ॥५७॥

स-पत्र-शाखाऽञ्चित-मौलिमन्तो रिपूनिदानीं प्रहराम सुप्तान्।
असंस्तुवन्तो रिपवः स्वयं च क्षयं गमिष्यन्ति मिथः प्रहारात् ॥५८॥

टाउकामा सेउलो राखेर हामीहरुले ऐले सुतेका शत्रुहरुलाई प्रहार गरौं! शत्रुहरु न चिनेर आफै पनि परस्पर प्रहार गरी मर्ने छन् ॥५८॥

स-पत्र-शाखाऽवगताऽत्म-सार्था वयं त्वरीनेव निशात-शस्त्रैः।
भेत्स्यामहे, साम्प्रतमेव सर्वे तद् यावनानां शिविरं व्रजाम ॥५९॥

सेउली द्वारा आफ्ना साथीलाई चिनेर हामीहरुले तीखा वाणले शत्रुलाई मात्र प्रहार गर्ने छौं। त्यसकारण अहीलेनै मुसलमानी सेनाको शिविरमा जाउँ ॥५९॥

मन्त्रानुसारं प्रहरत्सु तेषु मिथः प्रहारादपि मन्थराक्षाः।
असंस्तुवन्तो बहवस्तदानीं क्षयं गता यावन-सैनिकास्ते ॥६०॥

परामर्श अनुसार ती गोर्खाली सैन्यले प्रहार गर्न लागेपछि लट्ट आँखा भएका मुसल्मानी सैन्यहरु नचिनेर परस्पर प्रहार गरेर पनि धेरै मरे ॥६०॥

शेषेषु भीतेषु पलायितेषु माकन्द-सैन्यानपि साधिताऽर्थाः।
सुप्तानहत्वोष्य निवृत्य वीरा माकन्द-भूपं ब्रुवते स्म वृत्तम् ॥६१॥

(मरेर) वाँकी रहेका (मुसल्मानी सैन्य) भागेपछि काम सिद्ध गरेका गोर्खाली वीरहरुले सुतेका मकवानी सैन्यलाई न जगाई कन फर्केर मकवानी राजालाई वृत्तान्त वताए ॥६१॥

कुत्राऽधुना सन्ति मदीय-सैन्या माकन्द-भूपेन तदेति पृष्टाः।
अस्मासु गाढं शयिता अभूवन्नायात्सु राजन्निति तं समूचुः ॥६२॥

'ऐले मेरा सैन्य कहाँ छन्?' भनि मकवानपुरका राजाले सोधिएका ती गोर्खाली वीरहरुले 'हामीहरु आउँदा मस्त सुतेका थिए' भनि उनलाई उत्तर दिए ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माकन्द-सैन्या अपि जागरित्वा गोरक्ष-सैन्याननवेक्षमाणाः।
छिन्नोत्तमाङ्गान् यवनान् समन्ताद् दृष्ट्वा च लज्जावनता उपेयुः ॥६३॥

मकवानी सैन्यहरु पनि जागेर गोर्खाली सैन्यलाई न देखेर र वरी परी हाउका काटीएका मुसलमानलाई देखेर लजाले झुकेर आए ॥६३॥

गोरक्ष-वीराश्च पुरस्कृतास्ते प्रीतेन माकन्दपुरेश्वरेण।
आगत्य वृत्तं स्म निवेदयन्ते पृथ्वीपतिं भूमिपतिं गुणज्ञम् ॥६४॥

प्रसन्न भएका मकवानपुरे राजावाट पुरस्कार पाएका गोर्खाली वीरहरू आफ्नो देशमा आई गुण जान्ने राजा पृथ्वीपति साहलाई वृत्तान्त निवेदन गरे ॥६४॥

निशम्य वृत्तं नृपतिः स्मितस्तान् "द्विषः ख-खाऽश्राऽम्बर-षण्मिताश्च।
वीरैः शतै रुद्र-मितैर्मदीयैर्जिता" इति प्रीत-मनाः शशंस ॥६५॥

वृत्तान्त सुनेर हँसीलो मुखलगराएका राजाले "मेरा एगाह्रसय वीरहरुले साठी हजार मुसलमानी सैन्यलाई जिते" भनि हर्षित मन गराई तिनीहरूको प्रशंसा गर्नु भयो ॥६५॥

ततः कदाचिद् रणदुर्लभस्य गुणैः समाकृष्ट- मनःसु तस्मिन्।
श्रद्धामपूर्वां स-महीश्वरेषु सर्वेषु शश्वत् प्रतिपादयत्सु ॥६६॥

त्यसपछि कुनै समयमा रणदुर्लभका गुणले मन आकृष्ट भएका राजा सहित सवैले सदा उनमा अपूर्व श्रद्धा गर्नलागे पछि ॥६६॥

कर्णे-जपाः केचन वीरभद्रं राज्यं त्वदीयं रणदुर्लभस्तु।
ईप्सुर्हि तस्मै जनकोऽपि दित्सुरस्तीव भातीति रहस्यवोचन् ॥६७॥

कुनै छुल्याहाहरुले "तपाञीको राज्य रणदुर्लभले लिन खोजेका छन् पिताजीले पनि उनलाई दिन खोज्नु भएको छ, कि भने जस्तो लाग्द छ" भनि एकान्तमा वीरभद्र साहलाई भने ॥६७॥

निशम्य पैशुन्यमिति, प्रजानां पितुश्च हृद्यं रणदुर्लभं सः।
मत्वाऽपि दूरीकृत-राज्य-लोभे तस्मिश्च ताते विमना बभूव ॥६८॥

यो छुल्याई सुनेर प्रजाहरुका र पिताजीका पनि रणदुर्लभलाई प्यारा ठहराई, राज्यको लालसा नभएका उहाँमा (रणदुर्लभमा) र बाउमा पनि वीरभद्रसाहले मन विगार्नु भयो ॥६८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मलीमस-स्वान्तमथाऽऽर्य-भावो विनीत-रूपो रणदुर्लभस्तम् ।
उवाच दायिन् ! पिशुनेरितेषु भवान् न विश्वासमुरीकरोतु ॥६९॥

यसपछि राम्रो भावना भएका रणदुर्लभसाहले मलिन मन भएका उहाँलाई नम्रता साथ भन्नु भयो हे दाजी ! छुल्याहाले भनेका कुरामा तपाजी विश्वास न गर्नु होस् ॥६९॥

सत्यं ब्रवीमि स्पृहयामि नाऽहं राज्याय, किन्तु प्रभुमेव रामम् ।
सौमित्रिवत् सेवितुमुत्सुकस्तत् त्वमार्यभावो भव मय्यपीति ॥७०॥

सत्य भन्दछु मैले राज्य चाहँदैन किन्तु लक्ष्मणले रामको झैं प्रभुको सेवा गर्न चाहन्छु त्यसकारण तपाजीले पनि ममा राम्रो भावना राख्न होस् ॥७०॥

स वीरभद्रः श्रुतवानपीति मलीमसान्तःकरणो न किञ्चित् ।
बुबोल्ल तन्म्लान-मुखो महात्मा मेनेऽपवादं बत ! दुर्निवारम् ॥७१॥

यती सुनेरपनि मलिन अन्तःकरण भएका वीरभद्रसाह केही बोल्नु भएन र हरे शिव ! निदाउरो मुख भएका महात्मा (रणदुर्लभसाह) ले अपवाद हटाई न सकिने ठहराउनु भयो ॥७१॥

जिज्ञासमानेऽथ विषाद-हेतुं पृथ्वीपतावप्लुत पद्म-नेत्रः ।
निवेदयामास स जात-वृत्तं संरुद्ध-कण्ठो रणदुर्लभस्तम् ॥७२॥

यसपछि पृथ्वीपतिसाहले निदाउरो मुख लगाउनाको कारण सोधदा पानीमा डूबेका कमल जस्ता नेत्र भएका (आँखामा आंसू भरेका) घाँटी रोकिएका रणदुर्लभसाहले वहाँलाई भएको वृत्तान्त निवेदन गर्नु भयो ॥७२॥

नये नदीष्णं निज-वंश-दीपं प्राण-प्रियं भ्रातृषु वत्सलं तम् ।
दृष्ट्वा विषीदन्तमुवाच राजा संमार्ज्य गात्रं परि-सान्त्वयन् सन् ॥७३॥

नीतिमा सिपालु, आफ्नो वंशका बत्ती स्वरूप, प्राण जस्ता प्यारा, भाई हरुमा प्रेम गर्ने वहाँलाई खिन्न भएको देखी राजाले आङ् मसारेर सान्त्वना दिंदै भन्नु भयो ॥७३॥

विषीद मा पुत्रक ! वीरभद्रं गत्वाऽधुनैवाऽस्म्यवबोधयामि ।
इतीरयित्वा निरगाद् विषण्णो ज्येष्ठं सुतं बोधयितुं नरेन्द्रः ॥७४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'हे प्यारा पुत्र ! दुःख नमान म ऐलेनै गएर वीरभद्रलाई संझाउँछु' यती भनि खिन्न भएका राजा जेठा छोरालाई संझाउन निमित्त निक्लनु भयो ॥७४॥

यद् वीरभद्रोद्गिलितं महात्मा स्मरन्नवाच्यं रणदुर्लभस्तत् ।
लिग्लिङ्गकूटेऽरिजयाय दत्त-स्व-धर्म-पत्रस्य फलं स मेने ॥७५॥

महात्मा रणदुर्लभसाहले वीरभद्रसाहबाट भनिएको अवाच्य संझदै, लिग्लिगकोटमा शत्रुलाई जित्न निमित्त दिएको आफ्नो धर्मपत्रको फल ठहराउनु भयो ॥७५॥

अतोऽपवादं परिमार्ष्ट-कामः प्राणैश्च तं साह-कुलावतंतः ।
हा ! हन्त ! कोष्ठे प्रविशन् स्वकीये संसार-नाट्यं स समाप सद्यः ७६

अतः प्राणद्वारा पनि त्यो अपवाद मेटाउने इच्छा गरी साहकुल-भूषण रणदुर्लभसाहले आफ्नो कोठामा पसेर हरे ! शिव ! तुरुन्त नै संसारको नाट्य समाप्त गर्नु भयो ॥७६॥

पिता परावृत्य निभालयन् सन्नितस्ततो गौरिव वत्समेनम् ।
हे ! तात ! सूनो ! रणदुर्लभेति प्रेम-प्लुतात्मा मुहुराजुहाव ॥७७॥

पिताज्यू (पृथ्वीपतिसाह) ले फर्के र गाईले बाछालाई झैं यता उती खोज्दै ए ३ बाबु) ए ३ छोरा ! ए ३ रणदुर्लभ ! भन्दै बार-बार बोलाउनु भयो ॥७७॥

द्वारं स नद्धं दृढमर्गलेन शून्यं च कोष्ठान्तरथाऽनुभूय ।
दीर्घं श्वसन् सांशयिकः क्षितीश उद्विग्न-चित्तो नितरां बभूव ॥७८॥

त्यसपछि आग्लाले ढोका बल्ल्यो सङ्ग लगाएको र कोठाभित्र सुनसान भएको अनुभव गरी सन्देहमा परेका राजा लामो श्वास फेर्दै उद्विग्न हुनुभयो ॥७८॥

उद्घाटयन् द्वारमथ प्रयत्नादचेष्टमानं सुतमीक्षमाणः ।
स्नातोऽश्रु-वर्षैर्विकलेन्द्रियः सन्नुच्चैरुरस्ताडमसौ रुरोद ॥७९॥

यसपछि पृथ्वीपतिसाह परिश्रमका साथ ढोका खोली निश्चेष्ट छोरा लाई देखेर विकल इन्द्रिय भएका हुँदा आँसुका वर्षाले नुहाउँदै छाती पिटी पिटी चिच्चाई २ रुनु भयो ॥७९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तद् दुःश्रवं वृत्तमवेतवन्तः स-भारधारा इतरेऽपि लोकाः ।
आ-बाल-वृद्धं रुरुदुर्भृशार्तास्तं वीरभद्रं च हृदा निनिन्दुः ॥८०॥

सुनी न सक्नु त्यो समाचार थाह पाएका भारधार समेत अरु आबाला वृद्ध प्रजाहरु पनि धेरै दुःखित भई रोए र हृदयले वीरभद्र साहको निन्दा गरे ॥८०॥

पलायमानाऽब्धिमुपैति कुल्या वधूः कुलीना निज-मातृ-गेहम् ।
मत्वेत्यगाद् व्युग्र च वीरभद्र-पत्नी तदा गर्भवती त्रितुङ्गम् ॥८१॥

त्यस समयमा वीरभद्रसाहकी पत्नी झगडा गरी, कुलो भागी समुद्र, चेली भागी माइत भन्ने विचार गरी तनहुँ (माइत) जानु भयो ॥८१॥

रुजाऽभिभूतश्च स वीरभद्रः श्रीचन्द्ररूपं निभृतं जगाद ।
प्रजावती तेऽनुज ! मातृ-गेहे गता स-गर्भेत्यहमेव वेद्मि ॥८२॥

रोगले ग्रस्त भएका वीरभद्रले एकान्तमा भाई चन्द्ररूप साहलाई भन्नु भयोः—हे भाई माइत गएकी तिम्री भाउजू गर्भवती छन् भन्ने कुरा मलाई मात्र थाह छ ॥८२॥

सुतोऽभविष्यद् यदि तात ! तं त्वं न्यभालयिष्यो विमृशन् सुतं स्वम् ।
चिरं न जीवेयमहं तु रुग्णः परेऽन्य भावा इति तान्न वच्मि ॥८३॥

हे बाबु ! यदि छोरो जन्म्यो भने त्यसलाई आफ्नै पुत्र संझी रेख देख गरे म त रोगग्रस्त भएकोले धेरै बाँच्दैन कि के हो । अरुको भावना अर्कैछ त्यसकारण तिनीहरुलाई भन्दैन ॥८३॥

वचो निशम्येति स चन्द्ररूपो विनीत-भावस्तमुवाच दायिन् ! ।
कायेन वाचा मनसापि सत्यं निभालयिष्यामि भवत्तनूजम् ॥८४॥

येती सुनेर नम्र भावना भएका चन्द्ररूपसाहले हे दाजो ! शरीर, वचन, मन द्वारा निश्चय तपाञीका पुत्रको रेख देख गर्नछु ।.८४॥

स्वस्मिन् स-प्रकृति-प्रजा विमनसो वीक्ष्याऽथ रोगाकुलो
द्रष्टुं पाशुपते पुरे पशुपतिं देवं विषण्णो ययौ ।
तं दृष्ट्वा च निवर्तमान उरुणा स व्याधिना पीडितो
हा ! हन्त ! त्रिदिवं ययावसमये श्रीवीरभद्रः पथः ॥८५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि आफूमा राज भवनका मन्त्री आदि र प्रजाहरूलाई पनि असन्तुष्ट देखेर रोगले आकुल भएका वीरभद्रसाह पशुपति देवको दर्शन गर्न भनि काठमाडु जानुभयो । उक्त पशुपति देवको दर्शन गरी फर्केर आउँदा बाटामा असह्य रोगले पीडित भई हरे ! शिव ! वहाँ श्रीवीरभद्रसाह असमयमा स्वर्ग जानुभयो ॥८५॥

जज्ञे तात-निभस्तदीय-तनयो मातामहीये गृहे ।
मात्राऽभ्यर्थित आर्य उज्ज्वल-मतिर्गौरीश्वरो मन्त्र-वित् ॥
संस्कुर्वन विधिनाऽऽख्यया च नरभूपालं विधायाऽर्भकं ।
तद्राज्य प्रतिपत्ति-साधन-पुरश्चर्या-परोऽभूद् द्विजः ॥८६॥

मावली बाजेका घरमा बाउको जस्तो अनुहार भएका वहाँ (वीरभद्रसाह) का पुत्र जन्मनु भयो । आमाले प्रार्थना गरिएका उज्ज्वल बुद्धि भएका मन्त्रजान्ने सज्जन गौरीश्वर ब्राह्मणले बालकको विधिपूर्वक संस्कार गरी 'नरभूपालसाह' भन्ने नाम राखी उनको राज्य प्राप्तको साधन पुरश्चरण गर्न लागे ॥८६॥

गोरक्षसाहवंशाख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
पूर्णोऽभूत् सप्तमः सर्गो डम्बरादि-चरित्रवान् ॥८७॥

हरिप्रसादशर्मा आचार्यले बनाएको यस गोरक्षसाह-वंश महा काव्यमा डम्बरसाह आदिको चरित्र भएको सप्तम सर्ग पूर्ण भयो ॥८७॥

१. डम्बरका चार पुत्रको नाम.
२. डम्बरशाहको निधन, कृष्ण शाह राजा भए.
३ कृष्णशाहको निधन रुद्र शाह राजा.
४. रुद्रशाहको निधन, पृथ्वीपतिशाह राजा.
५. आमसुरु .. विजय
६. नरभूपालशाहको जन्म वीरभद्रशाहका.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टमः सर्गः

अदृष्टपौत्रो-बत ! वीरभद्रं दिवं गतं ज्येष्ठमवेत्य पुत्रम् ।
सिंहासनार्हं-प्रथम-क्रमं स्वं लुप्तं विदित्वा विषषाद राजा ॥१॥

नाती नदेखेका राजा पृथ्वीपतिसाह जेठा छोरा वीरभद्रसाह स्वर्ग गएको थाह पछि आफ्नो सिंहासनको जेठोक्रम लुप्त भएको संझी खिन्न हुनु भयो ॥१॥

श्रीवीरभद्रस्य सुतोऽग्रजस्य जातोऽस्ति मातामह-सद्मनीति ।
विनीत-रूपो विनिवेद्य तातं तं सान्त्वयामास स चन्द्ररूपः ॥२॥

मावली बाजेको घरमा, दाजी वीरभद्रसाहका पुत्र जन्मेका छन् भनि नम्रता साथ चद्ररूपसाहले निवेदन गरी पिताज्यूलाइ सान्त्वना दिनु भयो ॥२॥

दिनेषु गच्छत्सु कियत्सु, पुत्राः पृथ्वीपतौ याति दिवं स-यत्नाः ।
प्रत्येकमन्ये किल चन्द्ररूपाद् राज्यं स्वयं हस्तयितुं बभूवुः ॥३॥

केही दिन पछि पृथ्वीपति राजाको स्वर्गवास हुँदा चन्द्ररूपसाह बाहेक सबै छोराहरु राज्य आफै लिन तत्पर भए ॥३॥

विराजथापा-प्रमुखान् सहायान् कृत्वा स्मरन् दायि-वचो महात्मा ।
श्रीवीरभद्रात्मजमेव भूपं चन्द्रो विधातुं नितरां प्रयेते ॥४॥

दाजीको वचन सम्झेका महात्मा चन्द्ररूपसाहले विराजथापा आदि-लाई सहाय बनाई श्रीवीरभद्रसाहका छोरा (नरभूपालसाह) लाई नै राजा बनाउन अतिशय प्रयास गर्नु भयो ॥४॥

गोरक्ष-देशं कवली-चिकीर्षुः श्रीवीरभद्र-श्वशुरोऽतिगृध्नुः ।
न प्रेषयामास परं प्रतीपो दौहित्रमेनं पृथुकं त्रितुङ्गात् ॥५॥

तर गोर्खाराज्य खान खोजेका वीरभद्रका लोभी ससुराले विरोधी बनी बनहुँबाट यिनी बालक नाती (छोरीका छोरा) लाई पठाएनन् ॥५॥

धात्र्या मिलित्वा सह चन्द्ररूपो धारां समानाय्य समं तयाऽतः ।
गोरक्षदेशं सुकृती त्रितुङ्गात् तं वीरभद्रात्मजमानिनाय ॥६॥

अतः पुण्यात्मा चन्द्ररूपसाहले धाई सङ्ग मिली उनीद्वारा पँधेरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याउन लगाई वीरभद्रसाहका छोरा नरभूपालसाहलाई तनहुँवाट गोर्खा ल्याए ॥६॥

गोरक्ष-राज्येऽथ शुभे मुहूर्ते विरोधिनि भ्रातृ-गणेऽपि चन्द्रः।
विराजथापादि-सहाय एनं श्रीवीरभद्रात्मजमभ्यषिञ्चत् ॥७॥

यसपछि चन्द्ररूपसाहले दाजु भाईहरु विरोधी भएता पनि विराज-थापा आदिको सहायता लिएर गोर्खाराज्यमा शुभ मुहूर्तमा श्रीवीरभद्रका छोरा यिनी बालक (नरभूपालसाह) को अभिषेक गरे ॥७॥

काले व्यतीते कियति क्षितीशं बालं विदित्वा सहसा जिगीषुः।
त्रितुङ्ग-भूपेन समं बलिष्ठंमन्योऽभ्ययाल्लम्वयुगाधिराजः ॥८॥

केही समय वीते पछि राजा नरभूपालसाहलाई बालक संझी तनहुँका राजाले सहित भई आफुलाई बलवान् संझने जिगीषु लंजुङ राजाले एकाएक चढाई गर्नु भयो ॥८॥

अबाल-सत्त्वः समरेऽपि बालो विपक्ष-सैन्यान् निशित-ास्त्र-जालैः।
गोरक्ष-भूपः प्रहरन् स्व-देशात् पलाययामास स तान् क्षताङ्गान् ॥९॥

बालक भएता पनि युद्धमा ठूलो पराक्रम भएका गोर्खाली राजा नरभूपालसाहले तीखा वाँणले आङ् छिया छिया वनाई ती विरोधीका सैन्यलाई आफ्ना देशवाट लखेट्नु भयो ॥९॥

तस्याऽथ चन्द्रप्रभया विवाहः खाँची-क्षितीशात्मजया बभूव।
कौशल्ययाऽभूदपि पालपेश-पुत्र्या द्वितीयो विधिवन्नृपस्य ॥१०॥

तीराजाको खाँचीका राजाकी छोरी चन्द्रप्रभाका साथ विवाह भयो। पाल-पाली राजाकी छोरी कौशल्या सङ्ग पनि विधिपूर्वक द्वितीय विवाह भयो ॥ १० ॥

यथार्थ-नाम्न्या सह बुद्धिमत्या तार्तीयिकः पर्वत-राज-पुत्र्या।
त्रितुङ्ग-भूपस्य सुभद्रयाऽभूत् पुत्र्या तुरीयो नृपतेर्विवाहः ॥११॥

पर्वते राजाकी छोरी नाम अनुसार गुण भएकी बुद्धिमती सङ्ग तृतीय र, तनहुँका राजाकी छोरी सुभद्रा सङ्ग चतुर्थ-विवाह भयो ॥११॥

धर्मेण तस्मिन्नवति क्षितीशे नहीतयो व्याधय आधयोऽपि।
न्यघुस्तदाङ्घ्रिं वसुधा बभूव गोरक्षराज्ये वसु-धान्य-पूर्णा ॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वहाँ राजाले धर्मपूर्वक पालनगर्दा अतिवृष्टि, अनावृष्टि आदि र रोग, एवम् मानसिक दुःखले पाउ राखेको थिएन। त्यसताक गोर्खामा पृथ्वी पनि धन धान्यले पूर्ण थिईन् ।१२॥

मखैः सुराँस्तोषयति स्म दानैर्मुनीन्, निवापैश्च पितॄन् स राजा।
एवं प्रजाः पालयतो बभूव न सन्ततिस्तत् स भृशं शुशोच ॥१३॥

वहाँ राजाले यज्ञद्वारा देवताहरुलाई, दानद्वारा ऋषिहरुलाई, र श्राद्ध तर्पण द्वारा पितृहरुलाई सन्तुष्ट गराउनु भएको थियो। यस प्रकार प्रजाको पालन गर्ने वहाँका सन्तान भएनन् अतः अतिशय शोक गर्नु भयो ॥१३॥

रत्न-प्रभा-भासितमप्यपुत्रं यन्मन्दिरं गह्वरमेव तत्तु।
सुत-स्मितेन्दु-द्युति-दीपिता चेत् कुटी मनोज्ञा तृण-निर्मिताऽपि ॥१४॥

पुत्र नभएको घर, रत्नका कान्तिले चहकिलो भएता पनि गुफा जस्तै हुन्छ! पुत्रको हँसाइ रूपीचन्द्र-किरणले प्रकाशित भए तिरनले वनेको कुटीपनि मनोहर हुन्छ ॥१४॥

राजा विचिन्त्येति स पुत्र-कामः कौशल्यया मध्यमया महिष्या।
समं समाराधयितुं दिनेशं प्रचक्रमेऽनन्य-मना मनस्वी ॥१५॥

यती विचार गरी पुत्रको कामना गर्नुभएका मनस्वी वहाँ राजा माहिली रानी कौशल्याको साथ सूर्यको आराधना गर्न अनन्य मन भई प्रारम्भ गर्नुभयो ॥१५॥

प्रातः स पुष्पज्जलजाञ्चितायां पुरोपकण्ठ-स्थित-पुष्करिण्याम्।
कौशल्यया सार्धमुपेत्य देव्या स्नात्वोपसंव्यानमधात् पवित्रम् ॥१६॥

प्रातः वहाँ कौशल्या रानी सहित भई फुलेका कमलले शोभित भएको नगरका नजीकको पोखरीमा गई स्नान गरी पवित्र धोती पहिनुँ भयो ॥१६॥

अंहांसि यत् कीकस-मध्य-गानि सद्यो दहत्यग्निरिवेन्धनानि।
गव्यं पिवन् मन्त्र-परिष्कृतं तत् सुशासनार्होऽपि कुशासनेऽस्थात् १७

हाड भित्रको पापलाई पनि आगाले दाउरालाई झैं तुरुन्त भस्म गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्ने मन्त्रवाट परिष्कृत पञ्चगव्य प्राशन गरी राम्रो शासन गर्ने राजा कुशासनमा वस्नु भयो ॥१७॥

स मण्डयित्वा तिलकेन भालं सान्ध्यं विधिं कर्तुमथ प्रवृत्तः ।
शुद्धान्त-चेटीषु सतीषु देवी स्वयं ययौ सा कुसुमानि चेतुम् ॥१८॥

त्यसपछि तिलकले निधार अलङ्कृत गरी वहाँले सन्ध्या विधि गर्न आरम्भ गर्नु भयो । राजभवनमा काम गर्ने चेटीहरु थिएता पनि रानी स्वयम् फूल टिप्न जानु हुन्थ्यो ॥१८॥

मञ्जीर-पुष्पन्धय-गुञ्जिताङ्घ्रि-सरोरुहा बाहु-लताप्रताना ।
वक्षोज-गुच्छा चल-नेत्र-मीना मुखेन्दु-बिम्बाऽधर-पल्लवाढ्या ॥१९॥
आवर्त-जिद्-रम्य-गभीर-नाभि-सरोवरा संयत-केश-गुल्मा ।
रराज देवी सितपक्ष-रात्रौ स-दीर्घिका पुष्पित-वाटिकेव ॥२०॥

पाउजेव रूपी भ्रमरले पाउरूपी कमल गुञ्जित भएकी, बाहुरूपी लताका झाङ्गा, पयोधर रूपी गुच्छ, चञ्चल आँखा रूपी माछा, मुखरूपी चन्द्र प्रतिबिम्ब, ओंठरूपी पालुवा, भँवरीलाई जित्ने राम्रो गहीरो नाभिरूपी राम्रो पोखरी, कोरी वाटी गरेको केशरूपी लतागृह भएकी रानी शुक्ल पक्षका रातीमा पोखरी सहित भएको फुलेको फुलवारी जस्तै शोभित हुनु हुन्थ्यो ॥१९-२०॥

समागतां तामलयो विलोक्य विहाय सूनानि सरोज-बुद्ध्या ।
तदीय-पादौ समया जुगुञ्जु रुद्यान-देवीमिव संस्तुवन्तः ॥२१॥

आएकी ती रानीलाई देखेर भमरहरु उद्यान-देवीको स्तुति गरेको होकि जस्तो गरी फुलहरुलाई छोडी कमल जस्ता मानेर वहाँका पाउका नजीकमा गुन् गुन् गर्न लाग्थे ॥२१॥

रम्याणि पुष्पाण्यवचिन्वती सा भास्वत-सपर्योचित-वस्तु-जातम् ।
सम्पादयन्ती स्वयमेव देवी नीत्वा ययौ हंस-गतिर्नरेन्द्रम् ॥२२॥

राम्रा फूलहरु टिपी सूर्यको पूजामा उचित वस्तुहरु आफै तयार गरी लीएर हाँसको जस्तो हिडाईले राजाहुनी जानु हुन्थ्यो ॥२२॥

प्रवाल-वर्णां प्रतिपादयन् गां बालारुणोऽथोदयमाजगाम ।
कलं जुगुञ्जुः सरसि द्विरेफाः स्तुवन्त आदित्यमिवोदितं तम् ॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि पृथिवीलाईपनि लुवाको जस्तो (रातो) बनाउँदै सूर्यनारायण उदित हुनु भयो। उदित वहाँ लाई स्तुति गरे जस्तै गरी तलाउमा भँवरा राम्रो गुन् गुन् गर्न लागे ॥२३॥

विहङ्गमाः पादप-कोटरेभ्यः समीरणान्दोलित-पल्लवेषु ।
बालातपामृष्ट-तुषार-बिन्दून् मत्वा ययुर्दाडिम-बीज-राशिम् ॥२४॥

बालसूर्य किरणले युक्त तुषारका थोपालाई दाडिमका दानाको राशि जस्तो ठानेर चराहरू रुखका टोड्कावाट वायुले हल्लाइएका पालुवामा गए ।, २४ ॥

निर्धौत-हाराभ-तुषार-राजी सूर्योऽपसव्यी-कृत-कूट-मालः ।
नगाधिराजः कनक-प्रभः सन् बभाविवेलावृत-काञ्चनाद्रिः ॥२५॥

स्वच्छगरिएका हारजस्ता हिउँले शोभित भएका, सूर्यले चुचुरा परिक्रमा गरिएका हिमालय सुनको जस्तो कान्ति हुनाले इलावृत खण्डका सुमेरु पर्वत जस्तै शोभित भए ।॥२५॥

पलायितं मद्भयतो निलीनं क्वचिद् भवेद् ध्वान्तमितीव मत्वा ।
समूलघातं विनिहन्तुमेनल्लतोदरे पश्यति तिग्म-रश्मौ ॥२६॥

म-सङ्ग डराई भागेको अन्धकार कहीं लुकेको छ कि भन्ने ठानेर झैं उसलाई निर्मूलपारी नाशगर्न निमित्त सूर्यनारायणले लहराका झाङ्मा हेर्न थाले पछि ॥२६॥

तमोऽपहो मामपि हन्ति नूनं मत्वा तमो मित्रमितीव मत्वा ।
स-साध्वसो निश्चलतामुपेत्य गुल्मान्तरे मौनमवाप घूकः ॥२७॥

अन्धकार नाशगर्ने सूर्यले मलाईपनि अन्धकारको मित्र हो भन्ने जानी अवश्य नाश गर्छन् भन्ने ठानेर झैं डराई लाटोकोसेरो झाङभित्र चुप्प-लागेर वस्यो ॥२७॥

मत्वा तमोऽस्मानपि नील-रूपानवेत्य हन्यादिति शङ्कमानाः ।
जजल्पुरुच्चैरिव भीति-भाजो वयं तु काका इति वायसाश्च ॥२८॥

हामीहरुलाईपनि कालोरूपवाला देखेर अन्धकार भन्ने संझी नाश गर्छन् कि भन्ने शङ्काले डराएका जस्ता कौवाहरु हामीहरु कौवाहौं २ भन्दै का का भन्न थाले ।॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथाधिपो लोचन-गोचरं तं मयूख-मालाचित-जीव-लोकम् ।
आनर्च देवी-सहितो यतात्मा स-पुष्प-गन्धाक्षत-धूप-दीपैः ॥२६॥

यसपछि किरणका पङ्क्तिले पृथ्वीतललाई पवित्र गराउनुभएका आँखाले साक्षात् दर्शन गर्न पाइएका सूर्यनारायणलाई रानीसहित भएर जितेन्द्रिय राजाले,चन्दन,अक्षता, पुष्प,धूप, दीप द्वारा पूजागर्नु भयो २६

सम्पूज्य चान्यैर्विधिवद्दिनेशं पाद्यादि-पूजोचित-वस्तु-जातैः ।
प्रसून-पूर्णाञ्जलिनाऽभिवाद्य प्रिया-द्वितीयो विदधौ स्तवं सः ॥३०॥

अरु पाद्य आदि पूजोचित वस्तुहरु द्वार विधिपूर्वक सूर्यको पूजागरी पुष्पाञ्जलिले दण्डवत् गरी रानी सहित भई स्तुति गर्नु भयो ॥३०॥

मयूख-जालैरवलोकयन् गां सदा परिक्रामसि काञ्चनाद्रिम् ।
तल्लोक-साक्षीति विभो! मुनीन्द्रा अन्वर्थमाहुर्भवतोऽभिधानम् ॥३१॥

हे सर्वव्यापी ईश्वर ! किरणका समूहले पृथ्वीलाई हेर्दै सदा सुमेरु पर्वतको परिक्रम गर्नु हुन्छ । अतः मुनिहरुले तपाञीको नाम 'लोकसाक्षी' भन्ने सार्थक बताउँछन् ॥३१॥

रसं रसाया अघि-माधवं त्वं शोषं समानीय मरीचि-मालिन् ! ।
सुधोपमं वर्षणमाकलय्य बिभर्षि लोकाँस्तनुजान् पितेव ॥३२॥

हे मरीचिमाली ! तपाञी गर्मीमा पृथ्वीको रस शुकाई अमृत जस्तो वृष्टि गरी संसारलाई बाउले छोरालाई झैं पालन गर्नु हुन्छ ॥३२॥

अध्यापितं यद् गुरुणा पुरा तज्जाते विवादे सकलं वमित्वा ।
ययौ विषण्णः शरणं भवन्तं श्रीयाज्ञवल्क्यो मुनि-पुङ्गवस्त्वाम् ॥३३॥

अघी गुरुले जो पढाउनु भएको थियो पछि झगडा पर्दा त्यो सब वमन गरी खिन्नभएका मुनिहरुमा श्रेष्ठ श्रीयाज्ञवल्क्य तपाञीका शरणमा जानु भयो ॥३३॥

चलेन पुच्छेन दिशन् स्वरौघं श्रुतिं समग्रां करुणार्द्र-चित्तः ।
स्वरूपमास्थाय तुरङ्गमस्य प्राध्यापयामासिथ तं मुनीन्द्रम् ॥३४॥

दयार्द्र-चित्त भएका तपाञीले घोडाको स्वरूप लिई चञ्चल पुच्छर द्वारा स्वर समुदाय उपदेश गर्दै सब वेद उहाँ मुनिलाई पढाउनु भयो ३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोकत्रयोत्पीडन-तत्परेण लङ्काधिराजेन सह प्रवृत्ते ।
तं सङ्गरे दाशरथिर्जघान प्रभो ! स-लीलं त्वदनुग्रहेण ॥३५॥

तीनलोकलाई दुःखदीने लङ्काका राजा (रावण) सङ्ग युद्ध पर्दा हे प्रभो ! दशरथपुत्र रामले तपाञीका अनुग्रहबाट लीलालेनै उसलाई मानुं भयो ॥३५॥

यद्यामयावी भजते त्वदीयं भर्गो जनस्तं विदधासि नूनम् ।
उल्लाघमोजस्विनमिद्ध-वीर्यं तस्मै नमस्तेऽस्तु सहस्र-रश्मे ! ॥३६॥

यदि रोगीले तपाञीको तेजको सेवा गर्दछ भने त्यसलाई निश्चय तेजस्वी वीर्यवान् स्वस्थ बनाउनु हुन्छ हे हजार किरण भएका ईश्वर त्यस्ता तपाञीलाई नमस्कार छ ॥३६॥

प्रभो ! सदाऽऽराध्यति वेद-माता भर्गो यदीयं तमहं कथं स्याम् ।
स्तोतुं प्रभुस्तद् हृदय-स्थ-भावं मदीयमालोच्य भव प्रसन्नः ॥३७॥

हे प्रभु ! गायत्रीले जसको तेजलाई सदा आराधन गर्नु हुन्छ त्यस्ता तपाञीलाई मैले कसरी स्तुति गर्न सकुला । अतः मेरो हृदयको भाव बुझी प्रसन्न हुनु होस् । ३७॥

प्रातः समाराध्य दिनेशमेवं दिने प्रजा-रञ्जन-तत्परोऽभूत् ।
सायञ्च भूयो महिषी-सहाय आराध्य शय्यां भजते स्म शश्वत् ॥३८॥

नित्य प्रातः काल यस प्रकार सूर्यको आराधना गरी, दिनमा प्रजाहरु को रञ्जन (आनन्दित) गर्न तत्पर हुनु हुन्थ्यो । फेरी सायंकालमा पनि आराधन गरी सुत्नु हुन्थ्यो ॥३८॥

एवं समाराधन-सक्त-चित्तं कियत्सु मासेषु गतेषु भास्वान् ।
भक्तं प्रसन्नः स्मित-पूर्वमेनं स्वप्ने '-वरं ब्रूहि नृपे" त्यत्रोचत् ॥३९॥

यस प्रकार आराधन गर्न दत्तचित्त भएका भक्त वहाँ (राजालाई) प्रसन्न भएका सूर्यनारायणले ईषद् हास्यका साथ स्वप्नमा "हे राजन् ! वर माग" भन्नुभयो ॥३९॥

इतीरितो भानुमता प्रजेशः प्रजार्थमाराधित चण्ड-भानुः ।
प्रणम्य देवं कमनीय-कान्ति वरं-स-हर्षं वरयाम्बभूव ॥४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तानका निमित्त सूर्यको आराधन गर्नु भएका सूर्यबाट यस प्रकार भनिएका राजाले मनोहर कान्ति भएका देवलाई दण्डवत् गरी सहर्ष वर माग्नु भयो–॥४०॥

अखण्ड-भूमण्डल-भूमिपाल-किरीट-विद्योतित-पाद-पीठम् ।
यशः-प्रभाधीरित-शारदेन्दुं भवन्निभं मे तनयं प्रदेहि ॥४१॥

अखण्ड भूमण्डलका राजाका किरीटले पाउ चहकिलो हुने कीर्तिका कान्तिले शरत्कालिक चन्द्रमालाई तिरस्कार गर्ने तपाईं जस्तो पुत्र मलाई दिनुहोस् ॥४१॥

अभ्यर्थितो भूमि-भुजेति भानुर्जगाद तं भक्त-वशंवदः सन् ।
मदंश-युक्तो भविता सुतस्ते राजन् ! न चिन्तां त्वमतो वहेति ॥४२॥

यस प्रकार राजाले प्रार्थना गरिएका भक्तका अधीन भएका सूर्यनारायणले "हे राजन् ! मेरो अंशले युक्त भएको तिम्रो पुत्र हुनेछ अतः चिन्ता नगर भनि राजालाई भन्नु भयो ॥४२॥

स्व-योजितो मन्त्रविदिष्ट-देवमाराध्य गौरीश्वर-भूसुरस्तम् ।
अन्येद्युरागत्य ददत् प्रसादं जगौ भवेत् त्वत्-सुत-राज्य-वृद्धिः ॥४३॥

आफुले लगाइएका मन्त्र जान्ने गौरीश्वर ब्राह्मणले इष्टदेवको आराधन गरी, अर्को दिन आएर प्रसाद दिदै, वहाँ लाइ" तपाईंका छोराको राज्य बढनेछ" भने ॥४३॥

आधाय गर्भं निशि सूर्यमद्भिः स्वप्ने गिलन्ती सहसोच्चकैः सा ।
चुक्रोश मध्या महिषी ततस्तां पप्रच्छ हेतुं नृपतिः स भीतेः ॥४४॥

राती गर्भ धारण गरी स्वप्नमा पानीका साथ माहिली रानीले सूर्य निल्नु भै एकाएक चिच्च्याउनु भयो र राजाले वहाँलाई डराउनाको कारण सोध्नु भयो ॥४४॥

ततस्तयोक्तं स निशम्य वृत्तं तोतुष्यमाणोऽपि विहित्रिमेण ।
कोपेन तस्याः स्फुरिताधरः सन् कपोलदेशे प्रजहार भूपः ॥४५॥

त्यसपछि वहाँले बताएको वृत्तान्त सुनेर अत्यन्त हर्षित भएता पनि बनावटी क्रोधले ओंठ फर्फर गराउँदै, रानीका गालामा पिट्नु भयो ४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संभाविता सा दयितेन देवी विमानिता सम्प्रति शोक-मग्ना ।
चिन्ता-तरङ्ग-प्लवमान-चेता निशामशेषां रुदती निनाय ॥४६॥

पति (राजा) ले (त्यस समय सम्म) संमान गरिएकी (तर) ऐले अपमानित भएकी रानीले शोकमा डुबी, चिन्ताको तरङ्गमा मन डुलाउँदै रुँदै सारा रात बीताउनु भयो ॥४६॥

प्रातस्ततो भास्वति भासमाने स्मिताननः साश्रु-मुखीं नरेन्द्रः ।
परामृशन् पाणितलेन देवीं पीयूष-वर्षीव वचो जगाद ॥४७॥

विहान सूर्योदय भएपछि हँसीलो मुख गराएका राजाले हातले आँग मसार्दै, रोई रहेकी रानीलाई अमृत वर्षाउने जस्तो कुरा भन्नु भयोः—४७-

स्वप्नं विलोक्याऽननुभूत-निद्रैः पूर्णं तदीयं फलमाप्यतेऽतः ।
निद्रां न यायां इति भामिनि ! त्वामतीतडं कृत्रिम-मन्युनाऽहम् ॥४८॥

स्वप्न देखे पछि फेरी न निदाएकाले त्यसको पूरा फल पाउँद छन् । अतः न निदाउ भन्नाका निमित्त बनावटी क्रोधले मैले पीटेको हूँ ॥४८॥

स्वप्नस्त्वदीयो महनीय आसीत् तत्सूर्य-मात्रा युत-पुत्र-रत्नम् ।
जनिष्यते नाविति सा निशम्य गत-क्लमा चातितरां तुतोष ॥४९॥

तिम्रो स्वप्न राम्रो थियो । त्यसकारण हाम्रो सूर्यका अंशले युक्त भएको पुत्र रत्न जन्मने छ । यस्तो कुरा सुनेर रानी सबै खेद विर्सी अत्यन्त हर्षित हुनु भयो ॥४९॥

दधत्यपीयं हृदि तिग्म-रश्मिं चिरन्तनं तापमपोहयन्ती ।
गोरक्षनाथं सवितारमेवं प्रायोऽर्चयन्ती समयं निनाय ॥५०॥

रानीले हृदयमा सूर्यलाई धारण गरेता पनि (सन्तान न भएकाले उत्पन्न भएको) धेरै काल देखिको ताप हटाइ धेरै जसो समय गोरखनाथ तथा सूर्यको पूजा गर्दै बीताउनु भयो ॥५०॥

ग्रहाश्व-शैलेन्दु-मिते ततोऽब्दे सा वैक्रमे सप्तम एव मासे ।
भाग्यस्य शौर्यस्य पराक्रमस्य निधिं गुणानामपि सिंहलग्ने ॥५१॥
कवौ रिपुस्थानगयोः सुधांशावाय-स्थिते केवल-सैंहिकेये ।
शेष-ग्रहेष्वात्मजगेषु पौषे गते घटीनां दशके निशायाम् ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकोन-विंशे च पले, दिनाङ्के सौरेण मानेन च सप्तविंशे।
वागीश-वारेऽभिजिति प्रभूष्णुं तिथावमायामसविष्ट पुत्रम् ॥५३॥

कौशल्या महारानीले विक्रम संवत् १७७६ पौष मैनामा सातै मैना मा सिंहलग्नमा, शुक्र र चन्द्र छैटौं स्थानमा, राहु एगाह्रौं स्थानमा, अरु सबै ग्रह पाँचौं स्थानमा भएका समयमा राती १० घड़ी १६ पलामा, सौरमानले २७ गते गुरुवार अमावास्या तिथि अभिजित् नक्षत्रमा, भाग्य, शौर्य, पराक्रम, आदि गुण हरुका निधि प्रभाव शाली पुत्र उत्पन्न गर्नु भयो ॥५१-५२-५३॥

तृतीय-देवी शर-भूमि-मेय-घटीष्वतीतासु च पूर्णमासम्।
उच्छिन्न-राज्यं सुषुवेऽर्भकेण मार्तण्ड-मात्रा-महितेन सूनुम् ॥५४॥

त्यसपछि तृतीयदेवी (बुद्धिमती) ले पन्ध्र घडी वीतदा सूर्यका अंशले पूजित भएका बालकले राज्य उछिनिएका पूरा मैना पुगेका पुत्र उत्पन्न गर्नु भयो ॥५४॥

पिता बुधाः खे सरतीति सूर्यनारायणं प्राहुरशीत-रश्मिम्।
पृथ्वीमुपेतः स किलेति पृथ्वीनारायणं नाम चकार सूनोः ॥५५॥

आकाशमा हिंडने हुनाले उष्णकिरणवाला देव लाई विद्वान्हरुले सूर्यनारायण भन्दछन् उनै सूर्यनारायण पृथिवीमा आए भन्ने हेतुले बाउ (राजा=नरभूपालसाह) ले छोराको नाम पृथ्वीनारायण राख्नु भयो ५५

विधाय नाम्नाऽवरजं च वृन्द-पूर्वं पिता केशरसाहमाढ्यः।
दानैर्दरिद्रानपि भूमि-देवान् मान्यो वदान्यः समतूतुपत् सः ॥५६॥

पछि जन्मेका छोराको नाम वृन्दकेशरसाह राखी धनी, माननीय, दीनखान सिपालु राजाले दरिद्रहरुलाई र ब्राह्मण हरुलाई दान द्वारा सन्तुष्ट गराउनु भयो ॥५६॥

काले व्यतीते दलमर्दनाख्यः कौशल्यया मध्यमया महिष्या।
असावि मध्यस्तनयोऽथ पृथ्वी-पालाऽभिधोऽसावि सुतः कनिष्ठः॥५७॥

केही समय वीते पछि माहिली रानी कौशल्याले दलमर्दन नाम भएका माहिला छोरा उत्पन्न गर्नु भयो त्यसपछि पृथ्वीपाल नाम भएका कान्छा छोरा उत्पन्न गर्नु भयो ॥५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सा पद्म-पूर्वां सुषुवे कुमारीं विशाल-पूर्वां वदनां च नाम्ना ।
सुतां तदीयैर्गुणरूपशीलैराकृष्ट-चित्ता जननी तुतोष ।।५८।।

वहाँले पद्मकुमारी, विशालवदना, नाम भएकी दुई पुत्री पनि उत्पन्न गर्नु भयो । ती छोरीका गुण, रूप, शीलले आकर्षित मन भएकी आमा सन्तुष्ट हुनु हुन्थ्यो ।।५८।।

शूरप्रतापं च तृतीय-देवी पद्मेन्दु-पूर्वे वदने च नाम्ना ।
सर्पावती-नामवतीं कुमारीं हेमन्तपूर्वां सुषुवे कुमारीः ।।५९।।

तेस्री रानीले शूरप्रतापसाह नामका पुत्र र, पद्मवदना, इन्दुवदना, सर्पावती, हेमन्तकुमारी नामकी पुत्री उत्पन्न गर्नु भयो ।।५९।।

क्रमान्महोद्दाम-पदाऽद्य-कीर्ति-संज्ञां दधानं दलजित्-सुसंज्ञम् ।
कीर्त्याऽपि वीर्येण यथार्थ-संज्ञौ कनिष्ठ-देवी सुषुवे सुतौ द्वौ ।।६०।।

कान्छी रानीले कीर्ति र वीर्य द्वारा नाम अनुसार काम भएका महोद्दामकीर्तिसाह र दलजित्साह नाम भएका दुई पुत्र उत्पन्न गर्नु भयो ६०

ज्येष्ठां महालक्ष्म्यभिधान-युक्तां सा पद्मनेत्रेति यथार्थ-संज्ञाम् ।
मध्यां, तृतीयां सुरतेति-पूर्वां नाम्ना कुमारीं सुषुवे कुमारीः ।।६१।।

वहाँले महालक्ष्मी नामकी जेठी, कमलजस्ता नेत्रभएकी पद्मनेत्रा नाम भएकी माहिली र सुरतकुमारी नाम भएकी कान्छी छोरी पैदा गर्नु भयो ।। ६१ ।।

विराजि-भालस्तिलकेन पृथ्वीनारायणोऽसौ चल-काकपक्षः ।
रूपेण तातस्य मुदं वितन्वन् संवत्सरं पञ्चममत्ययासीत् ।।६२।।

तिलकले राम्रो निधार भएका, चञ्चल जुल्फी भएका पृथ्वीनारायणले रूप द्वारा पिताको हर्ष बढाउँदै पाँच वर्ष बीताउनु भयो ।।६२।।

सकेलि-कौतूहलतो वयस्यैर्गोरक्षनाथस्य गुहां कदाचित् ।
गतः समं तैर्निलयाख्यकेलिं कुर्वाण एकोऽविशदन्तरस्याः ।।६३।।

वहाँ (पृथ्वीनारायण) खेल्ने कुतूहलले आफ्ना उमेरका साथीहरु सङ्ग कुनै समयमा गोरखनाथको गुफामा जानुभयो र तिनी (साथी) हरुसङ्ग लुकामारी खेल्नु हुँदै एक्लै गुफा भित्र पस्नु भयो ।।६३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शार्दूल-चर्माम्बरमंस-लोलद्भोगीन्द्रमैणाजिन-विष्टर-स्थम् ।
अनङ्ग-धग्-भाल-तृतीय-नेत्रं रोमन्थवन्नन्दि-विराजिताग्रम् ॥६४॥

प्रतप्त-चामीकर सूत्र-कान्ति विजिज्जटाजूट-युतोत्तमाङ्गम् ।
रुद्राक्ष-मालार्चित-कण्ठ-देशं स्मिताननं भूति-विभूषिताङ्गम् ॥६५॥

तेजस्विनं स्फाटिक-कुण्डलाढ्य श्रुतिद्वयं भाल-किशोर-चन्द्रम् ।
पद-प्रपन्नार्ति-हरं स तत्र गोरक्षनाथं हरमालुलोके ॥६६॥

त्यहाँ पृथ्वीनारायणले व्याघ्रचर्म पहिरनु भएका, गलामा चञ्चल सर्प भएका, मृगचर्ममा बस्नु भएका, निधारमा कामदेवलाई भस्म गर्ने तृतीय नेत्र भएका, पाहुर लगाउने (उगाउने) नन्दीले अग्रभाग सुशोभित भएका, शिरमा खारेका सुन्का तारको कान्तिलाई जित्ने जटाजूट भएका, रुद्राक्षमालाले गला शोभित भएका, हँसीलो मुख भएका, भस्मले अङ्ग शोभित भएका, तेजस्वी, दुवै कानमा स्फटिकका कुण्डल पहिरनु भएका, निधारमा बालचन्द्रमा भएका, पाउँमा पर्नेहरुको दुःखनाश गरिदिने गोरखनाथ शिवजीको दर्शन पाउनु भयो ॥६४-६५-६६॥

ततः स-कौतूहलमीक्षमाणं कृपानिधिर्बालकमीश्वरस्तम् ।
उवाच याचस्व जननीं दधि त्वं गत्वा घरं वत्स ! समानयेति ॥६७॥

त्यस पछि कुतूहल साथ हेर्ने ती बालकलाई अतिशय दयालु देवले "हे बाबु ! घर गई मुमासित दही मागेर ली आउ" भन्नु भयो ॥६७॥

विनीत-भावो गृहमेत्य बालः स्मेराननः स्वजननीं जगाद ।
गतं गुहायामधुनैव मातः ! कश्चिद् यतिर्मां दधि याचतीति ॥६८॥

नम्र स्वभाव भएका बालक घर आएर हँसीलो मुखले "मुमा ! ऐले गुफामा गएको म सङ्ग कुनै योगीले दही माग्नु भएको छ" भन्नु भयो ६८

गोरक्षनाथः स कुलेश्वरो नस्तद् यद् भणेत् तत् त्वयका विधेयम् ।
उक्त्वेत्यदाद् गो-दधि-पूर्ण-पात्रं माता कुमारोऽपि गुहां जगाम ॥६९॥

वहाँ हाम्रा कुलदेव गोरखनाथ हुनु हुन्छ, अतः जे भन्नु हुन्छ तिमीले त्यै गरे भनि आमाले गाईको दहिले भरिएको ठेकी दिनु भयो र बालक गुफामा जानु भयो ॥६९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अल्पे पुटे पत्र-कृते समग्रं निधाय भुक्त्वा दधि, बालमीशः।
ददामि तेऽभीष्टतर-प्रसादं बधान वत्साऽञ्जलिमित्यवोचत् ॥७०॥

गोरखनाथले पातका साना खोँचेरामा सब दहि हालेर खाई "हे बाबु! तिमीलाई अतिशय अभीष्ट प्रसाद दिन्छु अञ्जलि बाँध" भनि बालकलाई भन्नु भयो ॥७०॥

अथाऽञ्जलौ बालक-बध्यमाने स्मितो वमित्वोपदिदेश देवः।
अशान वत्सेति परन्तु बालः सङ्कोच-युक्तो न तथा चकार ॥७१॥

यस पछि बालकले बाँधिएका अञ्जलिमा गोरखनाथले वमन गरी मुसुक्क हाँसेर, "बाबु! खाउ" भन्नु भयो परन्तु बालकले सङ्कोच मानी खानु भएन ॥७१॥

ततो गृहीत्वाऽञ्जलिमेव बालं देवे स्वयं भोजयितुं प्रवृत्ते।
मुक्तेऽञ्जलौ तेन पतन् प्रसादो बालस्य बिन्दुः प्रपदे पपात ॥७२॥

त्यस पछि गोरखनाथ देवले अञ्जलिनै समाती बालक लाई खवाउन खोज्दा बालकले अञ्जलि छोड्दिनु भयो र प्रसाद खस्दा बालकका पाउका अग्र भागमा बिन्दु पर्‍यो ॥७२॥

हस्तेन तन्मस्तकमामृशन् सञ्जगाद देवोऽथ मम प्रसादः।
क्षिप्तः पृथिव्यां निजमिष्ट-देवमजानता मां बत! बालभावात् ॥७३॥

त्यस पछि हातले बालकको शिर मसार्दै गोरखनाथ देवले भन्नु भयोः–दुःखको कुरा छ बालकपनले गर्दा आफ्ना इष्टदेव मलाई न चिनेर मेरो प्रसाद भूमिमा फ्याँक्यौ ॥७३॥

गोरक्षनाथाऽभिध ईश्वरोऽहं वंशस्य ते कामदुघोऽस्मि तात!।
असङ्कुचन्स्त्वं यदि मे प्रसादं भक्षेः स-हर्षं मनुजेन्द्र-सुनो! ॥७४॥

हे बाबु! म तिम्रा वंशलाई इच्छा लागेको कुरा दिने गोरखनाथ ईश्वर हूँ, हे राजपुत्र! यदि तिमीले सङ्कोच न गरीकन मेरो प्रसाद खाए का भए–॥७४॥

उक्त्यैव भूपा अधि-भूमि सर्वे वश्या भवेयुः समरैर्विना ते।
समुद्र-सीमामवनीं च शिष्या निक्षिप्तवान् हन्त! परं प्रसादम् ॥७५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीतलमा सव राजाहरु वोलीलेनै युद्ध नगरीकन तिम्रा अधीन हुने थिए। समुद्र संम पृथ्वीको शासन गर्न पाउने थियौ। तर के गर्ने प्रसाद फ्याँक्यौ ॥७५॥

इत्येति देवाऽभिहितं कुमारो गोरक्ष-कर-स्पर्श-विबुद्ध-बुद्धिः।
बद्धाञ्जलिः प्रश्रय-पूर्वमेवं तुष्टाव गोरक्ष-कुलेश्वरं सः ॥७६॥

यस प्रकार गोरखनाथले भनेको सुनी गोरखनाथका करस्पर्शले बुद्धि ब्युँजेका ती वालकले गोरक्षनाथको यस प्रकार स्तुति गर्नु भयो ॥७६॥

यथा जनान् योजयसि प्रभो! त्वं तथा प्रवृत्ता गुण-दोष-हीनाः।
भवन्ति तस्मान्नहि दूषणं मे यतस्त्वदायत्तमिदं मनो मे ॥७७॥

हे प्रभु! तपाञी जुन् प्रकार लोकलाई प्रवृत्त गराउनु हुन्छ त्यस प्रकार वाट प्रवृत्त भएका जन गुणी वा दोषी हुन सक्तैनन्। त्यस्कारण मेरो केही दोष छैन, किन-कि यो मेरो मन तपाञीको अधीन छ ॥७७॥

किन्त्वार्य गृह्या गणयन्ति दोषान् न वालकानामतिदुःसहाँश्च।
जगन्नियन्तस्त्वमतः क्षमस्व तदेहि यद्दित्सितवानभूर्मे ॥७८॥

किन्तु सज्जनका सहायकहरुले वालकका सही न सकिने दोषको पनि वास्ता गर्दैनन्। अतः हे जगन्नियन्ता तपाञीले मलाई जे दिन खोज्नु भएको थियो त्यो दिनु होस् ॥७८॥

इति स्तवेनाऽतितरां प्रसन्नो गोरक्षनाथो भगवान् कृपालुः।
भाग्यावशेषात् प्रपदे न्यपप्तद् यद्बिन्दुमात्रं तव तन्महिम्ना ॥७९॥
टेकिष्यसे यत्र कुमार! पद्भ्यां जिगीषुरुर्वी खलु तत्र तत्र।
भूपा गमिष्यन्ति वशं त्वदीयं युद्धेषु जानीहि वचो मदीयम् ॥८०॥
नरेन्द्र-सूनुं स्मित-पूर्वमेनं मा ते व्यथा भूदिति सौम्य-मूर्तिः।
आश्वास्य सद्योऽन्तरधाद् गुहाया निःसृत्य हर्म्यं न्यवृतत् कुमारः ८१

यो स्तुतिवाट प्रसन्न हुनु भएका, सौम्यमूर्ति कृपालु गोरखनाथ भगवान्ले हे कुमार! भाग्य अवशेष हुनाले गोडाका वुढी औंठामा जो थोपा पऱ्यो त्यस्को प्रभावले पृथ्वी विजय गर्ने इच्छाले जहाँ तिमीले टेकौला निश्चय त्यहाँ युद्धमा राजाहरु तिम्रा अधीन हुनेछन् यो मेरो कुरा जान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुःख नमान भनि मुसुक्क हाँसी यिनी राजकुमारलाई आश्वासन दिएर तत्काल अन्तर्धान हुनु भयो, कुमार गुफावाट निस्केर घर फर्कनु भयो ॥७६॥८०॥८१॥

ओजस्वितायाः अपि वीरताया धैर्यस्य गाम्भीर्य-पुरोगमानाम् ।
बाल्येऽपि तस्मिन्नभवन् गुणानां प्रतीयमानानि सुलक्षणानि ॥८२॥

पृथ्वीनारायणमा बालक कालमा पनि तेज, वीरता, धैर्य, गाम्भीर्य आदि गुणका शुभ लक्षणहरु प्रतीत हुन्थे ॥८२॥

नाम्ना कुमारीं तत इन्द्र-पूर्वां कियत्सु माकन्दपुरेश्वरस्य ।
वर्षेष्वतीतेषु स हेमकर्णसेनस्य पुत्रीमुपयच्छते स्म ॥८३॥

त्यसपछि केही समय वीतेमा पृथ्वीनारायणशाहले मकवानपुरका राजा हेमकर्णसेनकी छोरी इन्द्रकुमारीलाई विवाह गर्नु भयो ॥८३॥

परं विवाहे विधिना समाप्ते विदापनायै विमुखे श्वशुर्ये ।
सद्योऽनुजाया उदिते विवादे बधूं विना क्रोध-परो निवृत्तः ॥८४॥

परन्तु विधिपूर्वक विवाह सकिए पछि तत्कालमा बहिनीलाई विदा गर्न जेठान (दिग्वन्धनसेन) ले न मान्दा झगड़ा पर्‍योर रिषले बिना दुलाही फर्कनु भयो ॥८४॥

दिनेषु गच्छत्सु कियत्सु पृथ्वीनारायणं सात्मज-हेमकर्णः ।
स-भीति-माकन्दपुरेश्वरस्तं पुत्रीं प्रहेतुं पुनराजुहाव ॥८५॥

केही दिन वीते पछि डराएका मकवानपुरे राजा छोरा (दिग्बन्धन सेन) सहित हेमकर्णसेनले छोरी पठाउन निमित्त पृथ्वीनारायणलाई बोलाए ॥८५॥

अवाप्य सन्देशमगर्व-पृथ्वीनारायणो नीति-विदां वरिष्ठः ।
दिशो जिगीषु "र्भविता सहायः श्वशुर्यदिग्बन्धन" इत्यगच्छत् ॥८६॥

सन्देश पाई नीति जान्नेहरुमा श्रेष्ठ दिग्विजय गर्न चाहने अभिमान न भएका पृथ्वीनारायण 'जेठान दिग्बन्धनसेन सहाय होलान् भन्ने विचारले' जानु भयो ॥८६॥

परन्तु दिग्वन्धन आत्त-दर्पः कथाप्रसङ्गेषु तदाऽप्यवोचत् ।
प्रसूत-पुत्रां नवलक्ष-हार-विराजमानां भगिनीं मदीयाम् ॥८७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रमामित्राऽन्यामहमेक-दन्त-गजेन्द्र-यानेन सुतेन सार्धम् ।
विदापयेयं तव धर्म-पत्नीमिहैव तावत् त्वमतो वसेति ॥८८॥

परन्तु त्यस समयमा पनि कुराको सिलसिलामा घमण्डी दिग्बन्धन सेनले पुत्र, उत्पन्न गरेकी, नौलाखी हीराको हारले शोभित भए की. श्री लक्ष्मी जस्ती मेरी वहिनी, तपाञीकी धर्मपत्नीलाई मैले एक दन्ते हाथीमा चढेका पुत्रका साथमा विदा गरुंला त्यसकारण त्यो समय (पुत्र जन्मने समय) संम तपाञी यहीं बस्नु होस् भने ॥८७॥८८॥

श्रुत्वेति भामस्तु जगर्ज कोपाः-दानेतुमेतामहमत्र पुत्रम् ।
यदा प्रहेष्यामि तवाऽनुजेयं विदापनीया स-सुता तदेति ॥८४॥

येती सुनेर ज्वाञी (पृथ्वीनारायणसाह) 'यिनीलाई लिन मैले यहाँ जैले पुत्र पटाउँला त्यती खेर तिम्री वहिनीलाई छोरा सहित विदा गर्नू' भनि गर्जिनु भयो ॥८६॥

सोपानदङ्घ्री तमथो नमन्तौ दिग्बन्धनाऽदिष्ट-भटावुभौ सः ।
छित्त्वाऽवमानं विमृश न निवृत्तो वधूं विना स्वां प्रति राजधानीम् ९०

त्यस पछि वहाँलाई गोडामा जुत्ता लगाई सलामी दिने दिग्बन्धन सेनले खटाएका दुई सिपाही लाई वहाँले अपमान संझी काटेर दुलाही विना आफ्नो राजधानी फर्कनु भयो ॥९०॥

अथोपयेमे विधिनैव पृथ्वीनारायणो मान-धनो मनस्वी ।
नरेन्द्रलक्ष्मीमहिमानसिंह-काशी-नरेशस्य सुतां स भूयः ॥९१॥

यसपछि मानलाई नै धन संझने मनस्वी पृथ्वीनारायणसाहले फेरी काशीनरेश अहिमानसिंहकी छोरी नरेन्द्रलक्ष्मीलाई विवाह गर्नु भयो ९१

जयन्ताऽख्यं रानामपि मगरमुग्रं युधि महे-
श्वरं पान्थं मत्वा मनसि नरभूपाल-नृपतिः ।
उभौ तावभ्येतुं युग-नव-महीध्र-क्षिति-मित-
समायां वैक्रम्यामथ स नवकूटं प्रहितवान् ॥९२॥

यसपछि राजा नरभूपालसाहले जयन्तरानामगरलाई र महेश्वरपन्थ लाई युद्धमा प्रचण्ड छन् भन्ने मनमा ठहराएर ती दुईलाई विक्रम संवत् १७९४ मा नुवांकोट आक्रमण गर्न भनि पटाउनु भयो ॥९२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चले तस्मिन् दैवादरिभिरभिभूते तु समरे
जयन्ते निर्दोषे निदधुरखिलं दोष-निग्रहम् ।
तदानीं केचित् तत् च्युत-निज-पदः सन् बत ! जय-
प्रकाशं निर्विण्णो नृपतिमभजत् कान्तिपुर-गः ॥६३॥

त्यो युद्धमा दैवसंयोगले सैन्यहरुले शत्रुबाट हार खांदा कुनैले निर्दोष जयन्तरानामा सारा दोष थुपारे अतः आफ्नो पदभ्रष्ट भएकाले खिन्न भई कान्तिपुरगई जयप्रकाश राजाको सेवा गर्न लागे ॥६३॥

जिगीषौ सोत्साहे तदजय-विषण्णे नर-पतौ
विहाय प्रासादं परम-पुरुषाराधन-परे ।
स्वदेश-स्वातन्त्र्यं विगलदवयान्ती नरपतिं
निवर्त्य प्रासादे भुवनमवति स्माद्य-महिषी ॥६४॥

विजय चाहने उत्साही राजा त्यो हारवाट खिन्न भई राजभवन छोडेर परमात्माको आराधन गर्न लाग्नु भयो र आफ्नो देशको स्वतन्त्रता नष्ट हुन लागेको जानेर राजालाई राजभवनमा फर्काई जेठी रानीले पृथ्वीको पालन गर्नु भयो ॥६४॥

समायां वैक्रम्यां त्रिदश-पुरमङ्काङ्क-मुनि-भू-
मितायां देवीभिर्व्रजति नरभूपाल-नृपतौ ।
पितुः कृत्यं कृत्वा विधिव दधिसिंहासनमसौ
नृपः पृथ्वीनारायण-रविरमेय-द्युतिरुदैत् ॥६५॥

विक्रम संवत् १७९९ सालमा रानीहरु सहित नरभूपाल राजा स्वर्ग जानु भए पछि, विधिपूर्वक पितृकृत्य गरी अत्यन्त तेजिला पृथ्वीनारायण रूपी सूर्य राजा सिंहासनमा उदित हुनु भयो ॥६५॥

गोरक्षसाहवंशाख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
पूर्णोऽभूदष्टमः सर्गः पृथ्वीनारायणोदयः ॥६६॥

हरिप्रसादशर्मा आचार्यले बनाएको यस गोरक्षसाहवंश महाकाव्यमा पृथ्वीनारायणसाहको उदय भएको अष्टम सर्ग पूर्ण भयो ॥६६॥

***

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नवमः सर्गः

ततो-महोद्दामककीर्तिसाहं दुर्धर्ष-दुर्हृद्दल-मर्दनाय ।
दक्षं नरेन्द्रो दलमर्दनं च स चत्वरेशावनुजौ चकार ॥१॥

त्यसपछि पृथ्वीनारायणले आफ्ना दुई भाई महोद्दामकीर्तिसाह र, चिताईं न सकिने शत्रुका समूहलाई निमोठन सिपालु भएका दलमर्दनसाह लाइ चौतरिया बनाउनु भयो ॥१॥

साटोप-दुर्हृद्दलजिद्बलिष्ठो नृपानुजः श्रीदलजिद् बभूव ।
सेना-पतिर्धीर उरु-प्रतापः शूर-प्रतापः सचिवो बभूव ॥२॥

राजाका भाई घमण्डी शत्रुका समूहलाई जित्ने बलवान् श्री दलजित् शाह सेनापति हुनु भयो । ठूलो प्रताप भएका धैर्यशाली शूरप्रतापशाह काजी हुनु भयो ॥२॥

आर्यः शिवानन्द बुधो निरीहो राष्ट्र-प्रियः कोश-पतिर्बभूव ।
परिश्रमाऽऽलोडित-सुश्रुतादि-वैद्यो नरेन्द्रस्य महेश्वरोऽभूत् ॥३॥

लोभ न भएका सज्जन राष्ट्रमा प्रेम गर्ने शिवानन्द सापकोटा विद्वान् खजाञ्ची हुनु भयो । परिश्रमले सुश्रुत आदि ग्रन्थ मथन गरेका महेश्वर राजवैद्य हुनु भयो ॥३॥

नये नदीष्णा अनुभूत पूर्वाः सभासदः श्रीसुरथादि-वृद्धाः ।
बभूवुरव्याहत-पौरुषाश्च सेनाधिपाः श्रीशिवराम-मुख्याः ॥४॥

नीतिमा सिपालु अँघीका कुरा अनुभव गरेका सुरथसिंह आदि बुढा पाका सभासद र सफल पुरुषार्थ भएका शिवरामसिंह वस्नेत् आदि सेनापति थिए ॥४॥

अतीतमागामि च वर्तमानं कर-स्थितं वस्त्विव वेदितारः ।
भानुः कुलानन्द इति प्रसिद्धा दैवज्ञ-वर्या अपि बालकृष्णः ॥५॥

अँघी वीति सकेका पछि हुने र तत्कालका कुरालाइ हातका वस्तुलाईं झैं जान्ने ज्योतिषीहरुमा, श्रेष्ठ भानु जैसी कुलानन्द जैसी, र बालकृष्ण जोसि प्रसिद्ध थिए ॥५॥

स्व-पूर्वज-स्थापित-रीति-भाजो गुरुर्नरेन्द्रस्य च हर्षमिश्रः ।
देवी-गुरुः श्रीजयमङ्गलोऽभूद् धर्माऽधिकारी हरदत्त-विद्वान् ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना पूर्वजले स्थापित गरिएको रीति मान्ने राजाका गुरु हर्षमिश्र थिए। रानीका गुरु जयमङ्गल थिए। धर्माधिकारी हरदत्त विद्वान् थिए ६

राजा मिलित्वाऽखिल-हिन्दू-भूपैः पारेऽब्धि गोरण्डमपाचिकीर्षुः।
जयप्रकाशं प्रथमं मनीषी नम्रोऽब्रवीत् कान्तिपुराऽवनीशम् ॥७॥

सबै हिन्दु राजाहरु सङ्ग मिलेर फिरङ्गीलाई समुद्रपारी हटाउन चाहने बुद्धिमान् राजा पृथ्वीनारायणशाहदेवले पहिले कान्तिपुरका राजा जयप्रकाशलाई नम्रता साथ भन्नु भयो ॥७॥

जयप्रकाशस्तु वचस्तदीयं बहिः प्रशंसन् मलिनान्तरात्मा।
गोरण्ड-धर्म-प्रथन-प्रवीणानतिष्ठिपत् स्वे विषये प्रतीपः ॥८॥

मैलो मन भएका जयप्रकाशले पृथ्वीनारायणको कुरालाई बाहिर प्रशंसा गर्दै (भनाईको) उल्टो बनी ईसाइधर्म प्रचार गर्ने (पादरी) लाई आफ्नो राज्यमा बस्न दिए ॥८॥

ज्ञात्वेति गोरक्ष-नृपाल-पृथ्वी-नारायणस्तं पुनरित्यवोचत्।
यदि प्रतीपो भवसि त्वदीयं राज्यं समग्रं प्रथमं हरामि॥९॥

यो कुरा थाह पाएर गोर्खाली राजा पृथ्वीनारायणशाहले यदि प्रतिकूल हुन्छौ भने पहिले तिम्रो सब राज्य हरण गर्दछु भन्नु भयो ॥९॥

राज्ये मदीये त्वयकाऽभियाते घटी-चतुष्केण तवापि राज्यम्।
हर्तुं समर्थोऽहमिति प्रगल्भस्तं प्रत्यवोचत् स जयप्रकाशः ॥१०॥

मेरो राज्यमा तँ जस्ताले चढाइ गरिस् भने तेरो राज्य पनि मैले चार घडीमा हरण गर्न सक्छु भनि धृष्टताका साथ जयप्रकाशले पृथ्वीनारायणलाई उत्तर दिए ॥१०॥

राज्यं समर्थो यदि मे हर त्वं हर्तुं तवाऽहं यदि न प्रभुः स्याम्।
भणामि साटोपमहं न पृथ्वीनारायणाऽऽख्यो नरभूप-पुत्रः ॥११॥

सक्छस् भने मेरो राज्य हरण गर्, यदि मैले तेरो राज्य हरण गर्न सकिन भने गर्व सङ्ग भन्छु, कि म नरभूपालको छोरो पृथ्वीनारायण होइन ॥ ११ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं स गोरण्ड-निवर्हणाय साहाय्य-कामः सुहृदैव पूर्वम् ।
जयप्रकाशेन महा-बलेन युद्धाय गोरक्ष-नृपो जगर्ज ॥१२॥

यस प्रकार फिरङ्गीलाई निमोठ्न भनि सहायता खोज्नु भएका गोर्खाली राजा पृथ्वीनारायणसाहले वड़ा बलवान् जयप्रकाश मित्र सँगनै पहिले युद्ध गर्ने गर्जन गर्नु भयो ॥१२॥

अभ्राऽभ्र-नागेन्दु-मिते ततोऽब्दे स विक्रमीये नृपतिर्मनस्वी ।
धीरोऽभियातुं नवकूट-देशं विराजथापां प्रजिघाय सैन्यैः ॥१३॥

त्यसपछि विक्रम संवत् १८०० मा नुवांकोट् आक्रमण गर्न भनि धीर मनस्वी राजाले सैन्य सहित विराजथापालाई पठाउनु भयो ॥१३॥

अज्ञात-तत्त्वो नवकूट-भूमेः प्रतीक्षमाणोऽवसरं दिनानि ।
विराजथापाः कतिचित् त्रिशूली-गण्डक्यवारे न्यवसत् स-सैन्यः ॥१४॥

नुवाँकोटको भौगोलिक स्थिति न बुझेका विराजथापा मौका पर्खेर सैन्य सहित केही दिन त्रिशूली गण्डकी वारी वसे ॥१४॥

कर्णेजपैः कैश्चन निष्क्रियोऽस्ति विराजथापा इति बोधितः सन् ।
महेश्वरं पान्थमपि क्षितीशो युवा स-सैन्यं प्रजिघाय भूयः ॥१५॥

कुनै छुल्याहाले 'विराजथापा केही नगरी वसेको छ' भनि राजालाई भनेर युवक राजाले फेरी सैन्य सहित महेश्वरपन्थलाई सेनापति बनाइ पठाउनु भयो ॥१५॥

एते तु सैन्याः सहसैव पारे-त्रिशूलि याता नवकूट-सीम्नि ।
विराजथापा अपि तद्विदित्वा ययौ स-सैन्यः क्षत-योजनः सन् ॥१६॥

यिनी सैनिकहरु त एकाएक त्रिशूलीपारी नुवाँकोटको सीमामा पुगे । त्यो कुरा थाह पाएर योजना भङ्ग भएका विराजथापा पनि सैन्य सहित गए ॥ १६ ॥

स्थितेरबोधान्नवकूट-भूमेस्तत्रत्य-सैन्यैः सह योधनाय ।
गोरक्ष-सैन्यान् सहसा प्रवृत्तान् ववार तस्मिन् न रणे जय-श्रीः ॥१७॥

नुवाँकोटको भौगोलिक स्थितिको ज्ञान न हुँदा त्यहाँका सैन्यहरु सङ्ग एकाएक लड्न तयार भएका गोर्खाली सैन्यलाई त्यो युद्धमा विजय लक्ष्मीले वरण गरिनन् ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टाङ्ग-योगाऽमल-दिव्य-दृष्टिः कश्चिन् तदानन्दवनाऽधिवासी ।
सिद्धो महात्माऽवगताऽत्म-तत्त्वो गोरक्ष-देशं समुपाजगाम ॥१८॥

त्यस समयमा कुनै काशीमा बस्ने अष्टाङ्गयोगले निर्मल दिव्य दृष्टि भएका आत्मतत्त्व चिनेका सिद्ध महात्मा गोर्खामा आए ॥१८॥

पादौ तदीयौ स्वयमेव पृथ्वीनारायणः सत्यपि भृत्य-वर्गे ।
निपीडयन् भक्ति-परिप्लुतात्मा विनीत-भावो नृपतिः सिषेवे ॥१९॥

नम्र स्वभाव भएका राजा पृथ्वीनारायणशाहले काम गर्ने मानिस अरु थिएता पनि भक्तिपूर्वक आफैलेनै उनका पाउ दवाउँदै सेवा गर्नु भयो ॥ १९ ॥

ततः कदाचिन्मुदितो महात्मा शुश्रूषमाणं नृपतिं जगाद ।
प्रीतोऽस्मि राजँस्तव सेवयाऽहं ददामि तद् ब्रूहि यदिच्छसीति॥२०॥

त्यसपछि कुनै समयमा प्रसन्न भएका महात्माले सेवा गर्ने भएका राजालाई 'हे राजन् ! तिम्रो सेवाले म प्रसन्न भएँ जे चाहन्छौ त्यो भन दिन्छु भने ॥२०॥

पीयूष-वर्षीव वचस्तदीयं श्रुत्वा स-हर्षं नृपतिर्विनीतः ।
नेपाल-राज्यान्यखिलानि मह्यं देहीति बद्धाञ्जलिराबभाषे ॥२१॥

अमृत वर्षाउने जस्तो उनको कुरा सुनेर विनयशील राजाले हर्षपूर्वक अञ्जलि बाँधी मलाई नेपालका सव राज्य दिनुहोस् भन्नुभयो ॥२१॥

जिज्ञासमानः स तदीय-भावं ध्यात्वा क्षणं भूमि-पतिं महात्मा ।
मनोरथं ते नृप ! पूरयेयमायाहि काशीमिति तं जगाद ॥२२॥

उनको भावना बुझ्न चाहने ती महात्माले एक क्षण ध्यान लगाई 'हे राजन् ! तिम्रो मनोरथ पूर्ण गरि दिउँला काशी आउनु' भनि राजालाइ भने ॥२२॥

उक्त्वेति गोरक्ष-नृपं महात्मा गोरक्ष-देशाद् व्रजति स्म काशीम् ।
स्मरँस्तदीयाङ्घ्रि-सरोज-युग्मं राजाऽपि कञ्चित् समयं निनाय ॥२३॥

गोर्खाली राजा पृथ्वी नारायणलाई येती भनेर महात्मा गोर्खाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काशी गए। राजाले पनि उनका पाउरूपी दुई कमल को स्मरण गर्दै केही समय वीताउनु भयो ॥२३॥

सुखेन साध्ये नवकूटकेऽपि दिशो जिगीषुर्विफल-प्रयासः।
गन्तुं स काशीमथ शस्त्र-सिद्ध्यै विराज-मुख्यैः सहितः प्रतस्थे।२४।

त्यसपछि दिग्विजय गर्न चाहने ती राजा सुखसँग जित्न सकिने नुवाँकोटमा पनि प्रयास विफल भएकाले शस्त्र सिद्धिका निमित्त काशी जान भनि विराज वखेति आदिले सहित भइ प्रस्थान गर्नु भयो ॥२४॥

तदीयमानन्दवन-प्रयाणं निशम्य तीर्थाटन-वद्ध-कामाः।
एकाकिनो गन्तुमनुत्सहन्तो भिया तदानीमपि पालपीयाः ॥२५॥
निशान्त-गोरक्ष-नृप-प्रतापा दाङ्गादि-देशाऽभिजनाः समं स्वैः।
तमन्वगुः पर्वत-सर्वधारः सार्थैः स्वकीयैर्वलिभञ्जनोऽपि ॥२६॥

वहाँ को काशी यात्रा थाह पाएर, तीर्थ जान खोजेका डरले एक्लै जान आँटन न सक्ने पालपाली एवम् आफ्ना मानिसहरु सहित दाङ्ग आदि देशका जनता र आफ्ना साथी सहित पर्वते सर्दार वलिभञ्जनमल्ल पनि, गोर्खाली राजाको प्रताप थाह पाएका हुनाले वहाँ का पछि लागे ॥२५॥२६॥

धीमान् प्रतिष्ठानपुराधिराजो माणिक्यचन्द्रः प्रथित-प्रतापः।
तदैव गोरक्ष-नृपेङ्गित-ज्ञो ययौ समं हृद्य-निज-प्रजाभिः ॥२७॥

त्यसै समयमानै बुद्धिमान् ठूलो प्रताप भएका प्यूठानका राजा माणिक्यचन्द्र गोर्खाली राजाको इशारा बुझेर आपना प्यारा प्रजाहरु सहित भइ गए ॥२७॥

यद्यत् पतेत् कुत्रचनापि तत्त देकीभवन्तोऽनुभवेम सर्वे।
इत्यस्ति चेद्वो मतमेत साधं हिण्डध्वमेकाकिन एव नो चेत् ॥२८॥

कहीं पनि जे जे पर्ला त्यो सबैले एकभई सामना गरौंला भन्ने तिमीहरुको विचार छ भने सँगै आओ नत्र भने एक्लैनै हिंड ॥२८॥

गोरक्ष-भूपे ब्रुवतीति पृथ्वीनारायणे पर्वत-सर्वधारः।
एकात्मता-बद्ध-मना मनीषी न्यवीविदत्तं वलिभञ्जनः सः ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोर्खाली राजा पृथ्वीनारायणले यस प्रकार भन्दा एकतामा मन लगाए का बुद्धिमान् पर्वते सर्दार बलिभञ्जनमल्लले वहाँ लाई निवेदन गरे ॥२८॥

सर्वे पृथक् स्वेऽभिजनेऽपि राजन्नेकीभवेमेह तु पर्वतीयाः ।
किं मध्यदेशीय-जनैर्मिलेम श्रुत्वेति गोरक्षनृपः शशंस ॥२९॥

अलग अलग देश भएता पनि यहाँ त पर्वतीय सबै एक होउँला मदीशे सँग किन मिलौंला यो कुरा सुनेर गोर्खाली राजाले राम्रो भन्यौ भन्नु भयो ॥२९॥

वाराणसेय-स्थिति-वित् तदानीमुवाच विद्वान् जयमङ्गलास्तम् ।
भवन्ति काश्यां नृप ! पृष्ठमर्दास्तत् सावधानैरिह वर्तनीयम् ॥३०॥

वाराणसी को स्थिति जानेका जयमङ्गल विद्वान्‌ले 'राजन् ! काशीमा गुण्डाहरु हुन्छन् अतः यहाँ सावधान भइ रहनु पर्दछ' भने ॥३०॥

श्रुत्वेति गोरक्ष-नृपः प्रतापी शृण्वत्सु सर्वेषु हसन्नुवाच ।
त्वया वचो ब्राह्मण-बोल्लनीयं निवेदितं भद्र ! तवोचितं तत् ॥३१॥

यो कुरा सुनेर प्रतापी गोर्खाली राजा पृथ्वीनारायणले हाँसेर सबैले सुन्ने गरी भन्नु भयोः—तिमीले ब्राह्मणले बोल्ने कुरा निवेदन गर्‍यौ तिम्रो त्यो कुरा राम्रै हो ॥३१॥

परं वयं पण्डित ! राजपुत्रा अस्मत्समीपेऽपि दरो यदि स्यात् ।
किं राजपुत्रत्वमिहाऽवशिष्टं ? न भीति-लेशोऽपि हि वर्ततेतः ॥३२॥

तर पण्डितजी ! हामी राजपुत हौं हाम्रा पासमा पनि डर भयो भने के राजपुत्याइँ रह्यो ? त्यसकारण केही डर छैन ॥३२॥

एकीभवन्तः सकृदेव सर्वे भिन्द्याम तानित्यभणन् परेऽपि ।
तदाब्रवीत् पर्वत-सर्वधारो वीराग्र-गामी बलिभञ्जनोऽपि ॥३३॥

अरुले पनि सब एक भएर तिनीहरुलाई एकै पटक झड़ाझड़ पारौंला भने, त्यस समयमा वड़ावीर पर्वते सर्दारले पनि भनेः—॥३३॥

उष्णाऽम्बुपेया ननु मध्यदेश्याः पूर्वं तु हुङ्कारपरा भवन्ति ।
नृत्यत्सु खड्गेषु दिशो द्रवन्तिच्छिन्द्याम खड्गैर्गणयेम किं तान् ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तातो पानी खाएका मदीशे पहिले खुवै डाँको छोड्छन्, तरवार नाँचन थाले भने भागा भाग गरी दगुर्दछन् तीनीलाइ के मान्छौ ! खड्गले काटौंला" ॥३४॥

श्राद्धं विधातुं मणिकर्णिकायां सार्थैः समं प्राप्तवति प्रसिद्धाः ।
तस्मिन् नृपे, गर्व-भरा मदान्धाः शतान्ययुद्धादश पृष्ठमर्दाः ॥३५॥

वहाँ राजा (पृथ्वीनारायणसाह) श्राद्ध गर्न भनि साथीहरु सङ्ग मणिकर्णिकामा पुग्नु भयो पछि अभिमानी मदले केही न देख्ने बाह्र सय प्रसिद्ध गुण्डाहरु गए ॥३५॥

गोरक्षिणस्तत्र विचित्र-वेषान् दृष्ट्वा स-हेलं खल-पृष्ठमर्दाः ।
धृष्टा जजल्पुर्वितथं तथापि किञ्चिन्न गोरक्ष-भटा बुवोल्लुः ॥३६॥

विचित्र वेष भएका गोर्खालीहरुलाई देखेर उद्धत दुष्ट गुण्डाहरु हेलागरी न चाहिने कुरा बक-बक गर्नलागे, तै पनि गोर्खाली वीरहरु केही बोलेका थिएनन् ॥३६॥

स-हासमेतद्-भृत-खड्गपुत्रीर्दिदृक्षमाणाः सहसा ग्रहीतुम् ।
गोरक्षवीरानवमन्यमाना निन्युः कटीं ते समयेव हस्तम् ॥३७॥

गोर्खाली वीरहरुलाई अपमान गरी ती गुण्डाहरुले हाँस्दै यिनीहरुले भिरेका खुकुरी हेर्न चाखगरी समात्न भनि हाँस्दै कम्मर हुनि हात लगे ३७

एतत्प्रहारानपि पश्यतेति गोरक्षवीरैरपि तान् भणद्भिः ।
चिच्छित्सुभिस्तानिव खड्गपुत्र्यो धृता विकोशाः सकृदेव सर्वैः ॥३८॥

गोर्खाली वीरहरुले पनि 'यस्को प्रहार पनि हेर' भनि तिनैलाई काटछन् कि भने जस्तो गरी सबैले एकै पटक नङ्गा खुकुरी समाते ॥३८॥

निशात-धारा इति खड्गपुत्रीर्दृष्ट्वैव भीत्याकुल-पृष्ठमर्दाः ।
पलायिता दृष्टिपथं न भूयो गोरक्षवीरेषु वसत्सु जग्मुः ॥३९॥

यस प्रकार तीखा धार भएका खुकुरी देख्दैमा डरले आत्तिएका गुण्डाहरु भागे र गोर्खाली वीरहरु वस्ता संम फेरी देखिएनन् ॥३९॥

पितॄन् निवापैर्मणिकार्णिकायां सन्तर्प्य, सार्धं जयमङ्गलेन ।
दिनैर्महात्माश्रममत्र भूपो निभालयन् सन् नवभिर्ददर्श ॥४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मणिकर्णिकामा तर्पण आदि द्वारा पितृहरुलाई तृप्त गराइ ती राजा जयमङ्गल (पृथ्वीनारायण) ले सहित भइ यहाँ (काशीमा) खोज्दा ६ दिन का दिन महात्माको आश्रम फेला पार्नु भयो ॥४०॥

स-श्रद्धमेवं स्वमुपागतं तं दृष्ट्वास्मितः प्रीततरो महात्मा ।
"वंशः प्रसिद्धो भुवि राजपुत्रो गोरक्षनाथाऽऽप्त-वरा भवन्तः॥४१॥

यस प्रकार श्रद्धा पूर्वक आफु हुनी आएका ती राजालाई देखेर अति प्रसन्न भएका महात्माले मुसुक्क हाँसेर "राजपुत वंश संसारमा प्रसिद्ध छ तपाइँहरुले गोरखनाथबाट वर पाएका हुनु हुन्छ ॥४१॥

अहञ्च सिद्धं वितरामि खड्गमुक्त्वेति खड्गं वितरञ्जगाद ।
पृष्ठे करं न्यस्य नृपस्य "पूर्णो-मनोरथः स्तान्नृपते ! तवेति ॥४२॥

मैले पनि सिद्ध गरिएको खड्ग दिन्छु" भनि खड्ग दिंदै राजाका पिठ्यूँमा हात राखेर हे राजन् ! तपाईंको मनोरथ पूर्ण हवोस् भन्नुभयो ॥४२॥

भाव-प्रिये भूपति-भक्ति-तुष्टे महात्मनीहा-रहितेऽपि भूपः ।
लब्ध-प्रसादो गुरु-दक्षिणायै मुहुर्निषिद्धोऽपि स निर्बबन्ध ॥४३॥

राजाको भक्तिले प्रसन्न भएका भावना प्रिय भएका महात्माले इच्छा गर्नु भएको थिएन तापनि प्रसाद पाएका राजाले-चाहिन्न भनि वार-वार भन्दा पनि-गुरु दक्षिणा दिन आग्रह गर्नु भयो ॥४३॥

श्रीनीलकण्ठो जयतीह शंभुर्नरेन्द्र ! तद्दर्शन-गामिनां तत् ।
कार्यः प्रबन्धो निज-कार्य-सिद्धौ, धैवुङ्ग-लाभेन स इत्युवाच ॥३४॥

महात्माले "हे राजन् ! नीलकण्ठ महादेव संसारमा सर्व श्रेष्ठ हुनु हुन्छ त्यस कारण तपाइँले कार्य सिद्ध भए पछि धैवुङ्को आयवाट, वहाँ (श्रीनीलकण्ठ) को दर्शन गर्न जाने यात्रीहरुको प्रबन्ध गरिदिनु भन्नु भयो ॥४४॥

गृहीत-दुर्हृज्जय-सिद्ध-खड्गः श्रुत्वेति तत् प्रत्यश्रृणोत् स-हर्षम् ।
खड्गप्रभावेण च पूर्वतोऽपि गोरक्षराजो दृढ-साहसोऽभूत् ॥४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शत्रुहरु जित्ने सिद्ध गरिएको खड्ग लिएका यी गोर्खाली राजाले येती सुनेर सो कुरा स-हर्ष प्रतिज्ञा गर्नु भयो, खड्गका प्रभावले पनि पहिले भन्दा पनि दृढ साहस भएका हुनु भयो ॥४५॥

लोलार्ककुण्डे स्व-मनोऽभिलाषं ध्यात्वा मनुष्ये सति कूर्दमाने ।
तमक्षताङ्गोऽत्र परेऽन्यथापि प्राप्नोति शृण्वन्निति तत्र सोऽगात् ॥४६॥

"लोलार्क कुण्डमा आफ्ना मनको कुरा सोंचेर मानीस कूदने हो भने चोट न लागे यस लोकमा र चोट लागे पर लोकमा आफुले सांचेको कुरा पाउँछ" भन्ने सुनेका पृथ्वीनारायण लोलार्ककुण्डमा जानु भयो ॥४६॥

निवारयन्तीति निजाननुक्त्वा झम्पां प्रतापी सहसा स कुर्वन् ।
जलोपरिष्टादिव पद्मपत्रं रेजे न वुब्रोड च विस्मिताः स्वे ॥४७॥

हाम्फाल्न दिन्नन् भन्ने सोंचेर आपना मानिस सङ्ग न भनी कन एकाएक हाम्फाल्नु हुँदा पानी माथि कमलको पात झैं शोभित हुनु भयो वुड्नु भएन र आफ्ना मानिस पनि छक्क परे ॥४७॥

तस्मिंस्ततः स्वैः सह भूमिपाले द्रष्टुं समागच्छति विश्वनाथम् ।
वाटात् स-भीकः श्रुत-पृष्ठमर्द-वृत्तान्त-संमर्द इतस्ततोऽगात् ॥४८॥

त्यसपछि वहाँ राजा आफ्ना मानिस सहित, विश्वनाथको दर्शन गर्न आउँदा गुण्डाको वृत्तान्त सुनेको भीड डराए र वाटावाट यताउती लाग्यो ॥ ४८ ॥

प्रणम्य विश्वेश्वरमेकतोऽस्मिन गोरक्ष-भूपे महनीय-भावे ।
आराधितुं स्वैः सह वर्तमाने संमर्द उग्रः परतो बभूव ॥४९॥

राम्रो भावना भएका यी गोर्खाली राजा विश्वनाथलाई ढोग दिएर आफ्ना मानिस सहित भइ आराधना गर्न एक पट्टी वसेका वेलामा अर्कोतीर ठूलो भीड भयो ॥४९॥

गोरक्षभूभुग्-भृत-खड्गपुत्री-ज्वलद्दश-द्वादश-वीर-यानात् ।
रतोमरश्छदानामिव नीरसानां समीर-वेगात् स ससार सद्यः ५०

गोर्खाली राजाका भीरेका खुकुरीले देदीप्यमान दश वाह वीरहरु जांदा वायुका वेगले सुकेका पातको राशि झैं त्यो भीड तुरुन्त हट्यो ।५०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिरोमयूराऽधिपतिः सुखं स्वैः श्रीविश्वनाथं विधिवत् प्रणन्तुम् ।
लेभेऽवकाशं तदिमाँश्च पृथ्वीनारायणं स प्रशशंस नम्रः ॥५१॥

श्रीमोडका राजाले आफना मानिस सहित सजिलो सङ्ग विश्वनाथ को विधि पूर्वक दर्शन ढोग गर्ने अवकाश पाएर उनले नम्रताका साथ यिनी वीरहरूको र पृथ्वीनारायणको प्रशंसा गरे ॥५१॥

काशीं तदानीं हरिसाहि-नामा समाययुर्जर्जकूटभूपः ।
तथा प्रतिष्ठानपुराधिराजो माणिक्यचन्द्रः प्रथित-प्रतापः ॥५२॥
शल्यान-देशाधिप-कृष्णसाहो भूताङ्ग-युक्-पूर्व-किरात-भूपाः ।
औदुम्बरोर्वी-श-पहाडि-राजस्थान-क्षितीशा अपि दाक्षिणात्याः ॥५३॥
स-कामरूपादिक-सेनवंश्या दुर्लङ्घ्य-देशाधिप-रामदत्तः ।
अन्येऽपि गोरक्ष-नृपेङ्गित-ज्ञास्त्रिगर्त-काश्मीर-मुख-क्षितीशाः॥५४॥

त्यस समयमा गोर्खाली राजा (पृथ्वीनारायणसाह) को इङ्गित बुझेका जाजरकोटका राजा हरिसाही, ठूलो प्रताप भएका प्यूठानका राजा माणिक्यचन्द्र, शल्यानका राजा श्रीकृष्णसाह, भोटाङ्ग संमका पूर्व किरातका राजा, डोटीका राजा पाहाड़ी साही, राजस्थानका राजाहरु, दक्षिणका राजाहरु, आसाम आदिकका सेनवंशी राजा, ल्लूका राजा रामदत्तसाही र अरु कांगडा, काश्मीर आदि देशका राजाहरु काशी आए ५२-५३-५४

तीर्थाटन-व्याज-समागतैस्तैर्गो-भक्त-गोरण्ड-निवर्हणाय ।
संमन्त्र्य गूढं कृत-धर्म-पत्रो गोरक्षराजः प्रबबन्ध मैत्रीम् ॥५५॥

तीर्थाटन गर्ने निहुँले आएका ती राजाहरु सङ्ग गोर्खाली राजा पृथ्वीनारायणसाहले गाई खाने फिरङ्गीलाई निमोठ्न निमित्त एकान्तमा परामर्श गरी धर्मपत्र गरेर मित्रता बांध्नु भयो ॥५५॥

शस्त्राणि दत्तान्यभिमानसिंह-काशीश्वरेण श्वशुरेण धीमान् ।
समानयन् साधित-शस्त्र-सिद्धिः स्व-राजधान्यै स ततः प्रतस्थे ॥५६॥

त्यसपछि शशुरा काशीका राजा अभिमानसिंहले दिएका हतियार लिएर शस्त्र सिद्ध गर्नु भएका बुद्धिमान् पृथ्वीनारायणसाह आफ्नु राजधानी आउन प्रस्थान गर्नु भयो ॥५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्तः क्रमाद् रोधसि वारुणेऽसौ गोरक्षराजः प्रथमं शमेन ।
आयात-निर्यात-करग्रहीतॄन् गुल्मे निरुद्धो यवनानवोचत् ॥५७॥

क्रमशः वरुणा को तीरमा आइ पुगे पछी चौकीमा रोकेर आयात निर्यात कर लिने मुसलमानलाई गोर्खाली राजा पृथ्वीनारायणले पहिले शान्तिपूर्वक भन्नु भयो ॥५७॥

तीर्थादुपेता वयमस्मदीयं निरीक्षणीयञ्च न किञ्चिदस्ति ।
वयं न वाणिज्य-कराश्च मार्गे दद्मो न तद् वस्तु-निरीक्षणाय ॥५८॥

हामीहरु तीर्थवाट आएका हौं, निरीक्षण गर्न पर्ने हामीहरुको केही वस्तु पनि छैन, हामीहरु व्यापारी पनि हैनौ, त्यस कारण वाटामा वस्तुको निरीक्षण गर्न दिंदैनौ ॥५८॥

वचो निशम्येत्यपि बद्ध-यत्ना निरीक्षितुं वेष्टित-विष्टरादीन् ।
निवारितास्ते गल-हस्त-दानात् साऽहङ्कृता हुङ्कृतिमूर्जयन्तः ॥५९॥
ग्रहीतुमुर्वी-पति-रूढ-घोट-खलीनमप्यग्र-ग-वीर-खड्गान् ।
उद्युक्तवन्तो नृप इङ्गित-ज्ञान्-"खड्गान् प्रदत्ते" त्यवदन्निजाँस्तत् ६०

येती कुरा सुनेर पनि अहङ्कारी तिनीहरुले गुण्टा पारेका विछ्यौना आदिको निरीक्षण गर्न तयार भएर गलहत्त्याइ हटाउँदा झन् ठूलो डाँको छोड्दै राजा चढेका घोड़ाको कैंजार अगाड़िका वीरहरुका हतियार समात्न उद्योग गरेर राजाले इसारा वुझ्ने आफ्ना मानिसलाई "तरवार देओ" भन्नु भयो ॥५९-६०॥

"नास्तीतरद् वस्त्विति वोध्यमानैर्न मानितं सम्प्रति तद् यदस्ति ।
दद्मस्तदङ्गीक्रियतां" भणन्तस्ते चिच्छिदुर्द्राग् यवनाननल्पान् ॥६१॥

"अरु वस्तु केही छैन भन्दा मानेनौ, त्यसकारण अव जे छ सो दिन्छौ लेओ" भन्दै तिनी (गोर्खाली वीरहरुले) धेरै मुसलमानलाई झड़ा झड् पारे ॥६२॥

स्वयञ्च चिच्छेद नरेन्द्र-पृथ्वीनारायणो मानधनो मनस्वी ।
गृहीतवन्तं निज-रूढ-घोट-खलीनमूर्जस्वल उद्धृतारिः ॥६२॥

शत्रुलाई उखेल्न शक्ने मानलाई नै धन संझने मनस्वी वलवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा पृथ्वीनारायणले आफै पनि आफु चढेका घोडाको कैंजा समात्ने-लाई काटनु भयो ।।६२।।

शेषेषु सर्वेषु भय-द्रुतेषु कुन्तान् कृपाणानपि खड्गपुत्रीः ।
धनूंषि बाणांश्च भुजैर्दधानैर्वीरैः स्वकीयैः स ततः प्रतस्थे ।।६३।।

बाँकी सब डरले भागे र वहाँ (पृथ्वीनारायणशाह) ले भाला, तर-वार, खुकुरी, धनुकाण हातमा समातेका आफ्ना वीरहरु सहित त्यहाँबाट प्रस्थान गर्नु भयो ।।६३।।

स्थले स्थले जानपदैर्नरेन्द्रो दूर-द्रुत-त्यक्त-पथैश्च पान्थैः ।
स-विस्मयैरध्वनिदृश्यमानः पश्यंश्च तान् स्मेर-मुखः स आयात्।।६४।।

बाटामा ठाउँ ठाउँमा छक्क परेका गाउँले र टाढैबाट तुरुन्तै बाटो छोडि दिने बटुवाहरुले हेरिएका घमण्ड नभएका राजा हँसीलो मुख गराई उनीहरुलाई हेर्दै आउनु भयो ।।६४।।

एकाकिनं वाट-शयं विपन्नं रुजार्दितं म्लान-मुखं विषण्णम् ।
क्षतौजसं भूमि-पतिर्दयालुर्वाटे स लासा-गुरुमालुलोके ।।६५।।

दयालु वहाँ राजाले एकला परेका, बाटैमा सुतेका, विपत्मा परेका बिरामी भएका दिक्कपरी निदाउरो मुख लगाएका शक्ति न भएका भोटका लामा लाई बाटामा देख्नु भयो ।।६५।।

तं वाहयन् स्वानुचरेण राजा चिकित्सयन् वैद्य-महेश्वरेण ।
सार्धं समानीय दिनैः कियद्भिः प्राप क्रमेणैव स बुद्धवल्लीम् ।।६६।।

उनलाई आफ्ना मानिस द्वारा बोकाई महेश्वर वैद्य द्वारा औषधि गराउँदै साथै ल्याई वहाँ राजा क्रमैलेनै केही दिनमा बुटवल आइ पुग्नु भयो ।।६६।।

स-पालपेशाऽऽत्मज-पार्श्वं-वर्ति-भटैर्दरिद्रो लघु-राज्य-राजः ।
आप्तोऽयमाक्षिप्त इति प्रतापी तान् दण्डयामास नृपो मनस्वी ।।६७।।

पालपाली राजाका छोरा (युवराज) का अनुचर सैनिकहरुले "यी कङ्गाली सानो मुलुकका राजा आए" भनी आक्षेप गरिएका प्रतापी मनस्वी राजाले उनीहरुलाई दण्ड गर्नु भयो ।।६७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्वार-मन्यु-स्फुरिताधरोष्ठं तं पालपेशो निज-भागिनेयम् ।
द्विजान् प्रहिण्वन् द्विज-देव-भक्तं विनीत-भावः शमयाम्बभूव ॥६८॥

नम्रभाव भएका पालपाली राजाले हटाइ न सकिने क्रोधले ओंठ फर्फर पार्नु भएका ब्राह्मण र देवतामा भक्ति राख्ने वहाँ आफ्ना भानिजलाई ब्राह्मणहरु पठाई शान्त गर्नु भयो ॥६८॥

उपेत्य तत्र स्वयमेव पश्चाद् हर्म्यं नरेन्द्रेण स पालपायाः ।
आनीय संस्ताव्य निजात्मजेन विदापितः सन्ननुगैः प्रतस्थे ॥६९॥

पछि आफै वहाँ गएर पालपाली राजाले आफ्नो भवनमा ल्याई आफ्ना छोरा संग परिचय गराई विदा गरिएका वहाँ (पृथ्वीनारायण साह) ले आफ्ना अनुगामीहरु सहित भई प्रस्थान गर्नु भयो ॥६९॥

स्नेहेन वाटे बलिभञ्जनादीन् विदापयन् स्वाऽध्व-ग-दृष्टि-लोकाम् ।
प्रोप्तोऽनमन् स्वैर्निज-राजधानीं गोरक्ष-काली-जननी-पदेषु ॥७०॥

वाटामा प्रेमपूर्वक बलिभञ्जनमल्ल आदिलाई विदागरी आफ्ना साथीहरु संग आफ्नो वाटा पट्टी हेरी रहेका प्रजाहरु भएको आफ्नो राजधानीमा आई वहाँले नम्रता साथ गोरखनाथ काली मुमाहरुको पाउमा दण्डवत् प्रणाम गर्नु भयो ॥७०॥

स लासया सार्धमसार्यसारं संसाध्य सन्धिं समयानुसारी ।
उल्लाघ-लासा-गुरुमात्म-गृह्यं विदापयामास समादरेण ॥७१॥

समय अनुसार काम गर्न जान्ने वहाँले लासा संग दरीलो सन्धि गरी आफ्नो पक्षमा आएका स्वस्थ (रोगमुक्त) भएका लासाका लामालाई आदर पूर्वक विदा गर्नु भयो ॥७१॥

अथ व्याधाल्लम्बयुगेश्वरेण वीरेण सन्धिं रिपुमर्दनेन ।
सन्धि-प्रवीणस्य जन-प्रियस्य स कालुपाण्डेः प्रशशंस बुद्धिम् ॥७२॥

त्यसपछि पृथ्वीनारायणसाहले बलवान् लंजुङ्का राजा रिपुमर्दन साह सङ्ग सन्धि गर्नु भयो त्यो सन्धिको काममा सिपालु जनप्रिय कालु पाण्डेको बुद्धिको प्रशंसा गर्नु भयो ॥७२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणान् पुराऽऽनन्द-वनान्निवृत्तौ, निजानुपेक्ष्याऽध्वनि राज-भक्तिम् ।
दित्सुः स कार्यीति पदं त्रिराजवखेतिने दर्शयते बभूव ॥७३॥

अघी काशीवाट फर्कँदा वाटामा आफ्ना प्राणको माया नराखि राजभक्ति देखाएका त्रिराज वखेतीलाई काजी (प्रधान मन्त्री) गराउने वहाँको इच्छा थियो ॥७३॥

परं प्रजानामपि बन्धुताया मतञ्च पार्श्व-स्थ-मही-पतीनाम् ।
प्रजा-प्रिये मानयति क्षितीशे स कालुपाण्डेर्भवति स्म कार्यी ॥७४॥

तर प्रजामा प्रेमगर्ने राजाले प्रजा, भाइ भारधार र छिमेकी राजाहरुको मतलाइ मान्यता दिनु भएकोले ती कालुपाण्डे काजी (प्रधान मंत्री) भए ॥ ७४ ॥

अथाऽस्ति शल्यायन-कूट-देवी भक्ताय सद्यः फलदायिनीति ।
जगाम तत्र श्रुतवान् नरेन्द्रो जपाय पाठाय च धर्म-बुद्धिः ॥७५॥

"उप्रान्त शल्यानकोटकी देवीले भक्तलाई तुरुन्त फल दिनु हुन्छ" भन्ने सुनेका धर्ममा बुद्धि भएका राजा जप पाठ गर्न भनी शल्यानकोट जानु भयो ॥७५॥

स्वप्ने व्यतीतेषु कियद्दिनेषु माणिक्यमादर्श-तुलं निगाल्य ।
कन्या-स्वरूपा तमुवाच खड्गौ दत्त्वाऽम्बिकेच्छा तव पूरितेति ॥७६॥

केही दिन बीते पछि स्वप्नामा कन्याको रूप लिएकी देवीले पृथ्वीनारायणलाई ऐनाजस्तो मणि निल्न लगाई दुइ खड्ग दिएर तिम्रो इच्छा पूरा गरिदिएकी छु भन्नु भयो ॥७६॥

ततः प्रबुद्धो वरलङ्घ्य-घट्टातटं नरेन्द्रः समया च भूमिम् ।
संकल्प्य दत्त्वा मुदितोऽम्बिकायै तां पूजयित्वा च निवर्तते स्म ॥७७॥

त्यसपछि जागेका राजा हर्षित भइ बोर्लाङ् घाटको आय र घाट छेउको भूमि (सल्यान टार) संकल्प गरी देवीलाई अर्पण गरी वहाँको पूजा समेत गरी फर्कनु भयो ॥७७॥

पराक्रमो विग्रहवानिवार्यो राजाऽम्बिका-लब्ध-वर-प्रभावात् ।
गभीर-भावे जलधिं स्थिरत्वे नगाऽधिपं सोऽधरयाम्बभूव ॥७८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवीत्राट पाएका वर प्रभावले मूर्तिधारी पराक्रम जस्ता सज्जन राजा गाम्भीर्यमा समुद्रलाई र स्थिरतामा हिमाललाई तिरस्कार गर्ने हुनु भयो ॥ ७८ ॥

अन्तर्वहिः साधित-साध्य-जातः स-भक्ति वेण्यामिति वेत्रवत्याः ।
इन्द्रावती-स्थानमगात् प्लवेन जपाय पाठाय जयाय राजा ॥७९॥

यस प्रकार भित्र बाहिर टाम टुम ठीक् टाक पारी, पृथ्वीनारायणसाह वेत्रावतीका वेनी इन्द्राणी देवीका स्थानमा डुंगा तरी जयका लागी जप पाठ गर्न जानु हुन्थ्यो ॥७९॥

स भारधारैर्निवसन सभायां तदैव तन्द्रा-वश-गः कदाचित् ।
तत्स्थान आसीनमिवाऽन्वभूत स्वं शुश्राव चैतामशरीरि-वाणीम् ८०

वहाँ कुनै समयमा भारधारहरु सहित भइ सभामा बसेका वेलामा तन्द्रा लाग्दा आफुलाई इन्द्राणीका स्थानमा वसेको भैं अनुभव गर्नु भई यस्तो आकाशवाणी सुन्नु भयो–॥८०॥

शनावितः स्वस्त्ययनं प्रशस्यं विहान आस्ते नृप ! सप्तमाहे ।
नूनं भवेत् तद्दिन-यात्रया ते देशः सुसाध्यो नवकूट-नामा ॥८१॥

हे राजन् ! आजका साता शनिश्चर वारका दिन विहान ठूलो साइत छ त्यस दिनका यात्राले अवश्य नुवाकोट जित्नेछौ ॥८१॥

श्रुत्वेति बुद्धेन नृपेण पृष्टस्तदेव दैवज्ञ उवाच चेति ।
नावा त्रिशूलीं तरतस्तवाङ्के कर्पूर-मत्स्याऽऽगमने जयः स्यात् ॥८२॥

येती सुनेर जागेका राजाले सोधिएका ज्योतिषी (कुलानन्द) ले त्यैनै कुरा र 'डुँगावाट त्रिशूली तर्दा तपाइका काखमा जलकपूर माछो आयो भने विजय होला" भने ॥८२॥

युधे यियासु' दलमर्दनाख्यं भ्रातृ-प्रियः स्वाऽवरजं निवार्य ।
सेनापतिः सन् स्वयमेव सैन्यैः स तन्मुहूर्तेऽथ नृपः प्रतस्थे ॥८३॥

त्यसपछि युद्ध गर्न जान खोज्ने आफ्ना भाइ दलमर्दनसाहलाई भाइमा प्रेम गर्ने वहाँ राजाले रोकेर आफैंनै सेनापति वनेर त्यै मुहूर्तमा प्रस्थान गर्नु भयो ॥८३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञो जलेवाऽभिध-नाविकेन रात्र्यैकया निर्मितया तरण्या ।
आप त्रिशूलीं तरतोऽङ्क-देशं कर्पूर-मत्स्यः सहसोत्प्लुतः सन् ॥८४॥

जलेवा माझीले एकै रातमा तयार गरेको डुँगाबाट त्रिशूलीतर्न लाग्नु भएका राजाका काखमा एकाएक उफ्रेर जलकपुर माछो आयो ॥८४॥

संभावयन् स्वं विजयं नरेन्द्रस्तदा कुलानन्द-वचः शशंस ।
भ्राता महोद्दामककीर्तिसाहः शूरप्रतापो दलजित् तृतीयः ।८५॥

त्यस समयमा राजाले आफ्नो विजय हुने सम्भावना गरी कुलानन्द ज्योतिषीका वचनको प्रशंसा गर्नु भयो । भाइ महोद्दामकीर्तिसाह, शूरप्रतापसाह र तेस्रा भाई दलजित्साह ॥८५॥

जहाँगिरो भास्कर-वीरबाहू श्रीजीवभद्रावपि कालुपाण्डेः ।
सोठे तुलाराम-नराजलामा-चन्द्रप्रकाशाऽमरसिंहथापाः ॥८६॥

जहाँगिरसाह, भास्करराना, वीरबाहुसाह, जीवसाह, भद्रसाह, कालुपाण्डे, सोठे दनुवार, तुलारामपाण्डे, नराजलामा, चन्द्रप्रकाशसाह, अमरसिंहथापा ॥८६॥

श्रीवीरभद्रा मणिकण्ठरानाः सङ्ग्राम-शूरः शिवरामसिंहः ।
श्रीरामदासोऽप्यभिमानसिंहः श्रीधौकलो नाहर-केहरौ च ॥८७॥

वीरभद्रसाह, वीरभद्र पाठक, वीरभद्र सापकोटा, मणिकण्ठराना, सङ्ग्रामशूरअाले, शिवरामसिंह वस्नेत, रामदासपन्थ, अभिमानसिंह वस्नेत, धौकलसिंह वस्नेत, नाहरसिंह वस्नेत, केहरसिंह वस्नेत ॥८७॥

श्रीमानसिंहो रणजिद्, हनूमान, स-युद्धवीरो नरसिंहसाहः ।
श्रीजीवनो झागल-बुद्धिवीर-प्रद्युम्न-नन्दा बलि-देवदत्ताः ॥८८॥

मानसिंहरोकाहा, रणजित्वस्नेत, हनूमान्मल्ल, युद्धवीर खड्का नरसिंहसाह, जीवनथापा, झागलगुरुङ्ग, बुद्धिवीरखड्गका, प्रद्युम्नअधिकारी, नन्दुविसुपन्थ, बलिपन्थ, बलि बानियाँ, देवदत्तथापा मगर ॥८८॥

नारायणौ श्रीशिव योग-पूर्वौ तथैव शवत्यादिम-बल्लभोऽपि ।
अजम्बरौ ज्यौतिषिनस्त्रयोऽपि श्रीशूरवीरोऽति-बलाख्य-विष्टः ॥८९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिवनारायणखत्री, योगनारायणमल्ल, शक्तिवल्लभ अर्ज्याल, अजम्बरथापा अजम्बरपन्थ, भानु जोसी अर्ज्याल, ज्योतिषी कुलानन्द ढकाल, बालकृष्ण जोसी शूरवीर खत्री, अतिवलविष्ट ॥८६॥

श्रीरामकृष्णा अपि विष्णु-चामू देवो विराजो नरकेशथापाः ।
श्रीचक्रपाणिश्च स-चन्द्रचूडो गङ्गाधरः श्रीजयकृष्णथापाः ॥९०॥

रामकृष्णथापा, रामकृष्णखत्री, रामकृष्णकँवर, विष्णुसाह, चामुसाही, देवुराना, विराजवखेती, नरकेशथापा, चक्रपाणि अर्ज्याल, चन्द्रचूडपण्डित, गङ्गाधर पन्थ, जयकृष्णथापा ॥९०॥

स्वरूपसिंहः शिवभक्त-रामभक्तौ गज-प्राग्-बल-संज्ञ-विष्टः ।
वेणु-प्रकाश-प्रभु-वीर-वक्रा विश्रामखत्री च स-वंशराजः ॥९१॥

स्वरूपसिंहकार्की, शिवभक्तभुजेल, रामभक्तआले, गजबलविष्ट, वेणुधर साह, प्रकाशसाह, प्रभुमल्ल, वीन्यावस्नेत् वाङ्के वस्नेत् मगर, विश्रामखत्री, वंशराजपाण्डे, वंशराजथापा ॥९१॥

लक्ष्म्यादि-नारायण-संज्ञ-पाण्डेः स षट्स्थलाद्या अपि भारधाराः ।
इत्यादि-वीरा रण-बद्ध-कच्छा धृतोज्ज्वलास्त्राः प्रययुर्नृपेण ॥९२॥

लक्ष्मीनारायणपाण्डे, छ थर आदि सहित भारधार इत्यादि वीरहरु युद्धका निमित्त कछाड कसी हातमा झल्किने हतियार समाती राजाका साथ गए ॥९२॥

उत्साह-मूर्तिर्धृत-खड्ग-खेटो वीरोऽनुगच्छन् दलमर्दनोऽपि ।
नावं गृहीत्वा कृत-पूर्व-झम्पस्तरँस्त्रिशूलीं प्रययौ पुरस्तात् ॥९३॥

उत्साहमूर्ति, ढाल तरवार लिएका वीर दलमर्दनसाह पनि पछि पछि गई हाम्फालेर डुँगा समाती त्रिशूली तरेर अगाड़ी लाग्नु भयो ॥९३॥

सार्थ-स्वरूपं तमवाप्य भूपमुत्साहवन्तः कृत-सिंहनादाः ।
गोरक्ष-वीरा नवकूट-सैन्यैः शूरैरयुध्यन्त जयात्त-दर्पाः ॥९४॥

वहाँ राजालाई साथी जस्ता पाएर गोर्खाली वीरहरु उत्साहित भई अघी विजयी भएकाले घमण्डी नुवाकोटका सैन्यहरु सङ्ग लड़े ॥९४॥

जयन्त-पुत्रं नवकूट-रक्षं रणाऽग्र-गामी दलमर्दनः सः ।
अज्ञात-भीर्द्वादश-वार्षकोऽपि महाबलं शङ्खमणिं जघान ॥९५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाह्रै वर्षका भए तापनि डर भन्ने न जानेका दलमर्दनसाहले युद्धका अगाडी गई जयन्तरानाका छोरा नुवाकोटका रक्षक बड़ा बलवान् शङ्खमणि रानालाई मार्नु भयो ॥६५॥

विदुद्रुवुः सङ्गरतोऽवशिष्टास्तद् विल्वकूटं नवकूट-सैन्याः ।
जय-श्रियेति क्षितिपो वृतः सन् स्पृहां पितुः पूरयति स्म वीरः ॥६६॥

त्यसकारण नुवाकोटका वाँकी सैनिक युद्धवाट वेलकोट भागे। यस प्रकार विजयश्रीले वरण गरिएका वीर राजा पृथ्वीनारायणसाहले पिताको इच्छा पूर्ण गर्न भयो ।६६॥

हस्तं निधाय दलमर्दनसाह-पृष्ठे
"नाऽभून्न वाऽस्ति भविता न समस्तवाऽन्यः ।
धन्योऽसि तात ! कुलदीप !" मुदेति पृथ्वी-
नारायणो मुहुरमुं स-वलः शशंस ॥ ६७ ॥

सैन्यले सहित पृथ्वीनारायणसाहले दलमर्दनसाहको पिठ्युमा आफ्नो हात राखेर 'हे कुलदीपक वाबु ! तिमी धन्य छौ, तिमी समान अरु कुनै न भयो, न छ न त हुनेछ" भनेर धेरै धेरै वहाँको प्रशंसा गर्नु भयो ६७

गोरक्षसाहवंशाख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
पूर्णो नवम-सर्गोऽभून्नवकूट-जयान्तिमः ॥६८॥

हरिप्रसादशर्मा आचार्यले वनाएको यस गोरक्षसाहवंश महाकाव्यमा नवाकोट विजय संमको नवम सर्ग समाप्त भयो ॥६८॥

१. पृथ्वीको बाल्यकाल-गर्भ र कीर्ति
२. नुवाकोटको विजय /

—***—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दशमः सर्गः

उत्साहवान् मन्त्र द-कालुपाण्डे-निषिध्यमानोऽप्यथ भूमिपालः ।
श्वः कार्यमद्येत्यधि-विल्वकूटं दिशो जिगीषुः सहसाऽभ्यगच्छत् ॥१॥

त्यसपछि मन्त्रणा दिने कालुपाण्डेले भो मन्दापनि उत्साही, दिग्विजय गर्न चाहने राजाले भोलि गर्ने काम आजै गर्नु पर्छ भन्ने विचार गरी एकाएक बेलकोटमा चढाई गर्नु भयो ॥१॥

ग्रस्तं बिपक्षैर्नृ पतिं युवानं सूर्यं घनाच्छन्नमिवानिलस्तम् ।
धनुर्धराऽग्यो रण-लब्ध-कीर्ती ररक्ष तस्यां युधि कालुपाण्डेः ॥२॥

त्यो युद्धमा शत्रुहरुले घेरामा पारिएका युवक राजालाई मेघले ढाकिएका सूर्यलाई वायुले झैं सङ्ग्राममा कीर्ति चलेका धनुर्धारीहरुमा श्रेष्ठ कालुपाण्डेले रक्षा गरे ॥२॥

अनल्प-गोरक्ष-भटेषु वीर-गतिं प्रयातेष्वपि सङ्गरेऽस्मिन् ।
अदृष्ट-पृष्ठोऽमल-खड्ग-हस्तः स विल्वकूटञ्च नृपो व्यजेष्ट ॥३॥

यो युद्धमा धेरै गोर्खाली सैन्य वीरगतिमा प्राप्त भए तापनि, पछाडी नहेर्ने, झल्किने खड्ग हातमा लिएका वहाँ राजाले बेलकोट पनि जित्नु भयो ॥३॥

शिलाङ्ग-संज्ञं प्रबल-प्रभावस्तिष्टुङ्ग-संज्ञं विजयी प्रदेशम् ।
पालुङ्ग-संज्ञं च निवहिताऽरिर्गोरक्षराजः स्व-वशीचकार ॥४॥

ठूलो प्रभाव भएका विजयी गोर्खाका राजा पृथ्वीनारायणशाहदेवले शिलाङ्, तिष्टुङ् पालुङ् प्रदेशहरुलाई जित्नु भयो ॥४॥

वाणिज्य-विच्छेदमथाऽसहिष्णू रोधं गते भोट्ट-ग-वर्त्मनीति ।
द्वयभ्राऽष्ट-भू-संमित-वैक्रमाब्दे जयप्रकाशोऽभिययौ युयुत्सुः ॥५॥

त्यसपछि यस प्रकार भोट जाने बाटो रोकिंदा, व्यापारविच्छेद सहन न शकी युद्धगर्न चाहने जयप्रकाशले विक्रम संवत् १८०२ मा चढाई गरे ॥५॥

गोरक्ष-वीरैः सह तस्य गण्ड-स्तोमेऽयुतं कान्तिपुरेश्वरस्य ।
सैन्या अयुध्यन्त परं जय-श्रीर्वंवार गोरक्ष-नृपं तदापि ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती कान्तिपुरका राजाका दश हजार सैनिकले गोर्खाली वीरहरु सङ्ग गैंडीथुममा युद्ध गरे तर त्यस वेलामा पनि विजयश्रीले गोर्खाली राजालाई वरण गरीन् ।।६।।

पार्श्विग-ग्रहो लम्बयुगाधिराजो मिलंश्चतुर्विंशति-भूमिपालैः ।
गोरक्ष-वश्यं सहसाऽलकाङ्ग-प्रदेशमाक्राम्यति सैनिकैः स्म ।।७।।

चौविसी राजाहरुसङ्ग मिलेका, झुक्याइ पछाडीबाट आक्रमणगर्ने, सेनाले सहित भएका, लंजुङ्का राजाले अकस्मात् गोर्खाका अधीनमा भएका लकाङ् प्रदेशमा चढाई गरे ।।७।।

तदा महोद्दामककीर्तिसाहो नृपानुजो वीरवरस्तरस्वी ।
प्रत्यभ्ययुः सङ्गर-दक्ष-वंशगोपाल-मुख्या अपि सैनिकैः स्वैः ।।८।।

त्यस समय वीरहरुमा श्रेष्ठ वेगवान्, राजाका भाई महोद्दामकीर्ति-साह र युद्धमा चतुरवंशगोपालपन्थ आदि पनि आफ्ना सेनाका साथ पुगे ।।८।।

ते रागिनाशेऽपभयाः प्रदेशे जिगीषवो लम्बयुगेश-सैन्यान् ।
पराणुदन्तः स्व-पुराण-कोपं संमर्दयन्तो जयमापुरन्ते ।।९।।

निर्भीक तिनीहरुले रागिनाश प्रदेशमा लंजुङे राजाका सेनाहरुलाई जितनाका इच्छाले आफ्नो पुरानो खिस फेर्दै ती पूर्वोक्त सेनाहरुलाई निमोठ्दै अन्तमा विजय प्राप्त गरे ।।९।।

वश्यं विधायेत्यपि रागिनाशं कण्डूतिमन्तः समराय भूयः ।
घुर्साप्पया ते सह शालिपायां समुच्छ्रयन्ते जयकेतनं स्म ।।१०।।

यस प्रकार रागिनाश प्रदेशलाई आफ्ना अधीनमा गरेर पनि पुनः युद्धकालागी चिल्याटले युक्त भइका घुर्साप्पाका साथै शालिम्पामा पनि तिनीहरुले विजय पताका फरफराये ।।१०।।

नालदुमं कान्तिपुरेश-वश्यं राजा महादेवसरः प्रदेशम् ।
अब्दान्तरेऽभीत्य विजित्भाद्रे धीमान् ददौ भक्तपुरेश्वराय ।।११।।

कान्तिपुरका राजाका अधीनमा भएको नालदुम प्रदेश र महादेउ पोखरी दोस्रो साल (१८०२) मा चढाई गरी सोही सालको भदौमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिएर बुद्धिमान् राजा पृथ्वीनारायणसाहले भक्तपुरका राजा रणजित-मल्ललाई दिनु भयो ॥११॥

युद्धोत्सवोऽपेत-भयः प्रतापी भटैः स्वकीयैरमित-प्रभावैः।
वशीचकारोद्धृत-वैरि-वर्गः स साँखु-चाँगु-प्रमुख-प्रदेशान् ॥१२॥

युद्धलाईनै उत्सव सम्झने, निर्भीक, प्रतापी राजा पृथ्वीनारायणले ठूलो प्रभावशाली आफ्ना सैन्यहरुको साथ शत्रुहरुलाई नाशगर्दै साँखु, चाँगु आदि प्रमुख प्रदेशलाई अधीन गर्नु भयो ॥१२॥

गोरक्ष-भूपः शनकैस्तरस्वी देशानशेषान् कवलीचिकीर्षुः।
अस्तीति जानन्नभवन्मनस्वी जयप्रकाशोऽपि रण-प्रवीणः ॥१३॥

वेगवान् गोर्खालीराजाले सुस्त सुस्त सबै देशहरुलाई गास बनाउन चाहन्छन् भन्ने मनस्वी रणमा कुशल जयप्रकाशले पनि जानी रहेका थिए ॥१३॥

जवेन गोरक्ष-भटेषु तस्मात् स-साहसाः कान्तिपुरीय-सैन्याः।
धृतोज्ज्वलास्त्राः सहसाऽभियान्तो न्यवीवृतँस्तान् विजित-प्रदेशान् १४

त्यसकारण झल्किने हतियार लिएर साहसी कान्तिपुरका सैन्यहरुले एकाएक वेगले गोर्खाली सैन्यहरुमा जाई लागेर ती जितिएका प्रदेश हरुलाई फिर्ता गरे ॥१४॥

ऊर्जेऽथ मासे शिवरामसिंहः प्रधान-सेनाधिपतिर्बलिष्ठः।
गोरक्ष-राज-प्रहितः प्रदेशं साङ्गाऽभिधानं सबलोऽभ्यगच्छत् ॥१५॥

त्यस पछि कार्तिक मैनामा गोर्खाली राजाले पठाइएका बलवान्प्रधान सेनापति शिवरामसिंहबस्न्यातले फौजका साथ साँगामा गई चढाई गरे १५

सर्वेषु गोरक्ष-भटेषु भक्तं प्रवर्तमानेषु परन्तु भोक्तुम्।
अभ्याययुः कान्तिपुरेश-सैन्यास्तान्पाटनीयाश्च मिथो मिलन्तः॥१६॥

परन्तु सबै गोर्खाली सैनिकहरुले भात खान लागेका वेलामा कान्ति पुरका र पाटनका राजाका सैनिकहरु आपसमा मिलेर तिनीहरु (गोर्खाली) माथि चढाई गरे ॥१६॥

गोरक्ष वीरेषु विहाय भक्तं धौतैक-वस्त्रेष्वपि युद्धवत्सु।
अनन्त वीराः शिवराम-मुख्यास्तस्मिन् रणे वीर-गतिं प्रयाताः १७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाली एक धोतीमात्र पहिरेका गोर्खाली वीरहरु भात छोडेर लड्दा लड्दै त्यस युद्धमा शिवरामसिंह बस्नेत आदि कैयन् वीरहरूले वीरगति प्राप्त गरे ॥१७॥

अब्दे चतुर्थेऽजनि राजपुत्रो नाम्ना पिता तं कृत-जात-कृत्यम् ।
प्रतापसिंहं प्रतिपाद्य दीनान् सन्तोषयामास च भूमिदेवान् ॥१८॥

वि. सं. १८०४ मा राजपुत्र जन्मे, पिता पृथ्वीनारायणशाहदेवले जातसंस्कार गरिएका ती राजपुत्रको प्रतापसिंह नाम राखेर दीन दुःखी एवम् ब्राह्मणहरुलाई सन्तुष्ट पार्नु भयो ॥१८॥

क्रमेण काले कियति व्यतीते सन्देशमाद्या नृप-धर्मपत्नी ।
निवेदयामास चरेण तस्मै विनीत-भावा पति-देवतेति ॥१९॥

क्रमशः केहि समय बीते पछि नम्र पतिलाइ देवता मान्ने जेठी रानीले दूत द्वारा पृथ्वीनारायणशाहलाई संदेश पठाउनु भयो ॥१९॥

कथं प्रभो ! विस्मरसि प्रपन्नां विरोधिनि भ्रातरि मामनाथाम् ।
न षट्पदो वै मकरन्द-मुग्धः पङ्क-प्रभूतां नलिनीं जहाति ॥२०॥

हे प्रभु ! दाजुले विरोध गरे भनेर तपाईंको आश्रय गरेकी म अनाथ लाई किन बिर्सनु हुन्छ ? किन कि फूलको रसमा मुग्ध भएको भ्रमरले हिलाले युक्त भएको कमललाई छोड्दैन ॥२०॥

लब्ध्वेति सन्देशमुदार-भावः प्रतापसिंहं प्रजिघाय भूपः ।
पूर्ण-प्रतिज्ञः सह भारधारैरानेतुमेनां निज-धर्मपत्नीम् ॥२१॥

यस्तो संदेश पाएर आफ्नो प्रतिज्ञा पूर्ण भएका उदारचित्त राजा पृथ्वीनारायणले आफ्नी रानीलाई ल्याउनको निमित्त प्रतापसिंहलाई भारदारहरुका साथ पठाउनु भयो ॥२१॥

स-पारिबर्हां नवलक्ष-हार-विराजमानां गजमेक-दन्तम् ।
सुतां समारोप्य समादरेण विदापयामास च हेमकर्णः ॥२२॥

हेमकर्णले पनि नौलाखी हीराको मालाले शोभित भएकी छोरीलाई एकदन्ते हात्तिमा चढाएर आदर पूर्वक दाइजाको साथ विदा गरे ॥२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ द्वितीयोऽजनि तस्य सूनु-र्विपक्ष-शुष्केन्धन-धक्-कृशानुः ।
नेपाल-देशीय-गिराऽनुयोगं बहादुरं यं सुधियो वदन्ति ॥२३॥

यस पछि शत्रुरूपी सुकेका काठलाई डढाल्नामा आगो जस्ता वहाँका दोश्रा पुत्र जन्मे, जस्लाई विद्वान्‌हरुले नेपाली भाषाको व्युत्पत्ति अनुसार बहादुर भन्दछन् ॥२३॥

नालद्रुमं कान्तिपुरेश-वश्यं गोरक्षराजो दहचोक-संज्ञम् ।
एकादशेऽब्दे नभसि प्रदेशं वाणिज्य-मार्गं कवलीचकार ॥२४॥

गोर्खाका राजाले कान्तिपुरका राजा द्वारा शासन गरिएको व्यापारको बाटो भएको दहचोक र नालदुम प्रदेशलाई एघार सालको साउनमा अधीन गर्नु भयो ॥२४॥

अब्दान्तरेऽस्मिन् नवकूटदुर्गे नेपालदेशानखिलानधीनान् ।
विधातुमाप्तैर्नृपतौ प्रबन्ध-सम्पादनार्थे सति वर्तमाने ॥२५॥

अर्को वर्ष नुवाकोटमा सब नेपाल देशलाई अधीन गर्न आफ्ना साथीहरुको साथ राजा प्रबन्ध गर्न लागेमा—॥२५॥

कास्कीश्वरो लम्बयुगाधिपस्तं त्रितुङ्गभूपश्च स-पर्वतेशः ।
मिथो मिलन्तश्च परामृशन्तो वाणिज्य भङ्गा-दभिगन्तुमैच्छन् ॥२६॥

कास्की पोखराका राजा, लंजुङ्का राजा, तनहूँका राजा, पर्वते राजा सबै परस्परमा मिलेर व्यापार मार्गको भङ्ग भएकाले चढाई गर्न चाहे २६

एते चतुर्विंशति-भूमिपाला लब्धावकाशा दृढ-सैन्य-सङ्घाः ।
गोरक्ष-वश्ये बत ! सीरहान-चोकाऽभिधानेऽभिययुः प्रदेशे ॥२७॥

वीर सैन्य भएका मौका पाएका चौविसे राजाहरुले गोर्खाका राजाका वशमा भएको सिरानचोक प्रदेशमा चढाई गरे ॥२७॥

आसीद् भदालाभिध सर्वधारस्तत्रत्य-गोरक्ष नृपाधिकारी ।
गोरक्ष-देशादपि रुद्रसाहः स-पट्स्थलादिस्त्वरितं जगाम ॥२८॥

त्यहीं रहने गोर्खाका राजाका अधिकारी भदाल नाम गरेका सरदार थिये गोर्खाबाट पनि रुद्रसाह छ थरले सहित भएर तुरुन्तै गए ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञो महोद्दामककीर्त्तिसाहो भ्राताऽम्बरस्तत्रच कालुपाण्डेः ।
स-षट्स्थलाद्या नवकूट-दुर्गाद् धृतास्त्र-शस्त्रा विभया ययुर्द्राक् ॥२९॥

राजाका भाइ महोद्दामकीर्तिसाह, अम्बरपाण्डे, कालुपाण्डे र छ थर आदि अस्त्र शस्त्र लिएर नुवाकोट दुर्गदेखि छिटैनै गए ॥२९॥

दुर्धर्ष-वीर्यास्तुमुले रणे तान् गोरक्ष-वीरा नितरां प्रजह्रुः ।
एवं रणाग्रे प्रतिपक्षि-वर्गा वन्हौ पतङ्गा इव ते बभूवुः ॥३०॥

चिताइ न शकिने पराक्रम भएका गोर्खाली वीरहरुले युद्धमा तिनीहरु लाई अतिशय प्रहार गरे। यस प्रकारले युद्धमा विपक्षिवर्गहरु आगामा पुतली परे झैं भए ॥३०॥

गोरक्ष-वीर-प्रहृति क्षताङ्गा हतावशेषाश्च विदुद्रुवुर्द्राक् ।
लेभे रणे वीर-गतिं तदानीं गोरक्ष-वीरोऽम्बर-संज्ञ-पाण्डेः ॥३१॥

गोर्खाली वीरहरूको प्रहारले घाइते भएका मारिएर बचेका सैन्यहरु तुरुन्त भागे, त्यस समयमा गोर्खाली वीर अम्बरपाण्डेले वीर गति पाए ॥ ३१ ॥

महीधरं लम्बयुगादुपेतं बद्ध्वा समानीय स योधसिंहम् ।
गोरक्ष-वीरा जयिनोऽवसाने गुण-ज्ञमागत्य नृपं प्रणेमुः ॥३२॥

लंजुङ्वाट आएका महीधर र जोधासिंहलाई आखिरमा बाँधी ल्याएर विजयी गोर्खाली वीरहरुले गुणजान्ने राजा पृथ्वीनारायणलाई प्रणाम गरे ॥३२॥

स्वयं प्रपन्नान् समरे प्रवृत्तानित्थं प्रहृत्यापि नृप-प्रयुक्तः ।
भूयोऽपि तान् स्वान् बुधकालुपाण्डेः कृत्वा स्व-शक्तिं द्रढयाम्बभूव ३३

युद्धमा तत्पर भएका आफै आएका तिनीहरुलाई यस प्रकार सङ्ग प्रहार गरेर पनि राजाले लगाइएका बुद्धिमान् कालुपाण्डेले फेरि पनि तिनीहरुलाई आफ्ना बनाएर आफ्नो शक्तिलाई बलियो बनाए ॥३३॥

गोरक्ष-वीराः क्रमशो द्विलक्ष्माचक्रमुर्भक्तपुरान्तरङ्गम् ।
प्रदेशमस्माद् रिपु-पक्ष-गोऽभूत् स्वकं सुहृद् भक्तपुरेश्वरोऽपि ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि गोर्खाली वीरहरुले भक्तपुरको अन्तर्गत दोलखा प्रदेशलाई अधीन गरे। यस कारण आफ्ना मित्र भक्तपुरका राजा पनि शत्रु पक्षका भए ॥३४॥

त्रितुङ्ग-भूपं निज-वैरि-गृह्यं सम्बन्धिनि स्वेऽपि पुरोद्यताऽस्त्रम् ।
त्रिविक्रमं स्वाऽनुनय-प्रतीपं गोरक्ष-राजः प्रतिकर्तुमैच्छत् ॥३५॥

आफ्ना सम्बन्धि भएर पनि अघी अस्त्र उठाएका, आफ्ना शत्रु पट्टि लागेका, आफ्नु अनुनयमा प्रतिकूल बनेका तनहूँका राजा त्रिविक्रमसेन लाई गोर्खाका राजा पृथ्वीनारायणले साटो लिन चाहनु भयो ॥३५॥

त्रिविक्रमस्याऽपि पितुर्गुरुं तत् काशी-स्थमाहूय स मान-पूर्वम् ।
बहिर्विनीतो नृपतिर्नय-ज्ञो जगाद गौरीश्वरपन्यमेवम् ॥३६॥

बाहिर नम्र भएका, नीति जान्ने वहाँ पृथ्वीनारायणसाहले त्रिविक्रम र आफ्ना पिताका पनि गुरु काशीमा रहेका गौरीश्वरपन्यलाई संमान पूर्वक बोलाइ यस प्रकार भन्नु भयो ॥३६॥

त्रिविक्रमोऽयं च पिता मदीयः स्थाने भवन्तं गुरुमाप्नवन्तौ ।
भवत्प्रसादान्मम तातपादो बालोऽपि सिंहासनमारुरोह ॥३७॥

आनन्द लाग्दो कुरा छ कि त्रिविक्रम र मेरा पिताले तपाईलाई गुरु पाउनु भयो। तपाईका कृपाले मेरा पिताजी बालक भएता पनि सिंहासनमा चढ़नु भयो ॥३७॥

शिष्यस्य सूनुर्ननु शिष्य एव त्रिविक्रमोऽहञ्च समावतस्ते ।
तन्नौ दृढं कारय सन्धिमार्य ! द्विषो यतो नाऽभिभवेयुरस्मान् ॥३८॥

शिष्यको पुत्र पनि शिष्य नै हो, अतः त्रिविक्रम र म तपाईका बराबरी हौं, त्यस कारण हे गुरु हाम्रो सन्धिलाई दृढ बनाईदिनु होस् जसबाट शत्रु हरुले हामीहरुलाई तिरस्कार गर्न न शकुन् ॥३८॥

श्रुत्वेति गौरीश्वर-भूमिदेवो मुमुक्षुरानन्दवनाश्रयोऽपि ।
त्रिविक्रमं बोधयितुं तदीय-स्नेहानुबद्धः प्रययौ त्रितुङ्गम् ॥३९॥

मुक्ति चाहने ती गौरीश्वर ब्राह्मण काशी निवासी भएका थिए ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यस प्रकारको वचन सुनेर शिष्य त्रिविक्रम लाई बुझाउन उनको प्रेम रूपी बन्धनले बद्धभै तनहुँ जानु भयो ॥३६॥

मैत्र्याय गोरक्ष-नृपेण सार्धं त्रिविक्रमो बोधित आर्य-पादैः ।
पूर्वं स-शङ्कोऽप्युररीचकार गुरूपदेशं शिरसा दधानः ॥४०॥

गोर्खाका राजा, सँग मित्रता गर्न गुरुले बुझाइएका त्रिविक्रम पहिले शङ्कित भएका थिएता पनि गुरुको उपदेशलाई शिरले धारण गरी स्वीकार गरे ॥४०॥

नद्यास्त्रिशूल्या इति वेणिघट्टे मन्त्रानुसारं मिलतोर्नृपत्योः ।
गोरक्ष-सैन्या जगृहुर्निरस्त्रं त्रिविक्रमं पूर्व-निलापितास्त्रैः ॥४१॥

येस्तो परामर्श अनुसार त्रिशूली नदीको वेनीघाटमा ती दुवै राजा मिलेका समयमा गोर्खाली सेनाहरुले पहिले लुकाइएका अस्त्र हरु द्वारा अस्त्रहीन त्रिविक्रम राजालाई पक्रे ॥४१॥

विश्वस्तमाप्तं प्रिय-शिष्य-वर्यं छलेन-गोरक्ष-नृपेण बद्धम् ।
शोचन स गौरीश्वर-भूमिदेवो गोरक्ष-भूपं व्यरुधन्महात्मा ॥४२॥

छलले गोर्खाली राजा द्वारा बाँधिएका, विश्वासी, प्रिय शिष्यहरुमा श्रेष्ठ, आफ्ना शिष्यका प्रति शोक गर्दै, ती महात्मा गौरीश्वर ब्राह्मणले गोर्खाली राजाको विरोध गरे ॥४२॥

अतः स देशादपि हन्त ! राजद्रोहीति निर्वासित आर्यपादः ।
अनेन गोरक्ष-नृपश्छलेन वैर-प्रतीकारमसौ चकार ॥४३॥

अतः खेदको कुरा छ कि ती गुरुचरण राजद्रोही भनी देशवाट निकालिनु भयो यस्तो छल द्वारा गोर्खाका राजाले वैरको साटो लिनु भयो ॥ ४३ ॥

गोरक्षवीरास्त्रि-मही-मिताऽब्दे शुचेरिला-नेत्र-मिताह-रात्रौ ।
आचक्रमुः शैवपुरीं च काभ्रे पराकचोकं तपसोऽग्रिमाऽहे ॥४४॥

गोर्खाली वीरहरुले १३ सालको आषाढ २१ गते राती शिवपुरीमा, र माघ १ गते काभ्रे पलाञ्चोकमा पनि आक्रमण गरे ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अत्रान्तरे कश्चिदसंस्तुतोऽपि पृष्टस्ततः कीर्तिपुराक्रमाय।
दैवज्ञ ऊर्वी-पतिना मुहूर्तं जयेतराहं जयदं जगाद ॥४५॥

त्यसपछि दोस्रो सालमा कीर्तिपुरमा आक्रमण गर्नका निमित्त राजा द्वारा सोधिएका कुनै अपरिचित ज्योतिषीले हार हुने मुहूर्तलाई विजय दिने छ भने ॥४५॥

तदा कुलानन्द उदाजहार पराजयः स्यान्ननु तन्मुहूर्तें।
असंस्तुतोक्तं तु तयोर्विवादे विज्ञो विशश्वास न कालुपाण्डेः ४६

त्यस समयमा कुलानन्दले "त्यो मुहुर्तमा निश्चय हार हुन्छ" भने र दुवै ज्योतिषीको विवाद हुँदा बुद्धिमान् कालुपाण्डेले अपरिचित जोतिषीले भनेका कुरामा विश्वास गरेनन् ॥४६॥

परं तदैव त्वरमाण-भूपो विश्वास-भाक् कीर्तिपुरेऽभ्ययात्तत्।
गोरक्षवीरा वहवो रणेऽस्मिन् यशःशरीरास्त्रिदिवं प्रयाताः ॥४७॥

परन्तु विश्वास गरेका तुरुन्त गर्ने राजाले त्यही समयमा कीर्तिपुरमा चढाई गर्नु भयो, त्यसकारण यो युद्धमा धेरै गोर्खाली वीरहरु कीर्तिरूपी शरीर छोडेर स्वर्ग गए ॥४७॥

श्रीकालुपाण्डेरपि राजभक्तो लेभे तदा वीरगतिं मनीषी।
गोरक्षनाथादि-वर-प्रभावाज्जिजीव राजा च विपद्गतोऽपि ॥४८॥

राजभक्त कालुपाण्डेले पनि त्यसै समयमा वीरगति प्राप्त गरे, राजा पनि विपद्मा पर्नु भएको थियो तापनि गोरखनाथ आदिबाट पाएका वर प्रभावले जीवित रहनु भयो ॥४८॥

मत्वा प्रतीपं समयं नरेन्द्रः स्मरन् कुलानन्द-वचोऽनुतप्तः।
अहीन-सत्त्वोऽपि रणं विहाय शेषैर्भटैः स्वैर्नवकूटमायात् ॥४९॥

कुलानन्द ज्योतिषीको कुरा संझी पछुताउनु भएका राजा पुरुषार्थमा अटल हुनु हुन्थ्यो तापनि समय प्रतिकूल ठहराई युद्ध छोडी शेष रहेका आफ्ना सैन्य साथ नुवाकोट आउनु भयो ॥४९॥

अष्टादशाऽब्दे शुचि-खाऽग्नि-मेय-दिने चतुष्कूटमभिव्रजन्तः।
निदेशितास्तेन नृपेण वक्रावीरादयोऽथाऽध्यवसन् कुहूलाम् ॥५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती राजाले पठाइएका बाँकावीर वस्न्यात आदिहरु १८ सालको आषाढ ३० गते चौकोटमा चढाई गरी काहूल्यामा बसे ॥५०॥

अश्नत्सु वीरेष्विह तेषु भक्तमाचक्रमुः कान्तिपुरेश-सैन्याः ।
निरस्त-भक्ताः सहसैव तेऽतो धौतैक-वस्त्रा अपि युद्धवन्तः ॥५१॥

यहाँ ती वीरहरुले भात खाँदा खांदै कान्तिपुरे राजाका सैन्यहरुले चढाई गरे, यस कारण ती वीरहरु एकाएक भात छोडेर एक धोतीमात्र लगाएका थिए तापनि युद्ध गरे ॥५१॥

बद्ध्वा यशोराममरि-प्रदिष्टमानीतमेभिर्नवकूट-दुर्गम् ।
दत्त्वा भृतिं कान्तिपुरेश-देयां राजा मनीषी कृतवान स्वकीयम् ॥५२॥

शत्रुले पठाइएका यी वीरहरु द्वारा बांधेर नुवाकोट दुर्गमा ल्याइएका जसरामथापालाई कान्तिपुरे राजाले दिइने वेतन दिई बुद्धिमान् राजा पृथ्वीनारायणसाहले आफ्ना वनाउनु भयो ॥५२॥

तद् युद्ध-वृत्तान्तमवेत्य राजा विहाय सूपं रण-सैनिकानाम् ।
स-वाससां भुक्तवतां च भक्तं जातं न यातीति बबन्ध रीतिम् ॥५३॥

त्यो युद्धको वृत्तान्त थाह पाई कपड़ा लगाएर दाल वाहेक भात खाने युद्धका सैनिकहरुको जात जादैन" भन्ने राजा पृथ्वी नारायणसाहले नियम बाँध्न भयो ॥५३॥

एकोन-विंशाऽब्द-नभस्य-मासे रण-प्रचण्डा नवमे दिने ते ।
आक्रम्य माकन्द-पुरं जवेन वश्यं व्यधुर्ध्वस्त-विपक्ष-वर्गाः ॥५४॥

उन्नैस साल भाद्र नौ गते युद्धमा प्रचण्ड ती वीरहरुले वेगका साथ मकवानपुरमा चढाई गरी सवै विपक्षी वर्गलाई ध्वस्त पारेर अधीन गरे ५४

दिग्बन्धने सङ्गर-भग्न-सत्त्वे पलायिते तद्दिन एव वीराः ।
पुरं हरि-प्राग्-हरमग्रहीषुः प्रचण्ड-वेगा अपि सिन्धुलीं ते ॥५५॥

युद्धमा सवै सैन्यहरु नाशभई दिग्बन्धनसेन भागे पछि त्यसै दिनमानै, ठूलो वेग भएका ती सैन्यहरुले हरिहरपुर र सिंधुलीमा पनि चढाई गरे ५५

दिग्बन्धनीयं परिवार-वर्गं संमान-पूर्वं नवकूट दुर्गम् ।
गोरक्ष-वीरेषु समानयत्सु स्वयं चकारात्मसमर्पणं सः ॥५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोर्खाली वीरहरुले संमान पूर्वक दिग्बन्धनका परिवारलाई नुवाँकोट ल्याए पछि ती दिग्बन्धनसेनले स्वयं आत्मसमर्पण गरे ॥५६॥

नम्रे महीभुज्यपि मीर-पूर्व-कासीम संज्ञं यवनं स-दर्पः ।
मन्त्री तदीयः कनकाभिधानः साहाय्यमाशा-वश-गो ययाचे ५७

राजा (दिग्बन्धनसेन) झुकेतापनि आशाको अधीन भएका घमण्डी उनका मन्त्री कनकसिंह वानियाँले मीरकासीम मुसल्मान सङ्ग सहायता मागे ॥ ५७ ॥

गोरक्ष-भूपालमतोऽसहिष्णुः समेधमानाऽनुदिनोदयं सः ।
दिदेश लब्धावसरोऽति-भीमा वरूथिनीः कूर्चधराधिपोऽपि ॥५८॥

अतः दिनदिनै उन्नति बढेका गोर्खाली राजालाई सहन न शकेर मौका पाएको त्यो मुसलमान राजाले अति डरलाग्दा सैन्यहरु पठायो ॥५८॥

माकन्द-दुर्गे यवनाऽभिभूते वीरः स गोरक्ष-पतिर्जवेन ।
बलैः प्रतस्थेऽप-भयैर्धृतास्त्रैर्युद्धाय सद्यो नवकूट-दुर्गात् ॥५९॥

मकवानपुरमा यवनहरुले चढाई गरे पछि ती वीर गोर्खाली राजा, निर्भीक, अस्त्र लिएका, सैन्यहरुको साथ वेगले युद्धका निमित्त तुरुन्त नुवाकोटवाट प्रस्थान गर्नु भयो ॥५९॥

रणे प्रवृत्ते तुमुलेऽतिभीमेच्छिन्नोत्तमाङ्गैर्युधि यावनाङ्गैः ।
माकन्द-दुर्गे परिपूर्य गर्तान् रराज गोरक्ष-नृपो मनस्वी ॥६०॥

अती डरलाग्दो ठूलो युद्ध भए पछि टाउका काटिएका यवनहरुका ढाडले मकवानपुर दुर्गमा खाडलहरुलाई भरेर मनस्वी, गोर्खाली राजा पृथ्वीनारायणशाह शोभित हुनु भयो ॥६०॥

ज्या-घोषतस्त्रस्त-मनोऽरि-वर्गाः केचित् पलायन्त विवाससोऽन्ये ।
परे तृणं न्यस्य मुखे भयेन शरण्यमेनं शरणं समीयुः ॥६१॥

ताँदाका शब्दले तर्सेका केही शत्रुहरु भागे, अरुले लुगा खसेको पनि थाहा पाएनन्, अरु डरले मुखमा झार राखेर शरणदिने यिनी पृथ्वीनारायण साहका शरण परे ॥६१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पलायमानैर्यवनैर्विसृष्टान् गोरक्ष-वीराश्च रणे हतानाम् ।
तोपान् भुसुण्डीर्गुलिकादिकांश्च गृहीतवन्तो नवकूटमापुः ॥६२॥

भागेका यवनहरुले छोडेका र युद्धमा मरेका यवनहरुका पनि तोप, तरवार र गोली आदि लिएर गोर्खाका वीरहरु नुवाकोट गए ॥६२॥

अथाऽऽश्विने मासि दिन द्वितीये दुर्धर्ष-गोरक्ष-नृपस्तरस्वी ।
धनुर्धराग्र्यो धृतिमान् मनस्वी तिमाल-देशं स वशीचकार ॥६३॥

यसपछि आश्विन २ गते धनुर्धारीहरुमा अग्रणी, वेगवान , बुद्धिमान्, मनस्वी, धैर्यशाली गोर्खाली राजा ती पृथ्वीनारायणसाहले तिमाल देश-लाई अधीन गर्नु भयो ॥६३॥

प्रवर्धमानोदयमेवमेनमूर्जस्वलं कान्तिपुर-क्षितीशः ।
जयप्रकाशः प्रतिकर्तुमिच्छन् साहाय्यमाङ्गलं विवशो ययाचे ॥६४॥

यसप्रकार उदय बढेका बलवान् वहाँको प्रतीकार गर्न कान्तिपुरका राजा जयप्रकाशले इच्छागरी विवश भएर अंग्रेज सङ्ग सहायता मागे ६४

हृष्यन्मनाः कूट-नय-प्रवीणो नेपाल-देशान् कवली-चिकीर्षुः ।
जयप्रकाशार्थ-मिषेण भीमं गोरण्डहार्डी बलमानिनाय ॥६५॥

जयप्रकाशका निमित्त गरिएको छलले नेपाल देशलाई गास वनाउन चाहने, हर्षित भएको, कूटनीतिज्ञ, हार्डी नामक अंग्रेजले डरलाग्दा सैन्यल्यायो ॥६५॥

गौरेषु सिन्धुल्यभिधान-दुर्गं प्राप्तेषु गोरक्ष-नृपस्तरस्वी ।
स्वयं प्रपन्नांश्चिरमीप्सितांस्तान् प्रत्यभ्यगच्छन्नवमे दिनाङ्के ॥६६॥

नौ गते अंग्रेजहरु सिन्धुली दुर्गमा आए पछि, वेगवान् गोर्खाली राजाले आफै आएका, धेरै कालदेखि इच्छा गरिएका तिनीहरुमा चढाई गर्नु भयो ॥६७॥

गृहीत-खड्गैरमित-प्रभावैः स व्योम-नेत्रेन्दु-मितैर्भटैः स्वैः ।
उम्भ-स्थितोऽधस्तन-वानरास्यान् पाषाण-खण्डैरपि तानविध्यत् ॥६७॥

ठूलो प्रभाव भएका खड्ग हातमा लिएका १२० आफ्ना सिपाहीहरुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहित, उँम तीर रहेका ती पृथ्वीनारायणसाहले तल रहेका, वानरका जस्ता मुख भएका ती फिरङ्गीहरुलाई ढुङ्गाले पनि हान्नु भयो ॥६७॥

दंशाश्च नीला अपि वर्वणाद्या निक्षिप्यमाणाः पटला-दिभिस्तान् ।
नग्नार्ध-देहाँस्तुमुले रणेऽस्मिन्नसह्य-बाधं द्विषतो ददंशुः ॥६८॥

चाका सहित फ्याँकिएका, मौरी, भेरा, भमरा अरिङ्गाल, वच्छ्यु, वारुला वठ्यौरी, डाँस, नीला माखा, गोरु माखा आदिले आधा आङ् नाङ्गा भएका ती फिरङ्गीहरुलाई यस युद्धमा सही नक्सनु बाधाभारी डसे ॥ ६८ ॥

अदृश्य-वाटे विपिने घनेऽस्मिन् पलायमाना अपि रोदनीभिः ।
बाबाधिताः सित्कृतिमाचरन्तो बुम्बा-रवं चक्रुरपास्त-दर्पाः ॥६६॥

वाटो नभएको यस घनघोर जङ्गलमा घमण्ड तोडिएर भाग्दापनि, सिस्नाले झ्वाम्म पोलेर अतिशय पीडित भएका अंग्रेजहरुले स्यु स्यु गर्दै हात मुखजोडी ऊ ! हू ! हू ! हू ! गरे ॥६६॥

तृणानि कीटा अपि सङ्गरेऽस्मान् प्राणान् हरन्तीव निपीडयन्ति ।
प्रतीयतेऽतः क्षितिरेव नूनं न क्षाम्यतीति द्विप इत्यवोचन् ॥७०॥

झार कीराले पनि यस युद्धमा हामीहरुलाई प्राणै लिन्छन् कि भने झैँ गरेर बाधा दिन्छन् । यसकारण अनुमान गरिन्छ कि निश्चय यो भूमिलेनै सहँदैन भनेर ती शत्रुहरुले भने ॥७०॥

गौरेषु देहेष्वपि शोणितेन गोरक्ष-वीर-प्रहृतोद्गतेन ।
गोरण्डकानामतिशोणितेन तस्मिन् रणे शोणनदोऽभिभूतः ।७१।

फिरङ्गीहरुका शरीर सेता थिए तापनि गोर्खाली वीरहरुका प्रहारले निस्केको, अत्यन्त रातो रगतले त्यस युद्धमा शोणनदलाई तिरस्कार गऱ्यो ॥७१॥

प्रायेण सर्वेषु हतेषु युद्धाद् हताऽवशेषा अपि दुद्रुवुद्राक् ।
भानूदयेऽनन्त-नभः-स्थितानां न मण्डलं भाति हि तारकाणाम्७२

प्रायः सबै मरीसकेपछि, युद्धवाट वचेका पनि तुरुन्त दौडे । किन कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यको उदय भए पछि, आकाशमा रहेका अनन्त ताराहरुको मण्डल प्रकाशमान हुन सक्तैन ॥७२॥

गवाशिनस्तानिति मर्दयित्वा गोरक्ष-राजोऽपि यथार्थ-नामा।
गृह्णन् दृषत्क्षेपण-नालिकाऽऽदीनाङ्गूलैर्विसृष्टान् समरोपयोग्यान् ।७३॥
उद्धनयद्भिर्जय-केतनानि बलैः समं स्वैरमित-प्रभावैः।
आपूरयन् खं जय वाद्य घोषैर्न्यवर्तत स्वां प्रति राजधानीम् ॥७४॥

यस प्रकार गाई खाने ती अंग्रेजहरुलाई निमोठेर, सार्थक नाम भएका गोर्खालीराजा पनि अंग्रेजहरुले छोडेका युद्धमा उपयोगी पत्थर-काला (बन्दूक) आदि लिएर, जय पताका (ध्वजा) फर्फराउने, आफ्ना ठूलो प्रभाव भएका सैन्यहरुसित विजयका बाजाका शब्दले आकाशलाई गुञ्जित गर्दै आफ्नो राजधनी तर्फ फर्कनु भयो ॥७३॥७४॥

दिने स दोर्नेत्र-मिते तरस्वी व्यजेष्ट पारावतकूटमेवम्।
पौषे च वस्वाक्षि-मिते दिनाङ्के पुरं नरेन्द्रः कविलाससंज्ञम् ।७५।

यस प्रकार २२ गते वेगवान् तिनीराजाले परेवाकोट र पौष २८ गते कविलासपुरलाई पनि जित्नु भयो ॥७५॥

अभ्राक्षि-वस्विन्दु-मिते तथोऽब्दे स्फुरत्प्रतापो रण-भीम-मूर्तिः।
पाँगां च चोभारमदभ्र-तेजा भाद्र-द्वितीये कवलीचकार ॥७६॥

त्यसपछि प्रताप फुरेका ठूलो तेज भएका, युद्धमा डर लाग्दो मूर्ति भएका पृथ्वीनारायणसाहले १८२० साल भाद्र २ गते पाँगा र चोभार प्रदेशलाई पनि अधीन गर्नु भयो ॥७६॥

ऊर्जेऽथ मासे विजयी प्रतापी स युध्यमानः शर-भू-मिताऽहैः।
उत्साह-मूर्तिर्दशमे दिनाङ्के बली स्म गृह्णाति च धूलिखेलम् ॥७७॥

यसपछि, विजयी प्रतापी उत्साही मूर्ति बलवान् ती राजाले १५ दिन सम्म लडेर कार्तिक १० गते धूलिखेल प्रदेशलाई अधीन गर्नु भयो ।७७।

स खड्गपू-संज्ञमदभ्र वीर्योः बलैर्निजैरश्मपुर प्रदेशम्।
तथा चतुष्कूटमतिप्रचण्डः परेद्युरङ्गीकुरुते स्म धीरः ॥७८॥

त्यसपछि अति शयबलवान् अतिशय प्रचण्ड धैर्यवान् ती राजाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को दिन (कार्तिक ११ गते) खड्पु, पनौति र चौकोट प्रदेशलाई पनि आफ्ना सेनाहरुद्वारा अधीन गर्नु भयो ॥७८॥

क्षितीश्वरोऽव्याध-गतिः स राज्ञीकूटं च नालां विजयो वनेपाम् ।
दावो वनानीव मरुत्प्रयुक्तश्चतुर्दशाऽह्रे कवलीचकार ॥७९॥

१४ गते अप्रतिरुद्ध गति भएका विजयी वहाँ राजाले रानीकोट, नाला, वनेपा प्रदेशलाई वतासले फुकिएका वनका डढ्यौला (वनाग्नि) ले वनहरुलाई झैं एकै पटक लिनु भयो ॥७९॥

नेपाल-गर्भेऽमल-खड्ग-हस्तो जयप्रकाशार्थ-मिषाद् विविक्षून् ।
छिन्दन् स नग्नान् युधि दाक्षिणात्यान् गृहीतवाँस्तद्दिन एव साँगाम् ॥

निर्मल खड्ग हातमा लिएका वहाँले जयप्रकाशका निमित्त पारिएका निहुँले नेपालभित्र पस्न खोजेका दक्षिणका नागाहरुलाई युद्धमा काटेर त्यसै दिनमानै साँगा प्रदेश लिनु भयो ॥८०॥

फर्पिङ्ग-संज्ञं दिवसे स विंशे तस्मात् तृतीये च समीर-वेगः ।
विशंकु-संज्ञं विजयी प्रदेशं गोरक्ष-राजः कवलीचकार ॥८१॥

वायुका जस्तो वेग भएका विजयी वहाँले विस गते फर्पिङ् र २२ गते विशंकु प्रदेशलाई अधीन गर्नु भयो ॥८१॥

अब्दाऽन्तरेषस्य दिने, तुरीये वीरा गताः कीर्तिपुराक्रमाय ।
दुर्ग-स्थितैः कीर्तिपुरीय-सैन्यैरुपत्यकास्था अपि युद्धवन्तः ॥८२॥

अर्को वर्ष आश्विन ४ गते कीर्तिपुरमा चढाईगर्न गएका गोर्खाली वीरहरु उपत्यका (तल) मा रहेर पनि माथि दुर्गमा रहेका कीर्तिपुरका सैन्यहरुका साथ लडे ॥८२॥

शूरप्रतापे समरेऽतिशूरे सोपानमारोहति वाम् ! नेत्रम् ।
विपक्ष-बाण-प्रहतं तदीयं बहिः स-बाणं नत ! निःससार ॥८३॥

खेदको कुरा छ कि युद्धमा अतिशूर शूरप्रताप सिंढी चढनलागेको समयमा, शत्रुका बाणले प्रहार गरिएको वहांको बायाँ आंखो बाणको साथै बाहिर निस्क्यो ॥८३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्गान्तरात्कीर्तिपुरीय-सैन्यैः क्षतेषु मुक्तैर्दलजिन्मुखेषु ।
गोरक्ष-सैन्या निशिताऽस्त्र-जालैस्तदाऽप्यभूवन् वि-फल-प्रयासाः ।।८४।

दुर्गभित्रबाट तिखा अस्त्रहरु छोड्ने कीर्तिपुरका सैन्यहरुले दलजित्-आदिलाई घाइते बनाए पछि, त्यस समयमा पनि गोर्खाली सैन्यहरुको प्रयास विफल भयो ।।८४।।

अब्दान्तरोर्ज-प्रथमेऽह्नि लूताकूटं व्यधुर्वश्यमदभ्र-वीर्याः ।
दावेन दग्धेऽपि वनेऽङ्कुराणि काले हि पूर्वाच्च घनो-भवन्ति ।।८५।।

अर्को वर्ष कार्तिक १ गते ठूलो पराक्रम भएका गोर्खाली वीरहरुले लूतीकोट प्रदेशलाई अधीन गरे । टीक हो, डढ्यौलाले वन डढे पनि समयमा आंकुराहरु पहिले भन्दा पनि बढी अंकुटित हुन्छन् ।।८५।।

द्विव्यष्ट-भू-संमित-वैक्रमाऽब्दे भूयोऽपि ते कीर्तिपुरं निशीथे ।
चैत्राऽङ्क-भू संमित वासराङ्के निरस्त-दैन्याः सहसाऽभिजग्मुः ।।८६।।

१८२२ साल चैत्र १९ गते फेरि पनि तिनीहरुले कत्ति पनि हार-नखाईकन एकाएक रातीमा कीर्तिपुरमा चढाई गरे ।।८६।।

तदाऽशिपत्तद् धनवन्त-कार्यी तदात्मजो वीरनराऽग्रसिंहः ।
बद्धो विपक्षैर्जनकाय पत्रं संप्राहिणोदात्म-समर्पणाय ।।८७।।

त्यस समयमा धनवन्तकाजीले कीर्तिपुरमा शासन गर्थे विपक्षीहरुले बाँधएका उनका छोरा वीरनर सिंहले आत्मसमर्पण गर्नको निमित्त बाबुलाई पत्र पठाए ।।८७।।

ततस्तनूज-प्रहितं विलोक्य पत्रं सुत-स्नेह-परिप्लुताऽऽत्मा ।
वीरोऽपि कार्यी धनवन्तनामा स स्वीचकाराऽऽत्म-समर्पणाय ।।८८।।

त्यसपछि छोराले पठाएको पत्र हेरेर, पुत्रका प्रेमले गद्गद् मन भएका ती वीर धनवन्तकाजीले पनि आत्मसमर्पण गर्ने निश्चय गरे ।।८८।।

वशं गते कीर्तिपुरेऽत्र कृत्वा गोरक्ष-राजो निज-राजधानीम् ।
साऽर्धाऽब्द-युग्मेन ततो जितेषु देशेषु रम्यां स्थितिमाबबन्ध ।।८९।।

कीर्तिपुर जिते पछि गोर्खाली राजाले यहाँ राजधानी बनाएर अढाई वर्ष सम्म जितेका सबै देशहरुमा राम्रो स्थिति बाँध्नु भयो ।।८९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथेन्द्र-यात्रोत्सव सक्त-चित्ते जयप्रकाशे पुरदर्शनाय ।
मास्याश्विनेऽग्नीन्दु-मिते दिनाङ्के प्रासादतो दूर-गते रथेन ६०

यसपछि आश्विन १२ गते इन्द्रयात्राको उत्सवमा दत्तचित्त भएका जयप्रकाश नगर देख्नाका निमित्त राजभवनवाट रथमा चढी टाढा गएको वेलामा ॥६०॥

सत्येव दैवाह्निन-कृत्य-शेषे भुवो मयूखानवकर्षतीने ।
रीति-प्रिये मल्ल-कुलाऽवतंसे तत्पूरणाय प्रयते वि-निद्रे ॥६१॥

दैव संयोगले दिनको काम वाँकी छँदै सूर्यले भूतलवाट किरण खिचे (अस्ताए) मा रीति लाई रुचाउने मल्लकुलका भूषण जयप्रकाशले निद्राजिती त्यसकामलाई पूर्णगर्न लागेको बेलामा ॥६१॥

गोरक्ष-राजो नर-देविकाया विभज्य सैन्यान् नयविट्ठमेलात् ।
प्रासादमन्हाय रुरोध भीम-स्थानाच्च तस्य त्रिमुखस्तरस्वी ॥६२॥

वेगवान्, नीतिजान्ने, गोर्खाली राजाले तिन मुखगरी सैन्यहरूलाई विभाग गरेर, नरदेवी, ठमेल र भीमसेन थान वाट ती जयप्रकाशको राजभवन रोक्न भयो ॥६२॥

संदष्ट-दन्तच्छद-वीर-वर्य-जयप्रकाशः सहसा स्वकीयैः ।
सद्योऽन्तिक-स्थैः प्रमुखैः कियद्भिर्विपक्ष-वर्गं तरसाऽभ्यगच्छत् ६३

रिषद्वारा दाँतले ओंठ टोकेर, वीरहरुमा श्रेष्ठ जयप्रकाशले तुरुन्त वगले आफ्ना नजीकमा रहेका केही सैन्यहरुका साथ विपक्षी प्रति चढाई गरे ॥६३॥

ज्या-स्फार-घोषैर्बधिरीकृताशाः प्रजह्रुरन्योऽन्यमदभ्र-वीर्याः ।
शिलीमुख-श्रोभय-पक्ष-वीराः कुन्तैः कृपाणैरपि पट्टिशाद्यैः ॥६४॥

ताँदाका शब्दले दिशालाईनै वहिरा वनाउने भएका दुवै पक्षका वीरहरुले परस्परमा वाण, भाला, तरवार, क्रीच आदिले प्रहार गरे ६४.

गोरक्ष-वीरैर्युधि कृत्त-पक्षो जयप्रकाशाऽभिध-राज-हंसः ।
स भग्नवन्मानस-साहसः सन् स्वैः पक्षिभिः कैश्चिदभूदनीडः ॥ ५ ।

युद्धमा गोर्खाली वीरहरुले आफ्ना पक्षका सैन्यहरुलाई कत्तल गरे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछि साहस हीन भएका ती जयप्रकाश केही आफ्ना पत्नीका साथ हार खाए ॥६५॥

स सिंह-सङ्घादिव मत्तदन्ती सोपानमार्गे तुलजा भवान्याः ।
आग्नेय-चूर्णान्यवकीर्य गर्भे भीतोऽविशत् स्वैः सह मन्दिरस्य ॥६६॥

सिंहका बथानबाट मत्तहात्ती झैं डराएका जयप्रकाश तुलजा भवानीका मन्दिरका सिंढीमा बारुत छरेर आफ्ना मानिस सहित भई भित्र पसे ॥६६॥

जयप्रकाशः समयं प्रतीपं विविच्य तन्मन्दिरतोऽपि सार्थैः ।
निःसृत्य वीरोऽपि भयाऽभिभूतः स पट्टनं म्लान-मुखो जगाम ॥६७॥

जयप्रकाशले समय प्रतिकूल ठानेर, त्यस मन्दिरबाट पनि आफ्ना साथीहरुका साथ निक्लेर वीर थिए तापनि डरले मलिन मुख बनाएर पाटन गए ॥६७॥

तदा तुलाराम-मुखा जवेन गोरक्ष-वीरास्तमनुद्रवन्तः ।
पाद-प्रहार-स्फुटिताऽग्नि-चूर्णैरुत्पातिता वीरगतिं प्रयाताः ।६८॥

त्यस समयमा तुलाराम आदि गोर्खाली वीरहरु वेगल जयप्रकाशका पछि दगुर्दा पाद प्रहारबाट पड्केका बारुदले उडाइँदा वीरगति प्राप्त गरे ॥६८॥

गोरक्ष-राजो दिन-कृत्य-शेषं नेपाल-राज-प्रतिपादनीयम् ।
समं निशि स्वेन मनोरथेन तत्रत्य-रीत्या समपूपुरत् सः ॥६९॥

नेपालका राजाले गरिने बाँकि रहेको दिनको काम, ती गोर्खाली-राजाले आफ्नो मनोरथका साथ रातीमा त्यहाँका रीतिले पूर्ण गर्नु भयो ॥ ६९ ॥

सिंहासने तद्दिवसे नवीनः प्राचीन-रीत्या बहिराहिते सः ।
रराज राजाऽथ तदीय-भाले ददौ कुमारी तिलकं नृपाऽर्हम् ॥१००॥

त्यसै दिनमा प्राचीन रीति अनुसार बाहिर राखिएको सिंहासनमा, नयाँ राजा (पृथ्वीनारायणसाह) शोभित हुनु भयो यस पछि वहाँका निधारमा कुमारीले राज तिलक दिइन् ॥१००॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रासादमाविश्य समाप्तकृत्यो राजा कुलानन्दमथाऽन्वयुङ्क्त ।
प्रासाद-गर्भे विहितः प्रवेशः कियत्स्थिर-स्वस्त्ययने मयेति ॥१०१॥

यसपछि काम समाप्त गरेका राजाले राजभवनमा प्रवेश गरेर "मैले कत्तिको स्थिर लगनमा राजभवन प्रवेश गरें" भनेर कुलानन्दलाई सोध्नु भयो ॥१०१॥

आ-सप्तमं गोत्रमलङ्घिताऽऽज्ञं तिष्ठेद् ध्रुवं शासनमुत्तरं तु ।
विविच्य वक्ष्यामि नृपेति सद्यो दैवज्ञ-वर्यस्तमुदाजहार ॥१०२॥

हे राजन् ! सात पुस्तासम्म निश्चय अलङ्घ्य शासन चल्ला, त्यस उप्रान्त त विचारगरी भनुँला भनेर ती ज्योतिषीले राजालाई उत्तर दिए ॥ १०२ ॥

इतश्च तेजोनरसिंह-नाम्नि त्रस्यन्मनः-पत्तन-भूमि-पाले ।
जयप्रकाशाद् रणे-भग्न-सत्त्वादवेत-गोरक्ष-नृप-प्रतापे ॥१०३॥
विपक्ष-पक्षाऽऽश्रयिणश्च गूढं स्व-भार-धारानवगत्य खिन्ने ।
गोरक्ष-राजाय समर्पयेयुस्त एव कि नाविति मन्यमाने ॥१०४॥
जयप्रकाशेन समं विहाय सिंहासनं भक्तपुरं प्रयाते ।
विना रणं पट्टानमुग्र-वीर्यो गोरक्ष-राजः कवलीचकार ॥१०५॥

यतातर्फ युद्धमा हार खाएका जयप्रकाशवाट गोर्खाली राजाको प्रताप जानेर डराएका पाटनका राजा तेजोनर सिंहले आफ्ना भारधार हरुलाई पनि गुप्तरूपवाट शत्रुपक्षको आश्रय लिएको बुझेर, तिनीहरु (भारधार) ले नै हामीदुई (जयप्रकाश, तेजोनरसिंह) लाई गोर्खाली राजामा समर्पण गर्छन् कि ! भन्ने ठानी आफ्नो सिंहासन छोडी जयप्रकाशका साथ भक्तपुर गए पछि, ठूलो पराक्रम भएका गोर्खाली राजाले युद्ध न गरीकन पाटनलाई अधीन गर्नु भयो ॥१०३-१०४-१०५॥

गोरक्ष-राजो रणजिन्नृपाय पत्रं लिलेखाऽथ स-पत्तनेशम् ।
जयप्रकाशं भवताऽवितं मे कल्याणमिच्छन्निजमर्पयेति ॥१०६॥

यसपछि गोर्खालीराजाले रणजित् मल्ललाई "आफ्नो कल्याण चाहँदै, तपाईंले रक्षा गरिएका पाटनका राजा र जयप्रकाशलाई ममा अर्पण गर्नुहोस्" भन्ने पत्र लेख्नु भयो ॥१०६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यस्य लोभेन कथं स्व-धर्मं जह्यामतो मामपि सङ्गरेण ।
गृहाण ताभ्यां सममित्यलेखीत् स धर्म-दृष्टिः प्रति-पत्रमस्मै १०७

ती धर्मात्मा राजाले "राज्यका लोभले कसरि आफ्नो धर्म छोडूँ, त्यसकारण तिनी दुई (जयप्रकाश, तेजोनरसिंह) का साथ मलाई पनि युद्धले स्वीकार गर्नु होस्" भनेर प्रत्युत्तर दिए ॥१०७॥

तं श्रद्धयाऽमित्रपितेति पृथ्वीनारायणोऽसौ सहमान आसीत् ।
गोरण्ड-गृह्ये तु जयप्रकाशे वर्षान्तरे भक्तपुरेऽभ्यगच्छत् ॥१०८॥

पृथ्वीनारायणले मितबुवा भनि श्रद्धागरी रणजित्मल्ललाई सहनु भएको थियो तर जयप्रकाश फिरिङ्गी पट्टी लागेका हुनाले अर्कोवर्ष भक्तपुरमा चढाई गर्नु भयो ॥१०८॥

गोरक्ष-वीरा विभयाश्छदींषि गारान् स-रथ्यानि च गोपुराणि ।
महाहवे भक्तपुरे समन्तात् संरम्भिणो व्याप्य भृशं जगर्जुः ॥१०९॥

साहसी तरस्वी निर्भीक गोर्खाली वीरहरुले भक्तपुरमा छाना, गारा, सडक, नगरका मूल ढोकाहरुलाई जताततै ढाकेर ठूलो युद्धमा गर्जे १०९

जयप्रकाशो रणजिच्च सैन्यैः संहत्य तेजोनरसिंह एभिः ।
आरेभिरे योद्धुमपास्त-दैन्या गोरक्ष-वीरैरमित-प्रभावैः ॥११०॥

जयप्रकाश, रणजित् र तेजनरसिंहले, ठूलो प्रभाव भएका यिनी गोर्खाली वीरहरु सँग कत्ति हार नखाईकन लड्न आरम्भ गरे ॥११०॥

चञ्चत्प्रकाशैर्निशितैः कृपाणैः स-पट्टिशाऽऽरैरसिधेनुकाभिः ।
खङ्गैः स-कुन्तैरपि नालिकाभिः प्रजह्रुरन्योऽन्यमनन्यवीर्याः ॥१११॥

ठूला पराक्रमी ती वीरहरुले चंकने तीखा तरवार, क्रीच, आरा, खुकुरी, भालाले सहित खड्ग र गोलीहरुले पनि परस्परमा प्रहार गरे १११

चत्वार एवाऽमल-शस्त्र-जालं दक्षे परे चर्म भुजे दधानाः ।
तस्मिन् रणे वर्मवरं वसानास्ते युध्यमानाश्च नृपा विरेजुः ॥११२॥

दाहिने हातमा निर्मल शस्त्र र बायाँ हातमा ढाल लिएका, श्रेष्ठ कवच पहिनेका ती चारै राजाहरुले त्यस रणमा युद्धगर्दा अती शोभा पाउनु भयो ॥११२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिने द्वितीये समरेऽतिभीमे प्रवर्तमाने नितरां क्षताङ्गे ।
भूप-त्रये सङ्गर-भग्न-सत्त्वे प्रासाद-गर्भं निविविक्षमाणे ॥११३॥

दोस्रा दिन अति डरलाग्दो युद्ध भए पछि, शरीरमा घाउ लागेका उत्साहहीन ती राजाहरु राजभवन भित्र पस्नू लागेको वेलामा ॥११३॥

द्विषद्-भुशुण्डी-प्रहृतोऽपि बाढं ताभ्यां समं मल्ल-कुलाऽवतंसः ।
जयप्रकाशो धृतिमान् मनस्वी, विद्धाङ्ग-शार्दूल इवाऽऽविवेश ॥११४

शत्रुका बन्दुकका गोलीले अतिशय प्रहार गरिए तापनि ती दुवै (रणजित् मल्ल र तेजोनसिंह) का साथमा मल्ल कुलका मुकुट धैर्यशाली, स्वाभिमानी, जयप्रकाशमल्ल, घाइते वाघ झैं भित्र पसे ॥११४॥

अलिन्द-देशे निहिते शिरस्त्रे भीतेन सद्यो रणजिन्नृपेण ।
गोरक्ष-राजो-विजयी शरण्य स्तानेकशः स्मेर-मुखो जगाद ॥११५॥

डराएका रणजित्मल्ल राजाले तुरुन्त ढोकाका सँगारमा टोपी राखेर शरण परेका को रक्षा गर्ने विजयी गोर्खाली राजा (पृथ्वीनारायणसाहदेव) ले तिनीहरुलाई हँसीलो मुखले एक एक गरी भन्नु भयो ॥११५॥

हिमाल-खण्डे सुर-सेव्यमाने गोरण्डकानत्र जयप्रकाशः ।
प्रावीविशद् हिन्दु-विरोधचुञ्चूँ स्तेजोनरोऽयञ्च तमन्वगच्छत् ॥११६॥

देवताहरुले सेवा गरिएको यस हिमालखण्डमा हिन्दुहरुको विरोधगर्नमा प्रसिद्ध फिरङ्गीलाइ जयप्रकाशले प्रवेश गराउनु भयो, यिनी तेजोनरसिंह पनि वहाँकै पछि लागे ॥११६॥

दम्यावतस्तौ मयका गृहीतं त्वदीय-राज्यं तु तदाश्रयत्वात् ।
राजा यथा-पूर्वमितः परञ्च स्पृहाऽस्ति चेन्मित्र-पितर्भवाय ! ॥११७॥

अतः ती दुइलाई मैले दमन गर्नु परेको हो तपाञीको राज्य ति दुइको आश्रय वनेकाले लिएको हुँ, हे आर्यमितबुवा ! इच्छा छ भने पूर्ववत् राजा हुनु होस् ॥११७॥

श्रुत्वेति वृद्धो रणजिन्नरेन्द्रो निरस्त-राज्य-स्पृह-इत्यवोचत् ।
इच्छामि नाऽहं विषय-प्रपञ्चं सद्यस्तदानन्दवनं व्रजामि ॥११८॥

येती सुनेर राज्यको इच्छा नभएका वृद्ध रणजित् राजाले म विषयप्रपञ्च चाहँदैन, अतः तुरुन्त काशी जान्छु भने ॥११८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विरक्ति-युक्त वचनं तदीयं निशम्य तत् साहकुलावतंसः ।
नम्रः स-राजोचित-वृत्तिकं तं संमान-पूर्वं प्रजिघाय काशीम् ॥११८॥

वैराग्यले युक्तभएका उनका ती कुरा सुनी साहकुलभूषण पृथ्वीनारायणले राजोचित वृत्ति दिएर संमान पूर्वक रणजित्मल्ललाई काशी पटाउनु भयो ॥११६॥

भवान् पुराऽऽटोप-वचः-प्रवीणः कथं रणादद्य पलायितोऽस्ति ।
तेनेति पृष्टः स जयप्रकाशस्तदापि वीरोचितमुत्ततार ॥१२०॥

तपाजी अँघी अतिशय गर्वका कुरा गर्न खिपालु हुनु हुन्थ्यो, ऐले किन युद्धवाट भाग्नु भयो ! भनि पृथ्वीनारायणले सोधिएका जयप्रकाशले त्यस समयमा पनि वीरहरुले जस्तो उत्तर दिनु पर्छ त्यस्तै उत्तर दिए १२०

गोरक्ष-राजो विनयी गुण-ज्ञस्तदुत्तर-प्रीत-मना जगाद ।
गोरण्ड-गृह्यत्वमगाद् भवांस्तन्मया गृहीतं भवदीय-राज्यम् ॥१२१॥

जयप्रकाशका उत्तरवाटै प्रसन्न भएका, गुण जान्ने विनयी गोर्खाली राजा पृथ्वीनारायणसाहले भन्नु भयो । तपाजी फिरिङ्गीतीर लाग्नु भएकोले तपाजीको राज्य लिएको हुँ ॥१२१॥

इतोऽपि गोरण्ड-निवर्हणेन हिन्द्वेकतायै यदि ते मनोऽस्ति ।
देशानशेषांश्च मयार्जितांस्ते ददामि राजन् ! भव चक्रवर्ती ॥१२२॥

हे राजन् ! अझैतनि फिरिङ्गीहरुलाई निमोठी हिन्दुहरुको एकता गर्न तपाजीको मन लाग्द छ भने मैले जितेका सबै देशहरुतनि तपाईलाई दिन्छु चक्रवर्ती वन्नु होस् ॥१२२॥

श्रुत्वैतदीयं वचनं विनीतं श्रद्धा-स्नुत-स्वान्त-जयप्रकाशे ।
मुक्ति-प्रदं मां नयाऽऽर्यघट्टमित्यर्थयत्येष तथा चकार ॥१२३॥

पृथ्वीनारायणको विनयपूर्ण कुरा सुनेर श्रद्धाले मन पग्लेका जयप्रकाशले मलाई मुक्ति दिने आर्यघाटमा पुऱ्याई दिनुस् भनेर पृथ्वीनारायणले उनलाई आर्यघाट पुऱ्याई दिनु भयो ॥१२३॥

अवोल्लनं "पृच्छति-मान-पूर्वं" कारागृहे बाहु-बलोद्धृतारिः ।
नाऽयं नृपः स्तेन इतीरयित्वा ववन्ध गोरक्ष-नृपस्तृतीयम् ॥१२४॥

संमान पूर्वक सोधदा पनि केही नवोलेका तेसा (तेजनरसिंह मल्ल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई यो राजा होइन चोर हो भनि बाहुबलले शत्रुलाई ओखलेका गोर्खाली राजा (पृथ्वीनारायणसाह) ले कारागारमा राख्नु भयो १२४

अथाऽन्तिमाऽवस्थ-जयप्रकाशः प्राप्तं निजं द्रष्टुमुदार-भावम् ।
छत्रं त्वदीयान्यपि पादुके मे देहीति सूर्यांश-नृपं शशंस ॥१२५॥

यस पछि अन्तिम अवस्था भएका जयप्रकाशले आफुलाई भेट्न आएका उदार भावना भएका सूर्यका अंश राजा (पृथ्वीनारायण) लाई तपाजीका पादुका र छाता मलाई दिनुहोस् भनि प्रार्थना गरे १२५

भावं तदीयं समवेत्य तस्मै नप्ता भवन् मे फलमाप्स्यसीति ।
भणन् ददौ प्रेम-परिप्लुतात्मा हिमालखण्डाऽखिलहिन्दुराजः ॥१२६॥

उनको भाव बुझेर प्रेमले मन पग्लेका हिमालखण्डका सम्पूर्ण हिन्दुहरुका राजा (पृथ्वीनारायण) ले उनलाई मेरो नाती भएर फल पाउनु होला भनि दिनु भयो ॥१२६॥

अब्दान्तरे फाल्गुनिके नरेन्द्रश्छाङ्गा त्रितुङ्गं स-दुरङ्ग चुङ्गम् ।
हत्वा विपक्षान् युधि मानमूलं व्यजेष्ट चैत्रे च स मानपाङ्गम् ॥१२७॥

अर्को वर्ष (वि. सं० १८२६) को फाल्गुनमा ती पृथ्वीनारायणसाहले युद्धमा विपक्षीहरुलाई मारेर छाँग, तनहुँ, दुरुङ् चुङ् मानमूल र चैतमा मानपाङ् जित्नु भयो ॥१२७॥

किहूनमब्दे वसु-नेत्र-मेये क्रमेण देशान् गृहकूट-संज्ञम् ।
जग्राह वीरो भृगुकूट.संज्ञं स क्याग्मि-संज्ञं गरहं च पञ्चम् ॥१२८॥

वि. सं० १८२८ मा वीर पृथ्वीनारायणले क्रमशः किहु, गृम्हाकोट, मीरकोट, क्याङ्मी, गह्रौं पैयुं देश लिनु भयो ॥१२८॥

देशं चतुर्दण्डमथेतराब्दे रावां विशङ्खं क्रमशश्च दिङ्लाम् ।
स दुग्धकोशी-परतोऽरुणस्य देशानवारांस्तरसा व्यजेष्ट ॥१२९॥

अर्को वर्ष (वि. सं० १८२९) ती राजा पृथ्वीनारायणले वेगका साथ क्रमशः चौदण्डी, रावा, विशंखु, दिङ्ला, दुधकोशी पारीका अरुणवारका सबै देश जित्नु भयो ॥१२९॥

पारेऽरुणंश्चवगित-तिते ततोऽब्दे पुरे गृहीते विजयाऽभिधाने ।
प्रतापिना तेन भयार्दिलामं सुत्तेम.भूपः स्वयमुत्ससर्ज ॥१३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि ती प्रतापी पृथ्वीनारायणशाहले वि. सं० १८३१ मा बिजयपुर लिनु हुँदा सिक्किमका राजाले डरले इलामलाई आफै छोडी दिए ॥ १३० ॥

सुक्षेमराजः स्वयमेत्य धीमान् गोरक्ष.राजं समयाऽनुवर्षम् ।
गोरक्षराजाय करं प्रदातुं स्वीकृत्य गोरक्ष.वशं वदोऽभूत् ॥१३१॥

बुद्धिमान् सुखिमका राजा गोर्खाली राजा हुनी आफै आएर गोर्खाली राजालाई प्रतिवर्ष कर दिन स्वीकार गरी गोर्खाका अधीन वने ॥१३१॥

यतो वहत्यम्बुद.वृष्टमम्बु ततःस्वकीयोऽस्तु हिमालयाद्रिः ।
गोरक्षराजो मतिमान् नवीनं सन्धिं ववन्धेति च लासया सः ॥१३२॥

बुद्धिमान् गोर्खाली राजा पृथ्वीनारायणसाहले मेघले वर्षाएको पानी जता बग्दछ त्यता पट्टी हिमाल आफ्नो भन्ने लासा सित नयाँ सन्धि बाँधनु भयो ॥१३२॥

निर्वासयामास स आङ्ल.धर्म.प्रचारिणो हिन्दु.मताऽवलम्वी ।
हिमाल.खण्डादिति मन्युना ते मिथ्याऽलिखन् कीर्तिपुरेतिवृत्तम् १३३

हिन्दुमतावलम्वी पृथ्वीनारायणसाहले इसाई धर्म प्रचार गर्नेलाई हिमाल खण्ड वाट निकाल्नु भयो यै रिषले तिनीहरु (पादरी) ले कीर्तिपुरको विषयमा झूठो इतिहास लेखे ॥१३३॥

ततः परिस्पन्दित.पत्र.केतुः पुष्प्यत्सिताऽम्भोज.सिताऽतपत्रः ।
एकातपत्रं कुसुमाकरस्तं विडम्वयामास नृपं नवीनम् ॥१३४॥

त्यसपछि पत्ररूपी ध्वज फर्फर पारी फुलेको सेतो कमलरूपी श्वेतच्छत्र भएको वसन्त ऋतुले एकछत्र भएका ती नयाँ राजाको नक्कल गऱ्यो १३४

हिमाल.खण्डाऽखिल.हिन्दु.राजः सामन्त.भूपानिव तद्वसन्तः ।
निरस्य सद्यः शिशिर.प्रभावं शनैर्हिमानीं शिथिली.चकार ॥१३५॥

हिमाल खण्डका सवै हिन्दुहरुका राजाले सामन्त राजाहरुलाई झैं वसन्त ऋतुले शिशिर ऋतुको प्रभावलाई तुरुन्त हटाई सुस्त सुस्त हिउँ पगाल्न लाग्यो ॥१३५॥

स्व.पुष्प.मालाऽञ्चित.किंशुकानि वनानि रेजुर्नव.पल्लवानि ।
हिमाल.खण्डाऽखिल हिन्दुराजराज्याऽभिषेके हि यथा पुराणि १३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो फुलका मालाले शोभित पलाश भएका नयाँ पालुवा भएका वनहरु हिमाल खण्डका सम्पूर्ण हिन्दुहरुका राजाको अभिषेकमा नगर झैं शोभित भए ॥१३६॥

फल.प्रसूनाऽवनता बभूवु.र्गुञ्जद्द्विरेफाद्रुम.पङ्क्तयोऽपि ।
हिमालखण्डाधिपतेः पुरस्तात् सामन्त.भूपा व निवेदयन्तः ॥१३७॥

गुन् गुन् गर्ने भ्रमर भएका वृक्ष पङ्क्तिहरु हिमालय खण्डका राजाका अगाडी निवेदन गर्न लागेका सामन्त राजाहरु झैं फलफुलले झुके ॥ १३७ ॥

मधूनि रेजुर्द्रुम-लम्बितानि वनान्तरेभ्यो मधुपार्जितानि ।
हिमाल-खण्ड-क्षितिपाऽभिषेके कुंभा व तीर्थाऽऽहृत.वारि-पूर्णाः ॥१३८॥

वन अरु वाट भ्रमरले जम्मा गरेका रुखमा झुण्डिएका मौरीका काँदाहरु हिमाल खन्डका राजाको अभिषेकमा तीर्थवाट ल्याइएका जलले भरिएका कुम्भ झैं शोभित भये ॥१३८॥

पिकाश्चुकूजु द्रुम-गुल्मिनीषु कलं मयूरा अपि शाद्वलेषु ।
हिमालखण्डाखिलहिन्दुराजं यशस्विनं स्तुत्यमिव स्तुवन्तः ॥१३६॥

कीर्ति चलेका स्तुति गर्न योग्य हिमाल खण्डका सम्पूर्ण हिन्दुहरुका राजालाइ स्तुति गरे झैं वृक्ष एवम् झाङमा कोइलीहरु र हरिया घाँस भएका ठाउँमा मयूरहरु वास्न लागे ॥१३६॥

इति वसन्त.विलास.समागमे भुज.वलाऽर्जित.भू.वल.वैभवः ।
निरमिमीत वसन्तपुराऽभिधं स भवनं भव.नन्दन.विक्रमः ॥१४०॥

यस प्रकार वसन्त शोभा भएको समयमा बाहुवलले पृथ्वीतलको वैभव आर्जन गरेका स्वामिकार्तिकको जस्तो पराक्रम भएका पृथ्वीनारायणसाहले वसन्तपुर राजभवन वनाउनु भयो ॥१४०॥

अथ दिशो जितवानवनी.पतिर्गुणि.गुणान् गणयन् गणितावग्रणः ।
विजय.दा हि भटा इति वर्णयन् न निजगौ निज.गौरवमुत्स्मयः १४१

यस पछि दिग्विजय गरेका गण्यमान्यहरुमा श्रेष्ठ राजाले गुणीका गुण को आदर गर्दै विजय दिने सैनिक हुन् भनि वर्णन गर्दै अहङ्कार नभएका हुनाले आफ्नो गौरव वताउनु भएन ॥१४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युधि कृपा.कृपणं रवि.सन्निभं नृप.कृपाणमहो असहिष्णवः ।
नृप.कुलाऽऽभरणं शरणं ययुस्तदरयो दर.योध.पराङ्मुखाः ॥१४२॥

युद्धमा दयागर्न कृपण भएको सूर्यको जस्तो (चहकिलो) राजा को तर्वार सहन न सकी डरले युद्ध छोडी वहाँका शत्रुहरु राजाहरुका भूषण पृथ्वीनारायणको शरण परे ॥१४२॥

अपि नदीनतरे रिपु.सुन्दरी.नयन.वा.रय.भीति.नृपे भुवः ।
रय.रजः कृत. सेतव आर्जितुं तदनुजा दनुजाऽरि.बला ययुः ॥१४३॥

समुद्र तर्न सक्ने साहसी भएता पनि शत्रुका दुलाहीका आँखाका आँसुको भेलवाट डरा उँदा विष्णु को जस्तो बल भएका वहाँका भाईहरु रथले उडाएका धुलाले पुल बाँधी पृथ्वीको विजय गर्न जानु भयो १४३

अपि धनुःघ्वनमत्सु स-भीतिषु निखिल.भू.तल.भूमिभुजां परम् ।
निज-समुन्नति.वृद्धिमभीप्स्वपि न न मनो नमनोत्कमदः पदे ॥१४४॥

अखिल भूमण्डलका राजाका धनुहरु डराएका हुनाले झुकेनन्तापनि आफ्नो उन्नति चाहने मन वहाँ का पाउँमा झुके ॥१४४॥

त्रिभुवनं शरदिन्दु.मरीचिना विहितवानपि दुर्जन.कोपनात् ।
स धवलं यशसाऽनवशेषित.जन.विपल्लव.पल्लव.वर्णवान् ॥१४५॥

दुष्ट सङ्ग रिषाई जनताको दुःख हटाई दिने पालुवाको जस्तो (रातो) वर्ण भएका भएता पनि शरत्कालिक चन्द्रमाको जस्तो कान्ति भएका कीर्तिले तीन लोकलाई सेतो गराउनु भयो ॥१४५॥

पठन.पाठन. जन्य.परिश्रम मविदताऽपि विवेकवता सता ।
नव.नयं श्रयताऽपि पुरातनी मतिमताऽतिमता सरणिः सताम् १४६

पढ्नु पढाउनुवाट हुने परिश्रम जान्नु भएको थिएनता पनि विवेक-शाली हुनाले नयाँ नीतिको आश्रय गर्न भएता पनि बुद्धिमान् वहाँले अघी देखि चलि आएको सज्जनहरुको पद्धतिलाई अतिशय मान्नु हुन्थ्यो ॥१४६॥

अवति राजनि धर्म.पुरःसरं कवलिताऽखिल. भूमि.पति.श्रियि ।
अनुबभूव तदेति.भवं भयं न वसुधा यसु.धान्य.विलासिनी ॥१४७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सारा भूमण्डलको ऐश्वर्य आर्जन गर्नु भएका राजाले धर्मपूर्वक पालन गर्नु हुँदा धनधान्यले शोभित पृथ्वीले अतिवृष्टि, अनावृष्टि आदिको अनुभव गरिनन् ॥१४७॥

मृदु.करेऽपि भुजाऽर्जित.सम्पदि सुजन.शान्ति.द.दुर्जन.तापिनि ।
स.शशि.सूर्य.निभे.नृपतौ जनै र्न हि मता हिम.ताप.विरोधिता ।१४८।

बाहुबलले ऐश्वर्य अर्जन गरेका तीरो कम गरी दिनु भएका, सज्जन हरुलाई शान्ति दुर्जनलाई सन्ताप दिने चन्द्र सूर्यको जस्तो प्रताप भएका राजामा जनहरुले चीसो र ताताको विरोध अनुभव गरेनन् ॥४८॥

सति बभूव तदाऽधिमती भिदा मनवलोकयति क्षिति.पेऽवति ।
जित.कुलाऽऽगत.देश.निवासिनी न जनता जन.ताप.निवारिणि १४६

भेदभाव नगर्ने जनताको दुःख हटाई दिने राजाले रक्षा गर्दा जितीएका देशर कुल परम्परा बाट प्राप्त देशका जनताका मनमा केही सन्ताप थिएन ।१४६॥

कदाचित् कस्मिश्चिज्जित.निखिल.देशं यति.वरे
गवाक्ष.स्थं भूपं "किमु निज.पणो विस्मृत" इति ।
भणित्वाऽन्तर्भूते समवहित.चेताः स्मृत.पणः
भुवं धैवुङ्गीयां समक्लृपदसौ भू.पति.मणिः ॥१५०॥

सम्पूर्ण देश जितेका आँखे भ्यालमा वसेका राजालाई कुनै समयमा कुनै योगीले आफ्नो प्रतिज्ञा विर्स्यौ कि के हो भनि अदृश्य भएर एकाग्र मन गराई प्रतिज्ञा संझेका राजाहरुका मणि पृथ्वीनारायणसाहले धैवुङ् को भूमिलाई सङ्कल्प गर्नु भयो ॥१५०॥

गोरक्षसाहवंशाख्ये काव्येऽस्मिन् हरि.निर्मिते ।
पूर्णो दशम.सर्गोऽभूत् पृथ्वी.दिग्विजयात्मकः ॥१५१॥

हरिप्रसादशर्मा आचार्यले वनाएको यस गोरक्षसाहवंश महाकाव्यमा पृथ्वीनारायणसाहको दिग्विजय भएको दशम सर्ग पूर्ण भयो ॥१५१॥

—***—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिव्योपदेशः

अथाऽवसाने नवकूट—दुर्गं गतो नयज्ञोऽनुभवी सभायाम् ॥
महीपतिः श्रीसुरथादि—वृद्ध—पक्वेषु सभ्येषु वसत्सु धीमान् ॥

॥ १ ॥

स सार—गर्भां समुवाच वाचं दिव्योपदेशं यमुदीरयन्ति ॥
प्रस्तूयते देवगिरा कृतस्तच्छायाऽनुवादो विदुषां पुरस्तात् ॥

॥ २ ॥

वृद्धा म्रियन्ते सरतीह भाषा लोके तदुक्तेति जना भणन्ति ॥
छेके समेषां मयि वो निशाम्य प्रयाति, यूयञ्च निशामयेत ॥

॥ ३ ॥

अौष्माक—वंश्यैरपि युष्मदीया आस्माकवंश्यैश्च निशामयेयुः ॥
एवञ्च संस्थाप्य हि राज्यमेतद् भोक्तुं समर्थाः स्युरतो भणामि ॥

॥ ४ ॥

तिस्रोऽस्मदीया अभवञ्जनन्यस्ताभ्योऽवतारा अथ पाण्डवानाम्– ॥
अभूम, माकन्दपुरे मदीयो विवाह आसीत् प्रहिता न दोला ॥

॥ ५ ॥

तामानयामाऽपि विलोक्य देशं नेपालमायाम हृदा भणित्वा ॥
गत्वा च माकन्दपुरीमुपेत्य पणेन दिग्बन्धनमस्म्यवोचम् ॥

॥ ६ ॥

लक्ष्मीप्रसादं गजमेक-दन्तं ददासि चेत्त्वं नव-लक्ष-हारम् ॥
दोलां नयेमेतरथा नयेम वि-कोश-खड्गस्य बलादपीति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ बडा महाराजा पृथ्वीनारायणसाहदेव
दिव्यउपदेश
(पृथ्वीको प्रति)

स्वस्ति श्रीगणेशाय नमः ॥ ॥ श्रीकालिका सहाः ॥ ॥ श्री ३ सिव गोरषनाथ सहाः ॥ ॥ श्री ५ प्रिथिनारायण सहाः ॥ ॥ श्री श्री श्री ५ बुढा. महाराजाले तिन सहर. नेपाल र. हिंदुपतिको राज लिया पछि. पछिल्ला पटक् . नुहाकोटमा. पाउ लाग्नु भयामा. गुरु प्रोहित. थर. घर. भैयाद. भारादार. र. आपना ददा. सुरथिसि. राना. सबै का. बुढा पाका छेउ. हुकुम भया का कुरा.

बुढा मरे. भाषा सरे. भनि भन्छन्. तिमि हरु सबै छेउ सुनाइ गयाको भया. तम्रा सन्तानलाई. सुनाउला र. तम्रा सन्तानले. हाम्रा सन्तान. लाई सुनाउनं र. यो राजे थामि षानन्ः ॥

उप्रान्तः ॥ हाम्रा. मुमा हरु. तिन हुन् . हामि तिन षोपि का. पाच पांडवा को अवतार भयाका थिञु. मेरो विवाहा. मकुवानपुर मा भयाको थियो. डोला सुम्पेको थियन र. डोला पनि लैयाउ. नेपाल पनि देखि आउ भनि मकुवान्पुर गञु र. पुग्य. पछिः दिकवन्दसेन लाई यवटा कुराको. करेउलि. लियेर. भने एकदन्ता हाति.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ७ ॥

उक्त्वेति हुङ्कृत्य च हिण्डमानान् नेपाल-राजा यदि चिन्तयियुः ॥
गृह्णीयुरस्मानिति" वीक्षमाणाः वंशाऽऽतपत्रेण कृताऽवगुण्ठाः-॥

॥ ८ ॥

ईरावती-तीर-पथेन सद्यश्चन्द्राचलं प्राप्य विरम्य किञ्चित् ॥
भानुः कुलानन्द उभौ विधि-ज्ञा-वासँस्तथाऽन्येऽपि घर-स्थलीयाः ॥

॥ ९ ॥

नेपाल-देशः कतमोऽस्ति ते मया प्रतिब्रुवन्तश्च तदेति शोधिताः ॥
अदीदृशन् भक्तपुरं च पट्टनं त्यदेतदेतत् किल काष्ठमण्डपम् ॥

॥ १० ॥

पुर-त्रयस्याऽस्य नृपो भवेयं मनोरथः स्यात् स-फलो ममेति ॥
भावे ततो जाग्रति मानसे मे ज्योतिर्विदौ माऽभणतां तदा तौ ॥

॥ ११ ॥

पूर्णो महाराज ! तवाऽभिलाषो हृत्कल्पितः स्यादिति, विस्मितेन-॥
प्रश्ने कृते "मानस-गोचरं मे कथं विदित्वेदृगभाण्यथेति" ॥

॥ १२ ॥

नेपाल-देशे नयने प्रयुक्ते यदा तदा श्मश्रुषु दक्ष-हस्ते ॥
दत्ते बुभूषा हृदयेऽधिपस्य नेपाल-भूमेः किमजागरीत्ते ॥

॥ १३ ॥

मत्वेति विज्ञापितमार्य-वर्ये तयोरिति प्रोक्तवतोरिदं स्यात्-॥
पूर्णं मयीत्युक्तवति, द्विजौ तौ ज्योतिर्विदौ माऽभणतामथेति-॥

॥ १४ ॥

"गो-ब्राह्मणान् यत्यतिथींश्च देवानतीव संमानितवानसि त्वम् ॥
त्राणी-वरो नश्च करेऽस्ति, वश्यं नेपाल-राज्यं भवितैव तेऽतः" ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र. नवलाषि हिराको हार. दिन्छौ भने. डोला पनि लै जाला. दिन्नं भन्या. काढि तरवार सित पनि लै जाला भनि. हाक पारि. नेपाले. राजाले चिन्नन् र. पक्रनन्. भनि स्याषु वढि. रापतिका तिरै तिर. भानु जैसि. कुलानन्द जैसि. अरु. थर. घर. पनि साथै मा थिया. चन्द्रागिरि. मा आइ पुग्या पछि. नेपाल कुन्हो भनि सुध्याजा र. त्यो भादगाउ हो. त्यो पाटन् हो. त्यो काठमाडौ हो. भनि देषा (या) र. मेरो मनमा. यि. तिनै सहर को. राजा हुन. पाया ता. हुदो हो. भन्ने यस्तो. मन मा परि रहेथ्यो. उस्तै वेला मा. उ दुवै जैसि ले भने. हजुरको मनकान्छ्या अविलाष्. पुग्ला. महाराजा भन्या र. मलाई आसर्जे लाग्यो र मेरा. पेटका. कुरा कसो गरि जानेउ र. त्यस्व भनेउ र. भनि मैले भन्दा. जसै नेपाल मा नजर. दिनु भये थ्यी. उसै वेला. मोचमा वाहुलि. दिदा मनमा नेपाल को राजा. हुन पाया ता. हुदो हो, भन्या जस्तो परे छ. भनि. विन्ति हजुर मा. गन्या कै हो. भने र यो कुरा पुग्ला भनि मैले भन्दा. हजूर ले. गौ ब्रह्मान. अतित फकीर. देउ देवता को मानिता. बहुतै. राष्नु भया को छ, हाम्रा. हात. मा पनि. सरसोति को. वर्दान छ. हजुरलाई नेपाल को राज. वस्य हुनै छ. भने र. थांकोट् को. ठुलो भन्ज्यान् काटि. रात. दिन. गरि कल्ल्हारि घाट. तरि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ १५ ॥

स्थूलं च भञ्ज्याङ्गमथाऽतिगत्य द्राक् स्थानकूटस्य दिनेन रात्र्या ॥
उत्तीर्य कल्यार्यभिधान-घट्टमुल्लङ्घ्य देशं पथि धादिङाख्यम् ॥

॥ १६ ॥

लिग्लिङ्गमाधृत्य मदीय-वीराश्चम्पावतीथां परिखां विधाय ॥
सन्ति त्रयो ज्यौतिषिनौ ! नु तेभ्यो वोल्लार्थ-पत्रं लिखतं मयेति–॥

॥ १७ ॥

उक्तेऽभिधानानि भवन्ति कानि ? तेषामिति ज्यौतिषिकाऽनुयुक्तौ ॥
वस्न्यायितः श्रीरणजिद् भटाग्रचः श्रीमानसिंहाऽभिध-रोधकश्च ॥

॥ १८ ॥

श्रीवीरभद्राऽभिध-पाठकश्च जानीतमेवं किल भाषमाणः ॥
मैथि समायात दिनैर्निशाभिर्विलेख्य तत् प्राहिणवञ्च पत्रम् ॥

॥ १९ ॥

आयात्सु तेष्वस्मि रहस्यवोचं हुङ्कृत्य दिग्बन्धनसेतसायाम् ॥
विलोक्य नेपालमथाऽभियातुं विचार्य चाऽहं समुपाऽऽगतोऽस्मि ॥

॥ २० ॥

कि ब्रूथ यूयं भणिते मयेति स्थाने महाराज ! किलाऽभियाहि ॥
इति स्वकीयाऽनुमतिं ददत्सु तेष्वब्रवं तानहमप्यथेति ॥

॥ २१ ॥

"भङ्क्तुं परच्छत्रमहं व्रजामि यदा तदानीं यदि कश्चिदन्यः ॥
मच्छत्र-भङ्गं च विधातुमेयात् कीदृग् भवे" दित्यथ तेऽभणन् माम्–॥

॥ २२ ॥

"ये हाउ हाउ-स्वनतो द्विपेन्द्रं काङ्क्षन्ति सन्त्रासयितुं त्वदीयाः ॥
द्वाविंशति-क्षोणि-भुजो विपक्षास्तथा चतुर्विंशति-भूमि-पालाः–॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घादिन्. उक्लेउ र. चेप्या को. षात्रा लिग्लीग्को आड गरि. राषे का मेरा तिन. विर छन्. तिन लाई वोलाहाट. को रुका लषन जैसि भन्दा. तिन को नाउ के के हो. भनि सुध्याया र. रणजित् वस्न्यात्. मार्नासिं रोकाहा. विरभद्र पाठक्. मैधि मा रात. दिन. गरि आई पुक. भनि लेषी पठाञा र. आइ पुगे र. तिन छेउ यकान्त. गऱ्या. भने दिकवन्दसेन सित. हाक दि. आञा. नेपाल पनि देषि आञां. हाम्रा को. मनसुवा पनि राषी आञां. तिमि हरु क्या भन्छौ. भनि. मैल भन्दा. हान्नु हवस्. महाराजा. भने र. सल्लाह दिया र. मैले भने म जसै. आर्का को छत्रभङ्ग. गर्न म जांछु. मेरो छत्रभङ्ग. गर्न अर्को आयो भन्या. कसो होला. भनि. मैले. भन्दा. हजूर का. हाति. हउवा ई. वाईस्. चौविसि. आयो भन्या. चेप्या मा. रगत को. नदि वहाउला. माहाराजा. भन्या र. यकान्त वाट. उठि गोर्षा. गयउ र. पुगे पछि. मामा ज्यू. पनि. निलकण्ठ. पसुपति को दर्सन. लाई. देउघाट को. वाटो गरि. जानु भया को रहे छ. निलकण्ठ. पसुपति को. दर्सन भया. पछि. श्रीगोरषनाथ को दर्सन लाई. गोर्षा मा आउनु भयो र. दर्सन भया पछि. म सित भेट भयो र. मैले भन्या. मामा ज्यू. मकुवानपुर. पनि. पुगि आञा नेपाल पनि देषि आञा. हाम्रा को. मनसुवा पनि. राषि आञां. कति. कुरा ले. मेरो काज. फत्ये होला. आर्ति वक्सनु भया हुदो हो. भनि मैले भन्दा. मलाई पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ २३ ॥

एयुर्महाराज! कथं कदाचित् किलाऽधि-चम्पावति वाहयेम ॥
असृङ्-नदीं तंत्र" रहस्य-देशात् प्राप्ताश्च गोरक्षक-राजधानीम् ॥

॥ २४ ॥

श्रीनीलकण्ठं च पतिं पशूनां द्रष्टुं तदाऽऽर्यो मम मातुलोऽपि ॥
बभूव यातः खलु देव-घट्ट-वाटेन, दृष्ट्वा ननु तौ स देवौ ॥

॥ २५ ॥

गरक्षनाथं च ततो दिदृक्षुर्गोरक्ष-धानीं समुपेत्य देवम् ॥
गोरक्षनाथं स शिवं ददर्श मयाऽथ सङ्गोऽभवदेतदीयः ॥

॥ २६ ॥

अहं हि माकन्दपुरीमुपेत्य नेपालमालोक्य तथाऽभियातुम् ॥
इष्ट्वा समायां कथमार्य ? कार्यं सिध्येन्मदीयं दिश मातुलेति ॥

॥ २७ ॥

मयोदिते सोऽप्यथ मामभाणीत् सङ्केत आसीन्मम पञ्च-रात्रे ॥
अस्मासु पश्यत्सु च पाण्डवानामंशाऽवतारा इव भाथ यूयम् ॥

॥ २८ ॥

विना कुरुक्षेत्र-विधिं स्फुटेन्न नेपाल-देशः खलु सोऽस्ति भेकः ॥
तार्क्ष्यस्तथा लम्बयुगाऽभिधानो गोरक्ष-देशश्च भुजङ्गमोऽस्ति ॥

॥ २९ ॥

पूर्वं गरुत्मन्नयने प्रतार्ये प्राप्नोति भोक्तुं भुजगोऽथ भेकम् ॥
श्रुत्वेत्यपृच्छं तमथाऽस्मि "सन्ति पार्श्वे चतुर्जात-भटा मदीये-॥

॥ ३० ॥

कस्यैषु यानस्य विधानतो द्राक् सिध्येत कर्मे" "ति स मामपृच्छत्-॥
किं-जातिका आसत" इत्यवोचं-द्विजाः खशा मङ्गर-ठक्कुराश्च ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पंचरात्री मा. द्रिष्टान्त भयो. हामि ले देषता. पाच. पाण्डुवा को अवतार. भया जस्तो लाग्द छ. कुरुक्षेत्र को मेला न भै. नेपाल फुटने छैन. लमजुन्. भन्या को गरुड हो. गोर्षा भन्या को. सरप हो. नेपाल भन्या को. भ्यागुतो हो. अघी. गरुड को. आषा छलनु. तव सर्पले. भ्यागुतो षान पाउछ. मेरा साथमा. चार जात का सिपाहि छन्. इन्मा. कस्को सवार. गन्या चाडो काज. फत्य होला. भनि सोद्धा. के के जात छन्. भनि सोधनु भयो र. वाहुन्. षस. मगर. ठकुरि. इन मा. कस्को सवार. गन्या चाडो काज फत्य होला. भनि सोद्धा. वाहुन्. को सवार भन्या को. वयेल हो. पातक् लाग्छ. ठकुरि को सवार. भन्या को सघ हो. पछाडि. दगा हुन्छ. मग्र को सवार. भन्या को. टांगन घोडा हो. ढिलो हुन्छ. षस को सवार. भन्या को ताजि. तुर्कि घोडा हो. षस को. सवार. गन्या. चाडो होला. भन्या जस्तो लाग्छ. भनि. अरु ढेरै कुरा को. अर्ति. दि जानु भयो थ्यो. उनै अर्ति. लिआ र. लमजु ग्या. राजा. रिपुमर्दनसाह. सित. भेट गर्न भनि गया र. चेपे घाट मा. भेट भयो र. घाहा. घरेस् का. वात गर्दा. जौना कुरा ले. घाहा. वाधुला. भन्ने. जढ कुरो. मेरा पेट मा थियो. सोहि जढ. कुरो. कालुपाडे ले. गन्यो र. घाहा. वलियो वस्यो र. मलाई आसर्जे लाग्यो र. तर. मलाई. ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ३१ ॥

कस्यैषु यानस्य कृतेस्तु चण्डं सिध्येत कार्यं मयि पृच्छतीति ॥
वृषोऽस्ति वै ब्राह्मण-यानमंहो लगत्यथो ठक्कुर-वाहनन्तु ॥

॥ ३२ ॥

सिंहोऽस्ति पश्चाद् भवतीह घातः स मङ्गरष्टङ्कन-घोट-यानम् ॥
शनैर्भवत्यस्ति कुलीन-घोटः खशाऽऽख्य-यानं त्वरितं ततः स्यात् ॥

॥ ३३ ॥

भातीत्युदीर्येत्यपराननल्पान् दत्त्वोपदेशान् गतवानभूत् सः ॥
आदाय ताल्लँम्बयुगाऽधिपेन सञ्जाय यातो रिपुमर्दनेन ॥

॥ ३४ ॥

चम्पीय-घट्टे मम सङ्गसोऽभूत् कृतासु वार्तासु गृहस्य सन्धेः ॥
बध्नीय सन्धि कुरया ययाहमित्यन्तरासीन्मम मूलनीतिः ॥

॥ ३५ ॥

तां कालुपाण्डेरकरोत्ततोऽभूत् सन्धिर्बलीयाँश्चकितोऽहमासम् ॥
अतूतुषन्मां तु जनाः प्रसन्ना यतोऽर्पयेत् कार्यिपदं तु तस्मै ॥

॥ ३६ ॥

इत्यस्ति शास्त्र कथितं प्रजासु वीक्षामहा इत्यवलोच्यमानेन ॥
इच्छा प्रजानामपि कालुपाण्डेरभूदतः संमतिमित्यदुस्ताः ॥

॥ ३७ ॥

पदे प्रदत्ते सति कालुपाण्डेः प्राज्ञस्य कार्यीति, भवेत् प्रजासु-॥
छायेत्यथाऽऽहुः किमु विंशतीया इतीक्ष्यमाणे रुचिरस्य तेभ्यः ॥

॥ ३८ ॥

सन्धिं दृढं स्थापयितैव कालुपाण्डेर्भवन्त्यां किल कार्यितायाम् ॥
गृहप्रबन्धादि च विंशतीया अपि स्वकीयं मतमित्यदुस्तत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रिझायो. दुनिञा जस् देषी. राजि रहन्छन्. उसै लाई. काजाई दिनु. भन्ने. सास्त्र मा पनि कहे को छ. दुनिया मां. बुझि हेरुं. भनि. बुझि हेर्दा. दुनिञां. बाट पनि. कालु पाडे को चाहा रहे छ र कालु पाडे लाई. कजाई दिनु भया. हामी. दुनिञा. दार मा. छाहारि रहदो हो भंन्या. सल्लाहा दिया र, अव. वाइसि. चौविसि. ले क्या भन्छन् भनि. बुझनु. हुदा. वाईसि. चौविसि. वाट. पनि. कालुपाडे कै. चाहा रहे छ र. कालुपाडे लाई. कजाञि भया. घाहा. घराईस्. वलियो राषन्यै छ. भन्ने. सल्लाह दिया. मेरा मन मा ता. विराज वषेति. लाई. कजाइ. दिन आटे को थियो. तर. ज्याधा. बुद्धी. कालुपाडे के ठह्ऱ्यो र. कालुपाडे लाई कजाञि. भया को हो. अव. पाडे. वस्न्यात्. को जुग वाधि दिछु. तेरि. छोरि. सिवराम वस्न्यात्. कौं छोरो. केहेंसिह. वस्न्यात् लाई. देउ. भनि. मागि विहे पनि गरि दिञा र. पाडे. वस्न्यात्. को जुग. वांधि. पाडे को. ढाल. वस्न्यात् को. तरवार गरि. नेपाल मा चढाइ गऱ्या को हो ॥

उप्रान्त ॥ रणजित वस्न्यात्. मानसिंह रोकाहा. वीरथद्र. पाठक्. इन लाई. गौटान्को. विराई. लिग्लीग. को. आड मा. राषि म पनि. सल्ल्यान् कोट. की देवी. साछ्यात. छन. भनि. भन्छन. म पनि. सायेत गरि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ३९ ॥

इच्छा मदीया वितरीतुमासीद् विराजनाम्ने तु वखेतिनेऽन्तः ॥
तां, कालुपाण्डेरधिका मता धीः कार्यित्वमस्मादभवत्तदीयम् ॥

॥ ४० ॥

बध्नामि सम्बन्धमथाऽस्मि पाण्डे-वस्न्यायितानामिति केहराय ।
सुतां त्वदीयां शिवरामसिंह-वस्न्यायितस्याऽऽत्म-भवाय देहि ॥

॥ ४१ ॥

उक्त्वेति याचँस्तनुजां, विवाहं सम्पाद्य, बद्ध्वेति तदीय-युग्मम् ॥
वस्न्यातखङ्गं परिकल्प्य पाण्डे-खेटं च नेपालमभिप्रयातः ॥

॥ ४२ ॥

वस्न्यायितः श्रीरणजिद् भटाग्र्यः श्रीमानसिंहः प्रतिरोधकश्च ।
श्रीवीरभद्राभिध पाठको ये लिग्लिङ्गदुर्गाङ्क-गवाटनेषु ॥

॥ ४३ ॥

गोरक्ष-रक्षार्थममून् निधाय साक्षाद् हि शल्यायन-कूटदेवी ॥
अस्तीति लोकाः समुदीरयन्ति. गच्छाम्यहं स्वस्त्ययनं विधाय ॥

॥ ४४ ॥

एवं भणित्वाऽथ पिदाप्य चाऽहं मयासिषं स्वस्त्ययनं विधाय ॥
वाट्यां स्थलप्वं रचयन् स्थलीयान् शल्यायनीयानमरान् वराहान्–॥

॥ ४५ ॥

द्रष्टुं किमम्बां भवतीत्यपृच्छं, संबोभवीत्यर्चक-कर्म-कृद्भ्यः ॥
अन्त, यथाऽऽज्ञं नृपते ! ब्रुवत्सु द्वारे त्वपि स्विद् भवतीत्यपृच्छम् ॥

॥ ४६ ॥

भवत्यधि-द्वास्त्विवति भाषिते तैः प्रातः प्रतीहारमुपेत्य सायम्–॥
पाठं सपर्यां जप-दर्शने च कुर्वन्नभूवं विधिना तदानीम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छु भनि बिदा. गराया र सायेत गरि. म पनि गऊं. र. वारि मा. थपुं पऱ्यों. र. सल्ल्यानी को. थर. घर. वराहा. उमराउ. हरु सित सुधाजा. माइ को दर्सन् गर्नु. हुन्छ की भन्दा. भित्र दर्सण. पुजाहारि. टहलुवा लाई मात्रै भित्र दर्सन गर्नु हुन्छ. जो हुकुम्. भन्या र. ढोका मा ता हुन्छ कि. भन्दा. ढोका मा ता हुन्छ. भन्या र. साफ. विह्यान. ढोका सम्म, जाई. पाठ. पुजा. जप्. दर्सन्. गर्थ्यां र. यक दिन का. रात मा. सोपना भयो र दुइ हात मा. दुइ. षड्ग. लिया कि. सात आठ वर्ष की कन्या. कुसुमे. पछिउरा. को, घुंगुटि. पारि. म छेउ आइन् र. मैले सोध्याजां. तिमि कसकि छोरी हौ. भनि मैले भन्दा. पुजाहारि राना कि छोरी हुं. भनिन् र उ दुवै. षड्ग. मेरा. हात मा दिन र. आरसि प्रमानि को. लाल टल्वल्. गर्थ्यो. षोकीला. वाट भिकी. मेरा मुष. सम्म. मा ल्याई. यो पनि निल भनिन्. र. तम्रो. मन कान्छ्या. पुऱ्याई. दिया को छ. म पनि केहि मांग्छु. थपि जाउ भनि. जसै. दुई. पाईला. गै थिन्. उसै बेला मा. म पनि विमुज्यौ र. भानु जैसि. कुलानन्द जैसि. पुझाहारि. राना लाइ डाक्या र सुध्याजा. जैसि ले पनि. पुझाहारि ले पनि. ति माई हुन्. दर्सन पाउनु भय छ. भने र. उसै वेला मा. धुप दिप. पुजा नैवेद्य. नित्य पुजा लाई. सात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ४७ ॥

कौसुम्भ-वस्त्रेण-कृतावगुण्ठा गृहीत-खड्ग-द्वय-हस्त-युग्मा ॥
सप्ताष्ट-वर्षा स्वपने निशायां कन्याऽऽगमन्मामक-संनिधाने ॥

॥ ४८ ॥

त्वं कस्य पुत्री मयकेति पृष्टा मयि ब्रुवाणे सति पूजकस्य ॥
रानोपनाम्नोऽस्मि सुतेत्युदीर्य खड्गावुभौ तौ भुजयोर्ममाऽदात् ॥

॥ ४९ ॥

आदर्शमात्रं स-चमत्क्रियाकं माणिक्यमासीन्निज-कुक्षितस्तत् ॥
निष्कास्य यावद्वदनं मदीयमानीय चेदं निगिलेत्युदित्वा ॥

॥ ५० ॥

मनोऽभिलाषस्तव पूरितोऽस्ति त्वं स्थापयित्वाऽधिकमत्र याहि ।
याचेऽप्यहं किञ्चिदितीरयन्ती पदे यदेताऽस्मि तदाविबुद्धः ॥

॥ ५१ ॥

आहूय दैवज्ञमपृच्छमस्मि भाग्नुं कुलानन्दमुताऽर्चकञ्च ॥
रानामथोते ननु सास्ति माता प्रापद् भवान् दर्शनमित्यवोचन् ॥

॥ ५२ ॥

नैवेद्यमिष्टं-ध्वज-धूप-दीपान् समर्पयन्. मातृ-सनातनार्चाम् ।
विधाय, संस्थाप्य पुनश्च देव्यै वाह-द्विषोऽजानपि सप्त सप्त ॥

॥ ५३ ॥

सङ्कल्प्य मात्रे वरलङ्घ्य-संज्ञ-घट्टातरं तं समया च घट्टम् ॥
स्तारं वितीर्याऽपिं ततः प्रदेशाददोघटी-स्वस्त्ययनं विधाय ॥

॥ ५४ ॥

सरीस्रदागत्य दिनेन रात्र्या निर्विश्रमं शाल्मलि-चत्वरेऽहम् ॥
स्थलप्वमाहार्यं तदीय-वेद्यां सार्थैः स्वकीयैरवसं सतर्कः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रागगा सातै वोका थपि वोलीं घाट को आम्दानो र घाटै छेउ को टार माई लाई संकल्प गरि दिञा र उसै घरि को सायत गरि. रात दिन गरि सरासरी आया र सिम-ल्चौर चौतारा मा थपुं हालि वस्या को थीञा दावा भन्या नुहाकोट् को. वहना भन्या षिच्यात् को कुलो काटि षेत विराउना को गरि राष्या थ्या वेत्रावति का वेनि इन्द्रायेनि का थान मा डुंगा तरि जप पाठ लाइ जथ्या ध्यान भन्या सल्ल्यान् कोट् की देवी को र इन्द्रायनि भैरवी को गर्थ्या महामण्डल भने को नुहाकोट को सवता रहेछ महामण्डल मा ग्यामि राना थीयो तँ हाम्रा भर को ग्यामि होस् महामंण्डल छोडि दे म छेउ आईज भनी पठाञा र हुना ता म हजुरै को हुं तर जयप्रगासमल्ल को नुन् षाई हाल्या भरि मेटन्या छु भनि हाक पारि पठायो र येक दिन कचहरि मा वस्या को थिञां वान्रा लागे छ र तान्रै मा ता इन्द्रायनि का थान मा वस्या को रहे छुं आज का साता दिन मा ठूलो सायेत छ तेसै दिन को सायत ले नुहाकोट साध्ये हुन्या छ भन्या को सुन्या र पात्र हेरन जैसी भन्या र पात्रो हेऱ्या र आज का साता दिन विहाउदो सनिश्चर वार ठूलो सायत रहेछ भनि विन्ति गऱ्या र उहि सायत मा महामण्डल मा उक्लेउ र तरवार पऱ्यो र हाम्रा नुन का सेष ले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ५५ ॥

आसीत्तु लक्ष्यं नवकूटकस्य खञ्चेत-कुल्यामिह काटयित्वा ॥
तत्खेट-वीराय-मिषं तु कुर्वन्नासं, हि वेण्यामपि वेत्रवत्याः ॥

॥ ५६ ॥

इन्द्रावती-मन्दिरमाप्त आसं जपाय पाठाय तरंस्तरण्या ॥
ध्यानं तु शल्यायनकूट-देव्या व्यथां च तस्या अपि भैरवीयम् ॥

॥ ५७ ॥

कूटो महामण्डल-नामधेयः सपत्न आसीन्नकूटकस्य ॥
सेनाधिपस्तत्र जयन्तरानाग्यामी महामण्डलमध्यतिष्ठत् ॥

॥ ५८ ॥

ग्यामिस्त्वमस्माकमसि प्रतीतो जहीहि तन्मण्डलमेहि मेऽन्ते ॥
सन्देश-वाक्ये प्रहिते मयेति, यद्यप्यहं वै भवतोऽस्मि तत्र ॥

॥ ५९ ॥

परन्त्वभुञ्ज्येव जयप्रकाशमल्लस्य राज्ञो लवणं तदर्थम् ॥
प्राण-स्पृहामप्यपहाय यत्नं कर्तास्मि तद्, हुङ्कृतिमानभाणीत् ॥

॥ ६० ॥

अथैकदाऽऽसं स्थितवान् सभायां तन्द्रालगन्मामधितन्द्रमेव ॥
इन्द्रावती-स्थानमधिष्ठितोऽहमश्रौषमेवं भणितं तदानीम्- ॥

॥ ६१ ॥

अद्याऽवधेः सप्तम-वासरस्य विहान आस्ते सुमहान् मुहूर्तः ।
तद्वासर-स्वस्त्ययनेन-देशो भवेत् सुसाधो नवकूट-नामा ॥

॥ ६२ ॥

ज्योतिर्विदः! पश्यत पात्रमेवमभाणिषं पात्रमवेक्षमाणाः ॥
शनेरितः सप्तम-वासरस्य विहान आस्ते सुमहान्मुहूर्तः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झुकाई दिने पन्थ, वाह्रै वर्षमा. मेरा भाई. दलमर्दन्साह. ले जेठी तरवार. राना को थापला मा हाल्यो र नुहाकोट. साधें गरि वढाई. गरेउ र. ककनि. सिवपुरी. मा ठाना हालि. मुर्चा लाई राषथ्यउ. मलाइ. प्रसुराम. थापा ले. नेपाल. हान्न आउ भनि हात दिई राष्या थ्यो. आफ्ना भाई लाई लाष विषि. पुऱ्याउनु. वाईसि. चौयिसी. उठाई पछाडि हान्नु. भनि पठाय छ र. मैले थाहा. पाला र. काहा पुक्या को छ. भनि सुष्याला र. पोषरा को हटिया मा. डेरा गरि वस्या को छ. भनि सुन्या र. त्यस लाई. वैठाई आउन को सकौला भनि. सल्लाह गर्दा. कसैले. पनि टहराउन. सकेन र. मैले. भन्या. झागल गुरु सक्ला भनि डाकी. अह्लाई. मेरा. कंमर को. कोता षान्. दिया र. गयो र. पुगि गाईने को भेष गरि. हात मा. वल्छी को टागो लि. काषि मा. सारागङ्गी च्यापी. २१४ घार्नि को. सहर. लैगी. अरु. उसका. लस्कर हरु. भात. षान्या बषत् मा. अवसर हेरि. बैठाई आयो र. पछाडी. सुद्ध गरि. नेपाल षोल्याई पुरुव. पश्चिम् का. दुनियां हात गरि नेपाल. लियाथ्या ॥

उप्रान्त ॥ यो राजे दुई. ढुङ्गा को. तरुल जस्तो. रहे छ चीन वादसाह. सित. ठुलो. घाहा. राष्नु. दषिन को. समुन्द्र का. वादसाह. सित घाहा ता राष्नु. तर. त्यो महाचतुर छ. हिन्दुस्थाना दवाई. राषे छ. सरजिमी मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एवं भणित्वा विनतिं व्यधुस्ते ततो महामण्डलमुत्कलय्य ॥
सज्जा अभूमाऽजनि खड्गयुद्धं पन्थेन चाऽस्मल्लवणस्य शेषात् ॥
नम्री-कृतो द्वादश-वर्षकेण भ्रात्रोत्तमाङ्गे दलमर्दनेन ॥
ग्यामी मदीयेन हतो रणाग्रे निधाय सद्यः करवालमाद्यम् ॥
संसाध्य दुर्गं नवक्रूटमेतद् विधाय वर्धापनमग्रमेतुम् ॥
वयं ककन्यामपि शैवपुर्यामास्म स्थिताः सैनिक-गुल्मनेन ॥
आयाहि नेपालमभिप्रयातुमितीरयित्वा सततं हि हस्तम् ॥
स्थापेत्युपाऽऽख्या-युत-पर्शुरामो मह्यं ददानः स्थितवाँस्तदाऽऽसीत् ॥
उत्थाप्य भूपानथ विंशतीयान् प्रापय्य साहाय्यमभीहि पार्ष्णिम् ॥
स इत्युदित्वाऽवरजं स्वकीयं प्रातिष्ठिपत्तच्च मयात्ववेतम् ॥
प्राप्तोऽस्ति कुत्रेत्यथ पृच्छतीति "विधाय हट्टे वसतिं स्थितोऽस्ति ॥
स पुष्करिण्यां" मयि शृण्वतीति कः शक्नुयादेतुमुवण्ठयित्वा ॥
तमीरयित्वा विहिते तु मन्त्रे न शक्तवान् कश्चन च प्रमातुम् ॥
स्याज्भागलाऽऽख्या-प्रथितो गुरुङ्गः समर्थ उक्त्वेत्यहमाह्वयं तम् ॥
क[illegible]ाः कौक्षेयकं मे स समुपदिशता चार्पयित्वा स-कोशं
[illegible] प्रस्थापितोऽसौ वडिश-विषयकं टङ्कमादाय कक्षे ॥
सारङ्गीं चम्पयित्वा द्वि-चत-धरणकं गायनस्येव वेषं
कृत्वा नीत्वा च मीनं शरभमपि, दले भक्त-भुक्त्यै प्रवृत्ते ॥
आयात्तं वण्ठयित्वा बलपतिमनया पार्ष्णि-शुद्धिं विधाय
रीत्याऽहं खोलयित्वा ननु जनपदकं तं च नेपाल-संज्ञम् ॥
प्राच्या एवं प्रतीच्या अपि सम-जनतां हस्तयित्वाऽग्रहीषं
देशं नेपाल-संज्ञं त्रितयमिति पुरां मल्ल-भूपाल-भुक्तम् ॥
गोरक्षसाहवंशेऽभूत् काव्येऽस्मिन् हरि-निर्मिते ॥
पूर्ण एकादशः सर्गः पृथ्वी - दिव्योपदेशवान् ॥

हरिप्रसादशर्मा आचार्यले वनाएको यस गोरक्षसाहवंशनामक महाकाव्यमा पृथ्वीनारायणसाहदेवको दिव्योपदेशलेयुक्त भएको एकादश सर्ग पूर्ण भयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परि रहे छ. हिन्दुस्थाना. जाम्यो भन्या. कठिन् पर्ला. भनि. किल्ला षोजन आउन्या छ. सन्धी. सर्पन्. हेरि. गढि तुल्याई राष्नु र. रस्ता. रस्ता. मा. भाजा हालि. राष्नु र. यक दिन. त्यो वल आउन्या छ. जाई कटक न गर्नु. झिकी कटक् गर्नु र. चुरे घाटि मा. षुपै काटिन्या छ. पाच. सात. पुस्ता लाई. षजना पनि मिल्ने छ. श्रीगंगाजी को साथ पनि लाग्नै छ. लडाई मा पुकेन भन्या. लोलो. पोतो. अनेक. कल. छल. गरि. कन पनि. यो नेपाल को. तषत किल्ला हो. यो किल्ला पायो भन्या. चारै वादसाह लाई वह्लाला. लाउनै छ. इस्वर ले रचना गर्‍या को. किल्ला रहे छ. स्वघनु पर्ने रहेन छ. सिवपुरी १ फुल्चोक् २ चन्द्रागिरि ३ महादेउ पोषरि ४ पालुं ५ दाप्चा ६ काहुल्या ७ ईन मा पनि किल्ला पक्को. वनाउनु किल्ला पिछे तोप लम्छट् गरि. राषी दिनु र. जति. भन्ज्यांई छन् भन्ज्यां पीछे. यक. यक. फलामे ढोका. वनाई. ढोका पिछे. यक. यक. तोप लम्छट् गरि. राषी दिनु र. पपांच सिपाहि. राषी दिनु र. यस्व भथा. पछि. चेवा गर्न्या. चर्चा गर्न्या. भागन्या. नास्न्या. ढुकूवा. फसादि. षुनि. यस्ता हरु को पनि केही. चल्ने छैन. चारै. वादसाही चढाई गरि आयो. भन्या पनि कसै को. केही चलन्य. रहेन छ. ॥

उप्रान्त ॥ राजा. रामसाह ले. वाध्याको थिति पनि हेरि. सके. राजा. जयेथितिमल्ले वाध्या को थिति.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्षसाह्वंशः द्वादशः सर्गः

दिव्योपदेशः

अथेदमास्ते तरुलं व राज्यं द्रुङ्ग-द्वय-स्थं महनीय-सन्धिः ॥
स्थूलो हि चीनस्य सहाधिपेन स्थाप्यस्त्ववाग्वार्ध्यधिपेन सन्धिः ॥
स्यो विद्यते किन्तु पर्टुनितान्तं निपीडयन् भारत-भूमिमस्ति ॥
समे पतन्नस्ति च भारतैक्ये पतेन्नुकाठिन्यमितीक्षमाणः ॥
ऐष्यत्यसौ दुर्ग-निभालनाय तत् सर्पणान् सन्धिमतो निरीक्ष्य ॥
रक्ष्याणि दुर्गाणि दृढानि कृत्वा वाटेषु वाटेषु च कूटभाजाः ॥

बलं त्यदायास्यति चैकदाऽस्मिन्नाकृष्य कारुयं न तु तत्र यात्वा ॥
काटिष्यतेऽतीव च चूडघट्यामस्त्राणि शस्त्राणि तदा मिलेयुः ॥

बहूनि यावन्ननु पञ्च-सप्तान् वंश्याँश्च सीमा लगितैव गङ्गा ॥
रणादसिद्धौ मुख-माधुरीभिश्छलान्यनेकानिकलाश्च कृत्वा ॥
नेपालसिंहासनदुर्गमेतद् यथा कथञ्चित् स्ववशं विदध्यात् ॥
अधो नयेद्वै चतुरोऽब्धि-राजान् न शोध्यमेनत् कृतमीश्वरेण ॥

शैवे पुरे फुल्लचतुष्क-चन्द्र - गिर्योर्महादेवक पुष्करिण्याम् ॥
काहूल-पालुङ्गक-दापचासु दुर्गाणि कार्याणि दृढानि तेषु ॥
तोपाश्च सज्जाः प्रतिदुर्गमेवं लम्ब्रच्छटी कृत्य सुरक्षणीयाः ॥
फालाम-ढौका प्रतिभञ्ज्यमेका निर्माय रक्ष्या प्रतिढौकमेकः ॥
लम्बच्छटीकृत्य च रक्षणीयस्तोपश्च सैन्या अपि पञ्च-पञ्च ॥
इत्थं स्थितौ नाशक भग्नकानां चर्चा-कराणां निभृतं चराणाम् ॥
ढौकावतां घातुक-दुष्कृतानामेतादृशानां प्रभवेन्न शक्तिः ॥
स-वार्धि-भूमण्डल-चक्रवर्ति-चतुष्कमेयादपि दिक्-चतुष्कात् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हेरि. सके. राजा. महिन्द्रमल्ल ले वाध्या को थिति पनि हेरि सके. इस्वर ले दियो भन्या. म पनि यस्ता. बन्देज. को. वाह्र. हजार को थीती. बांधि जाला. भन्या. अबीलाषा थीयो. पुरुव. पछिम् को रस्ता. वन्ध गरि. नेपाल को रस्ता चलाई दिउला. आफ्ना अना जात. विसेष. को. कर्म गर्नु. (भन्ने) भन्देज गरि जाला. यो तिन स हर. भन्या को. चिस्व ढुंगो रहे छ. षेल षाल. मात्रै. ठुलो रहे छ. कुप को. पानि षान्या छेउ. वुधि पनी. हुदैन. सुरो. पनि हुदैन. षेल षाल. मात्रै रहे छ. मेरो. मनसुवा ता. दहचोक मा. दरवार वनाउला र. चारै दिसा. थर. घर. को. गुरु प्रोहित भैयाद. भारादार. मिर. उमराउ को. घर वनाई छुट्टा. दरवार. वनाउला र. ई तिन सहर. मा ता. दरवार. वाट. स्वष. सयल्. लाई मात्रै जाला भन्या यस्तो. अविलाष थीयो. ।।

उप्रान्त ।। देस का माहाजन लाई. गोड प्रसाह. देषी उभ. आउन. न दिनु. देस का महाजन. हरु. हाम्रा. मुलुक मा. आया भन्या. दुनिआ कंगाल गरि छाड्दछन्. हामी ले. च्यांगा. पांगा लाई तिन. सहर नेपाल र. नौलाष. किरायत. र. हिन्दुपति को राज. आर्ज्य. थ्येउ. देस का कपरा. लगाउना. लाई. मन्हाई. गरि दिनु. आपना देस का. कपरा. वन्न जान्न्या लाई. नमना देषाई सघाउनु र. वन्न लाउनु र. यस्व भया.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथाऽहमालोकितवान् निबद्धां श्रीरामसाहेन नरेश्वरेण ॥
स्थितिं स्थितिं श्रीस्थितिमल्ल-बद्धां महेन्द्रमल्लस्थितिमप्यपश्यम् ॥

दद्यात् यदीशः ख-ख-खाऽक्षि-चन्द्र-गोरक्ष-राष्ट्र-स्थितिमप्यपूर्वाम् ॥
ईदृक्-प्रबन्धामहमत्र बद्ध्वा गच्छेयमासीदिति मेऽभिलाषः ॥

प्राची-प्रतीच्योरधरुध्यवाटं नेपाल-वाटं व्यवहारयेयम् ॥
कार्यं विधेयं विहितं स्व-जाता-विति स्थितिं च स्थिरयन् व्रजेयम् ॥

पुर-त्रयं द्रुङ्गमनुष्णमेतदास्ते महान् केवल-खाल-खेलः ॥
न कूप-पानीय-प-पार्श्वे आस्ते शायं च बुद्धिर्मम मानसे तु— ॥

हर्म्यं त्रिदध्यां दहचोक-दण्डे घरान् घराणां परितो गुरूणाम् ॥
पुरोहितानामपि बान्धवानां स-भारधारामर-षट्-स्थलानाम् ॥

प्रासादमुच्चं विरचय्य-सौख्य-विहार - मात्राय कदाचिदेव ॥
प्रासादतः पूर्षु तिसृष्वमूषु व्रजेयमासीदिति मेऽभि लाषः ॥

स्पर्शाख्य-दुर्गादिक-मण्डलेभ्यो वैदेशिकाः पण्यकृतो निषेध्याः ॥
उम्भागमात् तेऽत्र यदि प्रविष्टाः कङ्काल-शेषां जनतां त्यजन्ति ॥

स-राग-नीरागक-कर्पटान् स्वे देशे स्व-हस्तेन कृतान् दधानाः ॥
नेपाल-संज्ञं त्रितयं पुराणां किरात-देशान् नव-लक्ष-पूर्वान् ॥

हिन्दू-पतीनामनपेक्ष्य सौख्यं राज्यानि तान्यार्जितवन्त आसम ॥
वैदेशिकानां किल कर्पटानां निरोधनीयं परिधानमेव ॥

स्व-देश-जान् कर्पट-वान-शीला-नभ्यास्य वासः-प्रतिमां निदर्श्य ॥
तैर्वाप्यमेवं सति न व्रजन्ति मुद्राः स्व-देशात् परकीय-देशान् ॥

नीत्वा विदेशान् स्व-वनस्पतींस्तै रूप्याणि कृष्याणि विदेशतोऽतः॥
प्रजासु पुष्टासु दृढं स्व-राज्यमास्ते, प्रजा भाण्ड-गृहा हि राज्ञः ॥

न्यूनेऽधिकेऽपीयदवश्य-देयं-राज्ञा न देयः पणबन्ध एवम् ॥
अङ्कां निधायैव च शुल्क-शालामाय-व्ययौ वर्ष- भवौ निरीक्ष्यौ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नगद विदेस जादैन. अपना. देस को जिनीस् जरि बुटि. देस लै जानु र. नगत षैचनु. नगद षैचि राषनु र. प्रजा मोटा. भया. दर्वार. वलियो रहन्छ. राजा का. भंडार षन्या का. रैतान हरु हुन्. मुलुक षा. ईजारा. पनि न दिनु. सर्षार. वाट अमानित. राषि. सर्षारिया तहसिल्. राषी. साल. व साल को कचा लिनु. क्या चुनो सिपाई भया. क्या भैभारादार भया. इन लाई दवलथ कामा-उन. न दिनु. आदमी हेरि हुर्मत्. मात्रै. राषी दिनु. क्यान भनौला. दवलथ् भाया का ले. तरवार मा. पसि मर्न. मार्न. सकैनन् र. हरिप को चमक हुन्छ. सिपाहि. भै. भारादार. ले. स्वष गरेनन् भन्या. चारै षुट् मा. मेरो. तरवार. वजनै छ. स्वषमा. पसो भन्या. मेरा साना दुष ले आर्ज्या को. मुलुक होईन. सवै जात को. फुलवारि हो सवै लाई. चेतना भया. यो फुल्वारि को छोटा. वडा. चारै जात. छतिसै वर्न ले यो असिल्. हिन्दुस्थाना हो. आपना कुलाधर्म. न छोड्नु. ष्वामिन् को नुन् को उधार गर्नु. कालु. कवर्दार. का. सन्तान लाई कवर्दारि. न छुटाउनु. दषिन को. घाहा. सिवराम वस्न्यात् का सन्तान लाई. न छुटाउनु. भोट को. घाहा. कालुपाडे का. सन्ताव लाई न छुटाउनु. पाडे वस्न्यात्. पंथ. भैयाद. मंग्र लाई. मारातप् दिदा. आलो पालो पालो गरि. षान दिनु. ई. मेरा. नुन्. गुन्. का. स्वभा सेवक हुन्. ईनी हरु को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्युर्भारधारा अपि ये भटाश्च निवारणीया विभवाऽर्जनात्ते ॥
संरक्ष्यमेषां ननु, मानमात्रं, मतुं रिपून् मारयितुं रणे यत्- ॥
न शक्नुयुर्वैभव-शालिनस्ते वर्धेत चैवं सति शत्रु-तेजः ॥
स-भारधारेषु सुखं भटेषु रणेच्चतुर्दिक्षु जहत्स्वसिर्मे ॥

सुखाय चेत्तु स्पृहयत्सु तेषु न सानु-दुःखेन ममाऽर्जितोऽयम् ॥
देशोऽस्ति सत्यां प्रति-जाति पुष्प-वाट्यस्ति सर्वेषु हि चेतनायाम् ॥
शुद्धार्य-भूमिर्ननु देश एष चत्वारि जातानि च वर्ण-भेदाः ॥
षट्-त्रिशदस्याः सुम-वाटिकाया जह्युर्न केऽपि स्व-कुलस्य धर्मम् ॥

कार्या प्रभूणां लवणोद्धृतिश्च वंश्या न कालोः कनकाऽधिपस्य ॥
पदाद् वियोज्याः कनकाऽधिकारात् सन्धेरवाच्याः शिवराम-वंश्याः॥
भोट्टस्य सन्धेर्न च कालुपाण्डेवंश्या वियोज्याः सचिवाधिकारः ॥
पाण्डेय-वस्न्यायित-पन्थ-बन्धु-मंग्रेषु पर्यायत एव देयः ॥

ऋजु-स्वभावा ननु सेवका मे राजन्ति युक्ता लवणैर्गुणैश्च ॥
एभिः कृते सत्यपि बध्य-दोषे न मारणीया अत आत्मनैव ॥
दत्त्वाऽधिकारं युधि जोषणीयो रक्षन् निवर्तेत वपुस्ततश्चेत् ॥
वरं, म्रियेतोत बधान्निजेन वरं बधाः संभवतीतरेण ॥

घरे न मार्या निज-सेवकाः स्वे न्यायो निरीक्ष्यः सुमहाँश्च राज्ञा ॥
अन्याय-जन्मैव निरोधनीयं राष्ट्रे स्वकीयेऽखिल-मण्डलेषु ॥
द्वावेव तौ न्याय-विकारिणौ यावुत्कोचदोत्कोचभुजौ तयोस्तु ॥
धनेऽपि जीवेऽपि हृते न पापं राज्ञो महाशत्रुतया श्रुतौ तौ ॥

जटा कुराऽथेयमपेक्षितानां राज्ञे भटानां घर-खेट-मेलः ॥
कार्यः, प्रयुज्येति मलं जलं ते द्वावेव भागौ घरमाहरन्ति ॥
न जायतेऽतः परिवार-चिन्ता ढौकासु सर्वत्र च सङ्गरेषु ॥
अड्डासु गौणीषु भवन्तु नाम च्छातं बलीयो भवते भटानाम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीव जान्या विराम. गर्‍या को. भया पनि. आफुले न मानुं. वरु. मारातप दियेर. लडाञी मा झोसि दिनु र. जिव. जोगाई आयो भन्या. वढिया भयो. मरि गयो भन्या. आफुले मानुं. अकैं वाट मारि. दिया को वढिया हुन्छ. तव. राजा ले. सेवक लाई. घर मा न मानुं. तव. राजा ले ठुलो. निञा निसाफ. हेर्नु. अन्याय. मुलुक मा हुन. न दिनु. निञा. निसाप. विगार्‍या. भन्या को. घुस दिन्या र. घुस षान्या. ईन. दूई को ता. धन जीव. गरि लिया को पनि. पाप छैन. ई राजा का महासतुर हुन्. ॥

उप्रान्त ॥ जढ कुरो. राजा लाई चाहीन्या सिपाहि. हरु को. घर. षेत्. मिलाई. दिनु र. मल्. जल गर्छन् र. दुवौ वोटि भित्र हाल्न. पाउछन् र. कविला को. निर्फिक्री. हुन्छ. ढोका. मा भया. पनि. गौडा मा भया. पनि. सिपाहि हरु को छाति वलियो रहन्छ पजनि गर्दा मा पनि. सये नाल का. कम्पनी जमाउनु र. सये नाल का. सुवेदार. चार. पाच. लडाञी मा जस पाई. आया का यस्ता. आफुलै जाचि. सुवेदार. हाल्नु. सुवेदार. ले पनि. सात पगरि. दुई चार. वाढ षाया का यस्ता सात पगरि हाल्नु. सात पगरि. ले. स्वह्न हुदा. हाल्दा आफु सित. मर्नें. मार्न्यं जाची १६ हुदा. हाल्नु १६ हुदा ले पनि. आफु. सित मर्नें मार्न्यं जाची. सिपाही. हालि. आपना आपना पट्टि भर्ना गर्नु . पट्टी पट्टी मा. सिपाहि पनि. षस मगर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेनासु कार्यासु च पञ्चनीषु वृन्दानि कुर्याच्छत-नालिकानि ॥
यशश्चतुष्पञ्च-लडेष्ववाप्तृन् युञ्ज्यात् स्वयं वीक्ष्य च मण्डलेशान् ॥

युञ्ज्युश्च भुक्त-द्वि-चत-प्रवाहानुष्णीषिणः सप्त च मण्डलेशाः ॥
उष्णीषिणाः सप्त च वीक्ष्य मतुं निजैः समं मारयितुं समर्थान् ॥

नियुञ्जतामाहवदार-संज्ञ पदाऽऽश्रयान् षोडश, तेऽपि वीक्ष्य– ॥
मतुं प्रभून् मारयितुं समं स्वैःस्वान्स्वान् विभागान् प्रति योद्धृवर्गान्॥

खशान् विभागेष्वखिलेषु तेषु स-मङ्गराँष्ठक्कुरिणो गुरुङ्गान् ॥
एतच्चतु-र्जाति-विशिष्टमात्रं सङ्कीर्य योद्धृन् हि नियोजयन्तु ॥

त एव वै लोह-निपीडिनोऽपि ततः कृपाणेषु पतत्सु सारः ॥
भवत्यथैवं सति वैरिणः के! कम्प्येत शातक्रतवाऽऽसनं च ॥

भवत्सु तोपेषु सहस्रशश्च खड्गेषु तावत्सु तथा धनुःषु ॥
तावद्-दृषत्-क्षेपण-नालिकासु कम्प्येत शातक्रतवाऽऽसनञ्च ॥

युद्धे प्रहर्ता च सहायतादः समाविमौ द्वौ भवतस्तदाभ्याम् ॥
भृतेः प्रदानेऽपि हि वीरतायास्तुल्ये प्रदेये किल ते उभाभ्याम् ॥

म्रियेत चेत्तत्तनुजाय यावत् खड्गेन योद्धुं भवति प्रभुर्न ॥
तावत् प्रदेया मृत-वीरवृत्तिः सति प्रभौ चाऽथ भृतिः प्रदेया ॥

आयान्ति राज्ञा विहिते विवेके विभिन्न-देशाश्च भटाः कृताऽऽशाः ॥
सतीति शस्त्र-प्रहृति-प्रवीणा लगन्ति हस्ते हि भटा मनोज्ञाः ॥

सारः क्षितीशस्य भटाः प्रजाश्च पटौ क्षितीशे सति ते विधेयाः ॥
हस्तस्थितास्तत् परचक्र-भीतिर्नं संभवेच्च प्रकृति-प्रकोपः ॥

भटाश्च तीक्ष्णाः सततं विधेयास्तीक्ष्णी-कृतास्ते न भटा विशन्ति ॥
पक्षेषु केषामपि कार्यमेवं सति स्वकीयं च फलेग्रहि स्यात् ॥

स्थाप्याः पुराणा घर-खानजाताः स–षट्स्थला बान्धव-मङ्गराश्च ॥
गुरुङ्ग–मुख्यामर–भारधारा विविच्य गौणीषु च राजधान्याम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु ठकुरि. ईनै चार जात. मात्रै षिचोला गरि. हालनु. र, तर्वार. पर्दा. साह्रो हुन्छ. लुहा च्यापन्या पनि. यिनै. चार जात. मात्रै हुन्. र तरवार पर्दा. साह्रो. हुन्छ र वैरि त. क्या. इन्द्र को. आसन् पनि डगाइंछ हजारौ घना हजारौ. पथर्काला. हजारौ. षुडा. हजारौ तोप भया. इन्द्र को. आसन पनि. डगाईछ. लडाञी मा पनि हान्न्या. र. सभ दिन्या. इ. दुवै. वरोवर हुन् जागिर दिदा. पितल् दिदा. दुवै लाइ. वरोवर. दिनु. मन्यो भन्या. उसका छोरा. षुडा. हान्न्या. न हुन्ज्याल. मरवट. दिनु. षुडा हान्न्या भया पछि जागिर मा उकालि दिनु र. राजाले विवेक. राषो दिया. देस देसका सिपाही पनि आसा राषी आउन् छन् र. यस्व भया. तरवारीया. सिपाहि. हात लाग्छन्. राजाका सार भन्या को. सिपाहि र. रैति. हरु हुन्. राजा चतुर भया. सिपाहि र' रैति. हात हात गरि. राष्नु र. हुल् कुल्. हुन पांउदैन· सिपाहि भन्या को. तिषारि. राषनु. तिषारि. राष्या. का. सिपाहि कसैका मलाजा मा. पस्तैनन् र. आपनु काज फत्य हुन्छ गुरुः मगर. षान जादा. भैयाद. भारादार मिर. उमराउ. थर. घर. पुराना. पुराना. जाची. घु·· डा गौडा मा. राषनु पुर्व. पछिम्. का षसवाहुन्. लाई दरवार मा. पैठ् हुनु न दिनु. क्यान. भनौला. वाहिडा मान्छयाले दरबार. मा विथिति. गराउन्छन्. राजा को हुकूम. जफत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्व-देश-बाह्यास्तु खशाश्च विप्राः प्रासाद–वेशादपवारणीयाः ॥
यद् दूषयन्ति स्थितिमत्र बाह्या, दृढं नृपाऽऽज्ञा स्वयमेव धेया ॥

स्थान-त्रयस्था विहिता मयेन्द्र–वज्रायमाणा अमरा वराहाः ॥
दत्ताश्च राष्ट्र-ध्वज-युद्ध-भेर्य आसन्, ख-वेदाऽक्षि-मिता भृतिश्च ॥

लिगुलिङ्ग-शल्यायन-धादिङानां मुखेष्वथो तेन च यत्र यत्र ॥
कार्यं पतेद् यत् समपीपदंस्ते सर्मजितं वैभवमेतदस्मात् ॥

सदा पुराणा गृह-सेवकाः स्वे विविच्य भूपं समया निधेयाः ॥
बद्ध्वा व्यवस्थां गृहसूर्जनीयं प्रासाद एवं सति दाढ्यमेति ।

राज्ञः पटुत्वे जनता भटाश्च रक्ष्याः स्व-हस्ते हि गुडानुयानात् ॥
वार्याश्च केषामपि पक्ष-पाताद्, व्यापारणीया लवणाऽनुयाने ॥

अथापिचाल्याः शुचि-टङ्कशाला अड्डालये ठक्कुर आसनीयः ॥
द्रष्टा विविच्य स्वमेव राज्ञा स्थाप्यो विचारी मगरो विविच्य

बुधं निधायाऽनु-सभं च नीतिशास्त्राऽनुसारं ननु चालनीयः ॥
अड्डालयो, नैव निवेशनीयाः प्रासाद-गर्भे तु पणास्तदीयाः ॥

विरागिणां योगि-मही-सुराणां भोज्यानि चाल्यानि स-दक्षिणानि ॥
स-धौत-वासः शकलानि शेषैर्नाऽसत्य-जन्यो लगतीति दोषः ॥

ग्रामेऽपि सत्याकरवत्प्रदेशे स्थाने परस्मिन्नपसार्य चाऽमुम् ॥
ग्रामं ततो ग्राम-विहीन-देशे तत्राऽऽकरश्चालयितव्य एवम् ॥
स्थाने गृहे सत्यपि खेट-योग्ये स्थाने परस्मिन्नपसार्य गेहम् ॥
कुल्यां खनित्वा विचरय्य खेटं कार्या नवीना कृषि-योग्य-भूमिः ॥

अथैकदाऽऽविश्य तु हस्त-दाने मामागमय्याऽऽचरितोऽनुघातः ॥
दुःखेन पार्ष्णिं महता विशोध्य व्यूहेन नेपालमवारुधं तत् ॥

समुद्धृता अत्र जयप्रकाश-स्वार्थाय नग्ना अपि दक्षिणस्याः ॥
ग्रामेषु सप्तस्वपवार्य लीनान् नेपाल-गर्भे व्यदधां प्रवेशात् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरि राषनु. मैले तिं थुम् का. वह्रहा. उमराउ लाई. ईन्द्रवज्र तुलाई राष्या थ्या.नगरा. निसान. पनि दिई राष्या थ्या. वाह्र विस को. गाडो(ठो) वावी (नी) दिया को थियो र. सल्ल्यानि. लिग्लीग. घादिं का मुहुडा मा. जाहा जाहा काज गर्थ्यो.फत्य गर्थ्या. र. यो ऐस्वर्जे गऱ्या को हो. आफ्ना. घर का पुराना सेवक. जाची हजूर मा हरोदम् राषी. दरोवस्त. वांधि. घर वलियो राष्नु. यस्व भया. दरवार वलियो रहन्छ. राजा को चतुराइ भया. सिपाहि. रैति हात गरि. राषनु. कसै का मलाजा. पछि. गुण पछी लाग्नु न दिनु. नुन् पछि लाउनु. ॥

उप्रान्त: ॥ टक्सार. पनि. चोषो चलाउनु अदालथ मा पनि. ठकुरि जाचि दिष्ठा. राप्नु मगर जाचि. विचारि. थाप्नु कचहरि पिछे यक. यक. पण्डीत. राषी निजा. सास्त्र. वमोजिम्. अदालथ. चलाउनु. अदालथ का पैसा. दरबार भित्र न हाल्नु. फकीर. फकिडा. अतित. जोगि. सन्यासि. ब्राम्हण. हरु इनै लाई दछिना भोर्जन. चलाई .दिनु. उप्रे का पैसा. दक्षिना. चलाई. धोति रुमाल. चलाई दिनु. यस्व भया. असत्य. को. दोस लाग्दैन. षानी भया का. ठाउ मा. गाउ भया पनि. गाउ अरु जग्गा मा. सारि कन पनि षानि चलाउनु. गह्रो वन्न्या. जग्गा मा. घर. भया पनि. घर अरु. जग्गा मा. सारिं कुलो काटि षेत वनाई अवाद गर्नु ।:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कासीम-खानो यवनोऽप्यरोहद् माकन्दपुर्यां ख-करेन्दु मेयैः ।।
संविध्य खड्गैरपि घर्षयित्वा सीमानमायामपि काटयित्वा ।।

त्रिकं चतुष्कं च नयन् बलानां दर्पेण सिन्धुल्यभिधानदुर्गे ।
गोरण्डहार्डी चटितो भुशुण्डीरलां च तांस्तत्र हि काटयित्वा ।।

मां सेवितुं लक्ष्मणनामपुर्यास्त्रयः स्थिता ये नवकूठमेताः ।।
ते मुद्गला वै शरणार्थिनस्तच्शिलाकला-तोलकला अजानन् ।।

शेष्जर्वरो मस्तकि-भेर्षासिहौ त्रयो जना आज्यटनीपदे ते ।।
नियोजितास्तैश्च तिलङ्ग-सङ्घाः संसाधिताः प्रस्तरकालचाले ।।

नेपाल-वृत्तान्त-निभालनेऽस्ति तुरुष्क-मङ्ग्रातक-मुद्गलानैः ।।
भाव्यं तुरुष्कोऽत्र इतस्तु भूत्वा मङ्ग्रात-राजस्त्वहमेव वर्ते ।।

मौद्गलान-दोषोपशमाय चाऽर्घान् स्तोमान् विलाप्याऽपि च वृन्दयामाः।।
अर्धाश्च खड्गा विहिता अभूवन्नर्धास्तथा प्रस्तर-कालकाश्च ।।

वृन्दाद् भवेन्नाल-शतेन युक्तात् सर्वत्र कार्यं छुरितं च तस्मात् ।।
वृन्दं च तन्नालशतेन युक्तं यूनः सहस्रं प्रभवेद् विजेतुम् ।।

एकैक-वृन्दं परिरक्ष्य तेषु कीलेषु देया अपि वण्डयित्वा ।।
स्तोमा अमीभ्यस्त्ववशेषमन्नं भृत्वा च तत्रैव सुरक्षणीम् ।।

अथो लगन्मां विषयस्य चाऽस्ति सन्देह एकस्य हि कोनु चेत् सः ।।
मुद्गलायनं पार्श्वतरेऽस्ति तत्र चेटा विटाः सन्ति हि पात्रिकाश्च ।।

मुह्य युरापूरित-चित्र-कोष्ठे रागेऽपि ताने पणवे च तन्त्र्याम् ।।
रागेऽपि तानेऽपि भवत्यनल्पो मोहो धनं तद् बत ! खोल्यतेऽपि ।।

त एव देशस्य रहस्य-जातं नयन्त्यथाऽऽक्रामति तेन वैरी ।।
कैश्चिन्न रागोऽभ्यसनीय एतज्जात्यै न खोल्यो गम आगमोऽद्रेः ।।

एकांनु वा द्वे रत्रपि वोल्लयित्वा-होल्यै, विदाप्यास्म त्वरितं सतीति ।।
देश्यं रहस्यं च न ते लभन्ते, शास्त्राऽतुगं तु स्व-विनोदनाय ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उप्रान्त ।। केही बेलामा. हात दिनामा पस्या र. म लाई झिकाया र. पछाडी दगा दिया र. महादुष गरि. पछाडि सुद्ध गरि नेपाल. लाइ मुर्चा. लाञा थ्या. जय-प्रकाशमल्ल का. मतलप् लाई. दषिन वाट नागा झिकाया र. नेपाल भित्र. पस्न. न दि. सात. गाउ भित्रै मा. भिजाञा. कास्मेरि. षान् नवाफ़् मकुवानपुर मा चढ्यो र छग्रविस् षोडा. ले काटि. घर्काई. सिवाना. कटाई ग्राञा. तिन. चार. पल्टन्, लियेर. सिदुलि गढि मा. हाडीसाहेव चढ्यो र. वा ही पनि काटि. पथर्काला. च्यापि ल्याञा र. लषनै वाट. तिन्. मुस्ल्मां मेरो चाकरी. लाई. नुवाकोट. मा पिछा परि. अयाका. थिया. ईनै वन्दुक को. तुल. कलायेत. तिनै. मुसर. माननले जान्या को रहे छ र. सेषजर. वर. मम. तकि. भेषार्सिं. तिनै जना लाई. अजिटनी. दिया र. तिलङ्गा. सघाया को हो. नेपाल को. किताप. हेर्दा. तुरकाना. मंग्रात् मुग्लाना हुन्या रहे छ र. तुरकाना. अघि भइ गये छ. मगरात्. को राजा. मै हुं. मुग्लाना को. दोष मेटना लाई. आधा थुम. मेटी कंपनी. जमाया. को हो. आघा षुडा. आधा पथर. काला. वनाया को हो. सहे. नालका. कंपनीले. छरितो हुन्छ र. यस्व भया. सये नाल का. कम्पनी ले. हजार. जवान् लाई. पाउन्छ. किल्ला किल्ला पिछे. यक. यक्. कंपनी राषी. गर्षा वाडी. दिनु र. जगेरा वाघी. भरि. राषनु. ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्धृत्य नेपाल-पुर-त्रयस्य नेवार-नृत्यं भवतीक्षितुं तु—॥
स्व-देश एवैष्वपि दत्तमास्ते स्वकीय-देशो भवतीत्यगम्यः ॥

वचो दिव्यं भव्यं हित-दमुपदिश्येत्यमल-धी-
र्विदञ्ज्योतिर्विद्भ्यो बत ! चरममायुर्निजमसौ ॥
नृपो भक्त-त्राण-प्रथित-तर भैरंव्यभयकृत्-
पदे भक्त्या दध्यावथ विरहयन् बाह्य-विषयांन् ।

निर्मल बुद्धि भएका राजा पृथ्वीनारायणसाहले यस प्रकार हितदायक भव्य दिव्य कुरा उपदेश दिएर ज्योतिषीहरुबाट आफ्नो आयु पूर्ण भएको थाह पाएकाले रक्षा गर्नमा प्रख्यात भएकी भैरवीका अभय दिने पाउलाई भक्तिले संझन लाग्नु भयो ।।७२।

"आयुर्वर्धयितुं न तावकमहो योग्यं मया निश्चितं ॥
भोक्तुं वाञ्छसिचेन्नरेन्द्र ! पृथिवीं भूयोऽपि भक्त्या युतः ॥
प्राणान् मे शरणे त्यजेति" नृपतिः शृण्वन् वचो, वैक्रमे-
भ्वग्न्यष्टेन्दु-मिते तथा विहितवानब्देऽह्नि माघाऽऽदिमे ॥

"हे राजन् ! तिम्रो निश्चित आयुलाई मैले वढाउनु हुँदैन, फेरी पनि पृथिवीको भोग गर्ने इच्छा छ भने भक्ति युक्त भइ मेरो शरणमा प्राण छोड्नु" भन्ने सुनेर राजा पृथ्वीनारायणसाहले विक्रम संवत् १८३१ माघ १ गते देवीले भने अनुसार गर्नु भयो (नुवाँकोट देवीघाटमा भौतिक शरीर त्याग गर्नु भयो) ॥७३॥

गोरक्षसाहवंशाख्ये काव्येऽस्मिन् हरि-निर्मिते
पूर्णोऽभूद् द्वादशः सर्गः पृथ्वी-दिव्योपदेशवान् ॥
॥ ७४ ॥

हरिप्रसाद शर्मा आचार्यले बनाएका यस गोरक्षसाहवंश महाकाव्यमा पृथ्वीनारायणसाहदेवको दिव्योपदेशले युक्त भएको द्वादश सर्ग पूर्ण भयो ॥ ७४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उप्रान्तः ।। म लाई. यवटा कुरा. को संध्य.ह लागि रहे छ, कुन्कुरो भन्या. मुग्लाना. नजिकै रहे छ. त्यस् जग्गा मा. छोक्डा. पत्रीया रह्या छन्. चित्रकार, भन्या का. कोठा मा. ढोलक् सितार राग. तान. मा. भुल्लन्. राग तान् मा वडो ठुलो. मोहो हुन्छ र. दवलथ. पनि षोलिन्छ, देस को. भेद, पनि. तिनै. ले. लै जान्छन् र. हरिप ले दगा, गर्छ. राग को अभ्यास्. पनि कसैले. न गर्नु. तिन जात लाई. पहाड. आस्. फदरफ. पनि कसैले न षोल्नु. अथवा. फागु लाई. यक् दुई. गरी. झिकि. चाडै विदा. गराई दिनु र. देष को. भेद पनि. पाउदेनन्. आफ्ना. स्वष सयले. लाई ता. सास्त्रवमोजिम्. को. तिन सहर नेपाल को. नेवार हरु को नाच. झिकाई. हेर्‍या पनि. हुन्छ. यिन मा ता दिया को पनि. आफ्नै. देस मा. रहन्छ. यस्व भया. आफ्नु देस ग म न रहन्छ ॥

काठमांडु केलटोल मानमन्दिर गोर्खाली वडावीर शिवराम सिह वस्न्यातका वंशधर वखत मानसिह वस्न्यातको १६२ वर्ष पूर्व लिखित जीर्णप्रतिवाट गृहीत

—: ० :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृत्वा पित्र्यं विधिममल-धीः सप्तविंशे प्रताप-
सिंहो वर्षे नृपति-तिलकं नीति-वित् स्वी-चकार ।
निःसन्तानस्तदवधि कुलानन्दमात्मोद्भवार्थी
दैवज्ञाऽग्र्यं स्वमनुयुयुजे दर्शयञ्जन्म-पत्रम् ॥१॥

निर्मल बुद्धि भएका प्रतापसिंहसाहले पितृकृत्य गरी २७ वर्षको आयुमा राजतिलक ग्रहण गर्नु भयो, त्यस वेला संम सन्तन न भएका वहाँले सन्तानको इच्छा गरी ज्योतिषीहरुमा श्रेष्ठ कुलानन्दलाई जन्म-पत्रिका देखाई सोध्नु भयो ॥१॥

प्रातर्देव्या सह पशुपतिं देव ! गुह्येश्वरीं च
वारेऽमुष्मिन्नमुक-विधिना पूजय श्रद्धया त्वम् ।
अन्तर्वत्नी भवति महिषी तन्निशीदंमुहूर्ते
सूनुं सोता ननु रणवहादूरनामा स कार्यः ॥२॥

हे राजन् ! विहान रानी सहित यो वार यस विधिले श्रद्धापूर्वक तपाजीले पशुपति र गुह्येश्वरीको पूजा गर्नुहोस् त्यस दिनका राती रानी-लाई गर्भ रहने छ र यो मुहूर्तमा पुत्र उत्पन्न हुने छन् उनको नाम रण-वहादुर राख्नु ॥२॥

ज्योतिःशास्त्राद् विमल-मतिना ज्ञात-तत्त्वेन तेन
दैवज्ञेन श्रित-निज-पदे भूभुजीतीरितेऽस्मिन् ।
देव्या सार्धं विदधति तथा ज्यौतिषाक्ते मुहूर्ते
जातः पुत्रः स च रणवहादुर-नामा कृतोऽतः ॥३॥

ज्योतिषशास्त्रवाट तत्त्व बुझेका निमल बुद्ध भएका ज्योतिषीले यती भने पछि राजाले पनि त्यसै गर्नु भयो र ज्योतिषीले वताएके मुहूर्तमा पुत्र जन्मनु भयो, अतः वहाँको नाम रणवहादुर राखियो ॥३॥

वीरः सैन्यैर्नरपतिरथो तीरभुक्ति-प्रदेशाँ-
श्चित्रारण्यं कतिपय-दिनैरूर्ध्वदाङ्गं व्यजेष्ट ।
गोरण्डेभ्यः परिभवमितः शङ्कमानो मनीषी
सैन्यान् नद्धानपि निहितवाँस्तत्र सोमेश्वरे सः ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि वीर राजा प्रतापसिंहले सैन्यहरुद्वारा सप्तरी महोत्तरी सर्लाही आदि र केही दिनमा चितौन उपरदाङ् गढी जित्नु भयो, बुद्धिमान् वहाँले यतापट्टीवाट फिरङ्गीको दवाव हुने शङ्कागरी सोमेश्वरमा दरीला सैन्य राख्नु भयो ॥४॥

आस्ते भूपे तदनुज-वहादुरसाहः प्रतीप-
स्तात-भ्रात्रा सममिति मृषा दोष आविर्वभूव ।
इत्थं दैवाद् दलजिति भयात् प्लायमानेऽनुजोऽपि
वद्धो मुक्तो गुरु-विनयतो वेत्रपालं जगाम ॥५॥

भाई वहादूरसाह र काका (दलजित् साह) राजाका विरोधी छन् भन्ने भूठो दोष उब्ज्यो र यस प्रकार दैव संयोगले दलजित्साह भाग्नु भयो र वन्दी वनाई राखिएका भाइ वहादुरसाह पनि गुरुको आज्ञावाट छुटाइनु भै वेतियामा जानु भयो ॥५॥

तन्त्र-प्रेमा शत-मख-मुदे स प्रथां वामनीय-
द्वादश्यां स्म प्रथयति नृपः केतनोत्तोलनस्य ।
मित्वा भूमिं निज-विषय-गां षष्ठ-भागस्तदायो
राष्ट्र-ग्राह्यो भवतु च जनादित्यवन्धाद् व्यवस्थाम ॥६॥

तन्त्रमा प्रेम राख्ने राजा प्रतापसिंहले इन्द्रको प्रीतिका निमित्त वामन द्वादशीका दिन ध्वजा उठाउने प्रथा चलाउनु भयो, आफ्ना राष्ट्र भित्रको भूमि नापेर त्यसको छैटौं माग आय जनतावाट राष्ट्रले लिनु भन्ने व्यवस्था बाँध्नु भयो ॥६॥

त्रीनेवाऽब्दान् भुवनमखिलं प्रजानां
रक्षित्वेदं त्रिदिवमगमद् हन्त ! कृत्येऽपि शेषे
दूऽयव्द्या ऊर्ध्वं सुत-रणवहादूरमङ्के निधाय
भारं भूमेरभृत जननी धीर-राजेन्द्रलक्ष्मीः ॥७॥

दुःखको कुरा छ कि प्रजाप्रिय राजा प्रतापसिंह तीन वर्ष मात्र यस भूमण्डलको रक्षा गरी काम बाँकी छँदै स्वर्ग जानु भयो, तीनवर्षमा लागेका छोरा रणवहादुरसाहलाई काखमा राखेर धैर्य युक्त महारानी राजेन्द्र-लक्ष्मीले पृथ्वीको रक्षारूप भार लिनु भयो ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्हृत्कक्ष-ज्वलन-दहनः साहवंशाऽवतंसः
पृथ्वीनारायण-सुत-वहादूरसाहः प्रतापी ।
भ्रात्रीये स्वे शिशु-नरपतौ वत्सलो देशभक्तः
सम्प्रत्यत्र न्यवृतदमल-स्वान्त ऊर्जस्वलोऽपि ॥८॥

यस समयमा शत्रुरूपी खर जलाउन अग्नि समान भएका, पृथ्वीनारायणका पुत्र आफ्ना भतिजा बालक राजामा प्रेम गर्ने देशभक्त, बलवान् प्रतापी साहकुलभूषण भयेका निर्मल मन भयेका वहादूरसाह पनि वेतियावाट फर्कनु भयो ॥८॥

शौर्यं वीर्यं विभवमतुलं साहसं तीक्ष्ण-बुद्धिं
धैर्यं तेजः समुदित-रण-स्फूर्तिमिद्ध-प्रतापम् ।
अन्ये भूपा अधिमहि वहादूरसाहस्य वीक्ष्य
त्रस्यच्चिता अधिशयमपि क्षोभमाणा बभूवुः ॥९॥

पृथ्वीतलमा अरु राजाहरु वहादुरसाहका शूरता, वीरता, अनुपम ऐश्वर्य, साहस तीखो बुद्धि, धैर्य, तेज, युद्धका निमित्त उदाएको फूर्ति, जाज्वल्य मानप्रताप देखेर मन डराई सुतेका वेलामा पनि खङ्रिङ्ङ हुन्ये ॥९॥

सर्वत्राऽपि प्रसृमरमिति प्रेक्ष्य तस्य प्रभावं
राज्ञी स्वस्या अपि हित-करं पूर्व-वैरं स्मरन्ती ।
राजाऽपि स्यात् स्वयमिति भिया भिन्न-धीः स्त्री-स्वभावात्
कारागारे तमहह ! मुधा शङ्कमाना रुरोध ॥१०॥

दुःखको कुरा छ कि जताततै फैलिएको वहाँ वहादुरसाहको प्रभाव देखेर त्यो आफ्ना निमित्त हितकारी थियोता पनि अघिको वैरभाव संझेर स्त्री स्वभावद्वारा भिन्न बुद्धि भएकी महारानी राजेन्द्रलक्ष्मीले व्यर्थ शङ्का गरी राजा पनि आफै हुन्छन् कि भन्ने डरले वहादूरसाहलाइ वन्दी वनाउनु भयो ॥१०॥

कारागाराद् गुरु-विनयतो मुक्तवान्, भ्रातृ-पत्न्याः
कृत्यै रम्यैः स परिचरणैरप्रभुस्तोषणाय ।
राज्ञीमेव व्यतिनिरुरुधे साऽपि नीतौ नदीष्णा
मुक्ता जाता कतिपयदिनैरेव राजेन्द्रलक्ष्मीः ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुको विनय द्वारा कारागारवाट छुटेका वहादूरसाहले राम्रो काम एवम् सेवा द्वारा प्रसन्न गराउन न शकेर महारानी (राजेन्द्रलक्ष्मी) लाईनै वन्दी वनाउनु भयो, परन्तु नीति निपुण राजेन्द्रलक्ष्मी पनि केही दिनमानै मुक्त हुनु भयो ॥११॥

क्षुभ्यन्मूलं कलह-विकलं वीक्ष्य गोरक्षदेशं
मत्वा यानोचितमिति चतुर्विंशतीया नरेन्द्राः ।
वीरंमन्याः स्व-मिलित-वलैर्हन्त ! लब्धावकाशा
गोरक्षस्याधिकृति-करणे बद्ध-कक्षा बभूवुः ॥१२॥

यस प्रकार भित्री जडवाटनै कलहले खोकलो भएको गोर्खालाई देखेर मौका पाएका चौविशी राजाहरुले आफुलाइ वलीया संझी संयुक्त वल-वाट गोर्खालाइ अधीन गर्न कंमर कसे ॥१२॥

प्रत्यभ्येतुं बलमपि वहादूरसाह-प्रदिष्टं
प्राप्नोद् दुर्हृद्-दलन-कुशलं भीमवेगात् त्रितुङ्गे ।
तद्भूपालः शरणमगमत् पालपेशं विषण्णो
गोरक्षीयःस्म वसति वली वानिव्या यामरुक्के ॥१३॥

त्यस्को सट्टा चदाई गर्न वहादुरसाहले पठाइएका विपक्षीहरुलाई दल्न सिपालु सैन्यहरु पनि ठूलो वेगले तनहुँ पुगे, तनहुँका राजा खिन्न भइ पालपाली राजाका शरणमा गए, यस पछि गोर्खाली सर्दार वलि-वानिआँ ब्यामरुकमा वसे ॥१३॥

गोरक्षीये रिपु-जयि-वले राजधानीमुपेते
भूयोऽप्यद्रेः स नरपतिना पालपायाश्च सार्धम् ।
अभ्यागच्छद् बलिवणिगतस्तत्प्रतीकारमीप्सु-
श्चित्रारण्य-स्थितमपि तदा रामकृष्णं जुहाव ॥१४॥

शत्रुलाई जितेका गोर्खाली सैन्य राजधानी आए पछी तनहुँका राजा पर्वते र पालपाली राजा सहित भइ चढ़ाई गर्न आए, अतः त्यस समयमा त्यस्को प्रतीकार गर्न चाहने (गोर्खाली सर्दार) बलिवानिआँले चित्तौनमा वसेका रामकृष्णलाई पनि (आफ्नो सहायता निमित्त) वोलाए ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जातं युद्धं तुमुलमुभयोः पक्षयो सर्वधारो
गोरक्षीयो बलिवणिगसौ स्वर्गतिं हन्त ! लेभे ।
चित्रारण्यं स्व-वशमनयत् सङ्गरेण त्रितुङ्ग-
भूयो भूतोऽपि स यथितवानूर्ध्वदाङ्गेऽभियातुम् १५

दुवै पक्षको घमासान युद्ध भयो दुःखको कुरा छ कि गोर्खाली सर्दार बलिवानिआँले स्वर्गति पाए, तनहुँका राजाले युद्धवाट चितौनलाई आफ्नो अधीन गरी फेरी उपरदाङ् गढीमा पनि चढाई गर्न प्रयास गरे ॥१५॥

गोरक्षाच्च द्रुतमथ वहादूरसाह-प्रयुक्ता
वैरिव्रातं दलितुमभया वीरवारा धृताऽस्त्राः ।
जघ्नुः शक्तित्रययुत-बलान्येकशस्तत्त्रितुङ्ग-
भूपो देशान्तरमुपययौ प्लायमानोऽस्तसत्त्वः ॥१६॥

त्यस पछि शत्रुहरुलाई दमन गर्नका लागि गोर्खावाट वहादुरसाहले पठाइएका निर्भय, हतियार लिएका शूरवीरहरु आएर तीन शक्तिले युक्त भएका सैन्यहरुलाई एक एक गरेर मारे, अनि सातो उडेका ती तनहुँका राजा भागेर अर्कै ठाउँमा गए ॥१६॥

वैरे वर्षत्रयमथ तयोर्देवरभ्रातृपत्न्योः
सीमातीते प्रतिदिनमहो ! वर्धमानेऽवसाने ।
त्यक्त्वा देशं पुनरपि वहादूरसाहो मनीषी
भूपे देशेऽप्यविकृतमना बेत्रपालङ्गगाम ॥१७॥

तीन वर्ष सम्म ती दुइ देवर भाउजुको वैरभाव बढ्दै गयो, अन्तमा वहादूरसाह राजा एवम् देशको विषयमा मन बिग्रेको थिएनतापनि देश छोडेर फेरी वेतिया जानु भयो ॥१७॥

भूमेर्भिरे स्वयमिति तया धारिते राजमात्रा
बालं मत्वा नृपरणवहादूरमम्बाऽवलेति ।
अद्रे राजा पुनरपि मिलन् पालपायास्त्रितुङ्ग-
भूपो भागं स्वमधिकृतवान् कान्दिशीकोऽपि कश्चित् ॥१८॥

यसरी फेरि पनि उनै राजमातावाट राजकाज चलाइँदा, राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रणवहादुर बालक छन्, आमा अवला हुन्, भन्ने ठानेर पर्वते राजा (पाल्पाली राजा सँग मिलेर अँघी डरले भागेका थिएतापनि तनहुँका राजाले फेरी आफ्नो केही भूमि फिर्ता गरे ॥१८।

स्फीतोत्साहाः पुनरिति जयात् संहताः स त्रितुङ्ग-
भूपोऽद्रीशो विकृतमनसो लम्बयुग्मेश्वरोऽपि ।
तृष्णाधीना हतनियतयः संयताः कालपाशै-
र्गोरक्षेऽपि स्वबलनिवहैर्निर्भयाः स्थाभिमान्ति ॥१६॥

विजय पाउँदा उत्साह वढेका, मन विगाडनेका तनहुँका राजा, पर्वते राजा, लंजुङ्का राजा मिलेर, तृष्णावश, कालपाशले बाँधिएका अभागी हूँदा निर्भय भित आफ्ना फौज लगेर गोर्खामा पनि आक्रमण गरे ॥१६॥

निस्त्रिंशादिप्रहरणकरैः सैनिकैः सीरहान-
चोके सर्वान् युधि पर-गणाँस्ताँश्च सिंहोऽमराद्यः ।
धूली-कुर्वन् प्राहत उरुधी-वीरराजेन्द्रलक्ष्म्या
पारे-चम्पावति च कृतवान् स प्रदेशानधीनान् ॥२०॥

ठूलो बुद्धि भएकी वीराङ्गना महारानी राजेन्द्रलक्ष्मीवाट पठाइएका सेनापति अमरसिंहले खड्ग आदि हतियारले सुसज्जित सैन्यहरुका साथ गई युद्ध गरेर सिरानचोकमा पराइ सैन्यलाई ध्वस्त गर्दै चेपे नदीका पारी पट्टिका प्रदेशलाई पनि आफ्ना वनाए ॥२०॥

कास्की युद्धादपि पर-बले भग्नसत्त्वेऽभियाते-
गोरक्षीया द्रुतमभिययुर्यामरुक्प्रदेशम् ।
तत्र प्राप्तं परवलमथ क्रुद्धसिंहोरुसत्त्वाः
सिंहा मत्तामिव गजघटां सङ्गराद्द्राङ् निरास्थन् ॥२१॥

निस्तेज भएका पराई सैन्यहरु संग्रामवाट भागी कास्की पोखरामा गोर्खालीहरुले तुरन्त थ्यामरुकमा चढाई गरे, अनि त्यहाँ आएका पराई सैन्यलाई ठूलो बल भएका सिंहहरुले मत्त हात्तीहरुलाई झैं तुरन्त रण भूमिवाट लखेटे ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीराः कास्कीं जित-पर-बला लम्बयुग्मं त्रितुङ्गं
वश्यान् कृत्वा युधि बलिपुरो-भञ्जनं भक्तिथापाम् ।
बद्ध्वाऽऽनन्युस्त्रिदिवमगमद् वीर आद्योऽध्वनोऽन्त्यः
प्राणेष्वास्थामपि परिहरन् नाऽभवद् वैरिपक्षः ॥२२॥

पराइ सैन्यलाइ जितेका ती वीरहरुले कास्की, लंजुङ्, तनहुँलाई आफ्ना वशमा गरेर बलिभञ्जन र भक्तिथापालाई बाँधेर ल्याए बलिभञ्जन मल्ल बाटैमा स्वर्गवासी भए, भक्तिथापा पनि प्राणमा आस्था नराखी शत्रुपक्ष भएनन् ॥२२॥

आस्माकीनं भवनमपि तन्मन्यमानो द्वितीयं
रक्ष प्राणानिति सु-मनसा लम्बयुग्मेश्वरेण ।
भक्त-प्रेम्णा विमल-मतिनाऽऽज्ञापितः स्वामिभक्तो
गोरक्षीयो बलपतिरभूद् भक्तिथापाः स पश्चात् ॥२३॥

पछी राम्रो भावना भएका, निर्मल बुद्धि भएका लंजुङ्का, राजाले 'त्यो पनि हाम्रो दोस्रो घर हो भन्ने संझेर प्राणको रक्षा गर' भन्ने आज्ञा-दिएकाले स्वामिभक्त भक्तिथापा गोर्खाका सेनापति भए ॥२३॥

एवं भग्नाः प्रतिरणमपि ज्ञातगोरक्षवीर्याः
कालेऽतीते कृतदृढबलाउन्नमय्योत्तमाङ्गम् ।
गोरक्षीयैरधिकृतचरे लम्बयुग्मऽभियान्तः
सज्जीभूताः पुनरपि युधे पर्वतादिक्षितीशाः ॥२४॥

यसरी प्रत्येक युद्धमा भागेका गोर्खाली फौजको बल सम्झेका पर्वतें राजाहरु केही काल बिते पछि सेना बलीया बनाएर आफ्नो शिर उठाई गोर्खालीहरुले अधीनमा राखिएको लंजुङ्मा आक्रमण गर्दै फेरि पनि युद्धका लागि तैयार भए ॥२४॥

गोरक्षात् तत्प्रतिकृतिपरो वीरवर्योऽभिमान-
सिंहः सैन्यैः सममपभयैः सङ्गराय प्रतस्थे ।
संमर्दोऽभदुभय-बलयोः शस्त्रजालैर्मकाय-
दण्डे चाऽन्ते तम इव रवेः संहतास्ते परास्ताः ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसको प्रतीकार गर्न तत्पर भएका अभिमानसिंह वस्नेत्ले युद्ध गर्न भनि निर्भीक सैन्य सहित गोर्खाबाट प्रस्थान गरे, दुइ थरीको मकैडाँडामा युद्ध भयो अन्त्यमा संयुक्त (पर्वते आदि) सूर्यबाट अन्धकार झैं परास्त भए ॥२५॥

एवं कूटं भृगुमपि रणे मर्दयन्तो विपक्षान्
गोरक्षीयाः शतह-सहितं वीर-वर्या ऋषिङ्गम् ।
गोरक्षाऽन्तः समर-जयिनो मेलयित्वा प्रदेशान्
स्मेरां राज्ञीं विनय-विनताः स्मेर-वक्त्राः प्रणेमुः ॥२६॥

एवम् वीरहरुमा श्रेष्ठ युद्धमा विजयी गोर्खालीहरुले युद्धमा विपक्षीहरुलाई निमोठ्दै भीरकोट, शतहुँ, रिषङ् प्रदेशलाई गोर्खा भित्र मिलाई नम्रताले झुकी हँसीला मुख गराई हँसीलो मुख भएकी रानी लाई ढोग दिए ॥२६॥

अस्त्री लोको रण इति तया स्त्री व्यधायि स्वयं तु
संनह्यन्ती बलमनुदिनं वर्धयन्ती च देवी ।
दाम्यन्ती सा निखिल-नृपतींस्तन्वती च स्वराज्यं
भूत्वाऽपि स्त्रीत्यविदित-भया पौरुषं स्वी-चकार ॥२७॥

यस प्रकार राजेन्द्रलक्ष्मीले युद्धमा शस्त्र धारीहरुलाइ स्त्री जाति तुल्य गराइन् आफुले त प्रतिदिन सैनिक शक्ति बलियो गराउँदै एवं बढाउँदै, सम्पूर्ण राजाहरुलाई दमन गर्दै, आफ्नो राज्य फैलाउँदै स्त्री भएतापनि निर्भीक रानीले पुरुषार्थ लिइन् ॥२७॥

अब्दानित्थं नव विमल-धीर्वीर-राजेन्द्रलक्ष्मीः
शासित्वोर्वीं त्रिदिवमगमत् कीर्ति-विद्योतिताऽऽशा ।
स्व-भ्रातीय-प्रणय-वश-गो देश-भक्तो विवेकी
भूयोऽप्यत्राऽऽगमदथ बहादूरसाहो मस्वी ॥२८॥

यस प्रकार नौ वर्ष संम पृथ्वीको शासन गरी निर्मल बुद्धि भएकी कीर्तिले सबै दिशा चहकिला गराएकी वीराङ्गना राजेन्द्रलक्ष्मी स्वर्ग जानु भयो, त्यस पछी आफ्ना भतिजामा प्रेम गर्ने देशभक्त, विवेकी, मनस्वी बहादुर साह फेरीपनि यहाँ (राजधानी) आउनु भयो ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एवं भूपात् प्रति रणबहादूरसाहात् स भूतः
पूर्वं सम्यक् सह बलवता सन्धिमाधाय धीमान् ।
पूर्णोत्साहो व्यवहृति-पटुर्जेतु-कामो दिशः सन्
नीतौ दक्षः समुपयतवान् पालपा-भूप-पुत्रीम् ॥२६॥

यस प्रकार राजा रणबहादुरसाहका प्रतिनिधि बनेर, ठूलो उत्साह भएका व्यवहारमा सिपालु, नीतिमा निपुण बुद्धिमान् बहादुरसाहले बलवान् सङ्ग राम्रो सन्धि गरी दिग्विजय गर्ने इच्छाले सर्व प्रथम पालपाली राजाकी छोरी विवाह गर्नु भयो ॥२६॥

निःशङ्कः सन्निति परिभवादन्यदीयान्मनस्वी
वीरो वीरान् गुण-युग-वसु-क्ष्मा-मिते वैक्रमाऽब्दे ।
शाणोल्लीढ-प्रहरण-करैः कार्यि-दामोदरादीन्
सेनाधीशानतुलित-बलैः प्राहिणोत् पश्चिमायाम् ॥३०॥

यस प्रकार अरुद्वाराहुने तिरस्कारबाट निःशङ्क भई वीर मनस्वी बहादुरसाहले विक्रम संवत् १८४३ मा शानलगाइएका (तीखा) हतियार हातमा लिएका अनगन्ती सैन्य सहित काजी दामोदरपाण्डे आदि सेनापतिहरुलाई पश्चिममा पठाउनु भयो ॥३०॥ वा।।८५४।०

शौक्रे वीरा दशम-दिवसे धर्षयन्तो विपक्षान्
स्फीतोत्साहाः सु-महिम-रुरुक्षेत्रमापुर्जवेन ।
शालग्रामान् कलिमल-हरान् बिभ्रती विष्णु-रूपा-
ल्ँलोलद्-वीचिर्वहति रभसा गण्डकी यत्र काली ३१

ठूलो उत्साह भएका ती वीरहरु विपक्षीहरुलाई भस्काउँदै वेग साथ ज्येष्ठ १० गते ठूलो महिमा भएको रुरुक्षेत्र (रिडी) पुगे, जहाँ कलिको पाप नाश गर्ने विष्णुरूप शालग्रामहरु धारण गरी चञ्चल तरङ्ग भएकी काली वेगका साथ बग्दछिन् ॥३१॥ वा।८।६

विष्णुर्यस्मिन् रुरु-कृत-तपः-प्रीत-चित्तोऽघ-हारी
भक्तान् रक्षन् विलसति हृषीकेश-नाम्नाऽधुनाऽपि ।
तप्त्वा यस्मिन् पुलह-भरतौ देवदत्तादयः प्राक्
सिद्धिं प्रापुः परम-मुनयो योग-लब्धात्म-तत्त्वाः ॥३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ रुरुले गरेका तपस्यावाट प्रसन्न मन हुनु भएका पापको नाश गर्ने हुनुहुन्छ, जहाँ अँघी पुलह, भरत, देवदत्त आदि महर्षिहरुले तपस्या गरी योगद्वारा आत्मतत्त्वको ज्ञान गरी सिद्धि प्राप्त गर्नु भएको थियो ३२

क्ष्वेडा-नादैः सह पर-कुलैः कम्पयन्तोऽद्रि-कूटान्
प्रस्थायेतोऽप्रतिहत-रयाः सैनिकाः प्रापुरग्रे ।
आशङ्कैष्यषामतुल-तरसामाक्रमं पूर्वमेव
प्राणान् रक्षन् निशि परिजनैर्व्यद्रवद् गुल्मि-भूपः ॥३३॥

सिंहनादले पराईलाई र पर्वतका चुचुरालाई थर्काउँ दै तो सैनिकहरु वेग नरोको रिडीवाट अगाडी गए, अनुपम वेग भएका यिनीहरुले आक्रमण गर्छन् कि भनि शङ्का गरी परिजन सहित गुल्मीका राजा प्राणको रक्षा गर्दै पैलेनै रातीमा भागे ॥३३॥

इत्थं कृत्वा सुखमधिकृतिं गुल्मिनि स्व-प्रतापा-
ज्जग्मुः खाँचीमप-रण-भया योगनारायणाद्याः ।
खाँची-भूपेऽपि निशि सहसा प्लायमानेऽतिभीते
चख्नुर्वीरा इह विजयिनो वैजयन्तीं स्वकीयाम् ॥३४॥

यस प्रकार अनायास आफ्नो प्रतापद्वारा गुलमीमा अधिकार जमाए-पछी, युद्धको डर नभएका योगनारायणमल्ल आदि खाँची गए खाँचीका राजापनि डराई रातीमा भागेर विजयी गोर्खालीवीरहरुले खाँचीमा आफ्नो विजय पताका रोपे ॥३४॥

तत्संरम्भे समर-शिखरे नर्तयन्तोऽस्त्र-जालं
धीरा वीराः समर-कुशला ऋष्यश्रृङ्गेऽर्जुनेऽपि ।
अभ्याजग्मुः क्षत-पर-मदा रंहसा जीवसाहः
सेनाध्यक्षा अविदित-भयाः पार्थमुख्याश्च सैन्यैः ॥३५॥

त्यै सिलसिलामा सैन्य सहित भय भन्ने न जान्ने युद्धमा सिपालु जीवसाह, पार्थ भँडारी आदि धीर वीर सेनापतिहरुल पराईको मद झार्दै युद्धका अगाडी हतियारहरु नचाउँदै वेगले रेसुङ्गा, अर्जुंगारमा चढाई गरे ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्ष्वेडानादैर्बल-कलकलैरप्रमेय-प्रतापैः।
शस्त्रैस्तीक्ष्णैरपि पर-बलं धर्षयन्तोऽर्दयन्तः।
अर्घां प्रापुः समर-जयिनो धीर-गोरक्ष-वीरा
यस्यां काम-प्रद-भगवती राजते विश्व-वन्द्या ॥३६॥

सिंहनाद, सेनाको कलकलशब्द, अनुपम प्रताप र तीखा हतियारहरु द्वारा पराईका सैन्यलाइ झस्काउँदै, निमोठ्दै युद्धमा विजयी वीर गोर्खाली वीरहरु अर्घा पुगे, जहाँ विश्ववन्द्या ईप्सित फल दिने भगवती विराजमान हुनु हुन्छ ॥३६॥

गोरक्षीय-प्रतिकृति-पराः पर्वतीया धृताऽस्त्रा-
स्तत्राऽऽजग्मुः प्रहरणचणा-युद्ध-कण्डूतिमन्तः।
संमर्दोऽभूदुभय-बलयोर्भीषणः पर्वतीयान्
घ्नन्तः शेषानपि समरतः प्लाययामासुरन्ते ॥३७॥

गोर्खालीको प्रतीकार गर्न भनी हतियार लिएर प्रहारगर्न सिपालु पर्वते सैन्यहरु युद्धको चिल्याटलागी त्यहाँ (अर्घा) आए र दुइ थरी सैन्यको भीषण युद्ध भयो, अन्त्यमा पर्वते सैन्यलाई मारी वाँकी रहेकालाई पनि युद्धवाट लखेटे ॥३७॥

अद्रेः सैन्यानिति युधि पराभूय गोरक्ष-वीरा
जित्वाऽर्घां ते मुदित-मनसः प्रस्थितास्तत्प्रदेशात्।
रोद्धुं वाटं पुनरुपगतान् पर्वतीयान् विजित्य
स्फीतोत्साहा द्रुतमभिययुर्देशमीश्माऽभिधं ते ॥३८॥

यस प्रकार युद्धमा पर्वते सैन्यलाई हटाई अर्घा जितेर हर्षित मन भएका गोर्खाली वीरहरुले त्यहाँ वाट प्रस्थान गरे, फेरी वाटो रोक्न भनि पुगेका पर्वतीय सैन्यलाई जिती उत्साह वढेका ती गोर्खाली वीरहरुले तुरुन्त ईश्मामा चढाई गरे ॥३८॥

वीर-व्रातं सुदृढममरः सह आत्ताऽस्त्र-शस्त्रं
नीत्वा सार्धं सपदि च तदा चन्द्रकूटेऽभियाय।
अभ्यागच्छत् समर-विजयी व्याघ्रलुङ्गेऽद्रि-भूप-
स्त्रस्तो वीरैरिति परिवृतो जीवनं याचते स्म ॥३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस समयमा अमरसिंहथापाले अस्त्र, शस्त्र लिएका वीर वर्गलाई साथमा लगी तुरुन्त चन्द्रकोटमा चढाई गरी संग्राममा विजयी उनले वाघलुङ्गमा आई चढाई गरे यस प्रकार जतातते बाट गोर्खाली वीरहरुले घेरामा पारी तर्साइएका पर्वतीय राजाले जीवन याचना गरे ॥३६॥

खड्गच्छत्राऽङ्कितमभिययुस्तेऽथ कूटं ध्रुवाऽऽद्यं
मूषीकूटं समरजयिनो वामरुक्के-तदानीम् ।
इच्छा-पूरं कनककशिपु-ध्वंसनं श्रीनृसिंहं
भक्त्या नेमुर्हरिरिति मुदा भू-धरं श्रीवराहम् ॥४०॥

त्यस पछि युद्धमा विजयी ती गोर्खाली वीरहरु खड्गछत्रदेवीले सुशोभित ध्रुवकूट (धुर्कोट) मा र मूषीकोटमा चढाई गरे, त्यस समयमा वामरुकमा इच्छा पूर्ण गरिदिने हिरण्यकशिपुको वध गर्ने श्रीनृसिंह भगवान् र पृथ्वीलाई धारण गर्ने श्रीवराह भगवान् लाई सहर्ष भक्तिपूर्वक ढोगे ॥४०॥

दृष्ट्वा मूर्ति-द्वयमिति हरेरूर्जितोत्साह-मालाः
सस्यैः श्यामैः कलमथ नदी-मातृकं दर्शनीयम् ।
प्रायुर्वेगैर्विजित-पवनैस्ते प्रतिष्ठान-देशं
प्यूठानं तत्-प्रभव-वचसा साम्प्रतं यं भणन्ति ॥४१॥

यस प्रकार भगवान्का दुइ मूर्तिको दर्शन गरी उत्साहका लहरी वढेका ती गोर्खाली वीरहरु वायुलाई जित्ने वेगले कुलाका पानीले खेती हुने हरिया धानले शोभित प्रतिष्ठान देशमा पुगे जुन (प्रतिष्ठान) लाई आज भोली मानिसह प्यूठान भन्द ॥४१॥

अम्बा पुत्रानिव भगवती पालयन्ती प्रपन्नान्
भक्तान् स्वीयानपि सुर-गणैः सेव्यमानाऽङ्घ्रि-पद्मा ।
शोकान् रोगानतिकरुणया वारयन्ती पढीती-
र्नित्यं यस्मिन्नतुल-महिमा राजते कालिकाऽम्बा ॥४२॥

जहाँ (प्रतिष्ठानमा) आमाले छोराहरुलाई झैं शरणमा पुगेका आफ्ना भक्तहरुको पालन गद, देवगणद्वारा चरण कमल सेवित ठूलो महिमा भएकी आमा कालिका भगवती ठूलो दया पूर्वक शोक, रोग,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६ ईति (अतिवृष्टि, अनावृष्टि, मूषा शलह, पन्छीह स्वचक्र परचक्रबाट हुने भय) हटाउँदै नित्य विराजमान हुनु हुन्छ ॥४२॥

माया-जालाच्छल-पटु-कृतात् काममज्ञान-जालाद्
दुष्टज्जालादगणित-विपज्जालतो व्याधि-जालात् ।
नित्यं भक्तान् स्व-शरण-गतान् पाति सम्यच् स्वकीया-
नित्यन्वर्था जयति स-दया जालपा यत्र देवी ॥४३॥

जहाँ फटाहाहरुका माया जाल, अज्ञान जाल, दुष्ट जाल, बेगन्ती विपत्ति जाल व्याधि जालबाट आफ्ना शरणमा आएका आफ्ना भक्त हरुको नित्य राम्ररी पा (रक्षा) गर्ने हुनाले सार्थक नाम भएकी दयालु जालपादेवी विराजमान हुनु हुन्छ ॥४३।

देशे यस्मिन्निव हिम-करं स्प्रष्टु-कामेऽतितुङ्गे
लोकाऽऽराध्यो रुचिर-खदिर-ग्राम-कूटे मनोज्ञे ।
भाले स्वच्छ-स्फटिक-तिलकः पाटलाङ्गोऽहि-रूपो
लोकान् रक्षन विलसति सदा काम-धुग भूमिदेवः ४४

जहाँ चन्द्रमालाई छुन इच्छा गरे जस्तो अति अग्लो मनोहर चाख लाग्दो खैरा गाउँको कोट (खैराकोट) मा निधारमा स्वच्छ स्फटिक जस्तो (सेतो) टीका लगाएका रातो शरीर भएका इच्छा लागेका कुरा पुऱ्याई दिने नागरूप भूमिदेव (भूमे) लोकको रक्षा गर्दै शोभित हुनु हुन्छ ॥४४॥

यस्मिन् देवो विपदि मनसा स्मर्यमाणोऽपि लोकैः
प्रत्यूहं द्राक् तम इव रविर्दुर्निवारं च तेषाम् ।
दूरी-कुर्वन्नवति सततं भैरवस्तान् दयालु-
स्तातः पुत्रानिव कनखला.नाम.खोला.तट.स्थः ॥४५॥

जहाँ कनखलानामक खोला (काँत्रा खोला) का तीरमा रहनु भएका दयालु भैरव देवले विपत्मा जनहरुद्वारा मनले संझीइनु हुँदा तिनिहरुका हटाई न-शकिने विघ्नलाईपनि सूर्यले अन्धकारलाई झैं तुरुन्त हटाई दिएर जनहरुलाई पिताले पुत्रहरुलाई झैं सदा रक्षा गर्नु हुन्छ ४५

पक्षाल्याच्छैर्हिमगिरिगुहां गोमुखान्निःसरन्ती
वेगात् पूता कलिमल.हरा गोमुखीति प्रसिद्धा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिञ्चन्त्युर्वीमभित उदकैर्लोल.कल्लोल.लीला
भीमाऽऽवर्ता प्रवहति नदी यत्र धर्मावतीति ॥४६॥

जहाँ गाईका मुखवाट निस्केकी हुनाले 'गो मुखी' भन्ने नामलेप्रसिद्ध भएकी चञ्चल तरङ्ग एवम् डर लाग्दा भोरी भएकी कलियुगको पापनाश गरिदिने पवित्र धर्मावती नदी स्वच्छ जलले हिमालका गुफा पखाली दुवै तीर भूमिको सेचन गर्दै वेगले वग्द छिन् ॥४६॥

नद्यास्तस्या विमल–सलिले–मन्दित–स्फाटिकाऽऽभे
स्नात्वा वीरा विमल–मनसः प्राथ्य देवीश्च देवान् ।
प्रस्थायेतस्त्वरित–गतयो होरया सार्धयाऽऽपु–
नीलाऽश्माऽऽभां भुजग-गमनां माण्डवीमापगां ते ॥४७॥

ती नदीका स्फटिकको कान्तिलाई हसी उडाउने स्वच्छ जलमा स्नान गरी निर्मल मन भएका वीरहरु उक्त देवी देवताको प्रार्थना गरी यहाँ-वाट प्रस्थान गरी तीव्र गति भएका तिनीहरु डेढ घण्टामा नीलमणिको जस्तो कान्ति भएकी सर्प जस्तो (टेडो) वगेकी माण्डवी (माणी) नदी पुगे ॥४७॥

यस्यां मेरोरिव कनकवत्पार्श्व–शैलात प्रसूतो
लुङ्ग्री खोलो मिलति रभसा तत्र ते वालुकाभिः ।
गोरक्षीया रुधिर–कलुषं पीत–चामीकरीय–
चूर्णाक्ताभिर्विदधुरमलं मार्जनादस्त्र–जालम् ॥४८॥

जुन (माणी) मा सुमेरु पर्वत जस्तो समीपको सुनले युक्त भएको पर्वतवाट निक्लेको लुंग्री खोलो वग साथ मिल्दछ, त्यहाँ गोर्खाली वीर-हरुले पहेंला सुनका चूर्ण मुछिएका वालुवाले माझेर रगतले खिया लागेका हतियारहरुलाई झल्किने गराए ॥४८॥

विश्रम्येह क्षणमथ नदीं पारयित्वा प्रसूनै–
र्वन्धूकाद्यैः फल–भर–नतैः पूजिते कट्फलाद्यैः ।
स्वर्गद्वारीति विदित–गिरौ न्यक्कृत–स्वर्ग शोभे
सर्वोत्तुङ्गे शिशिर–मरुता सेव्यमाना ययुस्ते ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस पछि तिनीहरु एकछिन् यहाँ विश्राम गरेर नदी तरी शीतलवायु द्वारा सेवित हुँदै जवा आदि फूल एवम् फलका भारले नुगेका काफल आदिले शोभित भएको स्वर्गको शोभालाई जितेको स्वर्गद्वारी पर्वतमा गए ॥ ४९ ॥

कामं क्रोधं मदमपनयन् मोह–मात्सर्य–लोभा–
नब्भक्षः सन् प्रभुरथ शनैर्वायु–भक्षो महात्मा ।
तप्त्वा यस्मिन् दमित–करणो योगि–रूपो यमाद्यै–
र्युक्तः साक्षादकृत परमं ब्रह्म नारायणांशः ॥५०॥

जहाँ (स्वर्गद्वारीमा) नारायणका अंश योगीरूप महात्मा प्रभुले, काम,क्रोध,लोभ,मोह,मद, मात्सर्य हटाई यम, नियम आदिले युक्त भई, इन्द्रिय दमन गरी पानी खाई त्यस पछि सुस्त सुस्त वायु खाई तपस्या गरेर परब्रह्मलाई साक्षात्कार गर्नु भयो ॥५०॥

तन्माहात्म्यान्मरकत-निभे शाद्वलेऽस्मिन् घटोध्न्यः
स्नेहात् सिंहैः सममप-भया यत्र गावश्चरन्ति ।
धूमो यस्मिन्नविरलमिव स्वर्ग-सोपान-भूतः
प्रादुर्भूतो विलसिततमां सम्प्रतं चाऽग्नि-कुण्डात् ॥५१॥

जहाँ (स्वर्ग द्वारीमा) प्रभुका माहात्म्यले हरित मणिजस्ता हरियाली-पूर्ण प्रदेशमा घडा जस्ता कचौंडा भएकी गाईहरु निर्भय साथ स्नेहले सिंह सङ्ग साथै चर्दछन् जहाँ (स्वर्गद्वारीमा) आज भोली पनि अग्निकुण्डबाट लगातार निस्कने स्वर्गको भरेङ् जस्तो धुवाँ सुशोभित हुन्छ ॥५१॥

इच्छा-पूरं सुमधुर-रसैः पूरितानीह साम्लै-
रास्वाद्याऽमी स-रस-रसनाः पर्वते कट्फलानि ।
स्पृह्यं शोभा-जित-सुरपुरं तं प्रतिष्ठान-देशं
दर्शं दर्शं मुदित-मनसो जग्मुरग्रे क्रमेण ॥५२॥

यिनी गोर्खाली वीरहरुले यहाँ जिब्रामा सर्सरी पानीसर्साउँदै अलि २ अमिला ज्यादै गुलिया काफल पेट भरी खाई, शोभाद्वारा स्वर्गलाई जिते को स्पृहणीय प्रतिष्ठान (प्यूठान) देश आनन्दित मनले हेर्दै हेर्दै क्रमशः अगाडी गए ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीनारायणतनुभवापारिबर्हं विधाय
जित्वा दाङ्गं तदनु जयिनो देवखुर्याख्य-देशम् ।
दुष्टद्व्-वक्षो-दलन-पटवो रोलपां मालटादीन्
भेरीं चक्रुर्मथित-रिपवः पश्चिमां राष्ट्र-सीमाम् ॥५३॥

दाङ्ग जिती शल्यानी राजालाई दाङ्ग जितेर पृथ्वीनारायण की छोरी विलासवतीलाइ दाइजो दिए, त्यस पछि विपक्षीका छाती दलनमा चतुर गोर्खालीहरुले शत्रुहरुलाई मथन गरी देउखुरी, रोलपा, मालटा आदि देशलाई अधीन गरी पश्चिम तीर राष्ट्रको सीमा भेरी नदी वनाए ॥५३॥

मुस्ताङ्गेशः परिभव-भयाज्जर्जरेति-प्रसिद्ध-
कूटेशश्च स्वयमवनतौ पूर्वमेवेति ताभ्याम् ।
तत्संरम्भेऽपि भुज-विजया आश्रयं दत्तवन्तो
वृक्षानुन्मूलयति पवनो रंहसा नो तृणानि ॥५४॥

त्यसै सिलसिलामा आफ्नै हातमा विजय थियोतापनि मुस्ताङ्का राजा र जाजरकोटका राजा पहिले नै आफै आई झुकेका हुनाले ती दुइ लाई आश्रय दिए, किनकि वायुले वेग द्वारा रुखलाई ओखल्छ झारलाई केही गर्दैन ॥५४॥

स्फीतोत्साहा इति युधि सुरक्षेत्र-संज्ञं च वश्यान्
दुर्लङ्घ्याख्यं दधि-पद-पुरो-लेखमच्छाम्भसं च ।
धीरा वीराः सपदि विदधुः सार्धमौदुम्बरेण
स्वराट्कालीतट-वहतटीधारचूला ॥५४॥

यस प्रकार युद्धमा उत्साह वढेका धीर बीर वीर ती गोर्खालीहरुले सुर्खेत, दुल्लू, दधिलेख (दैलेख) अछाम, उदुम्बरपुर (डोटी) स्वराड् वैतडी धारचूला आदि देशलाई अधीन गरे ॥५५॥

रिक्ते देशे सह जनतया पलायमाने नरेन्द्रे
दुर्लङ्घ्येशं पुनरपि समाहूय विश्वास्य धीमान् ।
वज्राङ्गेशं नमित-शिरसं सङ्गरात् पूर्वमेव
सेनाधीशो निज-निज-पदेऽस्थापयत् कालुपाण्डेः ॥५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनता सहित राजा भागेकाले देश रित्तो हुँदा दुल्लूका राजा (उत्तमसाही) लाई विश्वास पारी फेरी बोलाई, एवम् युद्ध हुनु भन्दा पैलेनै आएर शिर झुकाएका वझाङ्का राजालाई बुद्धिमान् सेनापति काजुपाण्डेले आफ्ना २ पदमा स्थापित गरे ॥५६॥

अङ्गीकुर्वत्यपि कर-दवतां भीत-कूर्माऽद्रि-भूपे
सन्धामीप्सौ नमित-शिरसि न्यस्त-शस्त्रे रणाग्रे ।
कृत्वा सन्धामिति जित-दिशो वैजयन्तीं स्वकीया-
मुद्धुन्वन्तो विनिववृतिरे राजधानीं कियन्तः ॥५७॥

डराएका कुमाउँका राजाले पनि युद्धका अगाडी हतियार राखी शिर झुकाई कर तीर्न स्वीकार गरी सन्धि गर्न खोजेर सन्धि गरी यस प्रकार दिग्विजय गरेका गोर्खालीवीरहरु प्रसन्न भई आफ्ना ध्वजालाई फर्फर पार्दै राजधानी फर्के ॥५७॥

गोरक्षीयैरपगत-भयैरेषु देशेषु वीरैः
स्वाधीनेषु प्रसृत-समर-स्फूर्तिभिस्तैः कृतेषु ।
न प्रत्यूहं युधि विहितवान् पालपेशः स पञ्च
खाँचीमर्घामलभत ततो गुल्म्यृपिङ्गौ घिरिङ्गम् ॥५८॥

युद्धको स्फूर्ति बढेका निर्भीक गोर्खाली वीरहरुले उपर्युक्त देशहरु अधीन गरे पछि, युद्धमा पालपाली राजाले विघ्न पारेका थिएनन् अतः उन (पालपालीराजा) ले अर्घा, खाँची, गुल्मी रिसिङ् घिरिङ् पैंच पाए ॥ ५८ ॥

भोट्टे स्पर्धां विदधति वहादूरसाह-प्रयुक्ता
वर्षे वीरा-रस-युग-मिते कीर्तिमद्-वर्मसाहौ ।
कृष्णः साहो रिपु-दव-दहःकार्यि-दामोदराद्याः
सेनाध्यक्षा भियुरथो तं जवाद्दिगर्चम् ॥५६॥

यस पछि भोटले खुर्जी खोज्यो र वि० सं० १८४६ मा वहादुरसाहले पठाइएका शत्रुरूपी वनलाई भस्म गर्न, कीर्तिमानसिंह वस्नेत्, वम्साह, कृष्णसाह, काजी दामोदर पाण्डे आदि सेनापतिहरुले वेगसाथ दिगर्चा संम भोटलाई आक्रमण गरे ॥५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोट्टाधीशो ग्लपित-वदनः साञ्जलिर्भग्न सत्त्वो
नश्यद् राष्ट्रं स्वमखिलमिति प्रेक्ष्य पञ्चाऽयुतानि ।
कृत्वा सन्धिं करमनुशरद् ग्राहयन् भोट्टदेशाद्
गोरक्षीयैरधिकृत-भुवां मोचयामास काश्चित् ॥६०॥

यस प्रकार आफ्नो सब राष्ट्र नष्ट हुन लागेको देखेर, हारखाई मलिन मुख लगाएका भोटका राजाले नम्र भई अञ्जलि बाँधी भोटबाट गोर्खालीलाई प्रतिवर्ष ५०००० (पचास हजार) कर दिने गरी सन्धि गरेर गोर्खालीले अधीन गरेका भूभागहरु मध्ये केही छुटाए ॥६०॥

गोरक्षीया अथ जनपदान् रंहसा मुक्तिनाथ-
वाटेनेत्वा सपदि यमला-होमलादीन् विजित्य ।
प्रत्यावृत्य प्रथित समर-स्फूर्तयो राजधानीं
ते सोत्साहाः पुनरपि ययुर्दिग्जयाय प्रतीचीम् ॥६१॥

यस पछि ती उत्साही युद्धमा फूर्ति चलेका गोर्खाली वीरहरुले वेग साथ मुक्तिनाथको बाटो गई तुरुन्त जुमला, हुमला आदि देशहरु लाई जितेर राजधानी फिर्ता भइ दिग्विजय गर्ने भनि फेरी पनि पश्चिम तीर गए ॥६१॥

भूयः कूर्माऽचलमभिययुर्येन सन्धिः पुराऽऽसीत्
तस्मिन् भूपे पर-रिपु-हते, तेऽथ, केदार-खण्डम् ।
जित्वा वीरा अविहत-रयाः श्रीमयूरं क्रमेण
क्ष्वेडानादैर्युधि पर-बलं धर्षयन्तोऽभिजग्मुः ॥६२॥

अनी जस सङ्ग सन्धि भएको थियो ती राजा अरु शत्रु द्वारा मारिएकाले फेरी कुमाउँमा चढाई गरी त्यस पछी गढ़वाल विजय गरी वेग न रोकिएका गोर्खालीवीरहरुले युद्धमा अरुका सैन्यलाई सिंहनादले झस्काउँदै क्रमशः श्रीमोडमा चढाई गरे ॥६२॥

वश्ये भूतेऽपि रण-जयिनस्तेऽथ केदार-खण्ड-
भूपे म्लाने चरण-पतिते सन्धिमीप्सौ शरण्याः ।
धीरा वीरा विहित-यमुना-मध्य-सीमान आयुः
सन्धिं कृत्वा मुदित-मनसो राजधानीं क्रियन्तः ॥६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस पछी गढवालका राजा अधीन भै सकेका थिएता पनि मलिन भई चरण परी सन्धि गर्न चाहेका हुनाले शरणमा आएकाको रक्षा गर्ने समरविजयी गोर्खाली वीरहरु सन्धि गरी यमुना नदीको माझलाई सीमा बनाई प्रसन्न मन भई केही राजधानी फर्के (केही वहीं वसे) ॥६३॥

भूयो देयं करमददतं स्पर्धमानं धनानि
क्रोधोद्दीप्ता अतुलित-बला भोट्टमाक्रम्य वीराः ।
गोरक्षीया रणमुपगतान् मर्दयन्तो विपक्षा-
नाजह्रुस्ते निजभुजबलादेव कुप्येतराणि ॥६४॥

फेरी दिनु पर्ने कर न दिई सेखी गर्ने भोटेलाई चिताइनसकिने बल-भएका रिसले जलेका गोर्खाली वीरहरुले आक्रमण गरेर संग्राममा आएका विपक्षीहरुलाई दलित गर्दै आफ्ना बाहुबलले नै सुन-चाँदी लिए ॥६४॥

साहाय्यं तत् प्रतिकृति-परो भोट्टभूपो ययाचे
सुक्षेमेशं बलमभिययौ तत् तदीयं च वेगात् ।
गोरण्डीय-प्रहरण युतं पारकैरात्देशे
गोरक्षीयैः सह युद्भवच् शस्त्र-जालैर्निशातैः ॥६५॥

त्यस पछि थाटो फेर्न इच्छुक भोटका राजाले सिक्किमका राजासित सहायता मांगे, अनि सिक्किमका राजाले फिरङ्गीको सहायता लिएर पल्लो किरात (चैनपुर) मा वेगले चढाई गरेर गोर्खालीहरु सङ्ग युद्ध भयो ।६५।

सिंहा मत्तामिव गजघटां निर्भयाः सिंहनादै-
र्गोरक्षीयाः पर-बलमिदं धर्षयन्तश्च शस्त्रैः ।
विध्यन्तस्ते क्षतवपुरथो कान्दिशीकं च शेषं
सद्यो वीराः समरपुरतः प्लाययन्तोऽनुजग्मुः ॥६६॥

सिंहहरुले मत्त हात्तीको वथानलाई झैं निडर ती गोर्खाली वीरहरु प्रतिपक्षीहरुलाई हतियारहरुले तर्साउँदै र वेध्दै, घाइते भएर वचेका, डरले भागेका सेनाका पछि पछि गए ॥६६॥

गोरक्षीयाः पुनरपि रिपून् पारयित्वेति तिष्ठां
सौ मेण प्रहृति-पटवो ग्राहयित्वा नृपेण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्षीय-क्षितिपतिमणेराधिपत्यं पताका
उद्धून्वन्तो विनिववृतिरे राजधानीं प्रसन्नाः ॥६७॥

यसरी प्रहार गर्ने सिपालु गोर्खाली वीरहरुले विपक्षीका सेनालाई तिष्टा नदीबाट पार गराएर फेरीपनि सिक्किमका राजालाई गोर्खाली राजाको प्रभुत्व स्वीकार गराई, पताका फहराउँदै सहर्ष राजधानी फर्के ६७

गोरक्षीयैरिति युधि बले चूर्णिते भोटभूपः
सुक्षेमीये शरणमगमच्चीनभूपं विषण्णः ।
दर्पात् तुङ्थाङ्पतदयुतैः सप्तभिर्भीममूर्ति-
र्गोरक्षीय-प्रतिकृति-परः सैनिकैराजगाम ॥६८॥

संग्राममा गोर्खालीहरुले सिक्किमका सेनालाई परास्त गरे पछि भोटका राजाले खिन्न भएर चीनका राजाको शरण लिए । अनि चीनी सेनापति तुङ्थाङ् गोर्खालीहरुको प्रतीकार गर्नामा तत्पर भएर ७० हजार फौजका साथ आए ॥६८॥

गोरक्षाच्च प्रथितयशसः सङ्गरे वीर वर्याः
प्रत्यभ्येतुं प्रययुरभया वर्मसंनद्धगात्राः ।
वीरैरेतैः प्रमथितमदः शस्त्रजालैश्च तुङ्थाङ्
सन्धिव्याजात् स मलिनमना जेतुमैच्छद् रणेऽमून् ६९

यता गोर्खाबाट पनि युद्ध गर्दा गर्दै यश फैलिएका निडर वीरहरु कवच पहिरेर आफुमाथिको चढाईको साटो फेर्न गए यिनी वीरहरुले शस्त्र-हरु द्वारा अभिमान चूर गरे पछि कपटी मन भएका तुङ्थाङ्ले सन्धि गर्ने मिहुँले युद्धमा गोर्खाली वीरहरुलाई जित्ने इच्छा गरे ॥६९॥

गोरक्षीया अपि विदिततन्मानसा नीतिमन्तः
'सर्वे सैन्या' इति कलयितुं शृङ्गकोटौ पशूनाम् ।
वृक्षेष्वेवं पथिषु विपिने ज्वालयित्वोल्मुकानि
वेत्रावत्या अपि निशि जवादेव सेतुं बभञ्जुः ॥७०॥

बुद्धिमान् गोर्खाली वीरहरुले पनि तुङ्थाङ्को विचार बुझेर 'यी सब सेना हुन्' भन्ने देखाउन पशुहरुका सींगका टुप्पामा, रुखमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाटामा, तथा जतातते वनमा राँका र ठूला बाती सल्काए, रातिमा वेग-सित गएर वेत्रावतीको पुल तोडे ॥७०॥

सन्धिव्याजाद् भृगुयुतपथं चोकदे-शैलमध्य-
मानीतांस्तानपथ-विकलानायुधैस्तीक्ष्णधारैः ।
आक्राम्यन्तोऽन्धतमसपथाद् रंहसा चीन-सैन्यान्
शाणोल्लीढैश्छल-फलमदुः संहरन्तो निशीथे ॥७१॥

सन्धि गर्ने निहुँले, चोकदे पर्वतको बीचमा रहेको भीरै भीर भएको बाटामा ल्याइएका, बाटो न पाएर आत्तिएका चीनी सैन्यहरुलाई गाढ अन्धकार भएका बाटाबाट आक्रमण गर्दै गोर्खाली वीरहरुले शान लगाएका तीखा धार भएका हतियारहरुले हानेर छलको फल चखाए ७१

केचिन्नष्टा इति हि निशितैरायुधैर्भिन्नगात्रा
भ्रष्टाः केचित् स्वयमपि भृगोः पिच्छिलाच्चीन-सैन्याः ।
मत्वा योद्धॄनगणित-गणानुल्मुकान्वीक्षमाणा
वेत्रावत्यां सरिति बहवः प्लायमाना ममज्जुः ॥७२॥

तीखा शस्त्रहरुले हानिएका चीनी सैन्यहरु केही मरे, केही घाइते भए, कति चिप्लो भीरबाट खसे। राँकाहरु देख्दा योद्धाहरुको गनि-नसकिने संख्या मानेर भाग्दा धेरै जसो वेत्रावतीमा डूबे ॥७२॥

इत्थं नष्टे स्वबहुल-बले वेपमानः क्षतौजाः
शुष्यद्वक्त्रः परिभवमिति प्राप्तवानस्त-दर्पः ।
गोरक्षीयाननुपम-बलान मन्यमानो ह्यजय्याँ-
स्त्यक्तचेताः कपट-रहितंसन्धिमैच्छत् स तुङ्थाङ् ॥७३॥

यसरी आफ्ना धेरै सैनिकहरु नाशिए पछि, ओज अभिमान नष्ट भएका मुखसुकेका, मुटुथर्केका तुङ्थाङ्ले गोर्खालीहरुलाई अनुपम बल भएका जित्न न सकिने ठानेर निष्कपट सन्धि गर्न विचार गरे ॥७३॥

गोरक्षीय-क्षितिपति-मणेर्भोट्ट-भूपेन सार्धं
मैत्री तिष्ठेदनिशममला चीनदेशाधिपेन ।
गोरक्षीये ननु जनपदे पादमात्रेऽपि चीनो
गोरक्षोऽद्य प्रभृति च युधे टेकतां नापि चीने ॥७४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोर्खाली राजाको भोटका राजा सँग र चीनका राजा सँग सदा निर्मल मैत्री स्थिर रहोस्, र आज देखि चीनले युद्धका लागि गोर्खाको भूमिमा एक पाइला मात्र पनि र गोर्खाले चीनमा पनि न टेकुन् ॥७४॥

सन्धायैवं ग्लपित-वदनो लब्धजन्मेव भूय-
श्चीनं तुङ्थाङ् ग्रह-युग-वसुद्मामिते वैक्रमाब्दे ।
शेषैः सैन्यैः सह स विरलैराश्विने मास्ययासीत्
प्राहैषीद् द्राक् तत उपहृतिं ज्ञात-गोरक्षवीर्यः ॥७५॥

यस प्रकार सन्धि गरेर अर्को जन्म पाए जस्ता निन्याउरो मुख भएका तुङ्थाङ् वि० सं० १८४६ को असौज महिनामा बाँकी रहेको सैन्य लिएर चीन फर्के, अनि गोर्खालीहरुको पराक्रम जानेका उनले वहाँबाट उपहार पठाए ॥७५॥

चीने सन्धिं कृतवति रणे भग्न-सामर्थ्य-दर्पे
गोरक्षेण प्रथितयशसा त्रस्यमानाऽन्तरालाः ।
गोरण्डोऽपि द्रढयितुमथो सन्धिमैच्छद्विनीतो
गोरक्षेशं शरणमगमन् भीतिमन्तः परेऽपि ॥७६॥

लडाईमा शक्तिको अभिमान चूर भएर चीनले यशस्वी गोर्खासित सन्धि गरे पछि मनमा त्रास परी विनीत भएको फिरङ्गीले पनि सन्धि बलियो बनाउने इच्छा गर्‍यो । अनि डरले थर्थर काँपेका अरु पनि गोर्खाली राजाको शरण परे ॥७६॥

वीरा भूयो रणचणतराः सोलनाऽऽख्यं वघाटं
हण्डूराऽऽख्यादनु कहलुरं तेऽथ निद्रावनं च ।
चक्रुर्वश्यानविहतरया मण्डि-युक्तं सुकेतु
किंस्थूलाऽऽख्यं मथितरिपवो भज्जिसंज्ञं च देशान् ॥७७॥

युद्ध गर्नामा अत्यन्त प्रसिद्ध, विपक्षी हरुलाई दमन गर्ने, कतै पनि वेग न रोकिने भएका गोर्खाली वीरहरुले सोलन, वघाट, हण्डूर, कहलूर, निदावन, सुकेत, मण्डी, क्यिंथूल, र भज्जीलाई आफ्नो अधीन गरे ७७

वश्यं कृत्वा सह कलशिना राज-पूर्वं पुरञ्च
कृत्वा वीरा वरुणदिशि ते राष्ट्र-सीमां शतद्रुम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्धून्वन्तो विजयमुदिता वैजयन्तीं स्फुरन्तीं
प्रत्याजग्मुः पटहनिनदै रोदसी पूरयन्तः ।।७८।।

त्यस पछि कलशिया र राज-पुर स्वाधीन गरेर पश्चिमपट्टि शत रुद्रा (शतलज) लाई राष्ट्रको सीमा बनाए अनि विजय पाउँदा प्रसन्न चित्त भएका वीरहरू वाजा, का शब्दले आकाशमण्डल र पृथिवी-मण्डल व्याप्त गर्दै फर्फराउने झण्डा फहराउँदै फर्केर आए ।।७७।।

गोरक्षे स्व-प्रसृत-यशसा भाति चैकातपत्रे
ग्रन्थाच्छक्ति-प्रथमपद भाग्वल्लभेन प्रतापी ।
विज्ञैर्लक्ष्मीपतिमुखबुधैः सोऽथ लब्धावकाशो
नूत्नान् रम्यान् रचयति वहादूरसाहःस्म धीमान् ।।७९।।

आफ्नो फैलदो यशले गोर्खाको एक छत्र राज्य सुशोभित भए पछि, अवकाश पाएका, प्रतापी बुद्धिमान् बहादुरशाहले शक्तिवल्लभ र लक्ष्मी-पति आदि विद्वान्हरू द्वारा नञा श्रेष्ठ ग्रन्थहरुको रचना गराउनु भयो ७९

कालेऽतीते नृपरणवहादूरसाहे क्रमेण
भारं भूमेः सति बिभरिषौ चुम्बिते यौवनेन ।
राष्ट्रं धाक्षीत् कलह-दहनो मेति भारं ददत् सन्
मन्त्री मुख्योऽभवदथ वहादूरसाहा मनीषी ।।८०।।

क्रमशः केही समय वीते पछि यौवनल चुम्बन गरिएका रणवहादूर-साहले राज्यको भार वहन गर्ने इच्छा गर्दा, कलहरूपी आगोले राष्ट्र न जलावोस् भन्ने विचारले वहाँ लाई राज्य-भार दिएर बुद्धिमान् वहादूर-साह मुख्य मन्त्री हुनु भयो ।।८०।।

इत्थं वीते कियति समये यौवनेनाऽसमीक्षी
हर्षे रोषे हर इव वहादूरसाहं पितृव्यम् ।
हा ! निर्दोषं पिशुन-वचनाद् विस्मृत-स्वोपकारः
कारागारे नृप-रणवहादूरसाहो ववन्ध ।।८१।।

दुःख लाग्दो कुरा छ कि यसरी केही समय विते पछि, यौवन अव-स्थाले विवेक राख्न नसकी, रिसाउन र हर्षित हुनामा रुद्र जस्ता राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रणबहादूरसाहले छुल्यांहा हरुको कुरामा लागेर वहाँ बाट गरिएको सब उपकार बिर्सी निर्दोष काका वहादूरसाहलाई बनी बनाउनु भयो ॥८१॥

चीनादीनां मदमपनुदन् साहसी देशरत्नं
पित्र्यं राज्यं विततमकरोद् यः स्वकीय-प्रतापात् ।
कारागारे स कथमजहाद्-भौतिकं देहमार्यो
नेत्राऽम्बूनि प्रवृत-कलमं लेखनाद् वारयन्ति ॥८२॥

साहसी, देश रत्न जुन वहादूरसाहले चीन आदिको अभिमान तोडी आफ्नो प्रतापले बाबुको राज्य फैलाउनु भयो उनै सज्जनले कारागारमा कसरी भौतिक शरीरलाई त्याग गर्नु भयो ! यो सम्झदा आँखा बाट बग्ने आँसुहरुले लेख्न लागेको कलम रोकि दिन्छन् ॥८२॥

आसीद्-गुल्मि-क्षिति-पति-सुतां भर्तृ-सेवैक-चित्तां
धर्म्यां राजा समुपयतवान् राजराजेश्वरीं प्राक् ।
भूयो भार्या वियति समये श्रीसुवर्णप्रभाऽसीत्
सुन्दर्यादौ त्रिपुर-ललित-व्यत्यया कान्तिमत्या ॥८३॥

राजा रणवहादूरसाहले पहिले गुल्मीका राजाकी छोरी पतिसेवामा मन लगाउने धर्म गर्ने राजराजेश्वरीलाई विवाह गर्नु भएको थियो, फेरी केही समय पछि वहाँका सुवर्णप्रभा, कान्तिमती ललितत्रि पुरसुन्दरी, दुलही थिए ॥ ८३ ॥

श्रद्धालुः सन्नथ स तुलजामर्चयन्नागमोक्त-
रीत्या वाद्यैः सह सुमहतीमपयामास घण्टाम् ।
हार-स्वच्छ-स्फटिक-विमला नीलकण्ठेऽपि बाले
नूत्ना द्वाविंशतिमवनिपो वारिधाराश्चकार ॥८४॥

यसपछि ती राजा रणवहादूरसाहले श्रद्धापूर्वक वैदिक विधि द्वारा तुलजा भवानीको पूजा गरी बाजा एवम् ठूलो घण्ट चढाउनु भयो, बाल-नीलकण्ठ (बालाज्यू) मा हार एवम् स्वच्छ स्फटिक जस्ता पानीका बाइस वटा नयां धारा बनाउनु भयो ॥८४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालेऽतीते सति कतिपये प्राक् सुवर्णप्रभाया
ज्येष्ठः पुत्रः समजनि रणोद्योत-नामाऽस्य राज्ञः।
जातो भूयः समर-पुरतः शेर-नामाऽपि तस्या
गीर्वाणाख्यः समजनि सुतः कान्तिमत्याश्च पश्चात् ॥८५॥

केही समय बीते पछि यी राजाका सुवर्णप्रभावाट रणद्योत नामक जेठा छोरा जन्मनु भयो फेरी उनै (सुवर्णप्रभा) बाट समरशेर नामक पुत्र जन्मनु भयो, पछि कान्तिमतीवाट गीर्वाणयुद्ध वीरविक्रमसाह नामक पुत्र जन्मनु भयो ॥८५॥

ततो गीर्वाणाख्यं निदधदधि-सिंहासनममं
सुतं सार्धैकाऽब्दं पणमनुसरन् सत्यपि सुते।
रणोद्योत ज्येष्ठे सति समरशेरे तदनुजे
स्वयं योगी जातो विषय-विनिवृत्ताऽऽत्म-नृपतिः ॥८६॥

यस पछि जेठा छोरा रणद्योतसाह र माहिला छोरा समरशेर हुनु हुन्थ्यो ता पनि प्रतिज्ञाको अनुसरण गर्दै डेढ वर्षका छोरा गीर्वाण युद्ध वीरविक्रमसाहलाई सिंहासनमा राखी विषयवाट आत्मा हटेका राजा आफू योगी हुनु भयो ॥८६॥

परिपीडितयाऽथ यक्ष्मणा नृपतिः कान्तिमतीति भार्यया।
यति-वेष धरः सहाऽवसत् प्रिययाऽसावधि-देवपट्टनम् ॥८७॥

यसपछि क्षयरोगले पीडित भएकी प्यारी कान्तिमती रानीका साथ राजा रणवहादूरसाह योगीको वेष धारण गरी देउपाटनमा वस्न लाग्नु भयो ॥ ८७ ॥

गोरक्षसाहवंशेऽभूत् सर्गः पूर्णस्त्रयोदशः।
तिष्ठा-गङ्गा-त्रिगर्तादि-दिगर्चाऽवधि-दिग्जयः ॥ ८८ ॥

हरिप्रसादशर्मा आचार्यले वनाएको यस गोरक्षसाहवंश महाकाव्यमा तिष्ठा, गङ्गा, कांगडा, दिगर्चा संम दिग्विजय भएको त्रयोदश सर्ग पूर्ण भयो ॥ ८८ ॥

—***—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्दशः सर्गः

अथाऽत्र गीर्वाण-नृपात् सुवर्ण प्रभा शशास प्रति भूय राज्यम् ।
श्री कीर्तिमन्तं प्रमुखं सहायौ विधाय दामोदर-वर्मसाहौ ॥१॥

यस पछि यहाँ (राजधानीमा) गीर्वाणयुद्धकी प्रतिनिधि बनेर श्री कीर्तिमानसिंह बस्नेत्लाई प्रधान मन्त्री एवम् दामोदर पाण्डे गवमूशाह लाई सहायक मन्त्री बनाई सुवर्ण प्रभाले राज्यशासन गर्न लाग्नु भयो ॥१॥

ततो रहः कीर्तिमतः कदाचिद् बधे स्वकीय-प्रमुखस्य राज्ञी ।
आशङ्कमाना कतिचिज्जघान दामोदरं कार्यि-पदे न्ययुङ्क्त ॥२॥

त्यस पछि कुनै समयमा आफ्ना प्रमुख काजी (प्रधान मन्त्री) कीर्तिमान्सिंह बस्नेत्को एकान्तमा बध भएकाले रानी सुवर्ण प्रभाले शङ्का गरी केहीलाई मार्नु भयो, दामोदर पाण्डे लाई प्रधान काजी (मन्त्री) बनाउनु भयो ॥२॥

रुजार्दितायां प्रिय-कान्तिमत्यां देहं जहत्यामति-दीन-चित्तम् ।
शोकाग्नि-दग्धं विकलं च राजराजेश्वरी स्वामिनमारराध ॥३॥

रोगले पीडित भई प्यारी कान्तिमतीले देह त्याग गर्दा अत्यन्त दुःखित भएका शोकाग्निले दग्ध भएका विकल भएका स्वामी रणवहादुरको राजराजेश्वरीले सेवा गर्न लाग्नु भयो ॥३॥

गोरण्ड-वैरी यति-रूप-भूपो दिनैः कियद्भिः स निरस्त-शोकः ।
धुरं धरायाः स्व-भुजे दिधीषु-रागन्तुमैच्छन्निज-राजधानीं ॥४॥

फिरङ्गीका शत्रु योगीरूप राजा रणवहादूरसाहले केही दिनमा शोक हटाई भूमिको भार आफ्ना हातमा लिने इच्छाले आफ्ना राजधानीमा आउने इच्छा गर्नु भयो ॥४॥

कार्यी परं वारयितुं यतीशं दामोदरो वालक-भूमिपेन ।
तस्य प्रतीपो नवकूटदुर्गमसीसरत्तामपि राजधानीम् ॥५॥

परन्तु योगी राजा रणवहादूर शाहलाई रोक्न निमित्त उनको प्रतिकूल वनी काजी दामोदर पाण्डेले बालकराजा गीर्वाणयुद्ध सहित राजधानी नुवाँकोट सारे ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवेत्य वृत्तान्तमिमं यतीशो दामोदरं स प्रतिकर्तु मिच्छन् ।
पूर्वं तु रुष्टो नव-राजधानीं प्रजा-सहायश्चक्रमेऽभियातुम् ॥६॥

योगी राजा रणवहादूरसाहले यो वृत्तान्त थाह पाएर दामोदरको प्रतीकार गर्ने इच्छा गरी पहिले त रिषले प्रजाको सहायता लिएर नयाँ राजधानी लाई चढाई गर्ने इच्छा गर्नु भयो ॥६॥

पुनर्मनीषी मनसि स्व-पुत्रं बालं च पत्नीमबलां विविञ्चन् ।
क्षतिर्मदीया बत ! सर्वथाऽपि नूनं परेषां क्षति रत्र काऽस्ति ? ॥७॥

फेरी बुद्धिमान् योगी राजा रणवहादुरसाहले आफ्ना पुत्रलाई बालक र पत्नीलाई अवला ठहराई "हरे ! शिव ! जसरी पनि निश्चय मेरै हानि हुन्छ यस विषयमा अरुको के हानि हुन्छ र ! ॥७॥

हन्ताऽऽङ्गलानामपि कूट-नीति-र्ममाऽभियानात् स-फलत्वमेति ।
स्वयं विमृश्येति यति-क्षितीशो निरुद्ध-मन्युर्विरराम तस्मात् ॥८॥

अझ दुःखको विषय मैले चढाई गर्नाले फिरङ्गीको कूटनीति पनि सफल हुन्छ" भन्ने आफै विचार गरेर रिष रोकी चढ़ाई गर्नु भएन ॥८॥

प्रावर्तताऽऽज्ञाऽथ यतीश्वरस्य प्रजास्वनुल्लङ्घित-शासनस्य ।
तथैव राज्ञो नवकूट-वर्ति-गीर्वाणयुद्धस्य च नामधेयात् ॥९॥

यस पछि अकुण्ठित शासन भएका स्वामी रणवहादुरसाहको जस्तै प्रजाहरुमा आज्ञा चलेको थियो, त्यस्तै नुवाकोटका राजा गीर्वाणयुद्धका नामवाट पनि शासन चल्यो ॥९॥

इत्थं प्रजासूभय-शासनाभ्यां भृशं समुद्विग्न-मनःसु धीमान् ।
राष्ट्रं विशीर्णं बत ! वीक्षमाणः स्वामि-क्षितीशः स जगाम काशीम् १०

यस प्रकार दोहरा शासनले अत्यन्त दुःखी भएका प्रजाहरु र राष्ट्र पनि शिथिल भएको देखेर बुद्धिमान् स्वामी राजा रणवहादुर काशी जानु भयो ॥ १० ॥

व्रजन्तमानन्द-वनेऽपि राज-राजेश्वरी सा पति देवताऽऽर्या ।
सीतेव रामं शशिनं प्रभेव तं सेवमानाऽनुजगाम देवी ॥११॥

कान्तिले चन्द्रमाको, सीताले रामको अनुसरण गरेझैं पतिपरायणा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजराजेश्वरी पनि काशी जान लागेका पतिको सेवा गर्दै पछि लाग्नु भयो ॥ ११ ॥

थापाकुलीनः सह भीमसेनः पाण्डे कुलीनो दलभञ्जनश्च ।
ययौ तदा श्रीगुरु रङ्गनाथो यति क्षितीशेन च पर्शुराम ॥१२॥

त्यस समयमा योगी राजा रणबहादूर सङ्ग भीमसेन थापा, दलभञ्जन पाण्डे, र श्रीगुरु रङ्गनाथ, पर्शुराम थापा पनि गए ॥१२।

मतं प्रजानामपि सैनिकानां गीर्वाण-भूपं नवकूट-दुर्गात् ।
आनीय पूर्वामथ राजधानीं दामोदरः स्थापयति स्म भूयः ॥१३॥

यस पछि प्रजाहरु सैनिकहरुले मानिएका गीर्वाण युद्ध राजालाई काजी दामोदर पाण्डेले नुवाँकोटबाट पहिलो राजधानीमा ल्याएर स्थापित गरे ॥ १३ ॥

स्वामि-क्षितीशं विमनायमानं स्वकीय-राष्ट्रं प्रति मन्यमानः ।
हिमाल-राष्ट्रं कवली-चिकीर्षुः काश्यां वसन्तं तमुवाच गौरः ॥१४॥

काशीमा वसेका स्वामी रणबहादुरलाई आफ्ना राष्ट्रका प्रति मन विगारेका ठानेर हिमाल राष्ट्र लिन चाहने फिरङ्गीले वहाँ लाई भन्यो १४

वाणिज्यमाधापयितुं स्व-देशे ददासि चेन्मेऽनुमतिं स्वकीयम्—।
सिंहासनं हस्तयितुं यथेच्छं साहाय्यमङ्गीकुरु मे नृपेति ॥१५॥

हे राजन् ! यदि नेपालमा व्यापार गर्न मलाई अनुमति दिनु हुन्छ भने आफ्नो सिंहासन हत्याउन मेरो यथेच्छ सहायता स्वीकार गर्नु होस् ॥१५॥

श्रुत्वेति गौरण्ड-वचो मनीषी स्वार्थेऽपि सिद्धे खलु तद्बलेन ।
राष्ट्र-क्षतिः स्यादिति मन्यमानो नाऽङ्गी-करोतिस्म स देश-भक्तः॥१६॥

यस्तो अंग्रेजको वचन सुनेर देशभक्त, बुद्धिमान् रणबहादुरले उसको सहायता बाट आफ्नो स्वार्थ सिद्ध हुने भएता पनि यसबाट राष्ट्रको हानि हुन्छ भन्ने ठानेर स्वीकार गर्नु भएन ॥१६॥

अवेत-गौरण्ड-मना यतीन्द्रो लिलेख पत्रं निज-राजधान्याम् ।
रक्ष्यंहि सिंहासनमाङ्गलेभ्य इति स्व-गृह्येभ्य उदात्त-भावः॥१७॥

अंग्रेजको भाव बुझेका राम्रो भावना भएका स्वामी रणबहादुरले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फिरङ्गी वाट सिंहासनको रक्षा गर्नु भनेर राजधानीमा आफ्ना पक्षका लाई पत्र लेख्नु भयो ॥१७॥

यति-क्षितीशाऽऽगमनात्तु भीता दामोदराऽऽद्या इह गौर-देहैः ।
सन्धि व्यधुर्यज्ञिय-देशमस्मात् पस्पर्श गोरण्डकं दूत-नक्सः ॥१८॥

स्वामी रणवहादुरको आगमन हुन्छ कि भनि डराएका दामोदर आदिले फिरङ्गी सित संधि गरे यस कारण फिरङ्गीको दूत नक्सले यस धार्मिक देशलाई छोयो ॥१८॥

गूढं बधे कीतिमतः सुवर्णप्रभा निदानं पुनरीक्षमाणा ।
निरुध्य दामोदरमात्त-शङ्का बखत्वरं कार्यिपदे न्ययुङ्क्त ॥१६॥

कीर्तिमान्सिंह वस्नेत्को गुप्त बधमा मूलकारणको छानवीन गर्दा सुवर्णप्रभाले शङ्का गरी दामोदर पाण्डेलाई बन्दी बनाई बखत्वारसिंह वस्न्यात लाई काजी बनाउनु भयो ॥१६॥

आनेतुमानन्द-वनाद् यतीशं बखत्वरोऽचीकमताऽमलात्मा ।
तं च्योतयन् सन्नत आत्म-गृह्यै दामोदरोऽभूत् पुनरत्र कार्यी ॥२०॥

निर्मल मन भएका बखत्वारसिंहले स्वामी राजा रणवहादुरलाई काशीवाट ल्याउने इच्छा गरे, अतः आफ्ना पट्टीका मानिस द्वारा उन लाई च्युत गराई फेरी पनि दामोदर पाण्डे काजी भए ॥२०॥

तीर्थाटनं कर्तु-मना यतीशो निवार्यमाणो गमनादथाऽऽङ्ग्लैः ।
विवेद संधि विकलं च देशं म्लेच्छैः स्वकीयं बत ! भोक्ष्यमाणम् २१

यस पछि तीर्थाटन गर्न उत्सुक स्वामी रणवहादुर अंग्रेजहरु द्वारा जानुवाट रोकिइदाँ सन्धि र आफ्नो राष्ट्रलाई म्लेच्छले खाइदिन लागेको विकल भएको थाह पाउनु भयो ॥२१॥

विहित्रिम-क्रोध-परेण राज-राजेश्वरी नीति-विदाऽथ तेन ।
निष्कासिता दीन-मुखीव भर्तू रहो मताऽहिण्डत राजधान्यै ॥२२॥

यस पछि नीति जान्ने रणवहादुरले वनावटी रिष द्वारा निकालिए की वास्तवमा पतिले संमानित गरिएकी राजराजेश्वरी खिन्न मुख भएकी जस्ती भइ राजधानी आउन हिंड्नु भयो ॥२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दामोदराऽऽद्यैर्बत ! राजधान्याः शीताम्बु-दुर्गे प्रहितानि रोद्धुम् ।
धृतास्त्र-शस्त्राणि बलानि मार्गे सज्जान्यभूवन् महिषीमपीमाम् ॥२३॥

महारानी राजराजेश्वरीलाई बाटामा रोक्नका निमित्त चीसापानी गढीमा दामोदर आदि द्वारा राजधानी बाट पठाइएका अस्त्र-शस्त्र लिएका सैन्यहरु सुसज्जित भएर रहे ॥२३॥

वि-कोश-चञ्चच्चल-चन्द्रहासं करे दधाना स्फुरिताऽधरा सा ।
पति-व्रता मूर्तिमतीव शक्तिर्बलानि तानीत्यभया जगाद ॥२४॥

नङ्गा झल्कने तरवार लिएकी अधर फुराएकी पतिव्रता साक्षात् मूर्तिमती शक्ति जस्ती ती राजराजेश्वरीले निर्भीक भएर ती सैन्यहरुलाई भन्नु भयो ॥ २४ ॥

सिन्दूरभङ्गी-कृतवत्यहं तु राजाऽर्पितं पाणि-गृहीत्यतो माम् ।
शक्नोति को वारयितुं समक्षमागत्य शक्तो यदि तर्हि हन्यात् ॥२५॥

राजाले दिएको सिन्दूर पहिरेकी म धर्मपत्नी रानी हूँ । यस कारण मलाई कस्ले हटाउन सक्छ ! यदि कोई समर्थ छ भने अगाडि आएर हिर्काबोस् ॥२५॥

श्रुत्वेति सर्वेषु नमत्सु देवीं समागतां तैः सह राजधानीम् ।
सच्चक्रुरेनामपनीत-खेदा दामोदराऽऽद्या अपि भारधाराः ॥२६॥

यो सुनेर सबैले रानीलाई ढोग गरे पछि तिनीहरु सित राजधानीमा आएकी वहाँ को दामोदर आदि भारदारहरुले पनि खिन्न न भई सत्कार गरे ॥२६॥

गीर्वाण-भूपान् प्रतिभूय राज्यं सा शासती नीति-विदां वरिष्ठा ।
विपक्ष-भावानपि भारधारान् धियाऽनुकूलानशनैश्चकार ॥ २७॥

नीति जान्नेमा श्रेष्ठ भएकी ती रानीले गीर्वाणयुद्धकी प्रतिनिधि भएर राज्यको शासन गर्दै विपक्षी भएका भारदार हरुलाई पनि बुद्धिले सुस्त सुस्त अनुकूल मित्र गराउनु भयो ॥२७॥

बलेन बुद्धया विभव-प्रदान-प्रभृत्युपायैरपि भारधारान् ।
कर्तुं विशीर्णानसमर्थ आङ्ग्लो ययौ स्व-देशं वि-फलश्च नक्सः ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बल, बुद्धि, धनदान आदि उपायहरु द्वारा पनि भारदार हरुलाई शिथिल गर्न असमर्थ भै फिरङ्गी नक्स पनि आफ्नो देशमा गयो ॥२८॥

आनेतुमानन्द-वनाद् यतीशं प्रस्तावमार्या पुरतश्चकार ।
परं तदानीमपि भारधारा दामोदराद्या वि-मुख बभूवुः ॥२९॥

रानीले काशीवाट स्वामी रणवहादुरलाई ल्याउनाका निमित्त प्रस्ताव राख्नु भयो, परन्तु त्यस समयमा पनि दामोदर आदि भारदारहरुले मानेनन् ॥ २६ ॥

दिनेषु वीतेषु यति-क्षितीशे सार्थैः स्वकीयैः सह हिण्डमाने ।
स्व-राजधान्यै, तमितो ग्रहीतुं दामोदराद्याः स-बला ययुर्द्राक् ॥३०॥

केही दिन वीते पछि योगी राजा रणवहादूरसाह आफ्ना साथीहरु सहित आफ्नो राजधानी आउन हिंड्दा यतावाट वहाँलाई पकड्न भनि काजी दामोदर पाण्डे आदि सैन्य सहित भई तुरुन्त गए ॥३०॥

सैन्यास्तु सम्बोध्य यति-क्षितीशे "दामोदरो वः किमुताऽहमस्मि ।
राजेति" पृच्छत्यपनीत-शस्त्रास्तमेव राजानमिमे प्रणेमुः ॥ ३१ ॥

योगी राजा रणवहादूरसाहले सम्बोधन गर्दै 'तिमीहरुको राजा दामोदर हो कि ? म हूँ ?" भनि सोध्ने वित्तिकै सैन्यहरुले हतियार राखी राजालाईनै ढोग दिए ॥३१॥

ततः "पिता मत्प्रतिभूय शास्तु न यौवनं यावदहं स्पृशामि" ।
पत्रं गृहीत्वेति शशास राज्यं प्रधान-मन्त्री-कृत-भीमसेनः ॥३२॥

त्यस पछि जब तक म पूर्ण युवावस्थामा पुग्दैन तब तक बुबाज्यूले मेरो प्रति निधि भई शासन गर्नु होस्" भन्ने (गीर्वाणयुद्ध राजावाट) पत्र लिएर योगी राजा रणवहादूरले भीमसेन थापालाई प्रधान मन्त्री वनाएर राज्य शासन गर्न लाग्नु भयो ॥३२॥

अथाऽनुभूताऽङ्गल-कूट-नीति-र्द्रष्टा स्वयं भारत-दुर्दशायाः ।
स सङ्कटाद् भाविन उन्मिलाऽत्तो रिरक्षिषू राष्ट्रमिति प्रयेते ॥३३॥

यस पछि फिरङ्गीको कूटनीति अनुभव गरेका भारतको दुर्दशा स्वयम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखेका, आँखा खुलेका भावी सङ्कटबाट राष्ट्र बचाउन चाहने रणबहादुर साहले यस प्रकार प्रयास गर्न भयोः–॥३३॥

संवर्धयिष्यन्नपि सैनिकान् स्वान् नवीन-रीत्या च परिष्करिष्यन् ।
आग्नेय चूर्णानि च नालिकाऽऽद्रि-शस्त्राणि राष्ट्रे गुलिकाः करिष्यन् ३४
निरन्तराऽऽयोधन-रिक्त-कोशो वृत्तिं द्विजानां सुर मन्दिराणाम् ।
निक्षेप-रूपेण पुनः प्रदातुं धनानि तत्पूर्तय आजहार ॥३५॥

आफ्ना सैनिकहरु बढाउन, नयाँ रीति बाट परिष्कार गर्न, राष्ट्रमा बारुद बनाउन, बन्दूक आदि हतियारहरु. गोलीहरु बनाउन, अघी देखी युद्धमें रहेकाले कोश रित्तो हुँदा पछि दिने गरी उक्त कार्यको पूर्तिका निमित्त ब्राह्मणहरुका बीर्ता र देवमन्दिरको धन लिनु भयो ॥३४–३५॥

गोरण्ड-वैरी यति-भूमिपालो गोरण्डगृह्यान् स निराकरिष्णुः ।
वाणिज्य-सन्धेः क इहाऽऽर्य-शत्रुं गौरण्डमावोत्रसदित्यपृच्छत् ॥३६॥

फिरिङ्गीका शत्रु योगी राजा रणबहादूरले फिरिङ्गी तीर लागेकालाई हटाउने इच्छाले "व्यापार सन्धि द्वारा हिन्दुको शत्रु फिरिङ्गीलाई यहाँ कसले पसाल्यो ! भनि सोध्नु भयो ॥३६॥

विमातृ-जः शेरबहादुराख्यो भ्रातादरे तस्य विपक्ष-भावः ।
मिथः स-दर्पं चलिते विवादे खड्गेन सद्यः प्रजहार कोपात् ॥३७॥

प्रतिपक्षी भावना भएका सौतेनी आमाका छोरा भाई शेरबहादुरले परस्पर गर्व सङ्ग झगड़ा चल्दा रिषले तुरुन्त वहाँका पेटमा खड्गले प्रहार गरे ॥३७॥

मृते न मज्जेन्मयि राष्ट्रमेतन्मृते तु मज्जेत् खलु भीमसेने ।
जहद् वपुः पार्थिवमन्त्य-काले समादिदेशेति यति-क्षितीशः ॥३८॥

"म मरेर यो राष्ट्र डूब्ने छैन, भीमसेन मरे त निश्चय डूब्ने छ" भनि पार्थिव शरीर त्याग गर्न लागेका स्वामी राजा रणबहादूरले उपदेश दिनु भयो ॥३८॥

भूपस्य बालस्य तदा स भीमं निर्दिश्य राष्ट्रस्य च रक्षणाय ।
त्रि-ग्रह् वसूर्वी-मित-वैक्रमाब्दे वैशाख-मासे दिवमारुरोह ॥३९॥

त्यस समयमा बालक राजा गीर्वाणयुद्ध र राष्ट्रको रक्षा गर्न भीम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेन थापालाई अराएर विक्रम संवत् १८६३ वैशाख मैनामा स्वामी राजा रणवहादूरसाहको स्वर्गारोहण भयो ॥३९॥

पतिव्रता हेलमुतोऽत्र राजराजेश्वरी भर्तृपदे स्मरन्ती ।
विवासिता प्रागपि सप्तमाहे समागताऽऽर्याऽनुजगाम धर्म्या ॥४०॥

यसपछि अँघी निकालिनु भएकी धर्मात्मा कुलीन पतिव्रता राजराजेश्वरी महारानी पतिका पाउ संझँदै हेलमुवाट यहाँ आएर सातौं दिनमा सती जानु भयो ॥४०॥

यति-क्षितीशस्य वधस्य पृथ्वीपालं विविञ्चन्नथ भीमसेनः ।
प्रधान-मन्त्री बुबुधे निदानं तत् प्राण-दण्डं प्रददौ स तस्मै ॥४१॥

स्वामी राजा रणवहादूरसाहको वधको मूल कारण अन्वेषण गर्दा पालपाली राजा पृथ्वीपाललाई ठहराए र उनलाइ प्रधान मन्त्री भीमसेन थापाले प्राण दण्ड दिए ॥४१॥

स्वंभीमसेनोऽमरसिंहथापां ततः स-सैन्यं प्रजिघाय तातम् ।
स पालपायामितिपालपाऽपि गोरक्ष-राष्ट्राऽङ्गमभूत् प्रकाशम् ॥४२॥

त्यस पछि भीमसेनथापाले आफना पिता अमरसिंह थापालाई सैन्य सहित पालपामा पठाए र पालपा पनि स्पष्ट रूपमा गोर्खाको अङ्ग वन्यो ४२

लब्धाधिकारोऽमरसिंहथापाः स बुद्धवल्लीं शिवराजमेवम् ।
उभौ प्रदेशौ यवनाऽधिकारं छिन्दन् स्वकीयौ पुनराजहार ॥४३॥

अधिकार पाएका अमरसिंहथापाले मुसलमान्को अधिकार छुटाई बुटवल र शिवराज आफना दुइ प्रदेशलाई फेरी लिए ॥४३॥

आग्नेय-चूर्णान्यपि नालिकादि-शस्त्राणि तोपा अपि निर्मितानि ।
स्व-राजधान्यां गुलिकाश्च, सैन्याः परिष्कृताः सम्प्रति नूत्न-रीत्या ४४

आफना राजधानीमा वारूद, तोप, गोली, वन्दूक आदि शस्त्रहरु वनाइए, सैन्यहरु पनि नयाँ रीतले परिष्कृत गरिए ॥४४॥

श्रीवर्मसाहाऽमरसिंहथापा-श्रीभक्तिथापा-रणजोरथापाः ।
छिन्नानि भूयो यमुनां तरन्तो राज्यानि वश्यानि वहूनि चक्रुः ॥४५॥

श्री वमूसाह, श्री अमरसिंहथापा (भीमसेनका पिता अर्का हुन् यिनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्का हुन्) श्री भक्तिथापा, श्री रणजोरथापाहरुले यमुना नदी तरी फेरी छुटेका धेरै राज्य लाई अधीन गरे ॥४५॥

उन्मूलयन्तो वलिनो विपक्षान् देशानशेषान् समराज्जयन्तः।
त्रिगर्त-देशं च जिगीषवस्ते नदीं शतद्रुं समयाऽभिजग्मुः ॥४६॥

वलवान् ती वीरहरुले युद्धवाट सव देश जितदै काँगडा विजय गर्ने इच्छाले शतलजको नजीक पुगे ॥४६॥

नये नदीष्णाः कहलूर-भूपं तदा महाचन्द्रमिहाकलय्य ।
सामन्त-भूपाँश्चबहून् समीपान् संसारचन्द्र-व्यथितान् स्व-गृह्यान् ॥४७॥
साहाय्यवन्तो महलाद्य-मौर्यां संमर्द्य युद्धे तुमुले विपक्षान् ।
त ईश्वरीचन्द्र-नृपेण भुक्तं निद्रावनं प्रापुरितः क्रमेण ॥४८॥

नीति निपुण ती वीरहरुले त्यस समयमा कहलूरका राजा महाचन्द्र लाई र संसारचन्द्र द्वारा सताइएका नजीकका धेरै रजौटाहरुलाई आफ्ना पक्षमा गराई सहायता लिएर महलमौरीमा भयङ्कर युद्धमा विपक्षीहरुलाई निमोठेर, क्रमशः ईश्वरीचन्द्र राजाले पालन गरिएको निदावणमा गए ॥४७॥४८॥

तत्रेश्वरीचन्द्र-नृपं चिरात्तं संसारचन्द्रेण महा-वलेन ।
वन्दी-कृतं नीति-विदो विमुच्य मण्डि-प्रदेशाऽधिपतामनैषुः ॥४९॥

त्यहाँ महावलशाली संसारचन्द्रले धेरै समय देखि वन्दी वनाई राखिएका ती ईश्वरीचन्द्र राजालाई छुटाई नीतिज्ञ गोर्खालीहरुले मण्डी प्रदेशका राजा वनाए ॥४९॥

संसारचन्द्रः सुजनाऽऽद्य-पुर्यां वीरै रणे तैर्हत-सैन्य-सङ्घः ।
पलायमानः सह शेष-सैन्यैस्त्रिगर्त-दुर्गे रभसा जगाम ॥५०॥

सुजानपुरमा गोर्खाली वीरहरु द्वारा युद्धमा सैन्य मारिएका संसारचन्द्रःवँचेका सैन्य सहित भागी वेगसाथ कोट काँगड़ा गए ॥५०॥

गोरक्ष-वीरेष्ववरुद्धवत्सु दुर्गं च दुर्गम्यमदो, ययाचे ।
संसारचन्द्रो निभृतं सहायं पञ्चाल-सिंहं रणजिन्नरेन्द्रम् ॥५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्गम काँगडाको दुर्गलाई गोर्खाली वीरहरुले रोकदा संसारचन्द्रले गुप्त प्रकारवाट पञ्जाब केशरी रणजित् राजा सङ्ग सहायता मांगे ।।५१।।

पञ्चाल-पाल-प्रहितैरनीकैरतः प्रवृत्ते समरेऽतिभीमे ।
निःसृत्य दुर्गादपि साहसाढ्यस्त्रिगर्त-भूपः सहसाऽभ्यगच्छत् ५२

अतः पञ्जावका राजा रणजित्सिंहले पठाइएका सैन्य सङ्ग भयङ्कर युद्ध हुन लाग्दा, साहस आएका काँगडाका राजा संसारचन्द्रले पनि दुर्ग-वाट निस्केर एकाएक चढाई गरे ।।५२।।

शक्ति-द्वयेनेत्यपि युध्यमानान् गोरक्ष-वीरानभयाँस्तदैव ।
संसारचन्द्रीय-सहायिकेव विसूचिकाऽऽक्राम्यदमूँ स्तृतीया ।।५३।।

यस प्रकार दुइ शक्ति सङ्ग लडी रहेका निर्भीक यिनी गोर्खाली वीर-हरुलाई त्यसै समयमा संसारचन्द्रको सहाय जस्तो तेस्रो अतीसारले आक्रमण गर्‍यो ।।५३।।

तदा त्रिगर्ताऽऽक्रमणाय नूनमेतन्मुहूर्तं शुभमस्ति नेति ।
सस्मार दैवज्ञ-वचः प्रधान-वरूथिनीशो ऽमरसिंहथापाः ।।५४।।

त्यो समयमा "यो मुहूर्त काँगडा चढाई गर्न शुभ छैन" भन्ने ज्योतिषीहरुको कुरालाई प्रधान सेनापति अमरसिंह थापाले संझे ।।५४।।

वर्ष-द्वयं सार्धमतोऽवरुद्धं विहाय दुर्गं स जितेषु पूर्वम् ।
निवृत्य देशेषु ततः शतद्रुनद्या व्यवस्थापितवानवारे ।।५५।।

अतः अमरसिंहथापाले अढाई वर्ष सम्म रोकेको दुर्गलाई छोडेर त्यहाँ वाट फर्की शतलज वारीका अँघी जितिएका देशमा व्यवस्था बाँध्न लागे ।।५५।।

काले व्यतीते सति वैक्रमेऽब्दे चरान् स्वकीयान् नव-षड्-मितेऽत्र ।
हिमालखण्डं कवली-चिकीर्षु र्निलायिताऽस्त्रान् प्रजिघाय गौरः ।।५६।।

केही समय वीतदा हिमाल खण्डलाई ग्रास गर्न खोजेका फिरिङ्गीले विक्रम संवत् १८६६ मा हतियार लुकाएका आफ्ना गुप्तचर हरुलाइ यहाँ पठायो ।।५६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्ट्वैव चारान् दंबरी-गमस्य चछलेन भोट्टं प्रति गच्छतस्तान् ।
शताऽवधानाः परिचित्य सम्यग् गुल्म-स्थ-गोरक्ष-भटा अगृह्णन् ॥५७॥

सय तीर ध्यान दिने चौकीमा बसेका गोर्खाली सैनिकले बद्रीजाने निहुँले भोटतीर जान लागेका ती फिरङ्गीका गुप्त चरलाई राम्ररी चिनेर पक्डे ॥५७॥

गोरक्ष-वीरान् प्रति लक्षयन्तस्ते दर्शयन्ति स्म च नालिकां तत् ।
गोरक्ष-वीरा अपि तान् स-रोषा गोरण्ड-चारान् निगडै र्वबन्धुः ॥५८॥

तिनीहरुले गोर्खाली वीरहरुलाई ताकी बन्दुक देखाए र रिष उठेका गोर्खाली वीरहरुले ती फिरङ्गीका गुप्तचरलाई नेल ठोकेर थुने ॥५८॥

सकृत् कृतं दोषममुं क्षमाप्य विसर्जनीया इति भूमि-पस्य ।
आज्ञां भटास्ते शिरसा वहन्तः क्षमापयन्तो मुमुचुश्चराँस्तान् ॥५९॥

"एक पटक गरेको यो दोषलाई क्षमा मगाई छोडी दिनू" भन्ने राजाको आज्ञालाई शिर उपर गरी ती सैनिकहरुले क्षमा मगाई फिरङ्गीका गुप्तचरलाई छोडी दिए ॥५९॥

विवादमुत्पाद्य यथा कथञ्चिद् युयुत्सुराङ्ग्लः सहसाऽभियानम् ।
मत्वा प्रतीपं कृत-पूर्व-सन्धेः सीमा-विवादं पुरतश्चकार ॥६०॥

जसरी तसरी झगडा उठाई लड्न खोजेको फिरङ्गीले एका एक चढाई गर्दा अँघी गरिएको सन्धिको प्रतिकूल पर्ने ठहराई सीमा विवाद अगाडी ल्यायो ॥६०॥

श्रीमान् गुरुः संसदि रङ्गनाथः पाण्डे-कुलीनो दलभञ्जनश्च ।
शमेन निर्णेतुमितः प्रयातावाङ्ग्ले प्रतीपे वि-फलौ निवृत्तौ ॥६१॥

श्रीमान् गुरुरङ्गनाथ र दलभञ्जनपाण्डे सभामा शान्ति पूर्वक निर्णय गर्न भनि यहाँ बाट गए, तर फिरङ्गी प्रति कूल भएकाले विफल भई फर्के ॥६१॥

अथेन्दु-भूभृन्मित-वैक्रमाऽब्दे राष्ट्रं समग्रं क्रमशो जिगीषुः ।
गोरक्ष-राजाय रणैक-चक्षुः पत्रं स-दर्पं प्रजिघाय गौरः ॥६२॥

यस पछि विक्रम संवत् १८७१ मा क्रमशः सब राष्ट्रनै जित्न खोज्नेको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युद्ध गर्न तत्पर भएको फिरङ्गीले गोर्खाली राजा लाई गर्व सित पत्र पठायो ॥६२॥

भोः ! पञ्च-विंशत्यहमन्तरैव तां बुद्धवल्लीं शिवराजमेवम् ।
रिक्तौ प्रदेशौ कुरु सत्त्वरं त्वं बलाद् ग्रहीष्याम्यहमन्यथेति ॥६३॥

तुरुन्त पचीस दिन भित्रमा नै बुटवल र शिवराज प्रदेश लाई खाली गर, अन्यथा बलले पनि मैले लिनेछु ॥६३॥

उक्त-प्रदेशाववधावतीते वशी-चकाराऽऽङ्ग्ल-वरूथिनी द्राक् ।
श्रेयान् रणः स्यादुत सन्धिराङ्ग्लैः परामृशन्नित्यथ राजधान्याम् ६४

पचीस दिन वीते पछि फिरङ्गीका सेनाले बुटवल र शिवराज प्रदेश-लाई तुरुन्त वश गऱ्यो र राजधानीमा फिरङ्गी सङ्ग सन्धि गर्न कल्याण होला वा युद्ध गर्न कल्याण होला भनि परामर्श भयो ॥६४॥

तदेत्युवाचाऽमरसिंहथापाः स्वकीय-देश-स्थिति-विन्मनीषी ।
पूर्वं जितानामपि नाऽधुनाऽस्ति रम्यः प्रवन्धो ननु नीवृतां नः ॥६५॥

यस समयमा आफ्ना देशको स्थिति बुझेका बुद्धिमान् अमरसिंह-थापाले यस प्रकार भनेः—ऐले हामीहरुका अघी जितिएका देशको पनि राम्रो प्रबन्ध भैसके छैन ॥६५॥

वशी-कृता भूपतयोऽपि भूयो विपक्ष-भाजः समरे भवेयुः ।
श्रेयो न युद्धादधुना भवेत्तत् सन्धिर्हितः स्यादिति मे विचारः ॥६६॥

अधीन गरिएका राजाहरु पनि युद्धमा शत्रु पट्टी होलान्, त्यस कारण युद्धवाट कल्याण होवोइन सन्धि हित होला भन्ने मेरो विचार छ ॥६६॥

मेने वरं हस्तिदलो मतं तत् स-भक्तिथापा अपि वर्मसाहः ।
श्रेयो न सन्धेरिति मन्यमानो जगाद मन्त्रीति स भीमसेनः ॥६७॥

त्यो मतलाई हस्तिदलसाह, भक्तिथापा, वमसाह आदिले राम्रो माने, सन्धिवाट कल्याण हुँदैन भन्ने ठानेका प्रधानमन्त्री भीमसेन थापाले यस प्रकार भनेः—॥६७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृतेऽपि सन्धावधुना विहाय स्व-भूमिमाङ्ग्लः खलु मध्यदेशान् ।
ग्रहीतुमुत्पादयिता विवादं राष्ट्रं ग्रहीतुं च ततो यतेत ॥६८॥

अहिले आफ्नो भूमि छोडी सन्धि गरेता पनि फिरङ्गीले मदेश लिनलाई विवाद उठाउने छ र त्यस पछि सबै राष्ट्र लिनलाई प्रयास गर्नें छ ६८

योद्धव्यमेव ध्रुवमायतौ चेद् वश्य-प्रदेशौ कथमद्य हित्वा ।
कुर्याम सन्धिं हतकैर्मनो मे श्रेयो न सन्धेरत इत्यवैति ॥६६॥

भविष्यमा अवश्य लड्नु पर्नें छ भने अहिले आफ्ना अधीनका प्रदेशलाई छोड्देर मोरा (फिरङ्गीहरु) सित किन सन्धि गर्नें त्यस कारण मेरा मनलेत सन्धिवाट कल्याण हो नैन भन्ने ठान्दछ ॥६६॥

मिथो विमर्शान्नृपतेः समक्षं युद्धाय जातेऽन्तिम-निर्णये तु ।
भटाःस-कण्ठ-ग्रहमाङ्ग्ल-सैन्यान् भङ्क्त्वा च गुल्मान् निरजीगमन् द्राक्

राजाका समक्ष परस्पर परामर्श गरी युद्ध गर्नें अन्तिम निर्णय भए पछि सैनिकहरुले चौकी भत्काई फिरङ्गीका सैनिकलाई गलहत्याई तुरुन्त निकाले ॥७०॥

तथापि सन्धिं वि-मदं शमेन हिमाल इच्छत्युचितं सदेति ।
हिमालखण्डात् प्रहितेऽपि पत्रे गौरो न दृष्टि प्रददौ युयुत्सुः ॥७१॥

तथापि हिमाली राष्ट्रले शान्ति द्वारा अभिमान रहित उचित सन्धि सदै चाहन्छ भन्ने हिमाल खण्डवाट पत्र पठाइएको थियो तापनि युद्ध चाहने फिरङ्गीले दृष्टि दिएन ॥७१॥

ऊर्जे तदब्दे त्रि-गुणाऽयुतेन स्थानेषु पञ्चस्वभियाय सैन्यैः ।
हिमालमाङ्ग्लो बत! वासरेषु दशस्वतीतेष्वघुषद् रणं तु ॥७२॥

वि. सं. १८७१ साल कार्तिकमा फिरङ्गीले ३०००० सैन्य द्वारा हिमाली राष्ट्रका पांच स्थानमा चढाई गरेर दश दिन वीते पछि युद्धको घोषणा गर्‍यो ॥७२॥

सेनान्योऽमर-भक्ति-हस्ति-वखता वर्मोजिराऽजम्वरा
गन्धर्वो दलभञ्जनः प्रियतमः प्रल्हाद-शूराङ्गदाः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्रो राम रणाः पराक्रम-जया वीरा बलः पुष्करः
संशेरो दल-हंस-झण्डुक-यशःपादादयः प्रस्थिताः ॥७३॥

अमरसिंहथापा, भक्तियापा, हस्तिदलसाही, हातीवोहोरा, वखतवार-सिंहवस्न्यात, वखत्वारसिंहथापा वमसाह, उजीरसिंहथापा, अजम्बरसिंह-पन्थ, गन्धर्वरानामगर, दलभञ्जनपाण्डे, प्रीतमसाही, प्रल्हादघले, प्रल्हाद थापा, शूरवीरसाही, शूरवीरखत्री, अङ्गदघले, अङ्गदथापा, रुद्रवीरसाही, रामदासथापा, रणजोरथापा, रणधीरसिंह वस्नेत, रणशूर आले, परा-क्रमसाही, जयारोकाया, जयावानिआ वीरकेशर पाण्डे वीरसिंह थापा वल-भद्र कुँवर, पुष्करसाह, संशेरराना, दलवीर हंसवीर खवास, झण्डूसिंह थापा जसपाउ थापा मगर आदि सेनापतिले प्रस्थान गरे ॥७३॥

गोरक्षसाहवंशेऽभूत् पूर्णः सर्गश्चतुर्दशः ।
दिग्जयाद्यश्च गोरक्ष-गोभक्ष-समर-क्रमः ॥७४॥

हरिप्रसादशर्मा आचार्यले वनाएको यस गोरक्षसाहवंश महाकाव्यमा आदिमा दिग्विजय भएको एवम् गोर्खालीको र फिरङ्गी को युद्धको उपक्रम भएको चतुर्दश सर्ग पूर्ण भयो ॥७४॥

—-***—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चदशः सर्गः

वीराङ्गनाभिर्युवकैश्च नालपानीय-दुर्गे वलभद्रसिंहः ।
बभूव वृद्धैश्च समं खलङ्गावासे सहायैरथ पञ्चशत्या ॥१॥

उप्रान्त वीराङ्गना, युवक, बुढा सहित पाँच सय साथीले युक्त भई वलभद्र सिंह कुँवर नालापानी दुर्गका खलङ्गामा थिए ॥१॥

दुर्गं परिष्कृत्य स-सम्भ्रमं ते निर्माय सद्यः परिखां न्यवात्सुः ।
अस्त्राणि शस्त्राणि च पञ्च तोपान् सन्धाय द्रुह्-दलनाय दक्षाः ॥२॥

आत्तुरी सङ्ग दुर्गको परिष्कार गरी तुरुन्त पर्खाल वनाई अस्त्र, शस्त्रहरु र पाँच तोप ठीक पारी दुष्टको दलन गर्न सिपालु गोर्खाली वीरहरु वसे ॥२॥

सार्धैः सहस्रैस्त्रिभिरत्र सैन्यैर्गोरण्ड-सेनाऽधिपतिर्जिलेस्पीः ।
तोपान् भुशुण्डीगुलिका अदभ्रानानीय सार्धं रभसाऽऽक्रमीद् द्राक् ३

३५०० (पैंतीस सय) सैन्य सहित धेरै तोप, वन्दुक, गोली साथमा लिएर फिरङ्गीको सेनापति जिलेस्पीले वेगसाथ तुरुन्त यहाँ (नालापानी दुर्गमा) आक्रमण गर्‍यो ॥३॥

स-दर्प-गोरण्ड-वरूथिनी तत् तोपैरनेकैः प्रजहार दुर्गम् ।
धूली-चिकीर्षुः समर-प्रचण्डा गोरक्ष-वीरा अपि तां प्रजह्रुः ॥४॥

घमण्डी फिरङ्गीका सेनाले धूलो पार्ने इच्छाले अनेक तोप द्वारा त्यो दुर्गलाई प्रहार गर्‍यो युद्धमा प्रचण्ड गोर्खाली वीरहरुले पनि फिरङ्गीका सेनालाई प्रहार गरे ॥४॥

निर्माय सोपानमथाऽङ्गलेषु दुर्गे जवाद् रोहण-तत्परेषु ।
तोपेन गोरक्ष-भटा वलिष्ठा वहून् विपक्षान् निरवीवपँस्तान् ॥५॥

उप्रान्त भरेङ् वनाई फिरङ्गीहरु वेगले दुर्गमा चढ्न तत्पर हुँदा वलवान् गोर्खाली वीरहरुले तोप द्वारा ती शत्रुहरु धेरै मारे ॥५॥

हते वले स्वे प्रतिकर्तुमिच्छन् मृतोऽपि वीर-प्रहृतो जिलेस्पीः ।
गो-रूक्षणाऽपूत-कुशोणितेन हा ! दूषयामास तदाऽऽर्य-भूमिम् ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना सैन्य मारिइँदा त्यस समयमा वीरहरुले प्रहार गरिएको प्रतीकार गर्न चाहने जिलेस्पीले मरेर पनि दुःखको कुरा छ कि गाई खानाले अपवित्र कुत्सित रगतले आर्य भूमिलाई दूषित गऱ्यो ॥६॥

बभूव मार्टिः समरे हतेऽस्मिन् गोरण्ड-सेनाधिपतिर्नवीनः ।
श्रेयः स्वकीयं रण-भग्न-दर्पः पलायनादेव हि सोऽपि मेने ॥७॥

युद्धमा जिलेस्पी मरे पछि फिरङ्गीको नयाँ सेनापति मार्टि भयो र युद्धमा घमण्ड चूर्ण भएकाले त्यसले पनि भागेमात्र आफ्नो कल्याण हुने ठान्यो ॥७॥

तोपान् भुशुण्डीर्बहुशस्तदैव सहायतायै गुलिकाश्च दिल्ल्याः ।
आनीय दुर्धर्ष-घटा भटानां गोरण्ड-हेस्टिङ्-प्रहितोपतस्थे ॥८॥

त्यसै समयमानै दिल्लीबाट फिरङ्गी हेस्टिङ्ले पठाइएको दुर्धर्ष सैनिक समूह तोप, बन्दूक, गोलीहरु धेरै लिएर सहायताका निमित्त आई पुग्यो ॥८॥

भूयोऽथ युद्धे तुमुले प्रवृत्ते परस्परं तोप-भुशुण्डिकाभिः ।
मितोपयोगादपि दुर्ग-गर्भे हा ! हन्त ! सर्वा गुलिकाः समाप्ताः ॥९॥

यस पछि फेरी तोप, बन्दूक द्वारा परस्पर भयङ्कर युद्ध हुँदा दुःखको कुराछ कि परिमित उपयोग गर्दा पनि दुर्ग भित्र सब गोली सकिए ॥९॥

बालाश्च वृद्धा अपि धैर्यवन्तो दुर्ग-स्थ-गोरक्ष-भटास्तथापि ।
वीराङ्गनाश्चाऽप्रतिम-प्रभावाः पाषाण-खण्डैर्द्विषतः प्रजह्रुः ॥१०॥

तथापि दुर्गमा रहेका गोर्खाली सैनिक, बालक, बुढा, र ठूलो प्रभाव भएका वीराङ्गनाहरुले पनि धैर्य लिएर शत्रुहरुलाई ढुङ्गाले हाने ॥१०॥

तोप-प्रहारोद्भव-रन्ध्र-मार्गाद् दुर्ग विविक्षूनपि वानरास्यान् ।
गोरक्ष-वीरेष्विव मूलकानि छिन्नत्सु मार्टिः प्रययौ विषादम् ॥११॥

तोपका प्रहारले भएका भ्याङ्‌बाट दुर्गमा पस्न खोजेका पनि बाँदर-मुखेलाई गोर्खालीवीरहरुले मूला कटाई लाउँदा मार्टि खिन्न भयो ॥११॥

ततः स दुर्गम् प्रति गच्छदम्बु निवार्य मार्टिः परितो रुरोध ।
तथापि धीरा अपि शुष्क-कण्ठा दिन-त्रयं ते न रणाद् विरेमुः ॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस पछि मार्टिले दुर्ग पट्टी जाने पानीलाई हटाई दिएर जतातते रोक्यो तथापि वीर गोर्खालीहरु घाँटी सुकेता पनि तीन दिन संम युद्धबाट हटेनन् ॥१२॥

सार्थैस्ततः स्वैर्बलभद्रसिंहो दुर्गाच्चतुर्थेऽह्नि निःससार।
तत्राऽऽङ्ग्ल-कीर्णानि शिलाक्षराणि तद्वीर्य-शंसीन्यधुनापि सन्ति १३

त्यस पछि चौथौं दिनमा आफ्ना साथीहरु सहित बलभद्रसिंह कुवँर दुर्गबाट निस्के, त्यहाँ (नालापानीका दुर्गमा) फिरङ्गीले खोदिएका उनका वीर्यको प्रशंसा गर्ने शिलामा अक्षर आज भोली पनि छन् ॥१३॥

दुर्धर्ष-वीर्यान् बलभद्रसिंहं गोरक्षवीरान् समरेऽतिशूरान्।
सार्थांश्च संमानयितुं तदीयाँनस्मद्-विपक्षानुपहार एवम् ॥१४॥

दुर्धर्ष वीर्य भएका, युद्धमा अतिशय शूरा हाम्रा शत्रु गोर्खाली वीर बलभद्रसिंह र उनका साथीहरुका संमानका निमित्त उपहार ॥१४॥

थापा यशःपाद उरु-प्रभावौ वस्न्यायितो भैरवसिंह आस्ताम्।
सैन्यैः समं नाहन-दुर्ग-रक्षौ पार्श्व-द्वयान्मार्टिरिहाऽऽक्रमीत् स्वैः १५

ठूलो प्रभाव भएका जसपाउ थापा र भैरवसिंह वस्नेतले सैन्य सहित भई नाहनदुर्गको रक्षा गरेका थिए, मार्टिले यहाँ दुइ तीरबाट आफ्ना सैन्य द्वारा आक्रमण गऱ्यो ॥१५॥

यशो भटानां विमलं जयश्चेन्मलीमसं नेतृ-पदोऽन्यथा चेत्।
जयेम शत्रून् ध्रुवमन्यथापि प्राणान् विहाय त्रिदिवं व्रजेम ॥१६॥
एवं यशःपाद उदीर्य सैन्यानुत्साहयन् मार्टि-बलानि तानि।
पार्श्व-द्वय-स्थानि च राष्ट्र-भक्तस्तोपाश्रयाणि प्रजहार वीरः ॥१७॥

"जिते सैन्यको कीर्ति चहकिलो हुन्छ, हारे भारधारको कीर्ति मलिन हुन्छ निश्चय शत्रुहरुलाई जितौंला हारे छौं भने पनि प्राण छोडेर स्वर्ग जाउँला" यस प्रकार भनेर सैन्यलाई उत्साहित गर्दै राष्ट्रभक्त वीर जसपाउथापाले तोपको आश्रय गरेका दुवै पट्टीका ती मार्टिका सैन्यलाई प्रहार गर्न लागे ॥१६–१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तोपोत्थ-धूमैरिव शारदाऽभ्रै र्दुर्गे समग्रे पिहितेऽपि शत्रून् ।
गोरक्ष-वीराः करवाल-हस्ता दर्पाभिभूतानभयाः प्रजह्रुः ॥१८॥

तोपबाट निस्केका शरत्कालिक मेघ जस्ता धूवाँले दुर्ग सबै ढाकेता पनि हातमा तरवार लिएका गोर्खालीवीरहरुले घमण्डी शत्रुहरुलाई निर्भय भई प्रहार गरे ॥१८॥

जयन्त-दुर्गादनुरूप-नामा सहायतार्थं घरतीस्तदानीम् ।
बलैः स्वकीयै रणजोरसिंहस्थापाश्च तत्राऽऽययतुर्जवेन ॥१९॥

त्यस समयमा जयन्तदुर्ग (जैतक गढ) बाट अनुरूप घर्ती र रणजोरसिंह थापा पनि सहायताका निमित्त वेगले आफ्ना सैन्यहरु सहित आई पुगे १९

गोरक्ष-वीराः करकास्विवाऽऽङ्ग्लैर्वृष्टासु तोपैर्गुलिकास्वजस्रम् ।
स-वाद्य-वादं निशितैः कृपाणैस्तान्निर्भयाश्चिच्छिदुराङ्ग्ल-सैन्यान् २०

फिरङ्गीले तोपद्वारा असीना झैं निरन्तर गोली वर्षाउन लाग्दा गोर्खाली वीरहरुले बाजा बजाउँदै तीखा तर्वारले ती फिरङ्गीका सैन्यलाई निर्भय साथ काटे ॥२०॥

गोरक्ष-वीरैरवितर्क्य-वीर्यैस्त्रिर्न्यक्कृतस्तत्र हताऽर्ध-सार्थः ।
अशक्नुवन् स्थातुमितोऽवशेषैर्मार्टिबलैः स्वैः स पलायते स्म ॥२१॥

तर्कणा गरी न शकिने वीर्य भएका गोर्खाली वीरहरुले तीन पटक सम्म ब्याकिएको त्यहाँ आधा साथी मारिएको मार्टि अड्न न शकी. बँचेका आफ्ना सैन्य सहित यहाँ बाट भाग्यो ॥२१॥

गोरण्ड-सैन्यैरिति कान्दिशीकैश्चतुः-शतीं तैर्लघुनालिकानाम् ।
तत्रोज्झितानां जित-वैरि-वृन्दा गोरक्ष-वीरा जगृहुस्तदानीम् ॥२२॥

यस प्रकार डर छेरुवा ती फिरङ्गीका सेनाले त्यस समयमा त्यहाँ छोडेका चार सय बन्दूक गोर्खाली वीरहरुले हत्याए ॥२२॥

थापौ दलस्तम्भ-कृपासुरौ तौ कार्यौ स वीरादिमभञ्जनश्च ।
दुर्गेऽम्बराद्याः सह जित्पुर-स्थे सैन्यैरभूवन्नधि-बुद्धवल्लि ॥२३॥

दलखम्बथापा, कृपासुरथापा, काजी वीरभञ्जनपाण्डे, अम्बर अधिकारी आदि सैन्य सहित बुटवलको जित्पुर गढीमा थिए ॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आनीय तोपान् गुलिकाश्च भीमैः सैन्यैः सहस्रैः सहितश्चतुर्भिः।
उडाख्य-गोरण्ड-वरूथिनीशो धृतास्त्र-शस्त्रै रभसाऽऽक्रमीत् तत् ॥२४॥

अस्त्र शस्त्र लिएका डरलाग्दा चार हजार सैन्य सहित भई तोप गोली लिएर उड नाम भएको फिरङ्गीको सेनापतिले त्यस (जितपुरको गढी) लाई वेगसाथ आक्रमण गऱ्यो ॥२४॥

तत्र प्रवृत्ते समरेऽतिभीमे द्राक् पालपाया नवकूटदुर्गात्।
पार्श्व-स्थ-सप्ताष्ट-शतैरनीकैरुजीरसिंहश्च वली जगाम ॥२५॥

त्यहाँ भयङ्कर युद्ध हुँदा पालपाका नुवाँकोट दुर्गवाट पासमा रहेका सात आठ शय सैन्य सहित वलवान् उजीरसिंह थापा पनि तुरुन्त गए २५

तदा शतेषु त्रिषु संहृतेषु गोरण्ड-सैन्येषु हतावशेषाः।
गोरक्ष-वीरैर्भय-शुष्क-कण्ठा विद्राविताः सङ्गरतः स-हेलम् ॥२६॥

त्यस समयमा गोर्खाली वीरहरुले तीन शय फिरङ्गीका सैन्यलाई भिरुक्क पारी, डरले घाँटी शुकेका मरेर वाँकी रहेका लाई हेला पूर्वक युद्धवाट लखेटे ॥२६॥

आदाय तोपान् बहुशोऽतिभीमैरुडः स-दर्पं पुनराक्रमीत् स्वैः।
गोरक्ष-वीर-प्रहृतोऽस्त-दर्पो भयेन गोरक्षपुरं निवृत्तः ॥२७॥

फेरी पनि धेरै तोप लिएर अति भयङ्कर आफ्ना सैन्य सहित भई उडले गर्व साथ आक्रमण गऱ्यो; गोर्खाली वीरहरु वाट प्रहार खाँदा घमण्ड चूर्ण भएर डरले गोरखपुर फर्क्यो ॥२७॥

स्फुलिङ्गि-सेनाधिपतिश्च मार्लेः स्पार्श-प्रदेशं सुमनःपुरञ्च।
सैन्यैः सहस्रैः सह राजधान्यै कृतान्त्य-लक्ष्योऽष्टभिराक्रमीत् स्वैः २८

फिरङ्गीको सेनापति मार्लेले राजधानी पुग्ने अन्तिम लक्ष्य राखी आफ्ना आठ हजार सैन्य सहित भई पर्सामा र सुमनपुर (सोनपुर) मा आक्रमण गऱ्यो ॥२८॥

प्रसादसिंहो दरियावसिंहः स-सिंहवीरोऽतिवलश्च कालुः।
स्वरूपसिंहो गुणवन्त-पृथ्वीपालौ तदेन्दीवर-कर्णसिंहौ ॥२९॥
धृतास्त्र-शस्त्रा अपि तत्र देवीभक्तश्च वीरादिमकेशराद्याः।
गोरक्ष-वीराः समर-प्रचण्डाः सज्जाः अभूवन् रिपु-मर्दनाय ॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस समयमा त्यहाँ प्रसादसिंह वस्नेत्, दरियावसिंह वस्नेत्, सिंहवीर पाण्डे, अतिबलविष्ट, काजु, स्वरूपसिंह विष्ट, गुणवन्त, पृथ्वीपाल, इन्दीवर जोशी, कर्णसिंह वोगटी, देवीभक्त भुजेल, वीरकेशर पाण्डे आदि युद्धमा प्रचण्ड शस्त्र-अस्त्र लिएका गोर्खाली वीरहरू पनि शत्रुहरुलाई निमोठ्न तैयार थिए ॥२६-३०॥

संशेररानाश्च कियद्भिरेषां स्पार्श-प्रदेशे रिपु-सैनिकाँस्तान् ।
प्रजह्रतुः सर्वजिदाख्य-थापा वीरैः कियद्भिः सुमनःपुरेऽपि ॥३१॥

इत्यादि वीरहरु मध्ये केही वीरहरुले सहित भई संशेर रानाले पर्सामा र केही वीरहरुले सहित भई सर्वजित् थापाले सुमनपुर (सोनपुर) मा शत्रुहरुलाई प्रहार गरे ॥३१॥

वीर-प्रहारानसहिष्णुषु द्राक् सर्वेषु सैन्येषु पलायितेषु ।
मार्लेःस-बुम्बारवमेक एव न्यवर्ततातः स्व-पदाच्च्युतःसः ॥३२॥

गोर्खाली वीरहरुको प्रहार सहन न शकी सैन्यहरु सव भाग्दा मार्ले हात मुख एकै ठाउँ गराई उहु ! हु ! हु ! गर्दै एकलै फर्क्यो, अतः त्यो आफ्नो पदवाट च्युत भयो ॥३२॥

मोरङ्गमाक्रामति लेटराख्यो वेगात् स्म गोरण्ड-वरूथिनीशः ।
गोरक्ष-गृह्यञ्च वलैरसङ्ख्यैः सुक्षेम भूपं कृतवान् स्व-पक्षम् ३३

लेटर नामक फिरङ्गीको सेनापतिले गोर्खाका अधीन भएका सिक्किमे राजालाई आफ्ना पक्षमा गराउँदै असंख्य सेना द्वारा वेग साथ मोरङ्मा आक्रमण गऱ्यो, ॥३३॥

गोरक्ष-सेनाधिप-भक्त-वीर-वहादुरौ तत्र च युध्यमानौ ।
षड्भिः शतैरेव युतौ सहायानयाचिषातामपि राजधानीम् ॥३४॥

त्यहाँ पनि छ शय मात्र सैन्यले सहित गोर्खाली सेनापति भक्त-वहादुर, वीरवहादुर लडदै राजधानी सङ्ग पनि सहायता मागे ॥३४॥

प्रधान-सेनाधिपतिः शतद्रु-प्रान्तेऽस्मदीयोऽमरसिंहथापाः ।
पृथक्-पृथग्-दुर्ग-ग-वीर-सेना-चतुःसहस्री सहितो बभूव ॥३५॥

भिन्न भिन्न दुर्गमा वसेका चार हजार वीर सेनाले सहित भई हाम्रा प्रधान सेनापति अमरसिंह थापा शतलज प्रदेशमा थिए ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षड्भिः सहस्रैः सह तत्र सैन्यैरभ्याययावाक्टरलूनिराङ्ग्लः।
निरन्तरं पञ्च दिनानि तोपैः स रामदुर्गं प्रहरन् बभञ्ज ॥३६॥

त्यहाँ छ हजार सैन्यले सहित भई आक्टरलूनि नामक फिरङ्गीले चढाई गर्‍यो. त्यसले पाँच दिन सम्म निरन्तर तोपले प्रहार गरी रामगढलाई भत्कायो ॥३६॥

बलैर्दलेशे निहतेऽस्मदीयैः स निष्क्रियः सन समरे प्रवृत्तौ।
त्रस्यन्, निवृत्तावपि लज्जमानो मासं निनायाक्टरलूनिरेकम् ॥३७॥

हाम्रा सैन्यले दलको अँगुवा (सेनापति) मारी दिँदा युद्धमा लाग्न डराई फर्कन पनि लाजमानी आक्टर लूनिले निष्क्रिय भई एक मैना बीतायो ॥३७॥

पत्रं स विज्ञोऽमरसिंहथापा गो-भक्षिणो यज्ञिय-भूमि गर्भात्।
हिन्दु-द्विषो भारतभूमिपेभ्यः संहृत्य निर्यापयितुं लिलेख ॥३८॥

बुद्धिमान् अमरसिंहथापाले यज्ञ योग्य पवित्र भूमिबाट हिन्दुका शत्रु गाई खाने फिरङ्गीलाई मिलेर निकाल्नका निमित्त भारतका राजाहरुलाई पत्र लेखे ॥३८॥

स-मीरखां दौलतरावराजं मल्लारराव-प्रभृतींश्च राज्ञः।
स दाक्षिणात्यानिति शङ्करेण दूतेन पत्रं समया व्यसृष्ट ॥३९॥

उनले मीरखाँ, दौलतराव राजा, मल्लारराव आदि दक्षिणका राजाका पासमा राजदूत शङ्कर पन्थ द्वारा यस प्रकार पत्र पठाए ॥३९॥

निष्कास्य गौरानधुनाऽऽर्य-भूमेरुत्थापनायाऽत्रसरोऽस्ति तस्मात्।
पञ्चालराजाय विसृष्टमास्ते पत्रं भवन्तश्च भवन्तु सज्जाः ॥४०॥

अहिले आर्यभूमिबाट फिरङ्गीलाई निकाल्ने अवसर छ, अतः पञ्जाबका राजा लाई पत्र पठाइएको छ, तपाञीहरुपनि तैयार रहनु होस् ॥४०॥

वृत्तं तदुल्लिख्य च दाक्षिणात्य-विसृष्ट-पत्रस्य विसृष्टवान् सः।
पृथ्वीविलासेन च पत्रमेवं पञ्चाल-राजाय महा-बलाय ॥४१॥

उनले दक्षिणका राजाहरुलाई पठाइएका पत्रको त्यो वृत्तान्तको समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख गरी राजदूत पृथ्वी विलास द्वारा ठूलो बल भएका पञ्जाबका राजा (रणजित् सिंह) लाई यस प्रकार पत्र पठाए ॥४१॥

पाञ्चाल-सैन्येषु रणोद्यतेषु प्राप्तेषु तीरं ननु ! यामुनं द्राक् ।
गोरक्ष-राजेन च सैनिकाः स्वे साऽर्धाऽयुतं तत्र निदेशनीयाः ॥४२॥

युद्धमा तत्पर भएका पञ्जाबका सैन्यहरु यमुना नदीका तीरमा आउँदा गोर्खाली राजाले पनि तुरुन्त त्यहाँ १५००० (पन्ध्र हजार) आफ्ना सैन्य पठाउनु ॥४२॥

ततो हरद्वारमुपागतेषु पाञ्चाल-सैन्येषु जवेन तत्र ।
गोरक्ष-राजेन च सैनिकाः स्वे निदेशनीयास्त्रिगुणाऽयुतं द्राक् ४३

त्यहाँदेखी वेगसाथ पञ्जाबका सैन्यहरु हरद्वार आइपुग्दा गोर्खाली राजाले त्यहाँ तुरुन्त ३०००० (तीस हजार) आफ्ना सैन्य पठाउनु ४३

पाञ्चाल-सैन्येषु ततो वरेली-प्रदेशमाप्तेष्वयुतानि तत्र ।
गोरक्ष-राजेन च षड्-गुणानि निदेशनीया निज-सैनिका द्राक् ॥४४॥

त्यहाँ देखी पञ्जाबका सैन्यहरु वरेली प्रदेशमा आइपुग्दा गोर्खाली राजाले तुरुन्त त्यहाँ ६०००० (साठी हजार) आफ्ना सैनिक पठाउनु ४४

पाञ्चाल-सैन्येषु च लक्ष्मणाख्यां पुरीमुपेतेषु तु तत्र सद्यः ।
लक्षेण सैन्यैः स्वयमप्युपेयुः सर्वेऽपि गोरक्षक-भारधाराः ॥४५॥

पञ्जाबका सैन्यहरु लखनौ आइ पुग्दा १००००० (एक लाख) सैन्य सहित सबै गोर्खाली भारधारहरु पनि तुरुन्त त्यहाँ आइ पुग्नु ॥४५॥

इत्थं महाराष्ट्र-हयि-व्रजेषु पञ्चाल-देशीय-हयि-व्रजेषु ।
गोरक्षदेशीय-पदाति-वीर-वर्गेषु तोपेषु च नालिकासु ॥४६॥
धनुःषु सङ्ग्रामचणेषु सत्सु गोरण्ड-निष्कासन- बद्ध-कच्छान् ।
संहत्य योद्धॄञ्जयिनो विदध्याद् हिन्दून् रणेऽस्मिन् परमेश्वरोऽपि ४७

यस प्रकार युद्धमा प्रसिद्ध मरहट्टाका सवारहरु, पञ्जाबका सवारहरु, गोर्खाका पदाति वीरहरु, तोप, बन्दूक, धनु भएमा, यस युद्धमा परमेश्वरले पनि फिरिङ्गीलाई निकाल्न कंमर कसेका मिलेर लड्ने हिन्दुहरुलाई विजयी गराउनन् ॥४६-४७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चान्मिलेन्न्यक्कृत आङ्गलेन-साकेत-वासी यवनाऽधिपोऽपि ।
गोरक्ष-पञ्चाल-नृपौ, तदानीं तोपादि-सामग्र्यपि हस्त-गा स्यात् ४८

फिरङ्गीले ड्याकेका अयोध्यावासी मुसल्मान नवाब पनि पछि गोर्खाली राजा र पञ्जावका राजा सङ्ग मिल्लान् त्यस समयमा तोप आदि सामग्री पनि हात लाग्ला ॥४८॥

काशी-परस्तात्तन-देश-राज-प्रजा अशेषा यवनाधिपेन ।
तेनाऽथ पत्रादनुरुध्यमाना नूनं मिलेयुर्यवनैःसमं नः ॥४६॥

यस पछि ती मुसल्मानी राजाले पत्र द्वारा अनुरोध गरिएका काशी देखी परका सबै राजा प्रजाहरु मुसल्मान सहित हामीहरु सङ्ग मिल्नन् ४६

स्फुलिङ्गि-सेना-स्थित-हिन्दवोऽपि स्याद् हिन्दु-राज्यं त्यजताऽऽङ्ग्ल-पक्षम्
इत्युद्धृतास्तेन मिलेयुरस्मान् स्फुलिङ्गि-सेना विरला ततः स्यात् ५०

ती मुसल्मानी राजाले "हिन्दुको राज्य हुन्छ फिरङ्गीको पक्ष छाड़" भनि झिकदा फिरङ्गीका सेनामा रहेका हिन्दुहरु पनि हामीहरु सित मिल्नन् त्यसवाट फिरङ्गीको सेना पातलो पर्ला ॥५०॥

"स्व-पूर्व-देशः स्वयमेव भोग्यो गोरा निवर्ह्याः समरे त्वयेति" ।
गोरक्ष-पञ्चाल-महीपतिभ्यां नजीमवादात् प्रहिते च पत्रे ॥५१॥
अस्मान् मिलेद् रामपुरेश्वरोऽपि स-फतुलाखाँऽभिध-रोहिलास्तत् ।
मिलेयुरस्मान् ख-युगैर्मितानि त्रिंशत् सहस्राण्युत रोहिलाश्च ॥५२॥

"तपाईंले आफ्नो पहिलेको देश आफैले भोग गर्नु युद्धमा फिरङ्गी लाई निमोठ्नु" भन्ने गोर्खाली राजा र पञ्जाबका राजाले नजीमाबाद वाट पत्र पठाए रामपुरका राजा र फतुलाखाँ पनि हामीहरु सङ्ग मिल्नान् त्यसवाट हामीहरुलाई ३००००।४०००० (तीस चालीस हजार) रोहिलाहरु पनि मिल्नन् ॥५१-५२॥

गोरक्ष-राजे दृढ वद्ध-कच्छे पञ्चाल-राजे च तथा प्रवृत्ते ।
सज्जेच्च कार्ये भरताऽभिधान-पुरेश्वर-श्रीरणधीरसिंहः ॥५३॥

गोर्खाली राजाले बलियो गरी कम्मर कस्ने र पञ्जावका राजा पनि त्यै रीतले तयार रहेमा भरतपुरका राजा रणधीरसिंह पनि काममा तैयार रहलान् ॥५३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्ष-पञ्चाल-नृप-प्रवृत्तौ युधे महाराष्ट्र-नृप-प्रवृत्तौ ।
अन्येऽपि, सज्जा भरतस्य खण्डे हिन्दू-नरेशाः सकला भवेयुः ५४

गोर्खाली राजा पञ्जाबका राजा र मरहट्ठाका राजाहरु युद्धमा लाग्ने हो भने अरु भरतखण्डका सब हिन्दु राजाहरु पनि तैयार रहलान् ॥५४॥

दत्त्वेति पत्रं रणजिन्नृपाय तत्राऽवसत्तं द्रढयन् प्रबन्धम् ।
पृथ्वीविलासः कृति-पद्मपाणी राष्ट्रेष्ववात्सीदपि दक्षिणेषु ॥५५॥

यस प्रकारको पत्र रणजित् राजालाई दिएर त्यो प्रबन्ध दरीलो गराउँदै पृथ्वीविलास तहीं (पञ्जाबमा) बसे, विद्वान् पद्मपाणि दक्षिणका राष्ट्रमा बसे ॥५५॥

गोरण्ड-निर्वासन-बद्ध-कच्छो गीर्वाणयुद्धो नृपतिस्तादानीम् ।
साहाय्यमिच्छन्निति राजधान्याः श्रीचीन-सम्राजि लिलेख पत्रम् ५६

फिरङ्गीलाई निकाल्न दत्तचित्त भएका गीर्वाणयुद्धवीरविक्रमसाह राजाले सहायताको इच्छा गरी राजधानीबाट चीनका सम्राट्लाई यस प्रकार पत्र पठाउनु भयो ॥५६॥

गोरक्ष-राष्ट्रं विलयं प्रपन्ने भावत्क-राष्ट्र-प्रहरीव भोट्टः ।
भवेद् विलीनो ध्रुवमायतौ तद् बाह्याऽऽक्रमात् स्याद् विकलोऽपि चीनः

गोर्खा राष्ट्र विलीन भयो भने तपाञ्जीका राष्ट्रको पहरी स्वरूप भोट पनि भविष्यमा अवश्य विलीन होला, र चीन पनि बाहिरी आक्रमणबाट विकल होला ॥५७॥

विवेद गोरण्ड-रुजाऽर्दितानां सञ्जीविनीं हिन्दु-महीपतीनाम् ।
गोरक्ष-निर्देशित-योजनां तां पञ्चालसिंहो रणजिन्नरेन्द्रः ॥५८॥

पञ्जाब केशरी रणजित् राजाले गोर्खाबाट निर्देशन गरिएको त्यस योजनालाई फिरङ्गीरूपी रोगले पीडित भएका हिन्दु राजाहरुका निमित्त सञ्जीविनी बुटी ठहराए ॥५८॥

धीमानतो विस्मृत-पूर्व-वैरो हिन्द्वैकता-दत्त-मना मनस्वी ।
पश्च्या सहस्रैः सह सैनिकैः स्वैर्नदीं शतद्रुं समयाऽऽययौ सः ।५९॥

अतः पुरानु वैर भाव बिर्सेर हिन्दुहरुको एकतामा मन दिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिमान् मनस्वी पञ्जाब केशरी रणजित्सिंह आफ्ना ६०००० (साठी हजार) सैन्य सहित शतलज संम आए ॥५९॥

तदैव राष्ट्रेष्वपि दक्षिणेषु दक्षा महाराष्ट्र-मही-महेन्द्राः ।
गो-भक्षिणां यज्ञिय-भूमि-गर्भान्निःसारणायै प्रयता बभूवुः ॥६०॥

त्यसै समयमा दक्षिणका राष्ट्रहरुमा चतुर मरहट्टाका महाराजा हरु गाई खाने फिरङ्गीलाई यज्ञ गर्न उचित पवित्र भूमिवाट निकाल्न तत्पर भए ॥६०॥

परन्तु हिन्द्वाकृतिराङ्ग्ल-गृह्यो विश्वास-घाती जनकोजिरावः ।
स्फूलिङ्गिनोऽग्रे धिगवन्ति-राजस्तां मन्त्रणां गूढ कृतां चुखोल ॥६१॥

परन्तु धिक्कार छ कि हिन्दुको जस्तो अनुहार भएका फिरिङ्गी पट्टी लागेका विश्वासघाती ग्वालियरका राजा जनकोजिरावले गुप्त गरिएको त्यो मन्त्रणा लाई फिरिङ्गी छेउ खोले ॥६१॥

अतः स्फुलिङ्गी जलधेरवारे नश्यत् स्वमस्तित्व मवेक्षमाणः ।
कम्बोज पालैः श्रित-भेद-नीतिः पञ्चालमाक्रामयति स्म सद्यः ॥६२॥

अतः फिरङ्गीले समुद्रवारी आफ्नो अस्तित्व मेटिन लागेको देखी भेदनीतिको आश्रय गरी काबुलवाट तुरुन्त पञ्जाबमा आक्रमण गरायो ६२

हा ! हन्त ! कम्बोज-कृताऽभियानात् संरक्षितुं राष्ट्रमतः स्वकीयम् ।
न्यवर्ततेतः सह सैनिकैः स्वैः पञ्चाल-सिंहो रणजिन्नरेन्द्रः ॥६३॥

अतः दुःखको कुरा छ कि काबुलले गरेको चढाईवाट आफ्नो राष्ट्रको रक्षा गर्न पञ्जाब केशरी रणजित् राजा आफ्ना सैन्य सहित यहाँ (शतलज) वाट फर्के ॥६३॥

गोरक्ष पक्षोऽपि तदा धनानां सार्धं हि कोटि-द्वयमर्पयन् सन् ।
साकेत-राजो यवनश्च सार्धं सामन्त-भूपै रिपु-पक्ष-गोऽभूत् ॥६४॥

गोर्खासित मिली रहेको पनि अयोध्याको मुसलमान नवाब त्यस समय मा २५०००००० (अढाई करोड) धन दिएर रजौटाहरु सहित फिरङ्गी पट्टी लाग्यो ॥६४॥

विधाय सुक्षेम-नृपं स्वमाङ्ग्लो लिलेख चीनाय च पत्रमेवम् ।
भवेः सहायः सति संभवे मे, न चेन्न गोरक्ष-सहाय तादः ॥६५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फिरङ्गीले सिक्किमका राजालाई आफ्ना बनाई चीनलाई पनि सम्भव हुन्छ भने मेरो सहाय वन्नु होस् हुँदैन भने गोर्खालीलाई सहायता न दिनु होस् भन्ने पत्र लेख्यो ॥६५॥

अखण्ड-भूमण्डल भूमिपेषु गोरण्ड-लालाटिकतां गतेषु ।
एकाकिनोऽप्यप्रतिम-प्रभावा गोरक्ष-वीरा न रणाद् विरेमुः ।६६।

अखण्ड भूमण्डलका राजाहरु हात जोरी फिरङ्गीको निधार ताक्ने हुँदा पनि ठूलो प्रभाव भएका गोर्खाली वीरहरु एक्लै पनि युद्धवाट हटेनन् ६६

सामन्त-भूपैर्मिलितः समीपैर्भूयो व्यसृष्टाक्टरलूनिराङ्ग्लः ।
तोपैः सहस्रैरपि भीम-सैन्यैर्देवस्थले स्वीय-वरूथिनीशम् ॥६७॥

नजीकका रजौटा सङ्ग मिलेर आक्टरलूनिले तोपहरु र भयङ्कर हजारौं सैन्य सहित फेरी आफ्नो सेनापतिलाई चौथलमा पठायो ॥६७॥

श्रीभक्तिथापा अपि सूर्यदुर्गाद् वीराग्रणीः सप्तति-वर्ष-वृद्धः ।
शतैर्ययौ पञ्चभिरेव सार्थैर्देवस्थलेऽस्मिन् रिपु-मर्दनाय ॥६८॥

सत्तरी वर्षका वुढा वीरहरुमा श्रेष्ठ श्रीभक्तिथापा पनि पाँच सय मात्र साथी सहित भई सूरजगढवाट शत्रुहरुलाई निमोठ्न भनि चौथलमा गए ॥६८॥

गृहीत-तोपा गुलिकाभिराङ्ग्ला गोरक्ष-वीराः करवाल-हस्ताः ।
मिथो विपक्षाँस्तुमुले रणेऽस्मिन्नुत्साहवन्तो नितरां प्रजह्रुः ॥६९॥

तोप लिएका फिरङ्गीहरुले गोलीले र हातमा तरवार लिएका गोर्खाली वीरहरुले भयङ्कर यस युद्धमा उत्साहित भई विपक्षीहरुलाई परस्पर अतिशय प्रहार गरे ॥६९॥

सर्वेषु गोरक्षि-कृपाण-धाराच्छिन्नेषु गोरण्ड-वलेषु तत्र ।
तोपानसंख्याँश्च भटान नवीनान् व्यसृष्ट युद्धाय पुनश्च लूनिः ॥७०॥

सवै फिरङ्गीका सैन्यहरु गोर्खाली वीरहरुका तर्वारले सखाप पारिए र आक्टरलूनिले फेरी पनि वेगिन्ती तोप र नयाँ सैनिकहरुलाइ लड्न भनि त्यहाँ पठायो ॥७०॥

भूयोऽपि युद्धे तुमुले प्रवृत्ते संहृत्य गोरण्ड-भटानशेषान् ।
गोरक्ष-वीरेषु च भक्तिथापाः विशेष पत्नी-द्वितयेन सार्धम् ॥७१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी पनि भयङ्कर युद्ध हुँदा सबै फिरिङ्गीका सैन्यलाई झिरुक्क पारी गोर्खाली वीरहरुमा पनि दुई पत्नी सहित भक्तिथापा मात्र शेष रहे ।७१।

एकोऽपि वीरः पुनरागतेन तार्तीयिकेनाऽङ्ग्ल-बलेन सार्धम् ।
योयुध्यमानो रिपु-मस्तकानिच्छिन्दन् रणेऽसौ विभयो ननर्त ॥७२॥

यिनी वीर एक्लै भएता पनि फेरी तेस्रो पटक आएका फिरङ्गीका सैन्य सित अतिशय युद्ध गर्दै शत्रुका टाउका काट्दै युद्धमा नाच्न लागे ॥७२॥

प्राण-स्पृहां सम्प्रति देश-भक्तस्त्यक्त्वा स वीरो गुलिकास्त्रजस्त्रम् ।
तोपाञ्जिघृक्षुः करकास्त्विवाऽङ्ग्लैः प्रवर्ष्यमाणास्त्वभ्रमद् रिपूणाम् ७३

फिरङ्गीले असिना झैं गोली वर्षाउन लाग्दा देशभक्त ती वीरले अब प्राणको आस्था छोडी शत्रुका तोप खोस्ने इच्छा गरी झम्टे ।.७३॥

शूरः स सम्पादितकल्प-कृत्यो वीरोऽपि हा ! हा ! गुलिका-प्रहारात् ।
गो-भद्भिर्वक्षसि विध्यमानः पपात भूमौ बत ! भक्तिथापाः ॥७४॥

शूरा ती भक्तिथापा तोप खोसी सक्न लागेका वेलामा फिरङ्गी हरु द्वारा गोलीका प्रहारले छाती भेदन गरिंदा वीर थिएतापनि हरे ! शिव ! भूमिमा लड़े ॥७४॥

असौ स लोक-द्वय-पूजनीयो वीरः पुरा लम्बयुगेश-दत्तात् ।
गोरक्ष-राजाऽर्पितमत्र यावज्जीवं न जग्राह महत् पदं यः ॥७५॥

दुई लोकमा पूजनीय यिनी उनै वीर हुन् । जसले अँघि लंजुङ्का राजाले दिएको भन्दा ठूलो गोर्खाली राजाले दिएको पद जीवन भर लिएनन् ॥७५॥

तदीय-लोकोत्तर-शौर्य-वीर्य-धैर्याऽनुभावी चकितो रणेऽस्मिन् ।
मस्तिष्क-रेखाश्च दिदृक्षमाणो वपुर्ग्रहीतुं चकमे च लूनिः ॥७६॥

यस युद्धमा भक्तिथापाका अलौकिक शुर्याइँ, वीरता, धैर्यको अनुभव गरेको आक्टरलूनिले छक्क परेर मस्तिष्कका रेखा हेर्ने इच्छाले शरीर लिन खोजेको थियो ।.७६।

प्राणा गृहीता वपुरस्मदीय नीतञ्च मुक्त्वेति वपुः सतीभ्याम् ।
क्षौमोत्तरीयेण पिधाय दूराद् ददौ स सत्यौ पतिमन्वयाताम् ॥७७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'प्राण लियौ शरीर हाम्रा हो' भनेर दुवै सती (भक्ति थापा की पत्नी) ले समातिएको शरीरलाई ओक्टर लूनिले टाढैवाट रेशमी दोसल्लाले ढाकेर दियो, ती दुवै सती गइन् ॥७७॥

पत्रेण काली-परतः शतद्रु-पूर्वां स्वयं शाधि भुवं स्वतन्त्रः ।
गोरक्ष-भूपालममुं त्यजेति लूनिर्जगादाऽमरसिंहथापाम् ॥७८॥

आक्टरलूनिले पत्रद्वारा अमरसिंह थापालाई महाकाली देखी पश्चिम सतलज देखी पूर्वको भूमिको स्वयं स्वतन्त्र राजा भई शासन गर्नु होस् यिनी गोर्खाली राजालाई छाड्नु होस् भन्यो ॥७८॥

जगर्ज तत्पत्रमवेक्षमाणः स-क्रोध-हासं स्फुरिताऽधरोष्ठः ।
तत् त्रोटयित्वा विदलँश्च पद्भ्यां ष्ठीवन् महात्माऽमरसिंहथापाः ७९
गोरक्षिणः स्मो वयमाङ्ग्ल-दूत ! गोभक्षिणां वो ननु रीतिरीदृक् ।
सन्देशमेवंविधमाहरद्भिर्जानीहि नेहाऽऽगमनीयमेवम् ॥ ८० ॥

त्यो पत्र हेरी उच्च विचार भएका अमरसिंहथापा रिषले हाँसेर ओंठ फर-फर पार्दै, त्यो पत्रलाई च्यातेर थुक्दै गोडाले घसीट्दै ए फिरङ्गीका दूत ! हामीहरु गाईको रक्षा गर्ने गोर्खाली हौं यो रीति गाई खाने तिमी हरुको हो, जानी राख यस्तो समाचार लिएर यहाँ न आउनु भनि गर्जे ॥ ७९ ॥ ८० ॥

दुर्लङ्घ्य-देशोत्तमसाहि-राजः सैन्यैः स्वकीयैः सह कोष्ठदुर्गे ।
गोरण्ड-सैन्यान् प्रहरन् रणेऽन्ते यशः शरीरस्त्रिदिवं जगाम ॥८१॥

कोठागढीमा आफ्ना सैन्य सहित दुल्लूका राजा उत्तमशाही फिरङ्गी का सैन्यलाई युद्धमा प्रहार गर्दै अन्त्यमा कीर्तिरूपी शरीर धारण गरी स्वर्ग जानु भयो ॥८१॥

स्थितः स्व-सैन्यैः सह कीर्तिखानो ढोरस्य राजा च जयन्तदुर्गे ।
हिन्द्वैकतायै स्थिर-धी रणेऽरीन् संहृत्य वीरो दिवमारुरोह ॥८२॥

हिन्दुहरुको एकतामा स्थिर बुद्धि भएका ढोरका राजा कीर्तिखान पनि जयन्तदुर्गमा (जैतक गढमा) रही युद्धमा शत्रुहरुलाई भिरुवक पारेर स्वर्ग जानु भयो ॥८२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वक्राङ्ग-भूपाल-समुद्रसिंहः शल्यान-राजो रणभीमसाहः ।
जघ्नुर्वलैर्जर्जरकूट-राजो गजेन्द्रसाहश्च बहून् रणेऽरीन् ॥८३॥

सेना सहित भई वफाङ्का राजा समुद्रसिंह, शल्यानका राजा रणभीमसाह, जाजर्कोटका राजा गजेन्द्रसाहले पनि युद्धमा धेरै शत्रुहरुलाई मार्नु भयो ॥८३॥

द्वाविंशतीया इतरेऽपि भूपा मान्याश्चतुर्विंशति-भूमिपालाः ।
सर्वे तदा विस्मृत-पूर्व-वैरा हिन्द्वेकता-बद्ध-धियो युधेऽयुः ॥८४॥

त्यस समयमा हिन्दुहरुको एकतामा बुद्धि लगाउनु भएका संमाननीय अरु सबै वाइसी चौविसी राजाहरु पनि अघीको वैरभाव विर्सी युद्ध गर्न जानु भयो ॥८४॥

आचक्रमुः कूर्मगिरिं विपक्षाः सद्यस्तदा हस्तिदलः प्रतापी ।
तान् राजधान्याः प्रतिकर्तु-कामो ययौ सहस्रेण च सैनिकानाम् ८५

शत्रुहरुले कुमाउँमा आक्रमण गरे त्यस समयमा प्रतापी हस्तिदलसाही राजधानीवाट तिनीहरुको प्रतीकार गर्न भनि एक हजार सैन्य सहित भई गये ॥८५॥

समं विपक्षैरिह तैरसङ्ख्यैर्वीरोऽतिभीमैर्युधि युध्यमानः ।
निरस्त-दैन्यः प्रवलोऽपि वीर-गतिं स लेभे द्विषतां समक्षम् ॥८६॥

यहाँ युद्धमा ती अतिशय वलवान् वीर हस्तिदलसाहीले पनि भयङ्कर असङ्ख्य शत्रुहरु सङ्ग उत्साह साथ युद्ध गर्दै शत्रुहरुका समक्ष वीरगति प्राप्त गरे ॥८६॥

अथाऽलमोडाऽभिधमाङ्गलास्ते प्रदेशमभ्याययुरञ्जसैव ।
कुन्तैः कृपाणैरपि वर्मसाहस्तोपाश्रयाँस्तान् द्विषतो रुरोध ॥८७॥

यस पछि ती फिरङ्गीहरुले तुरुन्तनै अलमोडामा चढाई गरे, तोपको आड भएका ती शत्रुहरुलाई वम्‌साहले भाला तरवार द्वारा पनि रोके ८७

गोरङ्-महाराट्-शिख-मुख्य-जम्बूद्वीपीय-देशीय-वलेन वैरी ।
निर्वैरमेकी-भवता स्फुलिङ्गी परस्परं स्फोटयिता परेषाम् ॥८८॥
निवर्तनीयस्तत एव गो-भुक् साम्राज्य-वादी यत आगतोऽयम् ।
विदेश्यधर्मेति बभूव मन्त्रः कृतो निगूढं रण-घोषणात् प्राक् ॥८९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"गोर्खा, सिख, मराठा आदि जम्बूद्वीप (एशिया) देशका बलले वैरभाव गाई खाने, अरुको परस्पर फूट पारी दिने (फटाहा) साम्राज्यवादी विदेशी अधर्मी यो वैरी छाडी एक भई फिरङ्गीलाई जतावाट आएको हो त्यतै फर्काउनु पर्छ" भन्ने युद्धको घोषणा हुनु भन्दा पहिले गुप्त रीतले परामर्श भएको थियो ॥८८-८९॥

स्वार्थैक-चक्षुःषु परं कियत्सु स्वेष्वेव शीर्णेषु ततोऽखिलेषु- ।
त्यजत्सु, लोकोत्तर-साहसाढ्या एकाकि-गोरांक्षण आत्त-धैर्याः ॥९०॥
निसर्ग-दुर्धष-हिमाल-दुर्ग-प्रभाव-दूरी-कृत-वैरि-वर्गाः ।
गोरण्डकोन्मूलन-बद्ध-कच्छा नयेन सर्वत्र जयन्त आसन् ॥९१॥

तर आफुहरुमानै कुनै स्वार्थ परायण भई छितरिंदा त्यस वाट सवैले छोड्दा पनि फिरङ्गीको जरो मूलो न राख्न कच्छाड कसेका अलौकिक साहस भएका धैर्य लिएका प्राकृतिक दुर्धर्ष हिमाली दुर्गका प्रभाववाट वैरीहरुलाई हटाउँने एकला गोर्खाली वीरहरुले मात्र सर्वत्र नैतिक विजय गर्दै आएका थिए ॥९० ९१॥

वीक्ष्य स्वकीया गुलिकाः समाप्यास्तथा न गोरक्षक-खड्गपुत्रीः ।
गोरक्ष-वीरान् समरादजय्यानाकृष्य योद्धृन् स-भयः स्फुलिङ्गी ॥
गोरक्षराष्ट्र-क्षतिमप्यवेयुर्जना न सर्वे त्वरयेति भावः ।
स-पारसीकाऽऽङ्गल-भाषमेवं काल्यादिक-श्लिष्ट-पदं विगीतम् ॥९२॥
अल्प-प्रदेशानपि राजधानी-सामीप्य-भाजः पुरुक्ति-दुष्टैः ।
पदैः सुदूरान् महतः प्रदेशान् निर्देशयन् द्वि-त्र-पदैरिवाल्पम् ॥९३॥
पत्रं सुगौल्यां स्वयमेक-पक्षं तिरस्कृति-स्पर्शि-पदावलोकन् ।
निजानुकूलं पणवन्ध-रूपं विधाय नाम्नैव सुगौलि-सन्धिम् ॥९४॥
सन्ध्यादि-दक्षेषु नरेन्द्र-पृथ्वी-नारायणाद् वंश्य-चतुष्टयेन ।
विद्या-वयो-वृद्ध-रण-प्रचण्ड-गोरक्ष-वीरेषु रणे गतेषु ॥९५॥
गीर्वाणयुद्धे सति राजधान्यामेकाकिनि क्षोणि-पतौ कुमारे ।
नेत्राऽश्व-वास्वन्दु-मिताऽब्द-पौषे तन्मुद्रया स्तेन इवाऽरञ्जत् ॥९६॥

आफना गोली सकिने गोर्खालीका खुकुरी न सकिने देखी, फिकि कटक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने गोर्खालीलाइ युद्ध गरेर जित्न न शकिने ठहराई हरेको फिरङ्गीले "गोर्खाराष्ट्रको क्षति पनि हडबडीले गर्दा सब जनाले बुझ्न न शकुन्" भन्ने अभिप्रायले फार्सी भाषा (लिपि) र अंग्रेजी भाषा (लिपि) भएको 'काली' आदि कापे अर्थ लाग्ने पद भएको राजधानी नजीकका साना प्रदेशलाई पुरुक्ति दोषयुक्त (दोहोराएका काली राप्ती राप्ती गण्डकी इत्यादि) पदले देखाउँदै टाढाका ठूला ठूला प्रदेशलाई सानो प्रदेशलाई झैं द्वि तीन शब्द (काली दरियाव पछीमका सब मुलुक) ले सङ्केत मात्र गर्दै एकपक्षीय तिरस्कारमय पदावली भएको, आफुलाई अनुकूल पर्ने पणबन्ध स्वरूप पत्र आफुले सुगौलीमा बनाई सुगौली सन्धिभन्ने नाम राखी श्री ५ बड़ा महाराजा पृथ्वीनारायण साहका पालादेखी चार पुस्तासंम सन्धि आदि कार्यमा निपुण विद्यावयोवृद्ध युद्धमा प्रचण्ड गोर्खाली वीरहरु युद्धमा गएका वेलामा, राजधानीमा एकला बालक राजा गीर्वाण युद्ध भएका बेलामा १८७२ पौषमा चोरले झैं गीर्वाण युद्ध राजाका मुद्राले रँगायो ॥६२–६६॥

अवाक् तु गङ्गावधिकं हिमाल-पानीय-ढालावधि चोत्तरेण ।
तिष्ठाऽवधि प्राक् स्थितमात्रिगर्तं गोरक्षराष्ट्रं दिशि पश्चिमायाम् ६७

(त्यो वेला) गोर्खाराष्ट्र दक्षिण पट्टी गङ्गा (भागीरथी) संम, उत्तर पट्टी हिमालको पानी ढाल संम, पूर्व पट्टी तिष्ठा नदी संम, पश्चिम पट्टी कांगडा संम थियो ।

(गङ्गा सीमा समासीत् तदवसरसमायात-चीनाधिपोऽपि
नेपाल-ध्वंसनोद्यन्मतिरतिबहलान् ध्वंसितान् स्वान् विलोक्य ।
अङ्के तं स्थापयित्वा शिशुमवनिपतिं शासति प्रद्रुतोऽस्मिन्
भैरव्युद्दाम-भाव-प्रकटित-सुमतौ श्रीवहादूरसाहे ॥

नुवांकोट भैरवी मन्दिर-द्वार-दक्ष-पक्ष-स्थित-स्तम्भोपरितन-नासादारु कीलिति कनकपत्रमा) ॥६७॥

पूर्वोक्त-पत्रात् कृत-सन्धि-नाम्नो गोरक्षराष्ट्रस्य तु पूर्व-भागः ।
विष्ठानदी-रञ्जित-मूल-शैल-पानीय-ढालावधि तूत्तरेण ॥६८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिष्टानदी-पूर्व-ग-दामसाङ्ग-दुर्ग-प्रतीच्यः सरितस्तु मेच्याः ।
गोरक्षखोलादपि जागताच्च प्राच्यो नगर्या अपि पाशुपत्याः ९९
गङ्गोत्तरोऽगादिह यत्र दोर्जे-लिङ्गः शिलागाढ इति प्रसिद्धाः ।
सन्त्येक-रीति-स्थितयश्च कालेवुङ्गश्च सुक्षेम-मुख-प्रदेशाः ॥१००॥

सन्धि भनाउँदो पूर्वोक्त पत्रवाट, उत्तर पट्टी तिष्ठा नदी र रङ्गित नदीको मूल हिमालको पानी ढाल संम, तिष्ठा नदी देखी पूर्वको दाम् साङ् गढी देखी पश्चिम, मेची नदी गोर्खेखोला गोर्खेजगात् पशुपतिनगर देखी पूर्व, गङ्गा देखी उत्तर को गोर्खाराष्ट्रको पूर्वपट्टीको भाग गयेको छ, जहाँ समान रीति स्थिति मान्ने प्रसिद्ध दोर्जेलिङ् शिलगडी, कालेवुङ्, सुखिम आदि प्रदेशहरु छन् ॥९८॥९९॥१००॥

गतं त्रिगर्तीय-शतद्रु-पूर्वं प्रत्यक्-च नद्या ननु शारदायाः ।
अवाग् हिमालस्य च वारिढालाद् गोरक्षराष्ट्रस्य च पश्चिमाङ्गम् १०१

काँगडा शतलज देखी पूर्व, शारदा (महाकाली) देखी पश्चिम, हिमालको पानीढाल देखी दक्षिणको गोर्खाराष्ट्रको पश्चिम पट्टीको भाग पनि गयोको छ ॥१०१॥

गङ्गा-जल-क्षालित-याम्य-भागो यत्र स्थितः कूर्मगिरिः प्रसिद्धः ।
केदारखण्डश्च विभात्यखण्डो यावद् हरद्वारमितः परस्तात् ॥१०२॥
अन्यानि स-द्रोण-शिरोमयूरो वघाट-राज्यं सह शोलनेन ।
हण्डूर-राज्यं कहलूर-राज्यं नूरं पुरान्त्यं कुशनूर-राज्यम् ॥१०३॥
पट्टालयाख्यं कलपशीति राज्यं स-धाम सारङ्गपुरं स-जिन्दम् ।
राज्ये च निद्रावन-रुञ्ज-दण्ड-शिवाभिधाने स-पठानकोटे ॥१०४॥
भज्जीति राज्यं स-कुधार राज-पुराभिधं रामपुरं च राज्यम् ।
इरेण सार्धं विष-पूर्वकेण पुरेण सार्धे हरि-पूर्वकेण ॥१०५॥
वहूनि-राज्यानि गुलेर-लम्बग्रामौ सुकेतुः प्रथितानि मण्डी ।
समान-नीति-स्थिति-रीति-भाञ्जि चम्पा-त्रिगर्त-प्रमुखानि सन्ति १०६

जुन (गोर्खाराष्ट्रका पश्चिम पट्टी छुटेका भाग) मा रहेका हरद्वार संम दक्षिण पट्टीका भाग गङ्गाजलले पखालिएका प्रसिद्ध कुमाउँ (काली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुमाउँ धौली कुमाउँ) अखण्ड केदारखण्ड (पौडीगढवाल वृटिश गढवाल) शोभित छन, यहाँ देखीपर डेरादून, शिरमोर, शोलन, बघाट, हण्डूर, कहलूर, नूरपुर, कुशनूर, पटियाला, कलशी, धामी, सारनपुर, जिन्द, निदावण, डाडाशिवा, पठानकोट, मञ्जी, कुथ्यार, राजपुर, रामपुर, विषहर, हरिपुर, गुलेर, लामागाउँ, सुकेत, मण्डी, चम्पा, काँगडा आदि समान नीति स्थिति रीति मान्ने प्रसिद्ध धेरै राज्य छन् १०२-१०६

मेच्या महाकालिकयेति नद्या क्रमाद् विभक्तस्य गतः समग्रः।
प्राच्यां प्रतीच्यामवशेष-रूप-गोरक्षराष्ट्रस्य च मध्यदेशः ॥१०७॥

यस प्रकार पूर्वपट्टी मेचीनदीले पश्चिम पट्टी महाकाली नदीले विभक्त गरिएको अवशेषरूप गोर्खाराष्ट्रको सम्पूर्ण मदेश पनि गयो ॥१०७॥

हा ! निष्फलायामिति योजनायां जहीत युद्धं विहितोऽस्ति सन्धिः।
पत्रं नरेन्द्रोऽमरसिंहथापे प्रधानसेनाधिपतौ व्यसृष्ट ॥१०८॥

यस प्रकार योजना निष्फल हुँदा राजाले प्रधान सेनापति अमरसिंह थापालाई युद्ध छाड़ सन्धि गरियो भन्ने पत्र पठाउनु भयो ॥१०८॥

पृथक्-पृथग्-दुर्ग-ग-सैनिकान् स्वानाहूय सर्वान् स-वरूथिनीशान्।
प्रदर्श्य तन्मन्त्रयमाण एवं जगाद धीरोऽमरसिंहथापाः ॥१०६॥

धीर अमरसिंह थापाले अलग अलग दुर्गमा बसेका सेनापति सहित सब सैनिकहरूलाई बोलाई त्यो पत्र देखाएर यस प्रकार भनेः—॥१०६॥

स्फुलिङ्गिनः प्रावृषि पर्वतेषु स्थातुं न शक्ष्यन्ति, यथा कथं तत्—।
धैर्येण धीराः समयः प्रतीक्ष्यो वैशाखमासश्च शुभ-प्रदो नः ॥११०॥

हे धीर हो ! फिरङ्गीहरु वर्षा कालमा पर्वतमा अड्न शक्ने छैनन्, अतः जसरी तसरी धैर्य लिएर समयको प्रतीक्षा गर्नु पर्छ, हामीहरुका निम्ति वैशाख मैना शुभ छ ॥११०॥

गोरण्डकैः सम्प्रति नीति-हीनैर्बलाद् गृहीता अपि नः प्रदेशाः।
ग्राह्या भविष्यन्ति पुनर्बलेन न स्युस्तथा हन्त ! कृते तु सन्धौ ॥१११॥

अहिले नीतिहीन फिरङ्गीले बल मिचि लिएका हाम्रा प्रदेशहरु बलैले फेरी लिन शकिने छन् सन्धि गरेता त्यसो गर्न बन्दैन ॥१११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पराजितैः शत्रुभिरेव सन्धिर्भवत्यभीष्टो न जयात्त-दर्पैः ।
सन्धौ कृतेऽस्मानितरेऽपि भूपा "अलं न गौरेभ्य" इतीरयेयुः ॥११२॥

हारेका शत्रुहरु सङ्गने सन्धि गर्न राम्रो हुन्छ विजयले घमण्डी सङ्ग राम्रो हुँदैन, सन्धि गरेमा हामीहरुलाई अरु राजाहरुले पनि फिरङ्गी सित शक्ने रहेन छन् भन्नन् ॥११२॥

राष्ट्रं समग्रं कवली-चिकीर्षुं गोरण्ड-भावं सकला विदित्वा ।
हिमाल-वीरा अवहेल्य सन्धिं स्थिता यथावत् समराय सज्जाः ११३

सबै राष्ट्र खान खोजेको फिरङ्गीको अभिप्राय बुझेर सन्धि न मानी सब हिमाली वीरहरु यथावत् युद्धमा तैयार रहे ॥११३॥

अतोऽफलः सन्ननुभूत-वीर्यो दुर्धर्ष-गोरक्ष-वरूथिनीनाम् ।
मध्यप्रदेशान् कियतः स्फुलिङ्गी गोरक्षराष्ट्रस्य विमुच्य भूयः ॥११४॥
अग्न्यश्व-वस्विन्दु-मिताब्द-पौषे वारे रवौ कृष्णदले चतुर्थ्याम् ।
सुगौलि-सन्धिं विकलं विधाय प्रत्यर्पणं नाम चकार सन्धिम् ११५

अतः विफल भई दुर्धर्ष गोर्खाली सेनाहरुको वीर्य अनुभव गरेको फिरङ्गीले गोर्खाराष्ट्रका केही मदेशलाई छाडी फेरी १८७३ साल पौष कृष्ण पक्ष चतुर्थी आइतवारमा सुगौलिसन्धिलाई डुँडे पारी प्रत्यर्पण नामक अर्को सन्धि गऱ्यो ॥११५॥

सुगौलिसन्धौ विकलेऽपि जाते शस्त्राणि बाहूंश्च वरूथिनीशाः ।
रण-प्रवृत्तानि निरुध्य केचिद् राजाज्ञयैव न्यवृतन् स-कष्टम् ॥११६॥
अन्ये वियुक्ता निज-बन्धुतायास्तत्तत्प्रदेशेष्ववसंश्च सैन्याः ।
यदीय-वंश्याः सम-सभ्यताका आकुञ्चिताङ्गा निवसन्ति तेषु ॥११७॥

सुगौलिसन्धि डुँडे भएता पनि युद्धमा लागेका शस्त्र र हातलाई राजाज्ञा द्वारा मात्र कष्टले रोकी कुनै सेनापतिहरु फर्के अरु सेनापतिहरु र सैनिकहरु आफ्ना दाजु भाइहरु बाट वियुक्त भई तत्तत् स्थानमा वसे एकैनासे सभ्यताका जस्का सन्तानहरु ती प्रदेशहरुमा उकुस मुकुस भै वसेकै छन् ॥११६॥११७॥

अवैधमन्येषु सुगौलि-सन्धिं सर्वेषु सत्यापयितुं स्फुलिङ्गी ।
पत्रेषु निर्देशितवानभूत् तं पारेऽब्धि यानावधि शङ्कमानः ॥११८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस अवैध सुगौलिसन्धिलाइ सत्य सावित गर्न शङ्का गरी फिरंगीले समुद्रपारी न जाँदा संम अरु सब पत्रमा निर्देशन गरी रहन्थ्यो ॥११८॥

नृपतिः स च शीतला-मिषादनुतप्तो ननु तेन सन्धिना ।
विरहय्य शिशुं स्वमात्मजं दिवमस्मिन् बत ! पौषमास्यगात् ११६

राजा गीर्वाणयुद्धवीरविक्रमसाह पनि त्यो सन्धिवाट पछुताई यही (१८७३) पौष मैनामा आफ्ना बालक पुत्र छोड़ी शीतला रोगको निहुँले स्वर्ग जानु भयो ॥११६॥

लालन-पालन-कर्त्री ज्यब्दस्येति ललित-सुन्दरी राज्ञः ।
राजेन्द्रस्य प्रतिनिधिः प्रधानमन्त्री च भीमसेतोऽभूत् ॥१२०॥

यस प्रकार तीन वर्षका राजा राजेन्द्रको लालन पालन गर्ने ललित-त्रिपुरसुन्दरी र प्रधान मन्त्री भीमसेनथापा प्रतिनिधि थिए ॥१२०॥

गोरक्षसाहवंशेऽभूत् काव्येऽस्मिन् हरि·निर्मिते ।
पूर्णः पञ्चदशः सर्गः सुगौलीसन्धि नामकः ॥१२१॥

हरिप्रसादशर्मा आचार्यले बनाएको यस गोरक्षसाहवंश नामक महा काव्यमा सुगौलीसन्धि नाम भएको पञ्चदश सर्ग पूर्ण भयो ॥१२१॥

—❀❀❀—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षोडशः सर्गः

सा राजधान्यां त्रिपुरेश्वराख्यं रुरौ च सत्येश्वर-संज्ञमीशम् ।
अतिष्ठिपत् सा ललिताऽऽख्य-घट्टं काश्यां मठं पाशुपतं चकार ॥१॥

ललितत्रिपुरसुन्दरीले राजधानीमा त्रिपुरेश्वर महादेव, र रिडीमा सत्येश्वर महादेव स्थापित गर्नु भयो, काशीमा ललिताघाट र पशुपतिको मन्दिर बनाउनु भयो ॥१॥

गोरण्ड-निर्देशित-राजदूतं गोरक्ष-लोकैः सह सङ्गमात् सः ।
आज्ञां विना स्वाच्च वहिर्निवासाद् विनिर्गमाद् वारयति स्म भीमः २

प्रधान मन्त्री भीमसेन थापाले फिरङ्गीवाट खटिएको राजदूतलाई आज्ञा न लिईक्कन गोर्खाली जनता सङ्ग भेट गर्न र आफ्ना वासस्थान (दूतावास) वाट बाहिर निस्कन पनि रोक लगाएका थिए ॥२॥

अवन्ति-राजे जनकोजिरावे विश्वास-घातिन्यपि बद्ध-सन्धिः ।
गोरक्ष-राष्ट्रादपि भारताच्च श्वेतान् स निर्वासयितुं प्रयेते ॥३॥

ग्वालियरका राजा जनकोजि रावले विश्वासघात गर्दा सन्धि गरेका थिएता पनि भीमसेनले गोर्खा राष्ट्रवाट र भारतवाट पनि फिरङ्गी लाई निकाल्न प्रयास गरेका थिए ॥३॥

चीनेऽपि वर्मण्यफगान-देशे पञ्चाल-देशे च स दक्षिणेषु ।
दूतान् महाराष्ट्र-मुखेषु धीरो हिन्द्वैकतायै निभृतं व्यसृष्ट ॥४॥

धीर उनले हिन्दुहरुको एकताका निमित्त गुप्त रूपवाट, चीन, वर्मा, अफगानिस्तान, पञ्जाब, र मरहट्टा आदि दक्षिण देशमा दूतहरु पठाए ४

सर्वत्र वाणीनिधिना प्रणीतं प्रासीसरद् राष्ट्रिय-भावनाऽऽढ्याम् ।
गोरण्ड-निर्वासन-मन्त्ररूपं स सन्धि-पत्रैः परिपत्रमीड्यम् ॥५॥

वाणीनिधिले बनाएको राष्ट्रिय भावनाले भरिएको फिरङ्गीलाई निकाल्ने मन्त्ररूप स्तुत्य परिपत्रलाई सन्धिपत्रहरुका साथ सर्वत्र प्रसारित गरे ॥ ५ ॥

पत्रालयान् वर्धयति स्म नूत्नान् सर्वत्र पत्रादि-विसर्जनाय ।
अन्याय-मूलं स निराकरिष्णुरड्डालयादीनपि मण्डलेषु ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पत्र आदि पठाउनका निमित्त उनले सर्वत्र जिल्लामा हुलाक र अन्यायको जरो मास्न अदालत आदि बढाए ।।६।।

कुसीदमंशं दशमं धनानां गृह्णीयुरन्नस्य च पञ्चमांशम् ।
विष्टिं न गृह्णीयुरिति-प्रबन्धां राम-स्थितिं स द्रढयाम्बभूव ।।७।।

"धनको दशौं भाग र अन्नको पाँचौ भाग ब्याज लिनु झारा न लिनु" भन्ने प्रबन्ध भएका रामसाहको स्थितिलाइ उनले दृढ राखे ।।७।।

संवर्धयन् घट्ट-करं विवेकात् करं च धीमानपि मध्यदेश्यम् ।
संवर्ध्य भोट्टे निजराष्ट्र-मुद्रा-स्फीतिं स-कोषं द्रढयाम्बभूव ।८।।

बुद्धिमान् उनले विवेकबाट घट्टको र मदेशको तीरो बढाई भोटमा आफ्ना राष्ट्रको मुद्रास्फीति बढाई कोश बलीयो बनाए ।।८।

स "स्थायि-सम्पच्च न सर्वकार-ग्राह्या विना शुल्कमिति" न्यबध्नात् ।
स्थितिं बहूँस्तज्जनता गृहान् स्वान् व्यधादतो नूतन-पुराण्यभूवन् ।।९।।

उनले 'स्थायी सम्पत्ति पनि मूल्य न दिईकन सरकारले न लिनू' भन्ने व्यवस्था बांधे, अतः जनताले धेरै आफ्ना घर बनाए र नयाँ नगर बने ९

दासत्व-रीतिं शनकैर्मनीषी निराकरिष्णुर्विमलान्तरात्मा ।
सोऽवारयत् सन्तति-विक्रयात् प्रागन्नादि-शुल्कं विपणौ न्ययच्छत् १०

स्वच्छ आत्मा भएका बुद्धिमान् उनले सुस्त सुस्त दास प्रथालाई हटाउने इच्छाले पहिले सन्तान विक्री गर्नलाई रोक लगाए, बजारमा अन्न आदिको मूल्य पनि नियत राखे ।।१०।।

राष्ट्रे व्रजत्युन्नति-मार्गमेवं यथोत्तरं तत्प्रतिभा-बलेन ।
संवत्सरेऽष्टाष्ट-मिते गुण-ज्ञा ययौ दिवं राज-पितामही सा ।।११।।

उनका प्रतिभाका प्रभावले यस प्रकार उत्तरोत्तर राष्ट्र उन्नतिको मार्गमा लाग्दै थियो कि वि० सं० १८८८ मा गुण चिन्न सक्ने राजपितामही ललितत्रिपुरसुन्दरीको स्वर्गवास भयो ।।११।।

साम्राज्यलक्ष्मीरपि राज्यलक्ष्मीर्ज्येष्ठा कनिष्ठा क्रमशो नृपस्य ।
राजेन्द्रसाहस्य समान-दृष्टेर्बभूवतुर्भर्तृ-मते महिष्यौ ।।१२।।

समान व्यवहार गर्ने राजा राजेन्द्रवीरविक्रमसाहकी पतिले मानिएकी जेठी साम्राज्य लक्ष्मी र कान्छी राज्यलक्ष्मी रानी हुनु हुन्थ्यो ।।१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आद्या तयोः सूनुमसूत देवी सुरेन्द्र-संज्ञं क्रमशोऽप्युपेन्द्रम् ।
देवेन्द्रमन्त्या महिषी रणेन्द्रं वीरेन्द्र-संज्ञं च सुतावसूत ॥१३॥

ती दुइ रानी मध्ये जेठी साम्राज्यलक्ष्मीले क्रमशः सुरेन्द्रवीरविक्रम-साह, उपेन्द्रवीरविक्रमसाह देवेन्द्रवीरविक्रमसाह नामक पुत्र र कान्छी राज्यलक्ष्मीले रणेन्द्रवीरविक्रमसाह र वीरेन्द्रवीरविक्रमसाह नामक पुत्र उत्पन्न गर्नु भयो ॥१३॥

हिमाल-खण्डेऽधिकृतिं स्वकीयां गोरण्ड-शत्रौ सति भीमसेने ।
गोरण्ड-दूतः समवेक्ष्य रुद्धां भेदैः पदाच्यावयितुं प्रयेते ॥१४॥

फिरङ्गीका शत्रु भीमसेनथापा छँदा संम हिमालखण्डमा आफ्नो अधिकार रोकिएको ठहराई फिरङ्गीका दूतले भेदनीतिले उनलाई पदच्युत गराउन प्रयास गर्न लाग्यो ॥१४।

पराजयोऽभूदपि सन्धिराङ्ग्लै हा ! भीम-दोषात् समरे पुरेति ।
राजेन्द्र-साहं स रहो युवानं विश्वासयामास खलैः स्व-गृह्यैः ॥१५॥

उस (फिरङ्गीको दूत) ले आफु सङ्ग मिलेका खलहरु द्वारा युवक राजेन्द्र विक्रमसाह लाई अँघी फिरङ्गी सितको युद्धमा हार, र सन्धि पनि भीमसेन का दोषले भयो भन्ने एकान्तमा विश्वास गरायो ॥१५॥

वेद-ग्रहाऽष्टेन्दु-मिते युवाब्दे विश्वस्य वाक्येषु खलोदितेषु ।
सेनाऽऽधिपत्यं स्वयमेव राजा जग्राह नम्रादपि भीमसेनात् ॥१६॥

युवक राजाले खलले भनेका कुरामा विश्वास परी नम्र थिएता पनि भीमसेनवाट वि० सं० १८६४ मा सेनापतिको भार आफै लिनु भयो १६

प्रच्याव्य तत्पक्ष-जुषः पदेभ्यस्तत्रापि युक्ताः प्रतिपक्ष-गृह्याः ।
अधस्पदेपूच्च-पदाश्च केचिद् विस्रंसिता भूपतिना तदानीम् ॥१७॥

त्यस समयमा राजाले भीमसेन पक्षकालाई पदवाट च्युत गरि ती पदहरुमा पनि प्रतिपक्षी पट्टीकालाई नियुक्त गर्नु भयो, उच्च पदमा रहेका केही अधिकारी लाई तल्लो पदमा झार्नु भयो ॥१७॥

सेनापतिर्माथवराऽग्र-सिंहो विस्रंसितो मान-धनो, विहाय ।
स्वर्गाद् गरिष्ठामपि मातृ-भूमिं, हा ! भारतं राष्ट्रमणिर्जगाम ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानलाई नै धन संझने राष्ट्रका मणि सेनापति माथवरसिंह थापा पनि तल्ला पदमा झारिदा स्वर्ग भन्दा पनि उत्तम मातृभूमिको त्याग गरी हरे ! शिव ! भारतमा गए ॥१८॥

एकादशेऽथाहनि दैव-योगात् साम्राज्यलक्ष्मी-तनुजः कनिष्ठः ।
रुजार्दितोऽल्पायुरतीव वैद्यैः कृतेऽप्युपाये परलोकमाप ॥१९॥

यस पछि एघाहौँ दिनमा दैव संयोगले साम्राज्यलक्ष्मीका कान्छा छोरा (देवेन्द्र) रोगले पीडित भयेका अल्पायु हुनाले वैद्यहरुले अतिशय उपाय गर्दा पनि परलोक भए ॥१९॥

गरस्य दानादगदेन सार्धं हतो भिषग्भिर्ननु मन्त्रि-गृह्यैः ।
इत्याङ्ग-गृह्याङ्गलाःपिशुनाः कियन्तो मिथ्याऽपवादं प्रथयाम्बभूवुः २०

"मन्त्रि सङ्ग मिलेका वैद्यहरुले औषधिका साथ विष दिए र मारे" भन्ने फिरङ्गी सित मिलेका केही छुल्याहाहरुले झूटो प्रचार गरे ॥२०॥

तदेकदेवो वत ! वैद्यराजास्तथा शिवानन्दमुखा अदोषाः ।
श्रीभीमसेनो रणवीरसिंहो बद्धास्तदीयाऽपहृता च सम्पत् ॥२१॥

अतः हरे ! शिव ! निर्दोष वैद्यराज एकदेव, शिवानन्द, भवानी, श्री भीमसेन थापा, रणवीरसिंह आदि बाँधिए (जेल गये) तिनीहरुको सम्पत्ति पनि हरण गरियो ॥२१॥

श्रीरङ्गनाथो रणजङ्गपाण्डे राज्ञा तदानीं दलभञ्जनश्च ।
नियोजिता मन्त्रिपदेषु तेषु प्रधान आसीद् गुरुरङ्गनाथः ॥२२॥

त्यस समयमा राजाले रङ्गनाथ गुरु, रणजङ्गपाण्डे, दलभञ्जनपाण्डे, लाई मन्त्रीपदमा नियुक्त गर्नु भएको थियो तिनीहरुमा प्रधान रङ्गनाथ गुरु थिए ॥२२॥

स दूरदर्शी गुरु-रङ्गनाथः श्रीभीमसेने मृदु-भाव आसीत् ।
यथा-प्रमाणं तदिमे विमुक्ता प्रापुश्च सम्पत्तिमपि स्वकीयाम् ॥२३॥

दूरदर्शी ती रङ्गनाथ गुरु भीमसेनमा राम्रो भावनाथियो, अतः यिनी (थुनिएका) हरु प्रमाण अनुसार छुटे, आफ्नो सम्पत्ति पनि पाए ॥२३॥

मुद्रा-प्रदानेन मही.हृतेति क्रुद्धेषु सैन्येषु हृताऽधिकारः ।
जगाम काशीं गुरु-रङ्गनाथो राजाऽयुनक् पुष्करसाहमत्र ॥२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुपैयां दिएर भूमि हरण गरियो भनि सैन्यहरु रिसाउँदा अधिकार हराइ रङ्गनाथ गुरु काशी गए यहाँ (प्रधानमन्त्री पदमा) राजाले पुष्कर साहलाई नियुक्त गर्नु भयो ।।२४।।

प्रवर्धमानेन निरुद्ध-शक्तिः कार्याऽक्षमः स द्विषताऽङ्ग्ल-वैरी ।
पदं जहौ स्वं स्वयमेव, तत्र राज्ञा नियुक्तो रणजङ्गपाण्डेः ।।२५।।

बढ्दै गए का फिरङ्गी शत्रुवाट शक्ति रोकईदा काम गर्न असमर्थ भै फिरङ्गीका वैरी उनले पनि आफ्नो पद आफै छाडे र त्यस (प्रधानमन्त्री पद) मा राजाले रणजङ्गपाण्डेलाई नियुक्त गर्नु भयो ।।२५।।

हा ! हन्त ! निर्णीतचरं यथार्थं गोरण्ड-गृह्याः पिशुनाः कियन्तः ।
विषाऽभियोगं पुनरुद्गमय्य श्रीभीम-मुख्यान् प्रतिकर्तुमैच्छन् ।।२६।।

दुःखको कुरा छकि फिरङ्गी सित मिलेका केही छुल्याहाहरुले अघी यथार्थ निर्णय भै सकेको विषको अभियोग फेरी जगाई श्री भीमसेनथापा आदिको प्रतिकार गर्ने इच्छा गरे ।।२६।।

कपोलयोः पीडित एकदेवस्तप्तायसाऽन्यस्य च लुञ्चितानि ।
चर्माणि, वद्धः स च भीमसेनः सम्पच्च भूयोऽपहृता समेषाम् ।।२७।।

एकदेव वैद्य तताएका फलामले गालामा डामिए, अर्का (शिवानन्द) का छाला लुछिए भीमसेनथापा पनि बन्दी बनाइए, सवैको सम्पत्ति पनि हरण गरियो ।।२७।।

स्वप्नेऽपि गोरण्ड-विरोधिनं तं श्रीभीमसेनं पिशुनोऽथ कश्चित् ।
सखेव गूढः परिपन्थि-गृह्यो विश्वास्य मिथ्या निभृतं जगाद ।।२८।।

त्यस पछि सपनामा पनि फिरङ्गीको विरोध गर्ने ती भीमसेनथापा लाई गुप्तरीतिले शत्रुसङ्ग मिलेको कुनै छुल्याहाले मित्र जस्तो वनी एकान्तमा यस प्रकार झूटा कुरालाई विश्वास गराई भन्यो ।।२८।।

विधाय नग्नां भवदीय-पत्नीं पुरं परिक्रामयितार आर्य ! ।
तथा विधा सा च निभालनीया विट्-कुण्ड-भाजा भवता बतेति ।।२९।।

हे आर्य दुःखको कुरा छ कि तपाञीकी पत्नीलाई नाङ्गी वनाएर नगर घुमाउने छन्, त्यस्तो अवस्था की वहाँलाई तपाञीले विष्ठाको कुण्ड मा वसेर हेर्नु पर्नेछ" ।।२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निशम्य तन्मान-धनो मनस्वी हा ! हन्त ! सीसेन गलं दलन् स्वम् ।
स्वयं महात्मा नवमेऽन्हि साऽऽधर्जहात्वसून राष्ट्र-मणिः स कष्टात् ३०

त्यो कुरा सुनेर मनमा चोट परी मानलाईनै धन रुभ्रने मनस्वी राष्ट्रका मणि महात्मा भीमसेनथापाले आफैले आफ्नो गला लाई सीसाले दलेर कष्ट सित नवौं दिनमा प्राण त्याग गरे ॥३०॥

चरित्र-हीना महिषी सुरेन्द्रो विक्षिप्त, आस्ते नृपतिः कु-बुद्धिः ।
अथेति सर्वत्र मृषाऽपवादं गोरण्ड-दूताः प्रथयाम्बभूवुः ॥३१॥

अब फिरङ्गीका दूतहरुले "रानी चरित्रहीन छन्, सुरेन्द्र (युवराज) दौलाहा छन् राजा नराम्रो बुद्धि भएका छन्" भन्ने सर्वत्र झूट प्रचार गराउन थाले ॥३१॥

तथ्यं परं हडसन-संज्ञकेन दूतेषु तेष्वेव तदातनेषु ।
स्व-गोप्य-पत्रे नृपतेश्चरित्रमपि द्विषा वर्णितमित्थमस्ति ॥३२॥

तर त्यस समयका तिनै दूतहरु मध्ये हड्सनले शत्रु होता पनि आफ्नो गुप्त पत्र (डायरी) मा राजाको सत्य चरित्र यस प्रकार वर्णन गरेकोछ ३२

अतीव धीमानति सूक्ष्म-दृष्टिः शश्वन्नृपोऽसौ सुसमीक्ष्य-कारी ।
पटुर्नितान्तं गत-भीति-लशो योषित्-सुरादि-व्यसन प्रतीपः ॥३३॥
सदैव राष्ट्रान्तर-वृत्त-दृष्टिर्मनो-विनोदेऽपि पराङ्-मुखोऽस्ति ।
राजेदृशः कूट-नय-प्रवीणो मयाऽनुभूतः कचनाऽपि-नेति" ॥३४॥

यिनी राजा अतिशय बुद्धिमान्, अतिशय सूक्ष्म दृष्टि भएका, सदा राम्ररी विचार गरी काम गर्ने, अतिशय चतुर, निर्भीक, रण्डीवाजी मदिरापान न गर्ने, सदै भरी अरु राष्ट्रमा के भै रहेको छ भनि ध्यान दिने मोज मजामा मन न दिने छन्, यस्तोकूटनीतिमा निपुण राजा मैले कहीं पनि अनुभव गरेको (देखे सुनेको) छैन" ॥ ३३॥३४॥

अम्तोतेरो हेनरिलर्न्स-दूतः पत्रे निजे वर्णितवानपीति ।
एतस्य राज्ञः परराष्ट्र-नीतिर्भृशं मनोज्ञाऽस्ति विविक्त-दृष्टेः ॥३५॥
वरीवृतीतीह सुखि प्रजानां कीनास-वर्गस्य च जीवनं तत् ।
प्रासाद-कोपेऽपि सतीषदेतन्न प्राभवं राष्ट्रमहं ग्रहीतुम् ॥३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को हेनरिलर्न्स-दूतले पनि आफ्ना पत्रमा यसप्रकार वर्णन गरेको छः–स्वच्छ दृष्टि भएका यिनी राजाको परराष्ट्रनीति अत्यन्त राम्रो छ, यहाँ प्रजाहरुको एवं किसानवर्गको जीवन सुखीछ, त्यस कारण अली-अलि राजभवनमा झगड़ा भएता पनि मैले यस राष्ट्रलाई लिन सकिन ३४-३५

अथाऽनूभूताऽऽङ्गल-कूट-नीतिः स्वप्नादिवाऽसौ नृपतिः प्रबुद्धः ।
स्निग्धं स्मरन् सन् निज-देश-रत्नं श्रीभीमसेनं भृशमन्वतप्त ॥३७॥

यस पछि फिरङ्गीको कूटनीति अनुभव गर्नु भई स्वप्नबाट जाग्नु भए जस्ता राजा राजेन्द्र विक्रमशाह आफ्ना देशका रत्न प्यारा भीमसेन थापालाई संझँदै अतिशय पछुताउनु भयो ॥३७॥

स-वर्मभिर्भारत-भूमि-पालैर्गूढं च चीनेन च लासयाऽपि ।
सम्बद्धवान् यज्ञिय-भूमि-गर्भाद् गौरान् स निर्वासयितुं स-यत्नः ३८

यज्ञ गर्न उचित (पवित्र) भूमिबाट फिरङ्गी लाई निकाल्न प्रयास गरी रहेका राजा राजेन्द्रले गुप्त रीतिले वर्मा सहित भारतका राजाहरु, चीन, लासा सित पनि सम्बन्ध राख्नु भयो ॥३८॥

पूर्वं स गोरण्ड-हृतान् प्रदेशान् भूयो जिघृक्षुः समरेण राजा ।
न्ययुङ्क्त युद्धादपि रिक्त-कोशः सेनासु सैन्यान् बहुशो नवीनान् ।३९।

अघी फिरङ्गीले हरण गरिएका प्रदेशलाई फेरी युद्ध गरी लिने इच्छा गर्नु भएका राजाले युद्ध गर्दा कोश रित्तो थियोतापनि सेनामा धेरै नयाँ सैन्यहरुलाइ नियुक्त गर्नु भयो ॥३८॥

ग्रहीतुमाङ्ग्लाऽपहृतान् प्रदेशान् स्पृहां धनेभ्यो विरहय्य वीराः ! ।
युद्धाय सज्जा भवतेत्यवोचन्नून्नान् पुराणानपि सैनिकान् सः ॥४०॥

वहाँले पुराना र नयाँ सैनिकलाई पनि हे वीरहो ! फिरङ्गीले अपहरण गरिएका प्रदेश लिनका निमित्त धनको इच्छा न गरी युद्ध गर्न तैयार होउ भन्नु भयो ॥४०॥

श्रुत्वेति सैन्या अपि देश-भक्ता युद्धोत्सवाः पूजित-भूमिपाज्ञाः ।
अनीहमाना अपि वेतनं ते सर्वे बभूवुः समराय सज्जाः ॥४१॥

यो कुरा सुनेर राजाका आज्ञालाई आदर गरी देशभक्त युद्धलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्सव रंझने सवै सैन्यहरूले पनि वेतनमा पनि लालसा न राखी युद्ध गर्न तत्पर भए ।।४१।।

आग्नेयचूर्णान्यपि नालिकाश्च राजा शतघ्नीगुलिका-मुखानि ।
निर्मापयन् सन् रण-साधनानि स कर्मठो न व्यरमत् कदापि ।।४२।।

कर्मठ वहाँ राजाले बारुत, बन्दूक, तोप, गोली आदि युद्धका साधन हरु वनवाउँदै कहिले पनि विश्रान्ति लिनु भएन ।।४२।।

प्रधान-मंत्री रणजङ्गपाण्डे राजेन्द्रराजेन च नुद्यमानः ।
समादिशद् गौर-हृत-प्रदेश-निवर्तनार्थे समरेण सैन्यान् ।।४३।।

राजेन्द्र राजावाट प्रेरणा पाएका प्रधानमन्त्री रणजङ्गपाण्डेले पनि फिरङ्गीले हरण गरिएका प्रदेशलाई युद्ध द्वारा फिर्तागर्न सैन्यलाई आदेश दिए ।। ४३ ।।

मुन्यङ्क-वास्वन्दु-मिते तदब्दे ग्रामान् सहैकां नवतिं स-शस्त्र ।
निवर्तयामास रणेन चम्पारण्य-प्रदेशस्य वरूथिनी सा ।।४४।।

अतः वि० सं० १८६७ मा सशस्त्र त्यो सेनाले युद्ध द्वारा चम्पारन मण्डलका ९१ गाउँ फिर्ता गऱ्यो ।।४४।।

युद्धावसाने पुनराङ्गलेषु ग्रामान् परं तान् हृतवत्सु, राज्ञा ।
तद्युद्ध-बीजं रणजङ्ग-पाण्डेरित्याङ्गलमाश्वासयति स्म धीमान् ४५

परन्तु युद्धको अन्त्यमा ती गाउँहरुफेरी फिरङ्गीले लिँदा बुद्धिमान् राजाले त्यो युद्धको बीज रणजङ्गपाण्डे हुन् भनि फिरङ्गीलाई आश्वासन दिनु भयो ।।४५।।

पदान्नरेन्द्रो रणजङ्गमेवं निष्कासयन् गौरदृशौ पिधित्सुः ।
नियुक्तवान् कूटनयप्रवीणः पदे तदीये च स फत्यजङ्गम् ।।४६।।

फिरङ्गीका आँखा ढाक्न चाहने कूटनीतिमा सिपालु वहाँ राजाले यसप्रकार पदवाट रणजङ्गपाण्डेलाई निकाली उनका पदमा (प्रधानमन्त्री पदमा) फत्यजङ्गलाई नियुक्त गर्नु भयो ।।०६।।

राजा ततः सत्यपि राजभक्ते श्रीफत्यजङ्गे भय-भाजि गौरात् ।
स भारतान्माथवराऽऽद्य-सिंहं निर्भीकमानेतु-मना बभूव ।।४७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीफत्यजङ्गसाह राजभक्त थिएता पनि फिरङ्गी सित डराउने हुनाले राजा राजेन्द्रविक्रमले भारतवाट निर्भीक माथवरसिंहलाई झिकाउने मन गर्नु भयो ॥४७॥

साम्राज्यलक्ष्म्यां नृपतिर्महिष्यां दिवं गतायामथ राज्यलक्ष्म्या ।
विहित्रिमं सत्यमिव स्वकीयं विवादमुग्रं प्रथयाम्बभूव ॥४८॥

उप्रान्त महारानी साम्राज्यलक्ष्मीको स्वर्गवास भए पछि, राजाले राजेन्द्रलक्ष्मी सित आफ्नो वनावटी उग्र विवाद साँच्चै हो कि, जस्तो गराई फैलाउनु भयो ॥४८॥

ग्रह-ग्रहाऽष्टेन्दु-मिते तदब्दे विवाद-हेतोरिव दीन-चित्तः ।
राजा ददौ कूट-नय-प्रवीणः सर्वाधिकारं प्रिय-राज्यलक्ष्म्यै ॥४९॥

अतः वि० सं० १८९९ मा विवादले दुःखी मन भए झैँ गरी कूट नीतिमा सिपालु राजाले सम्पूर्ण अधिकार प्यारी राज्यलक्ष्मीलाई दिनु भयो ॥४९॥

सा भर्तुराज्ञामथ पालयन्ती कायेन वाचा मनसाऽपि देवी ।
पत्रेण गोरण्ड-विरोधचुञ्चुं वर्चस्विनं माथवरं जुहाव ॥५०॥

त्यस पछि ती महारानीले शरीर, मन, वचनले पतिको आज्ञा पालन गर्दै फिरङ्गीका कट्टर विरोधी वर्चस्वी माथवरसिंह थापालाई पत्र द्वारा वोलाउनु भयो ॥ ५० ॥

छित्त्वा वहून केशरि यो निशायां खड्गेन संयोज्य च दारुणा सः ।
पञ्जाल-सिहान्नव-रत्न-मालां कलावहादूर-पदं च लेभे ॥ ५१ ॥

ती माथवरसिंहथापाले रातीमा धेरै सिंहलाई खड्गले काटी काठले छोडेर पञ्जाव केशरी (रणजित्‌सिंह) वाट नवरत्नको माला र कलावहादूर पद पाएका थिए । ५१॥

शलातुरं लाहुरमाहुर्वाक् स एव तत्र प्रथमं गतोऽभूत् ।
तद् लाहुरेदायि-पदं हिमाले तद्वीर्य-शंसि प्रथतेऽधुनाऽपि ॥५२॥

शलातुर (पञ्जावको राजधानी) लाई पछी लाहुर भन्न लागे, त्यहाँ सर्व प्रथम (हिमाल खण्डवाट) माथवरसिंहनै गएका थिए, अतः उनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्यको प्रशंसा गर्ने "लाहुरे दायी" भन्ने पद आज भोली पनि हिमाल खण्डमा प्रसिद्ध छ ॥५२॥

सेनापतिः सन् वस वेतनं ते वित्तस्य लक्षं प्रतिमासमत्र ।
दक्षस्तदेत्याङ्ग्ल-निवेदितोऽपि स भारतादागतवान् मनस्वी ॥५३॥

त्यस समयमा फिरङ्गीले "तपाईलाई मैनाको १००००० एक लाख रुपैयाँ वेतन दिन्छौं सेनापति भएर यहीं वस्नुहोस्" भनि निवेन गर्दा पनि मनस्वी ती माथवरसिंहथापा भारतबाट आए ।।५३॥

विषाऽभियोगेऽथ पुनर्विविक्ते सत्य-प्रकाशे, विभवो हृतः प्राक् ।
दत्ताः समेषां, फलमंहसस्ते मायाविनः साम्प्रतमन्वभूवन् ॥५४॥

उप्रान्त फेरी सत्यको प्रकाशमा विषको अभियोग छानवीन गर्दा अँघी हरण गरिएको सबैको सम्पत्ति दिइयो, ती कपटीहरुले ऐले पापको फल अनुभव गरे ॥५४॥

ततः स गोरण्ड-हृत-प्रदेश-निवर्तनायै दृढ-बद्ध-कच्छः ।
देव्याऽपि भूपेन परामृशन् सन् वरूथिनीं वर्धयति स्म धीमान् ॥५५॥

त्यस पछि फिरङ्गीले हरण गरिएका प्रदेश फर्काउन कम्मर कसेका बुद्धिमान् माथवरसिंहथापाले राजा र रानी सित परामर्श गरी सेना वढाए ॥ ५५ ॥

भावं विदित्वेति तदीयमाङ्ग्लैविरोध-पत्रे प्रहिते नय-ज्ञः ।
राजा शनैर्माथवरं प्रतीपं निवारयाममीति तदोत्ततार ॥५६॥

फिरङ्गीले उनको अधिप्राय बुझेर विरोधपत्र पठाउँदा त्यस समयमा नीतिज्ञ राजाले प्रतिकूल भएका माथवरसिंहलाई सुस्त सुस्त रोक्छु भनि उत्तर दिनु भयो ॥५६॥

गोरण्ड-दूतो नृप-कूट-नीतिं विवेद जङ्गबहादुरं सः ।
चकार मित्रं युवराट्-सुरेन्द्र-शरीर-रक्षं निभृतं स्वकीयम् ॥५७॥

फिरङ्गीका दूतले राजाको कूटनीति बूझयो, अतः उसले युवराज सुरेन्द्रका अङ्गरक्षक जंगबहादुर लाई गुप्तरूपवाट आफ्नो मित्र वनायो ५७

छद्मस्ततो जङ्गबहादुरस्तं स्व-मातुलं गौर-मताऽवलम्बी ।
वीराऽचितं माथवरं व.दाचिद् घान धिग् धिग् गुलिका-प्रहारात् ॥५८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस पछि फिरंगीका मतमा लागेका जङ्गबहादुरले कुनै समयमा लुकेर वीरहरूले मानिएका आफ्ना मामा माथवरसिंहथापालाई धिक्कार छ गोलीले प्रहार गरी मारे ॥५८॥

तस्मिन् हते भूमिपतिः प्रधाने शोकाकुलो मन्त्रि-पदे न्ययुङ्क्त ।
श्रीफत्यजङ्गं, परराष्ट्र-कार्ये वर्चस्विनं श्रीगगनाद्य सिंहम् ॥५९॥

माथवरसिंह मारिँदा शोकाकुल भएका राजाले प्रधानमंत्री पदमा श्रीफत्यजङ्गलाई र पर राष्ट्र कार्यमा वर्चस्वी श्रीगगनसिंहलाई नियुक्त गर्नु भयो ॥५९॥

ततः कदाचिद् गगनाऽग्रसिंहं केनापि गोरण्डविरोधचुञ्चुम् ।
गोरण्ड-दूतेङ्गित वर्तिजङ्गः सन्ध्यामुपासीनमजीघतत्तम् ॥६०॥

त्यस पछि कुनै समयमा फिरंगीका कट्टर विरोधी गगनसिंहलाई पनि सन्ध्या गर्न लागेका वेलामा फिरङ्गीका दूतको इसारामा चल्ने जंगवहादुरले कुनै द्वारा मराए ॥६०॥

भूपं तु हत्या-द्वय-दीन-चित्तमित्यब्रवीज्जङ्ग इवाऽपदोषः ।
सर्वान् समाहूय स भारधाराँस्तत्राऽऽततायी समितौ निरूप्यः ॥६१॥

दुइ हत्यावाट दुःखित मन भएका राजालाई निर्दोष जस्तो वनेर जङ्गवहादुरले "भारधार सवैलाई वोलाई सभामा आततायीलाई छानवीन गर्नु पर्दछ भने ॥६१॥

विश्वासिना भूपतिना तथैव कृते न्यधाज्जङ्ग वहादुरः स्वान् ।
सज्जान् स-शस्त्रान् नृपतिः सभायां स भारधारैरुपतिष्ठते स्म ॥६२॥

विश्वासमा परेका राजाले सभा वोलाउँदा जंगवहादुरले आफ्ना मानिसलाई सशस्त्र सुसज्जित गरी राखे, आफ्ना भारधार सहित भई राजा सभामा उपस्थित हुनु भयो ॥६२॥

सद्यः स तत्रत्य-परिस्थितिं तां विज्ञाय धीमानिह फत्यजङ्गम् ।
समाह्वयामीति" मिषेण राजा गोरण्ड-दूतालयमाजगाम ॥६३॥

बुद्धिमान् राजा तुरन्त त्यहाँको परिस्थिति बुझी "फत्यजङ्गलाई वोलाउँछु" भन्ने निहुँले फिरंगीको दूतावासमा आउनु भयो ॥६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनाश्रयस्तत्र च भूमि-पालः स फत्यजङ्गालयमाजगाम ।
ततश्च सद्योऽप्यभिमानसिंहो निर्गन्तुमैच्छत् स्थितिवित् सभायाः ६४

त्यहाँ पनि आश्रय न पाएर राजा फत्यजङ्गका घर आउनु भयो, उता पट्टी अभिमानसिंह राना मगरले पनि स्थिति बुझेर तुरुन्त सभावाट निस्कने इच्छा गरे ।।६४।।

हा ! नालिका-कोटि-निशात-धारा-निर्भिन्न-वक्षा द्विषता स निर्यान् ।
उच्चैर्भणन् सन् "गगनस्य-हन्ता जङ्गोऽयमस्तीति" जहावसून् द्राक् ६५

दुःखको कुरा छ कि निस्कन लाग्दा शत्रुले बन्दूकका टुप्पाका तीखा धारले छाती रोपिदिंदा चिच्चाएर "गगनसिंहलाई मार्ने यही जङ्गे हो" भन्दै अभिमानसिंह राना मगरले तुरुन्त प्राण छोडे ।।६५।।

निशम्य तद् राष्ट्रिय भावनाऽऽढ्य जङ्गाऽनुगाः सत्वरमेव शस्त्रैः ।
राज्ञी-नरेन्द्राऽनुग-भारधारान् सर्वानशस्त्रान् सहसा प्रजह्नुः ।।६६।।

यो कुरा सुनेर जङ्गबहादुरका पिछौटेले राष्ट्रिय भावनाले भरिएका हतियार न लिएका राजा रानी पक्षका सबै भारधारलाई तुरुन्त एकाएक हतियारले प्रहार गरे ।।६६।।

हा ! हन्त ! तत्राऽऽहत-भारधार-गलोच्छलच्छोणित-भीम-भेलः ।
पराभवञ्छोण नदं बहिर्द्राग् गृहात् सभाख्या अपि निःससार ।।६७।।

दुःखको कुराछ कि त्यहाँ मारिएका भारधारका गलाबाट उछलिएको रगतको भेल शोण नदलाई तिरस्कार गर्दै सभागृहवाट पनि तुरुन्त बाहिर निस्क्यो ।।६७।।

त्रि-ख-ग्रहोर्वी मित वैक्रमाऽब्दे मास्याश्विने नेत्र मिताऽह-रात्रौ ।
कृतां नृशंसैर्घटनामवद्यां तां कूटपर्वेति जनमा भणन्ति ।। ६८ ।।

विक्रम संवत् १९०३ आश्विन २ गते राती क्रूरहरुले गरे गराएको कुख्यात त्यस घटनालाई जनहरु कोट (त) पर्व भन्द छन् ।।६८।।

हिमाल रत्नेषु तथा हतेषु द्विषो बभूवुः कृतकृत्यकल्पाः ।
गौराऽनुगाञ्जङ्ग वहादुरादीन् राजा च संहर्तुमथ प्रयेते ।।६९।।

त्यस प्रकार हिमाल खण्डका रत्नहरु मारिए पछि शत्रुहरु केही कृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृत्य भए, फिरङ्गीका अनुयायी जङ्गवहादुर आदिलाई अव राजाले पनि मास्न प्रयास गर्नु भयो ॥६९॥

वीरध्वजः पूजित भूमिपाऽऽज्ञो वजीरसिंहो गगनात्मजोऽतः ।
भण्डारखालाऽऽख्य-गृहान्तरेऽस्त्रैः सज्जान् न्यधातां निभृतं स्व-गृह्यान्

अतः राजाका आज्ञाको आदर गर्ने वीरध्वज र गगनसिंहका छोरा वजीरसिंहले भण्डारखाल घर भित्र हतियारहरुले सुसज्जित आपना मानिस लाई गुप्त रीतिले राखे ॥७०॥

तत्राऽखिलान् वोल्लयति क्षितीशे दैवाच्चरैर्जङ्गवहादुरस्तत् ।
जानन् रहस्यं स स-शस्त्र साथैः सहाऽऽययौ दूषित-शङ्किताऽन्तः ७१

राजाले सवैलाई त्यहाँ वोलाउँदा दैवसंयोग चरद्वारा त्यस रहस्यलाई थाह पाएर जङ्गवहादुर हतियार लिएका साथी सित दूषित भएको हुनाले शङ्कित मनले आए ॥७१॥

वीरध्वजाद्या निहताः कियन्तो वन्दीकृतास्ते निहिताऽऽयुधा ये ।
तदाऽप्यहो ! जङ्गवहादुरेण वजीरसिंहस्तु पलायत प्राक् ॥ २॥

अहो ! त्यस वेलामा पनि जङ्गवहादुरले वीरध्वज आदि केहीलाई मारे हतियार भूमिमा राखनेहरुलाई वन्दी वनाए वजीरसिंह पहिलेनै भागी सकेका थिए ॥७२॥

सर्वेषु हा ! देश-नरेश-भक्त-स्व-भारधारे-ष्वित्ति संहृतेषु ।
गोरण्ड-भाग-जङ्गवहादुरस्य वभूव राजाऽपि स वश्यकल्पः ॥७३॥

दुःखको कुरा छ कि, यस प्रकार देश नरेश भक्त आपना भारधार हरुभित्रुक्क हुंदा फिरङ्गीको सेवागर्ने जङ्गवहादुरका राजा राजेन्द्र विक्रमशाह पनि अधीन जस्तै हुनु भयो ॥७३॥

अतो मिषाज्जङ्गवहादुरस्य विविच्य गोरण्ड-जयं मनीषी ।
इयेष काशी-गमनाय दीनो राजा समं साऽऽत्मजया महिष्या ॥७४॥

अतः बुद्धिमान् राजाले जङ्गवहादुरका छलले फिरङ्गीका विजय ठहराई दुःखी भई पुत्रले सहित भएकी रानी सहित काशी जाने इच्छा गर्नु भयो ॥७४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निवारिते भू-भुजि राज-भक्त-प्रजास्वथो जङ्गवहादुराय ।
क्रुद्धासु राष्ट्र-ग्रहणाय गौरो जङ्गं जगौ वारयितुं नरेन्द्रम् ॥७५॥

अव राजालाई रोक्ने हो भने राजभक्त प्रजाहरु जङ्गवहादुर प्रति रिसाएमा राष्ट्रलिने विचारले फिरङ्गीले जङ्गवहादुरलाई राजालाई रोक्न भन्यो ॥७५॥

तद्-भाव-विज्जङ्ग वहादुरस्तन्न स्वीचकार क्षितिपः सुरेन्द्रम् ।
संस्थाप्य 'भूयोऽत्र निवर्तिताहे' विश्वासयन्नित्यगमत् स काशीम् ७६

फिरङ्गीको भावना बुझेका जङ्गवहादुरले त्यस कुरालाई मानेनन् राजा राजेन्द्र 'फेरि यहाँ फर्किने छु' भनि विश्वास पारी सुरेन्द्रलाई राखी काशी जानु भयो ॥७६॥

स कर्मठो धीरतरो मनस्वी विवासितैः प्रागथ देश-भक्तैः ।
युतो विपक्षान् प्रतिकर्तुमिच्छन्नहीन-सत्त्वो न्यवृतत् सुगौलीम् ॥७७॥

यस पछि अतिशय धीर कर्मठ मनस्वी उत्साह न हराएका राजेन्द्र वीरविक्रमसाह शत्रुहरुको प्रतीकार गर्ने इच्छा गरी अघि निकाला भएका देशभक्तहरु सङ्ग मिलेर सुगौली फर्कनु भयो ॥७७॥

श्रीरङ्गनाथः स-गुरुप्रसादो विषण्ण-चेता ननु राजधान्याः ।
प्रजाः समीपाश्चापि राजभक्ता राजानमीयुर्मधुपा इव स्वम् ॥७८॥

खिन्न मन भएका रङ्गनाथ, गुरुप्रसादसाह राजधानीवाट र नजीकका राजभक्त प्रजाहरु पनि यहाँ आफ्ना राजा हुनि मौरीहरु झैं गए ॥७८॥

अलौ-प्रदेशे निवसन् नरेन्द्रः स वीरगञ्जं समया सहायैः ।
व्यसृष्ट पत्रं निभृतं मनीषी स्व-राजधानी-स्थित-सैनिकेभ्यः ॥७९॥

सहाय सहित वीरगञ्ज नजीकको अलौ प्रदेशमा वसेर बुद्धिमान् राजा राजेन्द्रविक्रमसाहले गुप्तरीतले आफ्ना राजधानीमा रहेका सैनिकलाई पत्र पठाउनु भयो ॥७९॥

राज्ञा समं प्राक् प्रहितैः स्वकीयैश्चरैर्विदञ्जङ्ग-वहादुरस्तत् ।
चरं स पत्रं नृपतेर्निगृह्णन् निज-प्रवन्धं द्रढयाम्बभूव ॥८०॥

राजाका साथमा अघि पटाइएका आफ्ना गुप्तचरवाट त्यो कुरा थाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाएर जङ्गवहादुरले पत्रसहितको राजाको गुप्तचरलाई पकडेर आफ्नो प्रवन्ध दरिलो वनाए ॥८०॥

सिंहासने साहकुलावतंसं प्रच्याव्य राजेन्द्रमनङ्कुशः सन् ।
प्रजा-भयात्तत्तनुजं सुरेन्द्रमतिष्ठिपज्जङ्गवहादुरः सः ॥८१॥

जङ्गवहादुरले निरङ्कुश भई साहकुलभूषण राजेन्द्रविक्रमसाहलाई च्युत गरी प्रजाहरुका डरले वहाँकै छोरा सुरेन्द्रवीरविक्रम साहलाई सिंहासनमा स्थापित गरे ॥८१॥

अलौ-प्रदेशे सहसा निशायां निदेशिता जङ्गवहादुरेण ।
संहृत्य सर्वानथ राष्ट्र-भक्तान राजेन्द्र-राजं जगृहुश्च सैन्याः ८२

यस पछि जंगवहादुरले पठाइएका सैन्यले अलौ प्रदेशमा एकाएक रातीमा सव राष्ट्रभक्तहरुलाई झिरुक्क पारेर राजेन्द्रविक्रम राजालाई पनि पकड़े ॥ ८२ ॥

मद-मत्त-मतङ्ग-मण्डल-मथनोन्मीलित मानसोऽनिशम् ।
विधिना वत ! वञ्चितो हरिः शश-गृह्यो लघु-पञ्जरेऽवसत् ८३

मदले मत्त भएका हात्तीका वथानको दमन गर्न सदा मन लगाएका सिंहलाई हरे ! शिव ! भाग्यले ठगेको हुनाले चौडाको अधीन भई सानो पिंजडामा वस्नु पऱ्यो ॥८३॥

गोरक्षसाहवंशाख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
पूर्णोऽभूत् षोडशः सर्गो राष्ट्र भक्त-क्षयादिकः ॥८४॥

हरिप्रसादशर्मा आचार्यले वनाएको यस गोरक्षसाहवंश नामक महाकाव्यमा राष्ट्रभक्तहरुको क्षय हुनु आदि विषय भएको षोडश सर्ग पूर्ण भयो ॥८४॥

—❀❀❀—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तदशः सर्गः

प्रादुर्बभूव प्रथित-प्रतापस्त्रैलोक्यसाहाऽऽख्य सुरेन्द्र सूनुः ।
सद्यः सुरेन्द्राऽवर-भूमिपालो मतः स जज्ञेऽथ नरेन्द्रसाहः ॥१॥

प्रख्यात प्रताप भएका त्रैलोक्यवीरविक्रमसाह नाम भएका सुरेंद्रवीर विक्रमसाहका पुत्र जन्मनु भयो तत्कालमा वहाँ सुरेन्द्र पछिका राजामानिनु भयो, त्यस पछि नरेन्द्रसाह जन्मनु भयो ॥१॥

गुरुप्रसादो विष-नालिकाऽऽद्यै-राजेन्द्र-भक्तो विविधैरुपायैः ।
वारान् बहून् मारयितुं सदर्पं जङ्गं स-यत्नोऽप्यफलो बभूव ॥२॥

राजा राजेन्द्रका भक्त गुरुप्रसादसाह विष, बन्दूक आदि अनेक उपाय द्वारा घमण्डी जङ्गबहादुरलाई मनि मार्न धेरै पटक प्रयास गरेका थिएता पनि सफल भएनन् ॥२॥

राज्ञः सुरेन्द्रान्निगृहीत-शक्तेः प्रधान-मन्त्रीति पदं च जङ्गः ।
जग्राह धृष्टः स-बलः क्रमेण सोदर्य-भोग्यं प्रतिपादयन् सन् ॥३॥

यस पछी शक्ति रोकिएका राजा सुरेन्द्रबाट सैन्यशक्तियुक्त धृष्ट जङ्ग-बहादुरले पालाले भाईहरुले उपभोग गर्ने गराई प्रधान मन्त्री पद लिए ३

पञ्चाल-देशाद् रणजिन्नरेन्द्र-वीराङ्गनाया अति-विक्लवायाः ।
तदाऽङ्गल-त्रासा-पालयिताया गोरक्ष-राष्ट्रं शरणं बभूव ॥४॥

त्यस समयमा फिरङ्गीका डरले पञ्जाबबाट भागेकी अतिशय दुःखमा परेकी रणजित् सिंहकी वीराङ्गनाको गोर्खा राष्ट्र शरण भयो ॥४॥

अथाऽऽङ्गलानामपि तोषणेन पदं स्वकीयं स दृढी-चिकीर्षुः ।
निरस्त-मर्यादक आङ्ग्ल-देशे हिमालतो जङ्गबहादुरोऽगात् ॥५॥

उप्रान्त फिरङ्गीहरुलाई पनि प्रसन्न बनाई आफ्नो पद दरीलो बनाउन चाहेका जङ्गबहादुर मर्यादा भङ्ग गरी हिमालय खण्डबाट फिरङ्गीका देशमा गए ॥५॥

उपेन्द्रसाहः क्षिति-पाऽनुजस्तत् संस्कार-हीनोऽयमिति प्रचारात् ।
जङ्गं पदाच्च्यावयितुं स-यत्नः सार्थैः समं गौर-बलाद् गृहीतः ॥६॥

अतः "यो संस्कार हीन भयो (जात गयो)" भनि प्रचार गरेर जङ्ग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुरलाई पदवाट च्युत गर्न प्रयास गर्दा राजाका भाइ उपेन्द्रविक्रमशाह फिरङ्गीका बलद्वारा साथीहरुसहित पकडिनु भयो ।।६।।

स्वार्थे पटुर्जङ्गवहादुरोऽसौ हठाद् गृहीतं द्रढयन् पदं स्वम् ।
विवाहमुर्वीपति-जा-द्वयस्य सम्पादयामास निजात्मजाभ्याम् ।।७।।

स्वार्थमा चतुर जङ्गवहादुरले हठपूर्वक लिएको आफ्नो पदलाई दरिलो गराउँदै आफ्ना दुइ छोरा सित दुइ राजकुमारीहरुको विवाह गराए ।। ७ ।।

रुद्र-ग्रहोर्वी-मित-वैक्रमाऽब्दे भोट्टेन सार्धं समरे प्रवृत्ते ।
गोरक्ष-वीरैः समरेऽतिधीरै-र्भोट्ट-प्रदेशाः कति-चिद् गृहीताः ।।८।।

विक्रम संवत् १९११ मा भोट सित युद्ध हुँदा सङ्ग्राममा अतिशय धीर गोर्खाली वीरहरुले भोटका धेरै प्रदेश लिए ।।८।।

मुद्राऽयुतं भोट्ट-नृपेऽनु-वर्षं गोरक्षराष्ट्राय करं प्रदातुम् ।
सन्धिः पुनर्लब्ध-वहु-प्रदेशे स्वीकुर्वति प्रीततमे वभूव ।।९।।

फेरी धेरै प्रदेश पाई प्रसन्न भएका भोटका राजाले प्रतिवर्ष गोर्खाराष्ट्र लाई १०००० (दश हजार) मुद्राकर दिन स्वीकार गर्दा सन्धि भयो ।।९।।

कास्क्यास्ततो लम्ब-युगस्य जङ्गः कारागृह-स्थादिव भूमि-पालात् ।
राणा-महाराज-पदे यथेच्छं जग्राह-गोरण्डबलः सुरेन्द्रात् ।। १० ।।

त्यस् पछि कारागृहमा रहे जस्ता राजा सुरेन्द्रवाट फिरङ्गीको बल पाएका जङ्गवहादुरले आफ्नो इच्छानुसार कास्की र लंजुङ्का महाराज राणा भन्ने पद लिए ।।१०।।

भूपाऽधिकारानखिलानपीति ततोऽग्रहीज्जङ्गवहादुरः सः ।
सिंहासन-स्थोऽपि महीपतिस्तु वभूव साङ्ख्योक्त-पुमानियाऽत ।।११।।

यस प्रकार वहाँ वाट ती जङ्गवहादुरले सवै राजाका अधिकार पनि लिए, अतः राजा सिंहासनमा वसेता पनि साङ्ख्यमा वताईएका पुरुष झैं (निष्क्रिय) हुनु भयो ।।११।।

चतुर्दशाऽब्देऽखिल-भारतीय-सेनासु गोरण्ड विरोधिनीषु ।
पारेऽब्धि तेषामपसारणाय मिथो मिलन्तीषु दृढ-व्रतासु ।।१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नश्यत्स्वमस्तित्व मवेक्षमाणैः शुष्यन्मुखैस्तद्दमनाय जङ्गः ।
अवेत-गोरक्ष-बल-प्रतापैः साहाय्यमाङ्ग्लैः स-भयैर्ययाचे ॥१३॥

वि० सं० १९१४ मा फिरङ्गीका विरोधी अखिल भारतीय सेनाले परस्पर मिली फिरङ्गीलाई समुद्र पारी हटाउने दृढ व्रत लिएका वेलामा— आफ्नो अस्तित्व मेटिन लागेको देखी डरले मुख शुकेका फिरङ्गीले तिनीहरुलाई दमन गर्न गोर्खालीको बल प्रताप थाह पाएका हुनाले जङ्गबहादुर सङ्ग सहायता मागे ॥१२॥१३॥

राजेन्द्र-साहेन वरूथिनी या सवर्धिता गौर-निबर्हणाय ।
तामेव हा ! गौर सहायतायै धिग्धिग् रणाऽग्नौ स जुहाव जङ्गः १४

फिरङ्गीलाई निमोठ्न भनि राजा राजेन्द्रविक्रमसाहले जुन सैन्य बढाउनु भएको थियो, हरे ! शिव ! वार वार धिक्कार छ कि उनै सैन्यलाई फिरङ्गीको सहायता गर्न जङ्गवहादुरले रणाऽग्निमा होमे ॥१४॥

त्रासात्तदा भारत-विद्रुतेभ्यो धर्म्यं परं मीलित-हिन्दु-जुष्टम् ।
ग्लायन्मुखेभ्यः प्रददौ शरण्यं गोरक्षराष्ट्रं शरणं जनेभ्यः ॥१५॥

परन्तु मीलका हिन्दुहरुले सेवा गरिएको शरणमा आएकाको रक्षा गर्ने धार्मिक गोर्खा राष्ट्रले त्यस समयमा (फिरङ्गीका) तरासले भारतवाट भागेका मलिन मुख लगाएका जनहरुलाई शरण दियो ॥१५॥

पुरा छलेनाऽपहृतेषु गौरो विसृष्टवान् पूर्ण-मनोरथः सन् ।
गोरक्षराष्ट्रस्य कियत्-प्रदेशं तं बन्धु-भोग्यं स चकार जङ्गः १६

पूर्ण मनोरथ भई फिरङ्गीले अघी छल द्वारा गोर्खाराष्ट्रका हरण गरिएका प्रदेशहरु मध्ये केही प्रदेश छाडी दियो त्यसलाई जङ्गवहादूरले आफना भाइहरुले भोग गर्ने गराए ॥१६॥

अथाऽऽयतावप्यधिकारमाप्तं जङ्गः स्थिरं कर्तु मनाः स्वकीयम् ।
विवाहयामास सुरेन्द्र-पुत्र-त्रैलोक्यसाहेन सुतां स्वकीयाम् ॥१७॥

पाइएको आफ्नो पदलाई भविष्यमा पनि स्थिर गराउने मन भएका जङ्गवहादूरले यस पछि, सुरेन्द्रका पुत्र त्रैलोक्यसाहका साथ आफ्नी छोरीको विवाह गराए ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्ष-जो लक्ष्मण-नाम-थापा निरङ्कुशं जङ्गबहादुरं तम् ।
निरस्य, राजेन्द्रममुं मुमुक्षुः प्रचारयामास तु साहसीति ॥१८॥

त्यस समयमा निरङ्कुश जङ्गबहादुरलाई हटाई राजेन्द्र राजालाई छुटाउने इच्छा गरेका गोर्खाका साहसी लक्ष्मणथापा मगर (द्वितीय) ले यस प्रकार प्रचार गरे ॥१८॥

गोरक्षनाथ-प्रिय-रामसाह-साहाय्य-कृल्लक्ष्मण-नाम-थापाः ।
पुरा य आसीदहमस्मि जातः स भूमिकां साम्प्रत मादधानः ॥१६॥

गोरखनाथका प्रिय रामसाहको सहायता गर्ने लक्ष्मणथापा अँघी जुन थिए अहिले अर्को रूप लिएका उनै म जन्मेको छु ॥१६॥

गोरक्षनाथेश्वर-कालिकाभ्यां देश-द्रुहो जङ्गबहादुरस्य ।
निरस्य वत्सोद्धर साह-वंश्यान् भूपानिति स्वप्न-परोऽहमुक्तः ॥२०॥

मलाई सपनामा देशद्रोही जङ्गबहादुरलाई हटाई हे बाबु ! साहवंशी राजाको उद्धार गर भनि गोरखनाथ ईश्वरले र कालिकाले मन्नु भयो ॥२०॥

निशम्य गोरक्ष-निवासिनस्तत् प्रायोऽभवञ्जङ्गबहादुरस्य- ।
विरोधिनस्तत्तरु-लम्बनाद्यै-र्हा ! हन्त ! मुख्या व्यतिसंहतास्ते ॥ २१॥

यो कुरा सुनेर गोर्खावासी जनता धेरै जस्तो जङ्गबहादुरका विरोधी वने, अतः दुःखको कुरा छ कि ती मुख्य मुख्यहरु रुखमा टङ्गाउनु आदि यातना दिएर मारिए ॥२१॥

तदा सुरेन्द्रात्मज-साहसाढ्य-त्रैलोक्यसाहो युवराज इत्थम् ।
वीक्ष्य प्रजानां निधनं दयालुरिति प्रतिज्ञामकरोन्मनस्वी ॥२२॥

त्यस समयमा सुरेन्द्रका छोरा साहसी त्रैलोक्यवीरविक्रमसाह युवराजले यस्तो प्रजाको निधन देखेर दयालु मनस्वी उनले यस प्रकार प्रतिज्ञा गर्नु भयो ॥२२॥

जङ्गं स-पक्षं परि भूय भूयः स्व-पूर्वजानामधिकारमस्मि ।
यावन्न गृह्णीय हृताऽधिकारं धास्यामि नूनं मुकुटं न तावत् ॥२३॥

पक्ष समेत जङ्गलाई झ्याकेर फेरी हाम्रा पूर्वजहरुको अधिकार जव संम मैले लिन शक्तैन तव संम अधिकार हरिएको मुकुट पहिर्ने छैन २३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्सिद्धये जङ्गबहादुरान्तं विधित्सुरासीन्निभृतं युवासौ।
जङ्गानुजन्माऽपि विवेद धीरसंशेर एतन्निखिलं रहस्यम् ॥२४॥

युवराज त्रैलोक्यविक्रमसाहले उक्त कुरा सिद्ध गर्नलाई गुप्त रीतबाट जङ्गबहादुरको अन्त गर्ने इच्छा गरी रहनु भएको थियो, जङ्गबहादुरका भाइ धीरसंशेरले पनि यी सबै गुह्य कुरालाई थाह पाए ॥२४॥

त्रि-त्र्यङ्क-भू-संमित-वैक्रमाऽब्दे कुर्वन् विहारं मृगया-परोऽपि।
विस्रंसितः सन् करिणः स जङ्गः प्राणाञ्जहौ प्रस्तर-घट्ट-भूमौ ॥२५॥

विक्रम संवत् १९३३ मा विहार गर्दै सिकार खेल्न व्यस्त भएका जङ्बहादुरले हात्तीबाट खसालींदा पत्थरघाटमा प्राण छोडे ॥२५॥

माया-पटुर्गोपित-जङ्ग-मृत्यु-र्मनोरथं साधयितुं स्वकीयम्।
स धीरसंशेर उपायचुञ्चु स्त्रैलोक्यवीरं प्रजिघाय तत्र ॥२६॥

छल गर्न चतुर उपायमा सिपालु धीरसंशेरले जङ्बहादुरको मृत्यु गुप्त राखी आफ्नो मनोरथ सिद्ध गर्न त्रैलोक्यवीरविक्रमसाहलाई पत्थर घाटमा पठाए ॥२६॥

इतो रणोद्दीपमपत्य-हीनं जङ्गाऽनुजं स्वाऽग्रजमञ्जसैव।
त्रियुङ्-महाराज पदेऽप्यमात्ये नियोजयामास स भूमि-पेन ॥२७॥

यता पट्टी उनले जङ्गबहादुरका भाइ आफ्ना दाजु सन्तान न भएका रणोद्दीपलाई श्री ५ महाराजाधिराजबाट श्री ३ महाराज र प्रधान मन्त्री पदमा नियुक्त गराए ॥२७॥

त्रैलोक्य-साहोऽध्वन एव धीर संशेर-मायामवयन् द्रुतं सन्।
निवर्तमानोऽपि हताऽवकाशो बभूव विज्ञोऽप्यफल-प्रयासः ॥२८॥

त्रैलोक्यवीरविक्रमसाह बाटैमा धीरसंशेरको कपट थाह पाई तुरुन्त फर्कनु भएको थियोता पनि समय चुकि सकेकाले बुद्धिमान् भएता पनि सफल हुनु भएन ॥२८॥

जङ्गात्मजायास्तनयोऽथ पृथ्वीवीरस्तदीयोऽजनि विक्रमाऽन्त्यः।
त्रैलोक्यवीरो विफलोऽपि पूर्वं न स्व-प्रयासाद् व्यरमन्मनस्वी २९

यस पछि जङ्गबहादुरकी छोरीबाट वहाँका पृथ्वीवीर विक्रमसाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्र जन्मनु भयो, मनस्वी त्रैलोक्य वीर विक्रमसाहले पहिले विफल भएता पनि आफ्नो प्रयास वाट विराम लिनु भएको थिएन ॥२९॥

तद् धीरसंशेर उरु-प्रभावं त्रैलोक्यवीरं गरलं कदाचित् ।
हा ! हन्त ! भैषज्य-मिषान्नृशंसो जामातरं पाययति स्म रुग्णम् ॥३०॥

अतः दुःखको कुरा छ कि क्रूर धीरसंशेरले ठूलो प्रभाव भएका विरामी भएका ज्वाञी त्रैलोक्यवीरविक्रमसाहलाई औषधिका छलले विष खुवाए ॥३०॥

इत्थं मनस्वी वत ! पञ्च-वर्षं पितामहे भूमि-पतौ च ताते ।
जीवत्यकस्माद् विरहय्य सूनुं त्रैलोक्यवीरस्त्रिदिवं जगाम ॥३१॥

हरे ! शिव ! यस प्रकार वाजे र वाउ राजा जीवित छँदै पाँच वर्षका छोरालाई छोडेर मनस्वी त्रैलोक्यवीरविक्रमसाह स्वर्ग जानु भयो ॥३१॥

विवाह-सम्बन्ध-गृहीत-चित्तैर्जङ्गात्मजाऽऽद्यैः सहितो विपक्षान् ।
नरेन्द्रसाहोऽथ सुरेन्द्र-सूनुः संहर्तु मिच्छन्नपि निष्फलोऽभूत ॥३२॥

यस पछि विवाह सम्बन्धवाट मन खिचिएका जङ्गवहादुरका छोरा आदिले सहित भई राजा सुरेन्द्रवीरविक्रमका पुत्र नरेन्द्रवीरविक्रमसाह विपक्षीहरुलाई झिरुक्क पार्ने इच्छा गर्नु भएको थियो ता पनि सफल हुनु भएन ॥३२॥

वस्वग्नि-खेटेन्दु-मितेऽथ वर्षे सुरेन्द्रसाहं नृपमार्य-घट्टे ।
उपेन्द्रसाहोऽवरजस्तदीयो न्यवीविदद्दीन-मुखोऽन्त्य-काले ॥३३॥

यस पछि विक्रम संवत् १९३८ मा अन्तिम समयमा आर्यघाटमा सुरेन्द्रवीरविक्रमसाहलाई वहाँका भाई उपेन्द्रवीरविक्रमसाहले मलिन मुख गराई निवेदन गर्नु भयो ॥३३॥

जङ्गानुजानां क्रमशोऽधिकारः स्याच्चेन्महाराज-पदेऽप्यमात्ये ।
सिंहासनस्याऽर्पय मेऽधिकारं न्यक्कृत्य राणान् भुवनं हि शास्मि ॥३४॥

जङ्गवहादुरका भाइहरुको श्री ३ महाराज र प्रधान मन्त्री पदमा क्रमैले अधिकार हुन्छ भने सिंहासनको अधिकार मलाई दिनु होस् राणालाई ङ्याकेर पृथिवीको शासन गर्छु ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुत्वेति राणाऽधिकृताऽधिकारः प्रेम-प्लुतात्मा नृपतिः सुरेन्द्रः ।
प्रतिब्रु वँस्तात ! "तथा विधेहि यथेच्छसीति" त्रिदिवं जगाम ॥३५॥

यी कुरा सुनेर प्रेमले मन पग्लेका राणाले अधिकार लिएका राजा सुरेन्द्र हेबाबु ! जे इच्छा छ त्यो गर भनि उत्तर दिदै स्वर्ग जानु भयो ३५

राजेन्द्रसाहः स तु पुत्र-पौत्र-शोकाऽग्नि-दग्धो वयसाऽतिवृद्धः ।
प्रपौत्र-नाम श्रुतवान् परस्माद् दिवं ययौ ग्लान-मनास्तदब्दे ॥३६॥

अरुबाट पनातीको नाम सुनेका पुत्रपौत्रको शोकरूपी अग्निले दग्ध भएका र अति वृद्ध अवस्था पनिभएकाले त्यैवर्ष (१९३८) मा विषाद युक्त मन भएका राजेन्द्रवीरविक्रमसाहदेव पनि स्वर्ग जानु भयो ॥३६॥

भ्रात्रीय-बाल-क्षिति-पाऽधिकारं नरेन्द्रसाहोऽपि दृढी-चिकीर्षुः ।
त्रैलोक्यसाहीय-पथाऽनुयायी स्व-कार्यतो न व्यरमन्मनस्वी ॥३७॥

त्रैलोक्यवीरविक्रमसाहका पथको अनुसरण गर्ने भतिजा बालक राजाको अधिकार दरीलो गराउन चाहने मनस्वी नरेन्द्रवीरविक्रमसाहले पनि आफ्ना कामबाट विराम लिनु भएन ॥३७॥

प्रधान-मन्त्रिण्यथ राजधान्यास्तदब्द-पौषे मृगयां विधित्सौ ।
यात्यध्वनि स्वैः स सम विपक्षान् स-मूल-घातं विनिहन्तुमैच्छत् ३८

यस पछि नरेन्द्रसाह उक्त वर्षको पौषमा प्रधान मन्त्री राजधानीबाट शिकार खेल्न जाँदा बाटामा साथिहरु सहित भई विपक्षीहरुलाई समूल समाप्त गर्ने इच्छामा हुनु हुन्थ्यो ॥३८॥

छन्नेऽपि दैवात् सकले रहस्ये प्रकाशमायाति नरेन्द्रसाहः ।
राणाभिराङ्ग्लीयमतं भजद्भिः कृतः प्रयागे बत! दृष्टि-बन्दी ॥३९॥

गुप्त राखिएको थियोता पनि दैव संयोग सब रहस्य प्रकाशमा आउँदा फिरङ्गीका भक्त राणाहरुले कठै ! नरेन्द्रसाहलाई प्रयागमा नजरबन्दी गराए ॥३९॥

नरेन्द्रसाहाऽनुग-भूमि-देवाः स-मुण्डनं च्योतित-जातयस्तैः ।
निर्वासिता हन्त ! हृताऽखिल-स्वा हिमालखण्डान्निहताश्च शेषाः ॥४०॥

तिनीहरुले हरे ! शिव ! सर्वस्वहरण गरी नरेन्द्रसाहका अनुयायी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणहरुलाई मुडेर जातिच्युत गराई हिमालखण्डवाट निकाले अरु-लाई मारे ॥४०॥

अकण्टकं वर्त्म विधाय धीर-संशेर इत्थं स निजात्मजानाम् ।
देहं जहौ, सप्त-दशाऽस्य वीरसंशेर-मुख्यास्तनया अभूवन् ॥४१॥

यस प्रकार आफ्ना छोराहरुको वाटो निष्कण्टक वनाई धीरसंशेरले देह छोडे यिनका वीरसंशेर आदि १७ भाइ छोरा थिए ॥४१॥

सिंहासन-स्थापित-बाल-भूपा रात्रौ रणोद्दीपमपि प्रगल्भाः ।
हत्वा पितृव्यं सरल-स्वभावं पादैः प्रजह्रुः शवमप्यनार्याः ॥४२॥

सिंहासनमा बालक राजालाई राखेका धृष्ट तिनी नीचहरुले रातीमा सरल स्वभाव भएका काका रणोद्दीपलाई पनि मारेर मृतक शरीरलाई पनि लात्तीले हाने ॥४२॥

जङ्गाऽऽत्मजादींश्च निज-प्रतीपान् व्यापाद्य सर्वान् सहसा तदैव ।
प्रधान मन्त्रित्वमवाप वीरसंशेर आराधयिताऽऽङ्गलानाम् ॥४३॥

त्यसै समयमा जङ्गवहादुरका छोरा आदि सव आफ्ना प्रतिकूल लाई मारेर फिरङ्गीका पूजारी वीरसंशेर प्रधान मन्त्री वने ॥४३॥

सुते स्वकीये सति दातु-कामे प्रधानमन्त्रिण्यपि राजमाता ।
कुलीनकन्ये ललिते सु-शीले विवाहयामास सुतेन राज्ञा ॥४४॥

प्रधानमन्त्रीले आफ्नी छोरी दिन खोजेका थिएता पनि राजमाताले छोरा राजाको विवाह सुन्दरी सुशील कुलीन दुई कन्या सङ्ग गरि दिनु भयो ॥४४॥

तद् वीरसंशेर उदग्र-रोषो निरङ्कुशो भू-पति-मातरं ताम् ।
निज-प्रतीपां समवेक्षमाणो निर्वासयामास हिमाल-खण्डात् ॥४५॥

अतः निरङ्कुश अतिशय रिसाएका वीरसंशेरले राजमातालाई आफ्ना प्रतिकूल संझेर हिमालखण्डवाट निकाले ॥४५॥

सिंहासने स्थापयितुं स्वकीयं दौहित्रमात्मीय-सुते उभे सः ।
विवाहयामास हठेन वीरसंशेर ऊर्वी-पतिनाऽपि भूयः ॥४६॥

ती वीर संशेरले सिंहासनमा आफ्ना नाती (छोरीका छोरा) लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राख्न हठ पूर्वक फेरी पनि राजा सङ्ग आफ्नी दुई छोरीको विवाह गरि दिए ॥४६॥

राणा-विरोधिन्यवरुद्ध-शक्तौ गृहीत-पाणावपि मातृ-भक्ते ।
जितेन्द्रिये भूमि-पतौ महिष्या वसन्तती द्वे अपि ते अभूताम् ॥४७॥

शक्ति रोकिएको हुनाले विवाह गरेता पनि राणा विरोधी मातृभक्त राजा जितेन्द्रिय हुनु भएकाले वहाँ दुवै महारानी निःसन्तान हुनु भयो ४७

निरङ्कुशो राष्ट्र-धनानि वीरसंशेर आहृत्य कराद्युपायैः ।
राष्ट्र-प्रतीपः पर-राष्ट्र-कोशे स्वार्थैक-चक्षुर्न्यदधात् स्व-नाम्ना ॥४८॥

निरङ्कुश वीरसंशेरले कर आदि उपायवाट राष्ट्रको धन खिचेर स्वार्थमा मात्र ध्यान दिई राष्ट्रको प्रतिकूल वनी आफ्ना नामले अरुराष्ट्र का कोशमा राखे ॥४८॥

ततः प्रभृत्यत्र विहाय देवसंशेरमेकं ननु मन्त्रिणोऽन्ये ।
मृगा-विघोऽरण्यमिव स्म सर्वे हिमालखण्डं विदधत्यसत्त्वम् ॥४९॥

त्यहाँ देखि यहाँ यौटा देवसंशेर वाहेक अरु सबै मन्त्री हरुले हिमाल खण्ड राष्ट्रलाई व्याधाले जङ्गललाई झैं निःसत्त्व वनाए ॥४९॥

घण्टा-युतं पुस्तक-वेश्म नूत्नं मन्त्री चिकित्सालयमाहृत-श्रीः ।
स पाकशालामपि राजधान्यामतिष्ठिपत् सँस्कृत पाठशालाम् ॥५०॥

सम्पत्ति जम्मा गरेका ती मन्त्री वीरसंशेरले राजधानीमा घण्टा भएको नयाँ पुस्तकालय, औषधालय, पाकशाला, पाठशाला स्थापित गरे ॥५०॥

नाम्ना स्वकीयेन च वृद्धनीलकण्ठान्नलेनाऽऽनयदायसेन ।
पानीय-धारा अधि-राजधानि स वीरधारा इति या भणन्ति ॥५१॥

उनले फलामे नलद्वारा आफ्ना नामले वुढानीलकण्ठवाट राजधानी मा पानीधारा पनि ल्याए जुनलाईं वीरधारा भन्दछन् ॥५१॥

संवत्सरान् षोडश भुक्त-भोगे लोकान्तरं मन्त्रिणि याति तस्मिन् ।
भ्राता तदीयः पदमाप देवसंशेरनामा विनयी विवेकी ॥५२॥

प्रधानमन्त्री वीरसंशेर १६ वर्ष संम भोग गरी परलोक गएपछि उनका भाइ विनयी विवेकी देवसंशेर प्रधान मन्त्री भए ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्व-देश-भक्तो जनता-हितैषी श्रीदेवसंशेर उदात्त-भावः ।
रम्याणि कार्याणि कुल-प्रतीपः प्रचक्रमे पूजित-भूमि-पाऽऽज्ञः ॥५३॥

जनताको हित चाहने राम्रा भावना भएका स्वदेश भक्त राजाका आज्ञाको पालन गर्ने श्रीदेव संशेरले कुलको प्रतिकूल भई राम्रा कार्य गन आरम्भ गरे ॥५३॥

स्व-देश-सन्देश-हरं नवीनं गोरक्षपत्रं व्यदधात् प्रकाश्यम् ।
भाषा-विकासाय च पाठशालां न्यधाद् विवेकी प्रति-मण्डलं सः ॥५४॥

विवेकी उनले आफ्ना देशको सन्देशवाहक गोर्खापत्र चलाए, भाषा विकाशका निमित्त प्रत्येक जिल्लामा भाषा पाठशाला राखे ॥५४॥

कर्मार-मुक्त्यै कृत-सर्व-कृत्यं निर्वास्य चन्द्रोऽवरजोऽग्रजं तम् ।
पदेन सार्धं च यशस्तदीयं कर्मार-मुक्ति-प्रभवं जहार ॥५५॥

कमारा कमारी छुटाउन भनि सब कुरा ठीक पारेका ती देवसंशेर दाजुलाई भाई चन्द्रसंशेरले निकाले र पद (प्रधान मन्त्री पद) सहित उनको कमारा कमारी छुटाएमा हुने कीर्ति समेत खोसे ॥५५॥

राणान् प्रजा-भाग्य-हरान् नरेन्द्रः समूल मुन्मूलयितुं सयत्नः ।
राष्ट्रप्रियाणां निभृतं पितेव प्रजाप्रियः सङ्घटनं चकार ॥५६॥

पिताले झैं प्रजामा प्रेम गर्ने राजाले प्रजाको भाग्य हरण गर्ने राणा लाई समूल उन्मूलन गर्न प्रयास गर्दै गुप्तरूपले राष्ट्र प्रेमीहरुको सङ्गठन गर्नु भयो ॥५६॥

तच्चन्द्रसंशेर उदग्र-शक्तिर्जानन् रहस्यं क्षितिपाऽनुगाँस्तान् ।
गोरण्ड-भाग् भ्रातृ सहाय आर्यान् निर्वासयामास बलेन देशात् ॥५७॥

त्यो रहस्य थाह पाई फिरङ्गीको सेवागर्ने भाईहरु सहाय भएका अतएव ठूलो शक्ति भएका चन्द्रसंशेरले राजाका अनुयायी सज्जनहरुलाई बल पूर्वक देश बाट निकाले ॥५७॥

त्रि-षड्-ग्रहोर्वी-मित-वैक्रमाऽब्दे प्रजा–हितैषी निजवंशदीपः ।
उत्साह–मूर्तिर्मतिमान् मनस्वी जज्ञे प्रतापी क्षितिपाल–पुत्रः ॥५८॥

विक्रम संवत् १९६३ मा प्रजाको हित चाहने आफ्ना वंशका वत्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूप, उत्साह मूर्ति, बुद्धिमान्, मनस्वी प्रतापी राजकुमार जन्मनु भयो ॥५८॥

धर्म्येतरः स्वार्थ-परो नृशंसो मूर्धाऽभिषिक्तं नृपतिं जिघांसुः।
प्रजाप्रियं पाययति स्म गूढं चन्द्रः शनैः प्राण-हरं विषं तम् ॥५६॥

दुःखको कुरा छकि स्वार्थमा लम्पट पापी क्रूर चन्द्रले प्रजाप्रिय मूर्धाभिषिक्त राजालाई मार्ने इच्छा गरी गुप्त रीतले सुस्त सुस्त प्राणलीने विष खुवाए ॥५६॥

नाम्ना श्रीत्रिभुवनवीरविक्रमोऽसौ सौन्दर्याज्जितमदनो निधिर्गुणानाम्।
दुर्धर्षो-रिपुऽ-दहनोप्रमेय-बोधः पञ्चाब्दो जनक-मुदा-समं बभूव ६०

सौन्दर्यले कामदेवलाई जित्नु भएका गुणका निधि शत्रुलाई भस्म गर्ने, कसैले हेप्न न सकिने, अनुपम बोध भएका श्रीत्रिभुवनवीरविक्रमसाहदेव नाम भएका यहाँ राजकुमार पिताको हर्षका साथै ५ वर्षका हुनु भयो ॥६०॥

विषोद्दीपाद्दिवं याते श्रीपृथ्वीवीरविक्रमे।
सिंहासनेऽभिषिक्तोऽसौ बालकः पञ्च-हायनः ॥६१॥

विषको उद्दीपनले श्रीपृथ्वीवीरविक्रमसाहदेव स्वर्ग जानु भए पछि पांच वर्षका बालक श्रीत्रिभुवनवीरविक्रमसाहदेव सिंहासनमा अभिषिक्त हुनु भयो ॥६१॥

गोरक्षसाहवंशेऽभूत् काव्येऽस्मिन् हरि-निर्मिते।
पूर्णः सप्तदशः सर्गो राष्ट्र-क्षयकरोदयः ॥६२॥

हरिप्रसादशर्मा आचार्यले बनाएको यस गोरक्षसाहवंश महाकाव्यमा राष्ट्रको नाश गर्नेहरुको उदय भएको सप्तदश सर्ग पूर्ण भयो ॥६२॥

—❀❀❀—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टादशः सर्गः

बाले नृपे त्रिभुवने क्षत-बन्ध-चन्द्र-
संशेर आत्म-सुत-पोषण-मात्र-लक्ष्यः ।
कर्तुं स्थिरं निज-पदं विविधैरुपायै-
र्गोरण्ड-सेवनममोघ-फलं स मेने ॥१॥

राजा त्रिभुवन बालक हुँदामा प्रतिबन्ध न भएका आफ्ना छोरा हरुलाई पोषण गर्नुं मात्र लक्ष्य भएका चन्द्रसंशेरले आफ्नो पद स्थिर गर्न विविध उपायबाट फिरङ्गीको सेवा गर्नुं फलदायक सम्झे ॥१॥

तद् व्योम-शैल-मित-वैक्रम-वत्सरान्ते
स्व-द्वीप-वासिभिरनन्य-रणे प्रवृत्ते ।
हैमाल-वीर-वर-वीर्य-विदि स्वयं प्राक्
साहाय्यमिच्छति भय-व्यथिताऽऽङ्ग्ल-राजे ॥२॥

अतः विक्रम संवत् १९७० का अन्त्यतीर आफ्ना द्वीपवासीहरु सङ्ग भयङ्कर युद्ध हुँदा भयले व्याकुल भएका अँग्रेज आफुले हिमाल खण्डका उत्तम वीर हरुको वीर्य थाह पाएका फिरङ्गीले सहायताको इच्छा गर्दा ॥२॥

स्वार्थान्ध आर्य-रिपु-गौर-मताऽनुयायी
द्वीपान्तराऽऽहव-हुताशन-तर्पणाय ।
हैमाल-वीर-वर-वारमवार्य-वीर्यं
चन्द्रः स षोडश-सहस्र्यधिकं जुहाव ॥ ॥

स्वार्थले गर्दा अन्धाजस्ता भई हिन्दुहरुका शत्रु फिरङ्गीको मतलाई अनुसरण गर्ने ती चन्द्रसंशेरले कसैले रोक्न न शकिने पराक्रम भएका १६००० (सोह्र हजार) भन्दा बढी हिमाल खण्डका श्रेष्ठ वीरहरुलाई अरुद्वीपको युद्धाऽग्नि तृप्त गराउन होमे ॥३॥

यन्न्यत्क्रकृतावहह ! साह-कुलाऽवतंसाः
शश्वत् प्रजा-प्रिय-नृपा अयतन्त तस्मै ।
चूषन् प्रजा अयुतमर्पयति स्म हैमी-
र्मुद्रा बलैरपि सहाऽऽङ्गल-भूमि-पाय ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुःखको कुरा छ कि जसलाई ङ्याक्न साहकुल भूषण प्रजामा प्रेम गर्ने राजाहरु सदा प्रयत्नशील हुनु हुन्थ्यो, उही फिरङ्गीलाई चन्द्रसंशेरले प्रजाहरुलाई चूस्री सैन्यको साथै १०००० (दशहजार) सुवर्ण मुद्रा पनि दिए ॥४॥

जाति-स्वभाव-समरोर्जित-शौर्य-वीर्या
अज्ञात-पृष्ठ-विनिवर्तन-वीर-वाराः ।
हैमालखण्ड-तनुजाः समरेष्वशेषान्
गोरण्ड-वैर-निवहानदलन् स-हेलम् ॥५॥

जातीय स्वभावले युद्धमा शुन्याईं, वीर्य वढेका, हिमाल खण्डका पुत्र, पछाडी फर्कन न जानेका वीरहरुले युद्धहरुमा फिरङ्गीका सव शत्रुहरुका समूहलाई हेलापूर्वक दले ॥५॥

हैमाल-वीर-वर-वीर्य-निरस्तधैर्यः
शुष्यन्मुखाऽपगत-चेतन-वेपमानः ।
शार्मण्य-देश-नृप आङ्गल-दुहृद् देवं
वैरं भजन्नपि रणे चकितः शशंस ॥६॥

हिमाल खण्डका वडा वीर हरुका वीर्यले धैर्य हराएका मुख शुकेका विचेत भई काँपेका, फिरङ्गीका शत्रु जर्मन देशका सम्राट्ले वैरभाव गरेता पनि युद्धमा छक्क परेर यस प्रकार प्रशंसा गरेः–॥६॥

"विश्वस्य कैश्चिदपि वीर-वरैः स्व-सैन्यान्
शूरान् बलैः सह न योधयितुं बिभेमि ।
गोरक्ष-वीर-वर-वार-वरूथिनीनां
श्रुत्वैव नाम हृदयं ननु वेपते मे" ॥७॥

शूरा आफना सैन्यलाई विश्वका कुनै पनि ठूला वीरहरुसित लडाउन डराउन्न, गोर्खाली वडा वीर सैनिकको नाम सुन्दैमा मेरो मुटु थर्कन्छ ॥ ७ ॥

भेदच्छलादि-पटु-गौर-हृत-प्रदेश-
प्रत्यागमं विरहयन्नुदरम्भरिः सन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्षाणि पङ्क्तिमुररी-कृतवान् स चन्द्रो
मुद्राः प्रसादिततमात् प्रति-वर्षमाङ्ग्लात् ।।८।।

फुट पार्ने र छल गर्ने आदिमा चतुरो फिरङ्गीले हरेका प्रदेशलाई फिर्ता न गरेर पेटभर्ने ती चन्द्रसंशेरले अतिशय प्रसन्न गराइएका फिरङ्गी बाट प्रतिवर्ष १०००००० (दशलाख) रुपैयाँ लिए ।।८।।

दर्भाऽग्र-धीस्त्रिभुवनो नृपतिर्विवेकी
राणा-निरुद्ध-गतिरप्रतिम-प्रभावः ।
शिक्षा-प्रियः सततमध्ययनैक-चित्तो
मातू रहो नयमशिक्षत सूक्ष्म-दृष्टिः ।।९।।

राणाहरुले गति रोकि दिएता पनि अनुपम प्रभाव भएका सूक्ष्म दृष्टि भएका कुशको टुप्पाजस्तो (तीखो) बुद्धि भएका शिक्षामा प्रेम गर्ने सदा अध्ययनमा दत्तचित्त हुने विवेकी राजा त्रिभुवनले एकान्तमा आमाबाट नीति शिक्नु हुन्थ्यो ।।९।।

राणा-कुलाऽधिकृत-साङ्कुश-शिक्षकोक्तं
यत्किञ्चिदीषदपि तैलमिवाऽम्भसि द्राक् ।
तस्मिन् नृपे प्रसृमरं स्वयमेव साङ्गं
बालेऽप्यभूत् त्रिभुवने प्रतिभा-निधाने ।।१०।।

राणाहरुले पठाइएका अङ्कुश लगाइएका शिक्षकहरुले बताएको यत् किञ्चित् अलिकति पनि बालक भएता पनि प्रतिभा निधान ती राजा त्रिभुवनमा पानीमा तेल झैं शीघ्र फैलीएर आफै पूर्ण हुन्थ्यो ।।१०।।

एवं नृपस्त्रिभुवनो जननी-प्रसादा-
ल्लोकोत्तरादपि निज-प्रतिभा-प्रभावात् ।
राणा-कुलाऽन्ध-तमसाऽऽवृत-बाल-भास्वान्
धीरो मरीचि-चयमुद्गमयाम्बभूव ।।११।।

राणाकुल रूपी गाढ अन्धकारले ढाकिएका बालसूर्य धीर राजा त्रिभुवनले यसप्रकार आमाको प्रसाद र लोकोत्तर आफ्नो प्रतिभाका प्रभावले पनि किरण समूह प्रकट गर्न लाग्नु भयो ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काल-क्रमेण च स यौवन-चुम्बिताऽङ्गः
कान्तीश्वरी-महित-पूर्वक-राज्यलक्ष्म्यौ ।
नामानुरूप-महिमे ललिते सु-शीले
पञ्चाल-बाहुज-सुते उपयच्छते स्म ॥१२॥

कालक्रमले यौवनले चुम्बित अङ्ग भएका वहाँले नाम अनुसार महिमा भएकी राम्रो शील र लालित्य भएकी पञ्जाबका राजाकी पुत्री कान्तिराज्य-लक्ष्मी र ईश्वरीराज्यलक्ष्मीलाई विवाह गर्नु भयो ॥१२॥

आषाढ-कृष्ण-दशमी-तिथिमन्मुहूर्ते
स्थानेऽद्रि-शैल-नव-भू-मित-वैक्रमाऽब्दे ।
पर्याय-देव-मनुजाऽवनरूप-कृत्यं
साक्षान्महेन्द्रमिव भू-विहिताऽवतारम् ॥१३॥

ओजः-प्रताप-दृढ-साहस-धैर्य-वीर्य-
शौटीर्य-सद्-गुण-गणाऽर्चितमाद्य-देवी ।
मान्यं सतां स्व-कुल-दीपमनन्य-बोधं
सा पुत्र-रत्नमसावष्ट महेन्द्र-संज्ञम् ॥१४॥

आनन्द दायक कुराछकि वि० सं० १९७७ आषाढ कृष्णपक्ष दशमी तिथियुक्तमुहूर्तमा जेठी महारानी कान्तिराजलक्ष्मीले पालाले देवता र मनुष्यकोराम्रो पालन गर्ने काम भएका पृथ्वीमा अवतार लिएका साक्षात् महेन्द्र जस्ता ओज, प्रताप, दरीलो साहस, धैर्य, वीर्य, पराक्रम आदि राम्रा गुण गणले पूजित भएका, सज्जनहरूले मानिएका अनुपम बोध भएका आफ्ना कुलका बत्ती स्वरूप महेन्द्र नाम भएका पुत्र रत्न उत्पन्न गर्नु भयो ॥१३॥ ॥१४॥

धैर्याऽवधीरित-हिमालय-भू-धरं सा
नाम्ना हिमालयमसूत सुतं द्वितीयम् ।
देवी परा सुतमसूत वसुन्धराऽऽख्यं
त्र्याचहुं वाश इव तैः स रराज राजा ॥१५॥

वहाँले धैर्यमा हिमालय पर्वतलाई तिरस्कार गर्ने हिमालय नाम भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय पुत्र उत्पन्न गर्नु भयो। अर्की महारानी ईश्वरी राज्यलक्ष्मीले वसुन्धरा नामक पुत्र उत्पन्न गर्नु भयो, ती पुत्रहरुले राजा त्रिभुवनवीर विक्रमसाहदेव तीन शिखा भएका अग्नि झैं शोभित हुनु भयो ॥१५॥

तस्मिन्नृपे सति बहिर्दृशि शासनं स्वं
वंश-क्रमाऽधिकृतमात्म-हितैक-लक्ष्यम् ।
नङ्क्ष्यद् विविच्य विषयोत्सुक-साधनानि
तस्मायकल्पयदनेक-विधानि चन्द्रः ॥१६॥

राजा त्रिभुवनले वाहिर दृष्टि लगाएमा, वंशक्रमले अधिकार गरिए को आफ्नो हितनै मुख्य लक्ष्य भएको आफ्नो शासन नष्ट हुने संझी चन्द्रसंशेरले वहाँलाइ विषयमा उत्सुक गराउने अनेक प्रकारका साधनहरु प्रस्तुत गरि दिएका थिए ॥१६॥

गूढं परं विषय-भोग-निरस्त-वृत्ति-
र्देश-प्रजा-विषय-चिन्तन-दत्त-चित्तः ।
पुत्रैर्मृगेन्द्र इव पञ्जर-गर्भ-वर्ती
राणा-निबर्हणमुपायमचिन्तयत् सः ॥१७॥

तर विषय भोगमा मन न लगाउने, देश, प्रजा विषयक चिन्तनमा दत्त चित्त हुनु भएका खोर भित्र वसेका सिंह जस्ता राजा त्रिभुवनले पुत्र हरु सहित भई गुप्तरूपले राणाहरुलाई निमोठ्ने उपाय सोच्नु हुन्थ्यो १७

कृष्णप्रसाद-धरणीधर-कृष्णलाल-
मुख्या बुधाश्च निभृतं कविता-निबन्धैः ।
राणा-विरोधमाध-राष्ट्रमकुण्ठ-मेधाः
काश्यामधीत-युवकाश्च भृशं वितेनुः ॥१८॥

राष्ट्रमा कविता, निबन्ध आदि द्वारा अकुण्ठित बुद्धि भएका कृष्ण-प्रसाद, धरणीधर, कृष्णलाल आदि विद्वान्‌हरुले गुप्त रीतले र काशीमा पढने युवकहरुले राणाको विरोध अतिशय प्रचार गर्न लागे ॥१८॥

गेहेन्द्रमुद्गमित-तोप-मुखाऽस्त्र-जातं
वैज्ञानिकं निहतवान् गरलेन चन्द्रः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रावीवसद् विहित-काष्ठिक-वायुयानं
वेलूनपण्डितमथव-विदं स्व-देशात् ॥१६॥

चन्द्रसंशेरले तोप आदि शस्त्रहरु वनाएका वैज्ञानिक गेहेन्द्र संशेर लाई विषद्वारा मारे, काठको वायुयान वनाएका अथर्व वेद जानेका वैज्ञानिक वेलून पण्डितलाई स्वदेशवाट निकाला गरे ॥१६॥

मन्त्री व्यवस्थितिमकल्पयदाङ्ग्ल-भाषा-
विद्यालयस्य तडितोऽपि स धोरसिंहात् ।
आ-मातृतीर्थमधिरोपितवाँश्च रोपं
पूलानपि प्रणयति स्म च सिंहसद्म ॥२०॥

ती मन्त्री चन्द्रशंशेरले धोसिंङ् देखी माता तीर्थ संम रुपलैन् (रोपवे) हाले, अंग्रेजी विद्यालय (त्रिचन्द्र कालेज) खाले, बिजुली वाले पूलहरु र सिंह प्रासाद (सिंहदरवार) वनाए ॥२० ।

गोरक्ष-राष्ट्र-विभवैरखिलैरकुप्यैः
सार्धं रसाऽष्ट-मित-विक्रम-वर्ष-मार्गे ।
चन्द्रे समाप्तवति मन्त्रिणि भौम-भोगं
भीमाऽभिधस्तदनुजः पदमेतदाप ॥२१॥

वि० सं० १९८९ मार्ग मैनामा चन्द्रसंशेरले सव सुन चांदी गोर्खा राष्ट्रको वैभव सहित पृथिवीको भोग समाप्त गरे पछि उनका भाइ भीम संशेरले प्रधान मन्त्री पद पाए ॥२१॥

राणा-विरोधिषु स भीम उमेशसाहं
राष्ट्राद् व्यवासयदहन् खलु खण्डमानम् ।
मैनावहादुर-युतं खलु खड्गमानं
कारागृहे निहितवानपि रङ्गनाथम् ॥२२॥

यस पछि ती भीमसंशेरले राणा विरोधीहरु मध्ये उमेशसाइलाई राष्ट्र वाट निकाले खण्डमानलाई मारे मैनावहादुर, खड्गमान, रङ्गनाथ आदि लाई जन्मकैद हाले ॥२२॥

कृष्णप्रसाद-सहितं तु स रामचन्द्रं
राणा-विरोधचणमप्यथ कालिदासम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोभाऽभिभूत-मनसं बहुशोऽर्थ-राशिं
दत्त्वाऽपि भीम उरु-भीः शमयाम्बभूव ॥२३॥

राणाका अतिशय विरोधी भएता पनि लोभले मन जितिएका कृष्णप्रसाद, रामचन्द्र कालिदास लाई अतिशय डराएका भीमसंशेरले धेरै धन दिएर पनि शान्त गरे ॥२३॥

आत्मम्भरौ जहति लोकमिमं सुतेभ्यो
वर्षैरपि त्रिभिरुपार्जित-भूति-माने ।
भ्राताऽस्य युद्ध इति दूरित-भीम-पुत्रः
प्राप्नोति मन्त्रि-पदवीं स्म बलाधिकृत्याम् ॥२४॥

पेट भर्ने भीमसंशेरले छोराहरुका निमित्त तीनै वर्षमा पनि धनमान उपार्जन गरी दिएर यस लोकलाई छोडे पछि यिनका भाइ जुद्धसंशेरले भीमसंशेरका छोरालाई हटाई बलले पाइने मन्त्री पद पाए ॥२४॥

निःशेष-भग्न-भवनं ढलित-द्रुमालि
नेपाल-खण्ड-लय-कृन् स्फुट-भूतलाऽम्बु ।
अब्दे नभो-ग्रह-मिते हत-लोक-लक्षं
माघाऽऽद्य-सोम-दिवसे बत भूश्चचाल ॥२५॥

वि० सं० १९९० माघे सङ्क्रान्ति सोमवारका दिन सब घर भत्किंदा संम, वृक्षपङ्क्तिहरु ढल्दा संम भूईं फुटेर पानी निक्लंदा संम लाखौं मानिस मर्दा संम भूइँ चालो पऱ्यो ॥२५॥

त्रस्यन्मनःसु सकलेष्वित्रति तुण्डिखेलं
प्राप्तेषु लब्ध-समयाः स्म पदोत्क-राणाः ।
च्छात्रि विगर्ह्य निज-बन्धु-गणं हिरण्य-
संशेर-मुख्यमित एव विवासयन्ति ॥२६॥

यस प्रकार सब डराई टुँडिखेल आएका समया मौका पाएका पदलोलुप राणाहरुले हिरण्यसंशेर आदि भित्रेनी पट्टीका आफ्ना बन्धुहरुलाई निन्दा गरी यतैवाट (टुँडिखेलवाट) नै देश निकाला गरे ॥२६॥

गोरण्ड-लब्ध-बल-संहृत-देश-रत्न-
राणा-निरङ्कुश-कुशासन-भञ्जनायाः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुन्यभ्र-शून्य-कर-संमित-वैक्रमाऽब्द-
क्रान्तेरवाप्सुरपि वीजमिति स्वयं ते ॥२७॥

यस प्रकार फिरङ्गीवाट पाएका वलले देश रत्नहरुलाई सखाप पारेका राणाहरुको निरङ्कुश कुशासनलाई भङ्ग गर्ने वि० सं० २००७ का क्रान्तिको वीउ पनि तिनीहरुले आफै रोपे ॥२७॥

युद्धोऽपि भीम-परिवार-हृतोऽर्थ-राशी
राष्ट्रस्य सर्व इति शेषमकुप्य-जातम् ।
कृत्वाऽऽत्मसाद् कलित-कर्गल-पूत-मुद्रो
भूकम्प-भग्न-नगरं पुनरुद्धार ॥२८॥

राष्ट्रको अर्थराशि भीमसंशेरका परिवारले हरे भनेर जुद्धसंशेरले पनि वाँकीसुन चाँदी सव आफुले हत्याई कागतका पूलाका रुपैयाँ (नोट) चलाई भूकम्प द्वारा भत्केका नगरको फेरी उद्धार गरे ॥२८॥

राष्ट्र-प्रियो रहसि राष्ट्र-हित-प्रतीप-
राणाकुलस्य निकृतिं नृपतिश्चिकीर्षुः ।
सात्मोद्भवस्त्रिभुवनः सुविमृश्य रक्त-
मण्डल्यभिख्यमकरोन्निज-भक्त-सङ्घम् ॥२९॥

राष्ट्रहितका प्रतिकूल राणाकुललाई हटाउने इच्छा गरेका राष्ट्रप्रिय राजा त्रिभुवनले पुत्रहरु सहित भई राम्ररी विचार गरी 'रक्तमण्डली' नामक आफ्ना भक्तहरुको समूह बनाउनु भयो ॥२९॥

पौत्राऽनुरक्त-जनकोर्जित-वैरमग्नि-
संशेर-संज्ञमपि युद्ध-सुतं मनीषी ॥
गूढं स्म मन्त्रि-पद-लोलुपमात्म-गृह्यं
कौटिल्य-नीतिमनुयान् नृ-पति श्चकार ॥३०॥

नातीमा प्रेम गर्ने वावुसित वैरभाव वढेका मन्त्रीपदमा लोलुप युद्ध संशेरका छोरा अग्नि संशेरलाई पनि बुद्धिमान् राजा त्रिभुवनले कौटिल्य नीतिको अनुसरण गर्दै गुप्त रीतिले आफ्नो पक्षमा लिनु भयो॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञः शिखि-ग्रह-मिताऽब्द-नभस्य-रात्रौ
भिन्नाऽध्वभिर्निभृतमेकश इङ्गितेन ।
राणा-निराकरण-मन्त्र-कृते च गौरी-
घट्टे व्रजन्ति निखिलाः स्म नरेन्द्र-भक्ताः ॥३१॥

राजाको इङ्गित द्वारा वि० सं० १९९३ भदौका रातीमा भिन्न बाटा हरुबाट एकला एकलै गुप्तरूपले सब राजभक्तहरु राणाहरुलाई हटाउने परामर्श गर्न गौरी घाटमा गए ॥३१॥

मन्त्र-प्रकाश-विरहाय नये नदीष्णो
धर्म्यं तदा त्रिभुवनः शपथं मनीषी ।
अन्तर्जलं कर-निवेशन-पूर्वकं ता-
नुच्चारयन् नृप उपक्रमते स्म मन्त्रम् ॥३२॥

त्यस समयमा नीति निपुण बुद्धिमान् राजा त्रिभुवनले परामर्श प्रकाशमा न आओस् भन्ने विचारले तिनीहरुलाई पानीमा हात चोब्नलगाई धर्मपूर्वकको शपथ उच्चारण गर्न लगाई परामर्शको आरम्भ गर्नु भयो ३२

भू-पाल-सद्मनि तदातन-मन्त्रि-युद्ध-
संशेरमस्त्र-परिपूरित-कोष्ठ-गर्भे ।
आहूय तं कलयितुं परलोक-पान्थं
निर्णीय, तत्र च यथा-गतमाययुस्ते ॥३३॥

त्यहाँ त्यस समयका मन्त्री जुद्ध संशेरलाई राजभवनमा हतियारपूर्ण कोठाभित्र बोलाई परलोक पुऱ्याउने निर्णय गरी तीनीहरु गए अनुसार (एकला एकलै) फर्के ॥३३॥

व्याजेन केनचन भूपतिना कदाचिन्
मन्त्रिण्यथ त्रिभुवनेन निमन्त्रितेऽपि ।
प्रासादमायुरवशेषतया तदानीं
दैवादनायति परं त्रि-फल: श्रमोऽभूत् ॥३४॥

यसपछि कुनै समयमा कुनै निमित्त द्वारा राजा त्रिभुवनले मन्त्रीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निमन्त्रणा दिनु भएको थियोता पनि त्यस समयमा दैव संयोग आयु अवशेष हुनाले (मन्त्री) न आउँदा श्रम व्यर्थ भयो ॥३४॥

मूर्धाऽभिषेक-समयादपि पञ्च-विंशे
वर्षे नृपस्य रुचिरो रजतोत्सवोऽभूत् ।
राष्ट्र-प्रियैः सह तदा निभृतं स्व-भक्तै
राणा-निराकृति-कृते स परामम्रर्श ॥३५॥

राज्याभिषेकको समय देखी पच्चीसौं वर्षमा राजाको मनोहर रजत जयन्ती भयो, त्यस समयमा पनि वहाँले राष्ट्र प्रेमी आफ्ना भक्तहरु सङ्ग एकान्तमा राणालाइ हटाउनका निमित्त परामर्श गर्नु भयो ॥३५॥

शैल-ग्रह-प्रमित-वैक्रम-वत्सरीये
वैशाख-मासि युवराज-महेन्द्रवीरः ।
स्निग्धामुपायत यथा-विधमिन्द्रराज्य-
लक्ष्मीं सरोज-वदनामथ मन्त्रि-पौत्रीम ॥३६॥

उपान्त वि० सं० १९९७ वैशाखमा युवराज महेन्द्र वीर विक्रमसाहले मन्त्रीकी नातिनी प्रिया कमल जस्तो मुख भएकी इन्द्रराज्यलक्ष्मीलाई विधि पूर्वक विवाह गर्नु भयो ॥३६॥

खोलन् प्रजापरिषदित्यभिधान-सस्थां
क्षोणीपतिस्त्रिभुवनोऽथ स-धर्मभक्तम् ।
टङ्कप्रसादमकरोदपि तत्र गङ्गा-
लालं तथा दशरथ-प्रमुखान् सदस्यान् ॥३७॥

उपान्त राजा त्रिभुवनले प्रजापरिषद् नामक संस्था खोली त्यसमा धर्मभक्त, टङ्कप्रसाद, गङ्गालाल दशरथचन्द्र आदिलाई सदस्य बनाउनु भयो ॥ ३७ ॥

राणा-द्रुहाऽपि जन-तन्त्रमभीप्सुनाऽपि
लोभाऽभिभूत-मनसा पिशुनेन माघे ।
नीते प्रकाशमिति हन्त ! स-शुक्रराजा-
ष्टङ्कप्रसादमपहाय हतास्त्रयस्ते ॥३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राणाको द्रोह गर्ने प्रजातन्त्र चाहने भएता पनि लोभले मन जितिएका छुल्याहाले यी सब कुरा प्रकाशमा ल्याउँदा हरे ! शिव ! टङ्कप्रसाद बाहेक शुक्रराज सहित धर्मभक्त, गङ्गालाल, दशरथचन्द्र ४ जना मारिए ३८

टङ्कप्रसाद-मुख-शेष-नृप-प्रियेषु
कारागृहे निगडितेषु गणेशमानः ।
एकः स-कष्टमनुभूत-कशाऽभिघातो
वाराणसीमित इयाय पलायमानः ॥३९॥

कारागारमा वन्दी बनाइएका टङ्कप्रसाद आदि शेष राजभक्तहरु मध्ये यौटा गणेशमान कष्ट साथ कोर्राखाई यहाँबाट भागेर बनारस गए ॥३९॥

राणा-कुलेन नृपतिर्निहतान् स्वभक्तान्
कारागृहेऽनुभवतश्च कशाऽभिघातान् ।
पश्यन् प्रजा-प्रिय उदात्त-मना दयालुः
पुत्रैः समं त्रिभुवनो नितरां शुशोच ॥४०॥

राणाहरुले मारिएका र जेलमा कोर्रा खाइरहेका आफ्ना भक्तहरु-लाई देखी प्रजामा प्रेम गर्ने राम्रो भावना भएका दयालु राजा त्रिभुवन पुत्रहरुसहित अतिशय शोक गर्न लाग्नु भयो ॥४०॥

राणा-कुलस्य-परिधौ निवसन्नपीति
सङ्केत-शब्द-विहित-व्यवहार-जातः ।
सम्बन्धमाप्त-पुरुषैरनिशं नरेन्द्रः
कुर्वन् कदापि विरराम न साहसात् स्वात् ॥४१॥

यस प्रकार राणाकुलको परिधिमा बस्दै पनि सङ्केतका शब्दबाट व्यवहार चलाई सर्वदा आफ्ना मानिस हरुसङ्ग सम्बन्ध राखि राजा त्रिभुवन आफ्नो साहसबाट कहिले पनि हट्नु भएन ॥४१॥

मञ्जूषयोरुपल-पूरितयोर्महत्योः
प्रासादतो विमल-धीः सह नीतयोः सः ।
तीर्थं गतस्त्रिभुवनो नयशास्त्र-मुख्य-
ग्रन्थान् निधाय निभृतं नृप आनिनाय ॥४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्मल बुद्धि भएका राजा त्रिभुवनले तीर्थ गएका समयमा राज भवनवाट साथ लगिएका ढुङ्गाले भरिएका ठूला ठूला दुई बाकसमा नीतिशास्त्र आदि ग्रन्थराखेर गुप्त रूपले ल्याउनु भयो ॥४२॥

एवं स्वयं त्रिभुवनोऽखिल-राजनीतिं
राणा-कुलेन च निवारित आत्त-धैर्यः ।
अन्तःपुरेषु शयितेषु नृ-पो निशीथे
दारैः सुतैः सह मनीषिभिरध्यगीष्ट ॥४३॥

यस प्रकार राणाकुलवाट प्रतिवन्ध लगाइएता पनि धैर्यलिई राजा त्रिभुवनले अन्तः पुरका सव सुते पछि आधा रातमा बुद्धिमती महारानी हरु र बुद्धिमान् पुत्रहरुले सहित भई स्वयम् सव राजनीति पढनु हुन्थ्यो ४३

नेत्राऽभ्र-शून्य-कर-संमित-वैक्रमाब्दे
पुत्राऽर्थमर्जित-वसुर्वध-कृत् प्रजानाम् ।
पद्माय भीम-तनुजाय वितीर्य युद्ध-
संशेर आत्म-पदवीं तपसे गतोऽसौ ॥४४॥

पुत्रहरुका निमित्त धन आर्जन गरी सकेका प्रजाको वध गरेका जुद्ध-संशेर विक्रम संवत् २००२ मा आफैले आपनो पद (प्रधानमन्त्रीपद) भीमसंशेरका छोरा पद्मसंशेरलाई दिएर तपस्या गर्न गए ॥४४॥

जज्ञे मनो-हर-वपुस्तत इन्द्रराज्य-
लक्ष्म्याः पितेव विनयी मतिमान् नय-ज्ञः ।
तद्वर्ष-पौष-जलधीन्दु-मिते दिनाङ्के
वीरेन्द्र-नाम-नृप-पौत्र महेन्द्र-पुत्रः ॥४५॥

त्यै (२००२) वर्ष पौष १४ गते इन्द्रराज्य लक्ष्मीवाट मनोहर शरीर भएका पिता जस्तै विनयी, बुद्धिमान् , नीतिज्ञ, वीरेन्द्रवीरविक्रम साह नाम भएका राजाका नाती युवराजका पुत्र नवराज जन्मनु भयो ४५

ज्ञानेन्द्र-संज्ञक उदात्त-मना द्वितीयो
धीरेन्द्र-संज्ञक-तृतीय-सुतोऽति-धीरः ।
पुत्र्यश्च शान्तिरिति सन्ति हि शारदाऽऽख्या
शोभाऽभिधा च नितरां गुण-शीलवत्यः ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो भावना भएका ज्ञानेन्द्रवीरविक्रमशाह द्वितीय, अतिशय धीर धीरेन्द्रवीरविक्रमशाह तृतीय पुत्र र अतिशय राम्रा गुण शील भएकी शान्तिशाह, शारदाशाह, शोभाशाह पुत्रीहरु पनि हुनु हुन्छ ॥४६॥

पर्याय-भोग्य-पद-हीनतया हिरण्य-
संशेर-मुख्य-विभवाऽर्चित-रुष्ट-राणाः ।
स्व-न्यक्कृतिप्रतिकृते-कलिकातिकायां
राणा-विरोधमभयं प्रथयाम्बभूवुः ॥४७॥

पालाले भोग गरिने पद (प्रधानमन्त्रीपद) न पाएकाले रिषाएका धनी हिरण्यसंशेर आदि राणाहरुले आफुलाई पन्छाएको साटो लिन कलकत्तामा निर्भीक भई राणाको विरोध प्रचार गर्न लागे ॥४७॥

राणा-निरङ्कुश-कुशासन-भञ्जनाऽर्थां
काङ्ग्रेस-संज्ञ-स मतिं स-सुतो हिरण्यः ।
गोपो महेन्द्र-धन-माधव-राम-डिल्ली-
विश्वेरा-भीमक-हृषीक मुखा अखोलन् ॥४८॥

हिरण्यसंशेर, उनका छोरा (महावीरसंशेर, सुवर्णसंशेर) गोपालसंशेर, महेन्द्रविक्रमशाह, धनसंशेर, माधवसंशेर, रामसंशेर, डिल्लीरमण रेग्मी, विश्वेश्वरप्रसाद कोईराला, भीमभक्तमानसिंह वस्नेत्, हृषीकेशशाह आदिले राणाहरुको निरङ्कुश कुशासन भङ्ग गर्न प्रयोजन भएको काङ्ग्रेसनामक समिति खाले ॥४८॥

सत्यां निज-क्षति-विदा जन-चेतनायां
राणा-कुलेन निकृता इतिहास-पाठात् ।
विद्यार्थिनो "जयतु सँस्कृत" मीरयन्तो
राणा-निरङ्कुश-विधि वि-भया व्यरुन्धन् ॥४९॥

जन चेतना भएमा आफ्नो हानि हुने बुझेका राणाहरुले इतिहास पढ्न नदीएका विद्यार्थीहरुले 'जयतु सँस्कृतम्' भन्दै राणाहरुको निरङ्कुश कामको निर्भीक भई विरोध गर्न लागे ॥४९॥

गोकर्णराज इति गौतम-वंश्य-काशी-
नाथस्तथा गुणनिधीत्यभिधान-पन्थी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीभद्रशर्म-सहितोऽच्युतराजरेग्मी
राजेश्वरः कमलराज इति प्रचण्डाः ।।५०।।
तत् सँस्कृते पठितिनः खुविराम शर्मा
पूर्णप्रसाद-सहितो बलराम शर्मा ।
श्यामान्तिमो घन इति व्रजिताश्च काशीं
ज्ञानादिमो हरिरिति-प्रमुखा विरोधे ।।५१।।

अतः विरोधमा प्रचण्ड गोकर्णराज गौतम,काशीनाथ गौतम,गुणनिधि पन्थी, श्रीभद्रशर्मा, अच्युतराज रेग्मी, राजेश्वर देवकोटा, कमलराज रेग्मी खुविराम शर्मा, पूर्णप्रसाद ब्राह्मण, बलराम शर्मा, घनश्याम शर्मा पौडेल ज्ञानहरि शर्मा आदि संस्कृत पढने छात्रहरु काशी गए ।।५०।। ।।५१।।

कन्याऽऽदि-शिक्षण-कृतेऽकृत पाठशाला-
श्चित्वा जन-प्रतिनिधीन् सरलान्तरात्मा ।
वैधानिकं सरल-शासनमेव पद्म-
संशेर ऐच्छदपि भूमि-भुगाधिपत्ये ।।५२।।

सरल चित्त भएका पद्मसंशेरले कन्या आदिलाई शिक्षित गराउन पाठशाला स्थापित गरे, जन प्रतिनिधि चुनेर राजाको आधिपत्यमा सरल वैधानिक शासन गर्ने इच्छा पनि गरेका थिए ।।५२।।

चन्द्राऽऽत्म-जैः पितृ-गुणैरवरुद्ध-शक्तिः
कार्याऽक्षमः परमसावपि दीन-चित्तः ।
तत्याज मन्त्रि-पदवीमिति मोहनस्तां
चन्द्राऽऽत्मजोऽनुज-बलः क्रमवान वापत् ।।५३।।

तर बाउको जस्तो गुण भएका चन्द्रसंशेरका छोरा हरुले शक्ति रोकिएका पद्मसंशेरले पनि काम गर्न न सकी दुःखी मन गराई मन्त्रीपद त्याग गरे, यस प्रकार भाईको बल र पालो पाएका चन्द्रसंशेरका छोरा मोहनसंशेरले प्रधानमन्त्रि पद पाए ।।५३।।

स-भ्रातृको दहरमेव निधाय राज
द्वारे भटैः सुविदितैः सह मोहनोऽपि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुर्वन् नृपं त्रिभुवनं निज-दृष्टि-वश्यं
प्रासादतोऽपि स वहिर्गमनाद् रुरोध ॥५४॥

भाइहरुले सहित भएका ती मोहनसंशेरले राम्ररी ठहराएका भटहरु सहित आफ्ना भाइलाई नै राजद्वारमा राखेर राजा त्रिभुवन लाई दृष्टि-वश्य गराई राजभवनवाट वाहिर जान रोक लगाएका थिए ॥५४॥

द्रष्टुं कदाचिदथ-दक्षिणकालिकाऽम्वां
यानेन याति युवराजि मरुत्त्वरेण ।
यानस्य वर्त्म- वक्रतस्य च पेलनाय
दैवादुपाऽऽगत-भटान् समुवाच सूतः ॥५५॥

उप्रान्त कुनै समयमा दक्षिणकालिका देवीको दर्शन गर्न भनि युवराज महेन्द्र मोटर द्वारा जाँदा वाटामा विग्रेको मोटर पेलन भनि दैव संयोगले आएका सैनिकलाई सारथि (ड्राइभर) ले भने ॥५५॥

राणा-कुलीनक-मरुत्त्वर-पेलनाय
नेहाऽऽगता वयमतो न समर्थयामः ।
सेवामहे ननु विकल्मष-मानसेन
श्रीपञ्च-राजमिति तेषु जगाद मुख्यः ॥५६॥

हामीहरु राणाहरुको मोटर पेलन भनेर यहाँ आएका हैनौ शक्दैनौ, पवित्र मनले श्री ५ महाराजाधिराजको सेवा गर्छौं भनि सैनिकहरुका नायकले भने ॥५६॥

श्रुत्वा तदीरितमिति स्मित-दीप्यमानं
सूते प्रदर्शयति तं युवराणमहेन्द्रम् ।
व्रीडा-युताश्च मुदिता व्यदधुर्यथाऽऽज्ञं
तद्वृत्त-वित् त्रिभुवनो नृ-पतिस्तुतोष ॥५७॥

यस प्रकार उनले भनेका कुरा सुनेर मुसुक्कहँसाईले चहकिला हुनु भएका वहाँ युवराजलाई सारथिले देखाउँदा लज्जित एवम् आनन्दित भएका सैनिकले आज्ञा अनुसार मोटर पेले, यो वृत्तान्त थाह पाउनु भएका राजा त्रिभुवन प्रसन्न हुनु भयो ॥५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञां कदाचिदथ याचति मोहने तं
राणा-द्रुहां किल वधाय नृपं सभायाम् ।
राजा प्रजा-प्रिय उदात्त-मना दयालु-
र्व्याजेन केन चन निःसरति स्म सद्यः ॥५८॥

उप्रान्त कुनै समयमा राणा विरोधीहरुलाई मार्न भनि मोहन संशेरले सभामा राजा छित आज्ञा माग्दा प्रजामा प्रेमगर्ने राम्रो भावना भएका दयालु राजा कुनै निहुं पारी तुरुन्त निस्कनु भयो ॥५८॥

प्रासादमेत्य सुकृती विममर्श राजा
राजेति नाम स-फलं जन-रञ्जनेन ।
सिंहासने मयि वसत्यनयात् प्रजानां
स्याच्चेद् वधो ननु धिगन्वय-दूषणं माम् ॥५९॥

राजभवनमा आई पुण्यात्मा राजाले विचार गर्न लाग्नु भयो:-'राजा' भन्नेनाम जनतालाई आनन्दित गर्नाले सफल हुन्छ म सिंहासनमा वसेमा प्रजाको हत्या हुन्छ भने कुल कलङ्की मलाई धिक्कार छ ।।५९॥

सिंहसनाऽधिकृतिरेतु चिरं स्थिरा मे
स्याद्वा प्रजा-वधमतो न समर्थयामि ।
श्रुत्वेति साहस-निधिर्युवराड् महेन्द्रो
गाम्भीर्यवत् पितृ-मतं मतिमान् पुपोष ॥६०॥

अतः मेरो सिंहासनको अधिकार गए जाओस् चिरकाल संम रहे रहोस् प्रजाहरुको वध समर्थन गर्दिन,यस्तो कुरा सुनेर गाम्भीर्य पूर्ण पिताका मतको साहस निधि बुद्धिमान् युवराज महेन्द्रले पुष्ट्याइँ गर्नु भयो ॥६०॥

मन्त्रानुसारमुररी-कृत-भारतीय-
दूतालयं विपिन-भोज-मिषेण धीरः ।
मुन्यभ्र-शून्य-कर-संमित-वैक्रमाऽब्द
ऊर्जैकविंशतितमाऽह-विभात काले-॥६१॥
सिंहासने परिहरन् ममतां नरेन्द्रो
राजोचितान्यपि तथा सुख-साधनानि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मत्वा तृणाय जनता-हित-कृत्य चित्तः
प्रासादतः स परिवार-युतो जगाम ॥६२॥

यस पछि सिंहासनमा ममता र राजोचित सुख साधनलाई तृण जस्ता सम्झी प्रजाको हित हुने काममा मन लगाएका परिवार सहित धीर राजा त्रिभुवनवीर विक्रमसाहदेव विक्रम संवत् २००७ कार्तिक २१ गते विद्वान परामर्श अनुसार स्वीकृत गरीएका भारतीय दूतावासमा वनभोजका छलले जानु भयो ॥६१॥ ॥६२॥

श्रद्धाऽऽस्पदं त्रिभुवनो नृपतिः प्रजानां
स्नेहाऽऽस्पदानि जनता नृपतेश्च सन्ति ।
जानन्निति प्रकटिताऽनुनयो बहिः सँ-
स्तं मोहनोऽथ विनिवर्तयितुं प्रयेते ॥६३॥

त्यस पछि राजा त्रिभुवन प्रजाका श्रद्धास्पद हुनु हुन्छ राजाका पनि प्रजाहरु प्रेमपात्र छन् भन्ने बुझी राखेका मोहनसंशेरले बाहिर विनय प्रकट गर्दै वहाँलाई फर्काउन प्रयास गरे ॥६३॥

सत्पुत्र-पौत्र-नृपतावनिवर्तमाने
सिंहासने स युवराज-सुतं स-भीकः ।
मातामहीय-गृह-गं चतुरब्द-बालं
ज्ञानेन्द्रवीरमभिषिञ्चति मोहनः स्म ॥६४॥

छोरा नाती राजा कुनै पनि न फर्कंदा डराएका मोहनसंशेरले मावल वसेका युवराजका छोरा चारवर्षका बालक ज्ञानेन्द्रवीरविक्रमसाह लाई सिंहासनमा अभिषिक्त गरे ॥६४॥

षड्विंश-कार्तिक-दिनाङ्क-यम-द्वितीया
तिथ्यां प्रजा विरहयन रुदतीः स्म राजा ।
हा ! भारतं व्रजति भारत-राजदूत
चन्द्रेश्वरेण महितः पर-वायु-यानात् ॥६५॥

कार्तिक २६ गते यम द्वितीया तिथिमा रोई रहेका प्रजा हरुलाई विरही वनाउँदै हरे ! शिव ! अरुको (भारतको) वायुयान द्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भारतीय राजदूत चन्द्रेश्वरले संमानित गरिनु भएका राजा भारत जानु भयो ॥६५॥

मन्त्राऽनुसारमिह तन्निशि वीरगञ्ज-
माक्रान्तवत्यप-भया जन-मुक्तिसेना ।
राणा बलैरभिहतो गलकूट-राज-
मध्यात्मजो दिवमगात् स्थिरवर्ममल्लः ॥६६॥

परामर्श अनुसार यहाँ उसै राती निर्भीक जन मुक्ति सेनाले वीरगञ्जमा आक्रमण गऱ्यो गलकोटे राजाका माहिला पुत्र स्थिरवंमल्ल राणाका सैन्य द्वारा मारिई स्वर्ग गए ॥६६॥

लोक-प्रिये त्रिभुवनेऽपि नृपे प्रतीपे
तिष्ठेद् बलादपि निरङ्कुश-शासनं मे ।
मत्वेत्युपासित-निजाऽनुज-धीश्शंरंसीद्
न स्वादहो व्यतिकृतादिह मोहनस्तु ॥६ ॥

प्रजाप्रिय राजा त्रिभुवन प्रतिकूल हुँदामा पनि मेरो निरङ्कुश शासन बलद्वारा पनि अड्ला भन्ने ठानेर भाइहरुका बुद्धिमा लागेका मोहन शंशेर यहाँ आफ्नो अनीतिवाट हटेनन् ॥६७॥

आ-बाल-वृद्धमखिला इह राज-सारा
राष्टे प्रजा व्रजति राजनि साऽश्रु-धाराः ।
राजानमार्त-मनसः सततं स्मरन्त्यो
राणा-व्यतिक्रममपास्त-भया व्यरुन्धन् ॥६८॥

राजा जाँदामा यहाँ राष्ट्रमा राजालाईनै आफ्ना सर्वोत्तम मान्ने आवाल वृद्ध सबै प्रजाहरु सदा राजालाई संझँदै दुःखित मन भई आँसु का धारा चुहाउँदै निर्भयसाथ राणाको व्यतिक्रमको विरोध गर्न लागे ६८

राज-प्रजात्त-बल-साहस-धैर्य-शौर्या
नेतार ऊर्जिततमाऽऽत्म-बलाश्च धीराः ।
"राजा सदा विजयतामिति" भाषमाणा
अभ्यागमन्नखिलराष्ट्रमकुण्ठ-वेगाः ॥६९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा र प्रजावाट बल, साहस, धैर्य, शौर्य पाएका अतएव आत्मबल वढेका धीर नेताहरुले पनि "राजा सदा" विजयी हुनु होस् भन्दै भाषण गर्दै अकुण्ठित वेग साथ पूर्ण राष्ट्रमा चढाई गरे ॥६६॥

राजाऽतिदिष्ट-जन-नेतृ-कृताऽभियानं
दुर्निग्रहं तदवयन् हत-साहसः सन् ।
राणाऽधिकारमुररी-कृत-कोश-लेशो
भीतो-नृप त्रिभुवनाय च मोहनोऽदात् ॥७०॥

राजाट आदेश पाएका जननेताले गरीएको त्यस चढाईलाई दमन गर्न न शकिने ठहराई डराएका मोहनसंशेरले पनि साहस हराइ कोशका अलीकति मुद्रा झिकी राणाको अधिकार राजा त्रिभुवन लाई दिए ॥७०॥

स्थाने स फाल्गुन तुरीय-दिने स-भार्य-
स्तत् पुत्र-पौत्र-जन-नेतृ-गणैर्युतः सन् ।
आह्लादयन् विरहितां जनतां स्मिताऽऽस्यः
प्रत्यागमत् त्रिभुवनो निज-राजधानीम् ॥७१॥

अतः रमाइलो कुरा छ कि फाल्गुन ४ गते पुत्र पौत्र जन नेताहरुले युक्त भई महारानी सहित राजा त्रिभुवन विरही भएका जनतालाई हँसीलो मुहारले आनन्दित गराउँदै आफ्नो राजधानी फर्कनु भयो ॥७१॥

माल्योदकुंभ कुसुमादि-विराजितानि
श्रद्धाऽऽद्र -चित्त जनता-कृत-गोपुराणि ।
पश्यन् मुदा जय जयेति जयेति शृण्वन्
प्रासादमाविशदमोघ-मनोरथः सः ॥७२॥

माला, जल कुंभ, फुल आदिले शोभित भएका श्रद्धाले मन पग्लेका जनता द्वारा वनाइएका नगरका वाटाका ढोका हर्षपूर्वक हेर्दै जय जय जय शब्द सुन्दै मनोरथ पूर्ण भएका राजाले राजभवनमा प्रवेश गर्नु भयो ॥७२॥

तन्मास-सप्तम-दिने जनतन्त्र-राष्ट्र-
मुद्घोषयन्नहह ! मोहनमेव-मुख्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आयुङ्क्त मन्त्रिणि सहिष्णुरपीतरेषु
विश्वेश्वरादि-जननेतृ-गणं कृत-ज्ञः ॥७३॥

त्यही मैना (फाल्गुन) ७ गते प्रजातन्त्र राष्ट्रको घोषणा गर्दै अहो ! सहन शील राजाले प्रधान मन्त्रि पदमा मोहनसंशेरलाईनै नियुक्त गर्नु भयो, काम गरेको देख्ने वहाँले विश्वेश्वरप्रसाद कोईराला आदि जन नेता लाई अरु मन्त्रिपदमा नियुक्त गर्नु भयो ॥७३॥

राणाऽनुगामिषु च भूय उपद्रवत्सु
स्वं मोहने पदमुदस्यति गूढ–दोषे ।
शान्ति-प्रियस्त्रिभुवनोऽपि पदे तदीये
राजा न्ययुङ्क्त मतिमानथ मातृकां सः ॥७४॥

राणाका पछि लगुवाले फेरी उपद्रव मचाउँदा गुप्तरूप वाट दोषी मोहनसंशेरले आफ्नो पद त्याग गरेमा त्यस पछि शान्ति प्रिय बुद्धिमान् राजा त्रिभुवनले उनका (प्रधान मन्त्री) पदमा मातृका प्रसाद कोइराला लाई नियुक्त गर्नु भयो ॥७४॥

सम्पादयन्निति यथाविधि सर्वलोक–
निर्वाचित–प्रतिभुवामथ सर्वकारम् ।
कर्तुं यथाद्रुतमहं विहित-श्रमोऽस्मि
लोकानिति त्रिभुवनः समुपादिशत् सः ॥७५॥

राजा त्रिभुवनले यसप्रकार व्यवस्था मिलाउँदै अव यथाशक्य चाँडो विधि पूर्वक सव जनताले चुनिएका प्रतिनिधिको सर्कार गराउन मैले प्रयास गरेको छु भनि जनतालाई उपदेश दिनु भयो ॥७५॥

आमाहिषं कलितवानपि राजमार्गं
स स्थानकूटत उदार-मनाः स्व-नाम्ना ।
विद्यालयं सुरगवी-प्रणयान्महान्तं
ग्रामोद्धृति-स्पृहतया च विकास-केन्द्रम् ॥७६॥

उदार मन भएका वहाँले संस्कृत प्रेमी हुँदा महाविद्यालयको स्थापना गर्नु भयो, गाउँको उद्धार गर्ने इच्छा हुँदा आफ्नो नामवाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विकास केन्द्र स्थापित गर्नु भयो स्थानकोट देखी भैंसे संम नयाँ राजमार्ग बनाउनु भयो ॥७६॥

विद्वच्छिरोमणि पदं विदुषां वरेभ्यो
वृत्त्या समं कविशिरोमणितां गुण-ज्ञः ।
धीमान् महाकवि-पदं च गुणानुसारं
राजैतिहासिकशिरोमणितामयच्छत् ॥७७॥

गुण चिन्ने बुद्धिमान् वहाँ राजाले उत्तम विद्वान्हरुलाई गुण अनुसार विद्वच्छिरोमणि, कविशिरोमणि, महाकवि, ऐतिहासिक शिरोमणि पद दिनु हुन्थ्यो ॥७७॥

यान्त्या दिवं मनसि सन्तति वत्सलायाः
पत्न्याः स्मरन् वच उदात्त-मतिर्महेन्द्रः ।
स्मेराननां मतिमतीमथ रत्नराज्य-
लक्ष्मीमुपायत पुनर्भगिनीं तदीयाम् ॥७८॥

सन्तानमा प्रेम गर्ने पत्नीले स्वर्गारोहण समयमा भनेको कुरा मनमा संझी रहनु भएका राम्रो बुद्धि भएका महेन्द्रले फेरी वहाँकी वहिनी स्मेराननां बुद्धिमती रत्नराज्यलक्ष्मीलाई विवाह गर्नु भयो ॥७८॥

दन्दह्यमान-हृदयाऽऽमय-पीडितः सन्
नीसं गतस्त्रिभुवनोऽथ चिकित्सनायै ।
राष्ट्राऽधिकारमखिलं प्रददत्तनूज
राष्ट्रे स्वके प्रहितवान् नृपतिर्महेन्द्रम् ॥७९॥

यस पछि अतिशय दहन गर्ने हृदय रोगले पीडित हुनु भई औषधोपचार गर्न नीस जानु भएका राजा त्रिभुवनले सब राष्ट्रको अधिकार पुत्र महेन्द्रलाई दिएर आफ्नो राष्ट्रमा पठाउनु भयो ॥७९॥

कार्याऽक्षमे त्यजति मन्त्रिणि कार्य-भारं
लब्धाऽधिकार युवराज उरु-प्रभावः ।
अङ्गीकरोति कियते समयाय धीरो
राष्ट्रस्य भारमखिलं स्वयमेव स स्म ॥८०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कामगर्न असमर्थ भई मन्त्रीले कार्य भार छोड्दामा ठूलो प्रभाव भएका अधिकार पाउनु भएका युवराज धीर महेन्द्रले केही समयका निमित्त राष्ट्रको सबै भार आफुलेनै लिनु भयो ॥८०॥

रुद्राऽभ्र-नेत्र-मित-वैक्रम-वत्सरस्य
त्रिंशत्तमेऽहहह ! फाल्गुनिके दिनाङ्के ।
राष्ट्राद् बहिस्त्रिभुवनः स यशः–शरीरो
हा ! हन्त ! हन्त ! सुरलोकमगान्नरेन्द्रः ॥८१॥

अहहह ! अतिशय दुःखको कुराछ कि वि० सं० २०११ फाल्गुन ३० गते राष्ट्र बाहिरबाट कीर्ति रूप शरीर भई राजा त्रिभुवन स्वर्ग जानु भयो ॥ ८१ ॥

आनीय भौतिकममुष्य वपुः स्वराष्ट्रं
पुत्रा यथा-विधि सुसँस्स्कृतवन्त आर्याः ।
शोकाऽग्नि-दग्ध-मनसो नितरां महिष्यौ
वक्षः प्रहारमरुदञ्जनता समस्ता ॥८२॥

वहाँको भौतिक शरीरलाई आफ्नो राष्ट्रमा ल्याएर सज्जन पुत्र, महारानी, समस्त प्रजाहरुले विधि पूर्वक संस्कार गरी शोकाग्निले मन पोलींदा छाती पिट्दै अतिशय रोए ॥८२॥

कान्तीश्वरी-त्रिभुवनाऽमज-कीर्ति-केतुं
सर्वोच्च-शिक्षण-सरित्तरणैकसेतुम् ।
देव्यावुभे त्रिभुवनाऽभिध-नूत्न-विश्व-
विद्यालयं सुचरिते महिते न्यधाताम् ॥८३॥

राम्रो चरित भएकी पूजनीय दुइ राजमाताले कान्तिराज्यलक्ष्मी इश्वरीराज्यलक्ष्मी त्रिभुवनवीर विक्रमसाहदेवको निर्मल कीर्तिध्वजा स्वरूप सर्वोच्च शिक्षासरित् पार गर्ने सेतु स्वरूप त्रिभुवनविश्वविद्यालयको स्थापना गर्नु भयो ॥८३॥

अब्दान्तरे नभसि सप्तदशे दिनाङ्के
चीनेन दौत्यमथ राष्ट्र-हितैकलक्ष्यः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दीनोऽपि तात-विरह-व्यथया महेन्द्रः
सम्बन्धमीडयमकरोदतिसूक्ष्म-दृष्टिः ॥८४॥

यसपछि पितृवियोग जन्य बाधाले दुःखी भएतापनि राष्ट्रको हितगर्नु नै एक लक्ष्य भएका अतिशय सूक्ष्म दृष्टि भएका महेन्द्रले अर्को (२०१२) वर्ष श्रावण १७ गते चीन सित राम्रो दौत्य सम्बन्ध गर्नु भयो ॥८४॥

ऊर्जोनविंश-दिवसे स निमन्त्र्यमाणः
पत्न्या ततो दयितया सह भारतेऽगात् ।
तत्राऽभिनन्दिततमो दिवसैर्महेन्द्रः
प्रत्यागमत् कतिपयैर्निज राजधानीम् ॥८५॥

त्यसपछि निमन्त्रित हुनु भएका वहाँ महेन्द्र प्रियपत्नी सहित भई कार्तिक १९ गते भारतमा जानु भयो त्यहाँ राम्रो स्वागत पाई केही दिनमा आफ्नो राजधानी फर्कनु भयो ॥८५॥

तद्वर्ष एव शम-काम-नय-प्रवीणः
पौषे स मासि शर-नेत्र-मिते दिनाङ्के ।
अङ्गीकरोति मतिमानपि राष्ट्रसङ्घ-
चीनादि-राष्ट्र-दुरवाप-सदस्यतां स्म ॥८६॥

शान्ति चाहने नीति निपुण बुद्धिमान् वहाँले त्यही वर्ष (२०१२) पौष २५ गते चीन आदि राष्ट्रले पाउँन न शकेको राष्ट्र सङ्घको सदस्यता लिनु भयो ॥८६॥

पूर्वं प्रजापरिषदे विहित-प्रयास-
माजीवनं निगड-बन्ध्यतयाऽप्त-दण्डम् ।
टङ्कप्रसादमथ मन्त्रिपदे प्रधाने
युञ्जन् स मन्त्रिगणसाहितवान् नवीनम् ॥८७॥

यस पछि वहाँले अँघि प्रजापरिषद्का निमित्त प्रयास गरेका अतएव आजीवन कारागारमा बन्द रहनु पर्ने दण्ड पाएका टङ्कप्रसाद आचार्य-लाई प्रधान मन्त्री पदमा नियुक्त गर्दै नयाँ मन्त्रिमण्डलको स्थापना गर्नु भयो ॥८७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रीन्द्वभ्र-नेत्र-मित-वत्सर-माधवस्य
विंशे दिने स विधिना श्रुति-वर्णितेन ।
तीर्थोदक-प्रभृति-माङ्गलिकैः समस्तै
राज्याभिषेकमुररी कृतवान् प्रजाभ्यः ॥८८॥

वहाँले वि०सं० २०१३ वैशाख २८ गते वेद विहित विधिले तीर्थजल आदि समस्त माङ्गलिक वस्तु द्वारा प्रजाहरुवाट राज्याभिषेक लिनुभयो ८८

सुदिव्यं रत्नाद्यैरपि परिदधद् राज-मुकुटं
स-पत्नीकः सिंहासनमधिवमन्नाय-महितम् ।
अखण्ड-द्वीपानामधिपतिभिरारात् परिवृतो
महेन्द्रो राजाऽभ दिव दिवि महेन्द्रः सुर-गणैः ॥८९॥

रत्न आदिले दिव्य राजमुकुट पहिरेर पत्नी सहित हिन्दुहरुले आदर गरिने सिंहासनमा वस्नुभई सब द्वीपका राष्ट्राध्यक्षहरुले वरीपरी परिवृत हुनु भएका राजामहेन्द्र स्वर्गमा देवगणले परिवृत इन्द्रझैं शोभित हुनु भयो ८९

अशेषेषु क्षित्यां क्षिति-पतिषु लीनेषु सकलाः
श्रियो लक्ष्मी-कान्ते त्रिभुवन-निदाने यदविशन् ।
बुधा ! नैतच्चित्रं युग-समवसानेऽखिल-जगद्
यतो लक्ष्मी-कान्ते त्रिभुवन निदाने निविशते ॥९०॥

पृथ्वीमा सब राजाहरु हराए पछि सब राजलक्ष्मीहरु त्रिभुवन निदान (त्रिभुवनका पुत्र) लक्ष्मीकान्त (रत्नराज्यलक्ष्मीका कान्त) मा जो प्रविष्ट भए हे विद्वान्हरु ! यो केही विचित्र छैन किनकि युगको अन्त्यमा सब जगत्नै लक्ष्मीकान्त (लक्ष्मीका पति) त्रिभुवन निदान (तीन लोकका कारण विष्णुमा) प्रविष्ट हुन्छ ॥९०॥

गोरक्ष साहवंशाऽऽख्ये काव्येऽस्मिन् हरि-निमिते ।
पूर्णोऽष्टादश-सर्गोऽभूत् प्रजातन्त्र-पुनर्भवः ॥९१॥

हरिप्रसादशर्मा आचार्यले वनाएका यस गोरक्षसाहवंश महाकाव्यमा प्रजातन्त्रको पुनर्जन्म भएको अष्टादश सर्ग पूर्ण भयो ॥९१॥

—***—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकोनविंशः सर्गः

ज्येष्ठाऽष्टमाऽहे नृपतिः प्रधानमड्डालयं साऽधिकृतिं न्यधात् सः।
रूसेन च श्रावण-पञ्चमाऽहे दौत्यं स्म सम्बन्धमुरी-करोति ॥१॥

उप्रान्त राजा महेन्द्रले (२०१३) ज्येष्ठ ८ गते अधिकार पूर्ण सर्वोच्च अदालत स्थापित गर्नु भयो, श्रावण ५ गते रूससित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥१॥

तान्मासिकेऽग्नीन्दु-मिते दिनाङ्के जापान-राष्ट्रेण नये नदीष्णः।
दिने नृपः कार्तिक-पञ्चविंशे राष्ट्रेण च स्वीट्जरलैण्ड-नाम्ना ॥२॥

नीति निपुण राजाले त्यही (ज्येष्ठ) मैनाको १३ गते जापान राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥२॥

राष्ट्रस्य पूर्वानखिल-प्रदेशान् स-पर्वतीयानपि मध्य-देशान्।
स्थितिं प्रजानामवगन्तु-कामो राजा पदातिर्व्यचरन्महेन्द्रः ॥३॥

यस पछि राजा महेन्द्र प्रजाहरुको स्थिति बुझ्ने इच्छा गरी राष्ट्रका पूर्व पट्टीका पहाड, मदेश सब प्रदेशहरुमा पाउले हिंडेर भ्रमण गर्नु भयो ॥ ३ ॥

अष्टादशेऽथाऽहनि फाल्गुनीये विविच्य पाञ्चाब्दिक-योजनायै।
राष्ट्र-प्रति-क्षेत्र-विकास-कामो राजा सदस्यान् समजीघटत् सः ॥४॥

राष्ट्रका प्रत्येक क्षेत्रको विकास गर्ने इच्छा भएका वहाँ राजाले यस पछि फाल्गुन १८ गते विचार गरी पाँच वर्षको योजना तयार गर्ने सदस्य हरुको सङ्गठन गर्नु भयो ॥४॥

लङ्कां गतं फाल्गुन-मासि तस्मिन् स-श्रद्ध-तद्-राष्ट्र-पतिर्महेन्द्रम्।
तत्रत्य-लोकैः सह दर्शनोत्कैर्विभीषणो राममिवाऽभ्यनन्दत् ॥५॥

त्यही फाल्गुन मैनामा लङ्का जानु भएका महेन्द्रको दर्शन गर्न उत्कण्ठित भएका त्यहाँका जनताले सहित भई श्रद्धाले युक्त भएका त्यहाँ का राष्ट्रपतिले विभीषणले रामको झैं अभिनन्दन गरे ॥५॥

चतुर्दशाऽब्दे व्यचरत् स्व-राष्ट्र-प्रत्यक् प्रदेशानथ माधवे सः।
मनोरथान् पूरयितुं प्रजानां सर्वत्र शृण्वञ्जय-शब्दमुच्चैः ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस पछि वि० सं० २०१४ चैत्रमा सर्वत्र उच्चस्वरले भनिएको 'जय' शब्द सुन्दै प्रजाहरुको मनोरथ पूर्णगर्न वहाँले पश्चिम पट्टीका प्रदेशको भ्रमण गर्नु भयो ॥६॥

शुचेर्दिनाङ्के नवमे नरेन्द्रः सर्वाणि शास्त्राणि समुद्दिधीर्षुः ।
नेपाल-विद्वत्-परिषत्-समाख्यां नवीन-संस्थामुदजीघटत् सः ॥७॥

सम्पूर्ण शास्त्रहरुको उद्धार गर्न चाहेका राजा महेन्द्रले आषाढ ६ गते नेपाल विद्वत् परिषत् अर्थ भएको (नेपाल एकेडेमी) नयाँ संस्थाको उद्घाटन गर्नु भयो ॥७॥

अष्टादशेऽथाऽहनि लङ्कयाऽसौ दौत्यं स्म सम्बन्धमुरी-करोति ।
एकात्तर-त्रिंश-मिते नरेन्द्रो व्यजीघटन् मन्त्रि-गणं पुराणम् ॥८॥

यस पछि यहाँ राजाले १८ गते लङ्का सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ३१ गते पुरानो मन्त्रि मण्डल विघटन गर्नु भयो ॥८॥

आद्ये ततोऽसौ नभसो दिनाङ्के सम्बद्धवान् दूत्यमुरु-प्रतापः ।
समं महेन्द्रो नृ-पतिर्नय-ज्ञो राष्ट्रेण धीमानरवाऽभिधेन ॥६॥

त्यस पछि ठूलो प्रताप भएका नीतिज्ञ बुद्धिमान् यहाँ राजा महेन्द्रले श्रावण १ गते अरव राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥६॥

राजा प्रजा-तन्त्र-रणाऽऽत्त-कीर्तिं विविक्त-धीरिन्द्रजितं वरिष्ठम् ।
एकादशेऽथाऽहनि स प्रधाने युञ्जन् व्यधान् मन्त्रि-गणं नवीनम् १०

स्वच्छ बुद्धि भएका वहाँ राजाले त्यस पछि श्रावण ११ गते प्रजातन्त्र युद्धमा कीर्ति पाएका वरिष्ठ इन्द्रजित् (के० आइ० सिंह) लाई प्रधान मन्त्रि पदमा नियुक्त गर्दै नयाँ मन्त्रिमण्डल वनाउनु भयो ॥१०॥

स्वयं विधेयेषु विचक्षणेन विश्राम-हीनेन च राष्ट्रियाऽपि ।
भाद्र-त्रयो-विंश-दिने नृ-पेण सहायतायै परिषद् व्यधायि ॥११॥

आफु कामहरुमा चतुर हुनु भएका एवम् विश्राम नलीने भएता पनि राजाले सहायताका निमित्त भाद्र १३ गते राष्ट्रिय परिषद् वनाउनु भयो ॥११॥

स कार्तिके चार-वचः-प्रतीतो व्यजीघटन मन्त्रि-गणं नरेन्द्रः ।
मार्गैक-विंशेऽहनि राजनीति-विदां स्म संमेलनमादधाति ॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चारको कुरामा विश्वास परी राजा महेन्द्रले कार्तिकमा मन्त्रिमण्डल विघटन गर्न भयो मार्ग २१ गते राजनीतिज्ञहरुको संमेलन गराउनु भयो ॥ १२ ॥

राज्ञाऽनुभूताऽस्थिर-शासनः स-न्नेकोन-विंशे तपसो दिनाङ्के ।
स्पष्ट-प्रजा-तन्त्र-निदान-संस-न्निर्वाचनाये समजूघुपत् सः ॥१३॥

अस्थिर शासनको अनुभव गरी राजा महेन्द्रले स्पष्ट-प्रजातन्त्रको मूल कारण भएको संसद्को निर्वाचन गराउने माघ १६ गते घोषणा गर्नुभयो ॥ १३ ॥

संवत्सरे पञ्च-दशे नरेन्द्रः स माधवीये नवमे दिनाङ्के ।
सम्बद्धवान् दूत्यमथ प्रतापी शार्मण्यराष्ट्रेण समं महेन्द्रः ॥१४॥

यस पछि बुद्धिमान् प्रतापी, राजा महेन्द्रले वि० सं० २०१५ वैशाख ९ गते जर्मन राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥१४॥

ज्येष्ठ-द्वितीयेऽहनि मन्त्रि-मुख्या निर्वाचनाऽर्था परिषन्नृपेण ।
एकोन-विंशेऽहनि राजकीया सहायतायै परिषद् व्यधायि ॥१५॥

ज्येष्ठ २ गते राजाले निर्वाचन गराउने मन्त्री आदि भएको परिषद् र १९ गते सहायताका निमित्त राजकीय परिषद् बनाउनु भयो ॥१५॥

हिमालये भ्रातरि राष्ट्र-भारं निधाय राष्ट्रान्तर-वृत्त-जातम् ।
अवैतु-कामो व्यचरन्महेन्द्रो रूसेऽधि-यूरोपमथाऽफ्रिकायाम् ॥१६॥

यस पछि अरु राष्ट्रहरुका वृत्तान्त जान्न चाहनु भएका महेन्द्रले राष्ट्रको भार भाइ हिमालयमा राखी रूस, यूरोप, अफ्रिकाको भ्रमण गर्नु भयो ॥१६॥

प्रत्यक्-प्रदेशानथ मासि पौषे स्मेराननैर्दर्शन-लालसैः सः ।
लोकैः स्व-राष्ट्रेऽप-निमेष-नेत्रै-र्निपीयमानो व्यचरत् पदातिः ॥१७॥

यस पछि पौषमैनामा राजा महेन्द्रले आफ्नो राष्ट्रमा दर्शन गर्ने लालसा भएका हँसीला मुख भएका जनता हरुले आँखा झिमिक्क न पारी हेरेको हेर्‍यै गरिइनु हुँदै पाउले हिंडेर भ्रमण गर्नु भयो ॥१७॥

ततस्तपस्याऽऽद्य-दिने नवीनं स्वकीय-राष्ट्रस्य स संविधानम् ।
निर्माय, त्रान्मासिक-सप्तमाऽहा-ज्जनैश्च निर्वाचनमारम्भत् ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस पछि वहाँले फाल्गुन १ गते आपना राष्ट्रको नयाँ संविधान वनाई त्यै मैनाको ७ गते देखि जनतावाट निर्वाचन गराउन आरम्भ गराउनु भयो ॥१८॥

स षोडशाऽब्देऽहनि माधवाऽऽद्ये राष्ट्रान्तरैश्च व्यवहार-जातम् ।
भवेत् सुखेनेति नृपोऽथ विश्वैः पत्रालयीयं प्रबबन्ध योगम् ॥१९॥

यस पछि राजा महेन्द्रले अरु राष्ट्रहरु सित पनि व्यवहार सजिलो गरी होस् भन्ने विचारले वि० सं० २०१६ वैशाख १ गते विश्वसित पत्रालय (डाँक) सम्बन्ध स्थापित गर्नु भयो ॥१६॥

ज्येष्ठाऽष्टमाऽहे निज-मातृ-कीर्ति-संसूचिनं राजपथं महेन्द्रः ।
स्व-मातृ-नाम्नैव च कान्ति-संज्ञं नवीनमुद्घाटयति स्म राजा ॥२०॥

राजा महेन्द्रले आपनी आमाको कीर्ति सूचित गर्ने आफ्नी आमाका नाम द्वारा कान्ति नामक नयाँ राजपथको ज्येष्ठ ८ गते उद्घाटन गर्नु भयो ॥ २० ॥

त्रयो-दशाऽहे जनताऽनुरागी जनाऽर्पिताऽनल्प-मतं दलं सः ।
संभावयँस्तद्दल-मुख्य-नेतृ-युक्तं व्यधान् मन्त्रि-गणं नवीनम् ॥२१॥

जनतामा प्रेम गर्ने वहाँले १३ गते जनताले वहुमत दिएको दललाई संमान गर्दै त्यै दलका मुख्य नेता भएको नयाँ मन्त्रिमण्डल वनाउनु भयो ॥ २१ ॥

पूर्वं प्रजा-तन्त्र-कृते स-यत्नावग्र्यौ दलानां कृत-विन्न्ययुङ्क्त ।
विश्वेश्वरं मन्त्रि-पदे प्रधाने सुवर्णसंशेरमुपप्रधाने ॥ २२ ॥

गरेको देख्ने राजा महेन्द्रले अघी प्रजातन्त्रका निमित्त प्रयास गरेका दलका नेता विश्वेश्वरप्रसाद कोईरालालाई प्रधानमन्त्री पदमा र सुवर्ण संशेरलाई उपप्रधानमा नियुक्त गर्नु भयो ॥२२॥

स षोडशाऽहे नृ-पतिर्महेन्द्रो निर्माय निर्वाचित-सर्वकारम्, ।
अजिग्रहच्च स्वयमेव सर्वैः संसत्-सदस्यैः शपथं निशीथे ॥२३॥

वहाँ राजा महेन्द्रले १६ गते निर्वाचित सरकार वनाई आफैलेनै आधारामता सवै संसद्का सदस्यहरुलाई शपथ ग्रहण गराउनु भयो २३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकोत्तर-त्रिंश-नभो-दिनाङ्के सम्बद्धवानष्ट्रियया स दूत्यम् ।
भाद्रस्य बाणेन्दु-मिते दिनाङ्के समं नरेन्द्रो मतिमानिटाल्या ॥२४॥

बुद्धिमान् राजा महेन्द्रले श्रावण ३१ गते अष्ट्रिया राष्ट्र सित र भाद्र १५ गते इटाली राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥२४॥

ऐषे युगोस्लाभिययैक-त्रिंशे पोल्याण्ड-नाम्ना दशमे च मार्गे ।
तान्मासिके पञ्चदशे दिनाङ्के स थाइलैण्डेन नये नदीष्णः ॥२५॥

नीतिमा निपुण राजा महेन्द्रले आश्विन २१ गते युगोस्लाभिया राष्ट्र सित, मार्ग १० गते पोल्याण्ड राष्ट्र सित, र त्यही (मार्ग) मैनाका १५ गते थाइलैण्ड राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥२५॥

तन्मास-षड्-विंश-दिनात् प्रजानां यथार्थ-वृत्तं समवैतु-कामः ।
राजा महेन्द्रोऽनलसः स्व-राष्ट्र-प्रत्यक्-प्रदेशान् व्यचरत् पदातिः ॥२६॥

आलस्य न भएका राजा महेन्द्रले प्रजाहरुको वास्तविक स्थिति बुझ्ने इच्छा गरी त्यही मैना (मार्ग) का २६ गते देखी आफ्ना राष्ट्रका पश्चिम प्रदेशको पाउले भ्रमण गर्नु भयो ॥२६॥

फलैः प्रसूनैर्विविधैर्मनोज्ञैश्चित्रैश्च माल्यैः कदली-द्रुमाऽऽद्यैः ।
द्वाराणि मार्गे निहितोद-कुंभान्यवेक्षमाणो जनता-कृतानि ॥२७॥

बाटामा अनेक प्रकारका मनोहर फल, फूल, रङ्गी विरङ्गी माला, केराका थाम आदि द्वारा जनताले वनाएका जलका घडाहरु राखिएका द्वारहरुलाई हेर्दै:–॥२७॥

पार्श्व द्वयाऽऽसादित-तोरणादि-वर्त्माऽभितः स्मेर-मुखाऽङ्गनाभिः ।
सिन्दूर-चूर्णैः पटवास-मिश्रैर्विकीर्यमाणः कुसुमैश्च लाजैः ॥२८॥

दुवै पट्टि तोरण आदि सजाइएका बाटाका दुवै तीरवाट हँसीला मुख भएका महिलाहरुले सुगन्धी अत्तर आदि मिश्रित सिन्दूर चूर्ण लाजा, पुष्प, वर्षाईंदै:–॥२८॥

आगत्य लोकैरपि पञ्च-षाऽह-दुष्प्राप-दूरादति-दर्शनोत्कैः ।
अखण्डमार्यैः पथि गीयमानं सर्वत्र शृण्वञ्जय-शब्दमुच्चैः ॥२९॥

सर्वत्र बाटामा ५।६ दिनमा पुग्न न शकिने टाढावाट पनि अतिशय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शनमा उत्कठित भई आएका सज्जन जनहरुले उच्च स्वरले जयकार मनाइएको शब्द सुन्दै–॥२६॥

पश्यन् क्वचिद् वर्त्मनि गो-घृताक्ताः कुलाङ्गना-दीपित-दीप-मालाः ।
स-शङ्खतोयैस्तुलसी-दलाद्यैः क्वचिद्द्विजाद्यैर्विधिनाऽर्च्यमानः ॥३०॥

बाटामा कुनै ठाउँमा गाईका घिउमा मुछिएका कुलाङ्गनाहरुले बालिएका दीपमालाहरु हेर्दै, कुनै ठाउँमा शङ्खजल, तुलसीदल आदि द्वारा ब्राह्मण आदिले विधिपूर्वक पूजा गरिदै–॥३०॥

वन्येऽपि मार्गे प्रणयाऽऽर्द्र-चित्तैरसाधनैस्तत्क्षण-लब्ध बोधैः ।
बन्धूक-पुष्पाणि समर्पयद्भि र्गोपैः स-हर्षं समुपास्यमानः ॥३१॥

वनका बाटामा पनि राजा आउनु भयो भन्ने तत्कालमा थाह पाएका श्रद्धाले हृदय पग्लेका अरु साधन न भएका अतएव जवापुष्पा चढाउँने गोपहरु द्वारा उपासित हुँदै ॥३१॥

क्वचिच्च पाषाणमय-प्रदेशे स्थानाऽन्तराऽऽनीत-मृदाऽवकीर्णाम् ।
विलोक्य राजा मृदु-मार्ग-पङ्क्ति शंसन् पवित्रां जन-भावनां सन् ३२

कहीं ढुङ्गै ढुङ्गा भएका प्रदेशमा पनि अरु ठाउँ बाट ल्याइएका माटाले पाटिएको मसिनो मार्ग पङ्क्ति देखेर पवित्र जन भावनाको प्रशंसा गर्दै–॥३२॥

वन्योपकार्या अपि दर्शनोत्कैः श्रद्धा-युतैः पञ्च-प-लक्ष-लोकैः ।
वृता नृपो जानपदैः समन्तात् पौरोपकार्या इव मन्यमानः ॥३३॥

दर्शन गर्न उत्कण्ठित भई गाउँ बाट आएका ५।६ लाख जनताले जता तै बाट घेरिएका वनका आवास लाई पनि नगरका आवास जस्ता मान्दै–॥३३॥

कुल्या-चिकित्साऽऽलय-पाठशाला राजा स निर्मापयितुं नवीनाः ।
अपि व्यवस्थापयितुं पुराणीर्विकास-कामो ददर्दथ-राशिम् ॥३४॥

कुला, औषधालय, पाठशाला नयाँ बनाउन र पुरानाको राम्रो व्यवस्था गर्न विकास चाहने राजाले अर्थ राशि दिंदै (आफ्ना राष्ट्रका पश्चिम प्रदेशमा पाउले भ्रमण गर्नु भयो) ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजाः पदातिं विचरन्तमेवं लोकोत्तराऽनन्द-द-दर्शनीयम् ।
विलोकयन्त्यो नृ-पतिं महेन्द्रमवर्णनीयां मुदमन्वभूवन् ॥३५॥

यस प्रकार पाउले हिंडी भ्रमण गरी रहेका लोकोत्तर आनन्द दायक हेरी रहन पाए पनि हुंदो हो भने जस्ता राजा महेन्द्रको दर्शन गर्दै प्रजा हरुले बयान गरी न शकिने आनन्दको अनुभव गरे ॥३५॥

अनेक-संवत्सरतः प्रवृत्तं दुर्भिक्षमुर्वी नृप-पाद-पूता ।
निरासयन्ती किल सस्य-रम्या नृपं पृथुं बोधयतीव लोकान् ॥३६॥

राजाका पादस्पर्शबाट पवित्र भएकी पृथिवीले अनेक वर्ष देखी भई रहेको दुर्भिक्ष हटाउँदै बाली (धान आदि) ले रमणीय भई राजा पृथु हुनु हुन्छ भन्ने कुरा जनता लाई बोध गराइन्की ! ॥३६॥

पौषे ततः सप्तदशे दिनाङ्के मलेसियाऽऽख्येन समं नरेन्द्रः ।
राष्ट्रेण सम्बन्धमुरु-प्रतापो दौत्यं महेन्द्रः समपीपदत् सः ॥३७॥

त्यस पछि ठूलो प्रताप भएका वहाँ राजा महेन्द्रले पौष १७ गते मलेसिया राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥३७॥

अष्टा-दशाऽहे तपसो नरेन्द्रः समं च्यकोस्लाभियया, परेद्युः— ।
ग्रीसेन, सोऽङ्काऽक्षि-मिते दिनाङ्के समं फिलीपाइनसाऽभिधेन ॥३८॥

राजा महेन्द्रले माघ १८ गते च्यकोस्लामिया राष्ट्र सित, अर्कोदिन (१९ गते) ग्रीस राष्ट्र सित र २९ गते फिलीपाइन्स राष्ट्र सित (दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥३८॥

स वर्मणा फाल्गुन-सप्त-विंशे, मधोः सहाऽष्ट्रेलियया द्वितीये ।
पाकेन राष्ट्रेण च सप्तमाऽहे त्रिंशे दिने नेदरलैण्ड-नाम्ना ॥३९॥

वहाँले फाल्गुन २७ गते वर्मा राष्ट्र सित, चैत्र २ गते अष्ट्रेलिया राष्ट्र सित, ७ गते पाक राष्ट्र सित र २० गते नेदरलैण्ड राष्ट्र सित (दौत्य सम्बन्ध स्थापित गर्नु भयो) ॥३९॥

अब्दे ततः सप्त-दशे महेन्द्रो जापान-संज्ञं च स थाइलैण्डम् ।
स-मेक्सिको-संज्ञममेरिकाऽऽख्यं राष्ट्राणि राजा व्यचरत् कनाडाम् ४०

यस पछि वि० सं० २०१७ मा राजा महेन्द्रले जापान, थाइलैण्ड, मेक्सिको, अमेरिका, कनाडा राष्ट्रहरुको भ्रमण गर्नु भयो ॥४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्येष्ठस्य दौत्यं स्म करोति योगं लाओस-राष्ट्रेण स सप्तमाहे ।
एकोन-विंशे त्विजराइलेन स्विडेन-नाम्ना-वसु-नेत्र-मेये ॥४१॥

वहाँले ज्येष्ठ ७ गते लाओस राष्ट्र सित, १६ गते इजराइल राष्ट्र सित २८ गते स्विडेन राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥४१॥

यातः शुचौ पोर्तुगलाऽऽख्य-राष्ट्रे
फ्रान्साऽऽख्य-राष्ट्रे ऽप्यभिनन्द्यमानः ।
तत्रत्य-नीति स्थिति-विन्मनीषी
न्यवर्तताऽसौ निज-राजधानीम् ॥४२॥

आषाढ़मा पोर्तुगाल राष्ट्र र फ्रान्स राष्ट्रमा जानु भई अभिनन्दित हुँदै बुद्धिमान् वहाँ त्यहाँको नीति स्थिति बुझी आफ्नो राजधानी फर्कनु भयो ॥ ४२ ॥

अखण्ड-विश्व-स्थिति-नीति-रीतीर्जिज्ञासमानो नृपतिः स ऊर्जे ।
गौराङ्ग-देशान् व्यचरत्, स-भूपैस्तत्राऽपि लोकैरभिनन्दितोऽभूत् ४३

सम्पूर्ण विश्वको स्थिति, नीति, रीति जान्ने इच्छा गरी राजा महेन्द्रले कातिकमा इङ्गलैण्डको भ्रमण गर्नु भयो त्यहाँ पनि राजा सहित जनताले वहाँको अभिनन्दन गरे ॥४३॥

राष्ट्रान्तराणीति समुन्नतानि द्वीपेषु सर्वेषु हि पश्यतोऽस्य ।
हिमालखण्डोन्नतयेऽपि पूर्वात् स्पृहा स्म जागर्तितमां नृपस्य ॥४४॥

यस प्रकार सब द्वीपमा अरु राष्ट्रहरुलाई उन्नत देख्नु भएका राजा महेन्द्रको हिमालखण्डको उन्नति गर्ने अँघी भन्दा पनि इच्छा अतिशय जाग्दै आयो ॥४४॥

दलान्तराणां दमनाय किन्तु सत्ताऽधिरूढे तु दले प्रवृत्ते ।
पलायमाना अपि दोष-हीना हताःसशस्त्रै र्गुलिका-प्रहारात् ॥४५॥

परन्तु सत्तारूढ दल अरु दललाई दमन गर्ने प्रवृत्त हुँदा भागीरहेका निर्दोषहरुलाइ पनि हांतयारवालाले गोलिको प्रहार द्वारा मारे ॥४५॥

घादिङ्ग-मध्ये नवकूट-मध्ये वर्गीय-सङ्घर्षमकारयत्तत् ।
अराष्ट्रियं कृत्यमनेकशश्च स्वैरं व्यधात् सद्भिरसह्यमुग्रम् ॥४६॥

धादिङमा नुवांकोटमा त्यस (सत्तारूढ दल) ले वर्ग सङ्घर्ष गरायो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सज्जन हरुले सहन न सकिने उग्र अनेक अराष्ट्रिय काम स्वच्छन्द साथ गऱ्यो ॥४६॥

गते युरोपं नृपतौ महेन्द्रे कुजे नवाहे किल कार्तिकेऽभूत् ।
समस्त-गोरक्षक-कर्मवीर-क्रान्तिस्तु तद्दुष्कृति-रोधनाय ॥४७॥

राजा महेन्द्र यूरोप गएका बेलामा सत्तारूढ दलको दुष्कर्म रोक्न कार्तिक ६ गते मङ्गलवारमा समस्त गोर्खाका कर्मवीरको क्रान्ति भयो ॥ ४७ ॥

शताधिका वीरगतिं प्रयतास्तदा च तद्वृत्तक-गोपनाय ।
सन्देश-पत्राणि निजेतराणि रुद्धान्यभूवन्नखिलानि तेन ॥४८॥

त्यस समयमा शय भन्दा बढीले वीरगति पाए, त्यो निन्दनीय वृत्तान्त गुप्त राख्न त्यस (सत्तारूढ दल) ले आफना प्रतिकूल समाचार पत्रलाई प्रतिबन्ध लगायो ॥४८॥

बलाद् बलिष्ठैर्बत ! दुर्बलानां क्वचिद् गृहीता ननु सम्पदोऽपि ।
क्वचिद् गृहीतान्यबला-धृतानि हा ! हन्त ! कर्णाऽऽभरणान्यभीकम् ४९

दुःखको कुरा छकि कुनै ठाउँमा बलियाले दुर्बलका सम्पत्ति बल पूर्वक लिए, कुनै ठाउँमा महिलाले पहिरेका कानका गहना निर्भय साथ खोसिए ॥४९॥

सतीति राजन्यपि हन्त ! मात्स्यन्यायेन लोका नितरां विपन्नाः ।
पाहीति पाहीत्यधि-राष्ट्रमेव प्रार्थयन् भूपतिमार्त-नादैः ॥५०॥

दुःखको कुरा छ कि राजा छँदामा पनि यस प्रकार जनता मात्स्य-न्यायले विपत्मा परी, राष्ट्र भरमानै त्राहि त्राहि भन्दै दुःखी स्वरले राजालाई प्रार्थना गरे ॥५०॥

श्रुत्वेति धीमाञ्जनता-हितैषी राजा महेन्द्रो नितरां दयालुः ।
स्पर्धां दलानामिति वीक्षमाणो विषण्ण-चेता व्यमृशद् हृदीति ॥५१॥

यस प्रकार सुनेर जनताको हित चाहने बुद्धिमान् अतिशय दयालु राजा महेन्द्रले यस प्रकार दलको स्पर्धा देखेर खिन्न मन भई मनमा यस प्रकार विचार गर्न लाग्नु भयो ॥५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"राष्ट्राऽन्तरेभ्योऽस्ति गुणैः प्रकृत्या गोरक्ष-राष्ट्रं महदस्मदीयम् ।
क्षेत्रप्रमाणाद् बृहदन्तर-स्थं हिमालखण्डे लघु वर्तमानम् ॥५२॥

हिमाल खण्डमा हामीहरुको गोर्खा राष्ट्र प्रकृतिका गुणले अरु राष्ट्र भन्दा ठूलो छ क्षेत्र प्रमाणले ठूला राष्ट्रका बीचमा वर्तमान यो राष्ट्र सानो छ ॥५२॥

अत्राऽपि भवतेषु दलैर्जनेषु शान्तिः कथं स्यात् कथमुन्नतिः स्यात् ।
कथञ्च लोकाः सुखिनो भवेयुः स्थिरं कथं स्यादुत राष्ट्रमेव" ॥५३॥

यसैमा पनि जनताहरु दल द्वारा विभक्त हुने हो भने कसरी शान्ति होला ? कसरी उन्नति होला ? कसरी जनताहरु पनि सुखी होलान् ? अथवा राष्ट्रनै कसरी स्थिर रहला ?" ॥५३॥

अतः सहस्याऽऽद्य-दिने मनीषी राजा स निर्वाचित-सर्वकारम् ।
प्रजा-हितैषी दल-भावनाऽऽढ्यं व्यजीघटद् राष्ट्र-हितैक-लक्ष्यः ॥५४॥

अतः प्रजाको हित चाहने बुद्धिमान् राजा महेन्द्रले राष्ट्र हितनै लक्ष्य राखी दल भावनाले युक्त भएको निर्वाचित सर्कारको विघटन गर्नु भयो ५४

लोकास्तदा स्मेर-मुखाः प्रसन्ना निराधयो वीत-भयाश्च सर्वे ।
ग्रामेषु सर्वेषु च पत्तनेषु देदीपयन्तेऽनु-गृहं स्म दीपान् ॥५५॥

त्यस समयमा हँसीला मुख गराएका प्रसन्न भएका मानसिक दुःख न भएका डरबाट छुटेका सबै जनताहरुले सब गाउँ तथा नगरमा घर घरै अतिशय बत्ती बाले ॥५५॥

प्रायेण सर्वे जन-नेतृ-वर्गः संसत्-सदस्याश्च विघटयमानाः ।
उत्साह-मूर्तेः समयोचितं तन्नृपस्य कार्यं स्म समर्थयन्ते ॥५६॥

उत्साहमूर्ति राजाको समयोचित त्यस कार्यको प्रायः सबै जननेताहरु र विघटित भएका संसद्का सदस्यहरुले पनि समर्थन गरे ॥५६॥

सम्बन्धमिण्डोनशियाऽभिधेन राष्ट्रेण दौत्यं तदहे व्यधत्त ।
राजा स नूत्नैश्च विघट्यमानैर्नूत्नं व्यधान्निर्दलसर्वकारम् ॥५७॥

त्यस दिन (पौष १ गते) राजा महेन्द्रले इण्डोनेशिया राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो, नयाँ र विघटित सदस्यहरु द्वारा दल रहित नयाँ सर्कार गठन गर्नु भयो ॥५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वाविंश-तन्मास-दिने महेन्द्रो राजाऽथ पञ्चायत-पद्धतिं सः ।
अजूघुषत्तद्दिन एव दौत्यं योगं च मङ्गोलियया व्यधत्त ॥५८॥

त्यस पछि त्यही मैना (पौष) को २२ गते राजा महेन्द्रले पञ्चायत पद्धतिको घोषणा गर्नु भयो त्यसै दिन (२२ गते) नै मङ्गोलिया राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥५८॥

हङ्गेरि-राष्ट्रेण तपोद्वितीये दिने, ततोऽष्टादश-वत्सरे सः ।
नीतौ पटुर्माधव-षोडशाऽहे न्यूज्लैण्ड-राष्ट्रेण समं नरेन्द्रः ॥५९॥

नीतिनिपुण राजा महेन्द्रले माघ २ गते हङ्गेरी राष्ट्र सित र त्यस पछि वि० सं० २०१८ वैशाख १६ गते न्यूज्लैण्ड राष्ट्र सित (दौत्य संबन्ध स्थापित गर्नु भयो ॥५९॥

पाकेऽथ राष्ट्रे विचरन्नभस्ये तत्रत्य-लोकैरभिनन्दितोऽभूत् ।
ततः स बेल्ग्रेड-विधीयमाने तट-स्थ-राष्ट्राऽधिप-सङ्गमेऽगात् ॥६०॥

यस पछि भाद्र मैनामा पाक राष्ट्रमा भ्रमण गर्दा श्रद्धा पूर्वक त्यहाँका जनता द्वारा अभिनन्दित हुनुभयो, त्यहाँ देखी बेल्ग्रेडमा भई रहेको तटस्थ राष्ट्राध्यक्षहरुको संमेलनमा जानु भयो ॥६०॥

स विश्व-शान्त्यै परराष्ट्रनीति तत्राऽव्यनग् यां महनीय-भावाम् ।
अपूपुजँस्तत्प्रतिभाऽऽक्त-चित्ताः सर्वेऽपि तत्रत्य-सभासदस्ताम् ॥६१॥

त्यहाँ राजाले विश्वशान्तिका निमित्त जुन् अति राम्रो अभिप्राय भएको परराष्ट्रनीति व्यक्त गर्नु भयो त्यसको वहाँका प्रतिभाबाट चित्त आकर्षित भएका त्यहाँका सबै सभासद्हरुले अतिशय प्रशंसा गरे ॥६१॥

अथाऽऽश्विने मासि स चीन-गम्यं क्षितीश्वरः कुट्टिम-राज-मार्गम् ।
आयात-निर्यात-विकास-कामः प्रस्तौति निर्मापयितुं स्म नूत्नम् ॥६२॥

यसपछि आयात निर्यातको विकास गर्न चाहने राजाले आश्विनमा चीनजाने नयाँ पक्का राजमार्ग बनाउन प्रस्तुत गर्नु भयो ॥६२॥

मङ्गोलियां चीनमपि भ्रमन् सन्नेकोन-विंशे निरधायत् सः ।
चीनेन सीमामिति शैल-राजो गोरक्ष-राष्ट्रे महितः पुरेव ॥६३॥

राजा महेन्द्रले मङ्गोलिया, चीनको भ्रमण गर्दै (आश्विन) १९ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चीन बिच सीमा निर्धारित गर्नु भयो यस प्रकार हिमालय पर्वत अँझै झैं गोर्खाराष्ट्रमानै शोभित छ ।।६३।।

ततः कदाचिन् मिथिलामुपेतं राजानमाराधित-जानकीशम् ।
अविध्यदस्त्रेण तमाणवेन मूर्धाऽभिषिक्तं बत ! कोऽप्यवद्यः ।।६४।।

त्यस पछि कुनै समयमा मिथिला जानु भएका सीता र राम भैरवेश्वर हरुको आराधन गर्नु भएका वहाँ मूर्धाभिषिक्त राजालाई दुःखको कुराछ कुनै निन्दनीय व्यक्तिले बम् ले प्रहार गऱ्यो ।।६४।।

स्थाने परं पाशुपतात् प्रसादात्सीता-प्रसादादभवन्नृपेऽस्मिन् ।
गोरक्षनाथीय-कृपा-कटाक्षाल् लोकस्य भाग्यादपि निष्फलं तत्।।६५।।

तर हर्षको कुरा छ कि पशुपतिका र सीताजीका प्रसादले, गोरक्ष-नाथका कृपा कटाक्षले र लोकका भाग्यले पनि यहाँ राजामा त्यो बम निष्फल भयो ।।६५।।

तं दुःश्रवं अव्यतमाऽवसानं सन्देशमाकर्णयतां जनानाम् ।
अश्रूणि शोक-प्रभवाणि यानि तान्येव हर्षाश्रुतया न्यपप्तन् ।।६६।।

त्यो (बम प्रहार भयो भन्ने) सुनि न शक्नु र अन्त्यमा (तर केही भएन भन्ने) सुनी रहँदा हुँ भने जस्तो समाचार सुन्ने जनताका शोकले जुन आँसु निस्केका थिए उनै आँसुनै हर्षका आँसु बनेर झरे ।।६६।।

श्रुत्वा प्रतिष्ठानपुर-प्रजास्तं भूयाच्चिरायुर्नृप इत्यशेषाः ।
तत्स्थापितां संस्कृत-पाठशालामेत्याऽन्वतिष्ठन्नपि लक्षहोमम् ।।६७।।

त्यो समाचार सुनेर प्रतिष्ठानपुर (प्यूठान) का सब जनताले वहाँ (राजा महेन्द्र) बाट स्थापित गरिएको संस्कृतपाठशाला (संस्कृत माध्यमिक पाठशाला भित्री कोट टारी जालपास्थान) मा आएर "राजा चिरायु रहुन्" भन्ने कामनाले लक्ष होम पनि गरे ।।६७।।

स फाल्गुनीयादथ सप्तमाऽह्नाद् राजा विधीत्सुर्जन-सर्वकारम् ।
सर्वत्र निर्वाचयितुं महेन्द्रो ग्रामेषु पञ्चायतमारम्भत् ।।६८।।

जनसर्कार गराउने इच्छा गरेका राजा महेन्द्रले यसपछि फाल्गुन ७ गते देखी सब गाउँ हरुमा पञ्चायतको निर्वाचन गराउन आरम्भ गर्नु भयो ।। ६८ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकोनविंशे नृपतिस्ततोऽब्दे स माधवाऽऽद्ये दिवसे विधातुम् ।
प्राक्प्रत्यगित्यं नवराजमार्गमारब्धवान् साहसवान् महेन्द्रः ॥६९॥

त्यसपछि साहसी राजा महेन्द्रले वि० सं० २०१६ वैशाख १ गते पूर्व पश्चिम जाने नयाँ राजमार्ग (पूर्वपश्चिम राजमार्ग) वनाउन आरम्भ गर्नु भयो ॥६९॥

सस्वेदजालाऽङ्कितकोमलाङ्गं राजा समुद्यत्किणपाणिपद्मम् ।
श्रमो विधेयः स्वयमित्यगर्वः कुद्दालहस्तः खनति स्वयं स्म ॥७०॥

परिश्रम आफै गर्नु पर्छ भन्ने भावना भएका अभिमान न भएका हातमा कोदालो लिएका राजा महेन्द्रले कोमल शरीरमा झिल्झिल पसिना निकाल्दै करकमलमा ठेला पर्दासिम आफैले पनि खन्नु भयो ७०

परम्परीणं स दृढीचिकीर्षुर्हिमालराष्ट्रस्य च मासि तस्मिन् ।
सम्बन्धमैक्यं सह भारतेन प्रयाति राज्ञ्या सह देहलीं स्म ॥७१॥

हिमालखण्ड राष्ट्रको भारत सित परम्परा चली आएको राम्रो मित्रता लाई दरीलो गराउने इच्छा गर्नु भएका राजा महेन्द्र रानी सहित त्यही (वैशाख) महिनामा दिल्ली जानु भयो ॥७१॥

कृत्यं कथं कुत्र किमस्त्यथेति ज्येष्ठे चतुर्विंशदिने विमर्ष्टुम् ।
प्रतिप्रदेशस्थितबुद्धिजीवि संमेलनं सोऽकृत राजधान्याम् ॥७२॥

यस पछि वहाँले कसरी ? कहाँ ? के ? गर्नु पर्ने छ भन्ने परामर्श गर्न ज्येष्ठ २४ गते राजधानीमा प्रत्येक प्रदेशका बुद्धिजीवीहरुको संमेलन गराउनु भयो ॥७२॥

अथाऽऽश्विने राष्ट्रविकासनार्थं त्रैयब्दिकं योजयति स्म कृत्यम् ।
त्रिंशे दिने कार्त्तिककस्य दौत्यं योगं तुरुष्केण नृपो व्यधत्त ॥७३॥

यस पछि आश्विनमा राष्ट्रको विकासका निमित्त तीन वर्षमा गरिने कामको योजना गर्नु भयो, कातिक ३० गते तुर्की राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्नु भयो ॥७३॥

पौषस्य राजा प्रथमे दिनाङ्के व्यधात्ततो नूतनसंविधानम् ।
विशाऽब्द-शुक्रे त्वथ राष्ट्रभाषा साहित्यसंस्थामुदजीघटत् सः ॥७४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस पछि राजा महेन्द्रले पौष १ गते नयाँ संविधान बनाउनु भयो, यस पछि वहाँले वि० सं० २०२० ज्येष्ठ महिनामा राष्ट्रभाषा साहित्य संस्था (नेपाली भाषा प्रकाशिनी समिति) को उद्घाटन गर्नु भयो ।।७४।।

यः केवलादी स तु केवलाघी मत्वेति भूमिं वितितीर्षु राद्धे ।
सर्वप्रजाभ्यः स विभज्य, भौमं दिने नभस्ये नियमं व्यधत्त ।।७५।।

जसले एक्लै खान्छ त्यसले त पाप खान्छ भन्ने ठानेका वहाँले विभाग गरी सब जनतालाई भूमि दिने इच्छा गरी भाद्र १ गते भूमि सम्बन्धी नियम बनाउनु भयो ।।७५।।

धर्म्योऽप्यसौ तद्दिन एव, राष्ट्रसङ्घाऽनुकूलं प्रियहिन्दुधर्मः ।
जातिव्यवस्थारहितं महेन्द्रो युगाऽनुयायी नियमं व्यधत्त ।।७६।।

हिन्दु धर्म प्रिय भएका धार्मिक भएता पनि युगानुसार काम गर्ने यहाँ राजा महेन्द्रले राष्ट्रसङ्घको अनुकूल जाति व्यवस्था रहित नियम बनाउनु भयो ।।७६।।

तथापि भाति व्यवहारजातं सर्वं यथापूर्वमिहाऽधुनाऽपि ।
पृथक् पृथग् दर्शनचर्वणाऽर्था भवन्ति लोके ननु हस्तिदन्ताः ।।७७।।

तथापि यहाँ आजभोली पनि सब व्यवहार पूर्ववत् नै शोभित छ, ठीकै हो लोकमा हात्तीका दाँत देखाउने र चवाउने पृथक् पृथक् हुन्छन् ७७

भाद्रे द्वितीयेऽह्नि लेवनान संज्ञेनराष्ट्रेण समं स दौत्यम् ।
सम्बन्धमापादितवान् नरेन्द्रस्तार्तीयिके वेल्जियमाऽभिधेन ।।७८।।

राजा महेन्द्रले भाद्र २ गते लेवनान राष्ट्र सित र तीन गते वेल्जियम राष्ट्र सित दौत्य सम्बन्ध स्थापित गर्न भयो ।।७८।।

प्रसिद्धकाश्मीरपुरस्थविश्वविद्याऽऽलयान्नीतिविदां वरिष्ठः ।
राजाऽतिधीमानथ राजनीतिविशारदाऽर्थं पदमाप्तवान् सः ।।७९।।

नीति जान्नेहरुमा श्रेष्ठ अतिशय बुद्धिमान् राजा महेन्द्रले यस पछि प्रसिद्ध काश्मीर विश्वविद्यालयवाट राजनीति विशारद अर्थ भएको (डाक्टर अफ् ला) पद पाउनु भयो ।।७९।।

सर्वान् प्रदेशानपि दुर्गमान् स्वे राष्ट्रे पदातिर्विचरन् विविक्षन् ।
स्थितिं स राष्ट्रोन्नतये महेन्द्रः स्वयं परिश्राम्यति सर्वदैव ।।८०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना राष्ट्रमा हिंडन पनि दुःखले सकिने सबै प्रदेश हरुको पाउले भ्रमण गर्दै स्थिति विचार गर्दै राजा महेन्द्र राष्ट्रको उन्नतिका निमित्त सदै आफै परिश्रम गर्नु हुन्छ ॥८०॥

हिमालयाऽऽख्योऽनुज एतदीयो रामस्य सौमित्रिरिवाऽतिहृद्यः ।
पुत्रश्च धीमान् नृपतेः सहायो वीरेन्द्रवीरो युवराज आस्ते ।।८१॥

रामचन्द्रका लक्ष्मण जस्ता अतिशय प्यारा यहाँका भाइ हिमालय वीरविक्रमसाह र पुत्र युवराज बुद्धिमान् वीरेन्द्रवीरविक्रमसाह राजाका सहाय हुनु हुन्छ ।।८१॥

लयं गतायां दल-भावनायां मिथो मिलन्ती जनताऽप्यशेषा ।
"कृत्यं स्वकीयं स्वयमेव कार्यं" मत्वेति राष्ट्रोन्नतये दृढाऽस्ति ८२

दल भावना समाप्त हुँदा परस्पर मिलेका सब जनताहरु "आफ्नो काम आफै गर्नं पर्छ" भन्ने ठानेर राष्ट्रोन्नतिका निमित्त दृढ छन् ॥८२॥

साऽऽसार-कुल्या अपि वाट-घट्टान् राजाऽऽत्त-वित्ता मुदिता करोति ।
स-पाठशालाञ्जनता, वनानि पाति स्वयं सा घन-पादपानि ॥८३॥

राजावाट धन पाएका जनताले हर्षित भई धारा, कुला, वाटा घाट पाठशाला वनाउँदछन्, जनताले वृक्ष टन्न भएका वनको आफै रक्षा गर्दछन् ॥८३॥

राजाऽधि-राष्ट्रं जनतामशेषां श्रीमन्महेन्द्रो गत-पक्ष-पातः ।
रक्षन्नपि स्नेह-परिप्लुतात्मा नूनं स आस्ते गुण-पक्ष-पाती ॥८४॥

पक्षपाती न भईकन राष्ट्रभरमा सब जनताको स्नेहमा आत्मा डूबेका राजा श्रीमन्महेन्द्रले पालन गर्नु हुन्छ ता पनि निश्चय वहाँ गुणका पक्ष-पाती हुनु हुन्छ ॥८४॥

अविप्रगल्भं मन एतदीयं दयालु-भावान्नवनीत-तुल्यम् ।
तप्तेऽपि नूनं मनसीतरेषां याति द्रवत्वं नवनीत-भिन्नम् ॥८५॥

प्रौढ यहाँको मन दयालु हुनाले नौनी जस्तो छ ता पनि अरुको मन तप्त हुँदामा पनि यहाँको मन नौनी भन्दा फरक वनी पग्लन्छ (आफुमा तापपरे नौनी पग्लन्छ अरुका मनमा ताप पर्दा राजाको मन पग्लन्छ) ॥८५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनन्य-चित्तो नितरां महेन्द्रो ध्यायन् सदा सन्नपि राष्ट्र-कृत्यम् ।
काव्य-प्रबन्धेऽप्यपनीतकाल आस्ते कवीनामयमग्र-गामी ॥८६॥

सदा एकाग्र चित्त भई राष्ट्रको काम नै सोची रहनु हुन्छता पनि काव्य रचनामा पनि समय बीताउने यहाँ राजा महेन्द्र कविहरुमा पनि श्रेष्ठ हुनु हुन्छ ॥८६॥

सर्वेषु भूमिं ददति क्षितीशे हृष्टा स्वकीयेऽपि गृहे वसत्सु ।
अत्राऽधिराष्ट्रं गृह-वास-हीनः पलायतोत्क्रोच इतो वराकः ॥८७॥

राजाले भूमि दिंदा सब हर्षित भई आफ्ना घरमा बसेता पनि यहाँ राष्ट्र भरमा घर बास न भएको वराठ घुस् खोरी यहाँ बाट भाग्यो ॥८७॥

न्यायेन रक्षत्यवनीश्वरेऽस्मिन्नन्याय हीनेषु सुखं वसत्सु ।
सर्वेष्वपीहाऽतितरां विषीदन्नन्याय आस्ते तदधीरितः सन् ॥८८॥

यहाँ राजाले न्याय पूर्वक पालन गर्दामा अन्यायमा न परी सबै सुख पूर्वक बसेता पनि राजाले तिरस्कृत गरिएको अन्याय अतिशय खिन्न छ ॥८८॥

एषोऽतिधीमान् विनयी महेन्द्रः शताऽवधानोऽप्यनवेत-दर्पः ।
स्नेहेन राजोपदिशत्यनन्यमनोज्ञ-राष्ट्रोन्नति-मूल-मन्त्रान् ॥८९॥

शय तीर ध्यान दिंदा पनि अभिमान न चिन्नु भएका अतिशय बुद्धिमान् विनयी यहाँ राजा महेन्द्रले प्रेम पूर्वक अत्युत्तम राष्ट्रोन्नतिका मूल मन्त्रहरुको उपदेश गर्नु हुन्छ–॥८९॥

स्वच्छं यशो मेऽप-यशोऽथवा स्यान्निरर्थकं तन्न निभालयामि ।
देश-प्रति-क्षेत्र-समुन्नतिं तु द्रष्टुं परं मानसमीहते मे ॥९०॥

मेरो राम्रो कीर्ति होस् वा निन्दा होस् निरर्थक त्यसलाई आस्ता राख्तैन तर देशका प्रत्येक क्षेत्रको उन्नति भने मेरो मनले देख्न चाहन्छ ॥९०॥

अवश्यमेव क्रियमाण-कार्यमालोचनीयं समये बहिः-स्थैः ।
तथा नचेदुत्पथगामिनः स्युर्निरङ्कुशत्वादधिकारिणोऽपि ॥९१॥

गर्न लागेका कार्यको समयमा (पद) बाहिर रहेका व्यक्तिले अवश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आलोचना गर्नु पर्छ, त्यसो न भएमा अधिकारी हरुले निरङ्कुश भई वाटो विराउने सम्भावना हुन्छ ॥६१॥

विश्वस्य यावान् विहितः शताब्द्या राष्ट्रान्तरैः स्वे विषये विकासः ।
अस्माभिरद्याऽनलसैः स तावान् विधेय आस्ते दश-विंश-वर्षैः ॥६२॥

विश्वका अरुराष्ट्रहरुले आफ्ना राष्ट्रमा शयवर्षमा जति विकास गरे अहिले हामीहरुले आलस्य छोडेर दश वीस वर्षमा त्यति विकास गर्नु परेको छ ॥६२॥

तदेव सम्यग् यदहं ब्रवीमि परेतु देश-द्रुह एव सर्वे ।
नूनं प्रजा-तन्त्रमिति स्वभावात् फले-ग्रहि स्यान्न कदाचनेति ॥६३॥

जे मैले भन्छु त्यहीनै राम्रो हो अरु त सव देशद्रोही हुन् भन्ने स्वभावले प्रजातन्त्र कहिले पनि सफल हुन सक्तैन ॥६३॥

वसुन्धरां सुहृद्-धियो मिथोऽनवेत-भीतयो
जनाः शमाऽन्विताः समे विविक्त-पञ्च-शासने
महेन्द्रवीरविक्रमे मही-पतौ प्रशासति ।
सुखं वसन्ति साम्प्रतं प्रमोदमान-मानसाः ॥६४॥

पञ्चको शासन चुन्नु भएका राजा महेन्द्रवीरविक्रमसाहदेवले पृथिवीको शासन गर्दा भयवाट छुटकारा पाएका, परस्पर मित्र भाव राख्ने, प्रसन्नमन भएका शान्ति युक्त सव जनता आज भोली सुख सित वसेका छन् ॥६४॥

गोरक्षसाह वंशाऽऽख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
पूर्णं एकोनविंशोऽभूत् सर्गो माहेन्द्र-कृत्य-युक् ॥६५॥

हरिप्रसादशर्मा आचार्यले वनाएका यस गोरक्षसाहवंश महाकाव्यमा महेन्द्रका कामको वर्णन भएको एकोनविंश (१९) सर्ग पूर्ण भयो ॥६५॥

—***—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

विंशः सर्गः

स-शीताऽशीतानां सम-तदुभयानामपि दृढं
प्रदेशानां नूनं प्रकृति-विहितानामनुगया ।
व्यवस्थित्या लोकस्थिति-समय-पात्राऽनुगमया
स्व-राष्ट्रं स्वाऽऽलम्वं प्रभवति चिरं वर्तितुमिति ॥१॥

प्राकृतिक शीत, उष्ण, समशीतोष्ण प्रदेशको अनुकूल तथा लोकस्थिति समय पात्र अनुकूल व्यवस्थालेनै आफ्नो राष्ट्र स्वावलम्बी भै चिर काल तक दृढ रहन शक्त छ भनेर ॥१॥

विधौ पाञ्चायत्ते विदित-चरिता ग्राम-जनता–
विविक्ताः पञ्चास्तैरपि परिचिता मण्डल-जुषः ।
विविक्तास्तैः सम्यक् सदसि च भवन्त्यञ्चल-जुष-
स्ततो राष्ट्रस्यैवं महित-चरिताऽच्छ-प्रतिभुवः ॥२॥

पञ्चायत प्रणालीमा गाउँका जनतावाट छानिएका राम्रो चरित्र भएका पञ्चहरु हुन्छन्, तिनी पञ्चहरुले छानिएका जिल्लाका पञ्च हुन्छन् तिनीहरुले पनि सभामा राम्ररी छानिएका अञ्चलका पञ्च हुन्छन् अञ्चलका पञ्चले छानिएका राष्ट्रका पञ्च हुन्छन् यसप्रकार राम्रो चरित भएका प्रतिनिधिहरु छानिइन्छन् ॥२॥

अमुष्येत्युद्देश्यं दल-रहित-पञ्चायत-पथात्
स्व-राष्ट्र-स्वातन्त्र्यं चिरमपि वरीवर्त्वतमसः ।
प्रजातन्त्रं स्वच्छं भवतु निज-देश्यं स्थिर-नयं
जनाश्चैतत् सर्वे सुखमनुभवन्त्वाधि-रहिताः ॥३॥

पञ्चायत प्रणालीको उद्देश्य यस प्रकार छः–उज्ज्वल दलरहित पञ्चायतको माध्यम वाट आफ्नो राष्ट्रको स्वतन्त्रता चिरकाल संम रही रहोस् आफ्नो देशलाई हित हुने स्थिर नीति भएको स्वच्छ प्रजातन्त्र होस्, त्यसको सवै जनताले मानसिक दुःखवाट छुटकारा पाई सुख पूर्वक अनुभव गर्न पाउन् ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जना मात्स्यन्यायात् कपट-पटु-शोषात् समविता
भवेयुः स्वे राष्ट्रे विकसतु समाजः सम-सुखः ।
नवैर्यातायात-प्रभृति-सुविधा राष्ट्रिय-हितै-
र्यथाशक्यं शीघ्रं वितमतुतमां कुट्टिम-पथैः–॥४॥

जनता आफ्ना राष्ट्रमा मात्स्यन्याय फटाहाहरुका शोषणबाट सुरक्षित होउन्, समान सुखका भागी समाजको विकास होस्, राष्ट्रलाई हित हुने नयाँ पक्का राजमार्गहरु द्वारा यथाशक्य शीघ्र यातायात आदिको सुविधा अधिक हओस्–॥४॥

क्षत-भ्रष्टाचारः क्षत-विषय-धक्-पक्षपतनः
क्षतोत्कोचाऽन्यायो भवतु विषये शासन-विधिः ।
जनानां साहाय्यान्ननु निखिल-वर्गाऽन्वय-कृते
सुधारः स्याद् भूमेरखिल-जनताऽनन्दन-करः–॥५॥

राष्ट्रमा भ्रष्टाचार रहित, राष्ट्रलाई भस्म गर्ने पक्षपात रहित, घुसखोरी अन्याय रहित शासन प्रणाली हओस्, सब वर्गको समन्वय गर्नका निमित्त जनताका सहायता द्वारा सब जनतालाई हित हुने भूमि सुधार हओस्–५

सुदूराणां ज्ञेयं न भवति तथा तथ्यमनघं
यथा न्याय्यं नूनं प्रभवति समीप-प्रतिविशाम् ।
प्रशासस्तच्छक्तेः प्रभवतु विकेन्द्रीकरणतः
स्थिरा स्वाऽऽलम्बा स्यान्निखिल-जनता शिक्षणचणा ॥६॥

निर्दोष सत्य न्याय्य कुरा जति नजीकका छिमेकीले थाह पाउन शक्छन् त्यति टाढाकाले थाह पाउन शक्तैनन् अतः शक्तिको विकेन्द्री करण गरी प्रशासन हओस, सब जनताहरु सुशिक्षित स्थिर स्वावलम्बी बनुन्॥६॥

स्थितौ रीतौ नीतौ जनपद-मतं कर्मणि शुभे
भवेच्छिक्षा-दीक्षादिकमखिलमात्मीयममलम् ।
स्वके स्नेहो राष्ट्रे विकसतु जनानामनुदिनं
सुहृद्भावः शश्वद् विलसतु समाजस्य च मिथः ॥७॥

राष्ट्रको मत स्थिति रीति नीति शुभ कर्ममा लागोस्, शिक्षा दीक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि सब आफ्नै स्वच्छ होउन् आफ्नो राष्ट्रमा जनताको प्रेम उत्तरोत्तर वढ्दै जाओस् समाजको पनि सदा परस्पर मित्रता रहोस् ॥७॥

दृढा मुद्रा-स्फीतिः सुचिरमपि दुर्भिक्ष-शमनं
सुरक्षा-सम्पर्कौ शम-विनिमयौ सँस्कृतिरपि ।
समाजः स्युः स्वच्छा विमल नृपनीतिर्जनपदः
समृद्धः सर्वेषां प्रसरतु मती राष्ट्रिय-हिते ॥८॥

मुद्रा स्फीति, दुर्भिक्षशमन, सुरक्षा, सम्पर्क, शान्ति, विनिमय, सँस्कृति, स्वच्छ समाज, स्वच्छ राजनीति, राष्ट्र समृद्धिशाली चिरकाल संम दरीला रहुन्, राष्ट्रिय हितमा सवैको बुद्धि लागोस् ॥८॥

असंलग्ना नीतिर्भवतु परराष्ट्रैः सह सदा
तट-स्था सन्मैत्री भवतु सम-भावेन निखिलैः ।
स्वमस्तित्वं रक्षद् मिलदखिल-वर्गं सुविकसत्
स्वतन्त्रं राष्ट्रं नः शशि-निभ-हिमाले विजयताम् ॥९॥

परराष्ट्रहरु सङ्ग असलग्न तटस्थ नीति होओस् तथा सवै सित समानताका भावले राम्रो मित्रता रहोस्, सव वर्गको मेल मिलाप भएको हाम्रो स्वतन्त्र राष्ट्र आफ्नो अस्तित्वको रक्षा गर्दै विकसित हुँदै चन्द्रमाको जस्तो कान्ति भएको हिमालमा सर्वोत्कृष्ट रहोस् ॥९॥

इदं लक्ष्यं प्राप्तुं दल-रहित-पञ्चायत-विधौ
व्यवस्थायै राष्ट्र-प्रति-जनपदं कार्य-कुशलाः ।
सुसंघस्थ्याः प्रज्ञा-चरित-महिताः कर्मसु जना
नियोज्या उत्साहो ननु वितरणीयश्च भवति ॥१०॥

यस लक्ष्य प्राप्तिका निमित्त दल रहित पञ्चायत प्रणालीमा व्यवस्थाका निमित्त राष्ट्रका प्रत्येक गाउँमा तीखो बुद्धि राम्रो चरित भएका कार्य कुशल व्यक्तिहरुको सङ्गठन हुनु पर्दछ र काममा लगाउनु पर्दछ एवम् उत्साह दिनु पर्दछ ॥१०॥

अमात्यैरुच्च-स्थैः सदसि सचिवैस्तत्सहचरै-
र्न सन्तोष्टव्यं स्याद् विविध-विषयाऽऽयोजन-दलैः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधेयं साफल्यं कृतिषु, विपरीतं यदि भवेद्
यथा-दोषं दण्ड्यो भवतु च नियोगाऽलस-जनः ॥११॥

उच्च पदमा रहेका मन्त्रीहरु, सचिवहरु एवम् उनीहरुका सहचरहरुले सभामा अनेक प्रकारका कागजी आयोजनाका खातले मात्र सन्तोष लिनु हुँदैन कामहरुमा सफलता ल्याउनु पर्दछ, यदि सफलता न मिले लगाईएको काममा अल्छी गर्नेलाई दोष अनुसार दण्ड गर्नु पर्छ ॥११॥

गृहीत्वेत्युद्देश्यं सह जनतया शासनमिदं
नवं प्राक्-प्रत्यग्-दि-्गमन-सरलं कुट्टिम-पथम् ।
इदानीं निर्मातुं निखिल-जन-भाग्योदय-करं
स-धैर्यं सोत्साहं मिलदखिल-बन्धु प्रयतते ॥१२॥

यस प्रकार उद्देश्य लिएर पञ्चायत सरकारले जनता सहित भई आज भोली धैर्य एवम् उत्साह सहित सब दाजु भाइ मिली सब जनताको भाग्योदय गरि दिने पूर्व पश्चिम जाने सोझो पक्का राजमार्ग बनाउन प्रयास गरेको छ ॥१२॥

अशान्तिं दुर्मर्षं शमयति च दुर्भिक्षमखिलं
स-सीम्न्यर्थोन्नत्यामधि-महि विकार्यित्व-शमनः ।
जनान् स्वालम्बाढ्यान् कलयति परस्मात्तु महतः
कुटीरोद्योगोऽतः प्रति-जनपदं सोऽस्ति चालितः ॥१३॥

जगत्मा आर्थिक उन्नति सीमित भएमा बेकारी हटाउने अरु ठूला उद्योग भन्दा कुटीरोद्योगले अशान्ति एवम् अनेक प्रकारको सहि न शकिने दुर्भिक्षलाई शमन गराउँछ, जनतालाई स्वावलम्बी बनाउँछ भनेर प्रत्येक जिल्लाका गाउँ गाउँमा कुटीरोद्योग चलेको छ ॥१३॥

धनानां धान्यानामपि विकसनं स्यादिति दृढं
खनीनां तोयानामपि समुपयोगेऽस्ति यतनम् ।
प्रयोज्यन्ते ग्राम्यैः पशु-कृषि-विकासाय च जनै-
र्बलीवर्दा बीजान्यपि बहु-गुणानीह वि-करम् ॥१४॥

धन एवम् धानको विकास होओस् भनेर खानी एवम् पानीको राम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपयोग गर्नमा दरीलो प्रयास भएको छ, पशु एवम् कृषि विकास गर्न ग्रामीण जनताले बहु गुण युक्त साँढे एवम् बीउहरुको विनाकर उपयोग गर्दछन् ॥१४॥

शिलान्यासः शिक्षा विलसति नृणां जीवन-गृहे
तदाधारा अन्येऽखिल-विध-विकासाश्च विदिताः ।
स्वकीयाऽतो देश-स्थिति-समय-योग्या च रुचिरा
नवा शिक्षा-पद्धत्यपि जनपदेऽस्ति प्रचलिता ॥१५॥

मनुष्यको जीवन गृहमा शिलान्यासरूप शिक्षा हुँदछ र शिक्षाका आधारमानै अरु सब प्रकारका विकासहरु हुँदछन् अतः राष्ट्रमा देशकाल परिस्थिति सुहाउँदो आफ्नो ढंगको राम्रो नयाँ शिक्षा पद्धति चल्दैछ ॥१५॥

जनै राष्ट्रैक्यार्थं निगम-महितं राज-मुकुटं
समादृत्यं, न्यायं प्रथयतु च राष्ट्रे प्रतिफलम् ।
जन-द्वाजो राजा सम-दृगिति नीति प्रतिकृति-
विधानं निष्पक्षं विलसतितमां राष्ट्रियमिह ॥१६॥

राष्ट्रको एकताका निमित्त जनताले राजमुकुटको आदर गर्नु, त्यसको प्रतिफल समान दृष्टि राख्ने जनताका साझा राजाले राष्ट्रमा निष्पक्ष न्याय दिनु भन्ने नीतिको प्रतीक निष्पक्ष राष्ट्रिय संविधान बनेको छ ॥१६॥

जनान् मात्स्यन्यायो व्यथयतु न काँश्चिच्च स बला
अदुर्भिक्षाः सर्वे कृषि-विकसनात् स्युः सम-सुखाः ।
इतीदानीं भूमेः समुचित-सुधारोऽस्ति चलितो
भवेदायादल्पो व्यय इति कृता सञ्चितिरपि ॥१७॥

कसैलाई पनि मात्स्यन्यायले दुःख न दिओस्, कृषि विकासबाट सब सबल, दुभिक्ष रहित समान सुखका भागी होउन् भन्ने विचारले आज भोली समुचित भूमि सुधार चली रहेको छ, आय भन्दा व्यय थोरै होओस् भन्ने विचारले बचत कोषको व्यवस्था गरिएको छ ॥१७॥

इदं कर्तव्यं स्यादियमधिकृतिः स्यात् प्रतिजनं
विविक्त-व्याख्यानादधिकृतिमतामस्त्यधिकृतिः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभक्ता स्वे राष्ट्रे समुचित-विधा येन जनता
स्मरन्ती कर्तव्यं चलति नितरामुज्ज्वल-पथे ॥१८॥

जनतामा प्रत्येक व्यक्तिको यो कर्तव्य हुनेछ, यो अधिकार हुनेछ, भन्ने स्पष्ट व्याख्या गरी आफना राष्ट्रमा अधिकारी वर्गको समुचित अधिकार विभक्त गरिएको छ जसवाट जनता कर्तव्य संझी अतिशय उज्वल मार्गमा चली रहेका छन् ॥१८॥

स-कार्मान्ता सेना शिशु-युवक-विद्यार्थि-महिलाः
स-कीनासाः पञ्चाः स्व-विषय-सदस्या जन-चिताः ।
यथा राष्ट्रोन्नत्यै महित-सहयोगं विदधति ।
तथा मानस्तेषामपि भवति निष्पन्नमधुना ॥१९॥

जनता, द्वारा चुनिएका आफना आफना बालक, विद्यार्थी, युवक, महिला, सैनिक, किसान, मजुरा, आफना विषयका सदस्यपञ्च हरुले आज भोली राष्ट्रको उन्नतिका निमित्त जस्तो (जती) राम्रो सहयोग गर्दछन् त्यस्तै (त्यत्ती) तिनीहरुको निष्पन्न सम्मान हुन्छ ॥१६॥

न तिष्ठत्यन्यायाऽर्जित-विभव, उत्कोच-विरहे
भवत्यन्यायो न, प्रकृतिषु न कोपः सति तथा ।
गरीयान् सोऽन्येभ्यो दहति विषयं नेतृ-सहित-
मिति स्वातन्त्र्याढ्यो ननु नय-विभागोऽस्ति चलितः ॥२०॥

"अन्यायवाट कमाएको ऐश्वर्य स्थिर हुँदैन, उत्कोच (घूस) न चले अन्याय हुँदैन, अन्याय न भए प्रकृति कोप हुँदैन, सबं भन्दा बलिष्ठ प्रकृति प्रकोपले नेता सहित राष्ट्रको दहन गर्दछ" भन्ने विचारले स्वतन्त्र न्याय विभाग चलेको छ ॥२०॥

प्रियं स्मारं स्मारं निजमभिजनं बान्धव-गणं
पुनर्यायामेति व्यथित-मनसोऽह्नां गणनया ।
समानेतुं बन्धून् भवति परदेशेषु वसतो
व्यवस्थेदानीं भू-मुख-वितरणीया समुचिता ॥२१॥

आफना पूर्वजहरु वसेको प्यारो देश एवम् प्यारा दाजुभाइ हरुलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संझी फेरी जानपाउँला कि ! भनि दिन गन्नाले मन पीरो बनाएका पर-देशमा वसेका दाजु भाइलाई ल्याउन आज मोली भूमि आदि दिइने-समुचित व्यवस्था हुँदै छ ॥२१॥

प्रतीकं सर्वेषामिव सुमनसां सूत्रमखिला
विकीर्णानामेक -करण-शरणं राजमुकुटम् ।
जन-द्वाजं मत्वा लगति जनता कर्मणि शुभे
न राष्ट्रान्तः कश्चिद् भवति ननु रोधः शुभ-कृते ॥२२॥

छरीएका फुलहरुलाई एक गराउने धागो झैं सबैलाई एक गराउने शरण राजमुकुटलाई जनताको साझा प्रतीक मानेर सब जनता राम्रो काममा लागेका छन्, राम्रो काम गर्न निःसन्देह राष्ट्र भित्र कुनै प्रतिबन्ध छैन ॥२२॥

मिथोऽस्मासु स्नेहादखिल-परिवारेषु सततं
मिलत्स्वन्येभ्यः स्यान्न खलु बलवद्भ्योऽप्यभिभवः ।
दलैर्भक्ते लोके लगति दल-नेतुर्दल-हिते
यथा कृत्ये चित्तं लगति न तथा राष्ट्रिय-हिते ॥२३॥

सदा हामी परिवारहरु परस्पर प्रेमसाथ मिलेमा अरु बलिष्ठहरुवाट पनि अभिभव हुन शक्दैन, दल द्वारा जनता बाँडिने हो भने दलका नेता को मन जति दलको हित हुने काममा लाग्द छ त्यति राष्ट्रिय हित हुने काममा लाग्दैन ॥२३॥

मठानां दैव्यानां सुकृत-मतिरैतिह्य-महित-
स्थालानां जीर्णानां व्ययित-बहुकोटिः सुकृत-धीः ।
सुधारोद्धाराभ्यामधि-नृपतिधानि क्षितिपतिः
पुनर्निर्माणेन प्रथयति च माहात्म्यममलम् ॥२४॥

धर्ममा बुद्धि भएका राजाले करोड़ जति धन खर्च गरी राजधानीमा जीर्ण देवताका मन्दिर एवम् इतिहास प्रसिद्ध स्थलहरुको सुधार, उद्धार पुनर्निमाण गरेर निर्मल माहात्म्य फैलाउनु भएको छ ॥२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुराऽन्त्याऽवस्थायां प्रसव-पवनातिव्यथितया
स-कष्टं सोच्छ्वासं स खलु नवराजादि-भवया।
"परा मादृङ् माऽभूदिति" समनुरुद्धो दयितया
महेन्द्रस्तन्नाम्ना प्रसव-भवनं नूत्नमकरोत् ॥२५॥

अघी अन्त्य अवस्थामा प्रसूति वातले अतिशय पीडित भएकी दयिता नवराज आदिकी आमाले कष्ट साथ श्वास लिंदै "मैले झैँ अरुले दुःख न पाउन्" भनि अनुरोध गरिनु भएका महेन्द्रले वहाँका नामवाट नया इन्द्र राज्यलक्ष्मी प्रसूति गृह वनाउनु भयो ॥२५॥

सिताया गण्डक्या अवनि-पतिरापुष्करिणि स
व्यधान्मार्गं तस्याः प्रभृति दृढमाभैरवमपि ।
पुरो राज्ञो धान्याः प्रभृति नवकूटावधि तथा
तटे रत्ना-भिख्यं नृपतिभवनं विन्दुसरसः ॥२६॥

यहाँ राजाले शुक्ल गण्डकी देखी पोखरा संम, पोखरा देखी भैरवा संम, राजधानी नगर देखी नुवाँकोट संम पक्का वाटा (राजमार्ग) वनाउनु भयो, एवम् बिन्दुसरोवर (पोखरा) का तटमा रत्नमन्दिर नामक राजभवन वनाउनु भयो ॥२६॥

प्रभावादुत्साहादपरिमित-बोधादनुपम-
प्रजा-स्नेहात् कार्य-प्रयतनतया चाऽनुमिमते ।
पुरा भैरव्याप्तेप्सित-वरममुं भूपति-मणि
बुधाः पृथ्वीनारायणमभिनवं सूक्ष्म-मतयः ॥२७॥

सूक्ष्म बुद्धि भएका विद्वान्हरुले यहाँलाई प्रभाव, उत्साह, अपरिमित बोध, अनुपम प्रजामा प्रेम, कार्यमा प्रयास द्वारा अघी भैरवीवाट ईप्सित वर पाउनु भएका राजामा मणि अभिनव पृथ्वीनारायणसाह हुनु हुन्छ भन्ने अनुमान गरेका छन् ॥२७॥

नराणां स्वातन्त्र्यं भवति जनि-सिद्धं लघु भवेद्
बृहद् वा राष्ट्रं स्यादिति विहित-विश्वासमधुना ।
असंलग्नां नीतिं द्रढयति तट-स्थामकलुषां
स्वतन्त्रं राष्ट्रं नः श्रयति सह मैत्रीमपि परैः ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्र स्यानो होस् वा ठूलो होस् मनुष्यको स्वतन्त्रता जन्म सिद्ध हुन्छ भन्ने विश्वास राखी यो हाम्रो स्वतन्त्र राष्ट्रले परराष्ट्रहरु सित आज भोली असंलग्न नीति दरीलो गराएको छ र स्वच्छ मैत्री स्थापना गरेको छ २८

परं न्यायाऽन्याय-प्रभृतिषु तट-स्थं न भवति
यथा-न्यायं ब्रूते भवतु लघु राष्ट्रं बृहदुत ।
अभूदेतद्बीजाऽवगम-सदसोऽस्मत्प्रतिनिधि-
हृषीकेशोऽध्यक्षः स्थित-यशसि राष्ट्र सङ्घ-सचिवे ॥२६॥

तर न्याय अन्याय आदिमा तटस्थ हुँदैन, सानो राष्ट्र भएपनि ठूलो भएपनि न्याय अनुसार बोल्द छ, राष्ट्रसङ्घका सचिव (हैमर्शोल्ड) कीर्ति शेष हुँदा (मर्दा) मृत्युको बीज छानवीनका निमित्त गठित समितिका अध्यक्ष हाम्रा प्रतिनिधि हृषीकेशसाह भएका थिए ॥२६॥

इदं चीनेनोग्रे प्रभवति सम भारत-रणे
विषादाऽहें मध्य-स्थितमुभय-मित्र स्थिर-नयम् ।
तथा पाकेनापि प्रभवति जगत्कम्पिनि निजा-
मसंलग्नां नीति समवति तट-स्थां स्म सम-दृक् ॥३०॥

चीनसित भारतको खेदलाग्दो उग्र युद्ध हुँदा दुवै राष्ट्र मित्र भएको माझमा रहेको स्थिर नीति भएको समान दृष्टि राख्ने यस राष्ट्रले तटस्थ असंलग्न नीति सुरक्षित राख्यो तथा पाकिस्तान सित भारतको संसार थर्काउने युद्ध हुँदामा पनि तटस्थ असंलग्न नीति सुरक्षित राख्यो ॥३०॥

नृपो हिन्दूराष्ट्रं निज-नव-विधाने यदघुषत
प्रतीकं हिन्दूनामधि-जगदतो राष्ट्रमधुना ।
इदं, हिन्दू-सम्राडिति नृप-महेन्द्रः सु-चरितो
विभात्यन्ताराष्ट्रं नृप-वचन-चर्चा प्रचलति ॥३१॥

राजाले आफ्ना नयाँ संविधानमा हिन्दूराष्ट्र घोषित गर्नु भएको हुनाले यो राष्ट्र आज भोली संसारमा हिन्दूहरुको प्रतीक भएको छ र राम्रो चरित्र भएका राजा महेन्द्र हिन्दू सम्राट्को रुपमा शोभित हुनु हुन्छ, राजाका वाणीको अन्ताराष्ट्रमा चर्चा चल्द छ ॥३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिमोत्तुङ्गा जङ्घा वरिवृतवि सा काञ्चनमयी
स वारुळी सिद्धो भृगुरमल-गौरीश्वर-गिरी ।
गिरिर्नीलः कण्ठे ह्रद-शत-युतो लारकगिरिः
स-मत्स्याऽन्नैः पूर्णा श्रुत-गगनमस्तं त्रिशिखरम् ॥३२॥
शिवाङ्को मानाङ्को धवलशिखरो वर्तुलशिराः
सखीलेखा शाखा-शत-वितत पादा जनपदैः ।
श्रिता द्वारिस्कन्धो धृत-विविध-धातूच्चय-रुचि-
श्चकोराद्रिश्चन्द्राचल-युत चतुष्पट्टहिमवान् ॥३३॥
स-काकाद्रिर्मौरा गरुड-नवमूल्यौ गुहागिरिः
सघुच्ची चङ्खेली नलगिरिरसौ खचरगिरिः ।
तथाच्छायानाथो ज०त ऋणमोचः ह्नतभयो
महाभीतिर्भर्ता भविक-भरणाः पौरुषगिरिः ॥३४॥
महाशैलीमाला ललित-हिमचूला खनियुताः
स-कैलासो गौरीगिरिरमल-पञ्चोच्च-शिखरः ।
हिमाले पञ्चूलीत्यचल उपमा नास्ति भुवने
समेषामेतषाममल-शिखराणां स सरिताम् ॥३५॥

संसारमा मङ्गलदायक हिउँले अग्ला खानियुक्त मनोहर, हिउँ-चुली, कञ्चनजङ्घा, तीन चुचुरा भएको प्रख्यात सगरमाथा, वारुल्ले, सिद्धे, भीर, स्वच्छ गौरी शङ्कर, सयौं रहले युक्त भएको नीलकण्ठ (गोसाइँ कुण्ड), लार्के, शिवाङ्, मनाङ्, अन्नपूर्णा, माछापुच्छ्रे धौला शिरी, वाटुलेपाटन, सयौं शाखा फेंदमा धेरै पर्वत फैलिएको गाउँ वसेको सखीकोलेख, नानाप्रकारका धातुले अति मनोहर शोभा भएको द्वारिकाँध, चाखुरे, चन्देली, चारपाटे हिमाल, कागमारा, मौरे, 'भर्भरे' गरुडनाहानी, नौमूली, कार्तिकेय पाटन, घुच्ची, चङ्खेली, नलकङ्कर, खोचर, छाया-नाथ, ऋणमोच, अभय, (महाभय) भर्ता, पोरखे, वडीमालिका, निर्मल पाँच अग्ला चुचुरा भएको कैलास, गौरीलेख, पञ्चुली प्रभृति पर्वतटाकुरा हरु हिमालमा विराजमान छन् नदी सहित निर्मल शिखर भएका यिनी सबै पवतहरुको संसारमा उपमा छैन ॥३२॥३३॥३४॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सभा भूतिर्भालेः कमल ऋणमोक्षो गरुडवा
जया-गौरी-कुण्डे ह्रद-शत-युतो नीलगलयुक् ।
पयःकुण्डं दामोदर-युगल-पाण्डी-ह्रद्वराः
स-पुष्मं गोकुण्डं वृषभसरसा नारदसरः ॥३६॥
ह्रदाः फेवा-रूपा ब्रुडन-गतवेगाः स-कमला
वराहो लङ्कारिः सुरम-युत-वाराहलहरी ।
विराजन्ते वण्डा दिनमणि-मिता मानससर
इत्रा रारा ऋग्मो रवि शशि-कुबेर ह्रद-मुखाः ॥३७॥

सभापोखरी, भूतेपोखरी, भालेपोखरी, कमलपोखरी, ऋणमोक्तकुण्ड, गरुडनाह्रानीकुण्ड, जयाकुण्ड, गौरीकुण्ड, नीलकण्ठकुण्ड, सूर्यकुण्ड, चन्द्रकुण्ड, कुबेरकुण्ड, (गोसाईंकुण्ड) १०८ कुण्ड, दुध कुण्ड, नारद-पोखरी, फेवा ताल, रूपाताल, वेगनाशताल, बुडुवाताल, कमलताल, (अष्ट पुष्कर) वराहदह, ढोरवराहलहरी, पुग्मदह, गोकुण्ड, घर्मकुण्ड, तडीगैरावाह्रवण्ड, सुर्मासरोवर, लङ्कारिदह, मानसरोवर आदि विराजमान छन् ॥३६॥३७॥

तदुद्भूता भैरी रस-हसित-पीयूष-महिमाः
सभा रावा रीमी स्फटिक-सलिला योगमहिमा ।
इमा कोका स्वर्णा मिलदमित-खोला अपि यत्रा
तिला ताम्रा रोपी हनुमदभिधा विष्णुपदवी ॥३८॥
शिवाः पुण्याऽपीन्द्रावति अचिरवत्युत्पलवती
महामाया मेवा शिशिरसलिला हेमसलिला ।
प्रभा रुद्रा वाग्वत्यमरसरिदिक्षुर्मणिमती
त्रिशुली सा शाली समरसरिता मुक्तिसरिता ॥३९॥
कटी वेत्रा नेत्रा हिम-किरण-सिद्धा रसवहा
सुनी चम्पा पद्मा वनचर-गुणाद्यौ च चमरी ।
शलाखूः सा काली खरि-खनिमती-मैधि-लिखवः
सती सीता शूल्यौ भृगु-कनककोश्यौ गडशिराः ॥४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुदी हुग्दी हौडी हमु-चतुर-होल्योऽपि हि हुली
स-पैमालोः पाली स्थल-करण-पाण्डो च कुइका ।
कलाङ्गा फुग्गाडः सनिरपि चुँदी रामसरिता
गिडी ग्वाडी गेखूं: स-गुहू-गमगाडो भुरुणदी ॥४१॥
लूदी लाली लालूश्चपलतर-कल्लोल-माहृता
जुगाडौ लाहोरेघटल-सरयू-ग्वार-गलफाः ।
समा वेण्यो बोर्लाङ्पि रुरु-वसेयौं वहतटी
स्थलारिः शल्यानी नत्रघर-सुराद्यौ च शरदी ॥४२॥
लुङ्गे गर्तङ् जीवा दह-मरणहाना-कनखला
जटा धर्मोत्रत्योऽर्जुन-परजलौ वामनसरित् ।
जयो लुङ्ग्री-भिङ्ग्री-हरिण-युत-माण्डव्यरङ्-युक्
सरस्वत्यस्तादी शकल-शरगङ्गा-शतकटाः ॥४३॥
स-नाभिः सा कुण्डा स-कणशनि-पीता सुरनया
बृहद्गाडश्छत्रा कुटिलगढ-माया-शनिगडाः ।
भदी मादी मोदी स-ठिटिङ-मनोगाढ-जडराः
स-मौन्या मात्स्येन्द्री-जयगड महेश-ज्वरलयाः ॥४४॥
स-गोरक्षा मेची कनक-कमले कौशिकनदी
खुलाल्लूः कोद्राली-प्रभृति-सरितः खेचरगडः ।
तमोरिः कावेरी ह्यरुण-वरुणौ दुग्धसलिला
वहन्तीमा व्यासा कनकमुख धातूत्तम-जलाः ॥४५॥
स-वृद्धा गण्डक्यो जनि-मरण-भीतेरपनुदः
सिताः शालग्रामान कलि-मल-हरान् याः प्रसुवते ।
स-मालाः कर्णाल्यो सजिल-कण-ताप-त्रय-हरा
महाकाल्यो भेर्यो विदधति शिवास्ता जन-शिवम् ॥४६॥

ती पर्वत दह सरोवर कुण्ड मूल आदिबाट उत्पन्न भएका, रसले अमृतको महिमालाई जितेका, स्फटिक जस्तो (स्वच्छ) जलभएका, अपरिमित खोला हरु मिसिएका, अति चञ्चल लहरीले शोभित, सुन आदि धातुद्वारा उत्तम जल भएका अर्जुन, अरुङ्, अरुण, अचिरवती (रापती) इवाँ, इन्द्रावती,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इक्षुमती, उत्पलवती, कोका, कट्टीगाड, केरुङ्, कालीगण्डकी, कुइँकागाड, कनखला (काँत्राखोला) कुण्डागाड, कनखिनीगाड, कोटिलीगाड, कनका, कमला, कौशिकी, कोद्रालीगाड, कावेली, कर्णाली, खरि, खानी, खुलालु, खप्तडीगाड, गुणादि, गडशिरा, गिडी, ग्वाडी, गेखुं, गुहगाड, गमगाड, ग्वार, गल्फागाड, गर्त्तङ्, गोर्खे, गण्डकी, घटालगाड, चम्पावती (चेपे) चुँदी, चुत्रा, चिसापानी, छात्रा, जवा, जुगाड, जुगाडा, जडागाड, जड्डार, जैगाड, ज्वरायलगाड, ठिटिङ्, तिला, तामाकोशी, त्रिशूली, तादी, तमोर, देउमाई, दह, दुधकोशी, धर्मावती (झिरुक, दरौंदी, धर्मधारा) धौलीगङ्गा, नेत्रावती (आँखु) नयाँघरीगाड, नाभि, पनौती, पद्मावती (पाझगाड) पैमालीगाड, पाँडगाड, पराजुल्, पूवा, पहेंलीगाड, फुग्गाड, बाणगङ्गा, बोलाङ्, भृगुगङ्गा, भिङ्ग्री, भेरी, भेरी, माइमाया, मेवा, मनोहरा, मुक्ति, मैघि, मरण्टाना, माई, मदी, मादी, मोदी, मनागाड, मौन्या, मर्स्याङ्दी, महेश, मेची, मालागाड (मालिका), महाकाली, योगमाई, रावा, रीमी, रोषी, रुद्रावती, रसुवा, रामगङ्गा, रुरु (रिडी) लिखु, लूदी, लालीगाड, लालूगाड, लोहोरेवगड, लुङ्, लुङ्ग्री, विष्णुमती, वाग्मती, वेत्रावती, वञ्झरे, व्यासगङ्गा, वसेरी, वहतडो, वडीगाड, वेनी, वरुण, वुढीगण्डकी, वुढीगङ्गा, शालीनदी, शलाखु, शूलीगाड, शूलीभेरी, घल्यानीगाड, शिर्दी, शारदा, शकाइलगाड, शतरुटा, शिवा, शुक्ल गण्डकी, सुनकोशी, सामरी, सिद्धिमाई, सुनीगाड, सान्निगाड सतीगङ्गा, सीतागङ्गा, सुनंया, सेतीगङ्गा, सरस्वती, हनुमती, हिमगङ्गा, हिमा, हिवाँ, हुग्दी, हौडी, हमु, होलू, हूली, हिरङ् आदि नद नदी खोलाहरु बग्दछन् । कलियुगको पाप नाश गर्न शालग्राम जन्म उने जन्म-मरण-जन्य भय हटाई दिने, जल कणाले आध्यात्मिक, आधिभौतिक, आधिदैविक ताप हटाई दिने ती नदीहरुले जनहरुको मङ्गल गर्दछन् ॥३८–४६॥

नदा नद्योऽस्माकं हरितमणि-तुल्यं विदधति
सुसिञ्चन्तः शश्वद् हिमशिखरि-राष्ट्रं, सुरगणाः ।
सुधां त्यक्त्वा ऽमीषां जल-कणमभीप्सन्ति, पितरो
निरापात् सन्तृप्ता अभयमुपयान्तीश्वर-पदम् ॥४७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामीहरुको हिमालखण्ड राष्ट्रलाई इनि नद नदीहरुले सिंचदै सदा हरितमणि झैं (हरियो भरिलो) गराउँछन्, देवगणले अमृत छाडी यी नदीहरुका जलकणको इच्छा गर्दछन्; पितृहरु यी नदीहरुका जलको तर्पणवाट तृप्त भई अभय ईश्वर धाममा जान्छन् ।।४७।।

नदीनामाद्यानाममलपनवद्योदकमिदं
रसालानां नाना क्षितिरुह-फलानामुपचयः ।
हरिद्वासो घासः सकल-विध-सस्यौषध-भरो
रिपूणामप्यन्तःकरण-हरमास्ते हिमवतः ।।४८।।

हिमालखण्डका जगदाद्यनदीहरुको स्वच्छ महनीय जल, रसीला नानाप्रकारका वृक्षहरुका फलहरु, हरिया घाँस, सव प्रकारका बाली र औषधिहरुले वैरीहरुका पनि चित्तको आकर्षण गर्दछन् ।।४८।।

जगज्ज्येष्ठे प्रेष्ठे सकल-मनुजानां हिम-रुचा
ह्रदैः स्वच्छाम्भोभिः स-दृशि खनिपूर्णे शिखरिणि ।
हिमाले भू-भाले विलसति भवानी-युत-भवो
यदीशादैशीया दिशि दिशि दिशत्युन्नतिमिला ।।४९।।

हिउँको कान्ति, स्वच्छ पानी भएका दहरूपी आँखा भएका, खानिले पूर्ण, धेरै चुचुरा भएका, सव मनुष्यका परम प्रिय, पृथ्वीको निधार स्वरूप जगज्ज्येष्ठ हिमालमा पार्वतीसहित महादेव विराजमान हुनु हुन्छ, जुन ईश (महादेवको नाम) शब्दवाट ऐशीया (एशिया) नाम रहेको महादेशले दिशा दिशामा उन्नतिको उपदेश दिन्छ ।।४९।।

बलिष्ठैः सत्काष्ठै रचितमुचितं मण्डपमिह
प्रतिष्ठा भूयिष्ठा भवति भुवने येन च पुरः ।
श्रुता राज्ञो धानी धन-जन युता रम्य-वसति-
र्धृता गोरक्षेणाऽक्षय-पशुपतेरेक-वपुषा ।।५०।।

यहाँ बलिया राम्रा काठले रमणीय मण्डप (भवन) वनाइएको हुनाले नगरको पनि संसारमा ठूलो प्रतिष्ठा भएको छ, अविनाशी पशुपतिनाथका अभिन्न स्वरुप गोरखनाथले जगेर्ना गरिएको धन जन युक्त राम्रो वस्ती भएको प्रसिद्ध काष्ठमण्डप (काठमाडौं) राजधानी छ ।।५०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चीनो-भारत-वर्म-जर्मनि-चिले-जापान-हङ्गरयो
लङ्कटालि-तुरुष्क-पाक-मलया मङ्गोलियाऽष्ट्रेलियाः ।
ग्रीस-फ्रान्सक-रूस-लावस-युगोस्लाभीय-वेल्जीयमा
अष्ट्रीयाऽर्जिनटीन-लेबन-फिलीपिन्स-स्विडेनाऽरबाः ॥५१॥

चेकोस्लोभकियेजराइल निदर्लेण्ड न्युजीलेण्डका
इण्ड नेशिय-थाइलेण्डमफगानिस्थान-पोलेण्डकाः ।
स्वीजर्लेण्डममेरिका प्रभृतयो देशाश्च मित्राणि नः
श्रीगोरक्ष-हिमाल-राष्ट्र मुकुटे श्रीमन्महेन्द्रे नृपे ॥५२॥

गोर्खा हिमालखण्ड राष्ट्रका मुकुट श्री ५ महाराजाधिराज म...
विक्रमशाहदेवका पालामा, चीन, भारत, वर्मा, जर्मनि, चिले, जाप
हङ्गेरी, लङ्का, इटली, तुर्की, पाकिस्तान, मलाया, मङ्गोलिया, अष्ट्रेलि
ग्रीस, फ्रान्स, रूस, लावस, युगोस्लाभिया, वेल्जीयम, अष्ट्रिया, अर्जन्-
टाइना, लेवनान, फिलिपिन्स, स्वीडेन; अरब, चेकोस्लोभाकिया, इजराइल्,
नेदर्लेण्ड, न्युजीलेण्ड, इण्डोनेशिय , थाइलण्ड, अफगानिस्थान, पोलेण्ड,
स्वीजर्लेण्ड, अमेरिका आदि देशहरु हाम्रा मित्र राष्ट्र छन् ।।५१-५२॥

गोरक्षसाहवंशाऽऽख्ये काव्येऽस्मिन् हरि-निर्मिते ।
सर्गो विंशोऽपि पूर्णोऽभूत्-पञ्चायत्त-प्रदर्शनः ॥५३॥

हरिप्रसादशर्मा आचार्यले वनाएको यस गोरक्षसाहवंश नामक महा-
काव्यमा पञ्चायत झल्काइएको विशौं सर्ग पनि पूर्ण भयो ।।५३॥

दुर्गाप्रसादपितरं जननीं च हीरां भ्रातृ-स्निहं गुरुवरं च गुरुप्रसादम् ।
नत्वा यतेनरहरेरुपदेश-मूलं मन्दोऽपि काव्यमतनोति हरिप्रसादः ५४

हरिप्रसाद शर्मा आचार्यले मन्द बुद्धि भएता पनि पिता दुर्गाप्रसाद,
माता हीराकुमारी, भाइहरुमा स्नेह राख्ने दाजी गुरु गुरुप्रसादलाई नम-
स्कार गरी योगी नरहरिनाथको उपदेश मूलक काव्य वनाए (वनाजे) ५४

—***—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu